

# नन्दादेवी सुवेदी

## स्मृतिग्रन्थ

# नन्दादेवी सुवेदी

(स्मृतिग्रन्थ)

## Book in Memory of Nanda Devi Subedi

**(Collection of poems, songs, stories, essay, memoirs and photos)**

सम्पादन-परिषद्

**डा.कल्पना सत्याल,**

**गणेशकुमार जिसी**

**गुणराज लुइटेल,**

**जगन्नाथ पौडेल,**

**पुरुषोत्तम सुवेदी,**

**प्रकाश सुवेदी,**

**विमला निरौला,**

**भीमप्रसाद रेग्मी,**

**होमनाथ सुवेदी ।**

प्रकाशकः

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

वाशिङ्गटन डी. सी. संयुक्त राज्य अमेरिका

| | | |
|---|---|---|
| **पुस्तक** | : | **नन्दादेवी सुवेदी** (**स्मृतिग्रन्थ**) **Book in Memory of Nanda Devi Subedi** |
| **सम्पादक** | : | डा.कल्पना सत्याल, गणेशकुमार जिसी, गुणराज लुइटेल, जगन्नाथ, पौडेल, पुरुषोत्तम सुवेदी, प्रकाश सुवेदी, विमला निरौला, भीमप्रसाद रेग्मी, होमनाथ सुवेदी |
| **प्रकाशक** | : | अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज<br>वाशिङ्गटन डी. सी, संयुक्त राज्य अमेरिका |
| **प्रथम संस्करण** | : | वि. सं. फागुन २५, २०८०, ई. मार्च ८, २०२४ |
| **प्रति** | : | १००० प्रति |
| **सर्वाधिकार** | : | सम्पादकमा |
| **सहयोगार्थ** | : | नेपाल र दक्षिणपूर्व एसियामा ने.रु. ७५०।००<br>नेपाल र दक्षिणपूर्व एसिया बाहिर युएस् डलर १५।–<br>(पुस्तकबाट प्राप्त सहयोग रकम नन्दादेवी सुवेदी स्मृति प्रतिष्ठान कोषमा जम्मा गरिने छ।)<br>Donation for Nanda Devi Subedi Memorial Foundation. |
| **प्रायोजक** | : | सतीदेवी थापा तथा INOVA Alexandria, VA |
| **आकृति विन्यास** | : | रमेश दाहाल |
| **मुद्रक** | : | ई.प्रेस प्रा.लि., नयाँ बानेश्वर, काठमाडौँ, नेपाल,<br>e-mail : epress07@gmail.com |
| **पाइने ठेगाना** | : | In USA<br>International Nepali Literary Society<br>1727 Horner Road, Woodbridge,<br>VA 22191<br>Tel : ७०३ ८६४ ४४६१<br>Email: hsubedi@gmail.com<br>In Nepal: अनेसास नेपाल च्याप्टर, धोवीधारा, काठमाडौं |
| **ISBN** | **:** | **978-1-7323252-4-1** |

……………………………………………

**Nanda Devi Subedi** (Smriti Granth- Collection of poems, stories, memoirs and photos) Edited by Dr.Kalpana Satyal, Ganesh Kumar GC, Gun Raj Luintel, Jagannath Paudel, Purushottam Subedi, Prakash Subedi, Bimala Niraula, Bhimprasad Regmi, Hom Nath Subedi.

# समर्पण



नन्दादेवी सुवेदीमा

कृतज्ञतासाथ ।

**प्रकाशकीय**

# संस्थापकप्रति अनेसासको सम्मान



**गोवर्द्धन पूजा**
*अध्यक्ष*
*अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)*

एउटा अर्थपूर्ण जीवन बाँचेर जानुभयो– अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक सदस्य नन्दादेवी सुवेदी । जीवनकालमा अनेसासका प्रायजसो कार्यक्रमहरूमा रमाउँदै, नाच्दै धेरैको मनमा बस्नु भयो । धेरैलाई माया गर्नु भयो, धेरैको सम्मान पाउनुभयो ।  यतिखेर सिङ्गो अनेसासले भूगोलका कुनाकुनाबाट उहाँलाई सम्झनाको सगरतिर नियाली रहेको छ । अनेसासले आफ्नो स्थापनाको मूल मियो नेपाली भाषा र साहित्यको सिर्जना र सिर्जनाकर्मीलाई बनायो । लेख्न प्रोत्साहित गर्‍यो । लेख्नेलाई सम्मानित गर्‍यो । मनले गर्‍यो । धनले गर्‍यो । कर्मले गर्‍यो, धर्मले गर्‍यो । यो कर्म र धर्ममा नन्दादेवी सुवेदीको सहभागिता राम्रोलाई ताली बजाउने वृत्तमा रह्यो । हौसला दिने पङ्क्तिमा रह्यो र रह्यो - सुन्दर संसारको परिकल्पना गर्नेहरूको साथमा साथ । यतिवेला अनेसासको आँगन अमेरिकादेखि अफ्रिकासम्म र अष्ट्रेलियादेखि युरोपसम्म विस्तारित छ ।

अनेसासले नन्दादेवी सुवेदीको सम्मानमा प्रकाशन गर्न लागेको यो कृतिले उहाँलाई शब्द

विम्बमा जीवित राख्न मद्दत गर्ने छ। समयको धुलोले धूमिल बनाउदै लगे पनि शब्दको चकमकले उज्यालो पारिरहने छ। हामीले भुल्न चाहेर पनि भुल्न नदिने शब्दको शङ्खनादले मनोल्लास सिर्जिरहने छ। हामीले आह्वान गऱ्यौं सर्जकहरूसँग– सिर्जनाका लागि। माघ १ अर्थात् जनवरी १५, २०२४ का दिन उहाँको दाहसंस्कारका बेला वाचित कविताहरू जम्मा भए। शोक सभाको आयोजना गऱ्यौं केन्द्रीय कार्यसमितिबाट र आग्रह गऱ्यौं श्रद्धाञ्जलीका शब्दहरू कोर्नलाई।

अनेसास डीसी च्याप्टरले तेह्रौं दिनको पुण्य तिथिको दिन शोकसभा गऱ्यो, मनायो र सम्मानमा कविता कोरे, कलमका पुजारीहरूले। हो त्यही आधारभूमिमा यो सम्झना कृति जन्मन पुगेको हो। समय अभावका कारण थुप्रै शुभचिन्तकहरूलाई यस कृतिमा समेट्न नसकेकोमा हामी दुखित पनि छौं तर उहाँहरूको सद्भावलाई सलाम गर्दछौ। प्रकाशनका लागि आर्थिक सहयोग गर्नुहुने सतीदेवी थापा र Inova Mount Vernon Hospital Inpatient Acute Rehab, Unit 5C family आइनोभा अलेक्जेन्ड्रिया हस्पिटल, भर्जिनिया, आवरण चित्रका लागि र आवरण विन्यासका लागि रमेश दाहालप्रति आभारी छौं।

समय दिनुहुने सम्पादक डा. कल्पना सत्याल, गणेशकुमार जिसी, गुणराज लुइटेल, जगन्नाथ पौडेल, पुरु सुवेदी, प्रकाश सुवेदी, विमला निरौला, भीमप्रसाद रेग्मी र होमनाथ सुवेदीप्रति अनेसास धन्यवाद व्यक्त गर्दै समय साक्षी बसेर नन्दादेवी सुवेदीको असल कर्मलाई सम्झनामा राख्ने जिम्मा हामी पाठकलाई नै छोड्दै छौं।

*अप्रिल २५, २०२४*

# सम्पादकीय

नन्दादेवी सुवेदी स्मृति ग्रन्थ यो नन्दाको अन्त्येष्टिक्रिया भएको लगत्तै थोरै समयभित्रमा प्रकाशित भएको छ। यसमा भिडियो रेकर्डिङ डकुमेन्टलाई सारेर टाइप गरेर, सम्मान गरेर प्रकाशन विमोचन पनि गराउन तयार गर्नु सजिलो थिएन। यस्तो द्रुतगतिमा काम गरे गराएको अनेसास केन्द्र र च्याप्टरहरू धन्यवादका पात्र छन्। दिएको काम नौजना सम्पादकको जत्थाले मरिमेटेर नलागेको भए यो ग्रन्थ तयार हुने नै थिएन। नन्दा जनवरी १५, २०२४ मा दिवङ्गत हुनु भएको थियो। यो छोटो समय करिब २.५ महिनामा सबै काम सकेर २७ मार्च २०२४ को नेपाली साहित्यको अन्तर्राष्ट्रिय सम्मेलन पोर्चुगलमा विमोचन गराउन पनि सकिने थिएन। यस्तो कार्य सम्पादनको लागि सम्पादन परिषद्का सदस्य सबै आफैमा धन्यवादका पात्र छन्। त्यो त प्रकाशकको तर्फबाट अनेसासका अध्यक्ष गोवर्धन पूजाजीले लेख्नुभएकै छ।

यो कृति खासगरी नन्दाजी स्वर्गे भएपछि गरिने अन्त्येष्टिक्रियापछि तेह्रदिनभित्र भएका साहित्यिक शोकसभामा प्रस्तुत गरिएका साहित्यिक संस्मरणहरूलाई मात्र समेटेर तयार गरिएको छ। कोही मित्र साहित्यकार यो कृतिमा छुट्नुभएको छ भने त्यो उहाँको शोकसभामा भएको अनुपस्थितिको कारणले हो किनकि पूर्वयोजना विना नै तेह्र दिनभित्रकै शोकसभामा घोषणा गरिएको थियो। यी शोकसभामा प्रस्तुत भएका संस्मरणहरूको सङ्कलन गरेर स्मृति ग्रन्थ प्रकाशित हुनेछ। त्यसैले त्यही शोकसभामा भाग लिएकालाई मात्र यसमा समेट्न खोजिएको हो।

यो यसप्रकार क्रियाकै अङ्ग जस्तै गरी एउटी महिलाको स्मृतिग्रन्थ तयार भएर महिला दिवसकै दिन विमोचन भएको घटना विरलै होलान्। जे भए पनि नन्दा आमाले जिउँदो हुँदा त पुस्तकाकार कृति नलेखेर पनि नेपाली साहित्यको सेवा गरेकी थिइन्, मरेर गएपछि पनि यो उनको नाउँमा निक्लेको स्मृति ग्रन्थले नेपाली साहित्यमा यौटा ग्रन्थ इटा थपेको छ। विदेशबाट नेपाली भाषाको सेवामा प्रस्तुत भएको छ र महिलाको प्रोत्साहनमा उपस्थित छ। यसैगरी अन्त्येष्टिक्रियाको अन्तमा अन्त्येष्टिक्रियाको बेलामा शोकसभा गरेर त्यसलाई भाषा साहित्यसित जोडेर यौटा

साहित्यिक रचनाको सङ्ग्रह स्मृति ग्रन्थको रूपमा प्रकाशन गर्ने यौटा गौरवशाली परम्परा बन्न सक्छ। यो भयो भने स्वतः प्रवासमा नेपाली भाषा साहित्यको विकासमा ठूलो टेवा पुग्छ। किनभने यो घटना र यसका सहभागी तथा दर्शनले नेपाली भाषा नै बोकेको हुन्छ र नयाँ पिँढीका बालबालिकाहरूको रचना अङ्ग्रेजी भएको भए पनि त्यो सम्प्रेषणले नेपाली सँस्कृति बुझाउँछ र यसप्रतिको मायालाई जगाउँछ। यो स्मृतिग्रन्थ यसरी आयो कि पूर्वयोजना बिना नै यो आयो। श्रद्धाञ्जली र समवेदनाको रूपमा आयो। त्यसैले यसमा मानव मनको यथार्थ प्रस्तुति छ। जीवनको सटीक व्याख्या र दर्शन पनि सन्निहित छ।

नन्दाजीका विशिष्ट कुराहरूमा जन्मनु विवाह हुनु छोराछोरी पाउनु मात्र त नभै नहुने कुरा हो पाशविक सत्य हो आहार निन्द्रा भय मैथुनं च सामान्यमेतद् पशुभिर्नराणाम्। यसभन्दा माथि उठेर उहाँले समाजलाई दिएको योगदान उल्लेखनीय छ। एएनएसको मञ्चमा गाएका लोकगीतहरू, नेपलिज अमेरिकन काउन्सिल (नाक)को सेकेण्ड नेशनल कन्भेन्सनमा गाएका लोकगीतहरू, एएनएका सम्मेलनका साँस्कृतिक कार्यक्रममा गाएका लोकगीतहरू र अनेसासका स्थापनाकालमा पहिलो आकर्षण नै उहाँको लोकगीत र नृत्य नै हुन्थ्यो अनि नेपाली भाषा साहित्यसेवी र यसका अतिथिहरूको सत्कार र अनेसासको संस्थापक सदस्य नै भएर उहाँले दिएको प्रेम, माया र सेवाको कदर गर्दै नन्दादेवी सुवेदीलाई अनेसास केन्द्रले ई १९९६ मा र अनेसास डिसी च्याप्टरले गरेको अभिनन्दन, सम्मान, 'अनेसासकी आमा' नामक पदवी महत्वपूर्ण कडी थिए। पछि पनि उहाँलाई सम्मानपत्र राजदूतको हातबाट दिइएको थियो। नारी दिवसका सम्मान, नन्दाको काम र सेवाको सम्मानमा भीमप्रसाद रेग्मी, पुरुषोत्तम सुवेदी र रीता प्रधानको प्रायोजनमा अनेसासले घोषणाा गरेको अनेसास नन्दादेवी सुवेदी लोक साहित्य पुरस्कार महत्वपूर्ण छन्। यसमा कुनै आश्चर्य मान्नुहुँदैन र अचानक नन्दाको निधनको अवसरमा शोकसभाहरू भए र यो कृति पनि आउनु नै थियो, आयो।

नेपाली भाषा साहित्य, कला र सँस्कृतिको सेवा धेरै प्रकारले गर्न सकिन्छ भन्ने कुराको यो ज्वलन्त उदाहरण पनि हो। हामीले सम्पादन गरेको यो स्मृति ग्रन्थमा हामीले नै धेरै कुरा बोल्नु ठीक पनि हुन्न। यो कृति पाठकको अगाडि छ। मूल्याङ्कन गर्नुहोला। यसले अरू धेरै नरनारीको स्मृतिग्रन्थ तयार गरेर परोक्षमा नै भए पनि भाषासाहित्य र दर्शनको क्षेत्रमा योगदान पुर्‍याउन टेवा देओस् भन्ने कामना गर्दै यो कृति सम्पादन गरिएको छ। यो कृतिमा  कविता, कथा, संस्मरण, फोटा, शोकसभामा उपस्थित सबैप्रति आभार व्यक्त गर्छौं र नन्दा आमाप्रति श्रद्धाञ्जली र परिवारमा भावपूर्ण समवेदना प्रकट गर्दछौं। ❁❁

# विषयसूची

**अध्याय १ : पद्य-गद्य कविता, लोकलय, चम्पु, छन्दोबद्ध कविता, गीत, गजल, मुक्तक** १-६२

| | | |
|---|---|---|
| • तिमी ममा अमर छ्यौ | *डा. कल्पना सत्याल* | ३ |
| • नन्दाआमा | *विमला निरौला* | ५ |
| • दिदीको देहावसानमा | *गोपाल रेग्मी* | ६ |
| नन्दादेवी | *लालगोपाल सुवेदी* | ९ |
| • पुष्पोपहार | *सुदीपभद्र खनाल* | ११ |
| • नन्दादेवी सुवेदीप्रति | *माधवप्रसाद गौतम* | १२ |
| • तिमी साँच्चै फर्किंदैनौ र प्रिय ! | *जगन्नाथ पौडेल* | १४ |
| • शून्यतामा बिलायौ | *होमनाथ सुवेदी* | १८ |
| • नन्दादेवी सुवेदीप्रति | *डा.प्रेमप्रसाद शर्मा पौडेल* | १९ |
| • माता ! म तिम्रो अन्धभक्त ! | *गुणराज लुइटेल* | २१ |
| • नेपाल मेरी आमा | *एड्रियन पोखरेल* | २४ |
| • सम्भनाको धरातल | *नीलकण्ठ सुवेदी* | २५ |
| • नन्दा तिम्रो याद | *कवीन्द्र सिटौला* | २७ |
| • आँखा खोलिदेऊ | *पुरु सुवेदी* | २९ |
| • नन्दादेवीलाई श्रद्धाञ्जली | *गोमा रेग्मी* | ३० |
| • हार्दिक श्रद्धाञ्जली | *रामप्रसाद सुवेदी* | ३१ |
| • उज्यालो दिएर जानेप्रति | *गणेश खड्का* | ३२ |
| • जुनी-जुनीलाई | *गणेश जिसी* | ३५ |
| • नन्दा आमा | *शशी सत्याल* | ३७ |
| • ममतामयी माताश्री | *मन्जु निरौला* | ३८ |
| • शब्द श्रद्धाञ्जली ! | *लकाश पौडेल* | ३९ |
| • काललाई याचना | *नवीन पौडेल* | ४१ |
| • श्रद्धाञ्जली | *प्रेमप्रसाद भट्टराई* | ४३ |

- आमा *अरूणा रूपाखेती* ४४
- दिदी *सहदेव कोइराला* ४६
- आमा *शकुन्तला अधिकारी* ४८
- एक ऊर्जा : नन्दा सुवेदी *राम अधिकारी* ५०
- आमा तिम्रो मृत्यु *डा. कविता घिमिरे* ५३
- उनैको यादमा *दण्डपाणि आचार्य* ५६
- आमा !! *सुनिता खत्री* ५७
- नन्दाहोम सुवेदी *अग्नि पराजुली* ५८
- दिदी नन्दा *भगवती न्यौपाने* ६०
- जय माँ जननी *अच्युत श्रेष्ठ* ६१
- हिमालबाट झरेको पानी *नन्दादेवी सुवेदी* ६२

**अध्याय २ : अङ्ग्रेजी पद्य तथा गद्य** ६३–८८

- Jiama's Garden *Preeya Subedi* ६५
- With Love *Kavita Subedi* ६७
- Capture and Release *Sagar Subedi,* ६८
- Jiama *Sapana Satyal* ६९
- You are in my mind *Bikalp Satyal* ७०
- Jiama! *Dr. Medha Satyal* ७१
- The extraordinary life of Nanda Subedi *Pukar Subedi* ७३
- We were safe with her *Aakash Subedi* ७५
- Family Tree *Aalok Subedi* ७६
- Memory of Nanda *Agnes Darko* ७७
- जेठीआमा ! *मोहनजंग थापा* ७८
- Nanda Devi Subedi at a glance! *Dr. Kalpana Satyal* ७९
- Few Thoughts about my Mother-in law, Nanda Devi Subedi *Basu Satyal* ८२
- Brief Encounters, Lasting Impressions *Bryan Chung* ८५
- The Spirit of Home *Dipiza Subedi* ८७

**अध्याय ३ : गद्य– कथा** ८९-९९


- एउटा प्रेम कथा *प्रकाश नेपाल* ९१
- जब भगवान्ले अनेसासकी जननीको सृष्टि गरे *कमला प्रसाई* ९३
- हनी *खिमानन्द आचार्य* ९६


**अध्याय ४ : गद्य– संस्मरण खण्ड**

***(दाहसंस्कारको शोकसभा माघ ३, २०८०(जनवरी १७, २०२४)*** १०१-१६८


- दाहसंस्कारको दिनको शोकसभा *होमनाथ सुवेदी* १०३
- अनेसासकी आदरणीय आमा नन्दादेवी संस्मरण एवम् शब्द-श्रद्धाञ्जली *शिव लामिछाने* १०८
- अनेसासमा नन्दा दिदीको अमिट छाप छ *प्रेमराजा महत* ११८
- ANS को कार्यक्रमहरूमा *सरोज प्रजापति* ११९
- उत्प्रेरणाकी श्रोत *रविना थापा* १२०
- दिदी म 'बाई भन्दिनँ' ! *भीमप्रसाद रेग्मी* १२२
- संस्मरण र समवेदना नन्दाप्रति *गोपाल पराजुली* १२६
- साहसी आमा *पुरु सुवेदी* १२९
- सबैले मर्नुपर्छ *राम खरेल* १३२
- भावपूर्ण श्रद्धाञ्जली ! *अमर छन्त्याल* १३४
- अमेरिकामा म्याग्दीकी नन्दा फुपू ! *पारसमणि श्रेष्ठ* १३६
- स्मृतिमा ठूलीफुपू *दीपक पौडेल (राजन)* १३८
- स्मृतिमा नन्दा *रमेश सुवेदी* १४१
- जेठीआमालाई सम्झौं *रघुनाथ सुवेदी* १४४
- मृत्योर्मामृतं गमय *प्रकाश सुवेदी* १४५
- नन्दा दिदी *सतीदेवी थापा* १४८
- मायाको विश्वविद्यालय *दया सुवेदी* १५०
- नन्दा- सम्झनामा *दिवाकर शर्मा* १५२
- समवेदना *रजनी श्रेष्ठ* १५५
- समवेदनापूर्ण स्मृति *सुभाष भण्डारी* १५८
- छामा नन्दा *राम प्रकाश भण्डारी* १५९
- भाउज्यूको स्मृतिमा *ऋषिनाथ सुवेदी* १६०
- कर्म दिने आमा *राहुल के सी* १६२
- सुखावती भुवने वास जुइमा *गजेन्द्रलाल प्रधान* १६७

**अध्याय ५ : गद्य– संस्मरण** (**अनेसास केन्द्रीय शोकसभा माघ ६, २०८०**) १६९-२४०


- नन्दा आमासँगको मेरो अनुभूति — *विमला ढुंगाना निरौला* १७१
- स्मृतिमा नन्दादेवी — *पदम विश्वकर्मा* १७५
- नन्दा दिदी — *माधवप्रसाद शर्मा* १८०
- अझै नाच्दै नन्दादेवी ! — *ईश्वरी भट्ट* १८५
- नेपथ्यमा नन्दादेवी — *भारती गौतम* १८७
- स्मृतिमा नन्दादेवी सुवेदी — *गीता खत्री* १९२
- हामी सगोत्री हौँ — *नेत्रबन्धु पोखरेल* १९५
- ककसले के गुमायौँ — *तीर्थ अधिकारी* १९७
- अचेत नन्दा पनि चिरिच्च्याट्ट ! — *मोहराज शर्मा* १९८
- पाहुनालाई अति माया गर्नुहुन्थ्यो — *गंगा लिगल* २०१
- अनेसास केन्द्रको शोकसभामा — *होमनाथ सुवेदी* २०३
- नन्दा हौ दुहिता प्रिया भुवनकी — *मोहन सिटौला* २११
- नन्दाबारे हिन्दु-बौद्ध दर्शन — *नारायण अधिकारी* २१४
- आभारी भै रहने छौँ — *रोहिणी शर्मा,* २१८
- नमन आमा नन्दा सुवेदीज्यू — *रीतादेवी प्रधान (जोशी)* २२०
- आमाले नै सिकाउनुभयो — *पुरुषोत्तम सुवेदी* २२५
- आमा ! — *तीर्थराज पाण्डेय "आँसु"* २२८
- अरूलाई पनि यस्तो हुन्छ — *गीता बजगाईं* २३०
- आमा देवी हौ — *प्रकाश सुवेदी* २३२
- गुरुआमाप्रति — *सर्वज्ञ वाग्ले* २३५
- बाँच्ने त आखिर सम्झना त रहेछ ... — *गोवर्द्धन पूजा* २३७


**अध्याय ६ : गद्य– संस्मरण**

*(अनेसास डिसी मेट्रो च्याप्टर शोकसभा माघ १३, २०८०)* २४१-३२२


- पुरुषः सूक्त — *पं. कृष्णप्रसाद खनाल* २४३
- सच्चिदानन्दरूपाय नन्दादेवी नमस्तुते — *होमनाथ सुवेदी* २४७
- भाग्यशाली नन्दाप्रति — *जगन्नाथ पौडेल* २५५
- उरुङ उरुङ सम्झना र विलापका क्षणहरू — *कृष्ण धरावासी* २५९
- हार्दिक श्रद्धाञ्जली नन्दाप्रति ! — *वसन्त श्रेष्ठ* २६४
- सम्झनामा नन्दा दिदी — *नरबहादुर बिसी* २६७

- शोकलाई शक्तिमा परिवर्तन *प्रेमराजा महत* २७०
- 'अनेसासकी आमा' लाई श्रद्धान्जली ! *रामप्रसाद खनाल* २७२
- समर्पणको प्रण गरौं *भूपनारायण घर्तीमगर* २७५
- उहाँले मन नपराउने दुई कुरा *गोविन्द गिरी 'प्रेरणा'* २७७
- उहाँ पूर्णमा पुग्नुभएछ *डा. गोपी उप्रेती* २७९
- स्पष्ट वक्ता *प्रेम पौडेल* २८१
- ANA परिवारको तर्फबाट *डा. खगेन्द्र अधिकारी* २८२
- नन्दादेवी सुवेदीज्यूको सम्झानामा ! *गुणराज लुइटेल* २८३
- तेज स्मरणशक्ति *कल्पना सुवेदी* २८६
- आमाजस्तै दिदी *भगवती न्यौपाने* २८८
- आमा महान् *पुरुषोत्तम सुवेदी* २९२
- नन्दा आन्टीमा श्रद्धासुमन *डा. कविता घिमिरे* २९४
- ममतामयी नन्दाको सम्झनामा *गोविन्दप्रसाद पौडेल* २९६
- नन्दादेवी सुवेदी आमाप्रति *मञ्जु थापा* २९९
- आमा मर्नु भएको छैन *प्रकाश सुवेदी* ३००
- आमा नन्दा अत्यन्त सम्मानित र प्रशंसनीय *मञ्जु विमली* ३०४
- नेपालमा नन्दादेवी आमाको सम्झना *गणेशकुमार जिसी* ३०५
- नन्दा दिदीको सम्झनामा *नगेन्द्र न्यौपाने* ३०७
- आमा समानकी नन्दा *लक्ष्मी आचार्य* ३११
- स्मृतिका पानामा दिदी नन्दा *खेमनाथ दाहाल* ३१२
- नन्दा र अन्येष्टि कर्म *पं. गोविन्द भट्टराई* ३१८
- अविस्मरणीय प्रेरणा *पुस्कर पन्त* ३२१

**अध्याय ७ : नन्दाका रचना र बन्धु–वृत्तान्तमा** ३२३–३४८

१.१ नन्दाका गद्य कविता तथा लोकगीत ३२५
- मेलबक्स ३२५
- मनको पीर ३२८

१.२ नन्दादेवी सुवेदीका वंशानुगत परिचय ३२९

१.२.१ नन्दा–संक्षिप्तमा – अभिनन्दन र सम्मान, अनेसासमा गरेको योगदानको सम्मान २००९, 'अनेसासकी आमा' को पदवीबाट सम्मानित, अनेसास महिला केन्द्रीय सम्मेलनद्वारा सम्मान २०१४, २०१६ को भानुजयन्तीमा

राजदूतको हातबाट हातबाट सम्मानपत्र हस्तान्तरण, अन्तर्राष्ट्रिय नारीदिवस २०१८ सम्मान, संस्थापक सदस्य सम्मान जनवरी १२, २०२४, नन्दाका यात्रा सन्दर्भ । ३२९
१.२.२ नन्दाको घरतिरको जन्म-मृत्यु, उमेरको विवरण (जि.मु.हरिलाल सुवेदी बन्धुवृत्तमा)बाट उद्धृत ३३३
१.२.३ नन्दादेवी सुवेदीको माइततिरको वंशानुगत परिचय *–माधवप्रसाद शर्मा, प्रवीण पौडेल आदित्य पौडेल* ३३७

**परिशिष्ट: समवेदना र श्रद्धाञ्जली / प्रमाणपत्र र सम्मानपत्रहरू** ३४९–३७०

१ समवेदना, श्रद्धाञ्जली र शोक मन्तव्यहरू ३५१
२ प्रमाणपत्र र सम्मानपत्रहरू ३६७

**तस्बिर खण्ड** ३७१–४२०

१.तस्बिरहरू ३७३
(नन्दा सुवेदीका पारिवारिक तस्वीरहरू/नन्दा सुवेदीका व्यक्तिगत तस्बिरहरू/नन्दा निवासका तस्बिरहरू/अमेरिकामा नन्दा/ अस्ट्रेलियामा नन्दा/बहामाजमा नन्दा/बेल्जियममा नन्दा/क्यानाडामा नन्दा/लण्डनमा नन्दा/फ्रान्समा नन्दा/जर्मनीमा नन्दा/भारतमा नन्दा/जापानमा नन्दा/लक्जेम्बर्गमा नन्दा/ नेपालमा नन्दा/नेदरल्याण्डमा नन्दा/न्यूजिल्याण्डमा नन्दा/कतारमा नन्दा/बहराइनमा नन्दा)
२ प्रकाशन प्रायोजकको लागि सचित्र कृतज्ञता ४२१–४२३
३.धन्यवाद ज्ञापन ४२४

# अध्याय १ :

## पद्य-गद्य कविता, लोकलय, चम्पु, छन्दोबद्ध कविता, गीत, गजल, मुक्तक

# विषयसूची

**अध्याय १ : पद्य-गद्य कविता, लोकलय, चम्पु, छन्दोबद्ध कविता, गीत, गजल, मुक्तक** १-६२

- तिमी ममा अमर छ्यौ — *डा.कल्पना सत्याल* ३
- नन्दाआमा — *विमला निरौला* ५
- दिदीको देहावसानमा — *गोपाल रेग्मी* ६
  नन्दादेवी — *लालगोपाल सुवेदी* ९
- पुष्पोपहार — *सुदीपभद्र खनाल* ११
- नन्दादेवी सुवेदीप्रति — *माधवप्रसाद गौतम* १२
- तिमी साँच्चै फर्किंदैनौ र प्रिय ! — *जगन्नाथ पौडेल* १४
- शून्यतामा बिलायौ — *होमनाथ सुवेदी* १८
- नन्दादेवी सुवेदीप्रति — *डा.प्रेमप्रसाद शर्मा पौडेल* १९
- माता ! म तिम्रो अन्धभक्त ! — *गुणराज लुइटेल* २१
- नेपाल मेरी आमा — *एड्रियन पोखरेल* २४
- सम्झनाको धरातल — *नीलकण्ठ सुवेदी* २५
- नन्दा तिम्रो याद — *कवीन्द्र  सिटौला* २७
- आँखा खोलिदेऊ — *पुरु सुवेदी* २९
- नन्दादेवीलाई श्रद्धाञ्जली — *गोमा रेग्मी* ३०
- हार्दिक श्रद्धाञ्जली — *रामप्रसाद सुवेदी* ३१
- उज्यालो दिएर जानेप्रति — *गणेश खड्का* ३२
- जुनी-जुनीलाई — *गणेश जिसी* ३५
- नन्दा आमा — *शशी सत्याल* ३७
- ममतामयी माताश्री — *मन्जु निरौला* ३८
- शब्द श्रद्धाञ्जली  ! — *लकाश पौडेल* ३९
- काललाई याचना — *नवीन पौडेल* ४१
- श्रद्धाञ्जली — *प्रेमप्रसाद भट्टराई* ४३
- आमा — *अरूण रूपाखेती* ४४
- दिदी — *सहदेव कोइराला* ४६
- आमा — *शकुन्तला अधिकारी* ४८
- एक ऊर्जा : नन्दा सुवेदी — *राम अधिकारी* ५०
- आमा तिम्रो मृत्यु — *डा. कविता घिमिरे* ५३
- उनैको यादमा — *दण्डपाणि आचार्य* ५६
- आमा !! — *सुनिता खत्री* ५७
- नन्दाहोम सुवेदी — *अग्नि पराजुली* ५८
- दिदी नन्दा — *भगवती न्यौपाने* ६०
- जय माँ जननी — *अच्युत श्रेष्ठ* ६१
- हिमालबाट झरेको पानी — *नन्दादेवी सुवेदी* ६२



# तिमी ममा अमर छ्यौ

**डा.कल्पना सत्याल**
**पूर्व सचिव, अनेसास, केन्द्र**
*फेयरफ्याक्स, भर्जिनिया*
*जनवरी १७, २०२४*

आकाश, धर्ती, जल, वायु र अग्निले
बनेको तिम्रो भौतिक शरीर
ती तत्वमै बिलाई गए ।
आमा र छोरीको माया
समुद्रझैं अटल रहे ।

यो भौतिक जीवनमा रहेका
तिम्रो काख र तिम्रो साथ
सम्झना बनी
मनमस्तिष्कमा अमर रहे ।

तिम्रो गर्भमा नौ महिनाको न्यानो बास
तिम्रो दूधको भारा र मामको गाँस
काखको न्यानोपन र ताते ताते गर्दा
समाउने तिम्रा हात
आमा, ती मैले पाउने र संसारलाई बाँड्ने
असीम मायाका स्रोत भए

तिमीले सिकाएका पाठहरू
आमा, तिमीले त्रुटिमा दिएका सबकहरू
सबै मेरो आत्मबल र आँटमा रूपान्तरण भए ।

आमा, जिन्दगीको उतारचढाबमा
तिम्रा मायामयी शब्दहरूले
दुखः पीडा बिलाइगए।
म डाँको छोडी रुँदै तिम्रो अङ्गालोमा बेरिँदा
नकारात्मक भाव
रिस, क्रोध हराइगए।

मैले बाल्यकालमा गरेका छलहरू
तिमीसँग अन्तिम सासमा बिताएका पलहरू
ती प्रेमिल क्षण अटल भए
ती सम्झनाहरू अमर रहे
आमा, तिमी ममा अमर रह्यौ।

तिमी थियौ र त म थिएँ
आमा, तिमी थियौ र त म थिएँ
मेरो लागि आकाश धर्ती, जल, वायु र अग्नि
तिमी नै हौ
तिमी ती तत्वमै बिलायौ
तर आमा तिमी ममा अमर रह्यौ।



# नन्दाआमा

**विमला निरौला**
*महासचिव, अनेसास केन्द्र*
*न्यू ह्याम्पसायर*

नन्दाआमा हृदयको चढाउँछु भाव अन्जुली
देह त्यागी दिव्य बन्यौ हार्दिकताको श्रद्धाञ्जली ।
डिसी बीच साहित्यको अनेसास वृक्ष सार्‍यौ
होमनाथको सपनालाई  तिमीले नै पूर्ण पार्‍यौ ।

जुटाएर कर्मशील परिश्रमी अरू हात
अनेसास मन्दिर निर्माण रह्यो तिम्रो पूर्ण साथ ।

चौथो सन्तान सरि माया स्यार संहार गरिरह्यौ
साहित्यको शब्द गरा तिमीले कर्म छरिरह्यौ ।

जीवनसाथी मियो तिम्रो भरोसा र साथ दियौ
कठिनाइ आफैंतिर सङ्घर्षको  प्याला पियौ ।

आमा तिमी वीराङ्गना बीज रोप्ने अनेसास
असङ्ख्य यी सन्तान माझ बनेकी छ्यौ इतिहास  ।

साहित्यको आकाश अनि ढाक्छ  सिँगो जगत यो
अनेसाससंगै तिम्रो यात्रा भयो अनन्तको ।

नन्दाआमा हृदयको चढाउँछु भाव अन्जुली !
देह त्यागी दिव्य बन्यौ हार्दिकताको श्रद्धाञ्जली !!

# दिदीको देहावसानमा



**गोपाल रेग्मी**
**पूर्व उपाध्यक्ष,अनेसास केन्द्र**
*मनासस, भर्जिनिया*

यो दुःख भोग्ने परमेश्वरै हो
यो देह उस्को रहने घरै हो
यो भत्कँदा दुःख अवश्य मान्छ
सुटुक्क सामान लिएर जान्छ ।।

- कवि शिरोमणि लेखनाथ पौड्याल

हाम्री ममतामयी दिदी नन्दादेवी सुवेदी ब्रह्मलीन हुनु भएको १३ औं दिनको पुण्य तिथिमा वहाँप्रति अन्तर हृदयदेखि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। शोकले हामीलाई जीवन र जगतका बारे परिभावनामा (contemplation) मा पुऱ्याउँछ। दिदीको शोकले म त्यस्तै परिस्थितिमा पुग्दा आएको मेरो विचार यो श्लोकमा अभिव्यक्त गर्दछु।

आत्मा एक छ नित्य जीव सबमा हो ब्रह्मको अंश जो
यो अस्तित्व थियो म जन्म नलिँदै हुन्थ्यो र के वंशको
सारा सृष्टि भनिन्छ स्वप्न नगरी यो व्यर्थ बेकारको
मात्रै ब्रह्म छ सत्य, स्वप्नसरिको मिथ्या छ संसार यो ।।

शास्त्रोक्त दिव्य वचनलाई आत्मसात गर्न सक्ने ज्ञानीबाहेक हामी सांसारिक मोहको जालमा रहेकाहरू तत्वज्ञान हैन आफ्नो निकटस्थको वियोगमा दग्ध हृदयको आर्तनादबाट पीडित हुने विषयबाट मुक्त हुन सक्दैनौं।

दिदीको वियोगले हामीभाइहरू, भिनाज्यू, भान्जाभान्जी, जुवाइँ, बुहारी, दिदीका भतिज भतिजीहरू सबैका आआफ्ना संसारमा अपूरणीय खाडल परेको छ।

म सम्झन्छु, जिम्मावाल  कलाधर पौडेल र भवानी पौडेलकी प्रथम नातिनी तथा पिता ज्योतिष जीवनाथ पौडेल तथा माता अमृता पौडेलकी प्रथम सन्तानको रूपमा वि सं २००३ माघ ४ गते राक्से, म्याग्दीमा जन्मनु भएकी दिदी नन्दादेवी सुवेदीको बाल्यकाल वात्सल्य प्रेमले ओतप्रोत वातावरणमा बित्यो। मेरी ममतामयी आमा (वहाँकी कान्छी फुपू) कलावती रेग्मी र वहाँ" कलाधर जिम्मावालको लाडप्यारमा अग्राधिकार राखी पुल्पुलिएर साथसाथ हुर्कनु भयो।

१० वर्षको उमेरमा म्याग्दी ताकमको प्रतिष्ठित सुवेदी परिवारमा जिम्मुवाल हरिलाल उपाध्यायका जेठा सुपुत्र आदरणीय भिनाज्यू होमनाथ सुवेदीसँगको विवाह बन्धनमा बाँधिएपछि वहाँ जेठी बुहारीको भूमिकामा कर्म घर ताकममा रहनु भयो।

भिनाजु अध्ययनको सिलसिलामा काठमाडौँ, बनारस र दिल्ली रहँदाको अवस्थामा वहाँ घरमा बुहारीको जिम्मेवारी लिई कर्म घरमा रहनु भयो।

श्रीमानूको अध्ययन समाप्तिपछि काठमाडौँ आएर सरकारी जागीर सुरु गरेपछि वहाँ श्रीमानूसहित सपरिवार काठमाडौँमा बस्न थाल्नु भयो। नेपाली लोक संस्कृति, सङ्गीत र सामुदायिक सेवामा गहिरो चाख राख्ने वहाँले २०३० को दशकमा काठमाडौँमा रहँदा धवलागिरि क्षेत्रबाट काठमाडौँ अध्ययनरत सबै विद्यार्थीहरूलाई दिदीको न्यानो माया दिनुभयो, दुःख सुखमा हेर्नु भयो चाडपर्वमा घरको नियास्रो हुन दिनु भएन।

भिनाजु अमेरिका आएर अमेरिकन ड्रिमको सङ्घर्षमा रहँदा वहाँले पुरू भान्जा, प्रकाश भान्जा र कल्पना भान्जीलाई लिएर ताकम फर्कनु भयो। पति परदेश रहेको अवस्थामा पिता र माता दुवैको संरक्षण, प्यार, मार्गदर्शन दिएर भान्जा भान्जीलाई मेहेनत र पराक्रमको शील सिकाउनु भयो। त्यही जगमा भान्जा भान्जीहरू आआफ्ना व्यावसायिक क्षेत्रमा प्रगति गर्न सक्षम भएका छन्।

मैले भिनाजुलाई अत्याधुनिक  श्रीमतीलाई स्वास्नी हैन आफूसमानकी जीवन साथीको रूपमा माया गर्ने एउटा आदर्श पति मान्दछु। हामीभन्दा एक पुस्ता अघिका वहाँहरू एक अर्कालाई तिमी भनेर सम्बोधन गर्नुहुन्थ्यो। त्यो समयका बिरलै पुरूषहरूलाई श्रीमतीले तिमी भनेको मन पर्थ्यो होला।

काठमाडौँमा जसरी सबैलाई माया पुर्याउनु भएको थियो, अमेरिका आएपछि त्यो क्रम झन बढ्यो। हरएक चाडपर्वमा नेपाली दाजुभाइलाई खोजीखोजी बोलाउने र आफ्ना आमा, दिदी बहिनी वा घरको यादको नियास्रो मेटाइदिनु हुन्थ्यो।

आआफ्ना महत्वाकाङ्क्षी करियर गोलका लागि मेहेनत गरिररेका छोराछोरीहरूका सबै सन्ततिहरूलाई वहाँले नै हुर्काइदिनु भयो ।

यसैगरी आफ्ना पतिले भाषासाहित्यको सेवामा लागेर गरेका हरकदममा साथ दिनु भयो ।

बितेका सात वर्षसम्म वहाँ बिरामी हुँदा भिनाजुले गरेको सेवा अत्यन्त उदाहरणीय र अनुकरणीय छ । साथै भान्जी भान्जाहरूले पनि यथेष्ट सेवा गरे ।

वहाँको ब्रह्मलीन आत्मालाई अनन्त शान्ति मिलोस् ।

# नन्दादेवी



नन्दादेवी सुवेदीको पाएपछि साथ
होमनाथ बन्न सके साँच्चै होमनाथ
नन्दादेवी गाउने गर्थिन् मीठा लोकगीत
गीतबाट होमनाथका काव्य प्रभावित

नन्दा गर्थिन् ढिकीजाँतो, पकाउँथिन् भात
लाल्टिनको उज्यालोमा पढ्थे होमनाथ
नन्दा गर्थिन् गाउँबेसी अनि दाउरा घाँस
होम सावाँ अक्षरमा फेर्ने गर्थे सास

कति ठूलो महत्त्व छ जीवनसँगिनीको
सँगिनीकै साथले हुन्छ मनको घाउ निको
नन्दादेवी हाँसिन् होला आफू आँसु पिई
होमनाथलाई पोल्टाभरि खुसियाली दिई

असल नारी प्राणेश्वरलाई बनाउँछन् राजा
यस्तो प्रीति बासी हुन्न, हुन्छ सधैँ ताजा
दीर्घायु हून् पति भनी व्रत बसिन् नन्दा
होमनाथको शुभचिन्तक नन्दा सबैभन्दा

**लालगोपाल सुवेदी**
**प्रधान सम्पादक, अन्तर्दृष्टि**
*बोस्टन, अमेरिका।*

ती नन्दाले भनिरहिन् काम काम काम
त्यसै कहाँ चम्केको हो होमनाथको नाम !
नन्दादेवी गर्थिन् सयौं अतिथिको मान
यसैले त प्रवासमा बढ्यो हाम्रो सान

नन्दादेवी पुरुषोत्तम सुवेदीकी आमा
अनि नन्दादेवी प्रकाश सुवेदीकी आमा
पढालेखा सुशिक्षिता कल्पनाकी आमा
छोराछोरी हुर्काउन गरिन् कति धामा

नन्दादेवी खुबै खटिन् भानु जयन्तीमा
भोक बिर्सिन्, तिर्खा बिर्सिन् लक्ष्मी जयन्तीमा
साहित्यकै सेवा गरिन् नेपथ्यमा बसी
नन्दा काव्य-प्रेरणा हुन्, व्यञ्जनाकी दसी

होमनाथका कवितामा नन्दादेवी देख्छु
होमनाथका गजलमा नन्दादेवी देख्छु
नन्दा तिम्रै पसिनाले बाँच्यो अनेसास
मर्ने छैन प्रवासमा तिम्रो इतिहास



**सुदीपभद्र खनाल**
**केन्द्रीय सदस्य, अनेसास केन्द्र**
*भर्जिनिया*

# पुष्पोपहार

मान्छे मर्दछ मृत्यु सत्य छ यहाँ जन्मेर आएपछि
आफ्नो जो छ पला महासमरको भोगेर भ्याएपछि
माटो देह उठेर मिल्दछ उहीँ चैतन्य आकाशमा
नन्दा नन्दित बन्दछिन् दिनदिनै फैली अनेसासमा । १।

हेर्दैमा  दिन सिद्दिएसरि छ यो संसारको जीवन
बुझ्ला चेतन मृत्यु सत्य छ भनी मान्दैन हाम्रो मन
मान्छे सक्दछ काल जित्न सजिलै सत्कर्मले सारमा
नन्दा नन्दित बन्दछिन् दिनदिनै फैली अनेसासमा ।२।

यौटा सत्य रहेछ यो भर जगत्  त्यो मर्छ जो जन्मियो
मात्रै कर्म पवित्रले सकलमा छोयो भने बाँचियो
जस्तै ज्ञान र मान हैकम रहोस् त्यो शून्य हो सारमा
नन्दा नन्दित बन्दछिन् दिनदिनै फैली अनेसासमा ।३।



# नन्दादेवी सुवेदीप्रति

**माधवप्रसाद गौतम**
*गैँडाकोट-८, नवलपुर*
*(साविक भीमपोखरी बागलुङ)*

कस्को कोसँगको नाता के नाता कतिसम्मको ।
जोडिन्छ अनि तोडिन्छ संसार नाटकै त हो ।।

नन्दा र होमको नाता जीवन साथी भैकन ।
सहकार्य मजा लाग्दो छुट्यो आखिरमा किन ?

गयौ आमा तिमीलाई श्रद्धा सुमन अर्पण ।
श्रद्धाञ्जली तिमीलाई भावविह्वल भैकन ।।

को कस्को पति औ पत्नी छोरा छोरी कुटुम्ब त !
पर्दा वन्द हुँदा साथ स्मृतिमा मात्र सीमित ।।

नाट्यशाला न हो हाम्रो यो संसारिक जीवन ।
तिम्रो वैकुण्ठको बास रहोस् शान्त बनीकन ।।

धर्तीमा गरियो कर्म यहाँ भैरा'छ सञ्चित ।
सबैकी जननी नन्दा श्रद्धाञ्जली छ अर्पित ।।

धर्तीमा रहँदासम्म गरे सेवा यथोचित ।
पर्नै पर्दछ प्राणीले पञ्जामा कर कालको ।।

भन्छ दर्शन वेदान्त संसार भ्रमजाल हो ।
पितृको पङ्क्तिमा तिम्रो बास सार्थक नै रहोस् ।।

नेपालदेखि यू.एस.ए. सम्म साहित्य साधक ।
सामीप्य स्नेह सम्मान बन्दियौ अभिभावक ॥

बस्दाको क्षणमा मान्छे मान्छे जोड्दै समन्वय,
सकिन्न विर्सिनै त्यस्तो गऱ्यौ सत्कर्म सञ्चय ॥

मित्र होम सुवेदीमा समग्र परिवारमा,
यो विपद् क्षण सम्झेर हार्दिक समवेदना ॥

सुवेदी मात्रकी हैनै सबैकी जननी भयौ ।
पात्रको भूमिका पूर्ण गरी आखिर गैदियौ ॥

वैकुण्ठ बास होस् तिम्रो यहीँ छ नव कामना ।
नन्दा आमा तिमीलाई श्रद्धाञ्जली छ अर्चना ॥

# तिमी साँच्चै फर्किंदैनौ र प्रिय !



**जगन्नाथ पौडेल**
**सदस्य, काकास**
**अनेसास, डिसी मेट्रो च्याप्टर**
*मनासस, भर्जिनिया*

तिमी लुकेको क्षितिज
उही नीलो सम्झना बगिरहन्छ आकाशतिर

छिचोलेर गहिरो अभाव
पुऱ्याउँछ पर्दा बन्द भएर
विगतको जालो उडिरहेको नाट्यघरमा

डाँडाको टुप्पोमा फक्रेका सेता कपासे भुवाहरू
तिम्रै चित्र बनाउँछन्
मेरो छातीको क्यानभास सम्झेर
अनि बहले रुझेको काउकुती लगाउँछन्
मेरा हातका रेखाहरूमा
र
ब्युँझाएर भाग्छन्
खाटा बसेका पुराना घाउहरू

जब छुन खोज्छु
तिम्रा प्रीतिका प्वाँखहरू
तिनले गाउँदैनन् प्रेमका सुकिला सुरहरूमा
हाम्रो पुरानो प्रेमगाथा

आउँदैन तिम्रो छाया बिछ्यौनामा
पिरतीका संयोगान्त कथा भरिएको

पुस्तक  समाएर
बस गौंथली-संझनाहरू ओहोरदोहोर गरिरहन्छन्
शून्य कोठीमा चुपचाप बसेका
रोमियोजुलियट कथाका पृष्ठहरूमा

तिमीले पुछेका
मेरा आँखाका रेखाहरू
दशौं पर्खेर बसेका घरका भित्तारूझैं
भत्किरहन्छन्
यादका बर्सातहरूले रुझेपछि

कोतरिरहन्छन् तिनको अनुहार
अत्यासका तिखा सिउँडीहरूले
र चिरा पार्छन्
तिनका सुकेका ओठहरू

तिम्रा हातहरू
आउँदैनन् आजकल
दहीचिनी मिसिएका अक्षताझैं
छोइने टाँसिने भएर
मेरो विश्वासभरिको निधारमा
र खाली पारेर जान्छन्
हाम्रो हाँसो लुकाएको मुदुसको पोको

छैनन् आजकल मेरा औंलाहरूसँग
लगनगाँठोझैं कसिन आउने
ती विश्वासले पुजिएका औंलाहरू

सम्झिन्छन् यी हत्केलाहरूले
ती हातहरू र

कुप्रिएर ऐना हेर्छन्
मेरो भरोसामा झुन्डिएका
मेरै आँखाअगाडि उभिएर

खोपीको दियोमा तेल सकिएझैं
मेरो मनको बत्ती मलीन छ प्रिय
सान्त्वनाको तेल थप्ने तिम्रा
कोमल ध्वनिहरू आउँदैनन्
ती एक्लै पर्खेर बसेका सम्झनाका झ्यालहरूबाट

घर छेडेको खोपी आजकल
चिसो बतास मात्र बोकेर आउँछ
पुग्दैनन् तिम्रा पैतालाका छापजस्ता
मिलनका भाकाहरू
तिम्रै आवाजको तिर्खा खेपिरहेका
मेरा जोर कानहरूसम्म

बचेराहरू
पुरानो बिछौनी मन पार्दैनन् आजकल
र
घर सर्ने बहानामा
मन उतै लिएर भागिरहन्छन्
म हेरिरहन्छु उनीहरूका पैताला
तर
उनीहरूसँगै जोडिएर जान्छ
सम्बन्धको तिलमिले छाया

प्रिय,
फगत म एक्लो यात्री
कहाँ पुग्न सकूँला र

तिम्रो उपस्थितिको ऊर्जाबिना ...?

के तिमी फर्केर आउँदैनौ र
उही पुरानो झिलमिले अनुहारमा
के छुन पाउँदिनँ म अब तिम्रो पूर्ण अवतार
म पोखिन पाउँदिनँ तिम्रो सामु
मेरा आँखाहरू रित्ताएर

तिमी मेरै वरिपरि
यादगारमा मात्र हुन्छौ त अँगाल्न नमिल्ने गरी

तिम्रो सुडोल अनुहार
तिम्रो भूगोल प्रेम
कस्ले लगिरहेछ खोसेर प्रिय ?

अझै बल्झिरहेछन् चोटहरू भने
चाहिंदैन पुरानै फर्केको अनुहार
बस
तिमी हौ भन्ने एक विश्वास श्यामश्वेत छाया भए पुग्छ

छाया हुनु
तिमी हुनु न हो!
तिमी हुनु म हुनु न हो ‼
......
तिमी साँच्चै फर्किंदैनौ र प्रिय !

# शून्यतामा बिलायौ



**होमनाथ सुवेदी**
*संस्थापक अध्यक्ष*
*अनेसास, केन्द्र*

१

शोभा मेरी गगनगगनै जान लागी रहन्छ्यौ
रोकेँ मैले तर पनि तिमी साथ छोडी रहन्थ्यौ,
हावा लाग्दा गगनपथमा धङ्धङाई रहन्छ्यौ
आएँ छोप्नै पवनपथमा लुक्न लागी रहन्छ्यौ।

२


तान्दातान्दै पनि किन उता गैगई चल्मलायौ
भन्थ्यौ पैल्यै नहुनु विधुरै खै त्यसै अल्मलायौ,
नाङ्गो पारी वरिपरि यहाँ काल तिम्रो बनायौ
सुस्तै सुस्तै हृदयगतिको शून्यतामा बिलायौ।

३

माया मेरी अमर तुलसी शेषशायी तिमी थ्यौ
पृथ्वी छाडी अमरपुरमा जान लागी रहन्छ्यौ,
छैनौ, हैनौ जगतभरको ज्यान फाली रहन्छ्यौ,
ऊर्जा उस्तै वरिपरि थियो स्वर्गकी नै भई छ्यौ।

४

छामैँ माथा हृदयगतिको बन्द भो ढुक्ढुकी नै
आँखा उस्तै चमक पनि हो, चम्किलो थ्यो पुरानै,
भन्थी छोरी हृदयगतिको रोकियो धड्कनी नै
रोई छोरी गगनतलमा चम्कियो चट्कनी नै।



# नन्दादेवी सुवेदीप्रति

**डा.प्रेमप्रसाद शर्मा पौडेल**
*भर्जिनिया, अमेरिका*

१.

नन्दा यौटी सरल महिला धेर नै वर्ष पैले,
बोली बोल्ने अवसर थियो फोनमा मात्र मैले।
त्यो बेलामा न त छ भिडियो वा त यन्त्रै कुनैको,
ऐले जस्तो न त युग थियो यन्त्र मोबाइलैको ॥

२.

गुञ्जेका छन् मृदुल लय ती फोन घण्टी त बातै,
टोलाएरै म त अब बसें खालि सम्झी अतीतै।
गुम्दा यौटी सजग महिला मूल्य खाँचो छ धेरै,
तातो पीडा अझ थपिदियौ यो चिसोमा अँधेरै ॥

३.

नेपालीको सहज बलियो योगदानै अमूल्यै,
साँच्चै नन्दा प्रियजनहरू मान्दछन् लौ अतुल्यै।
छौ भन्ने थ्यो तन र मन थ्यो भावना थ्यो र प्रीतै,
ऐले गुम्दा दिल अति दुख्यो छैन शब्दै मसितै ॥

४.

छोरा छोरी विपुल धन ती नाथ साहित्यका छन्,
स्वप्ना तिम्रा रहर मनका पूर्ण पक्का त पार्छन्।
थियौ, छैनौ सब जलन भो देहको यो महत्ता,
तिम्रो खाँचो अब हुन गयो यो अनेसास सत्ता ॥

५.

रोए क्यारे अविचल बडा अश्रु छाडी हिमाल,
तारा रोए पिल पिल गरे बादलै आँसु ताल।
रोयो खूबै दिन पनि यहाँ चौर, बाटो र वेदी,
हावा रोयो पर पर लग्यो श्वास नै व्योम भेदी॥

६.

चिन्ने जान्ने सब मुटुहरू स्तब्धता भो त अर्कै,
तिम्रो प्राणै नभतिर गयो भो अलभ्यै त स्वर्गै।
छैनौ, तिम्रा सबल कदमै सम्भना लाग्छ प्यारो,
यौटा यौटा गुन छ मनमा बिर्सनै हुन्छ गाह्रो॥

७.

पढ्दा मैले सब त सुकथा सम्भना हुन्छ ताजै,
उड्यो पन्छी न छ गिद लिसिल्भेनिया रुन्छ आजै।
खेली राम्रो अभिनय कला अल्पियौ एक पात्र,
श्रद्धा थुङ्गा मन कुसुमको खालि लेखेर मात्र॥

# माता ! म तिम्रो अन्धभक्त !



**गुणराज लुइटेल**
**अध्यक्ष, इन्जा**
*भर्जिनिया*

माता!
म तिम्रो अन्धभक्त!
हो आमा!
म तिम्रो अन्धभक्त!
किनभने–
मनमनै कल्पना गरेर
भावनाको वस्तुलाई
क्यानभासमा कोर्दै
आकार र प्रकार दिँदै
सिर्जित सिर्जनाको
मूल्य र प्रतिफलको
कुनै पनि आशा नगरी
नव जीवनको रङ्ग भर्न
अरू कसैले सक्छ र?

माता!
म तिम्रो अन्धभक्त!
हो आमा!
म तिम्रो अन्धभक्त!
किनभने–
वृक्षको मुख्य शाखा बन्दै
आफूबाटै असङ्ख्य उपशाखालाई

उदाउन दिने,
शरदमा निःशब्द
आफ्ना कोमल पात,
फल र सिंगै आबरुको
एक फित्को पर्वाह नगरी
प्रकृतिमै निछावर गरिदिने,
वसन्तमा त पालुवा आउला नि
भनेर दृढ प्रतीक्षा गर्न सक्ने
अरू को हुन सक्छ र?

माता!
म तिम्रो अन्धभक्त!
हो आमा!
म तिम्रो अन्धभक्त!
किनभने–
भौतिक र शाब्दिक तीर भालाहरू
आफ्नो छातीमा थापेर
रक्ताम्मे शरीरलाई पनि
दुख्दै नदुखेको अभिनय गर्दै
बरु आफ्नो क्यानभासलाई,
परालको त्यान्द्राले पो कोर्छ कि!
बाछिटाले पो भिजाउँछ कि भन्दै
भित्री आँतमै लुकाएर राख्न
अरू कसैले सक्छ र?

माता!
म तिम्रो अन्धभक्त!
हो आमा!
म तिम्रो अन्धभक्त!
किनभने–

जति धेरै चित्र कोरे पनि
हरएकको ममता, मूल्य र महत्व
बुझ्न सक्ने,
मुखैमा पुगेको गाँसलाई पनि
सय भाग लगाउन सक्ने
आश्रितको पेट भरिदिएर
आफू भने दाबिलिएको पेटमै
हजार कोस पाइला चाल्न सक्ने,
आफ्नो शिरको पीडालाई लुकाएर,
दुख्दै नदुखेको अरूको शिरलाई
सुम्सुम्याइ दिने
अरू कोही हुन सक्छ र?



# नेपाल मेरी आमा

**एड्रियन पोखरेल**
*गेस्भील, भर्जिनिया*

"नेपाल मेरी आमाः लाज राख्ने प्रतिज्ञा"
मेरी आमा, नेपाल, म तिम्रो लाज राख्ने छु।
दूर देशमा बसे पनि, तिम्रो सपना साकार गर्ने छु।
हिमालको छायामा बढेको, तिम्रो संस्कार बोकी,
परदेशमा पनि आमा, तिम्रो गौरव झल्काउने छु।
तिम्रो संस्कृति, तिम्रो भाषा, म जीवनभर नभुल्ने,
तिम्रो नाम, आमा, विश्वमा उचाल्ने छु।
आफ्नो माटोको माया, आफ्नै गाउँको कथा,
विदेशमा पनि मेरो मन, त्यही गाउँमा रहने छ।
तिम्रो आशीर्वादले मलाई शक्ति प्रदान गर्ने,
तिम्रो सपनाहरूलाई, आमा, म सँगै पूरा गर्ने छु।
तिम्रो लाज राख्न मैले कुनै कसर नछोड्ने,
नेपाली छोरोको नातामा, गर्व गर्ने छु।
नेपाल मेरी आमा, तिम्रो लाज राख्ने छु
दूर देशमा बसे पनि, तिम्रो नामलाई उज्यालो बनाउने छु।

# सम्झनाको धरातल



**नीलकण्ठ सुवेदी**
*महासचिव, अनेसास,*
*डीसी मेट्रो च्याप्टर*

यादहरू
विथोल्न नआए पनि त हुन्थ्यो आँखामा
मुटुको धड्कनले
नलिए पनि त हुन्थ्यो
छोडी जानेको नाम

विगतले कोट्याएर
घाउ नबनाए पनि त हुन्थ्यो छाती
सम्झनाले पगालेर
नखसालिदिए हुन्थ्यो
गहभित्रबाट आँसु

प्रश्नका थुप्राहरूमा
जवाफ खोज्नुभन्दा
प्रश्न नै खडा नभएको बेस
शोकमा अल्झेर शोकाकुल हुनुभन्दा
शोक व्यहोर्नु नपरेकै राम्रो

सम्झना र याद
आइरहँदा रहेछन्
प्रेम र सद्भाव बनेर
उज्यालो अनुहार बनेर
नन्दा बनेर

सुनन्दा बनेर
अलकनन्दा बनेर

आँखा झिमिक्क नपारी
हेर्नुछ सम्झनाको धरातल
नन्दाको अविरल गति
आशाको उज्यालो
खुसी बग्ने नदीहरू
धरातललाई
नदी र सभ्यतालाई
आकाशलाई
आत्मा र परमात्मालाई
यो धराधामबाट
के नै चढाउन सक्छु र म
केवल शब्द पुष्पाञ्जली
मात्र श्रद्धाका सुमनहरू ।



# नन्दा तिम्रो याद

**कवीन्द्र सिटौला**
**उपाध्यक्ष, डिसी, मेट्रो च्यापटर**
*भर्जिनिया*

तिमीलाई बत्तीस वर्षअघि पहिलो पटक भेटेको
त्यही भेटमा नै एक नयाँ विद्यार्थीलाई घर बोलाएको
तिम्रो घरमा छोरा जस्तै भएर मीठो खुसीको खाना
खाएको
गाडी चाहिं बिस्तारै हाँक्नु है भनेको
सधैँ ताजा भएर आउँछ

साहित्यका हर कार्यक्रममा
बत्तीस वर्षदेखि तिमीलाई भेटेको
भानु  जयन्ती र अन्य कार्यक्रममा
हरएक अतिथिलाई मीठो खाना खुवाएको
सबैलाई खरबुजा आफै काटेर प्रेमले सेवा गरेको
साहित्यका कार्यक्रममा तिमीले मीठोसँग लोकगीत
गाएर
सबैलाई आनन्दित बनाएको
धेरै  याद आउँछ!

अनेसास हुर्काउन
धेरै धेरै अनुपम उदाहरणीय बलिदान गऱ्यौ
भाषा, साहित्य संस्कृतिमा नै होमनाथसँगै
जीवन अर्पण गऱ्यौ, साधना गऱ्यौ
होमनाथलाई हर मुस्किलमा

साथ सहयोग, सेवा र तपस्या गर्यौ
सन्तानहरूलाई ज्ञान, ममता साहस र प्रेरणाले
परिपक्व बनायौ
जगतलाई खुसी बनायौ
हँसायौ
अहिले रुवायौ
तर यो खुसीको रुवाइ हो
उत्साहको रुवाइ हो !

तिमी साहस हौ
तिमी अठोट हौ
प्रेरणा हौ तिमी
ममता हौ तिमी
तिमी एक महान् नारी हौ

तिमी डायस्पोराको आमा हौ
हो डायस्पोरा साहित्यको आमा तिमी नै हौ
तिम्रो घर साहित्यको तीर्थस्थल हो
हे जननी,
तिम्रो याद हृदयमा अमिट छ
सदा अमर छ
सदा अमर छ
सदा अमर छ।

गजल

# आँखा खोलिदेऊ




**पुरु सुवेदी**
**पूर्व अध्यक्ष**
**अनेसास केन्द्र**
*साउथराडिङ्ग, भर्जिनिया*


तिम्रो जन्म उत्सव आयो, आमा आँखा खोलिदेऊ
पुरुले तिम्रो गीत गायो, आमा आँखा खोलिदेऊ ।

सन्तान सबै एकजुट छन्, रिसराग कसैमा छैन
नातिले तिमीले भनेको पायो, आमा आँखा खोलिदेऊ ।

छोरी ज्वाईं सब खुसी छन्, भज्जो डाक्टर भयो
तिमीले साँचेको खाना खायो, आमा आँखा खोलिदेऊ ।

तिम्रा आफन्त तिमीले चाहेजस्तै भएका छन्
सन्तान सबैमा खुसी छायो, आमा आँखा खोलिदेऊ ।

छेउमा केक, फूल राखी, हजार बत्ती बाली कुरेका छन्
प्रकाश देखियो, सूर्य उदायो, आमा आँखा खोलिदेऊ ।

तिमीले संसारका शुभेच्छुकहरूलाई धन्यवाद भन्यौ
सब आत्माले फेरि गजल घन्कायो, आमा आँखा खोलिदेऊ ।

अविरल शुभकामना आफै पढ्न, सुन्न, सबैलाई चिन्न
देखेँ तिम्रो मनले झन् मुटु धड्कायो, आमा आँखा खोलिदेऊ ।

# नन्दादेवीलाई श्रद्धाञ्जली



**गोमा रेग्मी**
**सचिव, अनेसास पोर्चुगल च्याप्टर**
*पोर्चुगल, युरोप*

हुँदा तिमी सामु थियो उज्यालो
गयौ तिमी हाय! भयो अँध्यारो
छोरा र छोरी कति शोकमा छन्
श्रीमान् तिम्रा दुखमा पऱ्या छन्

छोरा दुई शान्त पुरू प्रकाश
ती कल्पना आज भइन् उदास
ती सन्ततीमा  अति कष्ट छायो
दिन्छौँ सबैले समवेदना यो

साहित्य भाषा सँगमा रमायौ
हाँस्दै अनेसाससँगै उदायौ
भेट्ने सबैलाई खुसी दिलायौ
नन्दा दिदी आज तिमी बिलायौ

भाषासँगै आत्मीय प्रीत लायौ
नन्दा खुसीले कति गीत गायौ
कोमा पुगेको जब सात वर्ष
भयो तिमी आज गयौ सहर्ष

नन्दा तिमी अन्तत शान्ति पाउनू
वैकुण्ठ गैकन बास पाउनू
तिम्रा सुशिक्षा शिरमाथि राख्दछौँ
श्रद्धाञ्जली अर्पण आज गर्दछौँ ।



# हार्दिक श्रद्धाञ्जली

पुण्यात्मा जननी समस्त जनमा माया खन्याई दिने
प्यारा सन्ततिको निमित्त बलियो किल्ला गढी बन्दिने
गर्नै पर्छ तिमी सुकर्म अहिले साना भए तापनि
हौस्याईकन जो दियौ दिनदिनै पीयूष शिक्षा पनि

आफ्ना ती दुखकष्टका जलनका किस्सा तिमी भन्दथ्यौं
खम्ना हात छुँदै बसी बगलमा हामी सबै सुन्दथ्यौं
आँधी भै कहिले यता अनि उता पारी बढारीकन
फाट्दो मेघसरी दिशा प्रतिदिशा फाँड्यो सबै नन्दन

भन्छन् धेर अमेरिका त सपना संसार जस्तै छ रे
लक्ष्मी प्राप्त भएर पुग्छ घरमा सस्तै र मस्तै गरे
पुग्दै त्यो सपना यथार्थ विपना हामी थियौं हर्षित
वैरी रोग उठ्यो भयो तन सबै त्यो हाय ! सङ्घर्षित

छोड्यौ आखिर यो सबै झिलिमिली बाटो ततायो जहाँ
बस्नु हे जननी गई पवन झैं वैकुण्ठबासीकहाँ
अस्थायी सब छन् तथापि सबमा दुख्दो छ आत्मा जली
आमा ! शान्ति मिलोस् सअश्रु बहँदै यो शब्दश्रद्धाञ्जली !!


**रामप्रसाद सुवेदी**
*अर्थुङ्गे, म्याग्दी*

# उज्यालो दिएर जानेप्रति

बिहान सखारै घाम लिएर आउनेहरू
बेलुका फर्किंदा
त्यही घामको न्यानो छोडेर जाँदारहेछन्
सकल दिन उज्यालो पारेर
रातमा जून छर्दा रहेछन्
अरूलाई दिनको घमाइलो छोडेर
आफू रातको शीत सहन राजी हुनेहरू नै त
आकाशमा चम्किने तारा हुँदारहेछन् ।

आउनु, जानु
भेटिनु, छुटिनु
मिलन, बिछोड
संयोग, वियोग
जन्म, मृत्यु
जगतका अकाट्य रीतहरू
स्रष्टाको असंशोधित संविधान
चुपचाप मान्ने त तिनीहरू नै रहेछन्
जसले पहिल्यै जानेको थियो
एकदिन जानै पर्छ
र जानुभन्दा अगाडि
आफ्नो र अरूको लागि
जीवन बाटो खन्नुपर्छ



**गणेश खड्का**
**अध्यक्ष, अनेसास अफ्रिका च्याप्टर**
*अफ्रिका*

अकिञ्चन बस्तीहरूमा
चेतनाको दियो बाल्नुपर्छ
त्यही जीवन ज्योति जगाउने
त्यही कर्मको दीप जलाउने
सिर्जनाको त्यही गोरेटो देखाउने
सायद तिनैलाई भनिन्छ
समाजका अगुवा

एउटा असल माली
जसले रोप्यो उन्नत फूलको बिरुवा
र गऱ्यो भर जनम गोडमेल
र बनायो बगैँचा हराभरा
लानु त के छ र छोडेर जानुबाहेक
एक ब्रह्माण्ड सुवास छोडेर
आफू अनन्तमा लिन हुने
निस्वार्थ, मनकारी मनप्रति
सततः नमन!

'गुरु' शब्दमा
साउँ अक्षर
आमा जोडेर
सबैकी साझा
गुरुआमा बनेकी
र जाँदाजाँदै
कहिल्यै नचिसिने
प्रेरणाको न्यानो पछ्यौरी
सबैको गलामा छोडी जाने
तिनै ममताकी खानीप्रति
कोटिकोटि प्रणाम!

ए, समाजलाई उज्यालो दिएर जाने
समाज माता,
स्वर्ग सहज नभए यतै आउनू
तिम्रा सन्तानले
एक-एक ग्रन्थ लेखिराख्ने छन्
र तिम्रै सर्वकालिक संरक्षकत्वमा
तिमीलाई नै चढाउन
अनेसासका
हरएक आसन्न अधिवेशनहरूमा
तिमी हस्ताक्षरित घोषणापत्र
सर्वसम्मतिले पारित हुनेछन् ।



**गणेश जिसी**
**पूर्व सदस्य**
**नेपाल ललितकला प्रतिष्ठान**
*काठमाडौं*

# जुनी-जुनीलाई

माफ गर प्रिय बूढा !
तिम्रा आँखाका गहिरा तलाउमा
मडारिइरहने त्यो आँधी
चुपचाप चुपचाप पढ्दै आज म गएँ ।

जसरी पुलाचौरबाट ताकममा बसाइ सरेकी थिएँ
जसरी ताकमबाट काठमाडौंमा बसाइ सरेकी थिएँ
जसरी काठमाडौंबाट वुडब्रिजमा बसाइ सरेकी थिएँ
सम्झनू,
उसै गरी बसाइ सरेकी छु अहिले
बुढोघरबाट नयाँ घरमा
वुडब्रिजबाट नयाँ प्रहरमा ।

उसरी नै लिपपोत गरेर सजाएकी हुनेछु नयाँ घर
उसरी नै गोडमेल गरेर फुलाएकी हुनेछु बारी-बगैँचा
प्रिय बूढा !
झ्यालबाट हेरिरहनेछु तिमीलाई सदा सदा ।
तिमीलाई जस्तै हेरिरहने छु
हाम्रो समर्पण र पसिनाका फूलहरूलाई
र, ती फूलका प्यारा कोपिलाहरूलाई ।

मेरो यादमा नरुनू बूढा !
म त सदा हाँसिरहनेछु

मेरै नौरङ्गी कोपिलाहरूका मायावी मुस्कानहरूमा
म त सदा बाँचिरहनेछु
तिम्रै पसिनाका सङ्ला नदीहरूले सिँचेका
हरिया खेत-खलियानहरूमा
म त सदा नाचिरहनेछु,
असङ्ख्य आफन्तीका यादका अभिलेखहरूमा ।

बूढा !
पहिले पहिले तिमी जहाँ जहाँ गयौ
म त्यहीं त्यहीं गएँ ।
माफ गर प्रिय बूढा !
यसपालि म मनमुखी भएँ
चुपचाप चुपचाप गएँ ।



# नन्दा आमा

**शशी सत्याल**
*साउथराइडिङ, भर्जिनिया*

लक्ष्मी, सरस्वती, भगवती जे जे भने पनि
सुहाउँछ नाम तिमीलाई हे हाम्री प्रिय जननी ।
तिम्रो भौतिक उपस्थिति यहाँ नभए पनि
ताजा रहिरहन्छ तिम्रो कर्म हामी बीच अजर बनी ।
ज्ञान, बुद्धि र विवेककी तिमी थियौ खानी
लाग्थ्यो मलाई कदा कदा तिमी ब्रह्मज्ञानी ।
तिम्रा ती चर्को स्वर अनि सुरिलो भाका
सम्झँदा भक्कानिन्छ छाती अनि रसाउँछन् आँखा ।
चाहन्थ्यौ भलो सबको कुनै छलकपट बिना
सादा जीवन उच्च विचारकी हाम्री नन्दा आमा ।
समान दृष्टि थियो तिम्रो हर व्यक्तिप्रति
आफ्ना पराइ एकै ठानी दिइरह्यौ अर्ती ।
व्यवहारमै देखाइदियौ मनुष्यको अर्थ
सबै तिम्रा कार्य कर्म भइरहे निःस्वार्थ ।
आमा थियौ सबका आमानै रहिरहने छौँ
अजम्बरी कर्म तिम्रा सम्झिनै रहने छौँ ।
कामना छ आत्मा तिम्रो मिलोस् परमात्मा
विश्वास लाग्छ तिमी पुग्यौ परमेश्वरको हातमा ।
के नै गर्न सक्छौँ हामी बाहेक तिलाञ्जली
तिम्रो आत्मा शान्त रहोस्, हार्दिक श्रद्धाञ्जली ।
नन्दा आमा हार्दिक श्रद्धाञ्जली !!

# ममतामयी माताश्री




**मन्जु निरौला**
**संस्थापक सदस्य**
**अनेसास, डिसी मेट्रो च्याप्टर**
*मेरिल्याण्ड*


अनेसासको कण-कणमा
त्याग तपस्याको बिजारोपण गरी
बुँद बुँद शीतको थोपामा
सदैव ममत्व छरि नै रह्यौ ।

वाद-विवादका उल्झनमा अल्झिनौ
सीता बनी रामको छहारी बनिरह्यौ
अहिल्या झैँ शिला बनि नै रह्यौ
देह-  त्यागी गयौ, महिमा छरेर गयौ ।

तिम्रो छहारीको शीतलता बोध हुनेछ
कल्पवृक्ष झैँ साहस गाथा गाइनेछ
पवित्र आत्माले वैकुण्ठबास पाओस्
अपरम्पार तिम्रो आत्मा अमर रहोस् ।



# शब्द श्रद्धाञ्जली !

आमाजस्तै मन र ममता भित्र राखी दिलैमा
माया गर्थ्यौ सकल जनमा स्नेह पोखी सबैमा
तिम्रा सेवा युगयुग यहाँका सम्झिने छन् विचित्र
भाउज्यू जो मनबिच तिमी बस्तछ्यौ भै सचित्र ।

तिम्रा लोग्ने असल पति जो प्यार पायौ अगाध
सानैदेखी उनसँग बिते याद ताजै छ आज
तिम्रो सेवा निरत मिलिगो पूर्ण भो त्यो गृहस्थ
भन्छन् तिम्रा परिजन सबै बस्तछिन् आत्मभित्र ।

हिंड्दाबस्ता सँगसँग सदा जुट्दथे साथसाथ
दोटा देही तर सहृदयी एक हुन् होमनाथ
सेवा गर्थ्यौ खुब जतनले स्नेह पोख्थ्यौ दिलैले
सम्झी बस्छन् पति मनमनै प्यार तिम्रो नि ऐले !

तिम्रा लोग्ने हरसमयमा ख्याल राख्थे मजाले
आफै भन्थे अतिखुश म छु साथ तिम्रो हुनाले
ऐल्हे छाडीकन किन गयौ स्तब्ध छन् आज दाइ
पीडा खप्ने मुटु पनि कतै फुट्न सक्नेछ हाइ !

लामो रोगी तनअविचला पक्षघाती शरीर
तिम्रो प्यारो पति सुजनले दीर्घसेवा गरेर
त्यागी मान्छे पति भइदिँदा साथ बाँच्यौ नि धन्न
यस्तो लोग्ने विरह दहमा छाड्दियौ क्यान नन्दा !

**लकाश पौडेल**
**संस्थापक अध्यक्ष**
**अनेसास, चितवन**
*भरतपुर चितवन*

तिम्रा धेरै सुयश पनि छन् त्याग सेवा अनन्य
त्योभन्दा क्यै अभ्र बढी गरे दाइले कार्य अन्य !
आयुर्दानै सकिन गइगो के गरौं यत्तिभन्दा
शब्द श्रद्धाञ्जलि सुमन यो अर्पियौँ भाव नन्दा !

प्यारी भाभी ! सकलजनकी प्रेरणाकी मुहान
तिम्रो यात्रा अपरिहर हो आखिरी अन्त्य जान
तस्मात् मैले सपरिजनमा सान्त्वना शब्द दिन्छु
तिम्रो आत्मा परमगतिमा प्राप्त होस् यत्ति भन्छु ।



# काललाई याचना

**नवीन पौडेल**
*रक्भिल, मेरिल्यान्ड*

शाश्वत सत्य हो
तै पनि मन किन यस्तो सारो?
एक दिन त जाने नै हो,
तैपनि बिदाइ किन यस्तो गाह्रो?
तँ कति निठुर छस् ए?
व्रम्हलीन पछि पनि यस्तै होलास् ?
सबै निमिट्यान्न पारेपछि अरू के खोज्लास् ?

ए काल !
अलिकति दया छ भने तँमा
नौलो ठाउँ मा अलमलिनु भो भने बाटो देखाइदिएस्
सक्छस् भने फूल ओछ्याइदिएस् बाटोमा !!

मेरी फुपूको एक जीवन पैँचो स्वरूप,
हाम्रो न्यास्रो लागेर वरिपरि खोज्नु होला,
नजिकै छैनौं भन्ने थाहा पाएर
हामीलाई माथिबाट हेर्न खोज्दा,
इशारा ले भएपनि हामीलाई देखाइदिएस् !!

ए काल !
हामी सबैको आँसु को पैँचो स्वरूप,
हाम्री कुलकी जेठी सेती दिदीलाई,

केही कष्ट पर्दा
एक थोपो आँसु झर्न नदिएस् ‼

अजम्बरी को नै छ र?
तँलाई जित्ने को नै पो छ र?
तैपनि ए काल,

महाप्रस्थान गरेकी
हामी सबैकी नन्दा आमालाई
फुपूले गरेको तपसको पैँचो, वैतरणी पार गराइदिएस् ।
आमाले गरेको त्यागको पैँचो, वैकुन्ठैवास गराइदिएस्
नन्दाले गरेको कष्टको पैँचो, चिर शान्ति दिलाइदिएस् ।
दिदीले गरेको मायाको पैँचो, चिर शान्ति दिलाइदिएस् ।

मुक्तक

# श्रद्धाञ्जली



अनेसासलाई हुर्कायौ तिमीले सधै अङ्गाली !
सम्झने छ अनेसासले तिमीलाई सधैँ झलझली !
परिवारमा समवेदना व्यक्त गर्दछौँ हामी !
नन्दा आमालाई अर्पण गर्दछौँ हार्दिक श्रद्धाञ्जली !!

**प्रेमप्रसाद भट्टराई**
*पूर्व अध्यक्ष*
*अनेसास कतार च्याप्टर*

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजकी आमा नन्दा सुवेदीको निधनको खबरले मर्माहत बनाएको छ। यो शोकको घडीमा आनेसासका पिता संस्थापक अध्यक्ष होमनाथ सुवेदी उहाँका छोरा अनेसासका पूर्व अध्यक्ष पुरु सुवेदी लगायत सम्पूर्ण परिवारजनमा गहिरो समवेदना साथै नन्दा आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दैछौं।



**अरूण रूपाखेती**
*पूर्व अध्यक्ष*
*अनेसास डी.सी मेट्रो च्याप्टर*
*अध्यक्ष*
*बिओटी, नेपाली अमेरिकन*
*सामुदायिक केन्द्र*

# आमा

आमा तिमीले छोडी गयौ
हामी सबलाई टुहुरो बनाई
हामीलाई मात्र पनि होइन
समाज धर्ती कँपाई कँपाई ।

कलियुगकी नन्दा तिमी
सत्य युगकी छायाँ
कहिले पनि नरित्तियोस्
सबलाई गर्थ्यौ माया ।

अर्ती बुद्धि सब मागे त
सधैँ सबलाई दिन्थ्यौ
आइपर्ने आपत्ति र
दुःख सबका लिन्थ्यौ ।

शत्रु थिएन तिम्रा कोही
सबका तिमी नन्दा थियौ
साहित्यमा लट्ठी दिँदै
नसकिने माया दियौ ।

किन तिमी निष्ठुरी भै
सबलाई चट्ट छोडी गयौ
साहित्यमा अझै गर्ने
तिमीले गरेका बाचा भुल्यौ ।

भाव तिम्रा कस्ता थिए
शृङ्गार र सरमा
सबका सधैँ हृदयमा
आशीर्वाद नै साथमा ।

अझै कति इच्छा थिए
तिम्रो साथमै गर्नुपर्ने
अब हामी छुट्टिएर
तिमीलाई सम्झी रुनुपर्ने ।

तिमीले दिएको गुणको भारी
तिर्ने हाम्रो इच्छा थियो
मौकै दिएनन् भगवान्‌ले
जीवन सबका ऋणी भै गो ।

माग्छौं सधैं शिर झुकाई
आशीर्वाद र माया
तिमी भयौ कलियुगमा
सत्य युगको छायाँ ।

सृष्टि सारा यति नै रैछ
नसोधेरै जानु पर्ने
होमनाथको विश्वासमा
पुरु, प्रकाश कल्पनालाई
झुटो भनी छोड्नु पर्ने ।

वैकुण्ठमै गएकी थ्यौ
राम्रै सम्मान दिए होलान्
छाती चिर्दै तिम्रा कर्म
लेखा जोखा दिए होलान् ।

सबलाई उल्कै माया गर्थ्यौ
भगवान्‌सँग उतै भइदेऊ
फेरि अर्को जुनी भए
साहित्यकै आमा बन्देऊ ।



# दिदी

**सहदेव कोइराला**
**महासचिव**
**अनेसास मेरिल्यान्ड च्याप्टर**

कहाँबाट सुरु गरूँ
कहाँ पुर्याएर अन्त्य गरूँ
अन्योल मै छु अझै
कसरी म अर्पण गरूँ
श्रद्धाञ्जलीका दुई शब्द
भावविव्हल भएको छु
के भनुँ कसो गरूँ
अकमक नै परेको छु।

नन्दादेवी सुवेदी
अनेसासकी संस्थापक सदस्य आमा
तर मैले आमा भनिनँ
मेरा अनन्य मित्रकी साख्खै दिदी
मेरी पनि आदरणीय दिदी
दिदी भनेरै सम्बोधन गर्छु
त्यसमै आफूलाई गौरवान्वित ठान्छु।

दिदी
हजुरका बारेमा धेरै कुरा थाहा पाएर पनि
केही थाहा नपाएको जस्तै भएको छु आज
कुनै दिन मौका परे
हजुरले नेपाली साहित्य आकाशमा
बादल बनेर मडारिँदै ज्ञान र चेतनाको
वर्षा वर्साएको

बिजुली चम्किएझैँ चम्किएको
हजुरको जीवन साथीसँगसँगै काँधमा काँध लगाएर
अगाडि लम्किएको गम्किएको
अन्धकार छिचोल्दै चम्किएको कुरा गरौँला

तर
दिदी
धर्तीमा हजुरको अनुपस्थितिले
आज परिस्थिति बेग्लै बनाएको छ
आफन्त र साहित्यक अनुरागीहरूलाई
शोकमा चुर्लुम्म डुबाएको छ।
यहाँ अरू व्याख्या र बिस्तार होइन
मुटु गाँठो पारेर
ओठ सुकाउँदै परेली भिजाउँदै
सुक्क सुक्क गर्दै
हजुरप्रति हार्दिक श्रद्धाञ्जली भन्नु परेको छ।

तर पनि
दिदी
मसँग हजुरलाई अर्पण गर्ने केही छैन
पूर्व वक्ताहरूकै केही शब्द र भाव पैँचो लिएर
यही जमातको बीचमा उभिएर
नमन गर्दै भन्छु
हजुरको आत्माले चिरशान्ति पाओस्
हजुरको सदा सर्वदा स्वर्गमा बास होस्।



**शकुन्तला अधिकारी**
*सचिव, अनेसास डीसी मेट्रो च्याप्टर*

# आमा

आमाको कोखमा दश महिना बसी,
जन्म दियौ मलाई यो धर्ती देखाई ।

च्यापेर आफ्नो काखमा मलाई,
बिर्सेर आफ्नो व्यथा सबैलाई ।

राखेर आफ्नो तनको कुनामा,
पालेर आफ्नो मनको मुनाझैँ ।

त्यो तिम्रो कोमल मनले मलाई,
स्पर्श दिँदै हुर्कायौ सानालाई ।

हुर्कायौ मलाई मुस्कान छर्दै,
राखेर छातीमा ममता थुपार्दै ।

आमा तिमीले कति कष्ट भोग्यौ,
मठमन्दिर सबै दर्शन ढोग गर्‍यौ ।

मेरा लागि तिमीले आफ्नो मन दियौ,
स्याहार सम्भार गरी ठूलो मान्छे बनायौ ।

आशा र इच्छा कति थिए मनमा,
मेरा लागि खुसी अर्पियौ सब जन्म ।

लाला बाला सबलाई खाना खुवाई दियौ,
तोते बोली बोल्न तिमीले सिकायौ ।

कोखाई कोखाई भनी गीत गुन्गुनायौ,
दशधारा दूध तिमीले खुवायौ ।

कति रात नसुती तिमी जागा भयौ,
मेरा लागि तिमीले आफ्नो ख्याल गरिनौ ।

बिर्सौं कसरी तिम्रो सब प्यार,
तिर्ने कसरी सब दूध भारा ।

आफ्ना सबै चाहना भावनामा बगायौ,
आमा तिमीले मलाई मनुष्य बनायौ ।

पढी लेखी गुनी भएँ म अहिले,
ज्ञानी विद्वान् बन्न सिकायौ तिमीले ।



# एक ऊर्जा : नन्दा सुवेदी

**राम अधिकारी**
**पूर्व महासचिव**
**अनेसास, डिसी मेट्रो च्याप्टर**
*भर्जिनिया*

उत्तरी गोलार्धमा
जब हिउँको ठिहीमा हिउँ पर्छ र जम्छ
मलाई सुदुर पारी नेपालमा
सुसेधन्दा गरिरहेकी आमाको याद आउँछ
तर त्यो प्यास मेटाउन परदेशमा
कोही त थियो मुसुक्क मुस्कुराउँदै
पटक-पटक पारिवारिक जीवनका पोका खोल्ने
आमाले जस्तै मर्जीले माया गर्ने
नन्दा सुवेदी

अर्काको माटोमा जब पदचापहरू
धेरै सुनसान बज्दछन् र
अनुहार निन्याउरो हुन्छ
त्यो बेला चिमोटेर, घोचेर र
छातका मायालु स्पर्शहरू दिएर
डायोस्पोराका निन्याउरा दिनहरूलाई
सकी न सकी लेखनाथ, देवकोटाका र
र आफ्नै श्रीमान्‌का फुर्ती
यो परदेशमा कोही फरफराउने थियो
नन्दा सुवेदी

कलम नचलेको होला
तर भावनाको त्यो वेग ज्यादै उग्र हुन्थ्यो

किनकि बुद्धलाई जस्तै थाहा थियो
भोकोपेटले आफ्ना गामबेँसीका भन्डा कति बोक्ला
कपुरी क र खरायो ख यो जर्जर भूमिमा
कुन आत्मीयतामा सप्रिएला
त्यो एउटा हुटहुटी थियो
निःश्वार्थको
निःशब्दताको
निसङ्कोचको
माझ एउटा सकारात्मक आवेगको पान
नन्दा सुवेदी

यात्रीहरू कति आए, कति गए
कति उग्र आए कति सुस्त आए
कतै छिमछिमे स्वार्थ थियो होला
के थाहा अहम्का चलमलाहट थियो होला ।
तर एउटा पात्र थियो
सतिसाल जस्तै वर्षौंवर्ष उडिइरहेको
घामको तातो अवश्य थियो तर प्रवाह थिएन
चिसोको ठिही अवश्य थियो, तर असाध्य थिएन
धेरै सूर्य उदाए धेरै चन्द्रमाहरू लोलाए
त्यो सतिसाल लोलाएन
त्यो सतिसाल कतै टोलाएन
किनकि
दृढइच्छाले उभिएको सतिसाल
के साना भावनामा बहकिन्थ्यो
के खाना आवेगमा, तिलस्मी लाउँथ्यो
एक सजक पाजजस्तै ख्याल गर्ने
कतै मेरै बाटोहरू मस्किएका त छैनन्
जे भए पनि उनीहरूलाई
उनीहरूलाई झकझकाउनु थियो

उनीहरूलाई शीतलता प्रदान गर्नु थियो
ताकमका झरनाहरूबाट
बगिरहेको अमृतजस्तै
पानीले सबको मन सिँचिनु थियो ।
हेर्दाहेर्दा त्यो रुख ढल्यो
त्यसमा गुण बनाउने
चरी चिरबिलाएर, बचेराले आधार गुमाए
एकाएक सन्नाटा छायो र
त्यो आवाज एकाएक गयो र मधुर स्वर गायब भयो ।
हावाहरू रोकिएनन् कतै किनकि
सम्हालेर राख्ने थियो भेट्नै सकेनन्
त्यो थियो
नन्दा सुवेदी

एकदिन सुनसान खोला गडगडाइरहेको थियो ।
पोटोम्याकले आफ्नै गति लिइरहेको थियो
यात्रीहरू टोलाइरहेका थियौँ
गन्तव्य भुलेको हात्ती भएका थियौँ
अर्थात् हामी कोही हुँ भन्ने पनि निरीह थियौँ ।
त्यो बीच एउटा आभा आयो
एउटा बाचा आयो
एउटा यात्राको पदचाप आयो
र एउटा कृति आयो र अझै बाटो देखाइरह्यो
त्यो थियो
नन्दा सुवेदी

नन्दा सुवेदी सङ्गालिएको आँधी थियो
सुसेधन्दाका दिवार नचिरिएकाहरूका लागि
नन्दा सुवेदी अवश्य एउटा ज्वाला हो ।
जो आफूले छाडेर गए पनि
डायस्पोरामा जाज्वल्यमान बलिरहेछ । ❁❁



# आमा तिम्रो मृत्यु

**डा. कविता घिमिरे**
*वुडब्रिज, भर्जिनिया*

देख्नेहरू भन्छन्,
आमा, तिम्रो मृत्युले,
मलाई  छोएको छैन,
किनकि,
उनले देख्ने गरेर, म रोएको छैन ।

भन्नेहरू भन्छन्,
आमा,  तिम्रो मृत्युले,
म भित्र कुनै समवेदना पलाएको छैन,
किनकि,
म टुहुरो हुनुको अनुभव र अनुभूति,
उनले सुन्ने गरेर मैले बताएको छैन ।

सुन्नेहरू भन्छन्,
आमा तिम्रो मृत्युले,
मलाई विचलित बनाएको छैन,
विखण्डित बनाएको छैन,
किनकि उनीहरूले सुन्ने गरेर म चिच्याएको छैन ।

देखिएका भन्दा नदेखिएका,
भनिएका भन्दा नभनिएका,
सुनिएका भन्दा नसुनिएका

धेरैधेरै यस्ता पलहरू छन्,
जहाँ म हाँस्दा हाँस्दै,
आमा  तिमीलाई सम्झेर,
धेरैधेरै रोएको छु।

म नाँच्दानाच्दैँ,
आमा  तिमीलाई सम्झेर,
धेरै पटक टक्क अडिएर,
शून्यतामा टोलाएको छु,
जहाँ तिम्रो शोकमा म,
तिम्रो अभावमा म,
भावशून्य भएको छु।


तिमी नहुनुको अभाव त,
मेरो मुटुभित्रको त्यो शून्य भाव त,
मैले लाएको रङ्गीबिरङ्गी कपासमा,
मैले खाएको गाँसमा गाँसिएको रहेछ,
त्यसैले त्यतै खोजीँदो रहेछ,
जोखीँदो रहेछ ।

आमा, तिम्रो मृत्युले मलाई पारेको प्रभाव,
म टुहुरो बन्दाको विलाप त,
परम्परा(प्रचलन, परिवर्तन  र परिमार्जन  बीचको
खिचातानीमा,
पत्तै नपाउने गरी
हराउँदो रहेछ।

त्यसैले,
सुन्नेहरू भन्छन्,
देख्नेहरू भन्छन,

भन्नेहरू भन्छन्,
आमा, तिम्रो मृत्युले,
मलाई  छोएको छैन,
मभित्र कुनै समवेदना पलाएको छैन,
मलाई विचलित बनाएको छैन,
विखण्डित बनाएको छैन ।

किनकि,
तिमी गए पनि आमा,
मैले हाँस्न छोडेको छैन,
मैले नाच्न छोडेको छैन,
मैले खुशी भएर बाँच्न छोडेको छैन,
किनकि आमा,
म गए पनि तँ खुशी भएर बाँचे है भन्ने तिम्रो अन्तिम आशीर्वचन,
मन मस्तिष्कबाट अझै मैले मेट्न सकेको छैन ।



# उनैको यादमा


**दण्डपाणि आचार्य**
*ताकम, म्याग्दी*


प्यारी मानिस हुन् गइन् हृदय नै सर्वस्व सारा गयो
आधा अङ्ग गयो भयो पुरुष हो राडो भएरै रह्यो ।
लानैदिन्न भनेर नै दिनदिनै जप्दा नि त्यस्तै भयो
आयो चट्ट चुड्यो लग्यो दिन पुग्यो मानेन ढिप्पी गर्‍यो ॥

वर्षा आँसु पिएर यो  कलमले के लेख्नु ऐले पर्‍यो
जोडी सुन्दर नै थियौ ढुकुरकी विच्छेद भोग्नै पर्‍यो ।
आक्रान्ता कलिकाल कालमयको कालो मनै देखियो
आयो चट्ट चुड्यो लग्यो दिन पुग्यो मानेन ढिप्पी गर्‍यो ॥

हिड्दै छ्यौ कि कतै कुनै सगरमा खाई न खाईकन
दानै धर्म र तर्पणै पनि कुनै के के गरी द्यूँ भन ।
कैल्यै सोधिनँ अन्त्य काल कुनमा धोको अडेको थियो
आयो चट्ट चुड्यो लग्यो दिन पुग्यो मानेन ढिप्पी गर्‍यो ॥

# आमा !!

आमा तिमीलाई मैले पल पलमा भेटेँ,
उराठिलो मरुभूमिमा, छायाँ बनेको देखेँ,
भीषण ज्वालाभित्र, पानी बनेको पाएँ,
ममताको दोहोरीमा, माया बनेको देखेँ,
चौतारीमा थकाई मेट्दा, निद बनेको पाएँ,
तिर्खाले व्याकुल हुँदा, दूधका धारा बनेको भेटेँ
आमा तिमीलाई फेरि पनि कण कणमा पाएँ ।



**सुनिता खत्री**
*उपाध्यक्ष,*
*अनेसास डीसी मेट्रो च्याप्टर*

# नन्दाहोम सुवेदी



**अग्नि पराजुली**
**संस्थापक अध्यक्ष**
**अनेसास न्यूहेम्पसायर**
*मानचेस्टर, न्यूहेम्पसायर*

ए साथी आउन ! स्वदेश खोज्दै, अनेसासमा
थपिदेऊ न केही इँटा, प्यारो संस्थामा ।
भाषा कला साहित्य र संस्कृति फैलाउन
हाम्रो जन जिब्रोलाई, विश्वभर पुऱ्याउन
स्वदेशको  कथा व्यथा, विदेशी माटोमा
सबै शाखा अनेसासको, छाता र बाटोमा

ए साथी आउन ! स्वदेश खोज्दै, अनेसासमा
थपिदेऊ न केही इँटा, प्यारो संस्थामा ।

गाह्रो हुन्छ परदेशमा, बिरुवा बढाउन
वसन्तमा नि समय लाग्छ, नयाँ पात पलाउन
आफ्नो बच्चा हेरी बा माँ, हाँस्छन् युगभरी
सधैं नमन सलाम उनलाई, नन्दाहोम सुवेदी

ए साथी आउन ! स्वदेश खोज्दै, अनेसासमा
थपिदेऊ न केही इँटा, प्यारो संस्थामा ।

व्यस्त शहर, हरएक प्रहर, कठिन भए पनि
लेखिरहे  कृति फुल्छन्, जे जति भए नि
सातै महादेश मोती भानु, लक्ष्मी जयन्ती
मनाउछौं विभूति हुन्, अरू छन् कैयौं ती

ए साथी आउन ! स्वदेश खोज्दै, अनेसासमा
थपिदेऊ न केही इँटा, प्यारो संस्थामा ।

ट्रस्टी, केन्द्र, शाखाहरूमा, धेरै काम गर्नुछ
बच्चालाई भाषा सिकाई, यो बिंडो सार्नुछ
जति गऱ्यो गरौ  लाग्छ, नयाँ  काम किन
आऊ सबै साहित्यमा, सकेको दान दिन

ए साथी आउन ! स्वदेश खोज्दै, अनेसासमा
थपिदेऊ न केही इँटा, प्यारो संस्थामा ।



**भगवती न्यौपाने**
*नर्थक्यारोलाइना*

# दिदी नन्दा

दिदी तिम्रो सम्झनाले दिन रात खायो
बिर्सी जान्छुभन्दा पनि तिम्रै याद आयो ।

प्रत्येक क्षण तिम्रा कुरा कानभित्र बोल्छन्
क्षणक्षणका पलहरू मनैभित्र खेल्छन् ।

कति धेरै खुशी थियौं तिम्रो साथ पाउँदा
धुरूधुरू रून्छ मन तिमीले छाडी जाँदा ।

आत्मीयता ठूलो रहेछ नाता रगत भन्दा
आफ्नाहरू भुलिदिएँ तिम्रो साथ पाउँदा ।

मीठा मीठा तिम्रा वाणी स्वच्छ मनभित्र
हरेक कुरा ताजै रहे हाम्रा छाती भित्र ।

आयो काल टिपी लग्यो नलैजान है भन्दा
रूपै राम्रो बानी राम्रो दिदी तिम्रो नन्दा ।

हुनेछैन अब भेट यो जुनीमा हेर
तिम्रासबै यादहरू राख्छु सजाएर ।

जादु जस्तै थियो दिदी तिम्रो मीठो बोली
ममताका तरङ्गहरू चुम्बक जस्तै छोडी ।

दुई हात जोडी टक्र्याउँछु श्रद्धाञ्जली तिमीलाई
आत्माशान्ति सधै मिलोस् बैकुन्ठको बास पाई ।



**अच्युत श्रेष्ठ**
**सस्थापक सदस्य, पूर्वअध्यक्ष,**
**अनेसास केन्द्र**
*न्युक्यारोल्टन, मेरिल्यान्ड*

# जय माँ जननी

जय माँ जननी
जगत जननी भवानी
सप्ततत्व निर्मात्री
सर्व जीवकी जगदम्मे मात्री
विवेक दान गर
माँ सधैँ मनमा बस ।

नरक रूपी शरीर धारण गर्छ्यौ
दयामाया गरी सन्तान स्याहार्छ्यौ ।

हरेक अवस्थामा सन्तती सन्तोष दायिनी
प्रत्येक क्षण सन्तानका ढाडस प्रदायिनी
पेट काटी मन मारी सन्तान स्याहारनी ।

प्रकृति माँकी अंशी
पत्नी भइरही जीवन साथी
माँ तिमी सचै छ्यौ माथि माथि ।

खुसीमा गीत गाई रमाउनी
व्यथामा शोक पोखनी
आमा तिम्रो रूप रङ्गीविरङ्गी,
जय गंगे नन्दादेवी !
नरनारायणकी मायादेवी !

माँ जगत मिथ्या हो ।
तिम्रो कृपा तिम्रो आशिष्
मात्र साँचो हो ।
मन बाँध्नु छ तन स्यहारनु छ ।
वेदान्त यतिकै छ ! श्रद्धासुमन सधैँ छ ।

**लोकगीत**

# हिमालबाट झरेको पानी



**नन्दादेवी सुवेदी**

**संस्थापक सदस्य अनेसास केन्द्र**

*गायिका र रचयिता*

हिमालबाट झरेको पानी
यो रमाइलो छोडेर कहाँ जानी ।
लसलस घोडीलाई तबेला
बस बस हुँदैन अबेला ।
भात मीठो बारीको लौकाले
भइयो भेट बेला र मौकाले ।
मादलु हो बजेको सुनेर
आएँ म त झ्यालढोका थुनेर ।
थालैमा अक्षता पाती
बिदाबादी भएर जाऔँ साथी ।

*यो माथिको लोकगीत त धेरै ठाउँमा नन्दाले गाइन् । यसैमा यो तलको थपेर अस्ट्रेलिया आदिमा गाउन तयार गरेको पाइन्छ तर मिति भेटिँदैन ।*

अस्ट्रेलिया आएका दाजुभाइ
नमस्कार स्वीकार आजलाई ।
अनेसास विश्वभर फैलियो
पहिलो दिन गाएको यही हो ।
बस बस उठेको बेलामा
मायाँ लानू हालेर झोलामा ।

*२०४८/१९९० को एएनएसको दशैंमा प्रस्तुत लोकगीत*

# अध्याय २ :

## अङ्ग्रेजी पद्य तथा गद्य

# विषयसूची

**अध्याय २ : अङ्ग्रेजी पद्य तथा गद्य** ६३–८८

- Jiama's Garden — ***Preeya Subedi*** ६५
- With Love — ***Kavita Subedi*** ६७
- Capture and Release — ***Sagar Subedi,*** ६८
- Jiama — ***Sapana Satyal*** ६९
- You are in my mind — ***Bikalp Satyal*** ७०
- Jiama! — ***Dr. Medha Satyal*** ७१
- The extraordinary life of Nanda Subedi — ***Pukar Subedi*** ७३
- We were safe with her — ***Aakash Subedi*** ७५
- Family Tree — ***Aalok Subedi*** ७६
- Memory of Nanda — ***Agnes Darko*** ७७
- जेठीआमा ! — ***मोहनजंग थापा*** ७८
- Nanda Devi Subedi at a glance! — ***Dr. Kalpana Satyal*** ७९
- Few Thoughts about my Mother-in law, Nanda Devi Subedi — ***Basu Satyal*** ८२
- Brief Encounters, Lasting Impressions — ***Bryan Chung*** ८५
- The Spirit of Home — ***Dipiza Subedi*** ८७



# Jiama's Garden

Jama's Garden
Preeya Subedi
all of the life you nurtured in one lifetime
In this life and in this world
From the pumpkin seeds
To the spinach leaves
That you grew and shared
Three kids
Nine grandkids
Left to grieve
We are your flowers left to blossom
I can only imagine
Youre proud of the solif youÚve left us
Youre proud of the blossoming flowers
You put your blood sweat tears and fears
Into our petals
Our petals grown from
Meals shared
How much you cared
Then the last seven years
Not lla that were fair
I watched as the gardner prepared for rest
The time for the garden to nurture the gardner
Jama,
I have never heard a voice as strong as yours
I wifll always hold onto that voice

**Preeya Subedi**
*Florida*

When I need strength to grow
I wifll remember that voice
I can only imagine
you have moved onto dancing in a bigger and better garden
Content now with the life you nurtured here in this garden



**Kavita Subedi**
*South Riding, VA*

# With Love

As a once shy, reserved child,
I was always curious about my
grandmother on many levels.

She always stuck to her own
opinions and spoke the truth,
and I thought that was quite
special.

Jiama lived with a family
focused mindset,

Doing what she could by feeding everyone, and if you didn't
eat, there would be a threat.

If she wanted to do something, she would not wait for
anything or anyone,

She would take initiative on her own and just get it done.

I watched her accomplish so many things,

And now all of those successes in her life are what our
thoughts cling to.

Hard work and determination were the pillars of her life,

Always taking care of others and being a good wife.

Jiama is a role model for me in so many ways,

As I continue to navigate the world through each and every
single day. ❋❋



**Sagar Subedi,**
*South Riding, VA*

## Capture and Release

You had
A life too large to live on only in the
memories of one
A life too large to live on only in the
memories of only a few
A life so large I see that they get lost
in the memories of you

You held the memories of me which
I have outgrown and forgotten the
ones I yearn to hear now

I've grown and my memories are fleeting all I hold now are bits
and pieces of you

Are they my own memories or was it me listening and living
through the memories of others

You left when you had to, but for me it was too soon.

To know and love someone you never truly knew is where I sit
now.

But for the love that was given, the lives you've given me, the
overlapping experiences and time we shared. Thank you

If we do meet again, I hope that we get to sit back and talk shit
I hope that you get to see the happy goofy person I have become.



**Sapana Satyal**
*Fairfax, VA*

# Jiama

Yelling as she may
It might fill you with fright
But it's probably in a happy way
And I can assure you she won't bite

When you're with her you may discover
She is quite the fun lover
One step at a time
You'll find out she's quite kind

She laughs quite a bit
But she's no misfit,
She's real funny
And my jeeba calls her honey

My grandma is the best
She definitely beats the rest!



## You are in my mind

**Bikalp Satyal**
*Fairfax, VA*

You are in my mind I always remember
You are always in my heart I do surrender
Jiama never forget I am your family member
You were very sick in the month of September
I visited repeatedly to you in November
December I could not visit more I was in high temper
In January I always visit as a defender
This is hurting me January 15 calendar
You are my lovely Jiama I always remember
You are alive in our mind be always reminder
You are in my mind I always remember



# Jiama!

**Dr. Medha Satyal**
*Washington DC, USA*

Nanda Devi Subedi was born January 24, 1947 in Pulachaur, Myagdi, Nepal and passed away January 15, 2024 in Woodbridge, VA, USA. In her 76 years, she lived a full life surrounded by family and friends. She married her husband, Homnath Subedi, in 1957 and they remained married for 66 years. Together they raised 3 children, Purushottam Subedi, Prakash Subedi, and Kalpana Satyal, and 9 grandchildren, Pukar Subedi, Sagar Subedi, Kavita Subedi, Preeya Subedi, Aakash Subedi, Aalok Subedi, Medha Satyal, Bikalp Satyal, and Sapana Satyal.

Nanda was my grandmother who we called Jiama. She cherished her family and took great pride in her role as a mother. Each of her grandchildren has great memories with her from a young age; memories of her making honey sandwiches in the kitchen, of her tending to the tomatoes while we played in the yard, and of playing *Go Fish* with her among countless others. Her love and compassion made her the heart of not only our family but of the greater community. So many people considered her a to be a second mother to them.

In facing life's challenges, Jiama was incredibly resilient. She spent 10 years as the sole caretaker of her children before

she and her children joined her husband in the United States. In 1989, she moved from Kathmandu to Woodbridge. Despite the challenges that came with moving to a country where she did not know the language or customs, she found ways to adapt and to create a close-knit community in her new home. She studied persistently to learn the English language, learn how to drive, and to obtain US citizenship.

As she learned the English language, she achieved many certificates and recognitions while completing different levels of English Language from Prince William County Public Schools Adult Education Department in Fall, 2000, Spring, 2003 and Spring 2005.

She was a founding member, and her husband was a founding president, of the International Nepali Literary Society (INLS), which is now a thriving worldwide network promoting Nepali language, literature, and culture.

Jiama had a lively spirit, which shined through especially when she was singing and dancing. She sang Nepali folk songs at every function and loved to dance. I have many memories of her dancing around the living room and singing along to her favorite songs. Even in her final years, music brought her joy.

While Jiama's physical presence in the world will be missed, we will continue to feel her spirit in our lives every day. We will remember her when we hear her favorite songs, make the recipes she has taught us, or simply spend time together as a family.



# The extraordinary life of Nanda Subedi

**Pukar Subedi**
*South Riding, VA*

Good morning everyone and thank you for coming. I would like to say a few words about my grandmother, Nanda Subedi who lived an extraordinary life. To me she is a grandmother but to others she was a mother, wife, sister, friend, sponsor, or role model, someone you could look at for inspiration or rely on when needed, someone who always made sure you were fed, someone who always put her family and friends first, someone who never stopped learning and improving even after coming to America, someone who was ambitious and proud. Someone who did so much and will always be remembered. Someone who can now rest peacefully.

I am the oldest grandson of Nanda Subedi. But before me, she had three extraordinary children. My father, Purushottam Subedi, Masters in Computer Science working as a Software Engineer for the government, with a wife and three children. My Uncle, Prakash Subedi, a guru with a Masters in Computer Science working as a Software Engineer with a wife and three children. Finally, my Phupu, Kalpana Subedi-Satyal, PhD working as a nurse with a husband and three children. All successful, all happy, all people I look up to as well and all Nanda Subedi's children.

It was not a coincidence that all three of her children were so successful in life. She set an example for everyone in the family on how hard you needed to be working. I know this because growing up I watched her set that example. After raising her own children, she helped raise us nine grandchildren and I was fortunate enough to see her do it. She would study with Medha (Kalpana Satyal's eldest daughter) every day to practice her English knowledge for her United States Citizenship test. As a child I would watch them on the dinner table and wonder why such an old person was still studying. Later, she would go on to become a United States Citizen. But that wasn't enough for her. She was an independent and strong woman. She didn't like relying on others when she was capable enough to do or learn it herself. Next, I watched her learn how to drive. After passing her driving permit test my Jeeba (Hom Nath Subedi) would help my Jiama practice driving in the school parking lot, I would be in the back seat.

As everyone grew older, I watched as we all went our own ways. The distance between us grew, we separated. What brought us together was Jeeba and Jiama. There was a house where we all grew up in, a common ground. The distance between everyone increased but we were still a family and that would never change.

My Jiama (Nanda Subedi) I know that today everyone has tears in their eyes and are sad. But I hope you are looking at us now from heaven and are happy. Happy with the impression you left on us. Happy with the amazing family you created. Happy that you have three children and nine grandchildren who love you. Happy with all the friends and connections you made. Happy with the amazing memories you left for us all. So today I too, will wipe away my tears, and be happy. Happy I got to have you as my Jiama and happy you got to live, such an extraordinary life.

With love,
Pukar Subedi
(Eldest Grandson)

# We were safe with her



I am deeply saddened by my grandmother's passing. She was strong, loving, kind, and caring, and she has provided me with many cherished memories. I only wish I had more. I fondly remember those days that my siblings and I would spend at her house. She would talk with us and feed us when we were hungry. Whether it be taking us to the park or making honey sandwiches, everything was evidence of how much she loved us. We would play in her backyard with her watching over us, assuring that we were safe and happy. Her values and legacy will live on in her children and grandchildren and I am committed to honoring her memory by living a life filled with the same love, kindness, and strength that she exemplified.

**Aakash Subedi**
*Takam, Myagdi, Nepal*
*at present: 8676 Manhan Dr,*
*Ellicott city, MD 21043*

# Family Tree



The family tree was just the tree in the backyard

Not unshakeable as we slammed into its trunk with the swingset

But it never moved, and it would never fall

The family tree was where we gathered flicking walnuts into the hole in the center of the table underneath its branches, playing in its shade, raking its leaves for us to jump in once we were done

The tree in the backyard has long since fallen

Its canopy no longer provides shelter from the harsh sun

But the family tree never moved, and it will never fall

In an empty space a tree stands extending its reach out to all those that stood by it

❈❈

**Aalok Subedi**

*Takam, Myagdi, Nepal*

*at present: 8676 Manhan Dr,*

*Ellicott city, MD 21043*



## Memory of Nanda

My name is Agnes Darko. I am a care giver of Nanda, who I called mama. I miss you. I took care of you for about three years and feel close to you. Thank you and your lovely family for accepting me in your house. Mama, I miss you too much. Me and my family back home say Rest in Peace. Mama, I remember you all the time especially when you sleep on the bed.

**Agnes Darko**
*Ghana*
*At Present :*
*Woodbridge, Verginia*

# जेठीआमा !




**मोहनजंग थापा**

**संस्थापक अध्यक्ष**

**बाना**

*धारापानी, बाल्टिमोर*


आमा ! पहिला त हजुरको स्वर्गमा बास होस् । म हजुरको प्यारो छोरा मोहन ! माफ गर्नुहोला म हजुरलाई बिदा गर्न आउन सकिनँ ! धेरै वर्षअगाडि मलाई छोराभन्दा पनि धेरै माया गरी आफ्नै हातले खाना पनि खुवाउनुहुन्थ्यो । छोराभन्दा पनि मेरो ख्याल गरी माया दिनुहुन्थ्यो ।

We have a lot of memory from the beginning, we used to play volleyball, we used to sing, we used to dance. She used to dance along with us. She used to prepare the food for us. Did everything to get us as a family together from all the way in Maryland to Virginia, I used to bring lots of friends and family from other cities. She never refused to prepare the food. She always willing to dance, willing to entertain. She was a lovely entertainer. She was a lovely mom. She was a lovely wife to her husband. There is a lot of words which I cannot describe on this page because it's going to go on the long article that I can say is a lot, so I'm just going to make short and quick. Again, I'm sorry I was not able to say goodbye to you, but I'm sure you are very happy looking down to us and I will always need your blessing forever. Love you Jethi ama !

## Nanda Devi Subedi at a glance!



**Dr. Kalpana Satyal**
*Fairfax, VA*

Nanda Devi Subedi was born on 1/24/1947, Magha 4, 2003 BS in Rakse, Myagdi, Nepal. She passed away Jan 15, 2024 at Sentara Hospital, Woodbridge, VA, USA. She got married with Hom Nath Subedi at the age of 10 and she stayed at home in Takam in joint family until she was 25 years old. She had her first son, Purushottam Subedi, when she was 23 in Takam, Myagdi. At that time, she was a part of an extended family. She separated from the joint family and started living in the new home. Prakash Subedi was born in that house when she was 25 years old. When her husband completed Masters Degree and started working in Nepal Academy, he brought two kids and Nanda to Kathmandu in 2030 BS. Kalpana Subedi Satyal was born in 2032 BS and Dipak Subedi was born in 2034 BS. Dipak passed away in 2036 when living in Jhwabal, center of Kathmandu city. At that time, Nanda was 33 years old. Her husband moved to U.S. and decided to stay in the U.S. when Nanda was 35 years old. She needed to go back to her house in Takam with three kids, Purushottam, Prakash and Kalpana. She stayed there in Takam house for 5 years. A house was built in Kathmandu in 1987. She had admitted Prakash and Kalpana at Siddhartha Vanasthali for education in that time frame. She sent Purushottam to U.S. in 1987 to meet his father and study Computer Science. In 1989, she came to America with her daughter, mother in law and father in law.

## Nanda's Chronology of Events:

| Time frame | Activities |
|---|---|
| 1981 | Returned to Takam |
| 1986 | Returned to Kathmandu |
| 1987 | Sent Puru to USA |
| 1989 | Came to USA |
| 1991 | Foundation of INLS |
| 1991-1996 | Travel USA |
| 1996, July 14 | Decorated by INLS HQ- Bhanu Jayanti |
| 1997 | Went to Nepal and Char Dham yatra |
| 1999-2009 | Primarily in USA<br>Education<br>Achievements (attached)<br>Driving License<br>US Citizenship<br>Social Services for literature<br>Travel to different parts of US |
| 2009 | Honored by INLS HQ |
| 2009 | Travel to London, UK |
| 2014 | Honored in NY on International Women's Day for her contribution to INLS |
| 2015 | Europe tour (Belgium, Netherlands, Luxembourg, Germany and France) |
| 2015 | Tokyo, Nagoya, Japan |
| 2016 | Sydney, Canberra, Australia |
| 2016 | Bahamas, Central America |
| 2016 | Key West, Florida |
| 2016, May 8 | Stroke at 70 years |
| 2016 | Honored as "Mother of INLS" by INLS DC Metro |
| 2018 | Honored by INLS DC Metro Women's Department on International Women's Day |
| 2021, May 8 | 75 years Golden Jubilee |
| 2024, Jan 12 | Honored as founding member of INLS HQ |
| 2024, Jan 15 | Passed away at 76 years, 11months, 27 days |

# Family Tree of Nanda:

Balibhadra

Prajapati

Kulapati

Kalu

Deupati

Rudrapati

Shrikrishna

Pashupati

Agnidhar

Gaurishwar

Kaladhar

Jivanath / Amrita

Nanda Devi Subedi / Hom Nath Subedi

- Purushottam Subedi / Kalpana Satyal (Subedi)
  - Pukar Subedi / Dipiza Oli (Subedi)
  - Sagar Subedi
  - Kavita Subedi
- Prakash Subedi / Daya Acharya (Subedi)
  - Preeya Subedi
  - Aakash Subedi
  - Aalok Subedi
- Kalpana Subedi (Satyal) / Basu Satyal
  - Medha Satyal
  - Bikalpa Satyal
  - Sapana Satyal

Details of the chronological events of Nanda Devi Subedi and her family tree are in the Nepali Introduction section as well.

# Few Thoughts about my Mother-in law, Nanda Devi Subedi



**Basu Satyal**
**Former Treasurers**
**INLS BoT**
*Fairfax, VA*

She was a believer of karma and that we get rewarded if we focus and enjoy the karma. What goes around comes around was another belief that she lived. As a son in law, I felt and witnessed that she spoke were indicative of authentic and practical living, helpful for many.

An example of her karma was her vegetable garden. Every year she planted vegetables in her big garden in the back yard. She worked very hard digging, putting and mixing soil, taking out the weeds, watering them regularly and giving special care and love. She really enjoyed doing this. When time came, she had plenty of all of the vegetables one could imagine. Her work (karma) with planting and raising them gave her plenty of results, enough to eat/enjoy and share with many others. In addition to the delicious vegetables, it showed that she shared her love and others remembered her for her giving, as it was evident by overwhelming turnout during her 13th day program by INLS and the poems that were read by many family, friends, poets and other community members.

What goes around comes around is a clear saying that would fit her way of living, Her way of hosting the guests and sharing her fruits and vegetables was clearly helpful when she


travelled to other parts of the USA, and throughout the world including Europe and Asia. She used to share that they did not have to think about food or roof, in addition they were also welcomed/respected in many programs and were taken for guided tour and point of interest in the areas they travelled. While at home and not travelling, others used to bring their own vegetables from their garden and unique seeds to share with her.

She is remembered by everyone for the way she spoke the truth freely and openly. She is remembered as like an open book with no "paap" inside, everything transparent in her words. Her direct feedback was particularly liked and had benefits for especially the newly arrived Nepali family and friends. She hosted many many people from Nepal and many specifically from her district and village. She gave selfless care and hosted them, and commanded us (son in law, sons, daughter) to help them to get important items such as learner's permit and social security. She treated them as own family, and number of people that came to pay their tribute by coming to the viewing and 13th day INLS program and response to the social media is evident of her caring and sharing.

She was married at the age of 10 and began her life with her husband's extended family. She faced many challenges, and hardship every day even though she was still a child. She kept courage and faith throughout her life, even though my father in law had to be in and out of the village, country on and off. The longest duration was from 1981 to 1989, when she did not live with extended family but raised her children like a single mother without true support, becoming a victim of the society's treatment for someone without husband as he was not present there. Perhaps it is her hardship that courage and making it through taking care of the family, she was very special to my father in law. Again her hardships paid off even after having stroke.

She was indeed a special soul to all, especially to her family (us), and more specifically her husband, my Father in law. Ever since the stroke episode, she received the type of

care and nurture beyond what one can imagine by her husband. He gave her unconditional love as a mother would give to her baby. Every step that she passed, for example another year, another month, another day was a cause of celebration.




An example of a special celebration that I can share is about her Golden Jubilee, her $75^{th}$ birth year. Her biggest celebration that year was on May 8, 2021 (the anniversary date of when she had the stroke, her reincarnation day). She was born on 1/24/1947 in Pulachaur, Myagdi and was married at the age of 10 to my Father in law in Takam, Myagdi on 11/15/1957. Golden Jubilee or Hirak Mahotsav is celebrated once a person hits the $75^{th}$ years till around the whole year in different ways. For my Mother in law, Hirak Jayanti (Golden Jubilee) was celebrated at Occoquan Regional park, where my father in law took her almost every day for outing, walking/wheeling, eating, pictures and enjoying the fresh air. Throughout that year, every celebration was made special, such as birthday, Dashain, Tihar, marriage anniversary, anniversary of her stroke, which my father calls the day of her reincarnation, a day when she let go of her old life and began a brand new life.

Though she has left us, her giving, caring and sharing will always keep her with us. May her soul rest in peace and may she live in our memories.



## Brief Encounters, Lasting Impressions

**Bryan Chung**
*Silver Spring, MD*

I only had the chance to meet you a few times. Once at Thanksgiving and another in the hospital, but both times you were always surrounded by loved ones.

Loving grandma, nurturing mother, and devoted wife; all roles you played for those you loved. In the brief encounters we had I could see how you graced each persons life.

A circle of people filled your living room on Thanksgiving, each one with smiles and full stomachs. Grandchildren filled the room, nine in total. Laughter filled the air as warm stories of their childhood centered around you, their grandma. Stories that echoed my childhood and my grandma. The house was brimming with love and I was lucky enough to be added to this loving family that you built.

The same family packed the hospital room that you had layed in. Your sons and daughter right by your side, ready to support you at a moments notice. The love that you had once poured into your children was now being poured back to you.

People from every part of the world were at your funeral service and I could see that your impact was far reaching.

Hundreds had gathered to mourn your loss, but no one more than Jiba. He had made certain that everyone had a chance to share beautiful memories of you. Only such a devoted wife and life parter could have such an impact on anyone like that.

Our time together was much too short, but you left a lasting impression on my life as well.

❉❉

# The Spirit of Home



**Dipiza Subedi**

*Masters in Plant Pathology*
*Treasurer of Nepali Student Society in Montana*

Having a grandmother is a precious gift that enriches our lives in countless ways, shaping us into the people we become and leaving an indelible mark on our hearts.

Though I never had the opportunity to engage in conversation with you directly, Jiama, I consider it a privilege to have met you and witnessed the guiding light you provided for this remarkable family. Your presence resonates deeply in the stories and memories shared by those who were blessed to know you intimately. Through them, I have come to understand the depth of your wisdom, the boundless nature of your generosity, and the warmth of your kindness that has left an enduring impression on all who crossed your path.

Even in your absence, your spirit continues to shape and influence this family in profound ways. Your legacy of love and compassion lives on through each person you touched, weaving itself into the fabric of their lives and guiding their actions. The values you upheld—integrity, resilience, and a devotion to family—are evident in the strong bonds and enduring unity that characterize this family today.

Thank you, Jiama, for imparting not only your wisdom but also your unwavering love and support. Your legacy is a

testament to a life well-lived and a heart that touched countless others. Rest peacefully, Jiama. Your journey continues in a place of eternal peace, surrounded by the love of those who went before you. May we find comfort in knowing that your spirit lives on in the countless lives you touched and the memories you leave behind.

With love and respect,

Your Granddaughter in law.

# अध्याय ३ :

## गद्य- कथा

# विषयसूची

**अध्याय ३ : गद्य– कथा** ८९-९९

- एउटा प्रेम कथा *प्रकाश नेपाल* ९१
- जब भगवान्‌ले अनेसासकी जननीको सृष्टि गरे *कमला प्रसाई* ९३
- हनी *खिमानन्द आचार्य* ९६

# एउटा प्रेम कथा



**प्रकाश नेपाल**
**महासचिव बिओटी, केन्द्र,**
**पूर्वअध्यक्ष, अनेसास डिसी**
**मेट्रो च्याप्टर**

एकजना कोमा (अचेत अवस्था) मा रहेकी, तर चटक्क नेपाली पहिरनमा सजिएकी महिलालाई ह्विलचेयरमा कहिले बगैँचामा त कहिले मर्निङ्गवाकमा, कहिले ठूला किनमेल गर्ने पसलहरूमा त कहिले पार्कहरूमा घुमाएको देख्दा तपाईंलाई कस्तो लाग्ला? तपाईंले के सोच्नु होला? धेरैले त धेरै कुराहरू सोच्दा हुन्, अलिकन आश्चर्य, अलिकन द्विविधा अनि अलिकन मिश्रित भावका दृष्टिकोण घुमाउँदा हुन् र एकछिन पछि बिर्सिंदा पनि हुन् तर यो क्रम एक दिन होइन, दुई दिन होइन, एक महिना होइन, दुई महिना होइन, एक वर्ष होइन, दुई वर्ष होइन, सातसात वर्ष चलिरह्यो र चली नै रह्यो बिना थकान ।

यो कथा अमेरिका स्थित भर्जिनियाको वुडब्रिज शहरको हो ।

एकजना महिला कोमामा छिन् अर्थात् अचेत छिन् । न त उनले कतै घुमाएको नै थाहा पाउँछिन्, न त बोल्न सक्छिन्, न त कुनै हाउभाउ गर्न सक्छिन् न त हेर्न नै सक्छिन् । यी सबैको बाबजुद पनि पति होमनाथ सुवेदीले आफ्नो अर्धाङ्गिनीलाई यसो गर्नुको के नै अर्थ थियो र?

मेरो यो प्रश्नको उत्तर होमनाथजीको एउटै थियो, “उनलाई फूलहरूले भरिएका बगैंचा घुम्न मन पर्थ्यो, कहिलेकाहीँ पसल जाऊँ भन्थिन् र मलाई अहिले पनि विश्वास छ उनलाई अझै पनि यी कुराहरू मन पर्छन् ।”

उनको यो उत्तरप्रति उनको आफ्नो अर्धाङ्गिनी प्रतिको प्रेमभावमा नतमस्तक हुनु सिबाय अरू प्रश्नहरू सोध्ने हिम्मत नै भएन ।

यी त थिए होमनाथ सुवेदीले गरेका घर बाहिरबाट देखिने दृश्यहरू ।

उता घरभित्र होमनाथ सुवेदीका अगाडि समस्याका विशाल पहाडहरू खडा थिए । आफ्नी अर्धाङ्गिनीको दैनिक 'डाइपर' बदल्नु , सफा राख्नु, उनलाई मन पर्ने खाना पकाउनु, खाना खुवाउनु , लुगा फेरिदिनु, नुहाइदिनु लगायत एकजना गृहिणीले गर्नु पर्ने सारा कुराहरू गर्नु एकजना श्रीमान्‌को लागि हाम्रो नेपाली समाजमा निश्चय पनि सजिलो कुरा होइन । होमनाथ सुवेदीले यो पहाड फोर्ने हिम्मत गरे र सजिलै पार पनि भए ।

मैले मेरा अग्रज होमनाथ सुवेदीजीलाई सोधेको पनि थिएँ र भनेको पनि थिएँ, "होमनाथजी, यो ठाउँमा त थुप्रै नर्सिङ्ग होमहरू छन्, हस्पिस सेवाहरू छन्, नर्ससेवाहरू उपलब्ध छन्, यी सबै सेवाहरूको उपभोग नगरेर किन आफै खटिनु भएको छ?"

होमनाथजीको उत्तर थियो, "यिनले जिन्दगीभर मेरो सेवा गरिन्, अहिले प्रकृतिको कृपा भनौँ, मैले यिनको सेवा गर्ने मौका पाएको छु। म आफूलाई गौरवान्वित सम्झेको छु ।"

उनको यो प्रेम र समर्पण देखेर नतमस्तक भएँ र आफैले आफैलाई प्रश्न गरैं, "होमनाथजीको ठाउँमा म भएको भए के मैले होमनाथजीले जस्तै सेवा गर्न सक्थैं?"

संसारभरि फैलिरहेको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) का संस्थापक एवं साहित्यकार होमनाथ सुवेदीले लेखेका चालीसभन्दा बढी पुस्तकले दिएको शिक्षाभन्दा यो सेवा कुनै पनि कोणले कम छ जस्तो मलाई लागेन ।

यो प्रेम र समर्पण हामी सबैका लागि प्रेरणा र सिकाइ पो हो कि ?

*जनवरी१८,०२४*

❀❀

# जब भगवान्ले अनेसासकी जननीको सृष्टि गरे



**कमला प्रसाई**
**पूर्व कोषाध्यक्ष अनेसास केन्द्र, संस्थापक अध्यक्ष एन् एन्ड जे इन्क, न्युयोर्क,**

भगवान्ले धेरै आमाहरू बनाए तर अनेसासकी आमाको सृष्टि गर्न केही समय लागेको थियो रे, किनकि अनेसासकी आमा आदरणीय नन्दादेवी सुवेदी एक असल, कोमल, साधारण र सिधा नारी हुनुहुन्थ्यो ।

नारीमा धेरै गुणहरू भरिपूर्ण हुनुपर्छ । हो, त्यो गुण स्वर्गीय नन्दादेवी सुवेदी आमामा थियो र उहाँ अनन्त कालसम्म एक अमर नारी भएर रहनुहुनेछ ।

उहाँमा सबै प्रकारका परिस्थितिहरू सम्हाल्न सक्ने गुण थियो, क्षमता थियो र त आजसम्म हामी सबैको मन मुटुमा रहनु भएको छ । स्वर्गीय नन्दादेवी सुवेदी आमाले सबै बच्चाहरूको हेरचाह गरेर सबैलाई खुसी राख्न सफल हुनुहुन्थ्यो । खुट्टामा लागेको सानो चोटदेखि हृदयमा लागेको ठूलो भन्दा ठूलो चोटसम्मलाई उहाँले आफ्नो मातृत्व र सहनशीलताले निको पार्न सक्ने क्षमता थियो । उहाँमा सबैभन्दा ठूलो गुण त्यो थियो कि आफू अस्वस्थ हुँदा पनि आफ्नो हेरचाह सकेसम्म आफै गर्दै दिनभर छोराछोरी, नाति- नातिना, इष्टमित्र र परिवारको निम्ति लगातार काम गर्न सक्नुहुन्थ्यो । उहाँको दैनिक क्रियाकलाप देखेर भगवान् पनि छक्क पर्दथे र भन्ने गर्थे रे ।

'यिनी बाहिरूबाट हेर्दा धेरै नाजुक छिन् तर भित्र धेरै बलियो छिन्।' भगवान्‌ले उहाँसँग हरएक परिस्थिति सम्हाल्ने शक्ति देख्नुभएको थियो। उहाँ कोमल हुनुहुन्थ्यो तर कमजोर भने होइन।

एकदिन फेरि भगवान्‌ले भन्नु भएको थियो रे- 'उनी सोच्न त सक्छिन् नै, परिस्थिति अनुसार बलवान् भएर लड्न पनि सक्छिन्' भनेर। त्यसैले त आज हामीले पनि उहाँ आमा नन्दादेवी सुवेदीलाई महान् मानेका छौँ। भगवान्‌ले दिएको नारी शक्ति उहाँमा अद्‌भुत थियो, आज उहाँसँग भएको शक्ति नै हरएक सन्तानको बल, हिम्मत बनेको छ जसले सम्पूर्ण हामी अनेसासका छोराछोरीहरूलाई प्रोत्साहित गरेको छ। उहाँ आफ्नो घरमा आएका पाहुना आफन्त अनि साथीभाइलाई देखेर साह्रै खुसी व्यक्त गर्नु हुन्थ्यो, अरू समय हामीसँग ठट्टा गरेर घरमा रमाइलो वातावरण बनाउनु हुन्थ्यो। उहाँको आतिथ्य अनि प्रेममा कुनै शर्त थिएन बरु गहिरो प्रेम अनि माया थियो तर कहिलेकाहीँ आफ्नाले धोका दिएभने उहाँलाई चित्त दुख्ने गर्दथ्यो।

साँच्चि नै मैले देखे अनुसार, मैले अनुभव गरे अनुसार आमा नन्दादेवी सुवेदीमा हरएक परिस्थिति सम्हाल्ने क्षमता थियो। उहाँ असल गृहिणी मात्र नभएर अनेसासकै एउटी असल आमा, अनेसासकी जननी हुनुहुन्थ्यो।

उहाँलाई ई.२००९ मा केन्द्रबाट ठूलो सम्मान मिलेको थियो त्यो सम्मान अनेसासकी जननी, चम्किलो तारा भनेर गरिएको थियो जसको मैले संयोजक भएर कार्यक्रम गरेकी थिए जतिबेला म केन्द्रीय कमिटीमा कोषाध्यक्ष थिएँ। उहाँ न्यूयोर्क आएको बेला हाम्रोमा बस्न मन पराउनु हुन्थ्यो। किनकि मलाई छोरीको दर्जा दिनु भएको थियो। उहाँको घरमा बारीमा फलेका बारीमा उमारेका खाने कुराहरू मेरोमा ल्याइदिएको कुरा ताजै सम्झना छ। उहाँहरूको घर गएको बेला आफ्नै करेसाबारीमा फलेको फर्सी, खुर्सानी अनि घिरौँला मलाई कोसेली भनी पठाइदिएको कुरा सम्झेर आँखाबाट आँसु नै झर्‍यो! हामीसँग हिजोका दिनमा बिताएको त्यो पल अनि सम्झना अविस्मरणीय रहने छ, जबसम्म अनेसास रहनेछ, हामी रहनेछौ। उहाँलाई सँधै मन-मन्दिरमा राख्नेछौ।

उहाँ असल, इमान्दार, कोमल, सिधा अनि सरल नारीभित्र पर्नुहुन्थ्यो। अन्तिममा उहाँको एउटा गल्ती हुन्थ्यो– त्यो हो सबैलाई मायाँ गर्दागर्दै आफ्नो

महत्व आफैं बिर्सनुहुन्थ्यो। आज उहाँ यस धर्तीमा नरहेर पनि, उहाँको दर्जा संसारकै महान् आमाहरूभित्र पर्दछ अनि उहाँलाई जहाँ हुनुहुन्छ म छोरीको, प्रणाम छ। आज उहाँको भौतिक शरीर यस धर्तीमा नरहे पनि उहाँसँगै बिताएको ती अमूल्य समय नै अब जीवनको सम्झना बन्नेछ।

तपाईं जस्ता आमा फेरि फेरि यो धर्तीले पाओस्। जुनी- जुनीसम्म अनेसासको इतिहास बनाउन तपाईंले जुन भूमिका खेल्नु भएको छ त्यो सदैव हाम्रो मन-मस्तिष्कमा रहिरहनेछ,। तपाईं जस्तो आमा बन्न सबैले प्रयास गरून्। सबैलाई प्रेरणा मिलोस्। वैकुण्ठमा वास होस्। परमात्मासँग मिलन होओस् आमा। जय अनेसास जननी ! जय अनेसास !

# हनी



**खिमानन्द आचार्य**
**पूर्व कोषाध्यक्ष अनेसास डिसी मेट्रो, च्याप्टर**
*मनासस, भर्जिनिया*

हनी !

हो, हनी ! तिमी चिर निद्रामा छ्यौ। म अत्यास लाग्दो जिन्दगीको भुमरिमा परेको छु। पहाड चढ्न लागेको यात्री लखतरान भएर आफ्नो शरीरलाई फालेको दमको रोगी हिउँमा फ्याँकिएको पानी सहारा बिनाको अभावै-अभावमा पिल्सिएको छ। तर पनि कता-कता तिमी छ्यौ र म छु जस्तो लाग्छ, । मनका हरएक तरङ्गमा तिमी नै तिमी छ्यौ। श्वास-प्रश्वासमा, मेरो मनको अन्तर दृष्टिमा अनि आँखाको ज्योतिमा तिमी छ्यौ। हेर्दा सबै कुरा भएजस्तो लाग्छ अनि टोलाउँछु। अलि परको क्षितिजमा तिमी ठिङ्ग उभिएको जस्तो लाग्छ।

घरमा पाहुना पाछा - छोरा बुहारी नाति-नातिना, जुवाइँ-छोरी पति धेरै हुँदा पनि तिमी धेरै व्यस्त भएको देखेर मनमा उदेक लाग्थ्यो। अहिले म कति काम गरेको होला भन्दै अधैर्य भएर कोठामा पुगे। त्यहाँ त असरल्ल परेका कपडाहरू मात्र रहेछन्। मन अतालियो, सायद भान्सा कोठामा होला भनेर ढोका खोलेर हेरैं। त्यहाँ तिम्रो बहिनी नर्मदाले भाँडा मस्काउँदै रहेछिन्। मैले हतार-हतार सोधैं खै त तिम्रो दिदी भन्न पुगेछु। नर्मदाले अधैर्य नहुनुहोस् भनेको आवाज मेरो कानमा पर्दा पर्दै सायद गमलामा पानी राख्न हो कि भनेर जस्केलोबाट बाहिर निक्लैं। त्यहाँ त गमलाका फूलहरू उदास भएर झोक्र्याएको गमला भित्रको धर्ती पट्ट-पट्ट फुटेको देखें, तब भन्न मन लाग्यो। हेर हेर कति बेफुर्सदी भयौ तिमी गमलामा पानी त राख्नु पर्थ्यो नि।

आफूले नभ्याए मलाई भनेको भए पनि त हुन्थ्यो। अर्को मनले भन्यो- कति लेखेर बस्छस्, तेरो लेखको मर्म बुझेर- कर्म गर्ने कोही छैनन्। नगदा-नगदी हुने जमानामा आदर्शको पाठ को पढ्न चाहन्छ र ?

फेरि झट्ट सम्झना भयो- करेसा बारीतिर हो कि भनेर जाँदै थिएँ। मेरो नजर तिम्रो मेरो लाडप्यारमा हुर्किएको पप्पूमाथि पऱ्यो तब उसले मलाई आँखाभरी आँशु पारेर खै तेरो जीवन सङ्गिनी ? आज कति दिनदेखि मेरो खाने कुरा दिन नभाएको हो कि त मसँग रिसाएको हो ? म एक दिन मैले माया गरेर हातमा टोकेको थिएँ। नदुख्ने गरी सायद दुःखेछ क्यार। भोभो अबदेखि म जिस्किन्नँ। भनिदिनु है ! मलाई कतिखेर भेटेर माफी मागौँ जस्तो लागेको छ। आफ्नो मान्छे भनेको त आफ्नै हुँदोरहेछ। अलि दिन देख्न नपाउँदा पनि मन अतालिने। आजकल त खाना प्राण धान्नका लागि खाए जस्तो लाग्छ। मन खुसी भए न सबै कुरा रमाइलो लाग्दो रहेछ। मेरो गुनासो सुनाई दिनु है भनेर आँखाबाट आँशु झारेको देखेर सुम्सुमाउन पुगेँ। मेरो मन अमिलो भयो। के भयो तँलाई म त यहीँ छु। उसले केही प्रतिक्रिया दिएन। मलाई हेरी रह्यो। उसका आँखामा आँसु देखेर - मेरा आँखामा पनि आँसु टिलपिलाउन थाले। अनि मनलाई सम्हालेर करेसा बारीतर्फ लागेँ।

सबै कुरा भए तापनि करेसाबारी फुलाउनु, फलाउनु पर्ने भन्दै मनमा कुरा खेलाउँदै करेसा बारीमा पुगेँ। त्यहाँ पनि उराठ मरुभूमिजस्तो भएको रहेछ। बचेकुचेका बिरुवाहरूले अमुक भाषामा आफ्ना पीडाहरू सुनाइरहेका थिए। भगवान् विष्णुलाई पनि सराप (श्राप) परेर मानव योनिमा रामअवतार लिएर स्त्री पीडाको अनुभव गर्नु परेको थियो। दुःख पऱ्यो भनेर आफैले रोपेको बिरुवालाई भुल्न मिल्छ र ? कहिले काहीँ नजिकै भएर हिँड्दा छुन मन लागेर छोएको कुरालाई लिएर जोड्ने आधार प्रदान नगर्नु अन्याय भएन र ? के गर्छस् त हो हामीलाई थाहा छ, तेरो अर्धाङ्गिनीले चित्त दुःखाएको कुरा। हो, हामी पनि अभ्यस्त भइसकेका छौँ। कसरी जिउने भनेर। सुख त कसलाई पो छ र ?

जन्मे पछि सबैले मर्नुपर्छ। पोहोर साल तेरो साथीले झुक्किएर तान्दै गरेको चुरोटले पोलेर छुट्टै हुनु पऱ्यो। त्यही आगोको लप्काले मलाई छोएको मात्र के थियो। अझै घाउ निको भएको छैन।

त्यति नै बेला नातिनीले भनी, “हजुरबा यहाँ सब जनाले हजुरलाई खोज्नु भएको छ।” भन्दा म झसङ्ग भएँ।

ए. हो त नि - म पनि कस्तो ? हतार-हतार भित्र पस्छु तर मनमा भने कुरा खेलिरहेको थियो। सायद तिमी भन्दा म पहिला जान पाएको भए। यो पीडा सहनु पर्ने थिएन।

जुन दिन हामी घर छोड्दा- साना छोरा-छोरी जिन्दगीमा नयाँ पाइला चाल्दा ढाडस दिँदै भनेको कुरा आज अमृत समान भएको छ। कि त छोरालाई पर्छ, कि त घोरालाई। कति सजिलै भनेकी थियौ। सधैँ छोरा-छोरी साना रहिरूहँदैनन्। यिनीहरू नहुर्कँदासम्म त हो नि दुःख गर्नु पर्ने। बाबु-आमाको काखमा बसेर प्रगति गर्नका लागि घर सहर बजारमा हुनुपर्छ। यसो भन्दा त्यस बेला मलाई मेरो डिग्री भन्दा तिम्रो सोच पूर्ण थियो जस्तो लाग्थ्यो। आज हेर्दा हेर्दै पाँच दशक पूरा भइसकेछन्।

मेरो हरएक सिर्जनामा तिम्रो त्याग, तपस्याले मलजल नगरेको भए, तिमी सारथी बनेर अझ हौसला प्रदान नगरेको भए सायद धर्तीमा फुल्न नसकेको पतरेको फूल हुने थिएँ। तिमीले करेसा बारीमा लटरम्म फलाएर मेरा प्रत्येक पाइलाहरूमा उर्वरता त्यही प्रदान गऱ्यौ। सायद त्यहीँ तिम्रो हार्दिकतामा मैले जे गर्न सकेँ, त्यो हामी दुईको कमाइ थियो। मेरो मनको अन्तर्दशा पढेर, मेरा अभिन्न मित्रहरूप्रति सदैव जुन आत्मीयता प्रदान गऱ्यौ, त्यो नै मप्रतिको न्यानो माया ममता थियो। आज तिमी छैनौ र पनि सदैव मन मस्तिष्कमा सधैँ अजर अमर छ्यौ।

तिम्रो सरल सादगीपनले निर्माण भएको सुन्दर परिवारको बीचमा म छु। सबै कुरा छ, तिमी छैनौ। हिजोको अभाव ग्रस्त मेरो जिन्दगीमा तिमी थियौ। आजको पूर्णतामा छैनौ। ए बूढा! भनेर बोलाउने त्यो तिम्रो कर्णप्रिय स्वरको झझल्को अहिलेसम्म कानमा गुन्जिरहेको छ। हाम्रा आफन्तहरू सबै उदास छन्।

हो मलाई थाहा छ। म उदास हुँदा तिमी मलाई सम्झाउँदै, उत्साह, उमङ्ग, धैर्यता, उत्प्रेरणा प्रदान गर्ने त्यो क्षण आज हराएको छ। त्यसैले "हनी" यदी तिमी मलाई माया गर्छ्यौ भने फर्केर आऊ। आज किन किन तिमीलाई मुटुमा सजाउन मन लागेको छ। तब मात्र म ढुक्कसँग निदाउन सकूँला।

तिमी थियौ र त यो बिस्तराले पनि न्यानो ममता प्रदान गरेको थियो। आज त्यो आभाससम्म पनि छैन हनी। पलङ, सिरक, डसना, सिरानीले पनि रातमा पटकपटक निर्मोही भएर चिमोट्ने गर्छन्। धेरै भइसक्यो निदाउन नपाएको। यी सबले तिम्रा डरले मात्र नछोएका रहेछन्। आज तिमी नहुँदा यिनीहरूको मनपरी चलेको छ। लौ

भन अब मैले के गर्ने ? दिन भर त काममा हुनाले सजिलै दिन बित्छ। जब रात पर्छ तब मन सबै अँध्यारो हुन्छ।

त्यही पनि बिस्तरामा, पल्टन्छु। ओछ्यान बिझाउन थाल्छ, उठ्छु, पानी पिउँछु, पर्दा उघारेर झ्यालबाट बाहिर हेर्छु। आकाशमा ताराहरू रोइरहेको देख्छु। मन भरङ्ग हुन्छ। अनि पर्दा छोडेर पलङ्गमा पल्टिन्छु। तिमी मेरो मानस पटलमा उभिन आउने गर्छ्यौ।

हो हनी तिमीले असल श्रीमती र आमाको भूमिका निर्वाह गऱ्यौ तर हनी आजकल असल बाबु र आमाको परिभाषा बदलिएको छ। अस्ति आदित्यले सुमनलाई भनेको सुनेर मेरो आङ नै सिरिङ्ग भयो।

छोरा-छोरी जन्माएर उचित संस्कार नदिने, क्षणिक स्वार्थका लागि सन्तानको मनोदशामा गलत प्रभाव, पार्ने कार्य गर्ने बाबु-आमा असल हुन सक्दैनन्। ती त बाइलोजिकल आवश्यकता पूरा गर्न एकाकार भएका मात्र हुन्। जे भए पनि हामी त्यसबाट मुक्त छौँ। हाम्रो वियोग भए तापनि तिम्रा असहज संवाद सदाका लागि त्यागेर तिमी गुणकारी थियौ भन्ने कुरा म आत्मादेखि स्वीकार गर्छु।

उही तिम्रो

साजन

# अध्याय ४ :

## गद्य- संस्मरण खण्ड

## (दाहसंस्कारको शोकसभा माघ ३,२०८० तदनुसार जनवरी १७,२०२४)

# विषयसूची

**अध्याय ४ : गद्य– संस्मरण खण्ड**

*(दाहसंस्कारको शोकसभा माघ ३, २०८०(जनवरी १७, २०२४)* १०१-१६८

- दाहसंस्कारको दिनको शोकसभा — ***होमनाथ सुवेदी*** १०३
- अनेसासकी आदरणीय आमा नन्दादेवी संस्मरण एवम् शब्द-श्रद्धाञ्जली — ***शिव लामिछाने*** १०८
- अनेसासमा नन्दा दिदीको अमिट छाप छ — ***प्रेमराजा महत*** ११८
- ANS को कार्यक्रमहरूमा — ***सरोज प्रजापति*** ११९
- उत्प्रेरणाकी श्रोत — ***रविना थापा*** १२०
- दिदी म 'बाई भन्दिनँ' ! — ***भीमप्रसाद रेग्मी*** १२२
- संस्मरण र समवेदना नन्दाप्रति — ***गोपाल पराजुली*** १२६
- साहसी आमा — ***पुरु सुवेदी*** १२९
- सबैले मर्नुपर्छ — ***राम खरेल*** १३२
- भावपूर्ण श्रद्धाञ्जली ! — ***अमर छन्त्याल*** १३४
- अमेरिकामा म्याग्दीकी नन्दा फुपू ! — ***पारसमणि श्रेष्ठ*** १३६
- स्मृतिमा ठूलीफुपू — ***दीपक पौडेल (राजन)*** १३८
- स्मृतिमा नन्दा — ***रमेश सुवेदी*** १४१
- जेठीआमालाई सम्झौँ — ***रघुनाथ सुवेदी*** १४४
- मृत्योर्मामृतं गमय — ***प्रकाश सुवेदी*** १४५
- नन्दा दिदी — ***सतीदेवी थापा*** १४८
- मायाको विश्वविद्यालय — ***दया सुवेदी*** १५०
- नन्दा- सम्झनामा — ***दिवाकर शर्मा*** १५२
- समवेदना — ***रजनी श्रेष्ठ*** १५५
- समवेदनापूर्ण स्मृति — ***सुभाष भण्डारी*** १५८
- छामा नन्दा — ***राम प्रकाश भण्डारी*** १५९
- भाउज्यूको स्मृतिमा — ***ऋषिनाथ सुवेदी*** १६०
- कर्म दिने आमा — ***राहुल के सी*** १६२
- सुखावती भुवने वास जुइमा — ***गजेन्द्रलाल प्रधान*** १६७

# दाहसंस्कारको दिनको शोकसभा



**होमनाथ सुवेदी**
*वुडब्रिज, भर्जिनिया,*

म होमनाथ सुवेदी मेरी अर्धाङ्गिनी नन्दादेवी सुवेदीप्रति श्रद्धाञ्जली अर्पण गर्दछु। आज माघ ३ गते माघे जाडो, जाडो भए पनि नन्दालाई आत्मसात् गर्न घाम चर्किएका थिए। हिमपातका बाक्ला सेता नौनी घिउका डल्ला जस्ता ढिक्काहरू पग्लदै बाटो छोडिरहेका थिए। अमेरिकाको वुडब्रिजको मिनरल दाहसंस्कारगृहको परिसरमा ईनेपलिज र डिसीनेपालका पत्रकारहरूले लाइभ गरेर शोकसभाको पृष्ठभूमि तयार गरिरहेका थिए। अमेरिकामा नेपालीको पुरानो संस्था अमेरिका नेपाल सोसाइटी (एएन्एस्)का पूर्वअध्यक्ष खेम भट्टचन स्वयम् नन्दाको जीवन गाथा पनि सुनाएर सहभागीहरूको स्वागत गरिरहेका थिए। एकैछिनमा शोकसभा हलमा दाहसंस्कार गृहका दूतहरूले दुलही सिँगारे जस्तै गरी सिँगारेर डोलामा हाली नन्दालाई ल्याएर मञ्चमा राख्दासाथ फूल चढाएर दर्शन गर्नेको घुइचो लाग्यो। मैले पनि पेटभरि म्याईं खाएँ। फूल र स्वर्ण चढाएर प्रदक्षिणा गरेर उनको पाउतिर उभिएँ। त्यस बेला मलाई उनी विश्वसुन्दरी जस्तै लागिन्। मेरा गहभरिका आँसुले पनि उनको मुखारविन्दमा एकटक हेरिरहे। समय गएको थाहै भएन। ७६ पुगेर ७७ को ११ महिना २७ दिन पुगिसकिन् तर हामीमा जवानीकै बेला भएको वियोगको पीडा थियो। चिन्ताग्रस्त मलाई समय गएको थाहै भएन। एकातिर पण्डित गोविन्द भट्टराईले नेपाली सनातन पद्धति अनुसार क्रियाकर्म गराएछन्। उता भीमप्रसाद रेग्मीले शोकसभा सञ्चालन गरेछन्। मेरो बोल्ने पालो आएछ। मैले फेरि नन्दाको परिक्रमा गरी यौटा गुलाबी फूलको मनभरिको ठूलो झोप्पा उनको छातीमा चढाएर लामो कहिल्यै नबिर्सने

दीर्घ चुम्बन लिएर मञ्चमा गई माइक्रोफोन लिएँ र भनेँ– नन्दा, तिमी २०८० को माघ १ गते ११ बजेर ५८ मिनेटमा पञ्चमी तिथिको दिन (चतुर्थीको दिन भए पनि थोरै भएकाले पन्चमी लागिसकेको मानियो) उत्तरायणका सुभारम्भको दिन पारेर दिवङ्गत भएकी थियौ तर पनि आज माघ ३ गते ४.३० बजेसम्म तिमी हामीसित नै छ्यौ र पछि पनि आदिभौतिक रूपमा तिमी हामीसित नै हुनेछ्यौ ।

धेरै कुरा त उहाँका साथीहरूले अघि नै भनिसक्नुभयो । यसबाहेक अहिले त भर्चुयल जमाना छ । हिजो बेलुका हामीले हेर्दाखेरि करिब १५०० जनाले भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिसकेका थिए । आज पनि यति छोटो समयको सूचनामा यति धेरै करिब दुईसय जनाको उपस्थिति रहेको छ । यो छोटो सूचनामा यति धेरै मान्छे जम्मा होलान् भन्ने सोचेका पनि थिएनौँ । बाल्टिमोरदेखि वाशिङ्गटन डीसी र रिच्मन्डसम्मका मित्रहरू आउनु भएको छ । लक्ष्मी प्रधानजस्ता मान्छे आफू हाइवेमा ड्राइभ गर्न नजान्ने भए पनि राइड खोजिखोजी यति टाढासम्म आउनुभयो । यो सबै देख्दाखेरि नन्दाप्रतिको श्रद्धाभावले म भावुक भएको छु ।

संसार यस्तै हो साथीहरूले भन्नुभयो– जन्मे पछि एकपटक सबैले मर्नैपर्छ । हुन त करिब सात वर्ष आठ महिना आठ दिन अगाडि अस्पतालमा लगेको हो । त्यसैबेला ब्रेनह्यामरेज भएर झन्डै मरिसकेकी थिइन् । सास बचाएर ल्याइयो र यो बचाइलाई पुनर्जन्म भन्ने ठानेँ । त्यहींदेखि हर एक वर्षमा जन्म दिन मनाउन थालेँ । पहिलो वर्ष प्रथम जन्मदिन, दोस्रो वर्ष द्वितीय जन्म दिन मनाउँदै आएका थियौँ । अहिले सातौँ वर्ष, आठौँ वर्षमा आएको छ । बचाएर ल्याएको छु । श्रीमती भनेको आफ्नो आधा अङ्ग हो । जसका जोडा छन् ती पूरा छन् जसको छैन एक ती आधा हुन् । एकल महिलाको मात्र जीवन कष्टकर हुँदैन । एकल पुरुषको पनि जीवन कम कष्टकर हुदैन । अर्धाङ्गिनी नभएको मान्छेको जीवन कति निरास कति निरस कति कठोर कति कम्जोर मरुँमरुँजस्तो लाग्ने हुन्छ, । त्यो अहिले मलाई अनुभव भएको छ । आज सतीदेवी थापा ...लक्ष्मी प्रधान जस्ता धेरै जना यो शोक सभामा रुनुभएको छ । हामी पनि रोएका छौं ।

म त गत सात वर्षदेखि नै रुँदारुँदै मेरा आँसु त सुकी पनि सकेका थिए । तैपनि छोरी र म छोरासहित बुहारीहरू त रोइरह्यौं । हेरौँ अहिले तपाई हामी सबले उनको शवमा फूल चढाएका छौँ । यो काम मैले उनी बित्नुभन्दा ७ वर्ष आठ महिना आठ दिन अगाडिदेखि नै गरिरहेको थिएँ । मैले नन्दादेवीलाई बगैँचामा लान्थैँ, फूलहरूको बीचमा राख्थैँ र त्यहाँ उनको फोटो खिच्थैँ । दिनको तीनपटक ड्रेसहरू

नयाँनयाँ लगाएर त्यसरी फूलहरूको बीचमा नन्दादेवीलाई उभ्याएर फोटो खिच्थैं। यो अहिलेको रूप सम्झेर Why tomorrow? Why not today? बितेपछि किन गर्ने, अहिले नै किन नगर्ने ? खाना उनले के खान्छिन् ! कताकता घुमाउनुपर्छ ! के के कपडा लगाउनुपर्छ ? यो सबै गरेर फूलहरू नै फूलको बीचमा बगैंचाबगैंचामा लगेर घुमाउँथैं। मलाई लाग्थ्यो मैले श्रीमतीलाई अहिले स्वर्गमा भेटेको छु । We met in heaven स्वर्गमा भेटेको मान्छेलाई मैले छोड्नुहुन्न। हातमा समातेर नै हिड्नुपर्छ। पोटोम्याकमिल मलमा हिँड्दा भुइँ टल्किन्छ, सङ्गमर्मरमा सँगै भएर हिड्दा आफ्ना छायाँहरू पनि देखेर हामी स्वर्गमा भेट भै हिडिरहेका छौं भन्ने लाग्थ्यो। यद्यपि पुनर्जन्म भइसकेको ठानेकै थिएँ। तापनि यो जीवन स्वर्गमा भेट भएजस्तो अनुभूति हुन्थ्यो। त्यो सम्झेर हिँड्दा-हिँड्दै गरेका कल्पनामध्ये एक नन्दिनी महाकाव्य नै बनेको छ। नन्दाको 'नन्दिनी' नाममा तयार भएको यो महाकाव्य छाप्न नेपालै पठाएको छु। छापिएर आएपछि तपाईंहरूले पाउनुहुन्छ होला। अन्तमा न चाहेर पनि छातीमाथि ढुङ्गा राखी बस्नु पर्‍या छ भने जस्तै ४ बजिसक्यो अब हामीले दाहसंस्कार गर्ने बेला आइसक्यो र धैर्यधारण सबैले गर्नुपर्छ। मैले पनि गर्छु। मेरो विचारले पृथ्वी जलतेज वायु आकाश मेरी छोरीले भनेजस्तै यस्ता ग्यालेक्सीहरू अझ पनि जेम्सवेम टेलिस्कोपले धेरै ग्यालेक्सीहरू छन् भनिसक्यो। यस्ता सूर्यहरू धेरै छन् भनिसक्यो अझ स्ट्रिङ्ग थियोरीले त यो युनिभर्स यहींमात्र हैन मल्टियुनिभर्स छन् भनिराखेको छ। क्वान्टम थियोरीको अनुसार त इन्ट्याङ्गलमेन्ट अनुसार म यहाँ छु यहाँबाट उनीहरू मृत भएर पनि अर्को सिमिलर वर्ल्डमा जीवित भएका हुन सक्छन्। साइन्सले पनि यसको खोजी गरिरहेको छ। वेद उपनिषद्का धारणाको पनि प्रयोग गर्ने प्रयास भैरहेको छ।

भोलि बिहान केके हुन्छ। अहिले कार गुड्न थाले। जहाज चन्द्रमा जान थाल्यो। जापानले मार्ससम्म रेल लाने योजना गरिसक्यो। यसरी अध्ययन प्रयोग हुँदै जाँदा हामी भेटिन पनि सक्छौं। उनी पृथ्वी, जल, तेज, वायु र आकाशमा मिलेको मात्र हो। टाढा गएकी पनि हैनन्।

पदार्थ द्रवबाट वेभ तरङ्ग भाइब्रेसन भएको एक्सपेरिमेन्टबाट पनि देखिएको छ। क्वान्टमको लेबलमा गएपछि पदार्थ देखिने पनि हुनसक्छ, नदेखिने पनि हुनसक्छ। मेरो आँखाले देखेको बेला अब्जर्वेसन(Observation) मा त्यो देखिन्छ। नदेखेको बेला त्यो वेभ तरङ्ग भाइब्रेसन भएको पनि हुन्छ। पदार्थ रहन्न।

हाम्रो जीवन अहिले १०० वर्षको छ। DNA को लेबल झन बढाएर १००, २००, १००० को पनि हुन सक्छ। AI को विकास र रोबोटको विकासले यो विस्तारै

विकास हुँदै जाँदा यो दुनियाँ कस्तो हुन्छ। १५० वर्ष अगाडि हाम्रो सेलफोनमा फोटा देखिन्छ भन्दा पागल भन्थे तर आज भएको छ। त्यस्तै २०० वर्षपछि आज नभएको अनौठो कुरा हुन सक्छ। त्यो आध्यात्मिक दर्शनले होस् या क्वान्टम मेकानिक्सले होस् वा उपकरणको प्रयोगले होस्। आज हामीले नदेखेका अनौठा वैज्ञानिक प्रयोग देखिसकेका छौँ।

पृथ्वी जल तेज वायु आकाशमा मिल्दा जुल्दा तत्वहरू जसरी पनि मिल्छन्। तिनीहरू एकसाथ छन्। हामी एकसाथ हुन्छौँ। त्यही परिवेशमा नन्दादेवी पनि छिन्। हामी फेरि भेट हुन सक्छौँ के र हामी छुट्टिदैनौँ, छुटिएका पनि हुन सक्छौँ।

आग्नेस डार्को केयरगिभरले आमाले जस्तै सेवा गरिन्। आग्नेस यहीँ छिन् कि छैनन् ? यहीँ छिन् नि, उनी रोइरहेकी छिन्, उनी यति रोइन् कि त्यतिको त हामी पनि रोएनौँ। कति प्रेमले सुसार गरेकी होलिन् त्यसको सीमा छैन। उनलाई असीम धन्यवाद !

हामीले जे देख्छौँ त्यो अति थोरै हो। त्योभन्दा पर धेरै छ। जो हामी देख्न सक्दैनौँ। हामीले जेम्सवेभटेलिसस्कोपले जस्तो देख्न सक्दैनौ। जेम्सवेभटेलिसस्कोपको जत्रो आँखा त हाम्रा छैनन्। हामी सबै देख्दैनौँ। हामी जेजति साना छौँ, त्यहीँ नै हामी हौँ। ग्यालेक्सी ठूला छन्, धेरै छन्। हाम्रो यसमा केही गन्ती छैन भनेर हामी निस्सासिनु पर्ने हुन्छ तर निस्सासिनु हुँदैन। जे देख्छौँ त्यहीँ हाम्रो जीवनको सीमा पनि हो। हाम्रो सीमा भनेको १०० वर्ष हो। यसमा जतिलाई माया गर्न सकिन्छ, माया गरौँ। हाम्रो लक्ष्य यही हुनुपर्छ।

मेरो जिन्दगीमा उनी थिइन्। उनको मेरो तादात्म्यले उनी ताकमबाट काठमाण्डौ आइन् , काडमाडौँबाट अमेरिका आइन्। बालबच्चासहित उनको यो यात्रा कष्टकर थियो। तापनि उनी सुमुद्र तरिन् र मसित पुनर्मिलन भयो। त्यसैले मेरो घरको मालिक उनै हुन्। म हैन उनै मालिक्नी हुन्। मलाई साहित्यको क्षेत्रमा अगाडि बढाउन पनि She motivated me. And she used to tell me भन्थिन् कि –लेख, गर, गर। उनकै प्रेरणाले मैले सबै कुरा गरेर यति गरैं। १०० वर्षको यो जीवन, यो ग्यालेक्सीमा हामी कमिलाभन्दा साना छौँ। We are very small, we cannot forget. हामी साना छौँ ब्रह्माण्डमा तैपनि यसलाई बिर्सन हुन्न। हाम्रो जीवन १०० वर्षको जे छ त्यही हो। त्यही सत्य हो। सात वर्ष ८ महिना ८ दिन अघि नन्दाको ब्रेनहेमरेज भएको थियो। त्यो बेला उनी मरेर बाँचेर फर्किन्। यो फर्काइलाई हामीले

पुनर्जन्म भनेर व्यवहार गर्दै गयौँ । मेरी श्रीमती मेरी अर्धाङ्गिनीलाई मैले सकेको सेवा गरेँ, अझै गर्दछु ।

तपाईंहरू सबै आएर यो शोक सभामा समवेदना र सान्त्वनाका शब्द प्रकट गरिदिनु भो । प्रेमभाव देखाउनु भो । यसको लागि म तपाईंहरूलाई धन्यवाद भन्दछु । १५०० जनाले भाग लिएका छन् । ताकम, डी.सी., जापान, अनि अस्ट्रेलिया आदि सबै ठाउँबाट समवेदना आए। उनी सबैको लागि राम्री थिइन्। त्यसैले सबैलाई सम्झेर म पनि यस अवसरमा तपाईंहरूलाई धन्यवाद दिन चाहन्छु ।

*माघ ३, २०८०*

# अनेसासकी आदरणीय आमा नन्दादेवी संस्मरण एवम् शब्द-श्रद्धाञ्जली



**शिव लामिछाने**
*सचिव (२०१५-२०२३),*
*अनेसास, बोर्ड अफ ट्रस्टिज,*

जनवरी १६ मा पदमजी (अनेसास बिओटी अध्यक्ष पदम विश्वकर्माजी) र अनेसास बिओटीका सल्लाहकार पुरु सुवेदीजीको फेसबुक स्टाटस पढेर थाहा पाएँ– जनवरी १५ मकर सङ्क्रान्तिको पावन दिनमा अनेसासका संस्थापक अध्यक्ष आदरणीय होमनाथ सुवेदीकी धर्मपत्नी एवं बिओटी सल्लाहकार पुरु सुवेदी, तथा बिओटी सदस्य प्रकाश सुवेदी र डा. कल्पना सत्यालकी ममतामयी माता, अनेसासकी संस्थापक सदस्य नन्दादेवी सुवेदीको पुण्यात्मा जीर्ण शरीर छाडेर महाकाशमा विलीन भयो भन्ने वियोगपूर्ण समाचार। आदरणीय नन्दादेवी आमाको परलोक गमन पुण्यात्मालाई चिरकाल वैकुण्ठबास मिलोस्, परब्रह्म परमेश्वरसँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका पिता (परिकल्पनाकार/संस्थापक अध्यक्ष एवं निरन्तर ३३ वर्षसम्म संस्थाको एकएक विषयमा अभिभावकीय वात्सल्य दिइरहनुहुने) आदरणीय होमनाथ सुवेदीकी धर्मपत्नी नन्दादेवी सुवेदी सात वर्ष आठ महिना आठ दिनअघि मस्तिष्कघातबाट पीडित भई क्रमशः अचेत हुँदै जीवनसँग सङ्घर्ष गरिरहनुभएको थियो। मस्तिष्काघातबाट यति धेरै समयसम्म

पीडित भई जीवन पाउनु भनेको अचेत भए पनि व्यक्तिका लागि निकै कष्टकर अवस्था हो तर होमनाथ सुवेदी बुबाले हरएक पटक हामीसितको भेटमा भन्ने गर्नुहुन्थ्यो, "यो यिनको पुनर्जन्म हो, यिनलाई मैले छोरीलाई जस्तो माया दिन पाइरहेको छु।" अन्तिम श्रद्धाञ्जली दिने समारोह र घरमा किरियापुत्री भेटमा जाँदा कुराकानीका क्रममा पनि बुबाले सविस्तार आमा नन्दादेवीको मस्तिष्कघातपछिको पुनर्जन्म र त्यसपछिका सात/आठ वर्षलाई अत्यन्त अनुपम रूपमा बिताएको कुरा बताउनुभयो।

यतिसम्म कि उहाँले पछिल्ला सात वर्ष एकातिर आफ्नै अर्धाङ्गिनीलाई नवजात छोरीका रूपमा हेर्दै हरएक वर्ष जन्मोत्सव मनाउँदै सात/आठ वर्ष कटाएको तथा पलपल उहाँलाई साथ दिएर खुवाउने पियाउने मात्र नभई डायपर फेर्नेदेखि लिएर हरएक दिन दुईतीनपटक फरकफरक कपडा पहिराई घुमाउन लैजाने काम पनि बडो आनन्दका साथ गरेको कुरा सहर्ष बताउनुभयो। उहाँले आमाको कपाल रङ्गाइदिने, नङ पालिस गरिदिने, नङ काटिदिने तथा नुहाइदिने आदि काम आफैँले गर्नुभयो। साथमा सुसारे भए पनि पुत्रीवत् प्रेम दर्साउन उहाँले छोड्नुभएन।

एक प्रसङ्गमा होमनाथ बुबाले भन्नुभयो– "एकातिर उनी त्यो बिमारपछि अर्धचेत र अचेत हुँदै सात वर्ष आठ महिना आठ दिन बाँचिन्। एकातिर मैले मेरी अर्धाङ्गिनीलाई छोरीजस्तो वात्सल्य दिन प्रयास गरिरहेँ। अर्कातिर उनी मेरी अर्धाङ्गिनी हुन्, जसका कारण म आज म भनेर चिनिएको छु। उनलाई म मरेपछि स्वर्गमा भेटुँला नभेटुँला। उनी बाँच्दैमा मैले उनका साथ स्वर्गको आनन्द किन नलिने भनेर सम्भव भएसम्म उनी हिड्नुन्जेल र उनले व्हिलचेयरमा बस्न सकुन्जेल मैले उनलाई बगैँचा, पार्कहरूमा डुलाउन लगिरहेँ। सुन्दर सपिङ मलका चिल्ला मार्वलमा उनलाई हिडाइरहेँ। त्यो यात्रामा म उनीसँग स्वर्गमा भएको कल्पना गर्थें। मरेपछिको स्वर्ग कसले देखेको छ र ? मैले यही जीवनमा धेरैपटक स्वर्गमा उनीसँग भएको कल्पनालाई आफैँ सहभागी भएर यथार्थमा अनुभव गरेको छु।"

हिँड्न सकुन्जेल हिँडाएर, शारीरिक अशक्तता बढ्दै गएपछि डोहोऱ्याएर, हात चल्न छाडेपछि बाबुले छोरीलाई जस्तै आफ्नै हातका औँलाले खाना मुछेर खुवाएर अनि अर्धचेतमा हुनुभएकी आमाका हातका लबटाले बलपूर्वक बुबाका गालामा हिर्काउँदा खुशी हुँदै हात पन्छाएर पुनः आमालाई खाना खुवाउँदै गरेको हामीले देखेका छौँ। होमनाथ बुबाले उहाँलाई व्हिलचेयरमा गुडाउँदै पार्कमा लैजानका लागि उपयुक्त मौसम कुर्दै गरेका हरएक दिनका सन्दर्भ पनि हामीले नजिकबाट

देखेका छौँ। म र मेरी धर्मपत्नी पार्वती नन्दादेवी आमा बिरामी हुनुभएपछिका विभिन्न सन्दर्भमा उहाँकै सम्झना गर्दै कुरा गरिरहन्छौँ। विशेष गरी भर्खर नेपालबाट आएकी मेरी धर्मपत्नी पार्वतीले भान्सामा खाना निकाल्ने बेला राइसकुकरको तार नछुटाउँदा नन्दादेवी आमाले उनलाई सम्झाउनुभएको कुरा उनी सदैव भान्सामा भएका बेला सम्झिन्छिन्।

राइसकुकरको सन्दर्भ मार्च १२, सन् २०१७ को हो। अनेसासको इतिहास नामक पुस्तक तयार भएपछि होमनाथ बुबाले १०० डलर दिएर यसको प्रकाशनमा सहयोग गर्ने सबैलाई एकएक प्रति किताब दिने कुरा सुनाउनुभएपछि मलाई निकै खुशी लाग्यो। किताब तयार हुने क्रममा केही लेखको सम्पादन गर्ने अवसर पाउँदा म खुशी छँदै थिएँ। हामीबीच भेट गर्ने कुराकानी फोनबाट भएपछि होमनाथ बुबा र नन्दादेवी आमा मेरो च्यान्टिलीमा रहेको डेरामा आउनुभयो। मेरी धर्मपत्नी पार्वती, छोरा अच्युत र छोरी अभिज्ञा सन् २०१६ मा नेपालबाट आएपछि हामी छोरीको स्कुलका लागि भनेर च्यान्टिलीमा बस्दै आएका थियौँ।

उहाँहरू हाम्रो निवासमा आउनुभएपछि किताब दिनुभयो। कति ठूलो किताब मेरो हातमा परेको, नेपाली भाषाको किताब, प्रवासबाट तयार पारेको किताब, अनेसासको समग्र नालीबेली (अझ भनौँ रौँचिरा गरिएको) बोकेको किताब, त्यो पनि आफ्नै एकाग्रता, लगन, संयोजन अनि सबै विषयमाथिको तटस्थताका आधारमा बुबाले सम्पादन गर्नुभएको किताब उहाँकै हातले दिँदा मन गद्‌गद् नहुने कुरै भएन। हामी कुरामा थियौँ, नन्दादेवी आमा भान्सामा जानुभयो, पार्वतीसित केके भन्नुभयो, हामीले ध्यान दिएनौँ। हामीले खाना खायौँ, यताउतिका कुरा भए। त्यसै दिनदेखि मैले त्यसअघि भन्ने गरेको होमनाथ दाजु भन्ने आदरको नाता फेरेर उहाँलाई होमनाथ बुबा भन्न थालेँ, खासमा मैले खाना खाने टेबलमा उहाँसित यो प्रस्ताव राखेको थिएँ। बाबुआमा सदाका लागि विदा भइसक्नुभएको म अनाथका लागि मप्रति उहाँको पितृवत् प्रेमको आभास भयो, बुबाका रूपमा सम्मान दिन मेरो हृदयले मलाई घच्घच्यायो। पार्वतीले त्यसदिनदेखि भान्सामा भएका बेला प्रायः मलाई सम्झाउने गर्छिन्, "राइसकुकरको तार देखेपछि म वुडब्रिजकी आमालाई सम्झन्छु। त्यसदिन उहाँले मलाई तार सधैँ छुटाएर मात्र खाना झिक्नुपर्छ, यसो गरेमा सदैव बानी लाग्छ भनेर सम्झाउनुभयो।" कुरा सामान्य हो र सामान्य लाग्छ, तर यो जीवनभरि नबिर्सने संयोगका रूपमा त्यो दिन प्रस्तुत भएको सन्दर्भ थियो त्यो।

सन् २०१३ मा न्युयोर्कबाट भर्जिनिया आउन हर्नडन निवासी भाइ घनेन्द्र लामिछानेले मलाई जोर दिएपछि भर्जिनिया आएकै दिन हामी दाजुभाइ होमनाथ बुबालाई भेट्न साउथ राइडिङ गर्यौं । त्यो होमनाथ बुबाका जेष्ठ सुपुत्र पुरुजीको निवास रहेछ। त्यहीँ हो मैले पहिलो पटक नन्दादेवी आमा, होमनाथ बुबा (म होमनाथ दाजु भन्थैं, फोनमा हाम्रो कुराकानी पहिले पनि भएको थियो) पुरुजी, कल्पना सुवेदी (पुरुजीकी धर्मपत्नी), कल्पनाजीकी माताजीसँग भेट भएको थियो । उहाँले अनेसासबारे धेरै कुराकानी गर्नुभयो र हामीले साथमा रात्रीभोज गरेका थियौं । पछि म वुडब्रिज गएको थिएँ कुनै कामले । नन्दादेवी आमाले पकाउनुभएको तातो मीठो व्यञ्जन भोजन गर्ने अवसर मिल्यो । मलाई सम्झना छ, उहाँले मलाई घरपछाडिको बारीबाट टाटेसिमीको तरकारी पठाउनुभयो ।

यी भेटेका अतिरिक्त अनेसासका कार्यक्रमहरूमा होमनाथ बुबा जहाँ जानुहुन्छ, आमा साथमै हो । वुडब्रिजको लिजभेनिया पार्कमा भएको भानुजयन्तीमा घरमा पकाएर ल्याएका खानेकुरा करीब दुई सय सहभागीलाई उहाँ आफैँले बाँड्नुभएको सम्झना आइरहन्छ । एकजना निरक्षर नारी भएर पनि मञ्च पाएपछि धेरै बोल्नुपर्ने पतिलाई बीचमा रोक्न र मन्तव्य सिध्याउन सदैव सम्झाइरहने समयको परिपालक नारीका रूपमा उहाँले आफूलाई अनेकन कार्यक्रममा प्रस्तुत गर्नुभयो ।

अनेसासको स्थापना, यसको विकास, घरायसी कुरामा प्रायः ढुक्क देखिनुहुने पतिलाई हरएक कुरामा सघाउँदै अमेरिका, नेपाल र विश्वका विभिन्न देशमा भएका अनेसासका कार्यक्रम, सम्मेलन, समारोहहरूमा पुगेर सबैसित उस्तै प्रेमिल र अभिभावकीय व्यवहार प्रस्तुत गर्नुहुने नन्दादेवी आमा वास्तवमा तीन सन्तान (पुरु सुवेदी, प्रकाश सुवेदी र डा कल्पना सुवेदी) की आमामात्र नभई एसिया, युरोप, अफ्रिका अस्ट्रेलिया र अमेरिकामा फैलिएको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजकी आमा भएर सन्तानका रूपमा पालनपोषण गरी यसलाई यौवनअवस्थाको संस्था बनाउनुभयो । परिवारमा कोही नारी महान् भयो भने नारीको मात्र र पुरुष महान् भयो भने पुरुषको मात्र प्रशंसा र सम्मान गर्ने हाम्रो चलन व्याप्त छ । अर्को पक्ष सदैव ओझेलमा रहेर महत्वपूर्ण काम गरिरहेको हुन्छ । तर होमनाथ सुवेदी बुबाले नन्दादेवी आमालाई त्यो अवस्थामा पर्दापछाडि राख्नुभएन, उहाँले साथमा लिएर हिँड्नुभयो । अनि नन्दा आमा नि, के उहाँ एक अध्यक्षकी पत्नी भएर एउटा सम्मान्यको कुर्सीमा दर्शक दीर्घामा बसिरहनुभयो ? होइन, उहाँले आफ्नो उपस्थिति मौलिक विशेषताका साथ प्रस्तुत गर्नुभयो । गीत गाएर, नाचेर, खाना बाँडेर, भेटेका

सबैसित भलाकुसारी गर्दै परिवारका अन्य सदस्यको अवस्थाबारे सोधेर अनि आफ्नै पतिको समयप्रतिको बेहोसीमा सजग गराएर उहाँले प्रेम, जिम्मेवारी, कर्तव्य, अपनत्व बाँडिरहनुभयो ।

व्यक्तिमा भएको ऊर्जा भन्ने कुरा आँखाले देखिँदैन, एकाध जान्ने व्यक्तिले मात्र यसको अनुभव गर्न सक्छन् तर त्यो अदृश्य कुराले सबैलाई प्रभाव भने पारिरहेको हुन्छ। यो इन्द्रियबोधको विषय होइन। नन्दादेवी आमामा त्यो अभिभावकीय आकर्षण थियो, जसको नजिक पुगेपछि सबैलाई बात्सल्यको प्रेम पाएको अनुभूति हुन्थ्यो । नाताले कसैले दिदी, कसैले भाउजू, कसैले काकी, कसैले मेडम त कसैले आमा भन्नु स्वाभाविक र सहज हुने कुरा भयो, तर सबैले पाउने माया उहाँबाट मातृवत् माया थियो । भोग्ने व्यक्तिलाई बोली र व्यवहार एकैसाथ उसै गरी प्रस्तुत भएपछि मात्र यो मायाको बोध हुन्छ ।

माथि नै मैले लेखेँ, नन्दा आमाले सात वर्ष मस्तिष्कघातपछिको अर्धचेत हुँदै अचेत जीवन व्यतित गर्नुभयो । बोल्न अशक्त एक बालिकाको व्यवहार आफ्ना पति र सन्तानका अघि उहाँले नचाहेर प्रस्तुत गरिरहनुभयो ।

महाभारतमा एउटा प्रसङ्ग आउँछ, भीष्म पितामहले त्यत्रो युद्धका क्रममा पीडाग्रस्त भएर शरीरमा अडिएका बाण नै बाणको टेकामा सुत्नुपरेको थियो । उहाँलाई सबैले भेट्न आए– पाण्डव, बाँचेका कौरव अनि र नातेदार तथा महारथीहरू। साथमा भगवान् श्रीकृष्ण पनि आउनुभयो । भीष्म पितामहले भगवान् श्री कृष्णसँग सबैलाई बाहिरू जान अनुरोध गरी एकान्तमा सोध्नुभएको थियो रे, “मैले पूर्वजन्मको कुन जुनीमा गरेको के पापका कारण यस्तो पीडामा बाँच्नुपरेको हो, म केही दिनमा इच्छामृत्यु ग्रहण गर्दैछु, त्यसअघि जान्न चाहन्छु ।”

भगवान् श्रीकृष्णले भन्नुभयो रे, “हजुर आफ्ना पूर्वजन्म सबै देख्न सक्नुहुन्छ त, एक पटक हेर्दै जानुहोस् न, थाहा पाइहाल्नुहुन्छ नि ।” भीष्म पितामहले आफूले १०० जन्मसम्म हेर्दा पनि यो सजाय भोग्ने अपराध नगरेको कुरा सुनाउनुभयो रे । भगवान् श्रीकृष्णले उहाँलाई १०१ औँ जन्मका घटना हेर्न सल्लाह दिनुभयो रे ।

यस जन्ममा सचेत भएर नन्दा आमाले सात वर्षसम्म भोगेको यो अचेतताबारे कसैसँग सोध्ने अवसर पक्कै पाउनुभएन, सायद, भगवान्‌को घरमा पुगेपछि उहाँको मुक्त चेतनाले अवश्यै सोध्यो वा सोध्छ होला ।

हामीले पितामाताको सेवा गर्ने श्रवणकुमारको मार्मिक कथा सुनेका पढेका छौँ। पतिको पीडामा जीवनभर साथ दिएर सेवा गर्ने पत्नीका कथा सुनेपढेका छौँ। तर, होमनाथ बुबाले रोगले थलिएकी पत्नीको स्याहारसुसारमा कुनै बेला कुनै बहानामा झिँजोझर्को मानेको लक्षण प्रस्तुत गर्नुमा त कल्पना पनि भएन, बरु "मैले उनको यो अवस्थामा सेवा गर्ने अवसर लिएर आएको रहेछु" भन्नुहुँदा पत्नीप्रेमको यो अनुपम नमुनाको घटनाले हाम्रो हृदय उहाँप्रतिको सम्मान र प्रेमका कारण पग्लन्छ।

हिजो माघ १ गते नन्दा आमाको पुण्यात्माले नश्वर देह त्याग गरेको आज जानकारी पाएपछि पुरुजीलाई मातृवियोगको शोकमा समवेदना प्रकट गर्दा होमनाथ बुबासित कुरा गर्न पाएँ। बुबाले आज यो वियोगका अवस्थामा पनि हाँसेर (हामी भिडियो कलमा थियौँ) यही कुरा दोहोऱ्याउनुभयो। अध्यात्मदर्शन र वेदान्तको अध्ययन र त्यसबारे कुरा गर्न रुचाउन थाल्नुभएका बुबाको बानीबारे एक वर्षअघि अस्पतालमा नन्दादेवी आमालाई भर्ना गरेका बेला पार्वती र म भेट्न जाँदा पनि थाहा पाइसकेका थियौँ। सांसारिक मायामोहलाई जीवनको उत्तरार्धमा त्याग्दै गएपछि व्यक्ति शरीर, सम्पत्ति र सांसारिक मोहबाट मुक्त हुन्छ र यसले नै चेतनाले महाकाशमा फैलने अवसर पाउँछ। म को हुँ र मेरो शरीर केका लागि हो भन्ने बोध चेतना छँदै व्यक्तिमा हुँदै जानुपर्दछ। यो पूर्वीय अध्यात्मदर्शको मुख्य सार हो।

नन्दादेवी आमाले शरीर छाडे पनि आफ्नो मानवीय गुण छोराछोरीलाई छोडिदिएर जानुभएको छ। समाजसेवामा पुरुजी र कल्पनाजीले आफ्ना तर्फबाट अनुपम नमुना डीसी क्षेत्रका प्रवासी नेपाली समुदायका माझ विगत केही दशकदेखि अनवरत रूपमा प्रस्तुत गर्दै आउनुभएको छ। अनेसासका माध्यमबाट सुवेदी परिवारसँग जोडिएको यो आत्मिक सम्बन्ध पछिल्लो समय पुरुजी र कल्पनाजीले जीवन विज्ञान अमेरिकाको संस्थापक कार्यसमितिमा जोडिनुभएपछि अझ सघन र आत्मीय बनेको छ। सबैका लागि म हुँ र सबै मेरा लागि हुन् त्यसैले सबैलाई मैले केही न केही योगदान वा सहयोग गर्नुपर्छ भन्ने भाव दुवै दाजुबहिनीमा मैले नजिकबाट देखेको छु। प्रकाशजीसँग मेरो नजिकबाट हिमचिम नभइसकेको भए पनि आमा र बाले समाजलाई दिनुभएको योगदानको गुणबाट प्रकाशजी कसरी टाढा हुनुहोला र भन्ने मेरो अनुमानलाई उहाँले आफू पछिल्ला केही वर्ष पूर्वीय दर्शन र वेदान्तको अध्ययनमा रमिरहेको बताउनुभएर अझ प्रस्ट पारिदिनुभयो। मातृवियोगमा दाजु पुरु रोइरहनुहुँदा पनि शान्त देखिनुहुने प्रकाशजी संसारको रीत यही हो यसमा शोक गर्नुभन्दा यसलाई आत्माको रूपान्तरणको एक उत्सवका

रूपमा लिनुपर्ने भनी आमाको पार्थिव शरीरको अन्तिम दर्शन गरी श्रद्धाञ्जली दिन आउने आगन्तुकलाई सम्बोधन गर्दा बताइरहनुभएको थियो ।

आफूलाई पर्दा शोकजस्तो लाग्ने र अरूलाई समवेदना र सहानुभूतिका शब्दहरू प्रकट गर्न अलिक सहज हुने यो अवस्थालाई म स्वयंले पार गरिसकेको छु। १५ वर्षअघि पिताजीको स्वर्गवासबाट आहत भएको म र मेरा भाइबहिनीले त्यसको १५ महिनामा आमालाई पनि संसारबाट विदा गर्नुपरेको थियो। पिताजीको शोक भोगिसकेको मैले प्रकाशजीले भन्नुभएजस्तै आमाको स्वर्गवास हुँदा आगन्तुक र परिवारजनलाई संसारको शाश्वत रीतबारे बताउने साहस बटुलिसकेको थिएँ। जन्मको द्वारबाट जीवनमा प्रवेश गरेको एक मानिस मृत्युको अदृश्य द्वारबाट बाहिरिन्छ। जन्म र मृत्युमा फरक यही हो, जन्मँदा प्राणीले शरीरका साथ आमाको गर्भबाट शरीरमा प्राण लिएर जमीनमा प्रकट भएको हुन्छ। मृत्युका रूपमा रूपान्तरण हुँदा जन्मेका बेला पहिलोपटक एक्कासि देखिएको शरीर यही धरामा छोडेर आत्मामात्र जान्छ, त्यो पनि नदेखिने गरी। यो एक रहस्यबाहेक जीवन वा प्राण रहँदै शरीर पलपल मरिरहेको हुन्छ वा रूपान्तरण भइरहेको हुन्छ। दैनिक रूपमा नभए पनि केही वर्षको खण्ड बनाएर हेर्दा शरीरको एक रूप मरेर अर्को रूप यही जीवनमा देखिने हामी सबैले अनुभव गरकै छौँ। यसरी हेर्दा मृत्युले शरीरलाई निष्प्राण बनाउने हो। शरीरका लागि शोक गर्ने हो वा आत्माको खोजीका लागि शोक गर्ने हो भन्ने भ्रममा हामी नै पनि अल्मलिइरहेका हुन्छौँ।

जीवनभर अर्थात् दश वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएर बाँकी जीवनलाई फुलाउन फलाउन सुवेदी परिवारमा भित्रनुभएकी आदरणीय आमा नन्दादेवीले हाम्रो नेपाली समुदायका प्रवासमा र नेपालमा रहेका हजारौँ जनसित वात्सल्य र मानवीय प्रेम बाँड्नुभएको रहेछ।

करीब निरक्षर रहेर पनि तीनजना छोराछोरीको पूर्ण हेरचाह, शिक्षादीक्षामा सक्रिय रहनुका साथै उहाँले पति होमनाथ सुवेदीज्यूको सामाजिक सेवा, साहित्य सेवा र राजनीतिका अलावा निजी साहित्यिक सिर्जनशीलताको रुचिमा साथ दिइरहनुभयो मात्र होइन, पतिलाई पूर्ण सफल बनाउनुभयो। अमेरिका, युरोप, अस्ट्रेलिया र एसियाका कैयन मुलुकमा भएका साहित्यिक कार्यक्रम, समारोह तथा सम्मेलनहरूमा होमनाथ बुबाका साथ उहाँ सरिक त हुनुभयो नै, त्यहाँ उपस्थित हरएक उमेरका नेपालीजनलाई परिवारको सदस्यलाई जस्तो माया र वात्सल्य बाँडिरहनुभयो। डिसीक्षेत्रमा भेटिएकालाई घरमा आउन निम्ता दिने र घरमा पुगेका

लाई फऱ्याकफुरुक मिठोमसिनो खुवाउनुका साथै आफैँले बारीमा फलाएर तयार पारेका मौसमी र बेमौसमी तरकारी (फ्रिजबाट झिकेर पनि) घर पठाउने उहाँको बानीलाई अन्तिम श्रद्धाञ्जली व्यक्त गर्न आउने मानिसहरूले रुँदै अभिव्यक्त गर्दा पनि उहाँको महान् हृदयको पूर्ण पहिचान हुन्छ।

अन्तिम श्रद्धाञ्जलीका क्रममा करीब एक महिनाको अन्तिम अस्पताल बसाइका क्रममा भएको देहान्तको सूचना पुरुजीले फेसबुकमा पोस्ट गर्नुभएको ५ घन्टा नपुग्दै अनेकन फेसबुक स्टाटस तथा कमेन्टमा १५ सय जनाको अभिव्यक्ति प्रकट भएको कुरा होमनाथ बुबाले सुनाउनुभयो। भर्खर हिउँ परेर अस्तव्यस्त भएको बाटो छिचोल्दै सूचना प्रवाह भएको १० घन्टा बित्दानबित्तै मेरिल्यान्ड, भर्जिनिया तथा क्यारोलाइनाका करीब अढाइ स्वजन वुडब्रिजको चर्चको सामान्य हलमा खचाखच भएर अन्तिम श्रद्धाञ्जली दिँदै थिए। त्यति नै बेला नातिनातिनाले हजुरआमासितका संस्मरणहरू सुनाउँदै आँसु बगाए। पुरुजीले आमाले गर्नुभएको सङ्घर्ष र उहाँको साहसको संस्मरण गर्नुभयो। ‘कल्पे’ का रूपमा आमाकी प्रिय कल्पनाजीले आमाले उहाँका जिम्मेवारी आफूमा सारेर जानुभएको बताउनुभयो। आमाको श्रद्धाञ्जलीमा उहाँले आमाले आफूलाई संसारप्रतिको दायित्वबोध र कर्तव्यपथ देखाएर जानुभएको भावसहितको कविता वाचन गर्नुभएको थियो।

विशाल डायस्पोरा र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक सदस्य आमा नन्दादेवीको संस्मरणमा अनेसास केन्द्रले एक श्रद्धाञ्जलीसभा जुम आयोजना गर्दै फेसबुकमा गत शनिबार लाइभ गऱ्यो। २४ सय आजीवन सदस्य र तिनका परिवार नेपाल, अमेरिका, क्यानडा, मध्यपूर्व, जापान, कोरिया, अस्टेलिया, युरोपेली देशहरू, अफ्रिका, भारत, भुटान, थाइल्यान्ड, म्यानमार तथा अनेकन अरू देशहरूमा विस्तारित छन्। अनेसासका संस्थापकी धर्मपत्नी, आफैँ सक्रिय रूपमा सबैतिर पुग्न र सबैलाई वात्सल्य प्रेम दिन पुग्नुहुने अनेसासकी आदरणीय आमा नन्दादेवी सुवेदीको वैकुण्ठबासी पुण्यात्माले सुवेदी परिवार अनि सत्याल परिवारको सन्तान दरसन्तानलाई सदैव आशीर्वाद दिइरहोस्। अनेसास परिवारका सबैलाई संस्था र डायस्पोराका नेपाली समुदायप्रति अगाध प्रेम र अपनत्वको भावनाका साथ बाँधिन सदैव प्रेरणा दिइरहोस्। म, मेरी धर्मपत्नी, मेरो परिवार तथा अनेसास परिवारका सबैको तर्फबाट एक ट्रस्टी तथा पूर्व पदाधिकारीका रूपमा उहाँको पुण्यात्माप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु। पत्नीवियोगको शून्यतामा रहनुभएका आदरणीय बुबा होमनाथ सुवेदीज्यू, मातृवियोगमा शोकमग्न प्रिय पुरुजी,

प्रकाशजी र कल्पनाजीका साथै सबै परिवारका सबै शोकाकुल जनमा परमेश्वरले सहन गर्न शक्ति प्रदान गरून्, यही प्रार्थनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछु। अनेसास परिवारको एक सदस्यका रूपमा हामीमा परेको यस शोकको अवस्थामा अनेसास परिवारका सबै जनप्रति हार्दिक यो शोकलाई सिर्जना र प्रेममा रूपान्तरण गर्न उर्जा मिलिरहोस् भनी कामना गर्दछु।

हुन्छ वा रूपान्तरण भइरहेको हुन्छ। दैनिक रूपमा नभए पनि केही वर्षको खण्ड बनाएर हेर्दा शरीरको एक रूप मरेर अर्को रूप यही जीवनमा देखिने हामी सबैले अनुभव गरकै छौँ। यसरी हेर्दा मृत्युले शरीरलाई निष्प्राण बनाउने हो। शरीरका लागि शोक गर्ने हो वा आत्माको खोजीका लागि शोक गर्ने हो भन्ने भ्रममा हामी नै पनि अल्मलिइरहेका हुन्छौँ।

जीवनभर अर्थात् दश वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएर बाँकी जीवनलाई फुलाउन फलाउन सुवेदी परिवारमा भित्रनुभएकी आदरणीय आमा नन्दादेवीले हाम्रो नेपाली समुदायका प्रवासमा र नेपालमा रहेका हजारौँ जनसित वात्सल्य र मानवीय प्रेम बाँड्नुभएको रहेछ। करीब निरक्षर रहेर पनि तीनजना छोराछोरीको पूर्ण हेरचाह, शिक्षादीक्षामा सक्रिय रहनुका साथै उहाँले पति होमनाथ सुवेदीज्यूको सामाजिक सेवा, साहित्य सेवा र राजनीतिका अलावा निजी साहित्यिक सिर्जनशीलताको रुचिमा साथ दिइरहनुभयो मात्र होइन, पतिलाई पूर्ण सफल बनाउनुभयो। अमेरिका, युरोप, अस्ट्रेलिया र एसियाका कैयन मुलुकमा भएका साहित्यिक कार्यक्रम, समारोह तथा सम्मेलनहरूमा होमनाथ बुबाका साथ उहाँ सरिक त हुनुभयो नै, त्यहाँ उपस्थित हरएक उमेरका नेपालीजनलाई परिवारको सदस्यलाई जस्तो माया र वात्सल्य बाँडिरहनुभयो। डिसीक्षेत्रमा भेटिएकालाई घरमा आउन निम्ता दिने र घरमा पुगेका लाई फऱ्याकफुरुक मिठोमसिनो खुवाउनुका साथै आफैँले बारीमा फलाएर तयार पारेका मौसमी र बेमौसमी तरकारी (फ्रिजबाट झिकेर पनि) घर पठाउने उहाँको बानीलाई अन्तिम श्रद्धाञ्जली व्यक्त गर्न आउने मानिसहरूले रुँदै अभिव्यक्त गर्दा पनि उहाँको महान् हृदयको पूर्ण पहिचान हुन्छ।

अन्तिम श्रद्धाञ्जलीका क्रममा करीब एक महिनाको अन्तिम अस्पताल बसाइका क्रममा भएको देहान्तको सूचना पुरुजीले फेसबुकमा पोस्ट गर्नुभएको ५ घन्टा नपुग्दै अनेकन फेसबुक स्टाटस तथा कमेन्टमा १५ सय जनाको अभिव्यक्ति प्रकट भएको कुरा होमनाथ बुबाले सुनाउनुभयो। भर्खर हिउँ परेर अस्तव्यस्त भएको बाटो छिचोल्दै सूचना प्रवाह भएको १० घण्टा बित्दानबित्तै मेरिल्यान्ड,

भर्जिनिया तथा क्यारोलाइनाका करीब अढाइ स्वजन वुडब्रिजको चर्चको सामान्य हलमा खचाखच भएर अन्तिम श्रद्धाञ्जली दिँदै थिए, त्यति नै बेला नातिनातिनाले हजुरआमासितका संस्मरणहरू सुनाउँदै आँसु बगाए। पुरुजीले आमाले गर्नुभएको सङ्घर्ष र उहाँको साहसको संस्मरण गर्नुभयो। 'कल्पे' का रूपमा आमाकी प्रिय कल्पनाजीले आमाले उहाँका जिम्मेवारी आफूमा सारेर जानुभएको बताउनुभयो। आमाको श्रद्धाञ्जलीमा उहाँले आमाले आफूलाई संसारप्रतिको दायित्वबोध र कर्तव्यपथ देखाएर जानुभएको भावसहितको कविता वाचन गर्नुभएको थियो।

विशाल डायस्पोरा र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक सदस्य आमा नन्दादेवीको संस्मरणमा अनेसासले एक श्रद्धाञ्जलीसभा जुम आयोजना गर्दै फेसबुकमा गत शनिबार लाइभ गऱ्यो। २४ सय आजीवन सदस्य र तिनका परिवार नेपाल, अमेरिका, क्यानडा, मध्यपूर्व, जापान, कोरिया, अस्टेलिया, युरोपेली देशहरू, अफ्रिका, भारत, भुटान, थाइल्यान्ड, म्यानमार तथा अनेकन अरू देशहरूमा विस्तारित छन्। अनेसासका संस्थापककी धर्मपत्नी, तथा संस्थापिका आफैँ सक्रिय रूपमा सबैतिर पुग्न र सबैलाई वात्सल्य प्रेम दिन पुग्नुहुने अनेसासकी आदरणीय आमा नन्दादेवी सुवेदीको वैकुण्ठबासी पुण्यात्माले सुवेदी परिवार अनि सत्याल परिवारको सन्तान दरसन्तानलाई सदैव आशीर्वाद दिइरहोस्। अनेसास परिवारका सबैलाई संस्था र डायस्पोराका नेपाली समुदायप्रति अगाध प्रेम र अपनत्वको भावनाका साथ बाँधिन सदैव प्रेरणा दिइरहोस्। म, मेरी धर्मपत्नी, मेरो परिवार तथा अनेसास परिवारका सबैको तर्फबाट एक ट्रस्टी तथा पूर्व पदाधिकारीका रूपमा उहाँको पुण्यात्माप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु।

पत्नीवियोगको शून्यतामा रहनुभएका आदरणीय बुबा होमनाथ सुवेदीज्यू, मातृवियोगमा शोकमग्न प्रिय पुरुजी, प्रकाशजी र कल्पनाजीका साथै सबै परिवारका सबै शोकाकूल जनमा परमेश्वरले सहन गर्न शक्ति प्रदान गरून्, यही प्रार्थनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछु। अनेसास परिवारको एक सदस्यका रूपमा हामीमा परेको यस शोकको अवस्थामा अनेसास परिवारका सबै जनप्रति हार्दिक यो शोकलाई सिर्जना र प्रेममा रूपान्तरण गर्न ऊर्जा मिलिरहोस् भनी कामना गर्दछु।

*(इनेप्लिज २०८० माघ ११ गते २:३५ मा प्रकाशित)*

# अनेसासमा नन्दा दिदीको अमिट छाप छ



**प्रेमराजा महत**
**मेरिल्यान्ड पेन्सेल्भिेनियाका लागि महावाणिज्यदूत**

हामी एकै ठाउँमा बस्यौँ, हुर्कियौँ। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका फादर होमनाथ सुवेदीकी श्रीमती नन्दादेवी सुवेदीको दिवङ्गतिमा हामीलाई अत्यन्त दुःख लागेको छ। यो हामी सबैको क्षति हो। आदरणीय दाइलाई धैर्य धारण गर्ने शक्ति मिलोस्। नेपाल सरकार र नेपालका मेरिल्यान्ड पेन्सेल्भिेनियाका लागि महावाणिज्यदूतका तर्फबाट म भन्छु। होमनाथ सुवेदीको साहित्य सेवामा हरएक कदममा कदम चलाएर नन्दा दिदीले जे काम गर्नुभयो त्यसको अमिट छाप छ। होमनाथ सुवेदीको शालिक बन्यो भने उहाँको साथमा नन्दा दिदीको पनि हुनुपर्ने उहाँ हक राख्नुहुन्छ।

म मेरो मनको नेपाली झन्डा ओढाएर नेपाल सरकारकातर्फबाट उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

# ANS को कार्यक्रमहरूमा

नन्दा आन्टीसित हाम्रो सम्बन्ध त्यो तिसौँ वर्षदेखिको हो। हामी ANS को कार्यक्रमहरूमा सँगै जान्थ्यौँ, गाउथ्यौँ, नाच्थ्यौँ। मेरो बुबा राम मालाकार त्यो बेलाको ANS को अध्यक्ष हुनुहन्थ्यो। उहाँले आन्टीको स्वर्गारोहण भएको खबर पाउँदा साथ 'म बिरामी छु, जान सकिनँ, तिमीहरू जाऊ र 'मेरो पनि समवेदना श्रद्धाञ्जली छ' भनेर भन्नू भन्नुभएको छ। हामी हाम्रो घर, परिवारको तर्फबाट आन्टीको वैकुण्ठबास होस् श्रद्धाञ्जली गर्छु र उहाँको परिवारमा समवेदना प्रकट गर्दछु।



**सरोज प्रजापति**
**उपाध्यक्ष, नेपाली शिक्षा तथा सांस्कृतिक केन्द्र**

# उत्प्रेरणाको श्रोत



**रविना थापा**
*पूर्व अध्यक्ष*
*गैर आवासीय नेपाली संघ*

नन्दा आमा त साहसी हुनुहुन्थ्यो । होमनाथ दाइको घरगाउँमा मेरो मावली हो। यता काठमाडौँमा म बस्दा म सानै थिएँ। मेरो आमा र उहाँको बीच राम्रो सम्बन्ध थियो। मैत्रीभाव थियो। भर्खर पुरुषोत्तम अमेरिका आएको अवस्था थियो। सानु भाइ प्रकाश र कल्पना नेपालमा नै आमासित थिए। मेरो आमा र उहाँका साथीहरूमा कुराकानी गरिरहनुहुन्थ्यो। त्यसपछि काठमाडौंबाट उहाँहरू अमेरिका जानु भो भन्ने कुरा सुनेको थिएँ। पछि हामी पनि अमेरिका आयौँ। आए पछि उहाँलाई भेट्न गयौँ।

उहाँले सान्त्वना दिनुहुन्थ्यो। सङ्घसंस्थामा पनि काम गर्नुपर्छ। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजमा काम गर न भए अमेरिका नेपाल सोसाइटीमा काम गर, यस्तो सेवाको फल कतै न कतैबाट पाइन्छ भन्नुहुन्थ्यो। हामीले पनि त्यस्तै गरेकोले होला अहिले म गैर आवासीय नेपाली संघ (NRNA) को अध्यक्ष पनि भइसकेँ। हामी बाल्टिमोरबाट राम, हिक्मतजस्तै धेरै साथीहरू INLS को भानुजयन्ती मनाउन लिसेल्भेनिया स्टेटपार्कमा आउथ्यौँ।

उहाँले नेपालबाट आएका नयाँ मान्छेहरूलाई धेरै माया गर्नुहुन्थ्यो, खुवाउनु हुन्थ्यो र अगाडि के गर्ने बाटो देखाउनु हुन्थ्यो। आइ.डी नभएकालाई आइ.डी नभए यो देशमा काम छैन, आइ.डी लिएर आउनू भन्नुहुन्थ्यो। ड्राइभ सिक्न गाह्रो छ भन्नेलाई 'के गाह्रो छ, सिधा बाटोमा स्टेरिङ्ग सिधा राख्नू, घुमाउरो बाटोमा यसो थोरै घुमाउनू, त्यति हो' भन्नुहुन्थ्यो। उहाँले आफूले अंग्रेजी पढेर ड्राइभिङ्ग लाइसेन्स

लिनु भयो र सिटिजनशिप पनि लिनुभयो। उहाँले अमेरिकाको प्रौढ शिक्षा क्लास गएर अङ्ग्रेजी सिक्नु भयो र knowledge test पास गर्नु भयो। अनि road test पनि पास गर्नु भयो।

संघसंस्थामा गएर पनि नडराईकन गाएर नाच्नुहुन्थ्यो, गाउनुहुन्थ्यो। त्यसरी नाच्दा अरू पनि गाएर नाच्थे। उहाँ गएको ठाउँमा एकदम रमाइलो हुन्थ्यो। यस्ता positive कुरा थिए। उहाँ साहसी महिला हुनुहुन्थ्यो। त्यसैले पनि बाल्टिमोरदेखि हामी यहाँ उपस्थित भएका छौँ। अरू पनि धेरै व्यक्तिहरू यहाँ उपस्थित हुनुहुन्छ। यो उहाँप्रति समाजमा भएको आस्था र विश्वास हो। भन्नुपर्ने कुरा त धेरै छन्। तर समय छैन। उहाँ त्यस्तो हुनुहुन्थ्यो र त होमनाथ दाइले पनि उहाँलाई कुनै पनि पतिले गर्नु पर्ने सेवाभन्दा कम गर्नु भएन। बरु यति धेरै सेवा गर्नुभयो। समाजमा आम पुरुषहरूले पनि उहाँको सिको गर्नुपर्दछ। मलाई लाग्छ।

म उहाँप्रति हार्दिक श्रद्धाञ्जली होमनाथ सुवेदी, पुरुषोत्तम सुवेदी, प्रकाश सुवेदी, डा.कल्पना सत्याल छोरा छोरी र नाति नातिना सबैलाई समवेदना प्रकट गर्दछु।

❋❋

*माघ १७, २०८०*
*उड्ब्रिज, भर्जिनिया*

# दिदी म 'बाई भन्दिनँ' !



**भीमप्रसाद रेग्मी**
**संस्थापक सदस्य अनेसास,**
**पूर्वअध्यक्ष, अनेसास केन्द्र**
*मनासस, भर्जिनिया*

मेरी आमा कलावती रेग्मी र दिदी नन्दादेवी सुवेदी बालशखा हुनुहुन्छ। मेरी आमा र दिदीमा २ वर्षको फरक थियो। आमाको कान्छो छोरा म दिदीको काख सानैदेखि पाएँ।

हामी नवलपरासी सरेपछि दिदीसँग सायदै भेट भो। पछि काठमाडौंमा विद्यार्थी भएर पुग्दा दिदी भान्जाभाजी त्यहीँ हुनुहुन्थ्यो। मैले फेरि आमा छोडे पनि काख पाइरहेँ।

भिनाजु अमेरिकामा हुनुहुन्थ्यो। दिदी र भान्जीलाई स्पोन्सर पठाउनु भो। तत्कालीन व्यवस्थाअनुसार जिल्लामा गएर पासपोर्टको सिफारिस लिनुपर्ने थियो। १५ दिनको समय सबै प्रायः असम्भव थियो। मेरा साथीहरूको सहयोगमा सबै काम भयो। दिदी र भान्जीको भिसा लाग्यो। त्रिभुवन विमानस्थल आएँ। दिदी चढेको बिमान ओझेल नपर्दासम्म हेरेँ र सोचेँ अब दिदीलाई मैले कहिल्यै भेट्ने छैन।

यता आउनु-अगाडि मेरो बिचारमा नवलपरासीमा सीतालाई रातो कपडाले गृह प्रवेश गराउन दिदीले रोक्नु भो, मैले भनेँ- दिदी! रूपैयाँले हुन्न, डलर मसँग छैन। दिदीले गाली गरी भन्नु भो- जे कुरामा पनि मजाक लाग्छ तँलाई, भयो। त्यही १ महिनामा दिदी अमेरिकाका लागि उड्नु भो। कुरा सन् १९९० को हो।

त्यति बेला अमेरिका भनेको प्रायः असम्भव थियो । दिदी यता आउनु भो । म मेरा आफ्ना तरेलीमा बग्दै अधिवक्ता भएर नवलपरासी वकालत गर्न पुगेँ । चिठीपत्र आउने जाने हुन्थ्यो, यदाकदा ।

१ वर्षपछि थाहा पाएँ । भान्जा प्रकाश र बुहारी कल्पना अमेरिका जाँदै हुनुहुन्छ । काठमाडौँ आएर एयरपोर्टमा फेरि विमान ओजल नपर्दासम्म हेरिरहेँ ।

फर्कदा एउटा प्रश्न मनमा आयो– म किन अमेरिका नजाने । फेरि मेरै तरेलीमा फर्के । १९९१ मा एउटा अवसर आयो । दिदी भिनाजुलाई चिठी लेखेँ । ९ दिन पछि दिदी भिनाजुले फोन गर्नुभो । घरमा फोन हुन्थेन । सरकारी अफिस अस्पताल जानुपर्दथ्यो । मेरो फोनको जबाफमा फोनमा नै भन्नुभयो –प्रोसेस गर ।

१९९१ मे १६ मा डलास एयसपोर्टमा झरेँ । दिदी भिनाजु लिन आउनुभएको रहेछ । दिदी एकापट्टि म अर्कोपट्टि फर्केर रोयौँ । वुडब्रिज घर आइयो । भान्जाभान्जी सँगै धेरै शुभ प्यार सहित केही दिन बसेँ ।

अब मलाई आफ्ना कुराले सताउन थाल्यो । काम, पढ्ने क्रममा म बाल्टिमोर पुगेँ । अझै त्यहाँका नेपालीले बाल्टिमोरको पहिलो नेपाली भनेर चिन्दछन् मलाई ।

कहिले छोडौँ समयमै फर्कौँजस्तो लाग्दथ्यो तर जब हप्तामा १ दिन छुट्टी हुँदा वुडब्रिज आउँदा फेरि बस्ने जाँगर चलेर आउँथ्यो । अनेक हन्डर पछि सीता र छोरालाई लिन नेपाल पुगेँ । त्यति बेला दिदी भिनाजु नेपालमै हुनुहुन्थ्यो । केही समयको नेपाल बसाइ पछि म श्रीमती र छोरा लिएर फर्केँ ।

दिदी भिनाजु फर्कनु भो । म टाढा बस्दिनँ भनेर दिदी, भिनाजु, भान्जा र भान्जी नजीक नजीक हुन बसाइँ सरेर भर्जिनिया फर्केँ ।

भर्जिनिया फर्केपछि एक परिवारका रूपमा बाक्लै भेटघाट, पर्व अवसर सँगै मनाउने गरियो । दिदीले नाति नातिनी ९ जनाको पालन पोषण गरेको देखेँ । त्योभन्दा बढी मानवको सागर र संसार छैन ।

आफू केही गर्न सकिनँ भन्ने चुनौती दिदीमा सधैँ रह्यो । ९ जना नातिनातिनीको पालन पोषणपछि पनि नेपालमा सामान्य स्कुलसम्म नजानु भएकी दिदीले आफैँ अङ्ग्रेजी पढेर ड्राइभिङ्ग लाइसेन्स लिनु भो, अमेरिकाको सिटिजनको टेस्ट पास गरेर अमेरिकन सिटिजन बन्नु भो ।

सधैँ सबैको प्रिय रहेर अनेसास संस्थापनामा महत्वपूर्ण भूमिका निभाउनुका साथमा अनेसासको श्रीवृद्धिमा महत्वपूर्ण योगदान गरे स्वरूप अनेसासका विविध च्याप्टरले उहाँलाई अनेसासकी माताका रूपमा सम्मान गरेका छन् र दिदीको स्मरणमा सदाका लागि उहाँका सुपुत्र पुरु सुवेदी, म र रीता प्रधानको प्रायोजनमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नन्दादेवी सुवेदी लोक साहित्य पुरस्कार हरएक २ वर्षमा दिने गरी डलर १५००।०० बराबरको पुरस्कार संस्थापना गरिएको छ।

भनिन्छ, हरएक सफल पुरुषको पछाडि महिलाको हात हुन्छ। भिनाजु होमनाथ सुवेदीलाई व्यवस्थापन पाउनमा यदि दिदीको साथ नहुदो हो त आज अनेसास गर्भमै तुहिन सक्थ्यो।

७/८ वर्ष अगाडि दिन याद भएन। भिनाजुको फोन आयो। भीम म अस्पतालमा छु। दिदी बिरामी भएर लिएर आएको। सानो सामान्य होला मधुमेह र उच्चरक्तचापको बिरामी सामान्य अस्पताल visit होला। सोधेँ भिनाजु सबै ठीक छ नि ? भिनाजुले भन्नुभो 'अलि सिरियस छ, तिमी आउन।' म तुरुन्त अस्पताल पुगेँ। Strock भएको रहेछ। आबाजले चिन्नु भो मेमोरीमा हानेको रहेछ। 'तँ भीम हो' भन्नु भो ! म आफैँ ढल्छुजस्तो भो। त्यो मृत्युको मुखबाट दिदीलाई (भिनाजुको हुनसक्छ) कुनै शक्तिले बचायो। दिदी बाँच्नु भो, मृत्युको मुखबाट झिकेजस्तो भो, डिस्चार्ज गरेर घर ल्याइयो।

दिदी बिरामी हुनुभन्दा केही वर्ष अगाडि भिनाजुले पूर्णकालीन सेवा निवृत्त हुनुभएको थियो र दिदीलाई चार धाम, पाँच महादेशको पनि यात्रा गराएर घर ल्याइपुऱ्याउनुभएको थियो। अझै कति योजना थिए। अझै कति संसारभर घुम्ने इच्छा थियो। तीसबै समेटिएर दिदीको बिस्तारामा पुग्यौँ। भिनाजु House Arrest जस्तो २४ घण्टा दिदीको सेवामा लाग्नुभो। समाजमा हुने सम्पूर्ण भेटघाट सम्पर्क छुटे र पनि भिनाजुले दिदीलाई Strock भएको दिनलाई दिदीको नवजन्म र आफूलाई नवपिताका रूपमा ८ वर्षसम्म अनवरत २४ घण्टा छोड्नु भएन। यस्तो श्रीमान् मैले आजसम्म कहीँ देखेको छैन। हामी सबै आउँदो पिढीले भिनाजुबाट शिक्षा लिनुपर्दछ।

क्रिसमस भए, नयाँ वर्ष २०२४ भयो। दिदीको लागि भिनाजु अस्पातलमा हुनुहुँदो रहेछ। मलाई समेत भन्नु भएन। भिनाजुको अस्पातलबाट फोन आयो। भीम, दिदीको अवस्था नाजुक छ। आमा (मेरी आमा) कहाँ हुनुहुन्छ। एकचोटि

देखाउन पाए हुन्थ्यो । म तुरुन्त अस्पतालमा पुगेँ । अक्सिजनको लेबल तल माथि थियो, तर डाक्टरले भोलि डिस्चार्ज गर्न मिल्छ भनेपछि ढुक्क भयौँ ।


पर्सिपल्ट भिनाजुको फोन आयो। तुरुन्तै अस्पातलमा सीता र म पुग्यौँ। भान्जाभान्जी, नातिनातिनी सबै थिए। भिनाजुले भन्नु भो दिदी गई। भकानो फुटेर आयो।

सोचेँ, दिदी जानु नै भयो। जानु भो तर सायद कसैले नभोगेको मृत्यु। पछि छोराछोरी नाति, नातिनी, आफन्त डाक्टरको साथ शान्त मुद्रामा जानु भो, यस्तो मृत्यु भाग्यमानीलाई मात्र प्राप्त हुन्छ।

दिदी हजुर जान त जानु भो तर हरएक सम्पर्कमा रहेका मनमा छाप छोडेर जानु भएको छ। त्यसैले दिदी हजुर जहाँ भए पनि मेरो मनमा हुनुहुन्छ।

म बाई भन्दिनँ है दिदी !

# संस्मरण र समवेदना नन्दाप्रति



**गोपाल पराजुली**
**अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार विजेता तथा मदन पुरस्कार विजेता**
*कोटेश्वर, तीनकुने, काठमाडौँ*

संसारमा सबै कुराको सुरु र अन्त्य गर्ने ईश्वर मानिन्छ। जीवन र मृत्युका बीचमा धेरै आश्चर्यहरू अनुभव गर्न र देख्न हामी विवश छौँ। कसैकसैको जीवनले भविष्य बनाएर जान्छन्। आआफ्ना कर्म क्षेत्रबाट इतिहास र भूगोल बनाएर जान्छन्। म यहाँ त्यस्ती नारीको सम्झना गरिरहेछु जसले आफ्नो होइन नेपाली साहित्यको भविष्य बनाएर यस संसारबाट बिदा भइन्। म तिनैलाई श्रद्धाञ्जली अर्पण गर्न यहाँ उभिएको छु। मेरा अक्षरहरू अहिले भिजेका छन्।

नेपाली साहित्यकी ती आमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) का पिता होमनाथ सुवेदीकी धर्म पत्नीको रूपमा हामी सबैसँग भावनात्मक रूपले जोडिइन् र आफ्नो मिसन पूरा गरेर यस संसारबाट बिदा भइन्। होमनाथ सुवेदीलाई साहित्य सेवा गर्न स्वतन्त्रता दिएर जीवनभर सहयोग गरेर ती गौरवी नारी नन्दाले सबैले एकपटक हिँड्नै पर्ने बाटो हिँडिन्। नेपाली साहित्यका पितालाई कहिल्यै थाक्न नदिने नन्दा यस समयकी प्रथम र अन्तिम प्रेमिका हुन् साहित्यकी।

मृत्यु नन्दालाई लिएर भागेको समाचारले हामी स्तब्ध ! विश्वभर फैलिएको नेपाली साहित्यको सञ्जाल नै स्तब्ध ! नन्दा नभएको भए नेपाली साहित्यले यति ठूलो प्रेम पाउँदैन थियो। एकपटक संसार छोड्नुपर्ने सबैको भाग्य हो। तर गौरवको

कुरा के भने नन्दाले होमनाथलाई आफ्नो जीवनभरको समयले भरपुर सहयोग गरेर, विश्वभर नेपाली साहित्यलाई फैलाएर बिदा भइन् ।

नन्दाको मृत्युको आशा हामीले गरेका थिएनौँ तर भगवान्ले बनाएको एउटा सत्यलाई स्वीकार नगरी सुख थिएन । नन्दा नेपाली साहित्यले पाएको एउटा गिफ्ट हो यो संसारमा । कसैका पत्नीले पतिलाई दार्शनिक बनाउँछन् । कतिले सन्त । नन्दाले अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक तथा पिता होमनाथ सुवेदीजस्ता प्रसिद्ध साहित्यपुरुष बनाइन् । पुरु सुवेदीजस्तै साहित्य रत्न छोरा जन्माइन् । नेपाली साहित्यलाई कहिल्यै अस्ताउन नदिने पुत्ररत्न ।

नेपाली साहित्य र होमनाथलाई जस्टिस गरेर जाने नन्दाले प्रकाश र कल्पनाजस्ता छोराछोरी जन्माइन् । नन्दा मरेकी छैनन्, उनको शरीर मात्र सालिकमा खडा भएको हो ।

एउटा इज्जतपूर्ण मृत्यु अनादरणीय जीवनभन्दा महान् हुन्छ। मानिस मर्दैन मृत्युले जीवनको अर्को बाटो समाउँछ । नन्दाले धर्तीको सेवा गरेर स्वर्गको सेवाको लागि प्रस्थान गरेकी मात्र हुन् । नेपाली साहित्यलाई विश्वमा ल्यान्डिङ गराएर बिदा भएकी नन्दाको प्रस्थान र यात्रा शान्तिमय हुनेछ भन्ने हामीलाई थाहा छ। नन्दाबाट हामीले र म स्वयंले पनि यस संसारमा पाएको स्नेहपूर्ण हेरचाह म र हामी कसैले पनि बिर्सन सक्ने छैनौँ । साहित्यमा प्रवेश गर्ने बाटो हाम्रोअगाडि खुला गरेर बिदा भएकी नन्दाको कहिल्यै नढल्ने सालिक हामीभित्र निर्मित छ।

मृत्युभन्दा जीवन महान् हुन्छ। नन्दाले बालेर गएका हजारौँ मैनबत्ती सधैँ जलेका छन् । त्यो कहिल्यै निभ्ने छैन । त्यो निभ्न नसक्ने आगो सर्वप्रथम नन्दाले होमनाथ सुवेदीको हातमा छोडेर गएकी छिन्। नन्दाले यो संसारमा होमनाथ सुवेदीलाई सुरक्षा गरेर गइन् र ईश्वरले अब नन्दालाई सुरक्षित गरेर राख्नेछन् । नन्दा एक भाग्यमानी पत्नी र भाग्यमानी जीवन भएकी आमा हुन्। सबैका जीवनको आशा नन्दालाई आकाशमा आइरहने सूर्यले हाम्रो बीचमा देखाइरहनेछ। जीवन एउटा ब्याटल हो । यो लडाइँमा नन्दाले होमनाथलाई विजयी बनाएर बिदा भइन् । होमनाथ सुवेदीको सपना हाम्रै सपना हो । नन्दाको महान् जीवनको रेकर्ड बिहान उदाउने सूर्यले बेलुका नअस्ताउने बेलासम्म राख्नेछ ।

नन्दाको मृत्युको पवित्र भार समयले बहन गर्ने नै छ। नन्दाको पवित्र आत्माले मैले समर्पण गरेको श्रद्धा सुमन र नेपाली साहित्यले समर्पण गरेको सत्य बिनाभार बोकिरहनेछ। नन्दाको जीवनको पवित्रता सत्य यो समयको सत्य हो। त्यो बाँचिरहनेछ। कोही आफूसँग बाँच्छन् कोही अरूसँग बाँच्छन्। नन्दा साहित्यसँग बाँचिन्। नन्दाको यो महानताको इज्जतमा नन्दालाई मेरो हातको सुमन राख्न म आफूलाई अहिले अपिल गर्छु।

कति धेरै बाँच्यौं, त्यो ठूलो कुरा होइन, कसरी बाँच्यौं त्यो ठूलो कुरा हो। नन्दाको अमर जीवनले हामीलाई त्यो देखाएर गएको छ। छोटो तर नन्दाको पूर्ण जीवनको लागि नमन गर्छु ! संसारलाई मन पर्ने साधारण तर महान् जीवन जुन प्रकृतिले नन्दामा छोडेको थियो त्यसलाई प्रणाम ! म नन्दालाई जान्दछु - हाम्रो वरदानको रूपमा, नमस्कार ! म नन्दालाई साहित्यकी दूतका रूपमा जान्दछु, जय ! मैले देखेको एउटा सत्य उच्चारण गर्न चाहन्छु, नन्दा !

# साहसी आमा



**पुरु सुवेदी**
**संस्थापक सदस्य अनेसास तथा नाक, सचिव नेपाली अमेरिकन सामुदायिक केन्द्र, मनासस**

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक सदस्य नन्दादेवी सुवेदीको दाह-संस्कारका लागि आज जनवरी १७, २०२४ तदनुसार माघ ३, २०८० को दिनको उड्ब्रिज भर्जिनियाको शोकसभामा म उहाँको जेठो छोरो पुरुषोत्तम  सुवेदी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । टाढा टाढाबाट हाम्री ममतामयी आमालाई सम्झेर माया गरेर हिउ परेको बेलामा पनि आउनु भएकोमा मनैबाट धन्यवाद दिन चाहन्छु । साथै सबै लोकल बाल्टिमोर, राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाहरू जसले मेरो आमाको देन सहयोग देखेर श्रद्धाञ्जली अर्पण गर्नु भयो, यहाँहरूलाई फेरि पनि धन्यवाद दिन चाहन्छु । आमालाई म ' आमा' भन्ने गर्थें । आमा एकदम सङ्घर्षशील र साहसी हुनुहुन्थ्यो । उहाँको बारेमा अरू कुरा त अन्य वक्ताले बोलिसक्नुभयो । सङ्घर्षशील यस अर्थमा हुनुहुन्थ्यो कि उहाँको जन्म नेपालको एकदमै पिछडिएको ठाउँ राक्से, म्याग्दीमा भयो र त्यस बेलाको अर्को पिछडिएको ठाउँ ताकम व्याग्दीमा १० वर्षको उमेरमा विवाह, जिम्मावाल मुखियाको घरमा भयो । १० वर्षको उमेरमा जेठी बुहारी भएर जिम्मावाल मुखियाको घरमा गर्नु पर्ने परम्परा, संस्कृति  पहुनाहरूको सेवा, महिलाहरूप्रतिको समाजको दमन सहँदै हामीलाई जन्म दिनुभयो, पाल्नुभयो अनि एक्लै जस्तो हुर्काउनु भयो । बुबा पढ्नको लागि, गुरुकुल ९ वर्षमा विवाह हुनुअगाडि नै घरबाट टाढा गइसक्नु भएको थियो । पछि एक्लै भागेर काठमाडौँ पढ्न जानु भयो । सानै उमेरमा अकाल-झुकल मात्र पहाडमा आउने जाने गर्नुहुन्थ्यो । हजुरबुबा प्रधानपञ्च भएकोले ती महत्वाकांक्षाले बुबालाई पनि राजनीतितर्फ तानेको थियो र समाजसेवा राजनीति र साहित्यतर्फ

महत्वाकाङ्क्षा धेरै भएकोले घरमा धेरै बस्नु हुदैनथ्यो । कहिले काठमाडौंमा कहिले इन्डियामा, साहित्यमा यहाँहरूले देखिरहनुभएको छ। आमाले धेरै पढ्नु भएको छैन तर उहाँको साहसले उहाँसँग सङ्गीसाथीहरूसँग बहस गर्ने । सहयोग र सेवा गरी साथ दिने गरिरहनु भयो । उहाँको आफ्नो महत्वकाङ्क्षा केही थिएन । उहाँले दिन सक्ने भनेको माया दिने हो । माया दिनमा उहाँले कहीँ कसर छोड्नु भएनछ भन्ने कुरा र धेरै माया दिनु भएको रहेछ भन्ने कुरा यहाँहरूको उपस्थिति र हजारौँले गर्नु भएका श्रद्धाञ्जली र श्रद्धासुमनले प्रत्यक्ष देखाएको छ। हामीले आमालाई उहाँले थाहा पाउने हुँदै कति माया दिन सक्यौँ वा सकेनौँ उहाँलाई मात्र थाहा छ तर उहाँको देहावसानपछि मैले उहाँले सिकाएको पाठ देखाउनु भएको बाटोमा म लागिरहने छु। उहाँको समाज सेवामा लागि रहने पाठ पहाडबाट काठमाडौँ आए पछि बुबाले धौलागिरिजनक्लब खोलेर समाज सेवा, साहित्य सेवामा एकजुट बनाउनको लागिरहदा हामीलाई सहयोग गर्नुपर्छ भनिरहनु भयो र आफूले पनि सकेको गर्नुभयो । त्यो संस्थाले पत्रिका पनि निकाल्ने कामसम्म गऱ्यो । बुबाले पहाडमा रहेका समुदायलाई पुस्तकालय खोली शैक्षिक बनाउनुपर्छ र राजनीति राम्रो बाटोमा लगाउनुपर्छ भनी अन्नपूर्ण पुस्तकालय खोल्नु भयो । मानिसहरू घरमा र काठमाडौँमा रहेको डेरामा आउने जति धेरै हुन्थे । आमाले परिवारको इज्जत राख्न साहसिलो तरिकाले सङ्घर्ष गरिरहनु भयो ।

बुबाले नेपाल प्रज्ञा प्रतिष्ठानमा काम गर्नुभयो । त्यसबेला बुबाले हामीलाई काठमाडौँ नल्याइन्जेल पनि घर थाम्नुभयो । त्यो बेलामा आमा हामीसहित काठमाडौँ आउनु भयो । त्यसपछि बुबा जनक शिक्षा सामग्री केन्द्रमा काम गर्न थाल्नु भयो । त्यसपछि शिक्षामन्त्रालय अन्तर्गत पाठ्यक्रम पाठ्यपुस्तक विकास केन्द्रमा काम गर्नुभयो। त्यसबेला मुमालाई केही आराम थियो तर रेडियोबाट शिक्षकहरूलाई आधारभूत तालिम दिने (पाठ्यक्रम पाठ्यय पुस्तक) रेडियो शिक्षा शिक्षक तालिम परियोजनामा काम गर्न सरेको केही दिनमा बुबा अमेरिका अध्ययनमा गएर नफर्की उतै बस्नुभयो । अमेरिका नआएसम्मका ती दिनहरूमा आमा एक्लै हुनु भयो । हामी धेरै साना थियौँ । एक्लै काठमाडौँजस्तो सहरमा बस्न गाह्रो भयो र उहाँ हामीलाई लिएर फेरि पहाड फर्कनुभयो । बुबा अमेरिकामा अनि हामी पहाडमा अहिलेजस्तो कुराकानी गर्न माध्यमहरू थिएनन् तैपनि उहाँको साहस र सङ्घर्षले पढाइ छुट्न दिनुभएन । हामीलाई कहिलै पनि केही नपुग भएको आभास दिनु भएन । पहाडका कारोवारमा पनि हाम्रो परिवारको इज्जत उँचा नै राख्नुभयो । हामीले आमालाई दिनु पर्ने माया सघाउनु पर्ने जति थियो साना भएकाले सकिएन पनि होला तर उहाँ कहिल्यै बेखुसी हुनु भएन र निःस्वार्थ माया गरिरहनु भयो । त्यसपछि म उच्च

शिक्षाको लागि काठमाडौँ आउनु पर्ने भयो र फेरि बिस्तारै काठमाडौं आयौँ र ६/७ वर्ष अघिको विछोड पछि म लगायत केही वर्षमा आमा र अन्य भाइ बहिनी अमेरिका आयौँ ।

त्यो सिलसिलामा बुबाको महत्वकाङ्क्षा अमेरिकामा पनि ठूलै रहिरहेको थियो । उहाँ सामाजिक संघसंस्थामा नेतृत्व गरी रहनु भएको थियो। जस्तो अमेरिकाको सबभन्दा पुरानो सामाजिक संस्था अमेरिका नेपाल सोसइटीमा नेपाली भाषा समिति खोलेर नेपाली भाषाको प्रयोग उत्थान गर्दै नेपाली भाषामा पत्रिका निकाल्ने एवम् अमेरिका नेपाली सोसाइटीको इतिहासको भिडियो डकुमेन्टरी नेपाली भाषामा बनाउने लगायत नेपाली भाषा, साहित्य, संस्कृति र कलालाई संसारभर फिँजाउन उत्थान गर्न दिगो राख्न नेपालीहरू एकजुट बनाउन अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज स्थापना गर्नु भयो र त्यसको नेतृत्व लिनुभयो । बुबा सधैँ समाजलाई साहित्यमा अगाडि लान तल्लीन हुनु हुने, अनेक प्रकारका मानिसहरूसँग आवत जावत गर्नुहुन्थ्यो। आमा त्यो सबै सही कुरा गर्न दिएर र बेठीकलाई नडराई बेठीक भनेर साहसी तरिकाले बुबासँग र समाजसँग सङ्घर्ष गर्दै हामीलाई सही दिशामा समाजको हितको लागि परिवारले गर्नु पर्ने सहयोग गरिरहनका लागि उत्प्रेरित गरिरहनु भयो साथै आफूले पनि कुरा गरेर हैन काम गरेर उदाहरण देखाउनु भयो उदाहरण बन्नु भयो। यिनै सङ्घर्षहरू बीच अचानक एकदिन बुबाका शब्दमा उहाँको पूनर्जन्म भयो र बुबा उहाँलाई हुर्काउन लाग्नुभयो र त्यसैमा तल्लीन हुनुभयो । हामी सहयोगी मात्र भयौँ । बुबाले मैले नै मेरो छोरीलाई हुर्काउँछु र पहिलाजस्तै साहसी र सङ्घर्षशील र मायालु बनाउँछु भनेर लाग्नु भयो ।

हामीले पहाडमा, काठमाडौँमा, भैरहवाका घरहरूमा बसाइँसराइको सिलसिलामा र अमेरिका बसाइँ भइसकेपछि पनि जति सुविधा, सुख, सन्तोष दिन सक्यो आमाको पुनर्जन्मपछि बुबाले आमालाई त्योभन्दा बढी माया सुख शान्ति दिएको पाएँ। बुबाको आमाप्रतिको पूरा समर्पणले गर्दा नै आमा सुविस्ताका साथ परलोक गमन हुनुभयो। यो कार्यका लागि मेरा परमपूजनीय बुबा होमनाथ सुवेदी हाम्रा लागि पूरा नेपाली र गैर नेपाली समाजका लागि उदाहरणीय बन्नु भयो। आमा बुबाको समर्पणबाट फेरि फर्कन त सक्नु भएन प्रकृतिको नियम  कायमै भयो। बुबाले गर्नु भएको आमाप्रतिको मायालाई धन्यवाद दिँदै परलोक गमन हुनु भएकी मेरी ममतामयी आमालाई हार्दिक श्रद्धाञ्जली श्रद्धासुमन अर्पण गर्दै उहाँको आत्मालाई शान्तिसँग स्वर्ग प्राप्त होस् भनी प्रार्थना गर्दछु। फेरि पनि आमाले सिकाएका र बुबाले सिकाएका पाठ र बाटोमा म आफू सधैँ लागिराख्नेछु भन्ने प्रण गर्दै म यहाँहरूसँग बिदा हुन्छु।

# सबैले मर्नुपर्छ



**राम खरेल**

*संस्थापक, सगरमाथा टी.भी,*
*फेयरफ्याक्स, भर्जिनिया*

यो संसारमा जन्मेपछि सबैले मर्नुपर्छ। तै पनि आफ्नो मर्दा मायाले आफ्नै मात्र मरेजस्तो लाग्छ। यस सन्दर्भमा राष्ट्रकवि माधव घिमिरेले उनकी श्रीमती गौरी मर्दाको कुरालाई गौरी शोक-कव्यामा यसरी लेखेका छन् कि -

**बिहानीपख जो उठेर बटुवा चल्छन् तिमी चल्दिनौ,**
**यत्रो खल्बल पूर्ण भूमि तलमा खाली तिमी बोल्दिनौ।**
**धारामा जल जो भरेर युवती हाँस्छन् तिमी हास्दिनौ,**
**तिम्रो मात्र भयो र के सब जना बाँच्छन् तिमी बाँच्दिनौ॥**

माधव घिमिरेले सब जना बाँच्छन् तिमी बाँच्दिनौ भनेको चाहिँ गौरीप्रति अति प्रेमले त्यसो भनेका हुन्। अन्यथा सबै बाँच्दैनन् गौरीजस्तै सबै एक दिन मर्छन्। यो संसारको एक रीति हो। जन्मनेले एकदिन मर्नैपर्छ तापनि दिवङ्गत भए पनि उहाँप्रतिको सद्भाव, माया, ममता हामीसँग छ र त आज नन्दादेवी दिदीको श्रद्धाञ्जली अर्पण गर्न हामी यहाँ उपस्थित भएका छौँ।

नन्दादेवी दिदी मलाई असाध्यै माया गर्नुहुन्थ्यो। ए राम खरेल, तिम्रो परिवार छैनन्, एक्लै छौ, फुर्सद भए यहाँ आऊ भात खान। तिमीले त हाम्रा छोराहरूलाई उछिनौ त। हाम्रा छोराहरूले चलाउने भनेको टी.भी. त तिमीले सुरु गरिसकेछौ। ए मलाई भानुजयन्तीको भिडियो क्यासेट बनाएर ल्याइदिनू आदि भन्नुहुन्थ्यो भने कहिले मैले यानी दिदीले गाएको ANA कन्भेन्सनको भिडियो त कहिले एन्मानासाका भिडियोहरू भन्नुहुन्थ्यो, म ल्याइदिन्थ्यैँ। लोकनृत्य र लोकगीतको प्रेमी दिदी वनभोज र रमाइलो गर्न सदा अग्रस्थानमा हुनुहुन्थ्यो। हाम्रा बूढाले INLS

खोलेर कुरा काटेका छन् । तिम्रो पनि कुरा काट्लान् । ध्यान देऊ । धेरै न बोल्नू । हाम्रो भीम पनि धेरै भाषण गर्छ । तिमी पनि लामै भााषण गर्छौ । धेरै बोल्न हुन्न ।

यसरी दिदीलाई म सम्झन्छु । उहाँ सारै सरल तीक्ष्ण बुद्धिको हुनुहुन्थ्यो । कसैले भाषण गर्दा कुनै शब्द भन्न सकेन, आएन भने त्यो उहाँले ट्याक्क भनिदिनुहुन्थ्यो । यो अरूलाई मन नपर्ने तर भाषण गर्नेलाई शब्द टक्क दिएकोमा एकदम सजिलो हुन्थ्यो । उहाँको INLS मा यति धेरै कन्ट्रिब्युसन छ कि हरएक कार्यक्रममा उहाँको फोटो राखेर माल्यार्पण गरे हुन्छ। अरूले होमनाथजीलाई भन्थे - यसले पूरै परिवारको गरायो तर भन्ने पनि सही हुन् । INLS को जगमा होमनाथको परिवार नै सक्रिय थियो त किन पीर मान्ने गरेकै होमनाथको परिवारले हो । यसमा नन्दा दिदीको  ठूलो योगदान रहेको छ।

माया पनि गर्नुहुन्थ्यो र काम पनि लिनुहुन्थ्यो । यस्ता मान्छे बिरलै पाइन्छन् । न जानुपर्थ्यो जानुभयो। माधव घिमिरेलाई जस्तै हामीलाई पनि दिदीलाई मात्र किन लगेको जस्तो लाग्छ तर सबैले मर्नुपर्छ। के गर्ने दिदीको देह गुमाए पनि दिदीको बोली वचन र सद्व्यवहार हाम्रो स्मृतिमा सदा रहनेछ। दिदीप्रति हार्दिक श्रद्धाञ्जली !

# भावपूर्ण श्रद्धाञ्जली !



**अमर छन्त्याल**
*गुर्जा, म्याग्दी, बाल्टिमोर*

सबैमा नमस्कार, आज हामी दुःखद समयमा भेला भएका छौँ। हाम्रा श्रद्धेय अभिभावक तथा महिला नेतृ नन्दादेवी सुवेदीको निधनले हामी सबैलाई मर्माहत र स्तब्ध बनाएको छ। यस दुःखद घडीमा मेरो व्यक्तिगत तर्फबाट, म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना), तथा समस्त म्याग्देली दाजुभाई तथा दिदीबहिनीहरूकोतर्फबाट र सम्पूर्ण छन्त्याल बन्धुहरूकोतर्फबाट उहाँको दिवङ्गत आत्माले चिरशान्ति पाओस् भनी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। आज हामीले भर्जिर्नियामा बसोबास गर्ने पहिलो महिला, म्याग्दी जिल्लाबाट अमेरिकामा बसोवास गर्ने पहिलो महिला र म्याग्देलीहरूकोतर्फबाट अन्तर्राष्ट्रिय साहित्यकार संस्थाको संस्थापक सदस्यजस्तो उपमा र गरिमा बनाउनु भएका एउटा आदर्शवादी महिला नेतृ गुमाएका छौँ, यो हाम्रो समाजका लागि अपूरणीय क्षति हो। अबका दिनमा उहाँलाई हामीले देख्न सक्दैनौँ मात्र उहाँका कृति, योगदान, सद्विचार र सहयोगी मनका व्यवहारहरू मात्र स्मरण गर्न सक्दछौँ। अबका दिनमा हामीले हरएक कार्यक्रम र भेलामा उहाँले गरेका अनुकरणीय र उदाहरणीय कार्यहरूलाई उजागर गर्नुपर्दछ तब मात्र उहाँको वास्तविक पहिचान र परिचय चिरकालसम्म रहने छ। अन्तमा यस दुःखद घडीमा म उहाँका श्रीमान् तथा छन्त्याल जातिको उत्थान र पहिचानको लागि शोधको थालनी गर्ने गराउने महान् यात्राका मुख्य मार्गदर्शक तथा अभियन्ता साहित्यकार तथा समाजसेवी श्रद्धेय होमनाथ सुवेदी लगायत शोकसन्तप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्दछु।

अन्तमा, आ-आफ्नो व्यस्त समयलाई समेत प्रवाह नगरी यस दुःखद समयमा उपस्थित भई हाम्रा अभिभावकप्रति श्रद्धाञ्जली प्रकट गर्नु हुने विभिन्न सङ्घ संस्थाका प्रतिनिधि तथा उद्योगी, व्यसायी, समाजसेवी, पत्रकार लगायत विशिष्ट व्यक्तित्वहरूमा म मेरोतर्फबाट र संस्थाकोतर्फबाट हार्दिक आभार एवम धन्यवाद दिन चाहन्छु ।

❋❋

*(द्रष्टव्य–अम्मर छन्त्याल, गुर्जा, म्याग्दी घर भै यु.एस. ए. मेरिल्याण्डमा बसोबास गर्छन् । उनी निवर्तमान अध्यक्षः तथा प्रमुख सल्लाहकारः म्याग्दी प्रवासी नेपाली संघ (मोना), सल्लाहकारः अन्तराष्ट्रिय कलाकार संघ (यु.एस ए), पूर्व अध्यक्षः म्याग्दी समाज यु.एस ए, पुर्व वोर्ड अफ डाइरेक्टरः एनआरएनए युएस हुन्–सम्पादक)*

# अमेरिकामा म्याग्दीकी नन्दा फुपू !



**पारसमणि श्रेष्ठ**
**संस्थापक अध्यक्ष, म्याग्दी समाज, बाल्टिमोर**

अमेरिकामा म्याग्दीकी नन्दादेवी फुपू हामी सबैले आदर गरेको व्यक्तित्व हुनुहुन्छ। पहिला त दुईटा गाविस थियो तर अहिले म्याग्दीमा एउटै गाउँपालिका पर्दछ। हामी जन्मेका हुर्केको ठाउँ यौटै हो। उहाँलाई मैले सानैदेखि चिनेको हुँ। होमनाथ सुवेदीज्यूको परिवारमा उहाँको पाइला आउनुअगाडि पनि हामीले यताको सुवेदी परिवार र उता नन्दा फुपूको परिवारहरूलाई चिनेका थियौँ। पछि गएर हुर्किँदै बढ्दै जाँदा स्कुलहरू हेम मावि स्कुलमा पढ्दै जाँदा होमनाथ सुवेदीज्यूका भाइ ऋषिनाथसँग पनि राम्रो परिचय भयो। उहाँले हामीलाई अलिअलि पढाउनु पनि भयो। हाम्रो घर मुना गाविस हो भने सुवेदी परिवारको चाहिँ ताकम गाविस थियो। तर अहिले चाहिँ धौलागिरि गाउँपालिका भनेर एउटै भएको छ। त्यो हेम माविले पनि धेरै प्रगति गरेको छ। होमनाथ सुवेदीका भाइ ऋषिनाथ सुवेदीकी श्रीमती पनि मेरो आफ्नै फुपू हुनुहुन्छ। नन्दा फुपू र उहाँ दुई बैनीका छोरीहरू हुन्।

अमेरिकामा म्याग्दीकी नन्दा फुपूसँग धेरै कला संस्कृति लोकल भाकाहरू थिए। उहाँ धेरै मनोरञ्जन गर्ने खालको मान्छे हुनुहुन्थ्यो। हामी सबैलाई नाच्ने गाउने त्यस्तो कुराहरूमा सक्रिय हुनुहुन्थ्यो र सक्रिय बनाउनुहुन्थ्यो। मैले त पुरुषोत्तम सुवेदी, प्रकाश सुवेदी, कल्पना सुवेदी उहाँहरूका छोराछोरीहरूलाई पनि सानैदेखि नै चिनेको हो। हामी अलिअलि स्कुल पढिसक्दा उनीहरू पनि स्कुल जाँदै थिए।

होमनाथ सुवेदीज्यू अलि पढेलेखेको मान्छे हुनुहुन्थ्यो। उहाँ कहिले चीन जाने कहिले काठमाडौँ जाने कहिले कताकता जाने गरेर गाउँमा धेरै सचेत बनाउनुभयो अनि हामीले पनि त्यही बाटो समाउँदै हामी पनि विदेश विदेश गर्ने भयौं। सन् १९९५ मा म अमेरिका आइसकेपछि फेरि पनि फुपूसँग भेट्ने मौका मिल्यो अनि हामी कामको सिलसिलाले बाल्टिमोरतिर बस्यौँ तर फुपूहरू यता भर्जिनिया यही बस्नुहुन्थ्यो तर बारम्बार हामीलाई बोलाउने चाडबाडहरूमा हामी रमाइलो गर्ने खानपिन गर्ने गर्थ्यौँ। उहाँले खाना पनि साह्रै मीठो बनाउनुहुन्थ्यो।

उहाँ फुपूले साह्रै नै संस्कारहरू सिक्नुभएको थियो। छोरा पुरु, प्रकाश अनि छोरी कल्पनालाई साह्रै राम्रो ज्ञानहरू दिनुभएको छ। त्यही भएर उहाँको परिवार नेपाली परिवारजस्तो छ, साहित्यको परिवार छ। साहित्यकार होमनाथ सुवेदीलाई पनि धेरैधेरै उहाँले सहयोग गर्नुभयो। त्यही भएर उहाँको नाम धेरै ठूलो हुन पुगेको छ अहिले। हामीलाई त अमेरिकामा म्याग्दीको पिकनिक होस् अथवा साहित्य समाजको पिकनिकहरू कार्यक्रमहरू हरएकमा बोलाउनुहुन्थ्यो। हामी पनि सहर्ष आउथ्यौँ, उहाँसँग भेटघाट हुने रमाइलो गर्ने दोहोरी गाउने हामी पनि गर्दथ्यौँ।

नन्दा फुपू एउटा कुशल आमा हुनुहुन्छ, कुशल बुहारी हुनुहुन्छ, कुशल श्रीमती पनि हुनुहुन्छ। यो समाजको कुशल नागरिक पनि हुनुहुन्छ। उहाँजस्तो व्यक्तित्वलाई गुमाउनु पर्दा हाम्रो मन रोइरहेको छ। उहाँको स्वर्गमा बास रहोस्। हार्दिक हार्दिक श्रद्धाञ्जली दिन चाहन्छु।

# स्मृतिमा ठूलीफुपू



**दीपक पौडेल (राजन)**
*बेनी*

२००३ माघ ४ गते कलाधर उपाध्याय (गर्भे जिम्मुवाल) का ज्येष्ठ सुपुत्र पं. ज्यो. जीवनाथ उपाध्याय तथा अमृतादेवी उपाध्यायका पहिलो सन्तानको रूपमा बेनी नगरपालिका-४, राक्सेमा जन्मनुभएकी ठूलीफुपू, माइलीफुपू जामुनाखर्क - सुवेदी, साहिँली फुपू बाँसबोट - रेग्मी। जीवनाथ-अमृतालाई दोस्रो, तेस्रो सन्तानका रूपमा छोरीहरू नै जन्मिए। चौंथो सन्तानका रूपमा जन्मनु भएका मेरा प्रातःस्मरणीय पिता मधुसूदन शर्माको जेठो छोरा म।

ठूलीफुपूको बिहे ताकम भएकोले यातायातको असुविधाले त्यति आवतजावत हुँदैनथ्यो। अमेरिका बसाइपछि नेपाल आउँदा मेरो लागि एउटा न एउटा नयाँ कपडा फुपूको हातबाट पाउँथेँ। फुपूपुसाज्यू सँगै हुँदा झोलाबाट पुसाज्यूले झिके पनि मलाई दिने बेलामा फुपूले आफ्नो हातले दिन खोज्नुले फुपूको मप्रतिको स्नेहको प्रतिविम्ब कत्तिको थियो, सहजै अनुमान लगाउन सकिन्छ। अमेरिका बसाइमा रहँदा म्याग्दीबाट अमेरिका पुग्ने म्याग्देली होस् वा अन्य कुनै नेपाली, सबैलाई माया र स्नेह अपार दिएर नै होला, मेरी ठूलीफुपू अमेरिकामा नन्दा आमा हुनुभएको रहेछ। मानिसलाई भाग्य, प्रारब्ध, कर्म र उसको आफ्नो विवेकले गति दिँदो रहेछ। नौ वर्षको उमेरमा विवाह भएकोले जन्मघरमा परिवारको संस्कार त्यति धेरै सिक्न पाउनु भएन होला भन्ने अनुमान अहिलेको परिप्रेक्षमा लगाए तापनि त्यो समयमा मेरा हजुरबुबा, जीवनाथ र हजुरआमा अमृतादेवीबाट धेरै कुरा सिक्न र अनुभव गर्न पाउनु भएको रहेछ। मेरो बाल्यकालमा फुपू माइत आउँदा पक्कै मिठाइँ त खाएँ होला नै तर मलाई फुपूसँग हालको ल्यान्डलाइन फोनबाट

कुराकानी हुँदा धेरै पढ्नू, ठूलो मान्छे हुनू, असल हुनू, ठूलो भएपछि अमेरिका आउनुपर्छ भन्नुभएको कुरा ताजै छन् । ताजै छन् स्नेहवाणी फुपू हजुरका अहिले, विशिष्ट कुल सुवेदीको पाउनु भयो होम उहिले, जीवन सफल भयो हजुरको बनी एकपाङ्ग्रा उनै होमरथको, सम्झनामा हुनुभयो अहिले छोडी उपदेश सत्य पथको ।

जब म भारत गएँ, विहानदेखि बेलुकासम्म 'खाता हे, बोल्ता हे, चल्ता हे' बोल्दाबोल्दा नेपाली बोल्न साह्रै अत्यार र छटपटिएको समयमा अमेरिका फोन गरी पहिला पुसाज्यूसँग कुरा हुन्थ्यो, त्यसपछि फुपूसँग । फुपूसँग नेपाली भाषामा बोल्ने अत्यार मेटिएका पल स्मृतिमा अझै छन् ।

वि.सं.२०५६मा पुसाज्यू होमनाथ सुवेदी बहुदलीय समाजवादी पार्टीबाट संसदीय निर्वाचनको उम्मेदवार हुँदा निर्वाचन प्रचारप्रसारको क्रममा म ताकम पुगेँ । म्याग्दी जिल्लाका साविकका केही गाविसहरूमा प्रचारप्रसार तयारी गरी हिँड्ने तयारीमा फुपूले भुटिदिएका मकै, भटमास, जङ्गल खोला भीरपाखा पार गरी हिँड् नुपर्ने हाम्रो जिल्लाको भूबनोट छिचोल्ने क्रममा उक्त मकैले हामीलाई भोजनभन्दा भोक मिठोको अनुभूति दिलाउँदथ्यो अनि घरबाट हिँड्नु अगाडि फुपूले गरेको त्यो दुःख देखेर यस्तो दुःख नगर्नू फुपू, बोक्न गाह्रो हुन्छ भनी अनुरोध गर्दा 'डल्ला ! बाटोमा भोक लाग्छ, खाने ठाउँ भेटिँदैन, थोरै भए पनि राहत हुन्छ' भनेर माया गरेर 'डल्ला' भन्दाको आत्मीयता, अभिभावकत्व अविस्मरणीय रहनेछ । यी शब्द लेख्दै गर्दा फुपू माथि वैकुण्ठबाट नियालिरहनुभएको छ कि ? यदि नियाल्नुभएको छ, यो डल्लाको अवस्थालाई हेर्नुभएको छ भने फुपू टेलिफोन कलमा हजुरले भनेका कुराहरू मैले पूरा गर्न सकिनँ । ठूलो मान्छे हुन सकिनँ, धेरै पढ्न सकिनँ, अमेरिका पुग्न पनि सकिनँ । ठूलो मान्छे हुन, धेरै पढ्न कोसिस गरेँ, सकिनँ । फुपू अमेरिका जान कोसिस नै गरिनँ । अरू भाइहरूले गरेका छन्, यो पनि मेरा लागि खुसीको कुरा हो ।

फुपूको अमेरिका बसाइको क्रममा भिडियोकल गर्दा पुसाज्यूको फेसबुक आइडीमा कल गर्नुपर्थ्यो । पहिला पुसाज्यूसँग सन्चोबिसन्चो, ताजाखबर कुराकानी हुन्थ्यो अनि फुपू कता हुनुहुन्छ ? भनेपछि अर्को कोठामा सायद किचनमा फुपूलाई बोलाउँदै "हनी ! दीपकको फोन" अनि फुपूसँग मेरो परिवारको एकएक जना के गर्दै छन् ? कता छन् ? पढाइको अवस्था के छ ? आदि आदि विषयमा यी संवाद हुने गर्दथे । पछिल्लो समय फुपू जब बिरामी भई बेडमा रहनुभयो, एकदिन पुसाज्यूलाई भिडियोकल गरेर केही समयपछि फुपूसँग नजिक फोन लगेर अलि चर्को आवाजमा

फुपू फुपू भनेपछि प्रतिउत्तरमा 'हँ'... आएपछि पुसाज्यूले भन्नुभयो, 'धेरै दिनमा तेरो आवाजले फुपूको प्रत्युत्तर आयो' भन्नुभएको पलमा मन भरिएर भक्कानियो ।

नेपाली भाषा साहित्यका लागि प्रत्यक्ष परोक्ष रूपमा योगदान दिलाउनु भएकी मेरी ठूलीफुपू अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज तथा म्याग्देली होस् या कुनै नेपालीको लागि उहाँ नन्दाआमा रहनुभयो । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज हाल विश्वका करिब ८४ च्याप्टरहरूमा सक्रिय रहेको छ । उहाँ अनेसासको संस्थापक सदस्य पनि हुनुहुन्थ्यो । नेपाली भाषा र साहित्यको उन्नयनका लागि मेरो ठूलो पुसाज्यू होमनाथ सुवेदी नेपाल रहँदादेखि नै म्याग्दी साहित्यिक समाज, धौलागिरि साहित्य समाज (धौलागिरि जनक्लब) लगायत थुप्रै साहित्यिक संस्थाहरू स्थापना गरी साहित्य क्षेत्रको योगदानमा अनेसासको संस्थापक अध्यक्ष होमनाथ सुवेदीकी धर्मपत्नी नन्दा सुवेदीको योगदान अतुलनीय छ। जीबा र जीआमा अमृताको पहिलो सन्तान नन्दाको जेठो भाइको जेठो छोरा म हाल सामाजिक क्षेत्रमा क्रियाशील छु। यसो भनिरहँदा हाम्रो परिवारको अग्रज अभिभावक स्व. फुपू सामाजिक क्षेत्रमा पनि उत्तिकै सक्रिय हुनुहुन्थ्यो भन्ने कुराको पुष्टि ताकमबाट काठमाडौं बसाइ सरेपछि धौलागिरि अञ्चलका विद्यार्थीहरूको लागि सजिलो अप्ठ्यारो अवस्थामा सहयोगी भूमिका निर्वाह गरेको संस्था चलाएको कुराबाट स्पष्ट हुन्छ । यसमा दुईमत छैन भन्ने उक्ति म्याग्दीका खेम भट्टचनबाट डिसीनेपाल र इनेपलिजको लाइभ भिडियोमा सुन्न पाउनुले पनि हाम्रो परिवार हाम्रो रगतमा मानवीय तथा सामाजिक भावना यथेष्ट छ भन्ने पुष्टि गर्दछ । सँगै नेपालबाट अमेरिका पुग्ने नेपालीहरूको सङ्घर्षमा हातेमालो गरेको कुरा पनि अविस्मरणीय छ ।

राम्रोलाई राम्रो भन्ने छैन जमाना
नन्दाको वैकुण्ठबास होस्, यही छ कामना ।
एक भाइ एक बहिनीसहित परलोक हुनुभयो
छाँटिएको फाँटिएको यो भतिजदेखि कहाँ दूर पुग्नुभयो ?

ब्रेनहेमरेज भएदेखि यता विगत ७ वर्ष ८ महिना ८ दिनसम्म झन्डै ८ वर्ष एकपल नछोडी फुपूलाई सँगै बसेर सेवा गर्नुहुने मेरा पुसाज्यूले आमा पिँढीलाई प्रेम के हो र वास्तविक प्रेम दर्साउने व्यवहार के हुन् भन्ने ज्वलन्त, अनुकरणीय उदाहरण पेस गर्नुभएको छ। यो पुसाज्यूको फुपूप्रतिको भक्तिभाव सबै दम्पत्तिको लागि अनुपम पाठ भएको छ। राक्सेकी नातिनी, चौरकी छोरी, बेनीकी मेरी फुपू काठमाडौंकी हाम्री दिदी अमेरिकाकी आमा भएर आकाशमाथि जानुभयो । हामीले हेर्दाहेर्दै सँधै माथिमाथि उक्लनुभयो । सायद स्वर्ग जाने भनेको पनि यस्तै सोपान चढेर होला ।

# स्मृतिमा नन्दा



**रमेश सुवेदी**
*ताकम, हाल भरतपुर*

मलाई उमेरको याद छैन। एक दिन म बलेवा पैयुँपाटा प्राथमिक विद्यालय ताकम चिप्लेटीको चौरमा बसेको थिएँ। छेउको एक केटीले चौरको भुँइमा देखाउँदै भनी मेरा बाबा यो चौर (जमिन) मुनि हुनुहुन्छ । तत्काल मलाई अचम्म लाग्यो तर पछि मलाई थाहा भयो- त्यो केटीको नाम कल्पना सुवेदी रहेछ। सानै उमेरमा हल्का याद आउने समयको कुरा हो यो। अनि पछि उमेर बढ्दै जाँदा थाहा भयो- उनका बाबा अमेरिकामा हुनु भएकोले जमिनमुनि हुनुहुन्छ भनेर कल्पनाले भनेको। कल्पनाको आमा नन्दा सुवेदी मेरो भाउजू हुनुहुँदो रहेछ र दाजी होमनाथ अमेरिकामा जानु भएको रहेछ। हामी बच्चा उमेरमा बाल साथीसँग पँधेरा जान्थ्यौँ। चौरमा कपर्दी खेल खेल्दथ्यौँ। कोही मभन्दा अलि ठुला, कोही साना र कोही म वराबर उमेरका थिए। पुरुषोत्तम, प्रकाश, कल्पना लगायत अरू साथीभाइहरू धेरै खेल खेल्थ्यौँ। हुने बिरुवाको चिल्लो पात भनेझैँ पुरुषोत्तम, प्रकाश, कल्पना अलि बाठा, चलाख थिए। खेल खेल्दा पुरुषोत्तम, प्रकाशले जित्थे, साथीहरूसँग जुध्न जाने निडर थिए। हामी बेलुकीको समयमा चौरमा खेलिरहेका हुन्थ्यौँ र चौरको उत्तरी छेउको ठूलो घरवाट तिख्खर स्वरमा 'ए पुरुषोत्तम, प्रकाश, कल्पना खाना खान आऊ' भनेर बोलाएको नन्दा भाउजूको आवाज सुनिन्थ्यो र ती बोलाइएका तीनै जना घरभित्र पस्थे। त्यसपछि हामी पनि घर जान्थ्यौँ। गाउँको लागि खेल्ने, कुनै कार्यक्रम गर्ने ठुलै चउर थियो, त्यो पँधेराको चउर। त्यही चउरको उत्तर दिशामा दक्षिणतर्फ फर्किएको लामो ठूलो घर थियो। हामी खेल्दा त्यही घर देखिने, पानी लिन जाँदा, पढ्न स्कुल जाँदा तथा घाँस दाउरा जाँदा जुनसुकै

समय त्यही घरको बाटो जाने गर्दथ्यौँ। त्यही घरकी गहना थिइन् नन्दा भाउजू। तिख्खर बोली, सँधै हाँसेर बोल्ने, उज्यालो सेतो अनुहार भएको नन्दा भाउजूलाई देखिन्थ्यो, बाटोमुनिको त्यो घरमा। उज्यालो सेतो अनुहार भएर होला त्यतिबेला सबैले गाउँमा सेती भनेर बोलाउँथे। मेरी आमा खेमावती र नन्दा भाउजू सँगसँगै काममा जानुहुन्थ्यो र म पनि आमाको साथसाथ जान्थेँ, कहिले काममा सघाउँथेँ। त्यही भएर नन्दा भाउजूले मलाई धेरै माया गर्नुहुन्थ्यो। रमेश बाबु भनेर बोलाउनु हुन्थ्यो। आमालाई जेठी सासू भनेर बोलाइरहनु हुन्थ्यो। ती सबै मलाई स्मरण छ।

नन्दा भाउजू सङ्घर्षशील, मेहनती पनि हुनुहुन्थ्यो। पछि धन्सार बनाउनु भयो। छोरा छोरीलाई दूध खुवाउन भैँसी पाल्नु भएको थियो। हाम्रा जिजुबाजे रतन पाध्याले आर्ज्याको बाँसकोटको ८० रोपनीभन्दा बढी जल, जंगल, जमीन भएको ठाउँमा हिउँदमा गोठ बस्ने भनेर हामी साहुपट्टिका १२ घर जान्थ्यौं, घाँस दाउरा काट्ने, गाई भैंसी चराउने गर्दथ्यौं। नन्दा भाउजू पनि जानुहुन्थ्यो। आमा र नन्दा भाउजू गोठमा पनि सँगसँगै काम गर्नुहुन्थ्यो। एक दिन मेरो बुबा, आमा, नन्दा भाउजू र पुरुषोत्तम बिम गाउँको मालिका जाने भनेर जानुभयो। पछि मलाई पनि जाऊँजाऊँ भयो र म घरवाट भागेर पछिपछि लाग्दै कुटीचौर गएर भेटाएँ। म सात वर्षको जति थिएँ होला। नन्दा भाउजूले बिम मालिकामा पूजा गर्ने भनेर बोका लानुभएको थियो। बेलुकी मालिकामा ओढारमा आगो फुकेर खाना बनाएर खायौँ र सुत्यौँ। भोलिपल्ट रमाइलोसँग पूजा गऱ्यौँ र अलि तल फर्की आएर आमा र नन्दा भाउजूले खाना बनाउनु भयो। रमाइलो गरी खाना खायौँ। पुरुषोत्तम पनि सानैदेखि रमाइला थिए। धेरै दिनपछि नन्दा भाउजू काठमाडौँ जानु भयो, त्यसपछि अमेरिकामा।

२०५४ सालमा अमेरिकाबाट होमनाथ दाइ र नन्दा भाउजू ताकम आउनुभयो। त्यस समयमा हाम्रो सङ्क्रान्ति व्रतको पूजा थियो। त्यस दिन होमनाथ दाइ र नन्दा भाउजूले रमाइलो गर्नुभयो। नन्दा भाउजूले त झन धेरै रमाइलो गर्नुभयो, नाच्नु भयो र भजन पनि गाउनु भयो। केही समयपछि पिकनिक पनि गइयो। नन्दा भाउजूले धेरै रमाइलो गर्नुभयो। रमाइलो जीवन जिउने कला नन्दा भाउजूमा थियो। भाउजूमा आँट र साहस पनि थियो साथै निडरता पनि। मीठो स्वरकी धनी भाउजूमा कलाकारिता थियो। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको संवर्धनमा भाउजूको ठूलो योगदान भएको मैले नेपालमा बसेर पनि जानकारी पाएँ।

चारधाम घुम्नुभयो साथै उत्तर अमेरिका, दक्षिण अमेरिका, जापान, अस्ट्रेलिया, युरोप पाँचै महादेशको भ्रमण गर्नुभयो र एवम् रीतले समय बित्दै जाँदा भाउजू बिरामी पर्नुभयो। लामो समय बिरामीबिरामी अवस्थामा रहनु भयो तर उहाँलाई साहित्यकार

होमनाथ दाइजस्तो पति पर्नु भएछ, जो अत्यन्तै पत्नीप्रेमी हुनुहुन्छ जसले गर्दा भाउजूको हेरचाहमा कुनै कसर बाँकी रहेन। मैले आजसम्म देखेको जानेकोमध्ये विरामी पत्नीलाई यसरी स्याहार गर्ने अर्को पति देखेको छैन। धेरै लामो समय अविचल भएर देखभाल गरी होमनाथ दाजीले अगाध पत्नीप्रेम देखाउनु भयो। यसै क्रममा एक दिन अस्पतालबाट होमनाथ दाजीले फोन गर्नुभयो। मैले भाउजूलाई अलि सन्चो भयो भनेर सोधेँ। दाजीले सन्चो त कहाँ हुने बचाउन सकेमात्र पनि ठूलो कुरा हुने थियो भन्नु भयो। २०८० साल माघ १ गते ७ बजेतिर दाजीलाई मैले म्यासेन्जरमा फोन गरेँ। दाजीले यस अस्पतालमा बसेको एक महिना भयो, अब अर्को बिमाको अस्पतालमा सार्न लागिएको छ भन्नुभयो। अकस्मात् सोही दिन नेपालको रात १२:०० बजे दाजीले म्यासेन्जरमा फोन गरी भाउजू दिवङ्गत भएको जानकारी दिनु भयो र वैदिक संस्कारको लागि बुबालाई सोध्नु भयो। यसै क्षण म नन्दा भाउजूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। अनि मलाई अतीतको स्मरण मानसपटलमा आए। सँगसँगै काम धन्दामा हिँड्ने, खुब मिल्ने खेमावती आमा र नन्दा भाउजू १५ वर्षको अन्तरालमा दिवङ्गत हुनुभयो। अनि याद आयो- त्यो नन्दा भाउजू बस्ने घर, घरअगाडिको खेल्ने चउर, सँगै बसेको बाँसकोट, सँगै गएको त्यो बिम मालिका सबै सम्झनामा आए। त्यो हँसिलो मुहार, त्यो मधुर बोली, रमाइलोपन अनि हाँसेको नाचेको, भजन गाएको। त्यति बेला गाउँमा नन्दा भाउजूसँग खुब मिल्ने तथा आफैले जेठी सासु भनेर बोलाउने तिम्रो तिनै खेमावतीको पति तिम्रो जेष्ठ ससुराको २०८० फागुन १२ गते सहस्र पूर्ण चन्द्रदर्शन हुँदैछ। यदि तिमी त्यो चौरासी पूजामा उपस्थित भएको भए कति रमाइलो गर्थ्यौहोला।

अन्त्यमा मलाई साहित्यमा सधैँ प्रेरणा दिने अनेसासका संस्थापक अध्यक्ष मेरा दाज्यू होमनाथ सुवेदीको जीवन सङ्गिनी मेरी भाउज्यू नन्दादेवी सुवेदीको स्वर्गारोहण भएको यस घडीमा हामी धेरै मर्माहत छौँ। भाउज्यू तपाईंको परिचय दाज्यू होमनाथ सुवेदीको जीवन सङ्गिनीको रूपमा मात्र सीमित छैन। अनेसासका संस्थापक सदस्य, लोकगीत गाउने विलक्षण प्रतिभाकी धनी, रङ्ग रस रमाइलो गर्ने व्यक्तित्व, प्रष्ट वक्ता सहयोगी भावना हजुरका परिचय हुन्। हजुरले भौतिक रूपले संसार छोडे पनि आत्मा जीवित छ साथै यहाँका योगदान, परिचय, सम्झना सधैँ जीवित रहने छन्। नन्दा भाउज्यूप्रति पुनः हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त होमनाथ दाज्यू तथा सम्पूर्ण परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछु।

# जेठीआमालाई सम्झौँ



**रघुनाथ सुवेदी**
**संस्थापक अध्यक्ष, मोना, अमेरिका**

जीवनको भव्य क्यानभासमा कहिलेकाही हामीलाई प्रेम, बुद्धि र हाम्रो अस्तित्वमा अनुग्रहको जीवन्त स्ट्रोकहरू चित्रित गर्ने व्यक्तिहरूको आशिष् दिइन्छ। तिनीहरूले हाम्रो जीवनलाई स्नेह, डोऱ्याई र समयभन्दा माथि उठेर नबोलेको बन्धनले आकार दिन्छन्। आज, जब हामी यहाँ हाम्री जेठीआमाको जीवन यात्राको सम्झना र सम्मान गर्न भेला हुन्छौँ, म आफैलाई सम्झनाहरूको समुद्रमा नेभिगेट गरिरहेको पाउँछु, जहाँ प्रत्येक लहरले एक सुन्दर सम्झना ल्याउँदछ, समयको एक टुक्रा जुन उहाँको उपस्थितिले सुशोभित गरिएको थियो।

जेठीआमा केवल एक नातेदार मात्र हुनुहुन्नथ्यो। उहाँ एक सल्लाहकार, एक साथी, प्रेम र दयाको निधि पनि हुनुहुन्थ्यो। त्यसैकारण उहाँले सामना गर्ने सबै तर्फको मार्गलाई उज्यालो बनाउँथ्यो। तिनको सार फुलेको बगैंचाजस्तै थियो, जहाँ हरएक फूलले तिनले मूर्त रूप लिएको गुणको प्रतिनिधित्व गर्दथे - चाहे त्यो उनको लचिलोपन होस् जुन सूर्यमुखीजस्तै अग्लो उभिएको थियो, उनको पालनपोषण गर्ने प्रेम जसले हामीलाई गुलाबको कोमल पंखुडीहरूजस्तै ढाकेको थियो, वा उनको बुद्धि जसले हावामा लैभेन्डर जस्तै शान्ति फैलाउँदछ। जेठीआमाको आत्मा हाम्रो घरमा गुञ्जिने हाँसोमा, हामीलाई बाँधेको प्रेममा र तिनले सिकाएका सुन्दर पाठहरूमा, प्रेमको कुरा गर्ने भावनाहरूमा, एकतामा र जीवनको सुन्दर नृत्यमा जीवित रहन्छ जुन प्रत्येक व्यक्तिको योगदानले समृद्ध हुन्छ। जेठीआमाको सम्झनामा आउनुहोस्, हामी उहाँको प्रेमको विरासत, आनन्दको भावना र जीवनप्रतिको उहाँको उत्साहलाई अघि बढाऔँ। आउनुहोस्, साझा गरिएका सुन्दर क्षणहरूको लागि, हाँसोको प्रतिध्वनिको लागि र हामीलाई एकताको सूत्रमा बाँध्ने प्रेमको लागि उहाँलाई सम्झौँ।

# मृत्योर्माम‍ृतं गमय



**प्रकाश सुवेदी**
**संस्थापक सदस्य अनेसास, पूर्वसम्पादक, अन्तर्दृष्टि अमेरिका**

माघ १ गते वि.सं.२०८० तदनुसार जनवरी १५, २०२४ मा आमाको दिवङ्गति भयो तर विभिन्न कारणले हिन्दु परम्पराअनुसार दाहसंस्कारको शोकसभा र अन्त्येष्टिक्रिया माघ ३, २०८० तदनुसार जनवरी १७ २०२४ मा सम्पन्न भएको थियो। अन्त्येष्टिक्रियाको सम्पूर्ण विवरणको संस्मरण 'जेठीसासूआमा नन्दा' शीर्षकमा जामाता गोविन्द भट्टराईले लेख्नुभएको छ। शोकसभातिरका सबै कविता कथा र संस्मरण यसै स्मृतिग्रन्थमा समेटिएका छन्। त्यो शोकसभाको मेरो संस्मरण हो यो–

ॐ असतो मा सद्गमय।
सत्यमा साहित्यम् गमय।
तमसोमा ज्योतिर्गमय।
ज्योतिर्मा प्रकाशम् गमय।
मृत्योर्मामृतं गमय।
अमृतमा चेतनम् गमय।
ॐ शान्तिः शान्तिः शान्तिः।

मेरो आमाको मृत शरीर अगाडि देखेर म त्यति धेरै दुखी छैन जति साधारणजनहरू हुन्छन्। मलाई थाहा भइसकेको छ, उहाँको भौतिक शरीर, अशक्त शरीर, कमजोर शरीर भइसकेको थियो। उहाँको शक्त शरीर वा सबल शरीर हुँदाहुँदै मर्नुभएको भए हामी धेरै दुःखी हुने थियौँ तर उहाँ बिरामी हुने र कमजोर हुँदै गएको अवस्थामा मेरो बुबा होमनाथ सुवेदीज्यूले आफूले जानेको र अमेरिकामा

पाइने सुविधाअनुसार, तन, मन र धन लगाएर के गर्न सकिन्छ, त्यही गरी उहाँलाई यस्तो शान्तिपूर्ण तरिकाले जान दिनुभयो। हामी छोरा त्यति दुःख नबोकीकन, त्यति अशान्ति नभईकन, मेरो आमा बित्नु भएको छ। यसमा पनि बुबाले मैले थाहा पाएका र नपाएका तरिकाहरूबाट हामीलाई नकारात्मक विचारहरूबाट रक्षा गरिराख्नु भएको छ भन्ने विश्वास गरेको छु।

आमाको त ममता र माया छँदैछ। सानैदेखि एकदम सानो सानो कुरामा thoughtful, एकदम शक्तिशाली र मोटीभेस्नल उपदेश दिनुहुन्थ्यो। उदाहरणको लागि म गाउँमा घाँस काट्न जाँदा भयङ्कर पानी पर्‍यो। भलबाढी आयो। म बाटोमा एक खोल्सावारि अड्किएँ। त्यस अवस्थामा मैले रुखका हाङ्गा, ढुङ्गा र झाडीका हाङ्गाहरू मिलाएर एक पुल बनाई खोल्सो पार गरेँ। अनि घर आइपुगेँ। म यस्तो अवस्थामा आफ्नै बुद्धि लगाएर पुल तर्थें।

यस्तो देखेर आमाले मलाई भन्नुभयो “मेरो छोरो कहिल्यै फेल हुँदैन। यस्तो समस्यामा पनि ऊ आफैले, रामले पुल बनाएर लङ्का गएजस्तै, बाँदरहरूको सहयोग लिएर, एक्लै पनि पुल बनाएर आफूलाई पार गरेर आयो। यो प्रकाश चलाख छ। यो कहिल्यै फेल हुँदैन।” भन्नुभयो। म त फुरुक्कै भइहालेँ। मैले त्यो कुरा जिन्दगीभरि नबिर्सिएर पढ्दा पनि म फेल हुनुहुन्न। जे गर्दा पनि म फेल हुनुहुन्न भनेर जहिले पनि सफलताको पछि लाग्ने मोटिभेसन मिल्यो। मेरै आफ्नै आमाबाट पाएको उपदेश मैले सम्झेँ। अरू त अब धेरै कुरा बुबा, आमा अलि फरक विचार भएको हुनाले र मेरो बुबाले परिवारको मात्र हैन समाजको पनि हेरेर नेपाली र नेपालीपनलाई कसरी जीवन्तता दिने भनेर सोच्ने, अनि सोच्ने मात्र होइन गरेर पनि देखाउने भएको एउटा उदाहरण हुने भएकोले म जहाँ छु अहिले आफूलाई भाग्यमानी सम्झन्छु। म आफैले त्यति धेरै गर्न त सक्दिनँ। मैले आफ्नै तरिकाले गरेको त हुँला। तुलना गर्ने कुरा पनि होइन। आफूले जति सकिन्छ त्यति गर्ने कुरा हो।

आफ्नो बुद्धि विवेक र तन मन धनले भ्याएसम्म यति भन्न चाहेँ।

I am trying not to cry and I think I will be successful because अब यो जीवन हो, मरिन्छ सबै। म पनि मर्छु एकदिन। अब मेरो दयालाई यो सुन्न मन लाग्दैन होला। भन्छु मैले पनि हे दया किन मलाई गाली गर्छ्यौं ? किन मसँग रिसाउथ्यौं ? म मर्छु नि एकदिन त। म भन्छु उनलाई फकाउनको लागि। त्यसकारण मरण भनेको एक परम सत्य हो। अब यो आमाले नै चाहेको कुरा के हो भनेदेखि म जहिलै पनि खुशी रहोस् भन्ने चाहनुहुन्थ्यो। अनि कसैले यसलाई

आक्रमण नगरून् भनेर वा कसैले अन्यायमा पाऱ्यो वा पीर पाऱ्यो भने उसलाई गएर थर्काइदिने गर्नुहुन्थ्यो ।

अनि जहिलै पनि खुसी चाहनु भो मलाई। मलाई खाना चाहियो कि पिउन चाहियो कि वा जे चाहियो, केटी चाहियो विवाह पनि गराइदिनु भो। यस्तो भव्य श्रीमती मैले पाएको छु। उहाँप्रति यसमा पनि धन्य नै छु। त्यसकारण I try not to cry and I think I will be successful मलाई थाहा छ। आमाको आत्मा पहिल्यै शान्त छ। अथवा शान्त भइसकेको छ। आमाको आत्मा हामी छोरा छोरीमा र जसजसले आमाको सकारात्मक कुराहरू सिकेका छन् , आमाको आत्मा त्यहाँ पसिसकेको छ। हजुरहरूले आफ्नो मुटुमा छामेर हेर्नुस् त्यो आत्माको धडकन त्यहीँ भेटिन्छ। ममा पनि छ। हामी सबैमा छ जस्तो लाग्छ मलाई।

# नन्दा दिदी



**सतीदेवी थापा**
**ट्रस्टी तथा पूर्व कोषाध्यक्ष**
**अनेसास केन्द्र**

नन्दा दिदी र मेरो संयोग यस्तो मिलेको थियो कि सायद मेरो परिवारमा दिदीबहिनीहरूसँग भन्दा धेरै राम्रो सम्बन्ध नन्दा दिदीसँग थियो। नन्दादिदीको खुल्ला बिचार सफा मन तर तिखो बोलीले बोलेको शब्दहरू मलाई रमाइलो लाग्थ्यो र गाली गरेर कराउँदा मलाई बल्ल महसुस भयो। परिवारसँग बस्न नपाएर मैले केही सिक्न पाएनछु भनेर। आफ्नो बाल्यकाल छात्राबासमा कार्टै, कडा अनुशासन र साथीहरूसँग नै बितेको रहेछ।

अमेरिकाको दुःखसुखको यात्रामा नन्दा दिदी मेरो सबैभन्दा मन पर्ने साथी हुन पुग्यो। मीठो नमीठो सागसब्जी हामी बाडीचुडी खान्थ्यौं। साना तिना कुनै उपहार पाउँदा दिदी सधैं खुशी देखिनुहुन्थ्यो। कतै घुमघाम गर्न दिदी तयारी हुनु म आउँदै छु भन्दा हँसमुख हँसिलो अनुहारमा खुशी भएर मलाई देख्न साथ गाडीमा चढ्न साथ हाम्रो गफ सुरु हुन्थ्यो। नन्दा दिदीको सम्झना अझै आउँछ। मेरो दिदीबहिनीहरूलाई कहीँ जाऔँ भन्दा जान्न खान्न भन्थे भने नन्दा दिदीको मुखमा good luck all the time she say yes, ok. दिदी यो गर्नु हुँदैन भन्दा दिदीले -देवी मलाई हुन्न भन्नै आउँदैन- भन्नुहुन्थ्यो। मैले कहीँ गाली गर्दा नन्दादिदी यस्तो गर्नु हुँदैन भन्नुहुन्थ्यो। दिदी मलाई phone number चाहियो कसैको भन्न साथ दिदीले मुखैले खरखर भन्नुहुन्थ्यो।

एक दिन यसो घुम्न जानलाई दिदीलाई अर्बी गरेकी थिएँ। एजयलभ लागेन त्यो दिन दिदी Hospital मा हुनुहुँदो रहेछ। मुकेश भाइबाट थाहा भयो। दिदी यसरी अचेत आवस्थामा हुनुहुन्छ भनेर सोचेको थिइनँ। दिदी र मेरो १५/१६ वर्षको दोस्ती थियो। हप्तामा एकदिन मेरो सधैँ छुट्टी हुन्थ्यो। बिदाको दिन हामी सँगै बसेर गफ गर्दै रमाइलो गर्थ्यौं। जब दिदी यसरी अचेत बिमारी हुनु भयो त्यसपछि अहिले मेरो काम seven day work मा छ। She is not only my friend. She is a super lucky sister too.

# मायाको विश्वविद्यालय



**दया सुवेदी**

*बाल्टिमोर*

म १९९६ मा अमेरिका आएँ। ससुराबुबालाई पनि हामी बुबा नै भन्दछौँ। नन्दादेवी सुवेदी मेरो सासूआमा हुनुहुन्छ तापनि हामी उहाँलाई पनि मुमा नै भन्दछौँ। त्यो बेला हामी 2926 Wetherburn Court, Woodbridge, VA बस्दथ्यौँ। त्यो तीनतले टाउनहाउस थियो। ग्राउन्डफ्लोरमा निला रङ्गका सोफा थिए। आकाश जस्तै देखिन्थ्यो। सासूमुमा गीतमा... मादलका ताल पनि थियो। त्यो माथिल्लो तलामा कसैसित भन्दै हुनुहुन्थ्यो ससुराबुबा– 'हामी अमेरिकामा पराई देशमा छौँ। हामीलाई 'वार' हैन प्यार चाहिन्छ। त्यसैले यहाँ  बुहारी र सासु हैन आमा छोरीको नातो हुनुपर्छ। ससुरा बुहारीको नातो हैन बुबा र छोरीको नातो हुनुपर्छ। देवर जेठाज्यू हैन, दाइ भाइ, दौरानी जेठानी हैन दिदी बहिनी भन्नुपर्छ।' यसो भनेर माथिल्लो कोठामा कसैलाई सुनाएको आबाज सुनिन्थ्यो। यो बूढाको कुरा पनि...छोरा पाएर बुहारी पनि भन्न नपाए के स्वाद भो त...उहाँ मुसुमुसु हाँस्दै हुनुहुन्थ्यो तर पछि बुबाको कुरा पनि ' वार' हैन प्यार चाहिएको छ भन्ने कुराले मुमा लगायत हामी सबैलाई प्रभावित बनायो। हामी सबै सानो परिवार सुखी परिवार जस्तै भएर संयुक्त परिवारमा बस्यौँ। ससुराबुबालाई बुबा र सासूमुमालाई पनि मुमा नै भनेर वार हैन प्यारको सिर्जना गरेर एकसाथ बस्यौँ। मुमाको लोकगीत, वनभोज, मादल र अनेसासका साहित्यिक कार्यक्रममा सधैँ रमाउथ्यौँ। उहाँहरू चारधाम पहिले नै गैसक्नुभएको रहेछ। पछि जापान, अस्ट्रेलिया, युरोप र अमेरिकाका विभिन्न ठाउँमा भ्रमण गरेर फर्कनुभयो। अन्तिममा मेरी बहिनी दीपा फ्लोरिडामा थिइन्। उनकहाँ बसी त्यहीँबाट बहामा

(साउथ अमेरिका)जानुभयो, अनि कीवेस्टमा बहिनी दीपाले नै घुमाइदिइछन्। खुसीसाथ फ्लोरिडाबाट फर्कनुभो। अब मेक्सिको र कोरिया जाने योजना थियो घर आउँदासाथ ससुराबुबाले भन्नुभयो। भन्दानभन्दै ब्रेनहेमरेज भैहाल्यो। ७ वर्ष ८ महिना ८ दिनसम्म त बचाइयो। त्यसपछि उहाँ यो संसारमा रहनुभएन।

उहाँको अभाव हामी सबै परिवारले नै महसुस गरिरहेका छौँ। उहाँ यो संसारमा नरहे तापनि हाम्रो सम्झनामा सधैँ रहनुहुनेछ। उहाँलाई आज मैले सम्झिरहँदा मैले ससुरा बुबा होमनाथ सुवेदीले उहाँलाई गरेको माया ममताले यो समाज र हामी परिवारका सदस्यहरूलाई मायाको परिभाषा सिकाएको छ। उहाँहरूको प्रेम मायाको विश्वविद्यालय हो। यौटा मायाको विश्वविद्यालयजस्तै उहाँहरूको मायाले हामी र हाम्रा परिवारका मान्छेलाई माया गर्न सिकाएको छ। यस अर्थमा नन्दादेवी मुमालाई भाग्यमानी नै मान्नुपर्छ र करिब ७७ वर्ष पनि पुग्न लागेकोले चिरञ्जीवी पनि मान्नुपर्छ।

स्वर्गीय सासूआमाको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

# नन्दा- सम्झनामा



**दिवाकर शर्मा**
*भरतपुर महानगरपालिका, क्षेत्रपुर, चितवन*
*हालः सेन्टरभिल, भर्जिनिया, यु.एस्.ए.*

श्रीमान् होमनाथ सुवेदी र वहाँकी धर्मपत्नी नन्दादेवी सुवेदीज्यूसँग हाम्रो परिवारको नाता सम्बन्ध त छँदै थियो। २०५२ (ई. सं. १९९६) सालमा मेरी जेठी छोरी दया आचार्यको विवाह वहाँका कनिष्ट सुपुत्र श्री प्रकाश सुवेदीसँग भएपछि सम्धीसम्धिनीको रूपमा नाता गाँसियो। २०६४ ( ई.सं. २००८) सालमा म र मेरी पत्नी अमेरिका आएपछि हामीहरूको अझ बढी सामीप्य भयो र एक अर्काका भावनाहरू बुझ्ने अवसर प्राप्त भयो। हामी अमेरिका आएको सुरुवाती दिनमा यहाँको हावापानी, चालचलनसँग अनभिज्ञ थियौं। सम्धीसम्धिनी दुबैले हामीलाई मार्गदर्शन गरिरहनुहुन्थ्यो। सम्धीले आफूलाई जोखिममा राखेर मलाई ड्राइभिङ सिकाएको र सोही क्रममा सम्धिनी नन्दाले आफ्नो श्रीमान्लाई 'सम्धीलाई राम्रोसँग सिकाऊ बूढा' भनिरहेको कुरा कहिल्यै भुल्न सक्दिनँ। २००९ को अन्तातिर या २०१० को सुरुतिर हुनुपर्छ, मेरो काममा जाने सुविधालाई हेरेर २ महिना जति सम्धीसम्धिनीको घर (वुडब्रिज) मा वहाँहरूसंगै बस्ने सौभाग्य प्राप्त भयो। त्यतिबेला सम्धिनीले कसोगरी मीठो हुन्छ भनी बनाएको खाना, टिमुर आदि प्रयोग गरी बनाएको अचार एवम् चटनी मानसपटलमा रहिरहनेछ। मैले भयो दुःख नगर्नोस्, नभए पनि हुन्छ भन्दाभन्दै पनि कर गरेर मेरो लन्च बक्समा लन्च हालिदिएको स्नेह कसरी भुल्न सक्छु र ? त्यो अवधिमा सम्धिनीले मप्रति देखाउनुभएको अपनत्व मेरो सम्झनामा रहिरहनेछ। नन्दादेवी सुवेदीलाई मैले एक साहसी, निडर, कर्मठ महिला हुनुको साथै अति

सरल स्वभाव भएकी महिला पाएँ। वहाँमा देखावटीपन कत्ति थिएन। मैले वहाँमा अल्छीपन कहिल्यै देखिनँ। घरपछाडि ब्याकयार्डमा प्रशस्त मात्रामा फलाउनुभएका विभिन्न तरकारी, सागसब्जीहरूले वहाँ कति मेहनती र कृषिमा जानकार हुनुहुन्छ भनी बताइरहेका हुन्थे। म लामो अवधि नेपाल सरकारको कृषि अनुसन्धानमा काम गरेको हुँदा तरकारीमा देखिने रोग र कीराको बारेमा सोधिरहनु हुन्थ्यो। उत्पादित तरकारी तथा तरकारीका बिरुवाहरू वहाँ आफू मात्र प्रयोग गर्ने होइन, सारा परिचितलाई वितरण गर्नुहुन्थ्यो। नेपालको ग्रामीण परिवेशमा हुर्केको महिला अमेरिका आई अङ्ग्रेजी भाषा सिक्नु, ड्राइभिङ लाइसेन्स निकाल्नु, अमेरिकन नागरिकताको लागि परीक्षा पास गर्नु आदि कार्य वहाँका साहस, लगनशीलता तथा दृढ निश्चयी गुणहरूले मात्र सम्भव भएको हुनुपर्छ। यस्ता कार्यमा होमनाथ सुवेदी र परिवारका अन्य सदस्यहरूको सहयोगी भूमिका अवश्य रह्यो।

नन्दादेवी सुवेदीको लोकसंस्कृति र लोकसाहित्यमा निकै रुचि थियो। लोकगीत र लोकनृत्य भनेपछि वहाँको शरीरमा अथाह ऊर्जा आउने गर्थ्यो। विभिन्न पारिवारिक तथा अन्य बेलाबखतमा हुने जमघटमा वहाँ उत्साहपूर्वक आफै गाउने, नाच्ने र अरूलाई पनि प्रोत्साहित गर्ने गर्नुहुन्थ्यो। साहित्यिक कार्यक्रम खासगरी भानु जयन्तीमा गरिने कार्यक्रममा भाग लिन आउने सहभागीहरूको खानपानको लागि वहाँले गरेको व्यवस्थापन अति सह्रानीय हुने गर्थ्यो। साहित्य सम्मेलनहरूमा अमेरिका, जापान, बेल्जियम सबै ठाउँमा भ्रमण गर्नुभयो। नेपालबाट चारधाम र विश्वका पाँचै महादेशको यात्रा पनि गरी सक्नुभएको थियो।

बितेका अन्तिम सात/आठ वर्ष सम्धिनीको स्वास्थ्यले कत्ति साथ दिएन। सुरुमा वहाँले आफ्नो स्मरण शक्ति गुमाउनुभयो। यस अवधिमा सम्धीले नियमित मलहरूमा घुमाउने र ठाउँठाउँमा पुऱ्याउने गरि नै रहनुभयो। हामी भेट्न जाँदा प्रसन्न मुद्रामा बोल्नुहुन्थ्यो। स्मरण शक्ति नहुँदा पनि सम्धिनीले सम्धीको हातको स्पर्श र साथ खोजिरहेको देखिन्थ्यो। कहिलेकाहीँ भेट्न जाँदा सम्धीको सल्लाहअनुसार मेरी पत्नीले म्याग्दी पर्वततिर गाइने पुराना लोकगीत गाउँदा सम्धिनीले पनि उत्साहपूर्वक साथसाथै गाएको भर्खरैजस्तो लाग्छ। पछि वहाँ पूर्ण रूपले अशक्त र बाह्य रूपले अचेत हुनुभयो। यस्तो कठिन अवस्थामा पनि सम्धीले आफ्नो जीवन सङ्गिनीको देखरेख र सेवामा चाहे आफ्नै घरमा होस् या अस्पताल राख्दाका बखत होस् कुनै कसर बाँकी राख्नुभएन। संधिनीले आफ्नो पतिलाई आफूप्रति गरिने प्रेमको गहिराइको परीक्षा लिइरहनु भएको थियो भने सम्धी खरो उत्रिनु भयो

र अभूतपूर्व सफलता हासिल गर्नुभयो। त्यस्तो जटिल परिस्थितिको बिमारीलाई जसको बचावटको लागि स्वास्थ्य विज्ञानका सबै बाटाहरू बन्द भइसकेका थिए। सातआठ वर्षसम्म आफूसँगै राख्न सक्नु सम्धीको सेवा, त्याग र तपस्याले मात्र सम्भव भएको हो। सम्धीले आफ्नी पत्नीलाई गरेको सेवा, त्याग र तपस्या यस संसारमा अतुलनीय छ। यस्तो पुण्य कार्य हामी सबैले अनुकरण गर्न सदा योग्य छ।

अन्ततः श्रीमान् होमनाथको सेवा, त्याग एवं तपस्या, डाक्टरहरूको अथक प्रयास एवं सम्पूर्ण शुभेच्छुक प्रार्थनाबाट पनि नन्दादेवी सुवेदीलाई यस संसारमा राखिरहन सकिएन। वहाँले स्वर्ग जाने बाटो रोज्नुभयो र मिति जनवरी १५, २०२४ तदनुसार माघ १, २०८० को दिन हामी सबैलाई छोडेर स्वर्गीतिर प्रस्थान गर्नुभयो।

अन्तमा, म मेरी पत्नी कलावती शर्मा र मेरो सम्पूर्ण परिवारको तर्फबाट नन्दादेवी सुवेदीप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु। वहाँलाई परमधाम प्राप्त होस्। हजुर हाम्रो मनमा सदासर्वदा रहिरहनु हुनेछ। यस दुःखद घडीमा म सम्धी होमनाथ सुवेदी र वहाँका समस्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु।

# समवेदना



**रजनी श्रेष्ठ**
**वरिष्ठ उपाध्यक्ष**
**अनेसास डीसी मेट्रो च्याप्टर**

आदरणीय अनेसास संस्थापक होमनाथ सुवेदीज्यू र संस्थापिका नन्दादेवी सुवेदी ९/१० वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएर यस धरातलमा एउटा प्रेम कथा सुरु गर्नु भएको हो। त्यो बेलादेखि साथ रहेर निभाएको एक आपसमा माया यति चोखो भयो कि जीवन छिचोल्नलाई सजिलो पर्‍यो। कर्तव्यनिष्ठ भएर घर परिवारमा दुवैजना अगाडि बढ्दै जानुभयो। एउटा बुहारी भएर सासूससुरा लोग्नेलगायत अरू परिवार सेवामा कर्मरत रहेर जीवनका उतारचढावलाई नाग्दै जीवनरथ अगाडि बढाइरहनु भयो। पहिलाको समाज अहिलेको जस्तो थिएन। निष्ठापूर्वक बुहारी भएर कर्ममा जुटी सब परिवार सुखको लागि आफूले सक्दो प्रयत्न गर्दै जानु भयो। यो नारीको त्याग र तपस्याबाट मात्र सम्भव हुन्छ।

समयभित्र दुई छोरा पुरुषोतम सुवेदी, प्रकाश सुवेदी र एक सुपुत्री डा.कल्पना सत्याल (सुवेदी) हुर्काएर उच्च शिक्षासम्म पढाइ सफल बनाएर दुईको दाम्पत्य जीवन प्रेममा अघि सर्दै गयो। होमनाथ सुवेदीज्यू र नन्दादेवी सुवेदीज्यूको, प्रेमिल कथा जीवनको अन्तिम समय पर्यन्त रहिरह्यो। होमनाथ दाइले पनि आफ्नो पढाइ अगाडि बढाउँदै जानु भयो। भाउजू केवल सहायक बनी नारीधर्म निभाइरहनुभयो। नेपालमा जन्म भएर परिवारसहित अमेरिकामा बसोबास गर्दै आउनु भएको समयमा देश छोडेर विदेश आउँदा दुःख असहज परिस्थितिमा पनि कहिल्यै साथ दिन छाड्नुभएन। दुःखपछि सुख आउँछ भन्ने कुरा आज चरितार्थ छ। आज परिवारमा

बुहारी ज्वाइँ र नातिनातिना सबै छन् । दुईबाट पाँच भएर पाँचबाट चौध भएर आज परिवार फैलिएर गएको छ ।

विदेशमा बसेर राष्ट्र, राष्ट्रियता र नेपाली भाषाको सेवा कसरी गर्न सकिन्छ भन्ने कुराले वहाँको मन कोट्याइरहन्थ्यो । वहाँको तीव्र इच्छा उहाँको जीवन भाषा साहित्यप्रति समर्पित गर्नु भएको छ। उहाँले पहिले अनेसास डिसी केन्द्र स्थापना गर्नुभयो । विस्तारै सम्पूर्ण अमेरिकामा हुँदै विश्वको करीब ८२ भन्दा बढी च्याप्टरमा आज अनेसास फैलाएर नेपाली भाषा साहित्य विकासमा दिगो टेवा पुर्याउनु भएको छ। होमनाथ सुवेदीज्यू अनेसासको जन्मदाताको रूपमा चिनिनुहुन्छ। नेपाल र नेपाली साहित्य संस्कृति जगेर्ना गर्न विदेशमा बसेर पनि नेपाली चलचित्र बनाएर सबै सामु प्रदर्शन गर्ने नन्दादेवी र होमनाथ सुवेदीज्यूको सोच थियो तर त्यसबेला टेक्निकल असुविधाले गर्दा सोचलाई थाति राख्नु पर्‍यो र वृत्तचित्र 25 Years of ANS मात्र बन्यो । त्यो अमेरिकामा बनेको नेपाली भाषाको पहिलो वृत्तचित्र थियो ।

नेपाली भाषा साहित्य र संस्कृतिलाई विदेशमा कसरी प्रचारप्रसार गर्न सकिन्छ भन्ने कुराले हरएक दिन मन मुटु कोट्याइ रहन्थ्यो । यसैले अनेसासको स्थापना कालदेखि नै अनेसासलाई फलाउन फुलाउन नन्दादेवी र होमनाथ सुवेदी दुबैको ठूलो हात छ। हरएक आरोहअवरोहमा कार्यक्रममा कवि लेखकहरू बटुल्न त्यत्ति सजिलो थिएन । त्यस्तो अवस्थामा पनि कसलाई कस्तो व्यवहार गर्नुपर्छ भन्ने स्पष्ट थाहा पाई नन्दादेवीले सहयोग र साथ दिनुभएको थियो ।

बालविवाहबाट सुरु भएको जीवनमा जेजति समस्या आइपरे पनि नन्दादेवी पतिको सहायकको रूपमा आफ्नो धर्म निभाउन सफल कुशल गृहिणी हुनुहुन्थ्यो । चारधाम घुम्ने, विश्वभ्रमण गर्ने र साहित्यको सेवा गर्दै हिँड्ने सुखी खुसीसँग जीवन रफ्तार चल्दै थियो । अचानक बित्नुभन्दा ७ वर्ष ८महिना ८ दिन वर्षअगाडि एक दिन अचानक जीवनमा आँधी आयो । नन्दाज्यूको अकस्मात् राति टाउको दुख्यो । बान्ता पनि गर्नु भयो । त्यसपछि नै हस्पिटल पुर्याउँदा मस्तिष्काघातले रक्तस्राब भएको रहेछ भन्ने डाक्टरबाट थाहा भयो । उहाँको सम्झना शक्ति गयो । ८ वर्षसम्म कोमा बसेको श्रीमतीलाई आफूसँग राखी दाइले नै सेवा गर्नुभयो। यो उहाँको मायाको अनुपम उदारणीय उपहार हो। बोल्न नसक्ने चल्न नसक्ने श्रीमतीलाई बगैँचामा लगेर डुलाउने, फूलहरू देखाउने, सुँघाउने आदि कर्म उहाँको मायाको स्मरणीय बिम्ब हो। अगाध प्रेम हो। एउटा पतिबाट पाउने उहाँको लागि प्रेमिल

उपहार हो । नन्दाज्यूले बोल्न र शरीर चलाउन नसक्ने भए पनि होमनाथसँगै भएको नन्दाज्यूको मौन इसारालाई पनि दाइले बुझ्नु भएको थियो । परस्परमा माया एक अर्कामा अग्नि साक्षी राखेर नौ वर्षको उमेरमा विवाह बन्धनमा पर्नु भएको जन्म जन्मान्तरसम्म अमर भएको छ। यो सेवा आदरणीय दाइ  होमनाथ सुवेदीज्यूले आफ्नो अर्धाङ्गिनी नन्दादेवी भाउजूले निभाउनु भएको मायाको ज्वलन्त उपहार भएको छ। करिब आठ वर्षसम्म मस्तिष्काघात भई बिमार भएकी श्रीमतीलाई आफूसँगै घरमै राखी सेवा गर्नु भएको यो उहाँको मायाको अनुपम नमूना हो, उपहार हो ।

समाजमा श्रीमतीले श्रीमान्‌को सेवा गरेको त थाहा छ  तर श्रीमान्‌ले श्रीमतीको त्यसरी लगनशील भई सेवा गरेको कमैले होला । भाउजूका लागि गर्नुभएको उहाँको त्याग तपस्याबाट सबैको मन छोएको छ। कर्मनिष्ठ भएर भाउजूको लागि गर्नु भएको उहाँको सच्चा माया सधैँ अमर रहने छ। हरएक अनेसासको कार्यक्रममा होमनाथ दाइ आउँदा भाउजू नआउनु भएको थाहा छैन । पिकनिक होस् या कविता वाचन तथा अरू कार्यक्रमहरूमा नन्दाज्यूले रमाइलो गर्न लोकगीत गाउँदै नाच्नु भएको सबैको मनमस्तिष्कमा बसिरहेकै छ । वहाँको घरमा जाँदा पनि उहाँले गर्नुहुने आतिथ्य सत्कार माया ममता ठटौली बिर्सनै नसकिने नन्दाज्यूले सबैलाई सम्झना दिएर जानु भएको छ ।

नन्दाज्यू बिरामी पर्न भन्दा पहिला गर्नुभएको उहाँको सहिष्णुता हामीले बुझेका छौँ । घरमा जाँदा पिकनिक भेट्दा अनेसासको कार्यक्रममा उहाँले गर्नुहुने माया ममताको लागि कृतज्ञता व्यक्त गर्दछु। अनेसास फुल्न फुलाउनमा उहाँको ठूलो योगदान छ। आजसम्मको अनेसासको विकासमा नन्दादेवीको ठूलो योगदान र भूमिका छ भन्दै १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रदाञ्जली अर्पण गर्दछु  साथै शोकाकुल परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

# समवेदनापूर्ण स्मृति



**सुभाष भण्डारी**
**मुना, हाल बाल्टिमोर**
**अध्यक्ष, मोना अमेरिका**

हजुरआमाको महाप्रस्थानको १३ औं पुण्यतिथिमा हजुरआमा, तपाईंको अस्तित्व हाम्रो समाजको अभिन्न अङ्ग थियो। त्यसैले तपाईंको प्रेरणादायी नसले हामीलाई चारै दिशामा प्रेरित गरिरहेको छ। हाम्रो समय हजुरआमाको साथमा बितेको यात्रा एक अनन्त स्मृति बन्दै गएको छ। तपाईंको मृत्युले हाम्रो मनलाई आघात पुऱ्याएको छ। तपाईंको अस्तित्व अब आकाशमा ताराहरूको रूपमा परिणत भएको छ, जसले साथसाथमा हामीलाई चलायमान गराएको पनि छ।

हामीले तपाईंको स्मृतिमा बस्ने अद्भुत विचार लिएर तपाईंको आवाज गुञ्जाउने छौं। हामीले सदैव तपाईंको प्रेम र सम्मानलाई मनमा राख्नेछौं। तपाईको अनुपस्थितिले हाम्रो मनमा अविरल छाप छोडेको छ, तर हामी आफ्नो अनुभूति र समय तपाईंको साथमा साझा गर्न तयार छौं। धेरै प्रेम र सम्मानको साथ।

# छामा नन्दा




**राम प्रकाश भण्डारी**
**पूर्व अध्यक्ष म्याग्दी सोसाइटी,**
**बाल्टिमोर, अमेरिका**

सर्वप्रथम आदरणीय स्वर्गीय छामा नन्दादेवी सुवेदीज्यूप्रति हाम्रो परिवारको तर्फबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। जब म अमेरिकाको भर्जिनिया पुगेर वुडब्रिज सहरमा (उहाँको घरमा) आएँ। पहिला अमेरिका बसाइ थियो। हाम्रो होमनाथ मामा र छामा नन्दादेवीज्यू नै हाम्रो अभिभावक हुनुहुन्थ्यो। उहाँहरूको सल्लाह, सुझाव, माया र सहयोग पाएर नै अमेरिकामा सुरुआतको बसाइ सजिलो भएको थियो। देश छोडेर विदेशमा आए पछि जसले हामीलाई बास, गाँस र कपासको व्यवस्था गरिदिनुभयो। त्यो भन्दा ठूलो कुरा के नै छ र ? यसको लागि आदरणीय मामा होमनाथ र छामा नन्दादेवीप्रति हार्दिक कृतज्ञता गर्दछु। स्वर्गीय छामा नन्दादेवी सुवेदीज्यूले हामीलाई ANA sf] Convention र INLS को विभिन्न पर्वमा सांस्कृतिक प्रोग्राममा भाग लिनुपर्दछ भनेर हामीले धेरै पटक सांस्कृतिक कार्यक्रममा भाग लिएका थियौँ। उहाँले हामीलाई दिनु भएको हिम्मत र साहसप्रति उच्च कदर गर्दछौँ। उहाँ धेरै दयालु हुनुहुन्थ्यो। उहाँले दिनु भएको माया, सल्लाह र सुझावप्रति सदा कृतज्ञता छौँ।

अन्तमा स्वर्गीय छामा नन्दादेवी जहाँ हुनुहुन्छ उहाँको आत्माको चिर शान्तिको कामना गर्दछु। सदा सर्वदा छामालाई सम्झी रहनेछौँ भन्दै बिदा हुन्छु।

# भाउज्यूको स्मृतिमा



**ऋषिनाथ सुवेदी**
**पूर्वकोषाध्यक्ष तथा संस्थापक सदस्य,**
**अनेसास केन्द्र, वुडब्रिज, भर्जिनिया**

सर्वप्रथम आदणीय भाउज्यू नन्दादेवी सुवेदीको माघ १ गते, २०८० तदनुसार जनवरी १७ तारिक २०२४ तिथि पञ्चमीको दिन उत्तरायणको दिन दिवङ्गत हुनुभयो । यो हाम्रो कहिल्यै फिर्ता नआनाउने ठूलो क्षति हो । यो दुःखको बेलामा म र मेरी श्रीमती तथा मेरा सम्पूर्ण परिवारको तर्फबाट श्रद्धासुमन अर्पण गर्दछु ।

पृथ्वी पनि घुम्दै कहिले रात कहिले दिन हुन्छ । हामी मानवको चोला कहिले जन्मने कहिले मर्ने सबैको रोलक्रम अनुसार हुन्छ नै । जन्म र मृत्यु हुने यो प्रकृतिको नियम हो । यो कुनै अस्वाभाविक होइन तैपनि बिर्सन कहाँ सकिन्छ र !

मानिस जन्मेपछि केहीनकेही स्वावलम्बी भएर समाजसेवाको काम गरेकाहरूको बारेमा मृत्यु पश्चात् पनि याद आउँछ । भाउज्यूको गुण सम्झेर धेरै साहित्यकारले कविता कथा र संस्मरणबाट दुःख व्यक्त गरेका छन् । भाउज्यूले गरेको साहित्य र समाजको योगदानको लागि मैले र मेरो श्रीमतीले पनि देखेका छौँ । यो मृत्युको घटनाप्रति हामी खेद प्रकट गर्दछौँ । मलाई ती दिन याद आउँछन् । भाउज्यूले अनेसासको साधारण सभा र भानुजयन्ती आदि कार्यक्रममा प्रफुल्लित भएर नृत्य गरेको, लोकगीत गाएको र वनभोज गराउँदै मेरा दाज्यू होमनाथ सुवेदीको कदममा कदम मिलाएर अनेसासको काम गरेको मैले प्रत्यक्ष देखेको छु ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको स्थापना कालमा म स्वयम् अनेसासको कोषाध्यक्ष थिएँ। हामी सबै मिलेर भानुजयन्ती सफल बनाउथ्यौँ तर नेतृत्व भाउज्यूको नै रहन्थ्यो। कामको बाँडफाँड गर्ने गराउने, कसैले खाए नखाएको ? के भो ? कसो भो ? भाउज्यूले सबतिर नजर पुराउनुहुन्थ्यो। समयले साथ दिएको भए देशविदेश र नेपालमा पनि अझ बढी योगदान गर्नुहुन्थ्यो। त्यो समयले पूरा हुन दिएन। दुःखको कुरा यही हो।

भाउज्यू नन्दादेवी सुवेदीको आत्माको स्वर्गबास होस् र दाज्यू र दाज्यूको परिवारमा धैर्य गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दछु।

# कर्म दिने आमा



**राहुल के सी**
**अध्यक्ष**
**अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (इनास), राष्ट्रिय समिति अमेरिका**

नन्दादेवी सुवेदी मेरो मानसपटलमा सधैँ मलाई जन्म दिने आमा पछाडिको कर्म दिने आमाको रूपमा रहिरहनुभयो र रहिरहनुहुनेछ। उहाँसँगको सम्बन्ध मेरो बाल्यकाल, जब मैले थाहा पाउने भए। त्यति नै बेलादेखि अति नै निकटतम पारिवारिक सम्बन्ध रहदै आएको छ। मेरो जन्मभूमि म्याग्दी जिल्लाको एउटा रमणीय गाउँ ताकम जुन आफैमा छुट्टै इतिहास बोकेको ऐतिहासिक महत्वको ठाउँमा पर्दछ– ताकम। यो शैक्षिक, राजनीतिक तथा बौद्धिक व्यक्तित्वहरू जन्माउने थलो पनि हो।

ताकमका जि.मु.हरिलाल सुवेदी म्याग्दी जिल्लाको कुशल राजनीतिज्ञ र बौद्धिक व्यक्ति हुनुहुन्थ्यो। त्यसै गरी मुखिया हेमबहादुर थापाको पनि उत्तिकै दवदवा थियो जसले त्यो भेगमै पहिलो पटक माध्यमिक विद्यालय स्थापना गर्न पहल गर्नु भएको थियो जुन विद्यालयको नाम हेम माध्यमिक विद्यालय सिवाङ ताकम थियो, मैले मेरो एस्.एल्.सी.सम्मको अध्ययन सोही विद्यालयबाट गरेको थिएँ, हाल उक्त विद्यालय हेम नमूना उच्च मा.वि. भएको छ।

मेरो हजुरबुबा खड्कबहादुर खत्री पाँच भाइ र दुई बहिनीहरूको सबै भन्दा ठूलो दाज्यू हुनुहुन्थ्यो। पारिवारिक हिसाबले मुखिया हेम ब. थापा बैनी ज्वाइँ र जि.मु. हरिलाल सुवेदीज्यूसंग गुरुचेलाको सम्बन्ध थियो र गाउको सल्लाहकारको भूमिका निर्वाह गर्दै आउनु भएको थियो।

यसरी हजुरबुबाहरूदेखि नै घनिष्ठ रहेको सम्बन्ध मेरो आमाले जि.मु.हरिलाल सुवेदीको जेष्ठ सुपुत्र होमनाथ सुवेदीकी धर्मपत्नी नन्दादेवी सुवेदीलाई गुरुआमा बनाए पछि यो नाता अझै नजिकिएको थियो। उहाँलाई मैले जेठीआमा भन्ने गर्दथेँ। जेठीआमाले मलाई निकै माया गर्नुहुन्थ्यो। म आमासँग कहिले दुध कहिले घिउ कहिले मही लगायत बोकेर जान्थेँ। जेठीआमाले पनि मलाई मीठा मीठा खानेकुराहरू, फलफूलहरू चकलेटहरू दिने गर्नु हुन्थ्यो।

गाउँघरमा होमनाथ सुवेदी यो भेगकै ठूलो विद्वान्, पढेलेखेको साहित्यकार र अमेरिका जस्तो ठूलो देशमा बस्ने ठूलो मान्छे भन्ने निकै चर्चा चल्थ्यो। संयोगले भनौं या भाग्यले म जन्मने वर्ष पहिलो पटक अमेरिका आउनु भएका होमनाथ सुवेदी म एस एल सी दिएर उच्च शिक्षाको लागि काठमाडौँ आउँदा जेठाबा पनि पहिलोपटक नेपाल जानुभएको थियो। मेरो काठमाडौँको यात्रा उहाँको नयाँबानेश्वर स्थित संसद भवन (वीरेन्द्र अन्तर्राष्ट्रीय भवन) नजिक घरबाट सुरु भएको थियो। त्यसको प्रबन्ध जेठीआमाले मिलाइदिनु भएको थियो। यसरी मलाई जेठबासंग बस्ने अवसर जुरेको थियो। म जेठबाको व्यक्तित्वबाट निकै प्रभाबित थिएँ र उहाँ जस्तै ठूलो मान्छे बन्ने रहर थियो। मेरो एस्. एल्. सी. को नतिजा आइसकेको थिएन तर पास हुन्छु भन्ने थियो। त्यो बीचको समयमा केही सिक्ने इच्छा थियो। गाउँको सरकारी स्कुलमा पढेकोले अङ्ग्रेज़ीमा कमजोर लाग्दथ्यो। अङ्ग्रेज़ी भाषा कक्षा पढ्न सुरु गरे। खाली समयमा उहाँका उपन्यास, कविताहरू पढ्ने गर्दथेँ। दैनिक जसो त्यतिबेला प्रकाशन हुने सबै पत्रिकाहरू घरमा आउने गर्दथे। मेरो नजर भने पत्रिकामा प्रकाशित आवश्यकता र अवसरहरूमा जाने गर्दथ्यो। काठमाडौँ जस्तो महंगो शहरमा कसरी टिक्ने र उच्च शिक्षा हासिल गर्ने ? त्यसको लागि केही नयाँ सिक्ने हुटहुटी थियो

एकदिन पत्रिकामा निःशुल्क नृत्य प्रशिक्षण भन्ने विज्ञापन देखे र खाली समय सदुपयोग पनि हुने केही नया पनि सिक्ने हेतुले उक्त कक्षामा भर्ना भएँ। यसरी मेरो कलाकारितामा अप्रत्याशित रूपमा त्यही घरबाट सुरु भयो। पहिलो वर्षमै वीरेन्द्र अन्तर्राष्ट्रिय भवनमा आयोजना हुने ठूलो सो मिस नेपाल १९९९मा गुरु वीरेन्द्र हमालको निर्देशनमा ब्याले नृत्यमा सहभागी हुने अवसर पाएँ। नृत्य सिक्ने क्रममा सोही इन्स्टिच्युटमा अभिनय र फाइट क्लास पनि सिक्दै गएँ। विभिन्न सांस्कृतिक कार्यक्रमहरूमा सहभागी हुँदैगएँ। सडक नाटकहरू स्टेज कार्यक्रमहरू हुदै एक दुइटा नेपाली चलचित्रहरूमा ग्रुप डान्स समेत गरेँ। त्यसपछि चलचित्रकर्मीहरूसँग

चिनजान हुदै गयो। गीतका भिडियोहरूमा मोडलको अफरहरू आउन थाले। टेलिफिल्महरूमा मुख्य भूमिका अफर आउन थाले। नजानिदो तरिकाले कलेजको पढाइभन्दा पनि कलाकारितामा व्यस्त हुँदैगएँ। मध्यम परिवार जन्मेको मान्छे काठमाडौँको रहन सहन र खर्च व्यवस्थापनमा सहज थिएन। महिनैपिच्छे घरबाट खर्च माग्न पनि अप्ठ्यारो लागिरहेको थियो। म कलाकारितामा फुलटाइम जस्तै व्यस्त भैसकेको थिएँ। केही पारिश्रमिक पाए पनि त्यसबाटै चल्न भने मुस्किल थियो। घरमा बुबा दाइहरूलाई सानो केही व्यवसाय गर्ने प्रस्ताव गरी पैसा मागेर आफूले काम गरिरहेको क्षेत्रमा लगानी गर्ने सोच बनाएँ। त्यो बेला भर्खर डिजिटल प्रविधिको आगमन हुदै थियो। डिजिटल क्यामरा, डिजिटल सम्पादन सोही प्रविधिमा साथीहरूसँग मिलेर कालीगण्डकी सिने म्याक्स नामक भिडियो सम्पादन कक्ष खोलियो र कलाकारितासँगसँगै व्यवसाय पनि अगाडि बढ्दै गयो। समयानुकूल नेपाली चलचित्रलाई डिजिटल प्रविधिमा ल्याउनलाई सङ्घर्ष गर्ने मुख्य भूमिका निभाउने अवसर जुऱ्यो। डिजिटल चलचित्र निर्माता सङ्घको अध्यक्ष भई नेपाल सरकार अन्तर्गत चलचित्र विकाश बोर्ड र अन्य चलचित्र सम्बन्धी सङ्घ संस्थाहरूसँग सङ्घर्ष र सहकार्य गर्दै डिजिटल प्रविधिलाई स्थापित गर्न सफल भइयो। आफ्नो व्यवसायलाई पनि नेपालमै पहिलो पटक चलचित्र सम्बन्धी सम्पूर्ण कार्य एउटै छानामुनि हुने गरी कालीगण्डकी सिनेम्याक्स "A Complete Cinematic solutions" बनाउन सफल भइयो। त्यही गीत रेकर्डदेखि छायाङ्कनलाई चाहिने सबै सामाग्रीहरू क्यामरा, लाइट लगायत उपकरणहरू, सम्पादन र फ़ाइनल मिक्सिङसम्म एकै ठाउँमा गर्न सकिने भयो। पहिला यी सबै कार्य भिन्दाभिन्दै ठाउँमा गर्न पर्दथ्यो। कति काम त नेपालमा नभएर मुम्बई जान पर्दथ्यो। म आफैले खेलेको रिलको सिनेमा किसानको फ़ाइनल काम मुम्बई गएर गरिएको थियो। काम राम्रै चलिरहेको थियो सात आठ वटा चलचित्र पचासौँ म्युजिक भिडियोमा अभिनय गरिसकेको थिएँ। देशविदेशका सांस्कृतिक कार्यक्रमहरूमा सहभागी भैरहेको थिएँ। यी सबै सुनेर खुशी हुनेमध्ये एक आदरणीय जेठीआमा नन्दादेवी सुवेदी पनि हुनुहुन्थ्यो।

श्रीमतीले डी.भी. भरेकी रहिछन्। २०१३ को अमेरिकाको डिभी पऱ्यो। देश छोड्न मन त थिएन तर पनि परिवार र पाँच वर्षको छोराको उज्ज्वल भविष्यका लागि अमेरिका आउने निर्णय गरियो। अमेरिका आउने खबरले अमेरिकामा रहनुहुने जेठीआमा निकै खुशी हुनुहुन्थ्यो र हामीलाई स्वागत गर्न उत्सुक हुनुहुन्थ्यो। २०१३

जुलाई २० मा अमेरिकाको एयरपोर्टमा जेठबा लिन आउनु भयो । घरमा जेठीआमा खाना तयार गरेर बस्नु भएको थियो। यसरी मेरो पहिलो कर्मभूमि काठमाडौँ र हालको कर्मभूमि अमेरिका दुवै उहाँकै घरबाट सुरुआत भयो । जागिर खोजिदिने, ड्राइभर लाइसन्स निकाल्ने, बासस्थान व्यवस्थापन गरिदिने सबै प्रबन्ध उहाँले नै मिलाइदिनु भयो ।

मेरो कलाकारीतामा नाम राहुल केसी भएता पनि गाउँघरको नाम तेजिन्द्र थियो । जेठीआमाले मलाई तेजिन्द्र भनेर बोलाउनु हुन्थ्यो । तेजिन्द्र तेरो गीत लगाई, तेरो फिल्म लगाई भन्नुहुन्थ्यो । मेरो अभिनय हेरेर निकै खुशी हुनुहुन्थ्यो । आफू पनि गीत गाउने नाच्ने गरेर रमाइलो गर्नुहुन्थ्यो । जेठबा होमनाथ सुवेदी अन्तर्राष्ट्रिय साहित्य समाजको संस्थापक अध्यक्ष हुनु भएकाले उक्त संस्थाको कार्यक्रमहरूमा सँगसँगै सहभागी भइन्थ्यो। म्याग्दी समाजको पिकनिक अन्य स्थानीय कार्यक्रमहरूमा सहभागी भएर रमाइलो गरेका दिनहरू झलझली आँखामा आउँछन् ।

अमेरिका आएर पनि मैले आफ्नो बचेको समय कलाकारिता र विभिन्न सङ्घसस्थाहरूमा दिदै आएको छु। वुडब्रिज नेपाली समाजमा सांस्कृतिक विभाग प्रमुख भई चर्चित कलाकार मनोज गजुरेल लगायत अन्य ख्याति प्राप्त कलाकारहरू सहितको कार्यक्रम, तीज कार्यक्रम, दशै-तिहार कार्यक्रमहरू आयोजना गरी नेपालीहरू आपसी भेटघाट, रमाइलो र आफ्नो भाषा संस्कृति जगेर्ना गर्दै नयाँ पुस्ताका बालबालिकाहरूलाई प्रोत्साहन गर्ने कार्य गर्दै आइयो। अहिले विश्वभरी रहेको नेपाली कलाकारहरूको संस्था अन्तर्राष्ट्रीय नेपाली कलाकार समाज (इनास) अन्तर्गत इनास भर्जिनियाको दुई कार्यकाल अध्यक्ष, इनास अमेरिका राष्ट्रिय समितिको एक कार्यकाल महासचिव हुदै हाल इनास अमेरिकाको अध्यक्ष रहेको छु।

इनास अमेरिकाले अग्रजलाई सम्मान नयाँ प्रतिभालाई प्रोत्साहन भनी अमेरिकामा रही विविध क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु हुने नेपालीहरूलाई सम्मान गर्ने हेतुले पहिलो पटक आयोजना गरेको इनास राष्ट्रिय सम्मान तथा सांस्कृतिक कार्यक्रममा साहित्य तर्फबाट आदरणीय वरिस्ठ साहित्यकार होमनाथ सुवेदीज्यूलाई इनास साहित्य सम्मानबाट सम्मानित गरेको थियो र त्यसै गरी अन्य विभिन्न दश विधामा अमेरिकामा रही नेपाली समुदायलाई योगदान पुऱ्याउनुहुनेहरूलाई इनास अमेरिका राष्ट्रिय सम्मान गरिएको थियो । यसरी मेरा हरएक दुःखसुख र सफलतामा

प्रत्यक्ष रूपमा नन्दादेवी सुवेदीको ठूलो हात रहेको छ। उहाँले सम्पूर्ण नेपाली समुदायलाई आफ्नै परिवारजस्तो गरी माया प्रेम र सद्भाव बाँड्नुभएको छ। उहाँको आत्माले यो संसार छोडेर गए पनि हामी सबैको मन मस्तिष्कमा नेपाली आमा भनेर सदा रहिरहनुहुनेछ।

स्व. नन्दादेवी सुवेदी लोक संस्कृति प्रेमी हुनु हुन्थ्यो। नाचेर गाएर नेपाली माहोल सिर्जना गरिदिनुहुन्थ्यो। उहाँको सम्झनामा आगामी हुने इनास अमेरिकाको लोक सांस्कृतिक कार्यक्रममा मेरो तर्फबाट $ 500 डलर पाँच सय पुरस्कार प्रायोजन गर्ने प्रतिबद्धता गर्दछु। जेठीआमा नन्दादेवी सुवेदीको आत्माको चिर शान्तिको कामना गर्दछु।

# सुखावती भुवने वास जुइमा



**गजेन्द्रलाल प्रधान**
**पूर्व सहसचिव, नेपाल सरकार**
**काठमाडौँ**

म शिक्षामन्त्रालयअन्तर्गत रेडियो शिक्षाशिक्षक तालिम केन्द्र, सानोठिमी भक्तपुरमा पासा श्री होमनाथ सुवेदीसँगै काम गर्थें। सन् २०८१ अगस्तमा सँगै साउडर्न इलिन्वायस युनिभर्सिटी, कार्बोन्डेलमा श्रीमती वीना भन्डारी, श्री श्यामजी अतिथी, म र सुवेदीजी हामी चारजना स्क्रिप्ट राइटिङ तालिमको लागि संयुक्तराज्य अमेरिका आएका थियौँ र चार महिना तालिम सकेर वाशिङ्गटन डीसीबाट नेपाल फर्केका थियौँ।

सुवेदीजीले 'म फर्कन्नँ गजेन्द्र, तिमीले यो सुटकेस यौटा र नगद, छोरी कल्पना, छोरा पुरुषोत्तम, प्रकाश र श्रीमती नन्दादेवी सुवेदीलाई दिइदिनू' भनेर दिनुभयो। 'कहाँ बस्ने त अब' भन्दा 'भास्कर गिरी र अच्युत श्रेष्ठसित कुरा भएको छ। भास्करको डेरामा पनि ठाउँ छ। अच्युतको घरमा पनि ठाउँ छ। जहाँ बसे पनि म उनीहरूसित बस्छु। ऐले मलाई लिन भास्करजी आउनुहुन्छ अनि बेलुकादेखि अच्युत श्रेष्ठकहाँ बस्न जाने व्यवस्था भएको छ। यो सामान मेरो घरमा लगेर नन्दालाई धन्दा नमान्नुहोस् भनी सम्झाएर दिनू' भनी दिनुभयो। भास्करजीले नै हामी तीन जनालाई नेसनल एयरपोर्ट पुऱ्याएर होमनाथजीलाई लिएर जानुभयो। बाँकी हामी तीनजना सन् १९८१ नोभेम्बर ताका अमेरिकाबाट नेपाल फर्कियौँ।

नन्दाजीलाई सुवेदीको सबै सामान जस्ताको तस्तै काठामाडौँ ज्याठा बाहाल त्यौड घरमा बुझाएर उहाँसँग सबै कुरा बेलिबिस्तार गऱ्यौँ। पछि नन्दाजी महाबौद्ध, काठमाडौँको हाम्रो घरमा आउनुभएको थियो। उहाँलाई होमनाथजीको याद आइरहन्छ भनी मेरी श्रीमती सहानासँग गुनासो गरेर जानुभयो। आउनु भएको भए खुसी लाग्थ्यो, आउनु भएन।

म फेरि सन् १९९५ मा स्पेसल ओलम्पिक गेमको कन्फेरेन्समा भाग लिन कनेक्टिकट आएको थिएँ । नन्दाजीसँग फोनमा कुरा भयो । मैले भनें, 'म मेरिल्यान्ड आउँदै छु ।' उहाँले यहाँ पनि 'आउनुहोस्, आउनुहोस्' भन्नुभयो । सुवेदीजीसँग पहिले नै कुरा भैसकेको थियो । म आएँ । बिहान बिहानै सुवेदी अफिस जानुहुन्थ्यो । नन्दाजी र म दिनभरि नेपालका घरायसी तथा परिवारबारे कुरा गर्दै दशौं दिन बितिसकेछ । वहाँ र म यस्तो काम गरेर बस्यौं – कहिले मादल बजाउँदै, कहिले टेलिभिजन हेर्दै, कहिले लोकगीत गाउँदै र सुखदुःखका कुरा गर्दै । अनि समय गएको थाहै भएन ।

सन् १९९६ मा कनेक्टिकटमा ट्र्याक एन्ड फिल्ड एथेलेटिक्सको अफिसियल भएर आउँदा फोनमा मात्र कुरा गरें । उहाँ 'गजेन्द्रलाई अमेरिका बस्ने मन छ' भन्ने कुरा सुवेदीलाई सुनाउनुहुन्थ्यो । मैले सुवेदी अमेरिकाको संरक्षक भनेर कहीं फाराम भर्दागर्दा लेख्ने गर्थें । सन् २०२३ मा बोस्टनमा बस्दा बरोबर कुरा हुन्थ्यो । २०२३ मा भर्जिनियामा सुवेदीजीको घरमा भेट गर्न श्रीमती सहाना, छोरी ग्रीसा जाँदा नन्दाजीको अवस्था देखेर मन भारी भयो । हे...! गर्नुहुन्थ्यो । सामान्य भएको भए कति कुरा कति रमाइलो मान्नुहुन्थ्यो होला । त्यो भेटघाटको दिन स्वागतको क्रममा सुवेदीजीले मेरो परिवारसँग दिउसोको लन्च हिवाची रेस्टुरेन्टमा गएर खायौं । एक घन्टापछि तपाईँलाई त फुर्सद छ, मलाई त सेवा गर्नुपर्छ, छिटो घर जाऊँ, भन्दै गरेको र आज त अब दश मिनटमा जाउँला, दिनमा त हेर्ने मान्छे छ भनेर घरमा काम गर्ने केयरगिभर र म्यामलाई छुट्टै खानाको व्यवस्था गर्न भन्नुभयो । मैले पनि छिटो जाऊँ भनें । उहाँ किन आत्तिन्छौ गजेन्द्र ? सातआठ वर्ष भयो सेवा गर्दैगरेको भन्नुहुन्थ्यो ।


सन् २०२४ जनवरी १७ तारिखमा अन्त्येष्टिक्रिया स्थलमा भएको शोकसभा कार्यक्रममा मैले र मेरो श्रीमतीले आफ्नो विचार मन्तव्य राख्ने मौका पायौं । पशुपति आर्यघाटमा जस्तै नन्दा म्याडमलाई अन्तिम दर्शनको क्रममा दक्षिणा, बाटो खर्च चढायौं, त्यस्तै तुलसीको माला र फूल चढायौं । थाहै नपाई भक्कानो छुटेछ । सम्हाल्दै 'सुखावती भुवनमा वास होस् भनी श्रद्धाञ्जली अर्पण गर्‍यौं ।

सुवेदीजीले अरू धर्मकर्म गर्नुपर्दैन किनकि उहाँले आफ्नो नन्दाजीलाई सकेसम्म सेवा गर्नुभयो । श्रीमान् भएर गर्नुपर्ने सम्पूर्ण कार्य गरी विदा गर्नुभयो । योभन्दा बढी अरू के गर्न सकिन्छ र ?

सुवेदीजी नेपाली भाषासाहित्य सेवामा विगतहरूमा जस्तै निरन्तर सेवा गर्न सक्नुहोस् । नन्दा म्याडाम सुखावती भुवनमा वास होस् । श्रद्धासुमन !

## अध्याय ५ :

## गद्य- संस्मरण (अनेसास केन्द्रीय शोकसभा माघ ६, २०८०)



# विषयसूची

**अध्याय ५ : गद्य– संस्मरण** (**अनेसास केन्द्रीय शोकसभा माघ ६, २०८०**) १६९-२४०

- नन्दा आमासँगको मेरो अनुभूति *विमला ढुंगाना निरौला* १७१
- स्मृतिमा नन्दादेवी *पदम विश्वकर्मा* १७५
- नन्दा दिदी *माधवप्रसाद शर्मा* १८०
- अझै नाच्दै नन्दादेवी ! *ईश्वरी भट्ट* १८५
- नेपथ्यमा नन्दादेवी *भारती गौतम* १८७
- स्मृतिमा नन्दादेवी सुवेदी *गीता खत्री* १९२
- हामी सगोत्री हौँ *नेत्रबन्धु पोखरेल* १९५
- ककसले के गुमायौँ *तीर्थ अधिकारी* १९७
- अचेत नन्दा पनि चिरिच्याट्ट ! *मोहराज शर्मा* १९८
- पाहुनालाई अति माया गर्नुहुन्थ्यो *गंगा लिगल* २०१
- अनेसास केन्द्रको शोकसभामा *होमनाथ सुवेदी* २०३
- नन्दा हौ दुहिता प्रिया भुवनकी *मोहन सिटौला* २११
- नन्दाबारे हिन्दु-बौद्ध दर्शन *नारायण अधिकारी* २१४
- आभारी भै रहने छौँ *रोहिणी शर्मा,* २१८
- नमन आमा नन्दा सुवेदीज्यू *रीतादेवी प्रधान (जोशी)* २२०
- आमाले नै सिकाउनुभयो *पुरुषोत्तम सुवेदी* २२५
- आमा ! *तीर्थराज पाण्डेय "आँसु"* २२८
- अरूलाई पनि यस्तो हुन्छ *गीता बजगाईं* २३०
- आमा देवी हौ *प्रकाश सुवेदी* २३२
- गुरुआमाप्रति *सर्वज्ञ वाग्ले* २३५
- बाँच्ने त आखिर सम्झना त रहेछ ... *गोवर्द्धन पूजा* २३७

# नन्दा आमासँगको मेरो अनुभूति



**विमला ढुंगाना निरौला**
*(महासचिव अनेसास, केन्द्र)*
*फेयरफ्याक्स, भर्जिनिया*

नन्दा आमासँग आत्मीयता गाँसिएको सत्र वर्ष भैसकेको छ तर यति मात्र नभएर हाम्रो धेरै पुरानो सम्बन्ध हो भन्ने लाग्छ। सन् २००७ मा काठमाडौँबाट पहिलो पटक उहाँसँग फोन संवादमा वार्ता हुने मौका मिल्यो। आवाजमा गरमभित्रको नरमपन सुनेर अनि अनौठो अनुभूति नभएको पनि होइन। तर जब उहाँसँग प्रत्यक्ष भेट्ने अवसर मिल्यो आत्मीयता एकाएक नजीक हुन गयो। वहाँलाई चिन्दै जाँदा सबैको चिन्ता र चिन्तन गर्ने ममतामयी आमाको रूप उहाँलाई पाएकी थिएँ। अमेरिका प्रवेश गरेको दुई दिनमा भाइ किशोरले वुडब्रिज स्थित सुवेदी निवासमा पुऱ्यायो र भन्यो 'यो प्रवासी भूमिमा मेरा अभिभावकको रूपमा वहाँहरू नै हुनुहुन्छ' त्यही समयबाट हामी पनि उँहाहरूसँग नजीक भएको दिन स्मरणमा ताजा नै रहेको छ। त्यही दिनदेखि होमनाथ सुवेदी र नन्दादेवी सुवेदीलाई (अङ्कल र आन्टी) भन्छौँ र यो प्रवासको सम्बन्धमा पहिलो अभिभावक मानिरहेका छौँ। वहाँकी जेठी बुहारी कल्पना सुवेदी बालसखी हुन् ! पद्मकन्या माध्यमिक विद्यालय डिल्लीबजारका हामी प्राथमिक कक्षादेखिकै साथी। नन्दा आमाकी छोरी कल्पना र कान्छी बुहारी दया पनि एकै घरको बहिनीहरू समान आत्मीय सम्बन्ध रहेको छ। वुडब्रिजमा हाम्रो घर र नन्दा आमाको घरको दुरी तीन-चार माइल मात्र थियो। साहित्यको समय होस् वा छुट्टीको दिन होस्। कुनै चाड वा कसैको जन्मदिन होस् वा पार्कमा घुम्न जम्मा हुने निहुँमा होस् हाम्रो भेट-घाट बाक्लो हुने गर्दथ्यो। नन्दा आमाको तीन सन्तान (पुरु सुवेदी, प्रकाश सुवेदी र कल्पना सत्याल)को परिवारसँगै वहाँकै छोरा समान अरू दुई

छोराहरू ( बाबु बिष्णु शर्मा र मुकेश गीता केसी) को परिवार र हामी अरू तीन चार परिवार गरी दश एघार घरको एउटा परिवार थियौँ। हाम्रो ठूलै समूह थियो। समूहभित्र उमेर अनुसारको अर्को सानोसानो समूहहरू थिए र अहिलेसम्म पनि यी सम्बन्ध कायम नै छन्। समान उमेरका छोराछोरीको छुट्टै उप-समूह, आमाहरूको आफ्नै उप समूह, बुवाहरूको अर्को उपसमूह र हजुरबुवा हजुरआमाको छुट्टै उप समूह गरेर चालिस-पैंतालिस जनाको समूहमा हामीसंगै रमाउने गर्दथ्यौँ। सँगै खाने नाच्ने गाउने र दुःख अनि खुसी मनाउने गर्दथ्यौँ। हामीलाई नेपालीले मनाउने पर्व र अमेरिकनहरूले मनाउने पर्व वा सबै चाडबाडमा उत्तिकै रमाइलो हुन्थ्यो। लगभग हाम्रा दश वर्ष यसरी बिन्दास भै नन्दा आमासँग बितेको थियो। सबै भन्दा बढी सम्भना मदर्स डे वा फादर्स डे पर्व र इस्टर पर्वलाई सबै मिलेर पार्कमा पार्टी गरेर मनाएको सम्भना आउने गर्छ। मदर्स डे मा पार्कमा पटलक पार्टी पछि आमाहरूको हातले केक काटेर धुमधामसँग मनाइने गरिन्थ्यो। नन्दा आमा आमाहरूको पनि अगाडिमा पर्न हुन्थ्यो। वहाँको अगुवाइमा र कल्पना सत्याल बैनीको व्यवस्थापनमा मदर्सडे दिवाभोज अति रमाइलो हुन्थ्यो। सबैका आमाहरू जम्मा हुँदा हामीलाई आमाको कमी महसुस हुन पाउँदैनथ्यो र हामी सबै आफूलाई निकै भाग्यमानी ठान्दथ्यौँ। जब नन्दा आमा ढल्नु भयो हाम्रो हौसला जोस जाँगर सबै सेलायो। सायद त्यही दिनदेखि हामीले पार्कमा सामूहिक मदर्सडे मनाएका छैनौँ पनि। क्याम्पिंग (camping) जाँदा होस् वा भानुजयन्ती मनाउँदा होस् कि पार्कमा भेला नै हुँदा होस् सबैलाई के खायौ, के खाएनौ कि चिन्ता लिँदै व्यवस्थापन गर्ने अब नन्दा आमा हामीसँग नहुँदा यो रमाइलो बिस्तारै हामीबाट छुट्दै गएको पनि छ। भानुजयन्तीमा घरको कार्यक्रम जस्तै चिन्ता गरेर व्यक्ति व्यक्तिलाई खवर गरेर खानाको व्यवस्थापनमा खटिने हुँदा अरूले चिन्ता लिन पर्दैनथ्यो। कस्ले खायो, कस्ले खाएन वहाँले नै खोजिगर्ने गर्नुहुन्थ्यो।

नन्दा आमालाई लोकगीत अति मन पर्ने गर्दथ्यो। हामी जम्मा हुँदा घर होस् कि पार्क जता जम्मा भए पनि मुकेश भाइले लोक गीत बजाई हाल्ने गर्नुहुन्थ्यो र हामी सबै नाच्न सुरु गरिहाल्थ्यौँ। बेनीको बजार जता माया उतै छ नजर नन्दा आमाले बढी सुन्ने र मन पराएर नाच्ने गीतहरूमध्येको एउटा गीत हो। भानुजयन्तीको पिकनिकमा पनि साहित्यिक कार्यक्रम पछि केहीबेर लोकगीत र नाच चल्थ्यो। नन्दा आमाको गीत र नाचमा हामी सबै रमाउँथ्यौँ।

नन्दा आमासँगको अर्को रमाइलो कुरा वहाँ घरमा आएका सबैलाई तरकारी बाढ्न मन पराउँनुहुन्थ्यो। करेसाबारीमा थरी थरी तरकारी फलाउने वहाँको अर्को

सोख थियो। धेरै पटक तरकारीका बेर्ना, बीउ र तरकारी कोसेली पाएको मीठो अनुभूति पनि ताजा छ।

जब नन्दा आमा ढल्नु भयो रे भनेको सुनियो। हामी सबै आत्तिएर भेट्न जान खोज्यौँ तर वहाँको घर परिवार कसैसँग पनि दुई दिनसम्म सम्पर्क गर्न नसक्दा हामी सबै निकै अन्योलमा परेका थियौँ। तीन दिनको दिन होमनाथ अङ्कल (हामीले अङ्कल र आन्टी भन्ने गरेका छौँ) फोन गरेर सबै कुरा भन्नु भयो। मेरो श्रीमान् र म तुरुन्तै आर्लिंटनको अस्पतालमा पुगेका थियौँ। नन्दा आमालाई देखेर हामीले पनि मनमा गहिरो चिन्ता बोकेर फर्कियौँ। तर समय र परिस्थितिले दिएका पीडाहरू जसो तसो स्वीकार्नुबाहेक के गर्न सकिने रहेछ र ? फेरि होमनाथ अंकलले भन्नु भयो 'कालको मुखबाट खोसेर ल्याएका छौँ।' त्यो कुराले सुनेर केही सन्तोष पनि बनाएको थियो। हो पनि आमालाई हामीले साथमा पाएका थियौं। हामी पटकपटक गरेर धेरै पटक अस्पतालमा पुग्यौं। जतिपटक जाँदा पनि उहाँलाई खुसी पार्न आफ्नो मोबाइलबाट बेनीको बजार भन्ने गीत, कहिले भजन बजाउंथें। त्यसबाट उहाँको खुसी भएको प्रतिक्रिया आउथ्यो र हामी पनि खुसी हुन्थ्यौं। समयसंगै आमा घर आउनु भयो। हामी सबै खुसी थियौं। वहाँको घर हामी हरएक सातदश दिन जस्तोमा भेट्न जाने नियम नै थियो। आमालाई के मन पर्छ, के खान सक्नुहुन्छ भनेर सोही अनुसारको गर्नु पनि हाम्रो कोसिस रहन्थ्यो। हरएक पटक जाँदा होमनाथ अंकलले श्रीमतीप्रति गरेको सेवा र समर्पण देख्दा छुट्टै खुसी र सन्तुष्टि मिल्थ्यो।

नन्दाआमाको हीरक महोत्सव (Diamond Jubely) धूमधामले मनाएका थियौं। ७५ वर्षको जन्मोत्सवलाई नै हीरक महोत्सव भनेर त्यो हीरक जन्मोत्सव त्यो वर्षभरि धूमधामले मानिएको थियो। हामी सबैले उहाँको बारेमा केही रचना सुनायौं। वहाँलाई मनपर्ने कुराहरूलाई मध्यनजर गरेर कार्यक्रम भएको थियो। उपस्थित सबैलाई केहीछिन भावुक पनि बनायो। हरएक बर्ष वहाँको जन्मदिनमा हामी सबैको शुभकामना र शुभेच्छा मात्र हैन भगवान् अष्टचिरन्जीवीलाई पुकार गरिन्थ्यो कि आमाको अवस्था पुरानै होस् भनेर। होमनाथ अङ्कलले आमालाई आफ्नी सानी छोरी जसरी नानी बाबा भनेर सफा र राम्रा कपडाहरू फ़ेराइदिंदै, सिंगार गराएर चिटिक्क परेर ह्विलचेयर डोर्‍याउँदा लाग्थ्यो– नन्दा आमा साँच्चिकै भाग्यमानी हुनुहुन्छ। जसलाई यति धेरै माया र रेखदेख गर्ने श्रीमान् हुनुहुन्छ। तीन छोराछोरी र नौ जना नातिनातिनी पनि उत्तिकै माया गर्थे।

नन्दा आमाको अन्तिम समयमा भने हामी नेपालको बसाइमा थियौं। वहाँको अन्तिम समयमा र दाहसंस्कार कर्ममा पनि आफू भौतिक रूपमा उपस्थित हुन

नआउँदा मनमा अति खिन्नताले कुटुकुटु पारिरहेको थियो। होमनाथ अङ्कल र छोरा छोरीसँग फोनबाट समवेदना प्रकट गरे पनि त्यो पीडाको घडीमा आफू प्रत्यक्ष सहभागी हुन नसकेकोमा खल्लो मन भैरह्यो। अनेसास अनलाइन संवाद आफूले नै सञ्चालन गर्ने हुँदा  आमालाई स्मरण गरेर शोकसभाको आयोजना गरिएको थियो। जुन कार्यक्रम अनेसास र वहांको परिवारबाट अत्यधिक सहभागिता पनि थियो तर मलाई भने कार्यक्रम निरन्तर सञ्चालन गर्न नै कठिन भैरहेको थियो। म आफूलाई नै सम्हाल्न गाह्रो परिरहेको थियो। मेरो अवस्थाको अनुमान गरेर केही समय अध्यक्षले स्वयमूले कार्यक्रम अगाडि बढाउनु भयो।  त्यस दिन हामीले तीन घण्टाभन्दा बढी  शोकसभा गर्‍यौँ। सारा शुभचिन्तक र सिङ्गो अनेसासले उहाँलाई श्रद्धासुमन अर्पण गर्‍यो।

वहाँको तेह्रौं पुण्यतिथिको दिन म नेपालमा नै थिएँ।  गणेश जिसी र विद्या उपाध्यायज्यूको निमन्त्रणामा नेपाल बालमन्दिर नक्सालमा अरनिको क्लबले बाल मन्दिरका नानीबाबुहरूको उपस्थितिमा आयोजना गरेको  श्रद्धाञ्जली कार्यक्रममा सहभागी हुने अवसर प्राप्त भयो। नन्दा आमाको कान्छो भाइ माधब शर्मा र हामी समेत भई बालमन्दिरको बालबालिकालाई भोजन गराएर सुरु गरिएको श्रद्धाञ्जली कार्यक्रममा अरनिको क्लवकी उन्नति जिसीद्वारा तयार गरिएको नन्दा आमाको तस्बिरमा श्रद्धाञ्जली माल्यार्पण गरिएको थियो। बालमन्दिरकी अध्यक्ष विद्या उपाध्याय, साहित्यकार गणेश जिसी, बाल सहभागी वा चित्रकार उन्नति जिसी, पत्रकार मोहराज शर्मा र केही अरू अतिथिहरूले श्रद्धाञ्जली मन्तव्य राख्नु भयो। गणेश जिसीज्यूले नन्दा आमाको नाममा केही रकमको अक्षयकोष स्थापना गर्ने निर्णय सुनाउनु भयो। मेरो मनलाई यो पलमा भए पनि सहभागिता गर्न पाएकोमा केही राहत मिलेको थियो।  नन्दा आमाको स्मरण गर्दै केही अनुभूति सुनाउँदै मैले आफ्नु नयाँ बाल सिर्जना यात्रामा देश समर्पण गर्दै श्रद्धा सुमनका केही शब्द पुष्पाञ्जली अर्पण गर्न र आफ्नो बोल्ने क्रममा आमाको नाममा स्थापना हुने अक्षय कोषमा  केही रकम सहयोग गर्ने वचन दिने अवसर पनि पाएको थिएँ। यो नन्दा आमालाई सम्मान सम्झिएर मन फुरुङ्ग पनि भयो। हामीले पलपल सम्झिरहेका हुन्छौँ। अनेसासको नाताबाट पनि संस्थापक सदस्य त हुनुहुन्थ्यो नै, हाम्रो व्यक्तिगत जीवनमा व्यक्तिगत सम्बन्धको आत्मीयतामा पनि नन्दा आमा सम्झनाको तरेलीभरि हुनुहुन्छ।  भौतिक शरीर हामी माझ नभए पनि हाम्रो मानस पटलमा वहाँ अमर हुनुहुन्छ।

अनन्तसम्म हामी सँगै रहनुहुन्छ। इतिहासको स्वर्णिम हरफहरू बीच। वहाँलाई हार्दिक श्रद्धा सुमन!   ❁❁

# स्मृतिमा नन्दादेवी



**पदम विश्वकर्मा**
*सभापति, अनेसास बिओटी*
*कोलोराडो, अमेरिका*

म टुहुरो मान्छे। १३ वर्षको कलिलो उमेरमा आमा र १८ वर्षको लगलगाउँदो उमेर बुबा गुमाउन पुगेको मैले आमा र बाहरूप्रति अति श्रद्धा लाग्ने गर्दछ। त्यसमा पनि वृद्ध आमाहरू देखेपछि मन यतिक्कै भरंङ्ग हुने गर्छ र म आमालाई सम्झन पुग्छु।

नन्दादेवी सुवेदी आमालाई सन् २०१० देखि निरन्तर देख्दै आएको हो। मेरी आफ्नै आमाको स्वभाव र स्वरूपले भरिएकी नन्दादेवी आमालाई देखेपछि मेरी आफ्नै आमा देखेजस्तो लाग्थ्यो। २०१२ पछि त प्रायः गरी हरएक भानुजयन्तीहरूमा भर्जिनियाको पोटोम्याक नदीको किनारमा रहेको लेसिल्भेनिया स्टेटपार्कमा अनेसासको आयोजनामा हुने भानुजयन्ती कार्यक्रममा लगायत अनेसासका अन्य कार्यक्रमहरू देख्दै आउन थालेँ। अनेसासको बढ्दो विस्तार, गतिविधि र सक्रियतामा अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदीज्यूसँग सँगै संस्थापक सदस्य नन्दादेवी सुवेदीको उत्तिकै सक्रियता र सहभागिता रहँदै आयो।

२०१२ को जुलाईमा केन्द्रीय कार्यसमितिको निर्वाचन सम्पन्न भएपश्चात् नयाँ समितिको सपथ ग्रहण र भानुजयन्ती मनाउन म पनि फ्लोरिडा पुगेको थिएँ। गीता खत्री अध्यक्ष र मैले महासचिव लगायत हाम्रो पूरै टिमले निर्वाचनमा भारी मतले विजयी हासिल गरेको थियो। उक्त कार्यक्रममा सरिक हुन संस्थापक अध्यक्ष र उहाँकी धर्मपत्नी नन्दादेवी सुवेदी पनि फ्लोरिडा पुग्नु भएको थियो।

हामी कुर्चीमा बसेका थियौँ तर नन्दादेवी आमा कुर्चीमा बस्नु भएको देखिँदैनथियो। उहाँ हँसिलो अनुहारमा यताउता घुमिरहनुहुन्थ्यो। कार्यक्रममा उपस्थित सबैजनासँग बोल्नुहुन्थ्यो। खाए नखाएको सोधिरहनुहुन्थ्यो। पानी बाँडिरहनुहुन्थ्यो। सबैको ख्याल गरिरहनुहुन्थ्यो।

२०१५ को अगस्त महिनामा बेल्जियममा प्रथम युरोपेली क्षेत्रीय नेपाली साहित्य सम्मेलनको आयोजना गरिएको थियो। यस अवसरमा नेपालबाट प्रा. डा. खगेन्द्रप्रसाद लुइटेल, वरिष्ट साहित्यकार सरूभक्त, श्रीओम श्रेष्ठ रोदन, एल बि क्षेत्रीलगायत थुप्रै साहित्यकार र पत्रकारहरू उक्त कार्यक्रममा सहभागी हुन बेल्जियम पुगेका थिए। अमेरिकाबाट उक्त कार्यक्रममा सहभागी हुन म, संस्थापक अध्यक्ष होमनाथ सुवेदीज्यू र उहाँकी धर्मपत्नी नन्दादेवी सुवेदी गरी हामी तीनजनामात्र त्यहाँ पुगेका थियौँ। भनौँन त्यस भव्य सम्मेलनमा हामी तीन जनाले मात्र अमेरिकाको प्रतिनिधित्व गरेका थियौँ।

डिसीबाट उहाँहरू र म कोलोराडोबाट उडे पनि हामी बेल्जियममा पुगेर भेटिएका थियौं। उडान फरक भएपनि उद्देश्य र गन्तव्य भने एउटै थियो। कार्यक्रमभरि उहाँले 'खाना खायौ पदम' भनेर सोध्नुहुन्थ्यो। पानी, खाजा ल्याएर दिइरहनुहन्थ्यो। लन्च डिनरमा पनि राम्रोसँग खाना खाए नखाएको नियालिरहनुहुन्थ्यो। बीचबीचमा खाना तरकारी थप्न ल्याउनुहुन्थ्यो।

पहिलो दिनको भेटघाट कार्यक्रम, मूल कार्यक्रम र नेदरल्याण्डको घुमफिरमा होमनाथ सुवेदीज्यू र उहाँकी धर्मपत्नी सँगसँगै थियौँ। यात्राभर हामीले सँगै खाना खायौँ, सँगै घुमफिर गर्‍यौँ। हरवखत, हरपल उहाँले मेरो ख्याल हेरविचार गरिरहनुहुन्थ्यो।

तेस्रो दिन हामी सबै घुमघामका लागि लक्जेमबर्ग पुगेका थियौँ। गर्मी मौसम थियो। दिनभरको हिँडाइपछि हामी एकप्रकारले लत्रक्क गलेका पनि थियौं। पसिना आफ्नै बाटोमा बगिरहेका थिए।

हामी सबैको आइसक्रिम खाने सहमति भयो। सबैको हातहातमा आइसक्रिम थियो। तर त्यसले मात्रै नन्दादेवी आमाको आत्माले चित्त बुझाउन सकेन। पदम तिमीले आइसक्रिम खायौ ? भनेर सोध्नुभयो। त्यो पल सँधैं सम्झना आइरहन्छ।

लेसिल्भेनिया स्टेटपार्क जहाँ भव्यरूपमा पिकनिकसहित हरएक वर्ष अनेसासको भानुजयन्ती मनाइने गरिन्छ। अनेसास डिसी च्याप्टरको आयोजनामा त्यस वर्ष भानुजयन्ती कार्यक्रम आयोजना हुँदै थियो।

अनेसासका आजीवन र ट्रष्टी सदस्यहरू जुट्दै थिए। स्थानीय आयोजकहरू सामग्रीहरू गाडीबाट धमाधम ओसार पसार गरिरहेका थिए। ब्रेकफास्टका लागि चिया, पाउरोटी र अण्डा तयार भयो।

नन्दादेवी आमा भने हरएकको नाम लिँदै ब्रेकफास्ट खान बोलाउँदै हुनुहुन्थ्यो। म आश्चार्य मानिरहेको थिएँ। नन्दादेवी आमाको आँखामा सबै अटाएका थिए। ओठमा सबैको नाम घन्किरहेको थियो। मनमा सबै समेटिएका थिए। कति धेरै जनाको नाम कण्ठस्थ थियो नन्दादेवी आमालाई ? हरएकलाई बोलाउँदै ब्रेकफास्ट खान कर गरिरहनुभएको थियो।

ब्रेकफास्टपछि संस्थाको नियमित कार्यक्रम सकियो। लन्च पनि सकियो।

छेउमा स्पिकर घन्किरहे्को थियो। रामप्रसाद खनालजीको आवाजमा लोकगीत सुरु भयो।

लोकगीतमा असाध्यै रमाउनुहुने नन्दादेवी आमा पहिल्यै उठेर नाच्न सुरु गर्नुभयो। उहाँ आफूमात्रै नाच्नु भएन। वरिपरि बस्ने अरूलाई पनि नचाउनु भयो। उहाँकै आग्रहमा म पनि निथ्रुक्कै हुने गरी नाचेँ। त्यो सम्झना सदाका लागि अविस्मरणीय रहिरहनेछ।

संस्थापक अध्यक्षसहित नन्दादेवी आमासंगै हामी जापान, अष्ट्रेलिया र अमेरिकाका विभिन्न राज्यहरू सँगै पुगेका छौँ। फोनमा संस्थापक अध्यक्षज्यूसँग कुरा गर्दा पनि उहाँ बोलिरहनु हुन्थ्यो। आवाजले थाहा पाउनुहुन्थ्यो, त्यो मेरो आवाज हो भनेर। पर्दापछाडिबाट बोलिरहनुहुँदा मसंगै बोलेजस्तो लाग्थ्यो। दोहोरो सम्वाद भइरहेजस्तो लाग्थ्यो।

२०१६ सालतिरको कुरा हो। कोरियामा मे महिनाको ६ र ७ मा प्रथम अनेसास एशियाली साहित्य सम्मेलन आयोजना हुँदै थियो। सम्मेलनमा भागलिन संस्थापक अध्यक्ष होमनाथ सुवेदीज्यू, म र उहाँकी धर्मपत्नी त्यसतर्फ प्रस्थान गर्दैथियौँ। म

कोलोराडोबाट मे महिनाको ४ तारिकमा र उहाँहरू पनि त्यसै दिन कोरियातर्फ प्रस्थान गर्दैथियौं।

नन्दादेवी आमाको स्वास्थ्यमा प्रतिकूलता देखिएपछि उहाँहरूको यात्रा रोकियो। अमेरिकाबाट जानेमा म एक्लै पर्न गएँ। म कोरिया पुगेपछि पनि उहाँसँग वार्तालाप भैरह्यो। थाहा हुन गयो, उहाँ अस्पतालमा भर्ना हुनु भएको रहेछ । मन यसै यसै गरुङ्गो भएर आयो। कार्यक्रमभरि होमनाथ सुवेदी र नन्दादेवी आमाको अनुहार छचल्किरह्यो। त्यहाँ सोधीसोधी पानी दिने मान्छे थिएन। खाना खायौ कि खाएनौ भनेर सोध्ने व्यक्ति थिएन। सबैको हेरचाह गर्ने व्यक्ति थिएन।

त्यसपछिका दिनहरूमा उहाँ अचेत हुनुभयो। तर हरएकपटक म डिसी पुगेपछि उहाँलाई भेट्न सुवेदी निवास पुग्ने गर्थें। निरन्तर रूपमा नन्दादेवी आमाको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिइरहन्थें। यति बेलै थियो आड भरोसा चाहिने। हौसला चाहिने। संस्थापक अध्यक्षसँग दुखसुखका कुरा गरिरहन्थें। यतिका वर्षसम्म धेरै पटक संस्थाको कामको सिलसिलामा डिसी पुगें। प्रत्येकपटक उहाँलाई भेटेर आउन चाहन्थ्यो मन।

२०२३ को नोभेम्बर १९ मा भर्जिनियामा अनेसास पुस्तक पुरस्कार वितरण समारोह आयोजना गरिएको थियो। त्यस अवसरमा म पनि उतै हानिएको थिएँ। कोलोराडो फर्कने टिकट नोभम्बर २० मा भएपनि म त्यसैदिन विहान नन्दादेवी आमालाई भेट्न उहाँहरूको निवासमा पुगें। साथमा बोर्डका सचिव नारायण अधिकारी, कोषाध्यक्ष नेत्रबन्धु पोखरेल र अनेसासलाई सदैव माया गर्ने अनेसासका सदस्य खेम भट्टचन पनि सँगै पुगेका थियौं। त्यही थियो उहाँसंगको अन्तिम भेट। त्यसको ठीक २ महिना पछि उहाँको देहावसानको समाचारहरूले फेसबुकका पानाहरू भरिन पुगे। म स्तब्ध बन्न पुगें। डेढ दशकदेखिको घनिष्टता, आत्मीयता, माया ममता अनायासै त्यसैदिनदेखि सदाका लागि टुंगिन पुगेको थियो।

मैले संस्थापक अध्यक्षज्यूलाई फोन गरें, उठेन तर श्रद्धाञ्जली र समवेदनाका शब्दहरूका भ्वाइस म्यासेजमा छाडें। लगत्तै नन्दादेवी आमाकी जेष्ठ सुपुत्र, अनेसासका पूर्व अध्यक्ष तथा बोर्डका सल्लाहकार पुरु सुवेदीजीलाई फोन गरें। म भावुक बन्न पुगेछु। मैलै श्रद्धाञ्जली र समवेदनाका शव्दहरू व्यक्त गर्न नपाउँदै

मेरा शव्दहरू एक्कासी रोकिन पुगे। मेरा वाक्यहरू अवरूद्ध भएपछि म आफैँले सम्वादलाई अन्त गरेँ। एक्कासी फोन काटियो।

उहाँ पुरू सुवेदी, कल्पना सुवेदी र प्रकाश सुवेदीको मात्र आमा नभएर अनेसासकै आमा हुनुहुन्थ्यो। आफ्ना बालबच्चाहरूको साथसाथै अनेसासलाई हुर्काउनु भएको थियो। बढाउनु भएको थियो। शीतल छहारी दिनुभएको थियो। उहाँको वात्सल्यतामा अनेसास उहाँकै काखमा हुर्कन, बढ्न, फुल्न, फल्न र फक्रिने अवसर पायो। उहाँको देहासानपश्चात् पनि अनेसास निरन्तर गतिशील रहने छ, निरन्तर फैलिने छ र संसारभर झ्याङ्गिने छ। हामीले नन्दादेवी आमाको जस्तो स्याहारसुसार, हेरचाह त पाउने छैनौँ नै तर अनेसासलाई भने जीवन्त पाइरहने छौँ।

आमा नन्दादेवी सुवेदी यस लोकमा हुनुहुन्न तर उहाँसँग विताएका अवस्मरणीय पल, सम्झना र यादहरू भने सदाका लागि जीवन्त रहिरहनेछन्।

नन्दादेवी सुवेदी आमामा हार्दिक श्रद्धाञ्जली!

# नन्दा दिदी




**माधवप्रसाद शर्मा**

**संस्थापक सदस्य, अनेसास केन्द्र**

*मैत्रीनगर, कीर्तिपुर काठमाडौं,*


म्याग्दी राक्सेका गर्भे जिम्मावालको घरमा २००३ सालको माघ ४ गते लक्ष्मीको रूपमा जन्मेकी मेरी नन्दा दिदीले जिम्मावालबालाई नातिनी देख्ने रहर पूरा गरिदिनुभएको थियो। त्यस बेला जिम्मावालबाको खुसी अत्यन्तै उचाइमा पुगेको थियो। सबैले जिम्मावालबालाई बधाई तथा शुभकामना दिँदै फूलपाती चढाएका थिए रे। दिदी २००३ को माघ ४ गते जन्मनु भएको थियो २०८० को माघ १ गते बित्नुभयो। ३ दिन अरू बाँचेको भए ७७ वर्ष पूरा हुनुहुन्थ्यो। ब्रेनहेमरेज भएपछि पनि ७ वर्ष ८ महिना ८ दिन बचाएर पनि अरू थप जाबो ३ दिन पनि बचाउन सकिनँ भन्ने खिन्नता भिनाज्यूले अझ व्यक्त गर्नुहुन्छ।

नन्दा दिदी जिम्मावालकी पहिली नातिनी हुनुहुन्थ्यो। गर्भे जिम्मावाल कलाधर पौडेलका जेठा छोरा जीवनाथ पौडेल र पुत्रवधू अमृतादेवीको कोखबाट जन्मिनुभएको थियो। समय बित्दै गयो नन्दा दिदी पनि ठूली हुँदै जानुभयो। उहाँ उहाँकी कान्छी फुपू कलावतीसँग खेल्ने गर्नुहुन्थ्यो। उहाँकी फुपू उहाँभन्दा केही वर्ष अघिमात्र जन्मिनुभएको थियो।

यसरी खेल्दाखैल्दै १० वर्ष पुगेकी नन्दा दिदीलाई जिम्मावालबा र उनका छोराले ताकम निवासी जि.मु. हरिलाल सुवेदीका जेष्ठ सुपुत्र नौ वर्षका होमनाथ सुवेदीसँग विवाह गरिदिए। यसरी माइती घरमा खेल्दाखेल्दै उहाँ पराई घरकी बुहारी बन्न पुग्नुभयो। सानै उमेरमा भएको विवाहले उहाँ वात्सल्य प्यारबाट वञ्चित हुनुभयो

र ससुरालको बुहार्तन  सहनुपऱ्यो। उहाँमा सानैदेखि चलाखीपन थियो। उहाँले ससुरालमा पनि आफ्नो चलाखीपन प्रयोग गर्दै असल बुहारी बन्न पुग्नुभयो। गाउँका ईष्टमित्रहरूले नन्दा दिदीको गुणगान गाउन थाले र सबैको हाइहाइ हुनुभयो। गाउँका अरू बुहारीहरूले पनि दिदीसित गहिरो नाता जोडेर सँगसँगै हिंड्ने गर्न थाले। यसरी नन्दा दिदीले घरको र आफ्नो काम सकेर ताकममा महिलाहरूको हकहितको लागि समाजमा कुरा राख्ने र उनीहरूलाई सही मार्ग देखाउने काम पनि गर्नुहुन्थ्यो। यता उहाँका माइतीमा उहाँपछि तीन बहिनी र तीन भाइ भएका थिए। माइलो भाइ सानै उमेरमा बितेका थिए। त्यसकारण उहाँ तीन बहिनी र दुई भाइकी धनी बन्नुभएको थियो। कान्छो भाइ जन्मेको १ वर्षपछि उनका बाबाले घर छोडेर जानुभयो र कहिल्यै फर्किएर आउनुभएन। त्यसैले दिदी नै माइतीकी जेठी सन्तान भएको हुँदा भाइबहिनी र एक्ली आमालाई पनि सम्हाल्न पर्ने भयो। उहाँ वर्षको एक दुई पटक माइती आउने जाने गर्नुहुन्थ्यो। हामी सानै थियौँ। दिदी आउँदा हामीलाई बिस्कुट, चकलेट, पिपल गेडी, काफल आदि ल्याई दिनुहुन्थ्यो। हामी रमाएर खान्थ्यौँ। हामीलाई दिदीले स्कुल जानुपर्छ अनि ठूलो मानिस बन्नुपर्छ भन्नुहुन्थ्यो।

दिनहरू बित्दै गएका थिए। २०२७ सालमा दिदीलाई पुत्रलाभ भयो र मैले पुरुषोत्तम भान्जा पाएँ।  दिदी आमा बन्न पुग्नुभयो। अब उहाँलाई घर माइतको कामको साथसाथै छोराको स्याहार सुसार गर्ने काम थपिन गयो। मेरो भिनाजु होमनाथ सुवेदी अध्ययनको सिलसिलामा कहिले इन्डिया त कहिले काठमाडौंमा हुनुहुन्थ्यो। दिदीलाई घरको काम छोराको काम गर्न भ्याईनभ्याई थियो तापनि उहाँ आफ्नो निर्धारित काम गर्दै अघि बढिरनुहुन्थ्यो। भिनाजु बेलाबेला घरमा आउनुहुन्थ्यो। त्यही बेला मात्र उहाँले दुःख साट्न पाउनुहुन्थ्यो। यसरी निरन्तर अघि बढिरहेकी मेरी दिदीले २०२९ सालमा दोस्रो सन्तानको रूपमा छोरा प्रकाश जन्माउनुभयो। अब उहाँलाई अर्को काम थपिन गयो। घरको काम दुई छोराको स्याहारसुसार उहाँको थाप्लोमा आए तापनि उनी आफ्ना सबै रुटिनका कामहरू निरन्तर गर्दै आफ्ना दिनचर्याहरू पूरा गर्नहुन्थ्यो। यसरी उहाँले आफ्नो घर उज्यालो पार्नुभएको थियो।

एकदिनको कुरा थियो। भदौको झरी परिरहेको थियो। अचानक दिदी रातमा हाम्रो घरमा आउनुभयो। आमाले दिदीलाई सोध्नु भयो 'किन यसरी आएको ?' दिदीले रुँदै भन्नुभयो। जुवाइँलाई त जेलमा लगे। यसो भनेर उहाँ सुक्क सुक्क गर्नु भयो र त्यो रात त्यहीँ बस्नुभयो। हामीले कुरा बुझेनौँ। दिदीले भिनाजुका बुवा हरिलाल सुवेदीलाई बोलाउनु भयो र उहाँ आउनु भयो। उहाँ पञ्चायती व्यवस्थाको

प्रधानपञ्च हुनुहुन्थ्यो। उहाँले जिल्ला प्रहरी शाखा म्याग्दीमा गएर बुझ्नुभयो र थाहा भयो। पञ्चायत व्यवस्थाको बिरुद्धमा लागेर अराष्ट्रिय काम गरेको भनेर भिनाजुलाई मुस्ताङको लोमन्थाङबाट वि.सं. २०२६ असार ३ गते पक्रेका रहेछन्। दिदी र भिनाजु त्यता सँगसँगै जानु भएको रहेछ। भिनाजुलाई पक्रेर ल्याई मुस्ताङ दानाको जेल हालेर दिदीलाई घर जानुस् भनेका रहेछन्। दिदी एक्लै दिनभरिको बाटो हिँडेर हाम्रो घरमा आएकी रहिछन्। भिनाजु जेल परेपछि फेरि दिदीलाई समस्या भयो। केटाकेटी हेर्ने कि भिनाजुको काममा जाने कि घर हेर्ने सारै कठिन अवस्था आयो। उहाँले सबै कुरालाई एकएक गर्दै सुल्भाउँदै जानुभयो।

भिनाजुलाई दानको जेलमा केही दिन राखी बाग्लुङ सारेछन्। केही महिना पछि पोखराको जेलमा पुराएछन्। भिनाजुको बुवा जि.मु. हरिलाल सुवेदी प्रधानपञ्च भएकोले उहाँको पञ्चायती व्यवस्थाका प्रशासकहरूसँग राम्रो चिनजान रहेछ र उहाँ तिनै प्रशासकहरूलाई भनेर ३ महिनापछि आफ्नो छोरालाई जेलबाट बाहिर निकाल्नुभयो। त्यसपछि भिनाजु काठमाडौं गई जागीर खानतिर लाग्नुभयो। दिदी ताकममा दुई छोरालाई पढाउँदै घरको काम धन्दा गरेर बसिरहनु भएको थियो। भिनाजुले परिवार दुईतिर भएको हुँदा सबै परिवार लगेर काठमाडौंमा बस्न थाल्नुभयो। त्यही क्रममा फेरि तेस्रो सन्तान दीपकको रूपमा छोराको जन्म भयो र अर्को खुसी आयो तर त्यो खुसी लामो समयसम्म रहेन, ताते ताते गर्ने बेलामा झ्यालबाट खसेर भान्जा दीपक बाबुको परलोक भयो। त्यसको केही वर्षपछि २०३२ मा भान्जी कल्पनाको जन्म भयो। यसरी मेरी दिदीका दुई भाइ एक बहिनी गरी तीन सन्तान छन्।

काठमाडौं बसाइँमा भिनाजुले जागीर खाँदाखाँदै २०३८ सालमा अमेरिका ट्रेनिङ्गको लागि जानु भयो। त्यो बेला मैले पोखरामा पढ्दै थिएँ। भिनाजु अमेरिका गएपछि दिदीहरू एक्लै काठमाडौं बस्न नसक्ने भएपछि दिदीले मलाई बोलाउनुभयो र काठमाडौंबाट भान्जाभान्जी र दिदीलाई ल्याएर म फेरि ताकम पुगेँ। उहाँ आफ्नो घर थियो उनीहरूलाई त्यही घरमा छोडेर म आफ्नो घर पुलाचौरमा आएँ र पोखरामा गएँ।

केही समयपछि २०४३ सालतिर दिदीहरू सबै ताकमबाट काठमाडौंमा नयाँ बनेको घरमा फर्कनुभयो। काठमाडौं सरेको केही वर्षपछि जेठो भान्जा पुरुषोत्तम सुवेदी अमेरिका जानुभयो। दिदी र दुई भान्जाभान्जी काठमाडौं बस्नुभयो। केही वर्षपछि भिनाजुले आफ्ना बाआमा, दिदी र कल्पना भान्जीलाई अमेरिका झिकाउनु भयो।

त्यसको केही वर्षपछि पुरुषोत्तमको विवाह गर्ने कुरा आयो। त्यसको लागि म र शिव सत्याल भएर सत्यालले चिनेका लक्ष्मण सत्याल र उषा सत्यालकी छोरी कल्पना सत्याललाई बिहे गर्ने टुङ्गो गरियो र भिनाजुले प्रकाश भान्जा र बिहेका लागि कल्पना सत्याललाई झिकाउनुभयो र भान्जा पुरुको विवाह अमेरिकामा नै गरियो।

मेरी दिदीमा विलक्षण प्रतिभा थियो। अमेरिका गएर पनि उहाँले जसरी ताकममा महिलाहरूको नेतृत्व गर्नुभएको थियो त्यसरी नै उनले अमेरिकामा रहेका नेपाली दिदीबहिनी र दाजु भाइको पनि नेतृत्व गर्दै पिकनिकमा जाने, भोजभतेर गर्ने, सामाजिक कार्यमा अग्रसर हुने आदि सबै क्षेत्रमा सक्रियतापूर्वक  लाग्नुभयो। भिनाजुले नेपाली साहित्य उत्थानको लागि गर्नु भएको कार्यक्रममा सक्रियताका साथ सहयोग गरी अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको गठन भएको थियो। दिदी पनि त्यस संस्थाको संस्थापक सदस्य हुनुहुन्थ्यो। नेपालबाट शिव सत्याल पीठ, लभ गाउँले, भीमप्रसाद रेग्मी र म पनि संस्थापक सदस्यमा थियौँ। केही अन्य परिवारसहित यस परिवारबाट सुरु भएको संस्था अहिले विश्वभरि फैलिएको छ।

दिदीको अदम्य साहस दृढ प्रतिज्ञा गर्ने स्वभावका कारण  सामान्य साक्षार नारीले अमेरिकाको अङ्ग्रेजीमा दिनुपर्ने जाँच पास गरी चालक अनुमतिपत्र, अमेरिकाको नागरिकताजस्ता महत्वपूर्ण  काममा सफलता प्राप्त गर्नुभएको थियो।

दिदीले नागरिकता पाएपछि दिदी भिनाजु नेपाल फर्कने बेलामा मैले कतारमा काम गर्दै थिएँ। उहाँहरू कतारमा ट्रान्जिटबाहिर निस्कने भएकाले म भेट्न गएको थिएँ। दिदी गएको १२ वर्षपछि त्यो हाम्रो पहिलो भेट थियो। मेरो मामाको छोरा कृष्ण र मुरारी पनि कतारमा नै थिए। कृष्णले दिदीभिनाजुलाई कतार घुमाउने योजना बनाएका थिए। काम विशेषले कृष्ण दुवै जानुपर्‍यो त्यही बेलामा उनको गाडीमा दिदीभिनाजुलाई ल्याएर कतारको सहर घमाउनु भन्ने उनको आज्ञाअनुसार मुरारी म भेट्न गर्यौं। मामाको छोरो मुरारीले मुरारीको दाइ कृष्ण र भिनाजुका योजना अनुसार उहाँहरूलाई सहरमा लगी घुमाएर होटेलमा ल्यायौँ। त्यसबेलाका तस्वीरहरू अझै छन्।

उहाँले नागरिकता लिएपछि हामी उहाँका तीन बहिनी र म भाइलाई अमेरिका जानको लागि फाइल दर्ता गराउनुभयो। मेरो जेठो दाजुको पहिले नै स्वर्गारोहण भएकाले उहाँले हामी चार जनालाई मात्र स्पोन्सर गर्नुभएको थियो। त्यो स्पोन्सरले हामी चारै जनालाई अमेरिकन USCIS ले बोलाएको थियो। त्यसमा माहिली

दिदी जान नसक्ने, साइँली दिदीको त्यही बेला स्वर्गारोहण भयो । कान्छी दिदी र म सपरिवार अमेरिका पुग्यौँ ।

दुःखको कुरा दिदीले हामीलाई अमेरिका त पुऱ्याउनुभयो तर हामीहरूले दिल खोलेर आफ्ना दुःखसुखका कुराहरू साट्न पाएनौँ किनकि दिदीलाई हामी पुग्नुभन्दा अगाडि नै ब्रेनहेमरेज भएर आफ्नो स्मरणशक्ति गुमाइसक्नुभएको थियो । म अमेरिका पुग्दा भिनाज्यूले बिरामी भएकी दिदीलाई एयरपोर्टमा लिएर आउनुभएको थियो । त्यहाँ दिदीले मलाई फूलको मालाले स्वागत गर्नुभएको थियो । 'दिदी म भाइ हो' भन्दा हात समातेर चरप्प अठ्याउने गर्नुहुन्थ्यो ।

हामी गाडीमा दिदीलाई राखेर पार्कमा जाने गर्थ्यौं र हातको सहाराले दिदीलाई सुस्तसुस्त हिँडाउने गर्थ्यौं । त्यस बेला 'दिदी' भनेर बोलाउँदा दिदीले मेरो गाला मुसार्दै मुखमा हेर्ने गर्नुहुन्थ्यो । यस्तै बिरामी अवस्थामा मैले दिदीको हातबाट दुई पटक तिहारको टीका लगाउने अवसर पाएँ । यही नै मेरो अहोभाग्य थियो ।

अन्त्यमा, दिदीको बिरामी अवस्थामा पूजनीय भिनाज्यूले दिदीलाई गरेको स्याहारसुसारको त्यो महत्वपूर्ण क्षणलाई मैले जति वर्णन गरे पनि पुग्दैन । त्यसका लागि भिनाज्यू अझै उहाँलाई ३ दिन मात्र बढी बचाउन सकेको भए ७७ वर्ष त पूरा हुन्थ्यो भन्नुहुन्छ । उहाँलाई त्यही गर्न पाइनँ भन्ने अझै खसखस छ । एक मिनेट भए पनि धेरै बचाउन पाए हुन्थ्यो भन्ने यही सततः प्रयासले नै दिदी ७७ वर्ष पुगेको मान्नुपर्छ, वर्षमा ३ दिनको महत्व छैन । उहाँले जे जसरी दिदीको सेवा गर्नुभो त्यही स्तुत्य छ र भिनाज्यू होमनाथ सुवेदीलाई हार्दिक आभार प्रकट गर्दछु ।

दिदीको २०८० साल माघ १ गते भएको महाप्रस्थानले भावविभोर छु । म नेपालमा भएकाले सो समयमा अमेरिकाको सागर जान सकिनँ तर नेपालमा बालमन्दिरमा भएको नन्दाको शोकसभामा उपस्थित भएर समवेदना व्यक्त गरेको छु । नेपालमा शोक सभा गर्ने बालमन्दिर अरनिको क्लब र अमेरिकामा सागर जाने, श्रद्धाञ्जली र समवेदना दिने सम्पूर्ण महानुभावहरू, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज र अन्य संघसंस्थाहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

# अझै नाच्दै नन्दादेवी !



**ईश्वरी भट्ट**

*प्रधान सम्पादक*

*अनेसास न्यूह्याम्पसायर*

*सदस्य, अनेसास पुरस्कार समिति*

२०१४ मे २४ मा नन्दादेवीको पाउले हाम्रो घरसमेत पवित्र बन्ने सुभ अवसर प्राप्त भएको थियो। घरमा नै कार्यक्रम गरेकाले आज मलाई गौरव पनि महसुस भएको छ। यतिखेर गहिरो सम्झना र ममताले याद गरायो कि त्यो कार्यक्रममा भव्य स्वागत गर्न पाउनु एउटा अहोभाग्य थियो । हाम्रो न्यूह्याम्पसायरमा भर्खरै च्याप्टर गठन गरेर, एकाध कार्यक्रम गरिँदै थियो । यसै सिलसिलामा होमनाथ सरले 'ईश्वरीजी हामी त्यता आउँदै छौं' भन्नु भयो । यो बेला कवि सिध्दिचरण श्रेष्ठको १०३ औं जन्म जयन्ती थियो । जन्मजयन्ती पनि मनाउने भेटघाट पनि गर्ने कुरा भयो। मैले सहर्ष स्वीकार गरें र तत्कालीन च्याप्टर अध्यक्ष अग्नि पराजुलीजीसंग सल्लाह गरें । कार्यक्रम दाइको घरमा गरौं भन्नुभयो, अग्नीजीले । मेरो घरमा प्रायः कार्यक्रम भै रहन्थे र यो पनि हाम्रो खुसीको कुरा थियो । मैले हुन्छ भनेपछि श्रीमती शारदा माया भट्टलाई 'होमनाथ सरहरू आउँदै हुनुहुन्छ' भनेँ । उनले कति जना हुनुहुन्छ भनिन् र खानाको तयारीमा लागिन् । म कार्यक्रमको तयारीमा लागेँ । मैले फेरि होमनाथ सरसँग निश्चय गरें र थाहा पाएँ, साथमा नन्दादेवी, साहित्यकार कविताराम श्रेष्ठ र आशुकवि रमेश खकुरेल हुनुहुँदो रहेछ ।

यहाँका हामी अग्निजीको परिवार, सुरेन्द्र आचार्य, आमा सावित्री देवी आचार्य, हेमराज अधिकारी हरिमाया अधिकारी, प्रेम सागर खतिवडा, चन्द्र कडरिया, उमेश कोइराला, महेश्वर पन्त, रविन थापा लगायत केही परिवारहरू जम्मा भयौँ ।

हामी सबै लिभिङ रूममै अटायौँ र त्यहीँ स्वागत सम्मानको कार्यक्रम गरियो। सिध्दिचरणको स्मरण र श्रद्धा सुमनपछि केही साहित्यिक  प्रवचन, कविता वाचन, गायन र छलफलहरू भए। नाच्ने गाउने रमाइलो गर्ने पनि कुरा भयो। मैले त्यति पत्याएको थिइनँ। अग्निजीको गायनसँगै हरिमायाजी र प्रेम सागरजीले हार्मोनियम र तबला बजाउन लाग्नु भयो अनि नन्दादेवी आमा जुरुक्क उठेर छमछम नाच्नु भयो। उहाँले नाच्दै गाउँदै गरेको देख्दा हामी सबै हर्षविभोर भयौँ र एउटा ऊर्जाको अनुभव गऱ्यौँ। भर्जिनियाबाट थाकेर आउँदा पनि केही नभएझैं आमाको नाच बढो रसिक थियो। कार्यक्रमपश्चात् सर, मेडम एकरात हामीकहाँ नै बसेर फर्कनु भयो। हामीलाई यस समयले निक्कै खुसी र उत्साह दियो। त्यसअघि मेरो पुस्तक प्रकाशन भएको थिएन तर बेला बेलामा मनमा आएका रचनालाई एउटा फाइलभित्र कैद गरेर राखेको थिएँ। निस्कनुअघि होमनाथ सरले नै 'ईश्वरीजीका प्रकाशित रचना छन् कि छैनन् ?' भन्नु भयो। 'प्रकाशन त गरेको छैन तर लेख्दै राख्दै गरेको छु सर' भनेँ र सङ्कलित रचनाको फाइल हातमा राखिदिएँ। 'यति धेरै कविता भएका रहेछन्, ईश्वरीजी! प्रकाशन गर्नुपर्छ' भन्नुभयो। त्यो प्रेरणाले नै मेरो पहिलो कवितासङ्ग्रह ' आमा र माटो' प्रकाशन गरेँ । यो प्रकाशन कार्य होमनाथ सरकै प्रेरणाले भएको हो भन्नेमा म विश्वस्त छु। आमा खुसीसाथ कविता प्रकाशनको आशीर्वाद दिँदै विदा हुनु भएको थियो। त्यति खेर त्यो अनुहार चन्द्रमाजस्तै थियो। जाँदाजाँदै अझै लाग्नु पर्ने र राम्रो गर्नु पर्ने प्रेरणा पनि दिनु भयो आमाले। हामीले ढोकाबाट चियाएर हेरिरह्यौँ। लाग्यो यो अवस्थामा पनि साहित्यिक जोडी निश्चिन्त हिँडिरहेछन् बिना थकान। क्या अपार माया छ नेपाली भाषा र साहित्यको।

भाषा, साहित्य, कला, संस्कृतिसँगै बहनु हुने नन्दादेवीको स्वर्गारोहणपछि मात्रै मलाई बोध भयो कि त्यति बेलाका फोटा र भिडियोहरू अझै धेरै राखेको भए, धेरै ताजगी हुने रहेछ। केही दिनअघि आमा नाच्नु भएको एक भिडियो अग्निजीले फेस बुकमा राख्नु भएको रहेछ। मैले आमाले छमछम नाचेको हेरिरहेँ। हार्दिक श्रद्धाञ्जली एवं स्वर्गवासको कामना सहित आमा नन्दादेवी आमाले छमछम नाचेको हेरिरहेँ। मेरो मानसपटलमा उहाँ अहिले पनि नाचिरहनुभएको छ।

# नेपथ्यमा नन्दादेवी



**भारती गौतम**
**सलाहकार, अनेसास केन्द्र**
**फ्लोरिडा**

"अब बल्ल अनेसासमा महिला आयौ, कसैको रिस डाह नगरी काम हुन्छ कि! नभए त धेरै जसोले त आफूलाई चाहिँदा अनेसासको सदस्य बन्यो, मिल्यो भने कुनै पदमा पनि बस्यो अनि आफूलाई त्यसको काम सकिए पछि त्यही अनेसासलाई गाली गर्दै हिँड्छन् ।"

"हामी त्यसो गर्दैनौं, दिदी !"

हामी घरभित्र पसेको केही मिनेटमा नै उहाँले त्यसो भन्नु भएको थियो ।

सामान्य कुर्ता सुरुवाल, अत्यन्त सरल व्यक्तित्वको सारै नै सहज पूर्णतया घरेलु लाग्ने महिलाबाट सुनेको उपर्युक्त वाक्य चमेलीको बोटमा फुलेको बेलीजस्तो लागेको थियो ।

पहिलोपल्ट नन्दादेवीलाई मैले सन् २००८ को जुलाई महिनामा भेटेको हो। अन्तर्राष्ट्रिय नेपाली साहित्यसमाज केन्द्रको भर्खरै गठित कार्यसमितिको कोषाध्यक्षमा कमला प्रसाई अनि उपाध्यक्षमा म छानिए पछि त्यसैको कार्यभारको औपचारिक रूप दिन  दुई दिन पछि हुने भानुजयन्ती एवं अनेसासको साधारण सभामा उपस्थित हुन न्यूयोर्कबाट कमला प्रसाई र म होमनाथ दाइको घर वुडब्रिज भर्जिनिया पुगेका थियौं ।

हामी आउने भनेर नन्दा दिदीले  घरमा मासको दाल, भात, सागको तरकारी, इस्कुस हो कि लौकाको पनि तरकारी अनि आलुको अचार बनाउनु भएको थियो ।

साग अनि लौका र इस्कुस घरैमा फलेको भन्नु भयो। हामी पुग्दा अँध्यारो नै भैसकेकोले तरकारी बारी भोलि विहान देखाउने भन्नुभयो। विहान हामी उठ्ने वित्तिकै हामीले उहाँको तरकारी बारी, घिरौला, लौका, ईस्कुस का लहरा जाने बडेमाका रुख पनि देख्यौं।

हामी अनेसासको नयाँ पदाधिकारी अनेसासको बारेमा बुझ्न यसको औपचारिक कार्यक्रममा भाग लिन होमनाथ दाइको घरमा गएका थियौं। नवगठित समितिका अध्यक्ष कुमार बस्नेतजी जापान निवासी हुनु अनि महासचिव वेलायतमा हुनुले कार्य समितिको कार्यभारको औपचारिकतामा कोषाध्यक्ष र उपाध्यक्षले प्रतिनिधित्व गर्नु परेको हो। बोस्टनबाट म अघिल्लो दिन न्यूयोर्क बसेर भोलिपल्ट दिनभरि बसमा हामी डिसी पुग्दा निकै अँध्यारो भैसकेको थियो।

मैले योभन्दाअगाडि कहिले कहिले कुनै कार्यक्रममा होमनाथ दाइलाई देखेको, पुरुजीको नाम सुनेको अनि घरमा भाउजू(दिदी) हुनुहोलासम्म लागेको हो। तर उहाँ अनेसासको नेपथ्यको शक्ति भनेर उपनाम दिए पनि ग़लत साबित नहुनेगरी अनेसासको हिस्सा हुनु भएको थाहा थिएन। प्रायः प्रसिद्ध पुरुषहरूका पत्नीहरू पुरुषकै व्यक्तित्वको छाँयासम्म मात्र सीमित हुने गरेकोमा नन्दा दिदी उहाँका पतिको चिनारी जत्तिकै प्रभावशाली देखेर गौरव अनुभव भएको थियो। पितृसत्तात्मक मान्यतामा हुर्किएको उह्राहरूको पिँढीमा त्यसप्रकारको समझदारीको पुष्टिका लागि उपर्युक्त एकै वाक्य पर्याप्त थियो। होमनाथ दाइ स्वयम् र नन्दा दिदीप्रति मेरो उत्सुकता र आदर दुवै बढेको थियो। सामान्यभन्दा पनि सामान्य, सरलभन्दा पनि सरल लाग्ने नन्दादेवीको आत्मविश्वास र स्पष्टताको अगाडि उहाँ बारेको मेरो पूर्वाग्रह पराजित हुन थालेको थियो।

भानुजयन्ती नेपाल अधिराज्यभरि अनि नेपालबाहिर पनि जताजता नेपालीहरू पुगेका छन् त्यहाँत्यहाँ आफ्नैआफ्नै तरिकाले मनाउने गरेको अहिले मात्र हैन। खासगरी भारतको सिक्किम, दार्जिलिङ अनि आसाम जस्ता ठाउँमा भानुजयन्ती एउटा पर्वको रूपमा मनाउने गरेको भन्ने सुन्दै आएको हो तर म नेपालमा रहँदासम्म पनि भानुजयन्ती पनि देवकोटा जयन्ती, लेखनाथ जयन्ती अनि मोती जयन्ती मनाए जस्तै मात्र को अनुभव थियो। दुई दशक पहिले अमेरिका पसेपछि भानुजयन्ती मात्र नभएर कुनै जयन्तीमा सहभागी हुने अवसर प्राप्त भएको थिएन।

होमनाथ दाइ र नन्दा दिदीको घरमा देखेको भानुजयन्ती तयारीदेखि नै पारिवारिक पर्व लागेको थियो। घरमा कसैको व्रतवन्धजस्तो लागेको थियो।

बिहान उज्यालो पनि खस्न नपाउँदै एघार बजे हुने कार्यक्रमको सबै व्यवस्थाको लागि नन्दादेवी दिदी ससुराको श्राद्धको तयारीको लागि जस्तै जुट्नु भएको थियो। परिवारका सवै सदस्यलाई विहानैदेखि काम बाडफाड गर्नमा उहाँ व्यस्त। अनुरोध गर्नु पर्नेलाई अनुरोध गरेर अलिक साह्रो भन्नु पर्नेलाई त्यसैगरी अह्राएर अनि आफै पनि सकेसम्म खटेर त्यो भानुजयन्ती अनि साधारणसभा सम्पन्न भएको थियो। यसो हेर्दा साहित्यसँग के सरोकार होला र गद्य, पद्य, काव्य, महाकाव्यवारे पनि चासो नलाग्ने जस्तो देखिने नन्दादेवी वास्तवमा त्यो सबैमा आफ्नै तरिकाले चासो लाग्ने हुनुहुन्थ्यो। एउटा पार्कमा हजुरआमादेखि नाती नातिनीसम्मको बाक्लो उपस्थितिमा त्यसबेलाको भानुजयन्ती अनि अनेसासको साधारणसभा सकिएको थियो। भोलिपल्ट हामी बसमा न्युयोर्क फर्कियौँ।

अनेसासको स्थापना त्यसको लालनपालन गर्ने होमनाथ दाइ पिता भएजस्तै नन्दादेवी दिदी वास्तवमा नै अनेसासकी आमा जस्तो लाग्न थालेको थियो।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको सोही (२००८-२०१० ) को कार्यसमितिले कुनै ऐतिहासिक कार्य गर्ने छलफल भएपछि न्युयोर्कमा प्रथम अन्तर्राष्ट्रिय साहित्यिक सम्मेलन गर्ने निर्णय गरेको थियो। सम्मेलनको संयोजकको नाताले मैले बिचमा धेरै पटक होमनाथ दाइसँग सरसल्लाह गर्नुपरेको थियो। ती सबै फोन वार्तामा दाइले भन्दा पहिले धेरै जसो नन्दा दिदीले फोन उठाउने गर्नुहुन्थ्यो। यो विषयमा कुरा गर्न लागेको भनेपछि दाइसँग कुरा गर्ने गर्थें। दाइले नै फोन उठाए पनि नेपथ्यबाट नन्दा दिदीले "को हो , किन फोन गरेको " भन्ने गर्नुहुन्थ्यो अनि सरसल्लाहमा उहँ सँगसँगै हुनुहुन्थ्यो। 'संस्थाको विषय हो, उहांलाई कति पो थाहा होला र ?' को मेरो अनुमान धेरै पटक गलत सावित भएको थियो। कतिपय सल्लाहमा त दाइको भन्दा नन्दादिदीको सल्लाह बढी व्यावहारिक भएको मेरो अनुभव हो।

नभन्दै न्युयोर्कमा सन् २००९ को अगस्ट पन्ध्र को दिन ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय सम्मेलन भएरै छोड्यो। त्यो सम्मलेनमा पनि नन्दा दिदी होमनाथ दाइसँगै बेलैमा कार्यक्रम स्थलमा पुगेर विशेष गरी पाहुनाहरूलाई खानाको

व्यवस्थामा सल्लाह दिन व्यस्त हुनुहुन्थ्यो। जतिसुकै निरस भए पनि जतिसुकै लामो भए पनि कार्यक्रम अवधि भरी पुराण सुनेजस्तै सबैभन्दा अगाडिको कुर्सीमा बस्ने श्रोता अनि दर्शक नन्दा दिदी नै हुनुभयो। उहाँप्रतिको मेरो पूर्वाग्रह अझ फेरिन थालिसकेको थियो।

हाम्रो कार्यकाल सकिएको भानुजयन्तीमा फेरि एकपटक कमला प्रसाई र म नै डीसीमा पुग्यौँ। कार्यक्रममा नन्दादिदीको सक्रियता उस्तै थियो।

एनआरएनएसँग अनेसासले गरेको संयुक्त साहित्य सम्मलेन र कविता गोष्ठी ह्युस्टन टेक्ससमा भएको थियो। त्यस कार्यक्रममा फेरि नन्दादेवी दिदीसँग जम्का भेट भयो। त्यहाँ पनि उसैगरी दाइको साथमा साहित्य सुनिरहनु भएको थियो। संयोगले त्यो सम्मलेनमा पनि म आफैं संयोजक भएको हुँदा दिदीको केही सल्लाह त्यसवेला पनि लिएकी थिएँ। 'त्यसलाई अलिक बोल्न दिनु नि' 'उसको पालो आएकै छैन' आदि उहाँले श्रोताको माझबाट पनि बताइरहनुहुन्थ्यो। कहिलेकाही श्रोताको माझैबाट दाइलाई हाँसोमा उडाउने समेत गर्नुहुन्थ्यो मनले जितेर, त्यति आत्मविश्वास! उहाँको आवाज जति कडा जस्तो लाग्थ्यो त्यति नै उहाँ मनको कमलो, सीधा र निष्कपट हुनुहुन्थ्यो।

"एकपटक हवाई जहाजमा चढ्ने बेलामा "पहिले आमालाई चढाउनु नि पो भनेँ दाइलाई" अरू नै कसैको वारेमा कुरा गरेको जस्तै गरेर उहाँ आफै हास्न थाल्नु भयो। प्रायजसो कार्यक्रम सकेपछि उहाँको गीत पनि सुन्न पाइन्थ्यो। कहिले कहिले सँगिनी पनि। यी रमाइला कुरा थिए।

"भारतीलाई पिरो मन पर्छ, गोविन्दको घरमा भात खाने भए पनि यो अचार लिएर जानू" गोविन्द गिरी प्रेरणाले भीमनिधि तिवारीको जन्म जयन्तीको आयोजना गरेका थिए डिसीमा। उहाँको अनुरोधमा एउटा कार्यपत्र प्रस्तुत गर्न गएकी थिएँ। त्यसै सन्दर्भमा होमनाथ दाइलाई भेट्न भनेर ज्ञानेन्द्र गदालजी, गोविन्द गिरीजी अनि म होमनाथ दाइको घरमा निस्किएका थियौँ। मैले जम्मा एकछाक भात खाएको त्यही पनि ४-५ वर्षअगाडि। होमनाथ दाइको भान्सामा त्यसपछि कति धेरै पाहुना आउनु भयो होला, नन्दा दिदीले कतिलाई खाना खुवाउनु भयो होला। त्यसमा ' मलाई पिरो मन पर्छ' सम्झिनु भनेको अर्काको ख्याल राख्ने उहाँको विशेष गुणको उदाहरण थियो। सबैप्रतिको मातृत्व भाव भएको सबुत पनि थियो यो।

अन्तर्राष्ट्रीय नेपाली साहित्य समाजबाट दिइने उत्कृष्ट नारी हस्ताक्षर पुरस्कार लिन म पछि डिसी गएको बेला फेरि नन्दादिदीसँग भेट भयो । हाम्रो घर न आउने भनेर उहाँले गुनासो  गर्नुभयो । त्यसको अघिल्लो दिन बेलुका होमनाथ दाइसँग अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको तत्कालीन गतिविधिबारे  निकै कुरा भयो । ती सवै विषयमा नन्दादिदीको उत्तिकै सक्रिय सहभागिता थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजमा अनि नेपाली साहित्यको इतिहासमा होमनाथ दाइको योगदानको जवजव उल्लेख हुन्छ नन्दादेवीको नाम त्यही हाराहारीमा आउने छ ।  भविष्यमा अनेसासले जसरी होमनाथ सुवेदीलाई सम्झिने छ त्यसैगरी त्यो सबैमा नन्दादेवी सुवेदी नेपथ्यमा हुनुहुनेछ। उहाँको सरल, सहज अनि आत्मविश्वास सम्पूर्ण महिला वर्गको लागि सधैं प्रेरणा हुनेछ। नन्दादेवी दिदीप्रति भावपूर्ण श्रद्धाञ्जली !

# स्मृतिमा नन्दादेवी सुवेदी



**गीता खत्री**
**अनेसास, बी.ओ.टी, सल्लाहकार**
**अनेसास, बोर्ड अफ ट्रस्टिजका पूर्व अध्यक्ष**
**अनेसास, पूर्व केन्द्रीय अध्यक्ष**

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको झन्डै तीन हजार आजीवन सदस्यहरूबीच नन्दादेवी सुवेदीको नाम नसुन्ने सायद कमै सदस्यहरू होलान् । अनेसासको स्थापना कालदेखि उहाँले यस धरामा चेतन अवस्थामा रहेसम्म उहाँको तर्फबाट गर्ने सक्ने सबै किसिमका सहयोग गरेर मलजल गरिनै रहनुभयो। यो संलग्नतामा न उहाँलाई पदको लालसा थियो न प्रतिष्ठाको। उहाँको योगदान निस्वार्थ र निष्कपट थियो। यस अर्थमा संसारभरिका अनेसासका च्याप्टरहरू, आजीवन सदस्यहरू तथा नेपाली भाषासाहित्यलाई माया गर्नेहरू सबैले उहाँको योगदानको मुक्तकण्ठले प्रशंसा गर्नु उचित हुनेछ भन्ने मलाई लागेको छ।

केही वर्षको अचेतन अवस्थापछि स्वर्गीय नन्दादेवी सुवेदीको शरीरले मुक्ति प्राप्त गऱ्यो। यदि स्वर्गको कल्पना साँच्चै हो भने उहाँको आत्माले स्वर्गमा बास पाउनै पर्छ। उहाँको आत्मा, मन र मुटु यति पवित्र र शुद्ध थियो कि हामीले देखेका वा चिनेजानेका कसैसँग तुलना हुँदैन। अमेरिकामा नेपाली भाषासाहित्यको सेवामा समर्पितहरूको सेवामा लाग्दालाग्दै उहाँको जीवनलीला सकियो।

हामी जहिले उहाँको घरमा गएपनि आफ्नै छोराछोरीजस्तो गरेर माया गर्ने। मायामात्र गर्ने हैन केही तलमाथि वा गल्ती गऱ्यो भने गाली गर्न पनि पछि नपर्ने। हामी कहिले उहाँको घरमा आधारातमा पुग्थ्यौँ त कहिले बिहान ५ नबज्दै।

एकपटकको ढकढकमै ढोका खोल्न उठिहाल्नुहुन्थ्यो। निद्राकै तालमा चिया पकाइ दिने वा खाना खुवाउनु पर्ने खाना पकाई दिने। कहिले झर्को नमान्ने उहाँको बानी। आफ्नै सन्तान आएको अनुभूति दिलाउने। कहिलेकाहीँ कार्यक्रम सकेर हामी न्युयोर्क फर्कन लागेको थाहा पाएपछि बाटोमा के खालान्, भ्याउलान् वा नभ्याउलान्। बीचमा समय किन खेर फाल्नु भन्दै त्यहाँ भएका खानेकुराहरू पहिले नै पोको पारेर राखिदिनुहुन्थ्यो। भानुजयन्ती वा देवकोटा जयन्तीका अवसरमा गीता आउँछिन् भनेर बारीमा फलेको फर्सी, घिरौंला, तनेबोडी तथा बारीमा जेजे फलेका जे छ मेरो भाग भनेर राखिदिनुहुन्थ्यो। गएको बेलामा ती तरकारी नबोकी हिँड्नै पाइन्नथ्यो। माइत आएकी छोरीलाई आमाले घर पठाउँदा पोकैपोकाको भारी बोकाएर पठाएजस्तो हामीलाई पोकैपोकाको झोला भिराउन कहिले भुल्नु भएन।

उहाँलाई जाऊँ है नभनी हिँड्ने आँट हामी गर्न सक्दैनथ्यौँ। खाली हात हिड्ने कुरा सुनेपछि उहाँ गाउँनै थर्कनेगरी कराउनु हुन्थ्यो। प्रतिवाद नगरी हामी सबै पोको च्यापेर लुरुक्क हिड्थ्यौँ। पाँच घण्टाको बाटोमा प्रायः भोक लाग्दैन थियो। त्यसैले घरमा भोलिपल्ट ती खानेकुरा खान्थ्यौँ। त्यसमा उहाँको कुनै स्वार्थ थिएन। त्यो त हामीमाथि उहाँको माया, प्रेम र स्नेहको बर्षा थियो। माया गर्नको लागि आफ्नै सन्तान चाहिन्छ भन्ने केही छैन भन्ने कुरा नन्दादेवी सुवेदीको चरित्रबाट देखिन्छ। केही वर्षदेखि उहाँलाई साहित्यिक कार्यक्रमहरूमा देख्न नपाउँदा हामीलाई नरमाइलो लाग्थ्यो। कुनैबेला भेट्न गयौँ, कुनै बेला भ्याएनौँ। २०१४ मा न्युयोर्कमा मैले आयोजना गरेको प्रथम अनेसास महिला अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा उहाँलाई सम्मान गरेकी थिएँ। उहाँको देहावसानको दुखद घडीमा म कविशिरोमणी लेखनाथ पौडेलले लेख्नु भएको कालजयी कविताको निम्न पँक्ति उपयुक्त देख्दिनँ :–

आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो

बरु भगवान्प्रति हार्दिक कृतज्ञता र धन्यवाद दिन चाहन्छु। बल्ल उहाँको आत्मालाई मुक्ति दिनु भयो भनेर। उहाँको त्यो पवित्र आत्मालाई शान्तिपूवर्क स्वर्गमा एउटा ठाउँ दिनुहोस् भनेर बिन्ती गर्न चाहन्छु।

जीवनभरिको यात्रामा अविश्रान्तरूपले सहयोग गर्दै आएकी जीवनसँगीनीले छोडेर जानुको पीडा होमनाथ दाइसँग कति होला। हामीले अनुमानै गर्न सक्दैनौँ तर पनि जीवनको उपल्लोतहमा पुगेर जीवन र जगतलाई बुझिसक्नु भएकोले दाइले यसलाई प्राकृतिक नियम सम्झनुहुनेछ। उहाँले आफ्नो तर्फबाट नन्दादेवीको सेवाको निमित्त कुनै कसर बाँकी राख्नु भएन। हामीले प्रत्यक्ष देखिराखेकै छौ।

जसरी नन्दादेवीले उहाँको जीवनकालभरि होमनाथ दाइको हरपल, हरसुखदुःखमा साथ दिइरहनु भयो  त्यसरी नै होमनाथ दाइले नन्दादेवीको श्वासले धरा नछोडेसम्म हरपल हरक्षणसाथ दिइरहनु भयो। मेरो नजरमा उहाँहरू दुबैजना उदाहरणीय प्रेमको जोडी हुनुहुन्छ।

अन्तमा, यो कृतिले हामीलाई थाहा नभएका उहाँको जीवनगाथाको अमूल्य पाटाहरूको पनि उजागर हुने भन्ने मैले आशा लिएकी छु। उहाँको शरीरले यस धराबाट बिदा लिए पनि यस कृतिले उहाँको अमूल्य गुणहरू तथा वैभवको स्मृतिलाई हरहमेसा हामीबीच यादगार बनाइरहने छ। आउने पिढीले पनि उहाँको निश्वार्थ सेवाको जानकारी पाउनेछन् र त्यसबाट प्रेरणा लिइरहने छन् भन्ने मलाई विश्वास छ।

*रेगो पार्क, न्युयोर्क।*

# हामी सगोत्री हौँ



**नेत्रबन्धु पोखरेल**
*कोषाध्यक्ष BOT, IMI*

धन्यवाद महासचिवज्यू, अध्यक्षज्यूलगायत सम्पूर्ण उपस्थित महानुभावहरूमा। सर्वप्रथम त म स्वर्गीय नन्दादेवी सुवेदीको मोक्ष प्राप्तिको कामना गर्दछु र हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। होमनाथ सुवेदी लगायत सम्पूर्ण सुवेदी परिवारमा गहिरो समवेदना प्रकट गर्दछु। परिवारको कुरा गर्दा नन्दाश्री छोरा, छोरी र अनेसासलाई नै पनि परिवार भन्न रुचाउँछु र सबैलाई फेरि पनि समवेदना टक्र्याउँछु।

मैलै नन्दा आमासित धेरै समय बिताउन त पाइनँ तर गएको नोभेम्बर महिनामा मनाससमा सम्पन्न भएको अनेसास पुस्तक पुरस्कार समर्पण समारोहमा उपस्थित भएको बेला कार्यक्रम सम्पन्न भइसकेपछि BOT सभापति पदम विश्वकर्माज्यू, खेम भट्टचन, नारायण अधिकारी र म नन्दा आमालाई भेट्न वुडव्रिजको सुवेदी गृहमा गएका थियौँ। त्यहाँ पुग्दा सगोत्री भएको कारणले हो वा विभिन्न ममताको कारणले हो मैले आफ्नै घरमा प्रवेश गरेको अनुभव गरेको थिएँ।

झन्डै २६ वर्ष पहिले नै माताको स्नेह गुमाएको मैले त्यहाँ पुग्दा आफ्नै माता आफ्नै परिवारमा उपस्थित भएको महसुस गरेको थिएँ। उहाँहरूको सान्निध्यमा छुट्टै खालको महसुस भएको थियो। आज ती दिनहरू मैले सम्झिरहेको छु। यस घडीमा मैले उहाँले पालनपोषण गरेर हुर्काउनुभएका म 'चार सन्तान भन्न चाहन्छु यहाँ।' यस घडीमा मैले उहाँले पालनपोषण गरेका चार सन्तानहरूमा २ छोरा १ छोरी र यो अनेसास।

चारै सन्तान सक्षम भएर अगाडि बढिरहेका देखिन्छन् । ३ सन्तान त अझ समर्थ हुनुहुन्छ । अनेसास पनि उहाँको सन्तान हो र यो उहाँको सन्तानलाई हामीले पालनपोषण गरेर अझै व्यवस्थित, अझै सक्षम, संरक्षण र प्रवर्धनमा जति बढी हामीले काम गर्न सक्छौँ त्यति नै बढी उहाँप्रतिको वास्तविक श्रद्धाञ्जली हुनेछ । त्यही नै उहाँप्रतिको श्रद्धासुमन हुनेछ । यही ठान्दछु म । यति भन्दै पुनः श्रद्धाञ्जली ।

# ककसले के गुमायौँ



**तीर्थ अधिकारी**
**सलाहकार,**
**बिओटी अनेसास केन्द्र,**
**ओहायो**

सुवेदी परिवारलाई हार्दिक समवेना व्यक्त गर्दछु। होमनाथ सुवेदीले प्राणप्यारी जीवनसँगिनी गुमाउनुभयो। पुरु सुवेदी र प्रकाश सुवेदीले ममतामयी माता गुमाउनुभयो। नातिनातिनाले भरोसा लाग्दो अभिभावक गुमाउनुभयो। यस्तै अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले अजग्र ऊर्जा र अपरिमित आकाङ्क्षा बोकेकी यौटा उत्प्रेरणादायी नारी गुमाएको छ। अभिभावक गुमाएको छ, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले संरक्षण गुमाएको छ, त हामीले रोक्न सक्दैनथ्यौँ किनभने सिङ्गो अश्विनीकुमारले अहोरात्र लाग्नुभयो सक्नुभएन। सम्पूर्ण मिसिनरी लाग्यो। सम्पूर्ण प्रविधि लाग्यो सकेन। हामीले त प्रार्थना गर्ने हो। अनेसासले पनि गर्‍यो तर हामीले पनि जोगाउन सकेनौँ तर उहाँको आशीर्वाद अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले सदा पाइनै रहन्छ। अन्तर्राष्ट्रिय नेपाली साहित्यको अभियानमा ममतामयी मातृत्व प्रदान गर्ने अथक नायिका नन्दादेवी सुवेदीको दिवङ्गत आत्माले शान्ति तथा मोक्ष पाओस् भन्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। धन्यवाद।

# अचेत नन्दा पनि चिरिच्याट्ट !



**मोहराज शर्मा**
**टेलिभिजन पत्रकार, काठमाडौँ**

धन्यवाद गोवर्द्धन सर, श्रद्धेय होमनाथ सर अनि शोकमा रहनुभएका पुरु सर, प्रकाश सर लगायत परिवारमा हार्दिक समवेदना दिवङ्गत नन्दादेवी सुवेदीको चिर शान्तिको कामना गर्दछु ।

म गएको मार्चमा भएको अनेसासको बोस्टन सम्मेलनमा गएको थिएँ । त्यस क्रममा म होम सरको घरमा पुगेको थिएँ । त्यहाँ पुग्ने सबैले उहाँलाई हेरेका थियौँ । होमनाथ सर उहाँकै सेवा सुश्रुषामा हुनुहुन्थ्यो । हामी एक घण्टा डेढ घण्टा बसेका थियौँ । त्यो अवधिमा उहाँले गर्नुभएको त्यो सेवा त्यति लामो समयदेखि गरिराख्नुभएको छ। मैले चाहिँ त्यही समय मात्र देख्न पाएँ। यस्तो अनुभूति भयो म पछाडि फर्केपछि पनि होमनाथ सरसँग हाम्रो निरन्तर संवाद हुन्थ्यो। मलाई यहाँ पनि लाग्थ्यो म त्यहाँ हुँदा जसरी होमनाथ सरले सेवा गरिरहनुभएको थियो, त्यसैगरी सेवा गरिरहनुभएको होला । मलाई बोध हुन्थ्यो । उहाँ (नन्दा) अचेतन अवस्थामा हुनुहुन्थ्यो । केही थाहा पाउनुहुन्नथ्यो । त्यो अवस्था पनि होमनाथ सरले नन्दाको लागि नुहाई धुवाई कपाल कोरी राम्रो चटक्क परेका कपडा लगाइदिएर राख्नुहुन्थ्यो । शृङ्गार गरेर चिरिच्याट्ट पारेर राख्नुभएको यस्तो लाग्थ्यो कि त्यो कुनै शब्दमा व्यक्त हुन नसक्ने त्यस्तो त्यो अगाध स्नेह त्यस्तो त्यो समर्पण कति गहिरो प्रेम कति गहिरो सम्बन्ध । मलाई बोध हुन्थ्यो । मलाई एकदमै धेरै पटक सम्झना भैराख्यो । होमनाथ सरसँग पछिका हाम्रा यी साहित्यिक अनलाइनका कार्यक्रमहरूमा पनि उहाँ सहभागी हुनुहुन्थ्यो र छेउमा उहाँलाई देख्थ्यौँ हामी । अझ यो कार्यक्रममा अस्पतालमा हुँदा

पनि हामीले देखेका थियौँ । उहाँ अस्पतालमा नै हुनुहुन्थ्यो । मलाई के लाग्छ भने होमनाथ सरलाई जसरी हामीले आज अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको जग हालेर त्यसलाई विस्तार गर्ने काम गर्नुभयो त्यसलाई बिस्तार गर्ने काम सँगै उहाँ (नन्दा) ले पनि गर्नुभयो किनभने परिवारमा एकजनाले. पारिवारिक साथ स्नेह र सपोर्ट सुमधुर सम्बन्ध नहुने हो भने अथवा त्यो सपोर्ट नहुने भने यसरी सामाजिक अभियन्ताको रूपमा सरिक हुन सम्भव नै हुने थिएन । उहाँले आफ्नो ढङ्गबाट भनौँ अब धौलागिरि हाम्रो लोकसङ्गीतको क्षेत्रमा हाम्रो धौलागिरि आफैँमा अत्यन्त समृद्ध ठाउँ हो । हुन त मैले उहाँको लोकगीत सुन्ने मौका पाइनँ । उहाँको योगदानको चर्चा भइरहँदा लोकगायनमा विशेष दखल भएको मलाई जानकारी भयो तर उहाँले आफ्नो ठाउँबाट त्यसलाई प्रवर्द्धन गर्न लाग्नुभो भने सँगै होमनाथ सरलाई उहाँको अभियानमा साथ दिएर बलियो अडेस रूपमा साथ दिनुभयो । त्यसैकारणले नै होमनाथ सरले यसरी स्वतन्त्र रूपमा स्वायत्त रूपमा स्वतःस्फूर्त रूपमा यसरी आफ्नो दिलले आफ्नो मुटुले चाहेको कुरा अगाडि बढाउन सक्नुभयो र त्यसलाई आज विश्वव्यापी यति वृहत् सञ्जालको रूपमा विस्तार गर्न सफल हुनुभयो । आजको अनेसास छ जसरी आजको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले उहाँलाई सम्मान गर्दैछ त्यसको उहाँ (नन्दा) असली हकदार हुनुहुन्छ । होमनाथ सर तपाईंलाई यो बीचमा पनि म टेलिभिजनमा काम गर्दै थिएँ । अचानक कुनै एकजनाले लेख्नुभयो, तर उहाँको नाम ऐले ठ्याक्कै भन्न आएन, सम्झिनँ । उहाँले श्रद्धाञ्जली भनेर लेख्नुभयो । त्यसपछि एकदम कन्फ्युज भयो । त्यसमा अरू कसैले लेख्यो लेखेन भनेर धेरै पटक स्क्रोल गरेँ । कसैले पनि लेखेन । म अलिबेर अधैर्य भएँ । यो के हो भनेर एकदमै छटपटी छुट्यो । साँझ ढल्दै जाँदा धेरैतिरबाट ती खबरहरू आउन थाले । अनि केही दिन पहिले मात्रै हामीले अस्पतालको शैयामा नजिकबाट यही कार्यक्रमबाट हेरेका थियौँ । थाहा पाएर एकदमै दुःख लाग्यो । होमनाथ सर, पुरु सर, प्रकाश सर सपरिवारमा फेरि पनि यो शोकको घडीमा हार्दिक समवेदना । नन्दादेवी सुवेदी उहाँ चाहिँ हाम्रो हिसाबले समग्रमा हाम्रो अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका मातापिताको रूपमा तपाईंहरूलाई श्रद्धा र सम्मान व्यक्त गरिरहेका छौँ । उहाँको त्यही योगदान त्यही कारणले आज यति लामो समय संसारका यति धेरै विभिन्न ठाउँबाट जोडिएर उहाँको चिर शान्तिको कामना गरिरहेका छौँ । उहाँको वैकुण्ठबास होस् ।

समग्रमा उहाँप्रति श्रद्धा सम्मान हामी सबैको छँदैछ । भेगीय आत्मीयताले पनि तान्दो रहेछ । म पर्वत, रोहणी सर बागलुङ्गको यो संस्थाको एक अभियन्ता हुनुहुन्छ

तपाईंहरू म्याग्दी यो हामी धौलागिरि भेगको लोकवार्ता लोकगीत र सँस्कृतिका उपज पनि हौँ । त्यो साहित्यको त्यो गढ हो । होमनाथ सर तपाईंसित भेटेर आएपछि भेगीय हिसाबले पनि एकदम अभिभावकको अनुभव हुन्छ मलाई यो शोकको घडीमा धैर्य धारण गर्ने तपाईंको प्रेम उहाँप्रति दर्शाउने प्रेमको त कुनै शब्दमा व्यक्त हुन सक्दैन । तपाईंलाई उहाँले दिनुभएको आडभरोसाको प्रतिफलको रूपमा सेवा समर्पण गर्न पाउनुभो तपाईंले । त्यो यौटा महत्वपूर्ण कुरा हो । हुन्छ अब धेरै नबोलौँ । नेपालमा राति ढिला पनि भैसकेको छ र फेरि विश्वका अरूतिर साथीहरू शोक व्यक्त गर्न पर्खिराख्नुभएको छ। अन्तमा नन्दाको आत्माको चिर शान्तिको कामना शोक सन्तप्त परिवारप्रति समावेदना ।

# पाहुनालाई अति माया गर्नुहुन्थ्यो



**गंगा लिगल**
**संस्थापक अध्यक्ष,**
**अनेसास ह्युस्टन च्याप्टर**

स्मरणीय आदरणीय दिदी नन्दा देवीज्यूको चिर स्मरणमा ... ... ... आदरणीय दाजु होमनाथज्यू धेरै वर्ष अगाडि अमेरिका आई वाशिङ्टन डी.सी.लाई आफ्नो कर्म थलो बनाई सम्पूर्ण परिवार समेत बसोबास गरी सम्पूर्ण परिवार सन्ततिलाई पूर्ण शिक्षा दिलाई १९९०–९१ मा आफू अन्तर्रास्ट्रिय नेपाली साहित्य समाज अमेरिका केन्द्रको अध्यक्ष भै नेपाली भाषा साहित्यको जग बसाल्ने पहिलो व्यक्ति हुनुहुन्थ्यो। त्यति बेलादेखि आजसम्म नेपाल र अमेरिकाको सम्पूर्ण क्षेत्रमा यो कार्यक्रम आज संसारभरि अजर अमर हुन पुगेको छ। उहाँकी श्रीमती नन्दादेवीको शिक्षा त्यति धेरै नभए पनि उहाँ सदा पतिको कार्यमा सहभागी भएर कार्यरत हुनुहुनेहुनाले धेरै काम, शिक्षाप्रद बनाउन सफलीभूत हुनुभएको थियो।

नन्दा दिदी प्रत्येक साहित्य कार्यक्रममा आएर बस्ने, सुन्ने र साहित्यकारहरूलाई आइपर्ने समस्यामा सहयोग पुर्याउने गर्नुहुन्थ्यो। सभामा तिर्खाएका साहित्यकारलाई कसैले पानी दिएन भने उहाँ जुरुक्कै उठेर पानीको व्यवस्था गरिदिनुहुन्थ्यो। किताब कापी वा नोटबुकको आवश्यक भए किताब, कापीको व्यवस्था गरिदिने इत्यादि गर्नुहुन्थ्यो। साथै घरमा साहित्यकारहरू आएको बेलामा बस्ने व्यबस्था साथै दिनभरिको कार्यक्रममा सबै सामान जुटाई व्यवस्थापन गरी सबैलाई खुशी तुल्याई बिदा गर्नुहुन्थ्यो। हामीजस्ता पाहुनाहरू उहाँको माया, प्रेम, सरल र मीठो ब्यवहारले सबै प्रशन्न भएर फर्कन्थे।

त्यस बाहेक पनि उहाँ अति जागरिलो हुनुहुन्थ्यो। पाहुनालाई नखुवाईकन बिदा नगर्ने। बारीमा आफै प्रशस्त तरकारी रोप्ने बानी पनि थियो। घिरौँला, करेला, काँक्रो, फर्सी जुन पनि काटेर प्लास्टिक जिपलगब्यागमा बन्द गरी फ्रीजमा राख्नुहुन्थ्यो। पछि सबैलाई एक एक प्याकेट दिएर पठाउने उहाँको यो बानी नै थियो। यही क्रममा म पनि हुस्टन च्याप्टर अमेरिकाको संस्थापक अध्यक्ष थिएँ। सालैपिछे convension मा पुग्ने गर्थें केन्द्रमा, भेट हुन्थ्यो। कार्यक्रम सकिनासाथै घर लानुहुन्थ्यो, खाजा खान दिनुहुन्थ्यो। समय मिले फर्कन्थें, अबेर भएमा त्यही घर बस्न जोड गर्नुहुन्थ्यो। दिदीले हामी त्यही बस्थ्यौं खाना खाएपछि रमाइलो गफ या कबिता वाचन गरेर सुत्ने गर्थ्यौं। अत्यन्तै रमाइलो किसिमको दिदी हुनुहुन्थ्यो।

तर के गर्ने ! दैवी विडम्बना यही छ आजको कुरा भोलि खोजेर पाइन्न। के गर्ने! उहाँ आज संसारमा हुनुहुन्न, वैकुण्ठमा भगवानूसँग बस्न पुग्नुभो जहाँ कि दुःख कष्ट केही छैन। उहाँसँगको मीठो मिलन सदा स्मरणीय हुनेछ। उहाँको अनमोल आत्मालाई चीर शान्ति मिलोस्, यही अन्तर हृदयको कामना छ !

# अनेसास केन्द्रको शोकसभामा



**होमनाथ सुवेदी**
*वुडब्रिज, भर्जिनिया*

नन्दाका प्रिय भाइ भीम रेग्मीले रामप्रसादको कविता पढेर सुनाए। मोहनजीले नन्दाको बारेमा विस्तृत व्याख्या गर्नुभो। भारतीजीले पनि नन्दाको प्रेमबारे प्रष्ट पार्नुभयो। नन्दा प्रेमको प्रतीक हो।

नन्दादेवी सुवेदीको अनेसासको आजीवन सदस्यता नम्बर हो–२२२९। जब नन्दा अमेरिका आइन् र ANS, ANA तथा एन्मामा उनका लोकगीत गाउन थालिन्। ती गीतहरूले नेपाली स्थानीय गीतहरूको ताजा स्वाद दिए। त्यसैले उनी लोकगीतमा अझ पोख्त गायक पनि भइन्। NAC को कन्भेन्सनमा उनका गीतमा साक्षात् धर्मराज थापा आएर गाए भनेर तालीका ताली बजाए। त्यही उत्साहमा ANS को २५ सौ वर्ष मात्र हुँदा नेपाली भाषामा USA मा पहिलो नेपाली वृत्तचित्र 25 years of ANS बनायौँ। त्यस क्रममा नन्दाजीको काम गर्ने कुशलतालाई देखेँ र त्यो बेलाको आवश्यकतालाई पनि अनुभव गरी नेपाली भाषा साहित्यको विकास डिसीमा वा नेपालमा मात्र सोचेर हुँदैन। यो अभियान अब डिसीले मात्र पुग्दैन अन्तर्राष्ट्रिय स्तरमा नै कदम चाल्नुपर्छ भन्ने लागेर अनेसासको परिकल्पना गरियो। यसमा बिहान बेलुकी दिनमा जहिले पनि जसरी पनि उनको इन्पुट रह्यो। त्यसपछि हामीले भानुपार्कमा नन्दाको लोकगीतहरू नृत्य र वनभोज कार्यक्रमहरू गरियो। त्यही जगमा आज अनेसास १०० च्याप्टरभन्दा बढी भैसकेको छ। अनेसासकी एक हस्ती ‘अनेसासकी आमा’ उपाधि सम्मान, अभिनन्दन पहिले नै गरिसकेको कुरा अनेसास डिसी मेट्रोका अध्यक्ष रामप्रसाद खनालले आफ्नो

संस्मरणमा पनि उल्लेख गर्नुभएको छ र तपाईहरूले अनेसासकी आमा भनेर भनेको सुन्दा केही गरे त पछि पनि त मूल्याङ्कन हुँदो रहेछ भन्न मन लाग्छ। निस्काम कर्म गरिरहेकी थिइन्। यो हामीले पनि सिक्नुपर्ने पाठ हो।

उनी बित्नुभन्दा ७ वर्ष आठ महिना आठ दिन अगाडि नन्दालाई ब्रेनह्यामरेज भयो। उनलाई अस्पताल दौडाइयो। उनी बेहोस भइन् तर आधा भए पनि अपाङ्ग शरीर ल्याएर घर आइयो। त्यो मृत्युपछि भएको निकोलाई मैले पुनर्जन्मको नाम दिएर शिशुको पालनपोषण गर्न थालेँ। अस्पतालबाट व्हिलचेयरमा नै ल्याएको हो। थेरापी विभिन्न किसिमको गरेर उनलाई हिँड्न सक्ने बनाइयो। अचेत ल्याएको हो। पछि थेरापीले २ माइल हिँड्न सक्ने बनाइयो। केही बोल्न सक्ने पनि बनाइयो। उनलाई दिनको तीन पटक फिजिकल थेरापी, अकोपेसनल थेरापी, स्पिच थेरापी पनि गराइयो।

उनी केही हिँड्न सक्ने भएपछि लेसिल्भेनिया स्टेटपार्कमा लगेर घुमाउँथ्यौँ। उनले भानुजयन्ती मनाएको ठाउँ भएकोले केही याद आए जस्तो गर्छ, जान्छ फेरि आउँछ कि भनेर कोसिस गरियो तर स्थायी रूपमा याद कहिल्यै आएन। पहिले व्हिलचेयरमा हिँडाउँदा पनि भानुपार्कमा लगेर घुमाउँथ्यौँ। सधैं भानुजयन्ती मनाउने हुनाले लेसिल्भेनिया स्टेटपार्कलाई नै हामी हाम्रो परिवार त्यसलाई भानुपार्क भन्थ्यौं। नन्दाका धरै गीतहरू त्यही गाइएका हुनाले लोकगीत उनकै स्वरका क्यासेट सुनाउँथ्यौँ। तर केही याद गरेर छोपे पनि धेरै निदान हुन सकेन। केही उपाय लागेको थिएन।

उनी समय समयमा सिकिस्त भएर अस्पताल इमर्जेन्सीमा लान्थ्यौँ र बचाएर ल्याउँथ्यौँ। यो क्रम त सदा चलेकै थियो। दिवङ्गत भएपछि मान्छेहरू सबैलाई कफनबक्सभित्रको शवमा फूल र मालाहरू चढाउँछन्। त्यो फूल मालाहरू ऐले नै दिए उनको सौन्दर्य बढ्थ्यो। फूलको सुगन्धले शरीर औषधिको काम गर्थ्यो। हामीकहाँ जिउँदो छउन्जेल भोकै राख्ने, मरेपछि पिण्ड दिएर खुवाउने चलन छ। फूलहरू पनि जिउँदो छँदा देखाउँदैनन्। मरेपछि कफनबक्स भर्छन्। मलाई यी कुरा मन नपर्ने। त्यसैले मैले नन्दालाई फलफूल भएका बगैँचाहरूमा लगेर हिँडाउँथेँ। फूलहरू लगाइदिन्थेँ। माला उनेर लगाइदिन्थेँ। यदाकदा त मलाई लाग्थ्यो उनी स्वर्ग गएकी हुन्। अहिले मैले इन्द्रको नन्दन बगैँचामा भेटेको छु, यिनी मेरी परी हुन्। पत्र, फूल र पानी चढाएर उनलाई प्रसन्न बनाउनुपर्छ भन्थेँ र त्यसै गर्थें।

एक दिन म मेरो मास्टरबेडरुममा ढोका खोलेर भित्र पसैं। पस्दासाथ देखैं। कोठाका चारैतिरका भित्तामा भएका सारीहरू रोइरहेका थिए, ब्लाउज र पेटिकोटको त्यही हाल थियो। पञ्जाबी कुर्ता सुरुवाल रोइरहेका थिए। सलको हाल गहनाको हाल सबैबाट आँसु भरेको थियो। सबैले मलाई भम्टेर रोए। मैले भनें– हो तिमीहरू अब टुहुरा भयौ, तिमीहरूलाई लगाउने तिम्री खसम नन्दाको शरीरमा अब तिमीहरू शोभा बन्न सक्दैनौ। अब तिमीलाई लगाउने आमा असक्षम भैसकिन्। उनीहरू रोएकै थिए। मैले थुमथुमाएर भनैं–

हेर तिमीहरूलाई एक एक पटक लगाइदिएर भए पनि तिमीहरू सबैलाई एक एकबार नन्दाको शरीरमा शोभा बन्ने मौका दिलाउँछु। यसो भनेर त्यो दिनदेखि वर्षदिनसम्म हरएक दिनको ३ पटक एक एक ड्रेस लगाएर बाहिर लगी फूलको अडेस लगाएर फूलको थुङ्गाबीच फोटो खिचेर ल्याएँ। टिभीमा हाली स्लाइड जस्तै घुमाएर हेर्न थालैं। हरएक दिन विभिन्न ड्रेस लगाएर विभिन्न बगैंचाको विभिन्न फूलका थुँगाहरू बिच उनलाई उभ्याएर फोटो खिच्थैं र टिभीमा स्लाइड गराउँथे। छरछिमेकमा भएका छिमेकीका पनि हरएक फूलका बगैंचामा म उनलाई सुन्दर बनाएर फोटा खिच्थैं। कुनै दिन मलाई डर लाग्न थालेको थियो। कुनै पनि घरका मान्छेले किन हाम्रो कम्पाउन्डमा आएका यी दुई भनेर पक्रेलान् जस्तो गाली गर्लान् भन्ने भय थियो। त्यो भय बोकेर पनि नन्दालाई कोरीबाटी सिन्दूरचुरा लगाई धागो बाटेर सुन्दर ब्लाउज र सारी लगाएर मैले कुनै अन्जान मान्छेको घरको बगैंचामा जहाँ अत्यन्त सुन्दर गुलाबी फूल फक्रेका थिए, त्यहाँ बसी उनलाई उभ्याएर अडाई फोटो खिचेर हिँड्न थालैं। मेरा हात खुट्टा कामेका थिए। पक्कै कसैले गाली गर्छ भनेर। त्यो मनको अवस्थामा डरले पछि फर्केर हेर्दा यौटा अधबैंसे नारीले पर्ख पर्ख भनिन्। हामीले ठान्यौं अब मार्छिन्, गाली गर्छिन् तर उनी नजिक आएर भनिन्– क्ष love your love यो फोटो मैले खिचेकी छु, मेरो घरको झ्यालभित्रबाट, ल यो लिएर जाऊ। हामी दुईको त्यसले खिचेको फोटो यति सुन्दर छ कि ऐले पनि मैले बचाएर राखेकै छु। खुशीसाथ हामीले त्यो फोटो लिएर हिँड्यौं। केही दिनुपरेन तर Thank you भन्यौं। बस गाली हैन, धन्यवाद दिइन्। आभार व्यक्त गरिन्। दिनचर्या यस्तै चल्दै थिए। यस्ता धेरै ठाउँमा धेरैपटक यस्ता भय र उनीप्रतिको तन्मयताका साथ मेरो पूजा र त्रास बीच हामीले दिन बितायौं। मलाई कहिल्यै काम गरेको अनुभूति भएन। म उनको सेवामा नै समर्पित थिएँ र आनन्दित थिएँ। उनी पनि।

जब उनको मेमोरी समाप्त भयो। मेमोरी नै हो जुन हामीले भारतीजीलाई मोहनजीलाई सम्झना गरेर हामी छौं भन्छौं। यही हामीले बिर्सने हो भने वा मेमेरी

छैन भने हामी नभए बराबर हुन जान्छ। त्यसैले मैले उनको मेमोरी समाप्त हुने बितिकै उनलाई पुनर्जन्मको रूप माने । ७/८ वर्ष अगाडि ब्रेन हयामरेज भयो । त्यस पछि उनलाई पुर्नजन्म भए र हरएक वर्ष बच्चालाई अरूले भने जस्तै गरी हुर्काउदा हरएक प्रकारको सेवा गरेँ मैले । हरएक दिन मसाज हुन्थ्यो, हरएक दिन तीन पटक कपडा चेन्ज हुन्थ्यो । हाम्रोजस्तो घर गाउँमा भएदेखि र हाम्रो बुबा, बाजे, बराजुको कुरा गर्ने हो भने उनीहरूले मलाई देखेको भए मलाई पनि जोइटिङ्ग्रे भन्थे होलान् । हो म जोइटिङ्ग्रे जस्तो नभनेर, जोइटिङ्ग्रे नभनेर कतर्व्य हो भन्छु। अहिले जसरी म बिरामी हुदाँ उनले हेरचाह गर्थिन् जसरी गरेकी थिइन्, त्यसै गरेर उनको सेवा गरेँ र गर्नुपर्छ भन्ने मेरो धारणा थियो । यही समाजमा उनको सेवा गर्दा उनको हात खुट्टा दरा हुन्, उनको शरीर तन्दुरुस्त होस्, ब्लड प्रेसर नहोस् भनेर शरीरमा मसाज गर्न पछाडि हात तान्न पछाडि खुट्टा तान्न अनेक किसिमले मसाज गर्न गराउन कसर राखिनँ । त्यसको साथ उनका गीतहरू बजाएर स्ट्रिङ्ग थेउरी जस्तो म्यूजिक बजाएर त्यसको क्षेत्रमा मस्तिष्क बदल्न सहयोग गरोस् भनेर त्यसो पनि गरिरहेँ। त्यसरी गर्दागर्दै दिन जाने गरेका कहानी त धेरै छन्, सायद अहिले सिद्धिदैनन् अन्तिम दिन आउन थाले पछि मलाई लाग्यो । उनको मुखमा हेरेँ– म त तिम्रो लागि सदा मर्न नै तयार थिएँ, आखिर मेरा गल्ती नै के थिए र गयौ भन्ने एउटा गजल आयो । त्यही कुरा उनको अगाडि भनेँ– मेरो गल्ती के थियो र ? भनेँ– अब विक्षिप्त नै भएको छु । को मलाई सघाउँछ ? के लेख्नु कसरी लेख्नु, कोमामा नै पुराउँछ, मेरो अवस्था त्यस्तो थियो अनि जब उनी जानजान लाग्थिन् । हामीले रोक्थ्यौँ । वास्तवमा त्यो कालसँग मेरो युद्ध थियो। त्यस्तो युद्ध उनको मुख हेर्दाखेरि उनी भानुजयन्तीमा दौडेको, मान्छेहरूसँग बोलेको, कुरा गरेको, कपडा फेरेको, देख्दा एकचोटि म चाहिँ कोठामा हेर्न पुगेछु ।

दोहोरिरहन्थे यी घटनाहरू सपनाजस्तै तर विपनैमा तर फूलहरू न दोहोरियून् हरएकपटक नयाँ नयाँमा छायाङ्कन गर्न चाहन्थेँ म। मास्टर बेडरुममा चारैतिर उनका कपडा गहनाहरू झुन्डिएका छन्। हेरेपछि मलाई कस्तो लाग्यो भने अब त तिमीलाई कसले लगाउँछ र तिमी त टुहरा भयौ। तिमीहरू यतिकै हौ। अब झुन्डिएकोझुन्डिएइ नै हुने भयौ । तिमीहरूलाई त फाँसी दिए जस्तो भयो । तिमी जसको शरीरमा बस्थ्यौ उनी त सचेत छैनन् भनेर म धुरुक्क रोएर तरक्क आँसु झारेँ । रोएको मैले सबै गहना कपडा निकालेर एक एक गरी अर्को कपडा झुन्डाउने ठाउँमा सारेर लगाइदिँदै गएँ। हरएक दिन, दिउँसो, बेलुका फरकफरक लगाइदिएँ। उनी खुसी भएजस्तो लाग्थ्यो। सबै कपडा लगाई पालैपालो एकचोटि लगाउने

मौका दिएँ साथै गहनाहरूलाई पनि । उनलाई ती कपडा, गहना लगाएर बाहिर फूल बारीमा लगेर फोटाहरू खिचेर घरमा स्लाइड सो मा पनि राखेर हेर्ने बनाएँ । त्यसको उद्देश्य फूलमा लाँदा सुगन्ध आएर औषधि पनि हुने मन बहलिने, ड्रेस चेन्ज गर्दा फिजिकल थेरापी हुन्थ्यो, खाना खुवाउथ्यौँ अनि मसाज गराउँथ्यौं । यिनै थेरापीहरू गराउँदा गराउँदै अनेसासमा धेरै ध्यान दिन पनि पाइनँ किनभने मेरो केन्द्र बिन्दु नै श्रीमती अथवा नन्दादेवी सुवेदी भइन् । त्यसै बेला अन्तिम अवस्थासम्ममा पनि उनी मेरी ईश्वरी मानेर अन्तिम दिनमा उनले हाँसेका बोलेका दिनहरू झलझली याद आउँथ्यो । उनी बोलिरहेको हाँसिरहेको तर कालले तानी रहेको भान हुन्थ्यो र म कालसँग लड्थेँ । उनलाई बचाउँथेँ फेरि कालले तान्थ्यो, म लड्थेँ र बचाउथेँ । दर्शनले त भन्छ काल सबैलाई आउँछ रुनु हुँदैन र यो ठूलो कुरा पनि होइन । तर मनमा यो हुँदैन। दर्शनका कुरा आएर पनि मन त रोइ नै रहेछ। उनको अनुहार हेरेपछि, कामहरू हेरेपछि, उनले जुन मेरो जीवनमा बलिदान दिइन् उनले सहभागिता जनाइन् वा दुःख पीडा सहमति त्यो सबै याद आएर भक्कानो छोड्न मन लाग्दो रहेछ र अलि मैले मनमनै मनलाई सोध्थेँ र भन्थेँ–

तिम्रै लागि लडेँ मैले जिन्दगीको युद्ध,
तिम्रै लागि लडेँ मैले जिन्दगीको युद्ध
हार कहिल्यै नखाएर मारेँ पनि बुद्ध!

हस्पिसमा सेलाउन किन दिन्छु मैले । मान्छेले भन्थे उहाँलाई हस्पिसमा दिनुपर्छ अब तर मैले जानी जानी किन दिन्थें । हस्पिसमा दिनुको मतलब हो । अब लैजाऊ, मार फाल भन्नु हो । मैले किन दिन्थेँ मार्नको लागि? म सकेसम्म बचाउँछु कालसित पनि, म लड्छु अन्तिम अवस्थासम्म पनि म औषधी गरिरहन्छु भनेर मैले हस्पिसमा सेलाउन किन दिन्छु.? मैले हस्पिसमा दिनुको अर्थ हो–सेलाउन दिनु हो। जानी जानी किन दिन्थेँ मैले ?

तिम्रो त्यो मुहारमा नै शान्ति भेटेँ शुद्ध

म त्यो अन्तिम घडीमा उनको कालसित लडिरहेको थिएँ। उनी शान्त सुन्दर मुद्रामा थिइन् । मङ्गलमय दीप्ति उनको अनुहारमा थियो । नर्मल हार्ट रेट ९० देखि १०० हो तर उनको मुख हेर्दा सम्भवतः हार्ट रेट १५, १० मा झरेको थियो होला । १५ बाट १०, ७ हुँदै ० भएपछि मानिस समाप्त हुन्छ। मैले उनको टाउकोमा हात राखेको थिएँ। तालु मुसारिरहेको थिएँ उनले शान्त मुद्रामा हामीलाई हेरिरहेकी थिइन् । हिजो गरुड पुराण सुनाउँदा पण्डितले मर्ने बेलामा मुखबाट र्‍याल आउने,

दाँत जिब्रो बाहिर आउने बेहाल हुने गर्छ, भन्नु भएको थियो । त्यस्तो केही थिएन । उनी शान्त मुद्रामा जसरी मलाई हेर्न पर्ने थियो, त्यसरी हेरिरहेकी थिइन् । शिर तातै थियो, छोरीले हात समातेकी थिइन् । हार्टरेट १० मा आइसक्यो भन्दै थिइन् । छोराछोरी मभन्दा पनि आमाको वरिपरि घुमिरहेका थिए । किं कर्तव्य विमूढ ! छोरीले बिपी १० मा झऱ्यो भन्दा भन्दै मैले यी कुराहरू सोचिरहेको थिएँ । हस्पिसमा सेलाउन किन दिऊँ मैले? डाक्टरहरूले हस्पिसमा देऊ भन्थे । त्यो सबै इग्नोर गर्दै दोहोऱ्याएँ–

तिम्रो यो मुहारमा नै शान्ति भेटेँ शुद्ध

हारे ती डाक्टर नर्स भागे एक्लाएर । किनभने त्यो क्षण आए पछि उनीहरूले हार खाइसके–

हारे ती डाक्टर नर्स भागे एक्लाएर
मेरै साम्ने काल आयो भएको छु क्रुद्ध !

काल मेरो साम्ने आएको छ । त्यस बेला न कङ्सलाई त्यति रिस उठ्यो होला, न रावणलाई त्यति रिस उठ्यो होला न कृष्ण र न रामलाई नै त्यति रिस उठ्यो होला तर मलाईचाहिँ त्यति रिस आवेगमा म रोइरहेको पनि थिएँ र कालसँग त्यति क्रुद्ध थिएँ ।

मेरै सामु काल आयो भएको छु क्रुद्ध ।
क्रोधको आगोमा नै म आफै जलिरा'छु
अभिमन्यु भएको छु हैन अनिरुद्ध !

मैले कसरी त्यो काललाई जितौँ जहाँ डाक्टर नर्सले पनि हार खाइसकेका छन् । सोच्दै छु म चक्रव्यूह भित्र पसिसकेछु । महाभारतका अभिमन्युजस्तै म बन्धनमा परिसकेछु । म कसरी यो चक्रव्यूह काटौँ । छटपटिरहेको छु । म उनलाई बचाउन खोजिरहेको छु...

बाच्दिनँ म मरे पनि तिमी मराएर
कालै काट्छु प्यारी नजाऊ मेरो विरुद्ध !

म चाहिँ तिमीलाई बचाउन खोजिरहेको छु । तिमी पनि मसँगै बस, कालसित नजाऊ भनिरहेको छु म...

भन्दा भन्दै तिमी गयौँ
भन्दा भन्दै तिमी गयौ एक्लै पारी ऐले ।

बिधुर म मेरा प्राण अब भए अवरुद्ध,
विधुर राणो म मेरा प्राण अब भए अबरुद्ध ।

यो अवस्थामा हार्ट रेट पनि जिरोमा पुग्यो, अक्सिजनको लेवल पनि जिरोमा पुग्यो । मैले शिर र निधारमा मुसारेको छु, छोरीले हात र खुट्टा समातेकी छिन्, उनी जस्ताको त्यस्तै छिन् । यस्ता धेरै क्षणहरू आए म उनलाई भन्ने गर्थें र उनी जाग्थिन् पनि त्यही फेरि रुँदै गाएँ–

छैनौ हैनौ तर तरुणिमा काखमा राख्छु मैले
सेती सेती पुलकित भई भन्छु कुर्लेर मैले ।

सेती उनको नाम हो बच्चामा बोलाउने ।

सुक्दा मेरो पलपल गला उत्तरै छैन ऐले
बूढा बूढा भनन नभने प्राण नै त्याग्छु मैले
बूढा बूढा भनन नभने प्राण नै त्याग्छु मैले ।

यी सधैँ उनलाई सुनाउने गर्थें । उनी छन्दोबद्ध काव्य साहित्यकी प्यारी । म यो सधैँ हरएक घटनामा सुनाउथेँ फेरि ऐले पटकपटक अन्तिममा मैले शब्दहरू सुनाएँ । यो सङ्गीतको स्वरमा म रोएँ, कराएँ प्राण दिन्छु भनेँ तर प्राण त दिन सकिदो रहेनछ र अहिले तपाईहरूसँग यहीँ छु । हामीले श्रद्धाञ्जलीका शब्दहरू अर्पण गरेका छौँ । म पनि यिनै काव्य, गजल, कविताबाट श्रद्धाञ्जली अर्पण गर्दैछु र श्रद्धाञ्जली शब्दहरू नन्दिनी नव्यकाव्यको रूपमा प्रकाशित भएर आउँदैछ । उनी नजाँदै प्रकाशित भएर आउने योजना हो तर समयले साथ दिएन भने करिब आठ वर्ष त ल्याइयो कति ल्याउने । अघि गोर्वधनजीले भने जस्तै समय त धेरै थिएन तर कालसँग लड्दै लड्दै हस्पिसलाई पनि जित्न दिन सकिएन । हस्पिसको एउटा रुल हुन्छ । एकचोटि हस्पिसलाई दिइसके पछि मेडिकल ट्रिटमेन्ट गर्न अपस्ताल लान त पाइँदैन । सीधै स्वर्ग जान दिनपर्छ यानी उनीहरूको भनाइमा गुणात्मक जीवन नभएपछि सजिलै जान दिनुपर्छ भन्ने हो तर मैलेभने यति धेरै माया उनीप्रति गरेको रहेछु कि अघि भनेजस्तै हार पनि नखाएर मारे पनि बुद्ध भने जस्तै मैले हस्पिसका रुलहरूलाई पनि तोडेर लुकाएर अनेक तरिकाले उनको मेडिकल ट्रिटमेन्ट गराएँ, पटक पटक मैले अर्जेन्ट केयर लगेँ । इमरजेन्सीमा लगेँ । सोडियम, बिपी, हाई सुगर चेक गराएर फेरि

ट्रिटमेन्ट गराएर फेरि निको, बिसेक बनाएर घरमा ल्याउँथेँ। हस्पिसलाई डिस्चार्ज मै गरिदिन्थेँ। अनि पछि हस्पिसवाला आफै आउथे किनकि उनीहरूले नन्दाको नर्सिङ् सेवा गर्थे र पैसा कमाउथे। नन्दालाई सेवा दिएर सरकारबाट पैसा लिन्छन् भने हामीलाई आपत्ति थिएन।

फेरि मेडिकल गराउनुपर्ने बेला आउँथ्यो अनि म ट्रिटमेन्ट गराउन अस्पताल लान्थेँ। हस्पिसलाई मै भन्दिन्थेँ तिमीकहाँबाट नन्दालाई डिस्चार्ज गरिदेऊ अनि मेडिकल गराई सन्चो गराएर ल्याए पछि फेरि हस्पिस आउथे। मलाई हस्पिस देख्यो कि यमराजका दूत आए जस्तो लाग्न थाल्यो। यस्तैमा बिरामी भएको सात वर्ष करिब आठौँ महिना लाग्दै गर्दा फेरि हस्पिसबाट आफै डिस्चार्ज भनिदिएर मेडिकल गराउन हस्पिटलको इमर्जेन्सीमा लगेर केही ठीक भएपछि जनरलवार्डमा करिब एक महिना त बचाएरै राखेको हो। तर त्यसो गरेर पनि अन्तिममा मृत्युलाई जित्न सकिने रहेनछ।  कृष्ण, राम, रावण सबै मृत्युसँग हार खाए मैले पनि हार खानु पऱ्यो भन्दा भन्दै तिमी गयौ, म एक्लै परी अहिले विधुर म मेरो प्राण अबरुद्ध भएको छ...

अब धेरै साथीहरू बोल्न बाँकी हुनुहुन्छ। श्रद्धाञ्जली व्यक्त गर्न। म रोएर त कहिले सकिदैन। अब त्यो काव्य आयो भने केही पछिका कविता पनि त्यसमा थपेर आउँछ होला यो सन्दर्भ जोडेर। अब यति भन्दै सबैमा हार्दिकता व्यक्त गर्छु। यो परिवार नन्दाले हुर्काएको हो। आमा बिरामी भएपछि छोराछोरीले सात वर्ष आठ महिना आठ दिनसम्म साथ दिए। त्यस्तै केयरगिभर पनि यस्ता आए कि अमेरिकाका कुनै पनि केयरगिभरले नगर्ने सेवा पनि गरिन् कि उनले दिनका दिन मसाज गर्थिन्। व्हीलचेयरमा बस्ने भएर बेडमा जान नसक्ने बेलामा पनि कसैले बेस्सरी मसाज गर्दिएमा ब्लडप्रेसर कन्ट्रोल हुन्छ, छालामा घाउ आउदैन त्यस्ती केयरगिभरको नाम हो– आग्नेस डार्को। उनी अफ्रिकन अमेरिकन हुन्। उनलाई पनि मैले धन्यवाद भनेर सम्झेँ। सबै हाम्रा मित्रहरू सबैको नाम लिएर साध्य नहोला।  अरूको बोल्ने पालो चाहियो। त्यसैले दिदी बहिनीहरू पनि सबै रोए। उनले सबैलाई भेट्ने मौका राम्ररी दिइन्। सात/आठ वर्षसम्म पनि उनी अचेत भएको अवस्थामा पनि भाइ, दिदी, बहिनीहरू आएर भेट्न पाए किनभने अरू सबैलाई स्पोन्सर गरेर ग्रीनकार्ड दिलाएकी थिइन्। उनले गर्नु पर्ने कर्तव्य सम्पूर्ण गरेर खुसी बनाएर र मलाई पनि नचाईनचाई फूलमा घुमाईघुमाई सेवा गर्ने मौका दिएर उनी गइन्। धन्य छ नन्दादेवी तिम्रो त्याग र बलिदानप्रति म सदासर्वदा आभारी रहने छु र तिमीप्रति श्रद्धाञ्जली भन्दै म बिदा लिन्छु।

# नन्दा हौ दुहिता प्रिया भुवनकी



**मोहन सिटौला**
*पूर्व अध्यक्ष*
*अनेसास, केन्द्र*

धन्यवाद गोबर्धनजी, विमला बहिनी काठमाडौंबाट चलाउँदै हुनुहुन्छ, रोहिणी दाइ, होमनाथजी सबै दाजुभाइ, दिदीबहिनी आफन्तहरू, अहिले हामी ४०, ५० जना जुममा र हजारौँ जना लाइभबाट जोडिएर श्रद्धाञ्जली दिएर हामी एक भएर एउटै मुटु जोडिएर शोक मनाएका छौँ भन्ने मेरो भावनामा आएको छ। यहाँ छोराछोरीहरू नाति, नातिनीहरूले कति राम्रोसँग भावना व्यक्त गर्नुभयो।

रुनु बाहेक लोकमा...
मर्नेको निम्ति मर्नेले
अरू के गर्न सक्दछ ?

छोरी कल्पनाले 'तमसोर्मा जोतिर्गमय' भन्नुभयो र नन्दा जोसँग पछिल्लो समयमा हाम्रो दाजु बहिनीको सम्बन्ध थियो। म भर्जिनियामा कवीन्द्र सिटौलाको घरमा बसेको बेलामा प्रशस्त भेट भइरहन्थ्यो। त्यसबेला म डिसी मेट्रो च्याप्टरको अध्यक्षता गर्दै थिएँ। हामी वुडब्रिजमा गयौँ र भित्र पस्ने बित्तिकै सोधेँ– के छ भाउज्यू सन्चै छ ? यसो भनेर मैले भनेँ। उहाँले तत्काल भन्नुभयो– के हो? भाउज्यू भन्नु भएको हो ? बैनी भन्न छाडेर ? यसो भन्नुभयो। म उहाँको सीधा शैलीमा गरेको कुराबाट अभ्यास भए पछि त उहाँको बोलाई सुन्ने बानी भयो। उहाँ स्वभावैले फेमिनिस्ट हुनुहुन्थ्यो। पछि उहाँले मेरो श्रीमती कता के हुनुहुन्छ ल्याउनु भएन भन्दै कुरा गर्नु भयो र मेलै भने उनी सुवेदीकी भान्जी हुन्। उहाँ त्यसरी सीधै 'ला भान्जी पो रहेछिन् त' भन्नुभयो। यस पछि मैले उहाँलाई बहिनी भन्ने र उहाँले मेरी श्रीमतीलाई भान्जी भन्न थालियो। यसरी उहाँले

मसँग र अरूसँग आत्मीयताको सूत्रपात गर्नुहुन्थ्यो। मैलेचाँहि सम्मान गर्छु– उहाँको शिक्षादिक्षा औपचारिक रूपमा भएको अवस्था थिएन तर म के देख्छु भने उहाँले पारिवारिक परिवेशबाट भित्र पसेर नियाल्दाखेरि एउटा अलौकिक चरित्रको उज्यालो आएको, नैतिक आचरण व्यवहारमा खरो उत्रिएको, आध्यात्मिक तवरको शिक्षा पाएको तर स्कुल नगए पनि परिवारबाट सिकेको भन्ने पाएर, त्यो परिवार धन्य रहेछ भन्ने मैले सम्झन्छु। त्यसकारण यो सबैलाई आत्मीय बताउने, माया देखाउने, जुन व्यवहार छ, त्यो नै सबैभन्दा ठूलो गुण हो, शिक्षा दीप हो भन्ने कुरा थाहा हुन्छ। त्यो घरपछाडि ठूलो करेसाबारी कम्पाउडमा बोलाउनुहुन्थ्यो। दाइले यो पछाडि हेर्न आउनुहोस् भनेर– यो काक्रो, तितो करेलो, यो घिरिम्लो, यो लौका, यो हिउँदे सिमी इत्यादि भनेर देखाउनुहुन्थ्यो। तरकारी र फूलको बगैँचामा पसिना निकालेर काम गर्दै कसले खायो, खाएको छैन, को आयो, म कहीँ जालाकी भनेर दृष्टि पुऱ्याउनुहुन्थ्यो। यस्तो जताततै दृष्टि पुऱ्याउन सक्ने महिला मैले अर्को कतै देखेको छैन। आर्लिङ्गटन लाइब्रेरीमा कार्यक्रम गर्दा पनि टेबुल पासमा पुगेर सबैलाई मिलाएर राख्दै किताबहरू भुइँमा भए माथि राख भन्दै सिकाउनुहुन्थ्यो। कति धेरै चेतना। अघि छोरीले अँध्यारोबाट उज्यालोतिर भनेजस्तो उहाँसँग कार्यको जिम्मा लिएको दायित्व पूरा गर्न लागिरहनुहुन्थ्यो। उहाँ अत्यन्त प्रशंसनीय व्यक्तित्व हो। देवकोटाले सुलोचना महाकाव्यमा भन्छन्–

"खरानी पारिदे जुन पद भजेँ थेँ रहूँ उहीँ,
कि पानी पारिदे सलल म बग्दै चलूँ उही।

अझ त्यो भन्दा पनि पातलोमा यसरी भन्छन्–

कि हावा पारिदे हरहर सुगन्धी रहरमा
सबै वास्ना छर्दै वरिपरि घुमूँ प्राक्प्रहरमा"

यो कुरा यहाँ लागु हुन्छ भने जस्तो लाग्यो। कहाँ व्यक्तित्व आधार, कहाँको व्यक्तित्वको प्रकाश! त्यो सुवास हाम्रो यहाँ वरिपरि घुमिरहेको मैले अनुभव गरेको छु र जहिले पनि उहाँलाई सम्झने बितिकै यी कुराहरू सम्झन्छु, ठाउँ ठाउँका त्यहाँका व्यक्तिहरूका एक्स्प्रेसनहरू अनि जुन कुराहरू उहाँले गर्नु भएको छ। त्यसैले उहाँ उदाहरणीय व्यक्तित्व हुनुहुन्छ। महिलाहरूमध्येमा घरको मालिकको गृहणीको रूपमा सबै पाहुनाहरूको हेरचाह पुऱ्याउनु हुन्थ्यो। कार्यक्रममा जान ढिलो गरियो भने ए तिमीहरू के गर्दै छौ, ढिलो भैसक्यो भन्नु हुन्थ्यो। जुन हामीलाई सुरिलो बिगुल फुके जस्तो हुन्थ्यो। हामीले ल आइयो आइयो भनी हामी निस्किन्थ्यौँ। उहाँ

बिरामी हुँदा पनि सात वर्ष आठ महिना आठ दिनसम्म नै होमनाथजी अरू छोरा छोरीलाई यो गरिदेऊ त्यो गरिदेऊ नभनीकन आफै लागिरहनुभयो। सधै उहाँसँगै हुनु भयो। होमनाथजीले कविता नै लेख्नु भएको छ। उहाँको विषयमा विभिन्न छन्द प्रयोग गरी सुनाउनु भएको छ र यी सबै भावनामा हामी सबै मुग्ध भएको म पनि मुग्ध भएको पाएको छु। भीमजी पदमजीलगायत सबैले उहाँको बारेमा कति राम्रो कुरा राख्नुभयो। सबैले सम्मानित गर्नु भएको छ। भनेर सकिँदैन तर उहाँको आभास भै रहन्छ। म आफै सम्वेदित भएकोले समवेदना दिन पर्ने दिनै सकिनँ। हामी सबै सम्वेदित छौँ। होमनाथजी तपाईंलाई सम्मानको  साथ गम्भीर प्रेम र श्रद्धाका साथ समवेदना अर्पण गर्दछु। पुरुषेत्तमजी, प्रकाश भाइ, छोरी कल्पना सबै परिवारमा हामीले के गर्न सक्छौँ, त्यही हो। सबै महिला वर्गले नन्दाजीको र सबै पुरुष वर्गले होमनाथजीको उदाहरणजस्तै हामी सबैले सिकौँ। अगाडि हामीलाई जुन शोक भएको छ, त्यो भोग्न सक्ने भगवान्ले शक्ति प्रदान गरून्। उहाँहरूलाई र हामीलाई पनि भावनात्मक शक्ति प्रदान गर्न सकून्। म यही कुरो भन्न चाहन्छु। रोहिणीजी, तीर्थजी, साथीहरू! हामी पनि बिस्तारै घुमेर जाँदैछौँ, बाटो त्यही हो र जति हामीले उदाहरण दिएका छौँ, त्यसलाई पालना गर्दै उहाँका तवरबाट अनुगृहीत हुँदै मूल क्षेत्रबाट अगाडि बढ्दै जान उहाँको आर्शीवाद सँधै लागोस्, उहाँको आत्मा शान्तिसँग बस्न सकोस् फेरि पनि भन्दै गरौँला। ऐलेलाई यो कविता अर्पण गरेर बिदा हुन्छु–

नन्दा हौ दुहिता प्रिया भुवनकी श्रीशैलजा सौरभी
माता हौ ममतामयी हृदयकी उच्चाइकी गौरवी
व्यत्तिन्थ्यौ जनमा मिठास लयमा सत्कार्य सौदामिनी
आमा हौ अभिभावकत्व सबमा छाता थियौँ मालिनी।

# नन्दाबारे हिन्दु-बौद्ध दर्शन



**नारायण अधिकारी**
*सचिव, अनेसास केन्द्र*
*रिचमन्ड, भर्जिनिया*

अनेसासको इतिहासमा यसका संस्थापक होमनाथ सुवेदीज्यूको पार्श्वमा रहेर सहायक भूमिका निर्वाह गर्नुहुने उहाँकी धर्मपत्नी नन्दादेवी सुवेदीले जनवरी १५ तारिख सोमबार २०२४ का दिन आफ्नो जीवनबाट अवकाश लिनुभयो। उहाँ मस्तिष्काघातको समस्याबाट पीडित हुनुहुन्थ्यो। उहाँको दाहसंस्कार जनवरी १७, २०२४ का दिन भयो। स्व.नन्दादेवी सुवेदीज्यूको दाहसंस्कारको यो दिन म हिन्दु धर्म र बौद्ध धर्मले मानिसको मृत्युबारे के भन्छ भन्ने विषयमा आफ्ना केही भनाइहरू राख्न चाहन्छु।

हिन्दु धर्मअनुसार शरीर र आत्मा अलगअलग छन्। शरीर नश्वर छ, यो नासिन्छ र पञ्चमहाभूत तत्वमा विलीन हुन्छ तर आत्मा अमर हुन्छ, अविनाशी छ। शरीर मरेर गए पनि आत्मा अर्को शरीर लिएर पुनः जन्म लिन्छ, तसर्थ, आत्माले अर्को शरीर लिएर फेरि आउँछ अर्थात् मृत व्यक्तिले पुनर्जन्म लिन्छ भनिएको हो। उहाँको आज शरीर नाश भए पनि आत्मा नाश भएको छैन। यो फेरि फर्केर अर्को शरीर धारण गरी आउनेछ।

त्यस्तै, बौद्ध दर्शनले मृत्युबारे फरक धारणा राख्दछ। बौद्ध धर्मले आत्मा हुन्छ भन्ने विश्वास गर्दैन। आत्मा भन्नु नै चेतना हो र यो चेतना एउटा प्रवाहको रूपमा रहेको हुन्छ। जसरी एउटा अग्निले एउटाबाट अर्को गर्दै हजारौं दियाहरू जलाउँदछ, त्यसैगरी मृत व्यक्तिको चेतना पनि अर्को शरीरमा दियो झैं जलेर वा प्रवाहको

रूपमा प्रवेश गर्दछ । तसर्थ, बौद्ध दर्शनले पनि पुनर्जन्ममा विश्वास गर्दछ ।

म अलिकति बौद्ध दर्शनबारे थप कुरा राख्न चाहन्छु। अगाडि नन्दादेवी सुवेदीज्यूको मृत शरीर छ। यो शरीरलाई साक्षी राखी मृत्युबारे बुद्धले के भनेका थिए भन्ने कुरा राख्न चाहन्छु ।

मानिस जन्मन्छ, हुर्कन्छ, रोगव्याधि लाग्छ, बूढो हुन्छ र अन्तमा मर्दछ। बौद्ध दर्शनमा यसलाई जरामरण भनिएको छ। जरा भनेको बूढो हुनु र मरण भनेको मृत्यु हो। अर्थात् मानिस बूढ्यौली पछि मर्दछ। बुद्धले बोधिसत्व प्राप्त गरेपछि मानिसको मृत्युको कारणबारे द्वादश निदान चक्रमा व्याख्या गरेका छन् । यसलाई भवचक्र पनि भनिन्छ। भवचक्र अर्थात् द्वादश निदान चक्रमा भनेका छन्–

(१) जरामरण। मानिसको जरामण हुन्छ उसको जातिका कारणले। यहाँ जाति भनेको जन्मनु हो।

(२) जाति। तसर्थ, जरामरण हुनुको कारण हो जन्म। बुद्ध दर्शनमा जन्मलाई जाति भनिएको हो। मानिस जन्मन्छ। मानिसको जन्म अर्थात् "जाति" हुन्छ। त्यकारण जरामरण हुन्छ।

(३) भव। मानिसको जन्म उसको भवको कारणले हुन्छ। भव भनेको जन्म लिने इच्छा हुन्छ र त्यसैकारण मानिस जन्मन्छ।

(४) उपादान। उपादान भनेको जन्म लिएर भोग गर्ने उच्च अभिलाषा हो र यही भोग गर्नका लागि मानिस भवमा आउँछ। अथवा, भोग गर्ने उपायका लागि मानिस जन्मने इच्छामा आउँछ। भोगका लागि मानिस जन्म लिने इच्छा गर्दछ।

(५) तृष्णा। उपादान किन हुन्छ त ? भोग गर्ने तीव्र इच्छा मानिसमा तृष्णाले गर्दछ। तृष्णा भनेको संसारलाई इन्द्रिय सुखमा लिने लालच हो। यही लालच अथवा तृष्णाका कारण मानिसमा भोग गर्ने इच्छा अथवा उपादान जाग्दछ।

(६) वेदना। मानिसका इन्द्रियहरूमा अनुभूतिको स्तरमा उत्पन्न हुने अवस्था वेदना हो। इन्द्रियलाई प्राप्त हुने त्यो अवस्था वेदना हो जसले तृष्णा जगाइदिन्छ र मानिस तृष्णातिर बढ्दछ। वेदना यस्तो चीज हो जसले इन्द्रियलाई भोगको इच्छा अथवा तृष्णामा बदलिन्छ।

(७) स्पर्श। वेदनाको कारण स्पर्श हो। यदि मानिसको शरीर अथवा इन्द्रियलाई छोइयो भने त्यसले वेदना अर्थात् "सेन्सेसन" उत्पन्न गर्दछ। स्पर्श नहोस् त! इन्द्रिय सुखको अनुभूति हुँदैन। तर मानिसको जीवनमा त स्पर्श हुन्छ नै। यही स्पर्शको कारणले मानिसमा वेदनाहरू उत्पन्न हुन्छन् र मानिस बृद्धावस्था र मरणतिर अगाडि बढ्दछ।

(८) षडायतन। षडायतनले मानिसलाई स्पर्शको बाटो प्रदान गर्दछ। पाँच इन्द्रिय र मनलाई छैठौँ इन्द्रिय मानिन्छ। यसो भएपछि मनसहित ६ आयतन अथवा षडायतन हुन्छ। शरीरका यी ६ इन्द्रियमध्ये कुनैमा पनि जब छोइन्छ वा स्पर्श हुन्छ, त्यसले अगाडि अर्को दुःखको परिणाम दिन्छ। यो मृत्युको मार्ग हो।

(९) नामरूप। षडायतन एउटा मानिसको रूप हो जसले एउटा शरीर र त्यसको एउटा नाम पाउँछ। यही शरीर रूपको मनुष्य नै नामरूप हो। यस नामरूपसँग षडायतन हुन्छन् र अगाडिको प्रक्रिया बढ्दछ।

(१०) विज्ञान। विज्ञान भनेको उत्पत्तिको आधारबिन्दु हो, अथवा नामरूपको प्रथम अवस्था। नामरूप यही विज्ञानको कारणले उत्पन्न हुन्छ। भन्नुको मतलव जब स्त्री र पुरुषको संसर्गबाट स्त्रीको पेटभित्र डिम्बमा शुक्रकीटको प्रवेश हुन्छ, त्यहीँबाट नामरूप बन्ने प्रक्रियाको आरम्भ हुन्छ। यो नै विज्ञान हो।


(११) संस्कार। संस्कार भन्नाले पूर्व जन्मको कर्म वा पूर्व कर्मको छाप नै संस्कार हो। कर्म गर्दा कर्मले आफ्नो चिह्न छोड्छ त्यो नै संस्कार हो। संस्कारकै कारण ठीक बेठीक, असल खराब, राम्रो नराम्रो, मीठो नमीठो जस्ता धारणाको विकास हुन्छ, तसर्थ, संस्कारका कारण दुःखमय जीवन अगाडि बढ्दछ र नतिजास्वरूप विज्ञान उत्पन्न हुन्छ।

(१२) अविद्या। पूर्ण विवेक विना गरिएको कार्य अविद्या हो। यसलाई अज्ञान पनि भनिन्छ। सत्यलाई नजान्नु नै अज्ञान हो, अविद्या हो। दुःखलाई सुख जस्तो देख्नु, अनित्यलाई नित्य मान्नु र परिवर्तनलाई शाश्वत देख्नु आदि अविद्या हुन्। पूर्वजन्ममा पूर्ण विवेक वा चेतनाको जानकारी नभई कार्य भएकोले अविद्या भयो। तसर्थ, अविद्याका कारण संस्कार उत्पन्न हुन्छ।

अविद्या नै दुःखको मूल कारण हो र यही अविद्याले मानिस बूढ्यौलीतर्फ अगाडि बढ्ने र अन्ततः मानिसको मृत्यु हुन्छ। मृत्युको भयले मानिसको जीवनलाई बाँचुन्जेल दुःखी बनाउँछ। आज म अविद्याको नतिजा अगाडि त्यो मृत्यु देखिरहेको छु। हामी अविद्याको शिकारबाट बच्यौँ भने हुनसक्ने जरामरणको दुःखबाट जिउँदो अवस्थामा नै निर्वाण प्राप्त गर्न सक्दछौँ। निर्वाण भनेको जीवित हुँदै प्राप्त हुने मोक्ष हो।

हिन्दु र बुद्ध धर्मले जन्म र मृत्युबारे विश्वास गरेका धारणाबारे संक्षिप्त मैले आफ्नो भनाइ राखेँ। अन्तिममा, नन्दादेवी सुवेदीज्यूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै उहाँका पति होमनाथ सुवेदीज्यू तथा सम्पूर्ण सुवेदी परिवार, नजिकका सम्बन्धी र शुभचिन्तकहरूप्रति हार्दिक समवेदना व्यक्त गर्दछु।

# आभारी भै रहने छौं



**रोहिणी शर्मा,**
*संस्थापक अध्यक्ष*
*अनेसास अरिजुना च्याप्टर*
*तथा केन्द्रीय बिओटी सल्लाहकार*

नन्दादेवीको योगदानबारे मेरो अनुभव ! होमनाथजी र मेरो जीवनको कथा उस्तै उस्तै छ !

होमनाथ सुवेदीजी र मेरो परिवारको सम्बन्ध अहिलेदेखिको होइन। लगभग ४० वर्ष अगाडिदेखिको हो। मैले होमनाथजीको बुवासँग नेपालमै सन् १९८३ तिर भेटघाट गरेको थिएँ जतिबेला होमनाथजीसँग मेरो चिनाजानी पनि थिएन। बुवाले होमनाथजी अमेरिका भएको सबै कुरा बताउनुभयो।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको स्थापनाको दौरानमा सन् ९१९२/९३ तिरको कुरा हो उहाँको अति नै सङ्घर्षको समयमा मैले उहाँलाई धेरै सहयोग पुऱ्याएको थिएँ। हामीले सहकार्य गरेर नै धेरै कामहरू गरेका थियौं र त्यो साहित्य समाजलाई सहयोग गर्न र जग हाल्न पाएकोमा म पनि अति नै आभारी छु।

नन्दा सुवेदीलाई मैले बहिनी भनेर बोलाउने गर्दथें किनभने भीम रेग्मी र गोपाल रेग्मीले उहाँलाई दिदी भनिसकेपछि अनि उनीहरूले मलाई काका भनेको हुँदा म चाहिँ बहिनीकै रूपमा अहिले पनि सम्बोधन गर्दछु र उहाँको निधनले ममाथि दोस्रो ठूलो बज्रपात भएको छ।

यस्तै खालको घटना पाँच वर्षअगाडि ममाथि भएको थियो। मेरी श्रीमती सीता शर्माको दुखद निधन भएको थियो। उनी पनि धेरै वर्ष क्यान्सरसँग लड्दालड्दै

देहावसान हुन पुगेकी थिइन्। आज होमनाथजीमाथि त्यस्तै घटना भएको छ। करिब सात आठ वर्षको ब्रेनहेमरेजको प्रसववेदनाबाट नन्दा बहिनीले यो संसारबाट बिदा लिनुभएको छ। सम्भव भयो भने भोलि कुनै दिन हामी पनि यो संसार छोडेर जाँदा उहाँहरूसँग पक्कै भेट हुनेछ।

नन्दादेवी बहिनीलाई गुमाउनु पर्दाको यस दुखद घडीमा म होमनाथ सुवेदीजी लगायत पुरुषोत्तम सुवेदी, प्रकाश सुवेदी, कल्पना सुवेदी, गोपाल रेग्मी र भीम रेग्मी लगायत समस्त परिवार र आफन्त जनमा हार्दिक दुःख व्यक्त गर्न चाहन्छु।

मानिसको जीवनमा सफलता र असफलताको लागि परिवारमा अर्धाङ्गिनीको अति धेरै महत्वपूर्ण भूमिका रहन्छ। मलाई पनि अमेरिकाको ठाउँमा इन्जिनियर जस्तो फोरमको स्थानमा पुऱ्याएर व्यावसायिक रूपले सफल हुनमा मेरो श्रीमतीको ठूलो योगदान छ।

मेरी जीवन संगिनी सीता शर्माले बच्चाहरू हुर्काउने पढाउने लेखाउने उनीहरूलाई स्कुलसम्म लैजाने लिएर आउने सम्पूर्ण काममा सहयोग गरिदिनाले नै मैले पनि आफ्नो व्यक्तित्व बनाउन पाएँ। त्यसैगरी नन्दा बहिनीले पनि बालबच्चाहरूलाई हेरिदिने, स्कुल लाने सबै कामहरू गर्नुभयो, पकाउने खुवाउने, राम्रो संस्कार दिने गर्नुभयो। त्यसले गर्दा नि होमनाथजीले पनि हिँड्न डुल्न यो समाजसेवा गर्न अनि साहित्यको सेवा गर्ने अवसर पाउनु भएको हो।

होमनाजीको र मेरो कतिपय जीवनका घटनाहरू मिल्न पनि जान्छन्। डाक्टर हरूले सीता शर्मालाई पाँच वर्षको समय दिएका भए पनि १२, १३ वर्षको स्याहार गर्ने अवसर हामीले पायौँ। यसैगरी होमनाथजीले पनि नन्दाजी ब्रेनहेमरेजबाट विरामी भइसकेपछि सात/आठ वर्ष निरन्तर सेवा गर्नुभएछ। यो सेवाको कहानी सबैजनाबाट सुन्दा म पनि अति नै प्रभावित भएँ र सायद संसारका सबै मानिसहरू उत्तिकै प्रेरित हुनेछन्।

श्रीमती गुमाउनु पर्दाको कठिन परिस्थितिबाट बाहिर निस्किन मलाई त चारपाँच वर्षै लागेको थियो तर होमनाथजी यति छिटो त्यो घटनाबाट एउटा साहस भर्दै बाहिर निस्किएर उहाँको सम्बन्धमा किताब पनि प्रकाशित गर्न लाग्नुभएको रहेछ। होमनाथजीले नन्दाप्रति व्यक्त गर्नुभएका भावनाहरू र लेखहरू पढ्न सुन्न हामी पनि अति नै आतुर छौँ। यो पुस्तक छिटोभन्दा छिटो प्रकाशित हुन सकोस्। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजलाई अन्तर्राष्ट्रिय रूपमा एनआरएनएले भन्दा पनि भाषा साहित्य संस्कृतिको दिशाबाट ठूलो योगदान दिन सफल भएको यस परिवारप्रति, होमनाथजीप्रति, नन्दाजीप्रति हामी आभारी भैरहनु पर्ने छ। ❋❋

# नमन आमा नन्दा सुवेदीज्यू



**रीतादेवी प्रधान (जोशी)**
**रूमाठ**
*सनफ्रान्सीसका, क्यालिफार्निया*
४१५-६११-०८३१
rumath2011@gmail.com

अहो ! क्या गजब छ संसार । त्यसमाथि भगवान्‌को लीला त अपरम्पार छ । यो मृत्युलोकमा, भुलभुलैयाको भवसागरमा समयको कालचक्रको पल, पलमा कसरी, कहाँ, कुन समय हामी मानवहरू सञ्चालित हुन पुग्छौँ भन्ने गुह्य अनिश्चित भविष्यबाट अनभिज्ञ छौँ ।

२१ औँ शताब्दीका मानवहरू, आफैले आफैमा हामी नै सर्वेसर्वा हो, प्रकृतिमाथि हामी विजय पाउन सक्छौँ, मानौँ प्रकृति नै हाम्रो आधीनमा छ भन्ने मानसिकताबाट ग्रस्त भएर प्राविधिक यान्त्रिक आविष्कार, आकाश, पाताल र समुद्र सबै ठाउँमा प्रयोग गर्दैगयौँ । जसको फलस्वरूप २०१९ को अन्त्यतिर कोरोना २०१९ (Coved 19) को भयावह महामारी फैलन पुग्यो, संसार नै आक्रान्त भयो ।

यो तथ्य सर्वविदित नै छ । 'असल कुराबाट खराब कुरा पनि निस्कन सक्छ । साथै भयावह खराब, परिस्थितिले नयाँ कुराको आविष्कार पनि हुन सक्छ । भन्न खोजेको के भने, मेरो विचारमा 'कोरोना २०१९' (Coved 19) ले गर्दा ZOOM प्रविधिको आविष्कार भयो । कोरोनाले संसारमा मानवहरूलाई एक आपसबाट टाढा बनाए पनि ZOOM ले संसारभरका मानिसहरूलाई एकै थलोमा जमघट गर्न बाटो खुलायो ।

सरसर्ती विचार गर्दा मलाई भन्न मन लाग्छ– 'कोरोना तिमी खराब छौ, तर ZOOM को आविष्कारको लागि धन्यवादका पात्र हौ ।'

ZOOM को माध्यमबाट हामी संसारभरिका साहित्यिक अनुरागीहरू अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को कार्यक्रममा भेला हुने सुनौलो अवसर प्राप्त भयो । यसै सन्दर्भमा अनेसासको ZOOM मा कार्यक्रम हुँदा मैले पनि भाग लिन बरोबर अवसर पाएँ ।

\+ + +

कार्यक्रम सुरू भइरहँदा आदरणीय होमनाथज्यूको कोठा संगैबाट बरोबर ममतामयी सरस्वतीकी उपासिका आदरणीय त्यागकी मूर्ति आमा नन्दादेवीज्यूको स्वर सुन्ने मौका पाउँथ्यौँ । त्यस बखत होमनाथजीको मुखारविन्दमा माया, प्रेम, करुणा र सेवाभावको सम्मिश्रण छचल्किन्छ र एकक्षण पनि खेर नफाली पल्लो कोठामा जानुहुन्छ ।

हुन त हो आमा नन्दादेवीज्यूलाई केही कष्ट भएर आवाज दिनु भएको होला ......

तर मलाई अनुभव हुन्थ्यो, होमनाथजीसँगै मिलेर सुरुदेखि आफ्नो त्याग, तपस्या र मेहनतले मलजल गरेर हुर्काएको अनेसासरूपी बीउ, ठूलो रुख भएर झाँगिएको साहित्यरूपी पातका हाँगाहरूको सरसराहत आवाजले उनको अचेत तन रूपी मनमा पनि खुशीको लहर दौडेको आभास व्यक्त गर्नु भएको जस्तो ।

हुनत मैले उहाँसँग साक्षात्कार गर्ने मौका प्राप्त गरेकी थिइनँ ।

तर मैले उहाँको अनेसासको उत्थानको लागि होमनाथजीसँग 'अर्धनारीश्वर' जस्तो भएर रातदिन गर्नु भएको त्याग, तपस्याको कुरा धेरै सुन्दै आएको थिएँ । मलाई उहाँको एक झल्को भए पनि दर्शन पाउन कति लालायित हुन्थ्यो ।

भन्छन्, 'मानिसहरू धेरै पढेर, लेखेर मात्र संसार बुझ्न सकिन्छ र ठूलठूला कामहरू गर्न सक्छन् समाजमा ।' तर ...... उहाँको जीवनबाट मैले के अनुभव गरें भने 'हो, शिक्षित हुनुपर्छ, तर आफूसँग केही गर्छु भन्ने त्याग, तपस्या र समर्पितको भावना साथै सांसारिक दिनचर्याको अनुभव भएमा धेरै पनि शिक्षित हुन नितान्त आवश्यक छैन ।

उहाँ अमेरिकामा आउनुहुँदा अङ्ग्रेजी ज्ञानबाट वञ्चित भएर पनि मैले केही समाजको लागि, आफ्नो देशको लागि, केही गर्नुपर्छ भन्ने भावनाले ओतप्रोत भएर

English को ज्ञान प्राप्त गर्नु भएर अमेरिकामा जाँच दिएर Citizenship पनि प्राप्त गर्नुभयो ।

'यदि हामीमा कुनै कुरा पाउन दृढ निश्चय गरेर लागेमा असम्भव भन्ने कुरा हुँदैन। उहाँको लोकगीतमा पनि धेरै नै दखल छ। उहाँले लेखेको गीत सुनेपछि दर्शकहरू मन्त्रमुग्ध हुन्छन् । उहाँ नृत्यमा धेरै पोख्त हुनुहुन्छ ।

उहाँ हरएक अनेसासका परिवारहरूलाई हरएक कार्यक्रममा अभिभावक र अन्नपूर्णा माताको स्वरूपजस्तै भएर सबैलाई हेरविचार गर्नुहुन्छ ।

'भाषा म्वाःसा जाति म्वाइ, जाति म्वाःसा देश म्वाइ' भन्ने भावनाले उहाँको मन मस्तिष्क र शरीरका हरएक नशा नशाहरूमा बगिरहेको जस्तो लाग्छ। तसर्थ उहाँले आफ्नो जिन्दगी पनि "एक रथका दुई पाङ्ग्रा' भनेजस्तै साहित्यिक उत्थानमा होमनाथजीलाई साथ दिनुभयो। उहाँको व्यक्तित्वप्रति म जहिले पनि नतमस्तक थिएँ। मैले विचार गर्दथें, 'उहाँलाई मैले पनि केही सेवा गर्न पाए हुन्थ्यो ।'

यस्तै ... यस्तै विचार, इच्छा, आकांक्षा पलाइरहेको समयमा 'तँ इच्छा गर, म पुऱ्याउँछु भनेजस्तै ...... ' गएको साल "पाँचौं अन्तर्राष्ट्रिय अनेसास च्याप्टर तथा महिला सम्मेलन– २६, २७, २८ फागुण, २०७९ बोस्टन अमेरिका' (मार्च २७, २८, २९, २०२३) को आयोजनामा मेरो श्रीमान् दीपकमान प्रधानज्यू र मैले भाग लिने मौका पायौँ। सनफ्रान्सीसकोबाट जाँदा नै हामीले उहाँलाई 'मायाको चिनो' को रूपमा बुद्ध भगवान्‌को मूर्ति र सम्मान स्वरूप खादा उहाँको छोरा पुरु सुवेदीज्यूको मार्फत अर्पण गर्ने इच्छा राखेका थियौँ। हुन त उहाँको कदरको लागि यो सानो हो मलाई लाग्छ। त्यसकारण हामी माफी चाहन्छौं। बोस्टनमा तीन दिनको कार्यक्रम ठूलो घुमघामका साथै सम्पन्न भइरहेको थियो ।

महर्षि राजा जनकको पालामा जनकपुरमा ठूलाठूला विद्वानूहरूको भेलाजस्तै त्यो समयमा पनि संसारभरबाट ठूला ठूला विद्वान् विदुषी, साहित्यकारहरूको ठूलो भेला भएको मलाई महसुस भएको थियो। व्यापारिक भेलाहरूमा त हामी भाग लिन्थ्यौँ तर हाम्रो लागि यो नेपाली भाषाको पहिलो साहित्यिक भेला थियो ।

त्यो समयमा मेरो 'नदेखिने आँसुमा डुबुल्की' कविता सङ्ग्रहको पनि ठूला ठूला हस्तीहरू : केन्द्रीय अध्यक्ष गोवर्द्धन पूजाज्यू, BOT सभापति पदम विश्वकर्माज्यू, दीपकमानज्यू, सर्वज्ञ वाग्लेज्यू, गीता खत्रीज्यू, कृष्ण धरावासीज्यू, मोहन सिटौलाज्यू

र तीर्थ पाँडेज्यूहरूको हातबाट विमोचन गर्ने मौका पाएको थिएँ। यो नै मेरो ठूलो भाग्यको कुरा हो।

त्यहाँको वातावरण एकदम उत्कृष्ट थियो। कार्यक्रमको अन्तिम दिनमा ...... कार्यक्रम सुरू हुँदै थियो। त्यही समय मेरो पछाडिको सिट (मेच)तिर भूतपूर्व अध्यक्ष भीमजी आउनु भएर विस्तारै पुरु सुवेदीज्यूलाई भन्नु भयो– 'दिदीको नाउँमा लोक साहित्यको पुरस्कार राख्ने विचार छ, मैले $ 500 राख्छु, तपाई पनि $ 500 राख्नुहोस्' यस्तै कुरा गर्नु भएको सुनें।

हुन त 'अरूको कुरा सुन्न हुँदैन। मेरो पछि यमराजले कानको प्वालमा तातो तेल हाल्छ या तातो फलामको डन्डीले घोच्छ' भन्ने चलन छ। तर के गरूँ ? मैले कुरा सुनिहालें।

उहाँहरूको कुरा सुनेर मेरो मनमा पनि इच्छा जाग्यो ...... यदि हुन्छ भने म पनि $ 500 राखेर यस्तो ठूलो पुण्यको काममा सामिल हुन पाऊँ।

विस्तारै मैले भीमजी र पुरुजीसँग मेरो इच्छा व्यक्त गरें। उहाँहरू दुवैले सहर्ष स्वीकार्नु भयो मेरो इच्छा। त्यस बखत म मनमनै यति खुशी भएकी थिएँ। त्यो क्षण मैले वयान नै गर्न सक्दिनँ।

मैले हरएक काम गर्दा मेरो श्रीमान्जीसँग सल्लाह गर्ने गर्दथें, तर यस कुरामा मैले श्रीमान्जीलाई सल्लाह गर्न नै भ्याइनँ। कारण उहाँ त्यस बखत साथीहरूसँग हलको अर्को ठाउँमा बस्नु भएको थियो। केही क्षणपछि भीमप्रसाद रेग्मीजी, पुरुषोत्तम सुवेदीजी, मेरा श्रीमान् दीपक प्रधानजी र मलाई मञ्चमा बोलाइयो।

मञ्चमा जानुभन्दा मेरो श्रीमानजीले खुशी भएर भन्नु भएको थियो "तिमीले धेरै राम्रो काम गर्‍यौ, म खुशी छु।'

हामीबाट आदरणीय आमा नन्दादेवीज्यूको नाममा दुई वर्षको एकपल्ट $ 500 नगदको लोक साहित्य पुरस्कार घोषणा गरियो। भीमजीले $ 500, पुरुजीले $ 500 तीन जना प्रायोजकको गरी जम्मा $ 1500.00 को 'अनेसास नन्दादेवी सुवेदी लोकसाहित्य पुरस्कार' प्रति २ वर्षमा दिन राखिएको कुरा अनेसासले सहर्ष घोषणा गर्‍यो। हामीहरूले पनि आफ्नो मन्तव्य राख्यौं। मञ्चमा बसेर आफ्नो मन्तव्य व्यक्त गर्दा मैले आफैलाई धेरै नै भाग्यमानी ठानें। मैले सानै भए पनि ठूलो पुण्यको काम गरे जस्तो लाग्यो।

मेरो विचारमा 'पुरुषको विकासमा नारीको हात हुन्छ। नारीको विकासमा पुरुषको हात हुन्छ। साथै परिवारको पनि ठूलो हात हुन्छ।' 'नारीले नारीलाई नै सम्मान गर्नुपर्छ।'

हो, पुरुषलाई पनि सम्मान गर्नुपर्छ। तर पुरुष जहाँ पनि सम्मानको पात्र हुन्छ तर नारी कम नै हुन्छ। एउटा कहावत छ– 'पुरुषहरू घरमा काजी साहेब, ससुरालीमा ज्वाँई साहेब।' तर 'नारीहरू घरमा ओ नानी, पराई घरमा अयू बुहारी' केही अपवाद बाहेक।

'नारीले नारीलाई महत्व दिए मात्र यो संसारमा नारीको उत्थान हुन्छ। यसर्थ हामीले नगरे कसले गर्ने ? अहिले नगरे कहिले गर्ने ?'

भनिन्छ, 'यत्र नार्यस्तु पुज्यन्ते, रमन्ते तत्र देवता।' अन्त्यमा म के भन्न चाहन्छु भने, हामीले हरएक व्यक्तिलाई जिउँदोमा नै कदर गर्नुपर्छ किनकि मरणोपरान्त त्यति धेरै अर्थ हुँदैन। कारण, जिउँदोमा कदर गरिएमा त्यो भन्दा राम्रो काम गर्ने इच्छा जाग्छ र आफ्नो कामका प्रतिफलबाट आत्मसन्तोष पाउँछ। आमा नन्दादेवीज्यूसँग साक्षात्कार हुन पाइएन तर हामीले उहाँको त्याग र तपस्यालाई सँधै आत्मसात् गरिरहनुपर्छ।' बोस्टनको तीनदिने साहित्यिक भेलाबाट हामी दुई दम्पति यति प्रभावित भयौं कि 'त्यहाँ केन्द्रीय अध्यक्ष गोवर्द्धन पूजाजीदेखि नारी स्रष्टाहरू, नारी समाजका विदुषीहरूको मेहनत र बोस्टन च्याप्टरका अध्यक्ष महेश्वर पन्तजी र सबै च्याप्टर परिवारहरूबाट धेरै नै हामीले आतिथ्यको सत्कार पायौँ। मैले भन्ने पनि गरेकी छु 'यो आयोजनामा $ 50 ले मात्र प्रवेश शुल्क तिरेर खानपान र यातायातको तीन दिनसम्म, अझ बोष्टन नछोडेसम्म आतिथ्यको अपार सत्कार।' कहाँ पाइन्छ !

सबैथोक पायौँ तर कुनै रिस-राग पाएनौँ। धन्य बोस्टन च्याप्टर। अन्त्यमा एउटा कुरा नभनी हामी कोही पनि बस्न सकिँदैन, 'आमा नन्दादेवीज्यू धेरै नै भाग्यमानी हुनुहुन्छ, होमनाथ सुवेदीज्यूकी श्रीमती हुनु भएकोमा।'

यो पृथ्वी लोकमा होमनाथ सुवेदीज्यू जस्तो पत्नीलाई माया, सेवा गर्नुहुने कम नै महापुरुष होलान् ? यो कुरा कतिको सत्य छ पाठकवर्गले नै विचार गर्नुहोला...र 'तपस्यालाई सँधै आत्मसात् गरिरहनुपर्छ।'

❋❋

# आमाले नै सिकाउनुभयो



**पुरुषोत्तम सुवेदी**
*पूर्वअध्यक्ष अनेसास*
*साउथराइडिङ, भर्जिनिया*

अनेसासले संस्थापक सदस्य नन्दादेवी सुवेदीको श्रद्धाञ्जली सभा अनेसास केन्द्रको साहित्य सम्वादबाट जुमको शोक सभा जनवरी २०, २०२४ तदनुसार माघ ६ गते २०८० मा गरिएको थियो । सो सभामा म उहाँको जेठो छोरा पुरुषोत्तम सुवेदी आमाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नमस्कार यहाँ उपस्थित सबैलाई अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज केन्द्रीय कार्य समिति एवम् बोर्ड अफ ट्रस्टिज परिवार जस्ले मेरी ममतामयी आमा स्वर्गीय नन्दादेवी सुवेदीलाई आफ्नै आमा सम्झेर शोक सभाको आयोजना गरी आफ्ना सदस्यहरू सहित शोक मनाई रहनुभएको छ। अनेसास का सम्पूर्ण निकाय जो संसार भर छरिएर रहनु भएको छ र मेरो आमालाई अ.ने.सा.स. कै आमा मानेर सम्मान दिई जगन्नाथजी र नेत्रबन्धुजीले भने जस्तै यो शोक सभालाई मात्र विभिन्न साहित्यिक रचनाहरू प्रस्तुत गरेर र अनेसास मात्र नभई भाषा साहित्य संस्कृतिलाई माया गर्ने सबैलाई शोक सभामा सम्मेलित गराई यो कार्यक्रम शोकबाट शक्तिमा परिणत गर्नु भएको छ। त्यसको लागि कृतज्ञता व्यक्त गर्दछु।

हामी दुई छोराको आमासँग रगतको नाता भए पनि यहाँहरूले भावनामा आमाको नाता जोडेर यी साहित्यिक रचना– कविता, कथा र संस्मरण कृतिहरू प्रस्तुत गर्नुभयो। त्यसैले संसारभर गरिएका यस्तै शोक सभाहरूले आमाको आत्मालाई शान्ति मिलेको छ। यहाँहरूले आमाको आत्मा शान्तिसँग पुण्यलोक

पुगोस् भनेर कामना गर्नु भएको छ। त्यसैको निम्ति म जेठो छोराको नाताले परिवार र सबैको तर्फबाट १३ दिनको क्रियाकर्ममा बसेको छु।

यहाँहरूले चाहनु भएको ठूलो जिम्मेवारी पूरा गर्न र यो विदेशमा सकेसम्म राम्रो गरेर आमाको आत्मालाई शान्तिसँग पुण्यलोक पुऱ्याउन सचेत छु। मैले जिम्मेवारी पूर्वक संस्कार कर्मकान्ड नगरेमा मेरो मात्र क्षति नभएर यहाँहरूको पनि इच्छा र भावनामा क्षति हुने भएकाले म धेरै सचेत छु। जसरी मुमाले हामी छोराछोरी भनेर ममता दिनुभयो, त्यसै गरी उहाँले एउटा महत्वाकाङ्क्षी बुवाले भन्ने र गर्ने गरेका यी कुरा पनि पालन गर्न सिकाउनुभयो। महत्वकाङ्क्षी बुबाले नेपालदेखिनै राजनीतिमा लागेर सबैलाई सङ्गठित गर्दै राम्रो काम गर्ने गर्नुभयो र भन्नुभयो– पिछडिएका वर्गहरू, महिला वर्गहरूलाई, पहिलादेखि नै यस्ता वर्गहरूलाई अगाडि ल्याउनुपर्छ, गरीबहरूलाई दुःख दिनुहुँदैन। बुबाले गरिबहरूलाई ऋण मुक्त गर्नुपर्छ भनेर हजुर बुबाले बताएका तमसुक च्यातेर हिड्नुभयो। पहाडमा हुँदाखेरि र समाजमा अशक्त र निमुखालाई दमन गर्नुहुँदैन भनेर हिँड्नुभयो।

नेपालमा हुँदादेखि नै हामीले पनि केही देख्दै, सिक्दै आयौँ र सुन्यौँ। एकजुट हुनुपर्छ, एक अर्काको बिच झगडा हुनुहुँदैन, भाइ भाइमा झगडा हुनुहुँदैन। नेपालको अस्तित्व र पहिचान संसारमा बचाउन हामी नेपालीहरू एकजुट हुनुपर्छ भन्ने जुन पाठ सिकाउनुभयो साथै सबै साना ठूलाको सम्मान गर्नुपर्छ। स्त्री पुरुषलाई समान रूपले हेर्नुपर्छ। दुबै बराबर हुन् भन्ने जुन उदाहरण उहाँले प्रत्यक्ष रूपमा प्रस्तुत गर्नुभयो एवम् अनुसरणको आफ्ना कुरा सात वर्ष आठ महिना आठदिनसम्म सबै कुरा छाडेर झिजो तमानीकन सेवा गरी माया दिनुभयो। यो असाधारण उदाहरण छोड्नु भएको थियो भने आमाले पनि यही हामीलाई निःस्वार्थ तवरले माया दिएर समाजसेवा गरेर असाधारण उदाहरण दिएर छाडेर जानुभयो। उहाँहरूको यो एकअर्काप्रतिको माया ममता र त्यागले हामीलाई धेरै कुरा सिकाएको छ। यी कुराहरू यो स्तरमा लगातार अगाडि लगी पालना गर्नको लागि म जस्तो साधारण व्यक्तिलाई अलि कठिन महसुस भएको छ।

बुबाको आमाप्रतिको त्याग र आमाको बुबाप्रतिको त्याग जस्तो त्याग गर्न हामीले गर्न सक्ने नसक्नेमा अझै प्रश्न छ। सायद उहाँहरूले गरेको काम जिउँदा भगवान्हरूले गर्न सक्ने काम थियो होला तर पनि साधारण भगवान्ले गर्न सक्ने काम जति र उहाँहरूले सिकाएको पाठलाई मैले आफूले पालन गर्ने छु भन्ने कुरा मैले आमाको दाह कर्म गर्ने दिनमा नै भनिसकेको छु। हामीले परिवार त्यस पछि

समुदाय त्यस पछि देश संसार राम्रो बनाउन पहिला आफूलाई राम्रो बनाउन पर्छ र उदाहरण पेस गर्नुपर्छ भन्ने कुरा महात्मा गान्धीबाट र बुबा आमाबाट सिकेका छौँ, सुनेका छौँ ।

माया भन्ने कुरा पहिला आफूले आफैलाई गर्नुपर्छ । त्यस पछि माया परिवारमा विशेष गरेर श्रीमान् श्रीमतीमा बाढ्न सक्नुपर्‍यो ।  जसरी बुबा आमाले गर्नु भएको थियो । त्यस पछि सो माया आफन्त र समाजलाई गर्न सकिन्छ । आमाले सधैँ भन्ने गर्नुहुन्थ्यो । बुबाले ठूला महत्वाकाङ्क्षी कामहरू गर्दै हुनुहुन्छ, मैले सहयोग गरेकै छु तर सफल हुनको लागि पूरा परिवारको सहयोग चाहिन्छ । तिमीहरूले पनि गर्नुपर्छ भनेर सिकाउनुहुन्थ्यो । साथै उहाँले आफ्ना नातेदारहरूलाई पनि आफूलाई सहयोग गर्न उत्प्रेरित गर्नुभयो । उहाँले परिवारले अ.ने.सा.स. मा नेपालीको पहिचान र अस्तित्व बचाउने कुरामा सधैँ सहयोग गरिरहनुपर्छ भनेर हामीलाई प्रेरणा दिइराख्नु भयो । त्यसकारण हामी सबै परिवार जुन बुबाले आमाले सुरु गरेको काममा लागिरहेका छौँ ।

त्यति मात्र नभएर यहाँ हामीले पनि आफ्नो नेपाल आमाको संस्कार संकृति सिक्नु भएको र नेपालको पानीले हुर्कनु भएकोले यो पवित्र संस्थालाई सहयोग गरी आफ्नो रगत पसिना बगाई नेपाल र नेपालीको हित गर्ने सबै भन्दा ठूलो र राम्रो संस्था बनाउनु भयो र हाम्रा पूर्वज, पुर्खा र आमा बुबालाई नर्बिसीकन उहाँहरू गुमाउँदा शोक सभा गर्नुभयो । यहाँ सबैलाई धन्यवाद । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजलाई यो कार्यक्रम गरी मेरो आमालाई अनेसासको आमा घोषणा गरेकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । अनेसासको भिजन, मिसन गोलहरू अगाडि लान यहाँहरू जो लागिरहनु भएको छ, तपाईहरूलाई म मेरो तर्फबाट पनि सकेको सहयोग गर्दै जानेछु भन्दै बिदा हुन चाहन्छु ।

# आमा !



**तीर्थराज पाण्डेय "आँसु"**
**अध्यक्ष, पुरस्कार समिति अनेसास**
*मेरिल्याण्ड, अमेरिका*

ब्रजभूमिमा राधाले रास रचना गरिन् र त लीला लीलामय भयो ! भर्जिनियामा तपाईंले रास रचना गर्नुभयो र जन्म्यो अनेसास, म यसै अनेसासको एउटा भक्ति लेख्दैछु। अनेसासकी आमाप्रति भावपूर्ण श्रद्धाञ्जली। म अनेसास बिओटी (BOT) को वर्तमान अवार्ड कमिटी कोअर्डीनेटर तथा उपसभापतिको पदीय जिम्मेवारीले गर्दा हाम्रो बी.ओ.टी. परिवार र समस्त अ.ने.सा.स. परिवारका तर्फबाट आमा प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यो त भयो संस्थागत कुरा, आज म एकाभूत बसेको छु, भोलि मेरा बुवाको श्राद्धको तिथि हो। मन बुवाका स्मृतिमा फिदा, फिदा भएको छ।

यसै समयमा खबर पाए अ.ने.सा.स. की आमाको श्रद्धाञ्जली पुस्तकका लागि पाण्डुलिपि तयार हुँदै छ। म यी पाण्डुलिपिमा श्रद्धाञ्जली शब्द लेख्न पाउने भाग्य मानी, यो भन्दा पवित्र संयोग मेरा लागि अरू के हुन सक्छ र ? म र मेरी श्रीमती भर्जिनिया पुग्दा सुवेदी परिवार आमाको काजकिरियामा बसेका थिए। घरको कोठाभरि आमाका बिम्ब प्रतिबिम्ब मैले देखेँ। छेउको कम्प्युटरमा राखिएको आमाको फोटामा फूल चढाउँदै श्रद्धाञ्जली अपर्ण गऱ्यौँ। समस्त सुवेदी परिवारप्रति समवेदना व्यक्त गऱ्यौँ...। त्यो त्यही कोण हो जहाँ केही दिन पहिले कुर्सीमा बसिरहेकी आमालाई मैले प्रणाम गरेको थिएँ। उहाँले थाहा पाउनु भएन। म तीर्थ हुँ, तीर्थ, मेरिल्याण्डबाट आएको... मेरा मनले त्यो अतीत खोजिरह्यो आमाका तस्बिरहरू, हो, आमा मलाई थाहा छ- अब उप्रान्त हामी हजुरलाई भेट्ने

छैनौं। म तपाईंको मलामी साक्षी मध्येको एउटा हुँ। घरभरि आमाका फोटाहरू बिम्ब प्रतिविम्ब भई आइरहे। मन भारी भयो। मैले अरू सदस्यहरूसँग खासै बोल्न सकिनँ। केही बेर हामी घरभित्रै बस्यौं र फर्कियौं। म गाडीमा आएर भक्कानो छोडेर रोएँ। आमा अब उप्रान्त तपाईंको आवाज बिनाको यो घर मेरा लागि मलिन हुनेछ। मलाई मेरी श्रीमतीले सम्झाइन्। समाल्ने प्रयत्न गरिन्। डाँको छोडी रोए पछि मन हलुका भयो। भित्र बस्दा घरमा म रोएको देखेर के भन्लान् किरिया बसेका किरियापुत्री लगायत अ.ने.सा.स. का संस्थापक बुबामा अझ धेरै पीडा होला भन्ने सोचेर आँसु लुकाएर बसेको थिएँ।

घर भित्रको माहोल मैले नजर अन्दाज गर्न सकिनँ। घरभित्र पस्नुभन्दा पहिले नै म भावनामा डुबिसकेको थिएँ। समवेदना व्यक्त गर्न आएको म निरीह भई बाहिरिएँ। बिछोडको पीडा कारुणिक हुन्छ नै तर म जस्ता भावनामा हराउनेहरूको जिब्रोबाट शब्द पनि हराउँछन् र बोली बन्द हुन्छ।

भर्जिनियाको लिसिल्भेनिया स्टेट पार्कमा २००७ (दुई हजार सात) मा भानुजयन्तीको कार्यक्रममा पहिलोपल्ट अ.ने.सा.स. की आमा लाई भेट्ने संयोग जुऱ्यो र पछि उप्रान्त भेट भइरह्यो। मलाई औधी माया गर्नु हुन्थ्यो - “तीर्थ न आत्तेऊ, सबै ठीक हुन्छ” भन्नु हुन्थ्यो र मेरो दिनचर्यामा बल थपिदिनु हुन्थ्यो। आमा, ठीक त भयो, सबै ठिक्क भएको छैन, म भन्थैं। वैकुन्ठबाट पनि आशीर्वाद दिँदै गर्नुहोला। मलाई सहारा दिदै गरिबक्सेला। म आशामुखी भइरहने छु।

तपाईंको अभाव र तपाईंको अनुपस्थितिले मेरो लागि भर्जिनियासँगको साइनो फितलो महसुस भएको छ। लेसिल्भेनिया स्टेट पार्कले ती पैतालाहरू कुरिरहनेछ र खोजी रहनेछ तपाईंका बोलीका आभासहरू, खै के भनूँ! म मन कमजोर भएको मान्छे। मैले त्यो पार्कलाई सम्झाउन त के सकुँला तर तपाईले निर्दिष्ट गरेको बाटो र तपाईँको ममताको सदा कदर गरी रहने प्रणसँग अ.ने.सा.स. की आमा नन्दादेवी सुवेदीप्रति पाण्डेय परिवारको तर्फबाट श्रद्धासुमन!

# अरूलाई पनि यस्तो हुन्छ



**गीता बजगाई**
*अध्यक्ष*
*नदर्न क्यालिफोर्निया च्याप्टर*

हार्दिक आभार केन्द्रीय अध्यक्षज्यू उपस्थित पदाधिकारीहरू पुरुषोत्तम, प्रकाश, होमनाथ सुवेदीज्यू शोक सभामा उपस्थित महानुभावहरू अघिनै धरावासीले भनेजस्तै हामी यहाँ शोक नभोग्ने कोही पनि छैनौँ। आत्मा मर्दैन। शरीर मात्र जाने हो। त्यसैले नन्दा आमाको आत्मा पनि अजर अमर रहन्छ। नन्दा आमाको आत्मा अजर अमर आत्माले चिर शान्ति प्राप्त गरोस्। फेरि जन्मेर यस्तो दुःख भोग गर्न पनि नपरोस् उहाँलाई ईश्वरमा आत्मालीन होस्। ईश्वरसँग यही कामना गर्न चाहन्छु। समस्त परिवारमा समवेदना प्रकट गर्न चाहन्छु।

हजुरहरूले भोगेजस्तै पीडा हामीले पनि एकडेढ वर्ष अगाडि भोगेका थियौँ। हामी परिवारमा अचानक मेरो बाबालाई पनि यस्तै खालको रोगले समात्यो। ऐले हजुरहरूसँग बोल्दै गर्दाखेरि पनि बाबालाई सम्झँदा एकदमै गाह्रो हुँदो रैछ। शब्दमा व्यक्त गर्न पनि सकिँदैन। जसले भोग्छ उसैले मात्र जान्दछ।

परिवारमा यस्तो कुरा गर्दाखेरि डाक्टरले तेरो बाबा २ महिना भन्दा बढी १ दिन पनि बाँच्दैन। बचाउन सक्दैन भनेको थियो। त्यसमा हामीले कोसिस गर्दा गर्दा मैले त त्यति सेवा गर्न पाइनँ, म टाढा भएको हुनाले तर मेरा दाइ, भाइ, आमा र भाउज्यू बुहारीहरूले यस्तोसँग लाग्नुभयो कि उहाँलाई हामीले १७ महिना जति बढी बचाउन सक्यौँ। त्यति गर्दा पनि उहाँले हामीलाई छोडेर जानुभयो।

यस्तो सबैलाई हुन्छ। मैले पनि बाबाको बारेमा काव्य लेख्न सुरु गरेको छु। अब हजुरहरूलाई पनि म के भन्न चाहन्छु भने आत्मा कहिल्यै मर्दैन। यो गीताले भनेको कुरा हो। देह छोडे पनि आत्मा कतै न कतै अजर अमर रहन्छ। हामीले त्यही कुरालाई मनन गरेर आफूलाई शक्तिशाली बनाउनुपर्दो रहेछ। यो शोकसभामा उपस्थित हुनुभएका सबैलाई धन्यवाद र सिंगो परिवारलाई समवेदना र नन्दा आमालाई श्रद्धाञ्जली अर्पण।

# आमा देवी हौ



**प्रकाश सुवेदी**
**पूर्व सम्पादक अन्तर्दृष्टि, अनेसास**
*बाल्टिमोर, मेरिल्यान्ड*

यहाँ अनेसासकी आमा, नन्दा आमा, वास्तवमा आमा नारी हो, धर्ती हो। आमा जननी हो रक्षक हो र कल्याणको लागि भक्षक पनि हो। अनेसास, श्रीमान् र सन्तानको कुरा काट्नेलाई बाँकी राख्नुहुन्नथ्यो। अरूको रक्षा गर्नुहुन्थ्यो। उनी करुणाकी प्रतिमूर्ति आमा देवी हुन्, जगत् जननी नै हुन्। आमा देवी नै हुन्। यो स्मृतिग्रन्थमा यिनै वस्तुको प्रयोगात्मक अध्ययन भएको छ।

अनेसासकी महासचिव विमला निरौलाले सञ्चालन गरेको अनेसास अनलाइन संवादमा अनेसास केन्द्रले सस्थापक सदस्य नन्दादेवी सुवेदीको शोकसभा तथा श्रद्धाञ्जली अर्पण कार्यक्रमको आयोजना गरेको थियो। जनवरी २०, २०२४ तदनुसार सोमबार माघ ६,२०८० को विहान ९ बजेदेखि १ बजेसम्म यो कार्यक्रम चलेको थियो। त्यसमा समस्त श्रद्धालु महानुभावहरूमा मेरो उपस्थिति जनाएँ। मैले आज मेरो आमाको बारेमा शोक प्रकट गर्ने वा आमाको बारेमा केही बोल्ने सभा भएकोले त्यसमा मात्र focus गर्न चाहन्छु।

मेरो आमाको नाम नन्दादेवी सुवेदी हो भन्ने हामी सबैलाई थाहा छ। म आमाको Middle name 'देवी' शब्दको शब्दार्थ थाहा थियो। तर यो शब्दको लक्ष्यार्थ, यसको भावार्थ चाहिँ मैले नबुझेको रहेछु।

I was taking everything for granted. मैले English पनि मिसाए यहाँ। अनि सानैदेखि आमाले मलाई सिकाइराख्नुहुन्थ्यो र मैले धेरै कुरा सिकेको

आमाबाट । अब आमाको मस्तिष्काघात भयो, मृत्युभन्दा सात वर्ष ८ महिना ८ दिन पहिले । त्यसको दुई वर्ष पछि, "हे प्रकाश! धर्म नछाड है" भन्नु भयो । त्यो पनि पूरै sentence मा हैन - धर्म नछाड भन्नुभयो ।

म सधैँ, यो अन्ध विश्वासमा किन लाग्ने भनेर Math / Science and Technology पढेर बसेको मान्छे, पूरा आँखा अगाडि देखेको कुरामा मात्र विश्वास गर्ने मान्छे, आमाले त्यसो किन भन्नुभयो होला भनेर सोच्न थालेँ । अनि त्यसै सन्दर्भमा मैले वेदान्तको study गरेँ । वेदान्तको study गरेपछि बल्ल मैले आमाको Middle name 'देवी' को अर्थ अहिले बल्ल पूर्णरूपमा बुझेको छु भन्न मन लाग्छ मलाई ।

मेरो आमा साँच्चै नै देवी हुनुहुन्थ्यो । उहाँ सरस्वतीको नयाँ रूप हुनुहुन्थ्यो । जुन रूपले मलाई बोल्न सिकाउनुभो । हिड्न सिकाउनुभो । खान सिकाउनुभो । अनि पढ्न पठाउनु पर्‍यो भने बेला अनुसार ठाउँ ठाउँमा पठाउने, मेरो हितको लागि के गरे हुन्छ, त्यो गर्ने मलाई के चाहिएको छ त्यो पुर्‍याउने, आफ्नै हातले भनौं उहाँको पछाडि बुबा त हुनुहुन्छ। सधैँ पुर्‍याउने तर आफ्नै आँखाले हेरचाह गर्न आफ्नै मुखले पढाउने, आफ्नै हातले खुवाउने इत्यादि गर्नुभएको छ। उहाँ त्यसकारण 'देवी' को अर्थ मैले अहिले बुझेको छु । त्यसपछि उहाँले सरस्वतीले जस्तै पढाउने, गाउन सिकाउने । आमाले मलाई लोकगीत गाउन सिकाउनु भो । आमाले मलाई कति उखान टुक्काहरू भनेर, गाउँखाने कथाहरू भनेर मभित्रको ज्ञान, म भित्रको चेतनालाई चेतनशील बनाउनु भएको छ। त्यसको लागि पनि म एकदम श्रद्धालु छु । अब सरस्वतीको सिकाउने कला सिकाउने आदि इत्यादि, पढाउनु भयो । एउटा गुरुमाको रूपमा पनि हुनु भएको छ ।

लक्ष्मी, ए लक्ष्मी देवीले जस्तै मेरो पालन पोषण गर्ने । मलाई खुसी बनाउने अथवा छोरोले के गरे खुसी हुन्छ वा मुस्काउछ । त्यो गर्ने वा छोरालाई के चाहिएको छ। पूरा वैभव दिने उहाँले आफ्नै हातले गर्नु भएको छ। मेरो लागि साक्षात् लक्ष्मीदेवीको नयाँ स्वरूप नन्दादेवी सुवेदी हुनुहुन्छ। अनि त्यसैगरी पार्वती देवी जस्तै ममतामयी पनि हुनुहुन्छ। त्यो गरेर देखाउनु भयो। जिन्दगीभरि, जबसम्म उहाँको साथमा थिएँ । साथमा नभए पनि मप्रति ममता कहिल्यै छोड्नु भएन । त्यो ममता पाएर म धन्य भएँ । म जीवनमा जहाँसम्म आइपुगेको छु, त्यसमा उहाँको ठूलो भूमिका छ। यो असम्भव कुरा हो । म अहिले जहाँ छु, त्यहाँसम्म आइपुग्न उहाँको माया र कृति नभएको भए। अनि जसरी दुर्गा देवीले जस्तै, काली देवीले जस्तै जब जब मेरो वरिपरि राक्षसहरू घेरिन्छन् वा सैतानहरू घेरिन्छन् उहाँले वचनले

हुन्छ वा शरीरले हुन्छ, जसरी तसरी तिनीहरू मेरो नजिक पर्न दिनुहुँदैन। मैले उहाँको साथमा सधैँ सुरक्षित महसुस गरिराखेँ। कसैले मप्रति अन्याय गरेको देख्नु भयो भने, मेरो पाहुना साहुना भए पनि चुप लागेर बस्नु हुँदैनथ्यो। सत्कार गर्नुपर्छ भन्नुहुँदैनथ्यो। च्वाट्ट चाइने - हजुरहरू धेरैलाई थाहा होला - सिधा बोल्ने, ठाडो बोल्ने, भनिहाल्ने। त्यो चाहिँ मलाई अन्याय पर्दा साथै उठिहाल्नु हुन्थ्यो। बोली हाल्नुहुन्थ्यो – She spoke up and she protected me everywhere I went. त्यसकारण मैले मेरो आमा नन्दादेवीको 'देवी' aspect लाई आज पूजा गरेँ यी शब्दहरूबाट।

उहाँ दुर्गादेवी पनि हुनुहुन्थ्यो। मेरो लागि उहाँ महाकाली पनि हुनुहुन्थ्यो। पऱ्यो भने रिसाएर ड्याङडुङ पनि पारिदिनुहुन्थ्यो। अनि त्यसपछि मलाई मीठो मुखले ममता दिनुहुन्थ्यो। मुसार्नु पनि हुन्थ्यो। पार्वती देवीले जस्तै। सरस्वती देवीले जस्तै मलाई पढाउनु पनि हुन्थ्यो। त्यो भएर उहाँले मलाई दिएका शब्दहरू recently आफूले बोल्न सकेसम्म, last moments मा दुई चार शब्दमा मात्र बोल्न सक्दा पनि मलाई राम्रो wisdom को words दिएर छोड्नु भयो। 'हे छोरा धर्म, नछोड है' भन्नुभयो। त्यस्ले गर्दा past 5 years वेदान्तको बारेमा पढेर - के रहेछ अध्यात्म भनेको - धर्म भनेको के रहेछ भनेर त्यसको बारेमा समय भएसम्म पढेर, देवीको प्रत्यक्ष रूपमा देखेँ भन्ने अनुभूति भयो। Recently within past 5 years धर्मको ज्ञान वेदान्त अनुसार पाइसकेपछि अध्यात्मको बारेमा ज्ञानी भैसकेपछि आफ्नो आमालाई साक्षात् देवीको रूपमा र देवीकै नयाँ स्वरूपमा देख्ने मौका पाएँ। यो कुरा पनि उहाँले नै सिकाएर जानुभयो। म उहाँप्रति धेरै धेरै श्रद्धाञ्जली अर्पण गर्दछु।

अब रुनु सुनु भनेको त, जो पनि रुन्छ। आमाले जन्माउदा पनि रोएको हो। हैन, आमाले रुवाउँछन् पनि, जन्माउँदा पनि रुवाएको हो, खाएन भने पाटपिट पारेर खुवाउने - त्यतिबेला नि रुवाउनुभयो - अनि मरेर जाने बेलामा पनि रुवाउनु भयो। त्यो ठिकै छ रुनु चाहिँ part of life रहेछ। अब तैपनि मैले यसलाई सजिलो रूपमा लिएर - अब आमाले मलाई तयार पनि गर्नु भयो - सायद धेरै रोला छोरा भनेर होला - आफ्नो देवीको रूप मलाई चिनाएर जानुभयो within past 5 years मा। त्यसैले म त्यति धेरै शोकाकुल पनि छैन कि आफ्नो health मा negative impact होस्। यति strength उहाँले नै दिएर छोड्नु भएको छ। अघि गोमा रेग्मी बहिनीले भनेको शब्दमा उहाँ मर्नु भएको छैन, बिलाउनु भएको मात्र हो। यहीँ ब्रह्ममा। यहीँ संसारमै वरिपरि हुनुहुन्छ - हाम्रो मन मस्तिष्कमा हुनुहुन्छ। त्यही भएर यति शब्द भन्दै उहाँलाई शब्दहरूले पूजा गरेर मेरा शब्दहरू यहीँ अन्त गर्छु।

# गुरुआमाप्रति



**सर्वज्ञ वाग्ले**
**वरिष्ठ उपाध्यक्ष, अनेसास केन्द्र**

धेरै धेरै धन्यवाद, मलाई यो अवसर दिएकोमा। वक्ता धेरै समय कम। यो सधैँको समस्या हो। सीधै विषयमा जाऊँ। जे सुनियो यो अत्यन्तै दुखद खबर सुनियो।

**भाका भूल दया क्षमा र ममता सन्तोष जान्दैन त्यो**
**इन्द्रै विन्ति गरून् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो**
**थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो**
**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।**

अनेसासका सस्थापक अध्यक्ष होमनाथ सुवेदीकी धर्मपत्नी, अनेसासका पूर्व अध्यक्ष पुरुषोत्तम सुवेदीकी माता अनेसासकी संस्थापक सदस्य श्रीमती नन्दादेवी सुवेदीको दिवङ्गतिको खबरले हामी र हाम्रो अनेसास परिवार समेत साह्रै दुखमा छौँ। निःशब्द छु। शोकसन्तप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्दै धैर्यधारण गर्ने शक्ति मिलोस् भनी पशुपतिनाथसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। उहाँ गुरुमाको आत्माको चिरशान्तिको कामना गर्दछु।

म अनेसाससित जोडिदै गर्दा उहाँसँग कुरा भए। पहिले होमनाथ बुबाले फोन गर्नुभएको थियो। अनि उहाँसँग हाम्रो नाताको कुरो थाहा भयो। नन्दादेवीकी सहोदर माहिलाबाकी कान्छी छोरी उहाँकी बैनी सुभा रहिछन्। सुभालाई मेरो माहिलामामाको छोरा मेरो भाइ अनिल ढकाललाई विवाह गरेको छ। त्यसैले नन्दाज्यू मेरी दिदीसासू हुनुभयो। म उहाँको बैनीजुवाइ परेँ नाताले। दिदी र भाइ भन्दा हुन्थ्यो। तर अनेसासको प्रभावले होला म आमा भन्न रुचाउथेँ र उहाँले ससम्मान जुवाइ नै भन्नुहुन्थ्यो। त्यो कान्छी बैनी सुभाको ममताले पनि होला।

हाम्रा लामै कुरा हुन्थे। उहाँले छोराछोरीलाई जस्तै गरी उपदेश दिनुहुन्थ्यो। धेरै जसो अनेसासको नै कुरा हुन्थ्यो, सिकाउनुहुन्थ्यो। त्यसैले मैले गुरुमाको आत्माको चिरशान्तिको कामना भनेको हुँ। त्यतिबेला हाम्रो बीच धेरै कुरा हुन्थे।

भेट्नभने म गोपाल रेग्मीसित हामी सबै परिवार मिलेर गयौँ। गोपाल रेग्मीका माहिला मामाकी छोरी मेरो माहिलोमामाको छोरो मेरो भाइ अनिल ढकालले विवाह गरेकोले गोपालको परिवारसित पनि म नजीक छु। सबैले सँगै गएर उहाँलाई भेट्यौँ। त्यति बेलादेखि झन म उहाँको परिवारको नजीक छु। उहाँ माया गर्ने मृदुभाषी हुनुहुन्थ्यो। उहाँहरूले अनेसास जस्तो संस्था स्थापना गरेर हामी सबैलाई रमाउने ठाउँ बनाउनुभयो। त्यस्तै महान् आत्मा राम कृष्णले भगवान्को रूप लिनुभयो। त्यस्तै उहाँको पनि वैकुण्ठवास हुनेछ भन्नेमा हामी सबै विश्वास गर्दछौँ। ऐले पनि पशुपतिनाथसँग प्रार्थना गर्दछु– त्यो घर त्यो परिबार र अनेसासलाई धैर्य धारण गर्ने शक्ति मिलोस्, त्यो शोक शक्तिमा बदलियोस् र अनेसासले उहाँ माथिबाट पनि अनेसासलाई यौटा राम्रो बाटोमा डोराउनुहुनेछ भन्ने हामी अनेसास परिवार विश्वास गर्दछौँ भन्दै म यहाँहरूबाट विदा हुन्छु।

# बाँच्ने त आखिर सम्झना त रहेछ ...



**गोवर्द्धन पूजा**
*अध्यक्ष अनेसास केन्द्र*

१५ अगष्ट, २००९ को दिन थियो। न्यूयोर्कको ... सभाहलमा आयोजना भएको अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनमा पहिलो भेट भएको हो– नन्दादेवी सुवेदीसँग।

- तपाई कहाँबाट नि ?, उहाँको प्रश्न।
- नेपालबाट , मेरो जवाफ।
- ए नेपालबाट आएको भन्या तपाई नै हो ?
- हजुर हो।
- के नाम पऱ्यो ?
- हजुर म गोवर्द्धन पूजा।
- ए ल ल।

उहाँसँग टाढिने बित्तिकै साहित्यकार नीलम कार्की निहारिकासँग सोधेँ - उहाँ को हो ?

-होमनाथ सुवेदी दाइको मिसेस, नीलमको जवाफ।

त्यतिबेलादेखि नै मैले नन्दादेवी सुवेदीलाई ख्याल गरेको थिएँ। कार्यक्रममा उहाँले नाच्नु भएपछि त सधैँको लागि सम्झनामा नमेटिने व्यक्तित्व बन्नु भयो।

यत्ति हो हाम्रो पहिलो भेटघाट र संवाद। त्यो सम्मेलनमा नेपालबाट आमन्त्रित पाहुनामध्ये सहभागी हुन पुगेको म थिएँ। त्यसो भएकोले सबैको चासोको विषय म बन्नु स्वाभाविकै थियो। अरूको भीसा नलागेकोले सम्मेलनमा चाहिने सामग्री नेपालबाट लाने जिम्मा मेरो भागमा परेकोले पनि सबैको माझ मेरो नाम परिचित बन्न पुगेको थियो।

सम्मेलन सकियो। सबैसँग भेटघाट पनि सकियो। तर मेरो मन छट्पटिएको थियो।

अब मैले के गर्ने ?

'अनेसासको नाममा म अमेरिका आएको छु, संस्थाको लागि केही समय छुट्याउन सके कस्तो हुन्थ्यो होला ?' मनभरि यस्तै सोच उब्जेको थियो र उचित समयको पर्खाइमा थिएँ।

त्यसपछि बेलाबेलामा अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदीसँग फोनमा कुरा हुन्थ्यो। फोन उठाउने पहिलो व्यक्ति नन्दादेवी नै हुनुहुन्थ्यो। उहाँसँग संवाद नगरी होमनाथ सुवेदीसँग कमै मात्र पुग्न सकिन्थ्यो। एक प्रकारले उहाँसँग कुराकानी गर्दा उहाँले सोध्ने हालखवर र सन्चो विसन्चोको खवरले नेपालमा रहनु भएकी मेरी आमाको सम्भना आउँथ्यो।

समयको क्रममा डीसीमा आयोजित अनेसासको अर्को कार्यक्रममा जाने अवसर जुऱ्यो , उहाँसँग दोस्रो भेट भयो।

मैले नमस्कार गर्दै भनेको थिएँ- म गोवर्ध्दन, बोस्टनबाट आएको।

- ए हो, फोन गरिराख्ने गोवर्द्धन, तपाई नै हो नि ?
- हजुर, हो।
- ल राम्रो।

दोस्रो भेटमा उहाँले मलाई चिन्नुभएकोमा एकप्रकारको खुशी मनमा पलायो।

त्यसपछिका दिनमा न्यूयोर्क, बोस्टन, भर्जिनिया, मेरिल्याण्डमा भएका कार्यक्रमहरूमा उहाँसँगको सान्निध्यताले उहाँप्रतिको सम्मानमा वृद्धि भइरहेको थियो। अनेसासको स्थापना गर्ने पवित्र सोच बनाउने होमनाथ सुवेदीलाई सहयोगीको भूमिका खेल्ने नन्दादेवीको साथ र सहयोगको मूल्याङ्कन गर्दै गएँ। उहाँको बेप्रवाहको जीवनले दिएको खुशीलाई पनि मूल्याङ्कन गरेँ।

'प्रवासको भूमिमा घरको सहयोग नमिल्ने हो भने एक्लो व्यक्तिको योजना कति अघि बढ्न सक्छ र ?' यो एउटा प्रश्नमा नन्दादेवी सुवेदीको चित्र मनमा सधैँ जवाफ बनेर आउने गर्थ्यो, अनेसासको संस्थापक होमनाथ सुवेदीको सक्रियताका साथमा।

२०१४ मा मैले औपचारिक रूपमा अनेसासको नेतृत्वमा प्रवेश गरेँ, महासचिवको रूपमा। त्यसपछिका दिनमा नन्दादेवीसँग झन नजिक हुने अवसर पाएँ। पहिला होमनाथ सुवेदीसँग कुरा गर्ने वहानामा उहाँसँग नजिकिएको थिएँ। पछि उहाँका सुपुत्र पुरुषोत्तम सुवेदीसँगको निकटताले उहाँप्रति अझ सम्मान र आस्था पलाउन थाल्यो। आफ्ना बाबुको सपना फराकिलो पार्ने काममा लागेका पुरू र उनका पत्नी कल्पना सुवेदी अनि बहिनी कल्पना सत्यालको पारिवारिक परिचयको आँगनीमा मेरो अनेसासप्रतिको विश्वासका फूलहरू फक्रने अवसर मिल्यो। धेरैपटक भेटघाट र कुराकानीका क्रममा मैले केवल माया र प्रेरणा मात्र भेटेँ।

एकपटक मैले प्रायोजन गरेको अनेसास पुरस्कारबाट डा.कल्पना सत्याल पुरस्कृत भएपछि झन सुवेदी परिवारमा मेरो नाम नजिकिने अवसर आयो।

अनेसास डिसी च्याप्टरले आयोजना गरेको २०१६ को भानुजयन्ती तथा बनभोज कार्यक्रममा पुग्दा नन्दादेवी सुवेदी विरामी भइसक्नु भएको थियो। ८ मईमा स्ट्रोकमा कारण स्मरण शक्ति गुमाई सक्नु भएको भए पनि कार्यक्रममा उहाँ आउनु भएको थियो। न्यूयोर्कको पहिलो भेटको नन्दादेवी र डीसीको भेटको नन्दादेवी बीच जीवन चक्रको परिवर्तन देखेँ, मैले। केही बोल्न सकिनँ। उहाँले बोलाउने त कुरै भएन। नरमाइलो लाग्यो। हेराहेर मात्र भयो, मेरा आँखा रसाए तर उहाँमा कुनै परिवर्तन थिएन। कारण स्मरण शक्ति गुमाइसक्नु भएको थियो।

त्यसको ठीक एक वर्षपछि मेरी आमालाई पनि त्यस्तै भयो। अष्ट्रेलिया जानु भएको बेलामा आमालाई त्यस्तै प्रकृतिको स्ट्रोक भयो। उमेरले उही, स्वभावले उही, मेरी आमा र नन्दादेवी बिचको समानता खोज्दै बेला बेलामा होमनाथ सुवेदीलाई फोन गर्ने गर्दथेँ। अवस्था र स्वास्थ स्थितिका बारेमा जानकारी लिन्थेँ।

१७ महिनाअघि मेरी आमाको देहावसान भयो। कसैले धन र कसैले मन दिएर आमालाई स्वस्थ्य बनाउने हाम्रो प्रयास असफल भयो। त्यतिबेला नन्दादेवी र होमनाथ सुवेदी बिचको प्रेम र समर्पणलाई स्मरण गरेँ र सम्मान गरेँ। पतिपत्नीबीचको सम्बन्धको मूल्य चिन्ने प्रयास गरेँ। पतिको स्याहारका कारण नन्दादेवी सुवेदीको लम्बिएको आयु र पतिबिनाको मेरी आमाको एक्लो जीवनले प्रशस्त कारण बताएको थियो।

अन्ततः म अनेसासको अध्यक्ष भएदेखि नै उहाँलाई कुनै सम्मान गर्ने सोच पलाएको थियो। पद सम्हालेको वर्ष आमाको देहावसान भएको कारण केही

गर्न सकिएन तर योजना मुताविक अनेसास दिवसमा अनेसासका संस्थापकहरूलाई सम्मान गर्ने योजनामा साथीहरू सबैको सहमति बन्यो। जनावरी ११, २०२४ मा कार्यक्रम गरियो। नन्दादेवीसहित संस्थापकहरूलाई पहिलोपटक अनेसासले सामूहिक सम्मान गऱ्यो। उहाँको स्वास्थ्यलाभको कामना गरियो तर हाम्रो कामनाले पनि उहाँलाई धेरैदिन बचाउन सकेन। अन्ततः त्यसको ठीक चारदिन पछि जनवरी १५, ३०२४ को दिन उहाँले हामीबाट विदा लिनु भयो। लाग्छ जीवनकालमा उहाँलाई **अनेसास दिवस** र **सामूहिक सम्मान**को दिनको पर्खाइ रहेको थियो। सबैले आफ्नो कार्यलाई चिनून् र अनुशरण गरून् भन्ने जीवित छँदै मौनतामै उहाँले बताएको हामीले अनुभूत गऱ्यौँ। अनेसास सम्मानपछि उहाँले सहज रूपमा मृत्युवरण गर्नुभएबाट जीवन एउटा संयोग पनि हो भन्नेमा म अझ विश्वस्त हुन थालेको छु।

हामीबीच उहाँ हुनुहुन्न तर अनेसासलाई उहाँले दिनुभएको समय झलमल्ल घाम बनेको छ। बाँच्ने त आखिर सम्झना रहेछ। उहाँ पनि हाम्रो सम्झनामा बाँचिरहनु हुनेछ, अनेसास बनेर ...।

# अध्याय ६ :

## गद्य- संस्मरण (अनेसास डिसी मेट्रो च्याप्टर शोकसभा माघ १३, २०८०)



# विषयसूची

**अध्याय ६ : गद्य– संस्मरण**

*(अनेसास डिसी मेट्रो च्याप्टर शोकसभा माघ १३, २०८०)* २४१–३२२

- पुरुषः सूक्त *पं. कृष्णप्रसाद खनाल* २४३
- सच्चिदानन्दरूपाय नन्दादेवी नमस्तुते *होमनाथ सुवेदी* २४७
- भाग्यशाली नन्दाप्रति *जगन्नाथ पौडेल* २५५
- उरुङ उरुङ सम्झना र विलापका क्षणहरू *कृष्ण धरावासी* २५९
- हार्दिक श्रद्धाञ्जली नन्दाप्रति ! *वसन्त श्रेष्ठ* २६४
- सम्झनामा नन्दा दिदी *नरबहादुर बिसी* २६७
- शोकलाई शक्तिमा परिवर्तन *प्रेमराजा महत* २७०
- 'अनेसासकी आमा' लाई श्रद्धान्जली ! *रामप्रसाद खनाल* २७२
- समर्पणको प्रण गरौँ *भूपनारायण घर्तीमगर* २७५
- उहाँले मन नपराउने दुई कुरा *गोविन्द गिरी 'प्रेरणा'* २७७
- उहाँ पूर्णमा पुग्नुभएछ *डा. गोपी उप्रेती* २७९
- स्पष्ट वक्ता *प्रेम पौडेल* २८१
- ANA परिवारको तर्फबाट *डा.खगेन्द्र अधिकारी* २८२
- नन्दादेवी सुवेदीज्यूको सम्झानामा ! *गुणराज लुइटेल* २८३
- तेज स्मरणशक्ति *कल्पना सुवेदी* २८६
- आमाजस्तै दिदी *भगवती न्यौपाने* २८८
- आमा महान् *पुरुषोत्तम सुवेदी* २९२
- नन्दा आन्टीमा श्रद्धासुमन *डा.कविता घिमिरे* २९४
- ममतामयी नन्दाको सम्झनामा *गोविन्दप्रसाद पौडेल* २९६
- नन्दादेवी सुवेदी आमाप्रति *मञ्जु थापा* २९९
- आमा मर्नु भएको छैन *प्रकाश सुवेदी* ३००
- आमा नन्दा अत्यन्त सम्मानित र प्रशंसनीय *मञ्जु विमली* ३०४
- नेपालमा नन्दादेवी आमाको सम्झना *गणेशकुमार जिसी* ३०५
- नन्दा दिदीको सम्झनामा *नगेन्द्र न्यौपाने* ३०७
- आमा समानकी नन्दा *लक्ष्मी आचार्य* ३११
- स्मृतिका पानामा दिदी नन्दा *खेमनाथ दाहाल* ३१२
- नन्दा र अन्येष्टि कर्म *पं. गोविन्द भट्टराई* ३१८
- अविस्मरणीय प्रेरणा *पुस्कर पन्त* ३२१

# पुरुषः सूक्त



**पं. कृष्णप्रसाद खनाल**
**अर्घाखाँची कपिलवस्तु**
**हालः भर्जिनिया, अमेरिका**

अनेसासकी संस्थापिका नन्दादेवी सुवेदीको तेह्रौं पुण्यतिथिको दिन भएको साहित्यशोक तथा श्रद्धाञ्जली सभामा यहाँ उपस्थित साहित्यकार र अन्य नातेदार सबैको अगाडि सर्वप्रथम म पुरुषः सूक्त पाठ गर्छु। यसलाई पितृषूक्त पनि भन्ने गरिन्छ।  त्यसपछि रामगीताका केही श्लोक प्रस्तुत गरेर मेरा दुई शब्द राखेर विदा हुन्छु। पुरुषः सूक्त यो ऋग्वेदको दशम मण्डलको ९० औं सूक्तमा पर्दछ। यी ऋचाहरू रुद्रीको दोस्रो अध्यायमा पनि राखिएका छन्। यसको छन्द त्रिष्टुप–जगती हो। प्रस्तुत छ -

**पुरुषः सूक्त** –ॐ–ॐ–ॐ

हरि ॐ सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् ।
स भूमिः सर्वतस्प्पृत्त्वात्यतिष्ठद्दशांगुलम्। ॥१॥

पुरुषः एवेद€ सर्वं यद्भूतम् यच्च भाव्यम् ।
उतामृतत्वस्येशानो यदन्नेनातिरोहति ॥२॥

एतावानस्य महिमातो ज्यायांश्च पुरुषः ।
पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतन्दिवि॥३॥

त्रिपादूर्ध्वऽउदैत्पुरुषः पादोस्येहा भवेत् पुनः ।
ततो विश्व्वष्वं व्यक्रामत्साशनानशने ऽअभि ॥४॥

ततोव्विराडजायतव्विराजोऽ अधिपुरुषः ।
सजातोऽ अत्यरिच्यत पश्चाद्भूमिमथो पुरः ।।५।।

तस्माद्यज्ञात्सर्वहुतःसम्भृतम्पृषदाज्ज्यम् ।
पशकक्कूस्तककाश्चक्रेव्वायव्यानारण्याग्ग्राम्याश्श्चये ।। ६।।

तस्माद्यज्ञात्सर्वहुतः ऋचः सामानिजज्ञिरे ।
छंदा गककु सि जज्ञिरे तस्माद्यजुस्तस्मादजायत ।।७।।

तस्मादश्वा अजायन्त ये के चोभयादतः ।
गावो ह जज्ञिरे तस्मात्तस्माज्जाता अजावयः ।।८।।

तं यज्ञं बर्हिषि प्रौक्षन्पुरुषं जातमग्रतः ।
तेन देवा अयजन्त साध्या ऋषयश्च ये ।।९।।

यत्पुरुषं व्यदधुः कतिधाव्यकल्पयन् ।
मुखं किमस्यासीत्किम्बाहू किमूरू पादा ऽउच्येते ।।१०।।

ब्राह्मणोऽस्य मुखामासीद्बाहू राजन्यः कृतः ।
ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रोऽजायत ।।११।।

चंद्रमा मनसो जातश्चक्षोः सूर्यो अजायत ।
श्रोत्राद्वायुश्चप्राणश्चमुखादग्निरजायत ।।१२।।

नाभ्या आसीदंतरिक्ष ःशीर्ष्णो द्यौः समवर्तत ।
पद्भ्यां भूमिर्दिशः श्रोत्रात्तथा लोकाँ अकल्पयन्। ।।१३।।

यत्पुरुषेण हविषा देवा यज्ञमतन्वत ।
वसन्तोस्यासीद्दाज्यम् ग्रीष्मइद्धमः शरद्धविः ।।१४।।

सप्तास्यासन्परिधयस्त्रि सप्त समिधः कृताः ।
देवा यद्यज्ञं तन्वानाऽअबध्नन्पुरुषं पशुम् ।।१५।।

यज्ञेन यज्ञमयजंत देवास्तानि धर्माणि प्रथमान्यासन् ।
ते ह नाकं महिमानः सचंत यत्र पूर्वे साध्याः सन्ति देवाः।।१६।।

अद्भ्यसम्भृतःपृथिव्यैरसाच्चविश्वकर्मण : समवर्त्तताग्रे ।
तस्यत्वष्टाविदद्ध्रुपमेतितन्मर्त्यस्यदेवत्वमाजानमग्रे ।।१७।।

वेदाहमेतम् पुरुषम् महान्तम् आदित्यवर्णम् तमसः परस्तात् ।
तमेव विद्वित्वातिमृत्तृयुमेतिनान्यः पन्थाविद्द्यतेयनाय ॥१८ ॥

प्रजापतिश्चरतिगर्भेऽअन्तरजायमानोबहुधाविजायते ।
तस्ययोनिम्परिपश्यन्तिधीरास्तसमिन्हतस्थुर्बूभूवनानानिविश्वा ॥१९॥

यो देवेब्भ्यऽआतपतियो देवानाम्पुरोहितः ।
पूर्वोयोदेवेब्भोजातोनमोरुचायब्ब्राह्मये ॥ २०॥

रुचम्ब्राह्मन्जनयन्तदेवाऽअग्रेतदब्रुवन् ।
यस्त्वैवम्ब्राह्मणोविद्यात्तस्यदेवाअसन्वशे ॥२१॥

श्रीश्चतेलक्ष्मीश्चपत्न्यावहोरात्रेपार्श्वेनक्षत्राणिरूपमश्विनौव्व्यात्तम् ।
ईष्ष्णन्निषाणामुम्मऽईषाणसर्वलोकम्मऽईषाण ॥ २२ ॥

।ईति ।

–ॐ शान्ति–ॐ शान्ति –ॐ शान्ति ।

पुरुषः सूक्तको २२ वटा ऋचा पढी अब केही रामगीताको पाठको प्रसङ्ग ।

## रामगीता

ततो जगन्मङ्गलमङ्गलात्मना विधाय रामायणकीर्तिमुत्तमाम् ।
चचार पूर्वाचरितं रघूत्तमो राजर्षिवर्यैाभिसेवितं यथा ॥१॥

... ...

यः श्रद्धया परिपठेद् गुरुभक्तियुक्तो मद्रूपमेति यदि मद्वचनेषु भक्तिः ॥६२॥

*–श्रीमदध्यात्मरामायणोक्तोत्तरकाण्डान्तर्गगता रामगीता*

समयको अभावले रामगीता बढी प्रस्तुत गर्न सकिएन । नन्दाजीको आत्माको शान्ति कामना। उहाँको दिवङ्गतिले हाम्रो क्षति त भएकै छ। उहाँलाई बचाउन अथक प्रयत्न गरिएको हो । यो प्रयत्नले पक्कै ७, ८ वर्ष बचाउन सकियो तर पनि अन्ततः त्यो दैवले छोडेन, लग्यो । यो उहाँलाई मात्र हैन दैवको नियम यस्तै छ, के गर्ने ? यसबारे यौटा नीतिवाक्य छ –

अरक्षितं तिष्ठति दैवरक्षितं सुरक्षितं दैवहतं विनश्यति ।
जीवत्यनाथोऽपि वने विसर्जितः कृतप्रयत्नोऽपि गृहे न जीवति ॥

*–पञ्चतन्त्रम्*

यो रक्षा नगरिएको प्राणीलाई अरक्षितम् दैव हतं विनश्यति दैव रक्षितम् दैवले रक्षा गर्छ। सुरक्षितं दैव हतं विनश्यति सुरक्षा गरिएकोलाई विभिन्न तरिकाले बाँधेर केही छिर्नै नसक्ने गरी राखेकोलाई फेरि त्यही दैवले नाश गर्छ। त्यसैले जीवत्यनाथोऽपि वने विसर्जितः कृतप्रयत्नोऽपि गृहे विनश्यति।

यौटा उदाहरण– अब यौटा प्राणी वनमा एक्लै बसेको रहेछ। त्यस्तो बनमा एक्लै बसेको प्राणीलाई त्यही ईश्वरले, त्यही दैवले रक्षा गर्छ। बेसरी योजनावद्ध रूपमा घरमा राखेको मानिसलाई त्यही दैवले कति बेला लान्छ, कतिखेर लान्छ, यी यसरी नन्दाजीलाई चारैतिरबाट बचाउने मेहनत गर्दागर्दै त कतिखेर जानुभो कतिखेर थाहै भएन। त्यसैले यो अचम्मको छ। यो काल भन्ने अचम्मको छ। यस्ता कुराका उदाहरणहरू अरू पनि छन्। कालको लीला बुझ्निसक्नुको छ।

नन्दादेवी सुवेदीको यो साहित्यिक शोक सभा र श्रद्धाञ्जली सभामा मलाई सहभागी बनाएकोमा आयोजकप्रति कृतज्ञता व्यक्त गर्दछु र नन्दाजीको वैकुण्ठवास होस् भन्ने कामना गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेर विदा हुन्छु। अस्तु। धन्यवाद।

# सच्चिदानन्दरूपाय नन्दादेवी नमस्तुते



**होमनाथ सुवेदी**
*वुडब्रिज, भर्जिनिया*

तपाईंहरूको बीचमा मैले आज माघ १३, २०८०, तदनुसार जनवरी २७, २०२४ को दिन तेह्रौं पुण्यतिथिमा अनेसास डिसी मेट्रो च्याप्टरद्वारा आयोजित शोकसभाको दिन नन्दादेवी सुवेदीको स्मृतिमा श्रद्धाञ्जली अर्पण गर्दछु। मैले नन्दादेवी सुवेदीलाई बचाउँने प्रयत्न धेरै गरैं। मैले गर्दागर्दै पनि सम्भवतः उनी सत्तरी वर्षको उमेरमा जान्थिन् होली। मेरी मुमाको पनि सत्तरी वर्षमा नै स्वर्गारोहण भएको थियो। त्यस्तै पहाडमा दुःख गरेर दिन बिताउनेहरूको आयु मुस्किलले ७० वर्ष पुऱ्याउन गाह्रो हुन्छ महिलाहरूलाई। उनी पनि त्यस्तै अवस्थाबाट आएकी हुन्। उनी ७० वर्ष पुगेपछि यो मस्तिष्कघात भयो। त्यही रात त्यही घडीमा खत्तम हुने थिइन् होली तर यहाँ अमेरिकामा धेरै सुविधा भएकोले बचाउँन सकियो। बचाए पछि पनि धेरैपटक त्यस्तो समस्या आयो। साथीहरूले धेरै अनुभव गर्नुभएको छ। मैले मेहनत गरैं– यस्तो हुन्थ्यो कि काल उनलाई लिन आइरहेको छ। उसले उनलाई च्यापे पछि ऊबाट फुत्काउन मैले यता तानेर बचाउन लडिरहेको छु।

नन्दा कहिले मेरो हातमा र कहिले कालको हातमा तानातानमा हुँदा हस्पिसवाला भन्थे– उहाँलाई कालले लान चाहे लानदिनुपर्छ। रोक्नु हुँदैन। शान्तिले जान दिनुपर्छ। यो हस्पिसको एउटा प्रिन्सिपल हुन्थ्यो भने म लुकेर लुकाएर नन्दालाई अर्जेन्ट केयरमा लान्थैं। लुकेर हस्पिटलमा लग्थें। ब्लडटेस्ट गराउँथैं र तदनुसार औषधी दिन डाक्टरलाई अनुरोध गर्थैं। यो उनीहरूलाई अनुरोध वा आदेश थियो। अध्ययनको कुरा हो। ब्लडटेस्ट गराएपछि मात्र थाहा हुन्थ्यो। सुगरको लेबल के छ ? सोडियमको लेबल के छ ? क्यान्सर छ कि छैन ? निमोनिया पो छ कि ? यो

कुरा थाहा भए पछि तदनुसारको औषधीको प्रयोग मैले गराइरहेँ। त्यो क्रममा कस्तो भो भने अन्तिम दिनमा काल लिन आइरहेको छ। मैले नन्दालाई लुकाइ रहेको छु। कालले लैजान खोजेको छ। म यता तानिरहेको छु। बीचमा तानातानी हुँदाहुँदै मैले ७ वर्ष आठ महिना आठ दिनसम्म त ल्याएँ तर त्यो काल यति बलियो छ कि न कङ्सले जित्न सक्यो, न कृष्णले जित्न सके, न रावणले जित्न सक्यो, न रामले जित्न सके। एकदिन त कालले लानु नै थियो। लग्यो। म हारेँ, म हारेँ।

हुन त हेर्ने हो भनेदेखि अहिलेको संसारमा यो जमानामा त सबैलाई थाहा भइसकेको कुरा हो - एउटा सूर्य हैन, पचासौँ सूर्यहरू छन् भन्छन्। एउटा ब्रह्माण्ड हैन पचासौँ ब्रह्माण्ड छन्, भन्छन्। यस्ता असङ्ख्य ग्यालेक्सीहरूको बीचमा हाम्रो स्थान नै के ठूलो छ र ? के घमण्ड गर्नु ? त्यति सूर्य त्यतिका तारागणहरूको बीचमा हाम्रो पृथ्वी त कमिला जत्रो सानो छ, त्यति सानो पनि हैन, अझ भुसुना जति पनि छैन। नेपाल झन कति सानो होला। नेपालभित्र पनि अझ हाम्रो शरीर कति सानो होला र हामी कमिलाभन्दा पनि कति भुसुनाभन्दा पनि सानो होउँला। अब हामीले हामी धुमधाम छौँ भनेर घमण्ड त गर्छौं तर घमण्ड गर्नुको अर्थ नै के छ र ? हामी त एकदम साधारण मान्छे हौँ। यद्यपि यति साधारण हुँदाहुँदै पनि तपाईँको र हाम्रो बीचमा 'हामी छौँ' भन्ने जुन भावना छ, त्यो महत्वपूर्ण कुरा हो। हाम्रो सय वर्षको समय भनेको त एक क्षण पनि होइन। यति सानो क्षणमा यति साना हामी मान्छेहरूले पनि 'हामी छौँ' भन्ने भावना हामीभित्र जागृत गरेका छौँ र हाम्रो इतिहास र विरासतलाई कायम राखेका छौँ। यस्ता हामी साना मुसुना जस्ता मान्छेहरू म जस्तै नन्दा पनि मुसुना जस्तै हुन्। नन्दालाई पनि उनी थिइन्। उनी हुन्, उनी छिन्, क्वान्टेम काव्यिक भावनाको मूलमा। यो वैश्विक भावनामा हामी यति धेरै जनाले यहीँ मात्र छैन अस्ट्रेलियामा, अफ्रिकामा, एसियामा, युरोप डेन्मार्क र नेपालबाट समेत उनीप्रतिको समवेदनामा हाँजिरी जनाउने मित्रहरू उनले बनाएकी रहिछन्। यो ठूलो खुशी र गौरवको कुरा हो। यत्ति यस्तै हामी सबैले सबैमा सोच्नुपर्छ र सानो जिन्दगी एक क्षणको भए पनि हामीले त्यसलाई अर्थपूर्ण बनाउने प्रयत्न गर्नुपर्छ भन्ने कुरा मैले अनुभव गरेँ। यहाँ म क्षणवादी भएँ।

रुन त कति रोइयो, रोइयो। रोएर आँसु सकि नै सकेका थिए। अझै पनि आँसुका धारासार वर्षा भएको त देख्नुभएकै छ। आँसु त निक्लँदा नै रहेछन्। आजै पनि हेदाहेर्दै तपाईंहरूले यहाँ श्रद्धाञ्जली व्यक्त गर्दागर्दै आँखामा आँसु खुब आए। रुनबाट रोकिन त गाह्रो परेको थियो सबैलाई। यो सभामा देखिएका आँसु लुकाएर त भएन। कतिले कस्को लुकाउनु ? त्यसकारण अब हो, हामी मान्छे हुँ,

बिर्सन सकिन्न । यही न बिर्सनुमा नै त हाम्रो मानव हुनुको औचित्य स्थापित हुन्छ । यही अविस्मरणीय शक्तिकै परिणाम हुन् – भाषा, साहित्य, कला, सँस्कृति, मानव इतिहास, सभ्यता, संस्कृति र दर्शन । यिनै स्मृतिको सञ्जालमा नै अमरता प्रमाणित हुन्छ ।

दर्शनको कुरा गर्ने हो भने त हामी केही पनि हैनौँ भन्ने कुरा पहिले नै भनेँ । अहिले पनि भन्न सक्छु । भाषण त छाँट्न सक्छौं नि तर त्यो ममता जब उनले मलाई दिएको बलिदान यो छातीमा उर्लेर आउँछ अनि नरोए, को एक क्षण पनि टिक्न सक्छ ? उनले गरेका सङ्घर्ष र दुःखका कुरा सबै सम्झेर ल्याउँदाखेरि र अन्तिम अवस्थामा जब उनी गइन् । त्यस बेला मैले उनको माथामा हात राखेर मुसारिरहेको थिएँ । शिरमा हात राखिरहेको– शरीर तातै छ र उनी हेरेको हेरै जस्ताको तस्तै गएकी छिन् । हेर्दाहेर्दै म त्यहीँ डाँको छोडेर रुने अवस्थामा पुग्छु अनि भन्छु -

छैनौ हैनौ तर तरुणिमा काखमा राख्छु मैले,

तिमी छैनौ तिमी छैनौ, तिमी हैनौ, तिमी हैनौ, तर पनि तिम्रो आकर्षक मायाविनी शरीर काखमा राख्छु मैले, तिमी छैनौ, तिमी छैनौ तै पति यादहरूले, तिम्रो कोमल किशोर लावण्य प्रत्यक्ष शरीर काखमा राख्छु मैले, हातले मुसारेको छु। मायाले तड्पेको छु र भन्छु

सेती सेती पुलकित भई भन्छु कुर्लेर मैले
सेती सेती पुलकित भई भन्छु कुर्लेर मैले
सुक्दा मेरो
सुक्दा मेरो
पलपल गला उत्तरै छैन ऐले
प्यारी !
बूढा ! बूढा ! भनन नभने प्राण नै त्याग्छु मैले
अहिले
बूढा ! बूढा ! भनन नभने प्राण नै त्याग्छु मैले

भनेर चिच्याउँदै म उनीसित रोइरहेको थिएँ। पुकारिरहेको थिएँ। उनको हुनुको र मेरो हुनुको यो स्वतन्त्रता थियो। मानवीय अस्तित्वको प्रश्न थियो। प्रेम थियो। अन्धो भएको थिएँ। म ज्यान दिन तयार थिएँ। त्यो एकचोटि हैन सातचोटि दोहोऱ्याइरहेको थिएँ। यो यस्तो गत सात वर्ष आठ महिना आठ दिनमा धेरैपटक आए यस्तै जस्ता क्षणमा यी हरफहरू गाएँ। यी हरफहरूले गायत्री मन्त्रले

जस्तै काम गरेर उनी फर्कन्थिन् र काल भाग्थ्यो। मेरो जित यिनै उनको प्यारो मन्दाक्रान्ताको रुन्चे स्वर लहरीको  छन्दको प्यारो स्वरले जिउँदो राख्थ्यो। त्यो आज पनि दोहोराइरहेको छु। म रोइरहेको छु। मलाई यी कुरा गर्दा याद आयो– शिवको सतीप्रेम। वेदका मन्त्र उच्चारण गर्थे, हाम्रा झाँक्रीहरूले पनि ढ्यङ्ग्रो बजाएर रोगको निदान गर्थे। मलाई कस्तो लाग्छ भने स्वर ताल लयमा शक्ति छ। त्यो शक्ति भएकोले केही समय बचाउनको लागि रोगबाट बचाउन यो स्वरशक्ति शब्दशक्ति मन्त्रशक्तिले काम गर्छ जस्तो लाग्छ। प्राण र शब्दब्रह्मको सायुज्यता कही छ जस्तो लाग्छ। त्यसैले मैले यी शब्दहरू गाएँ -

छैनौ हैनौ तर तरुणिमा काखमा राख्छु मैले
सेती सेती पुलकित भई भन्छु कुर्लेर मैले
सुक्दा मेरो पलपल गला उत्तरै छैन ऐले
बूढा ! बूढा ! भनन नभने प्राण नै त्याग्छु मैले

भन्ने कुरा मेरो भावनाको साथ भङ्गिमाको साथ यो छन्दमा गाउँदा यसको स्वरतन्त्रले उनको दिमागलाई यो संसारसित प्रेमपूर्वक जोडिरहन्थ्यो अरूतिर जान दिँदैनथ्यो। जहाँबाट छन्दको छालले टिपेर वन्धुको समूहभित्र बसे पछि बाघ, भालु, चोर, डाँका कुनै पनि कालले हत्तपत्त हात हाल्न सक्दैन थियो। नन्दा आमाका प्राण लोकगीत र छन्दोबद्ध कवितामा सल्वलाउँथे। त्यसैले यो मन्दाकान्तामा पतिको पत्नीप्रतिको अविछिन्न सम्बन्धको स्वरोच्चारण गरिरहन्थेँ। सावित्रीसत्यवान्‌को जस्तै सती गएर लडिरहेँ। यति गर्दागर्दै पनि कालसित लड्न सकिएन, जित्न सकिएन, हारियो।

कालसित हारे पनि साथीहरूले पनि भन्नु भयो। उहाँ कहीँ जानुभएको छैन। यहीँ हुनुहुन्छ। मलाई पनि लाग्छ। उनी कहीँ गएकी छैनन्। उनी यही छिन्। उनी गइन् तर सर्पले काँचुली फेरेजस्तो हो। उनको डी.एन.ए. त  तीनवटा छोराछोरी पाइन् र नौ जना नातिनातिना पाइन्। उनी सगर्व भन्थिन् - "I have 9 Grand Children." जससित कुरा गर्दा पनि उनको पहिचान थियो – "I have 9 Grand Children." त्यही कुरा बढी आउथ्यो। अघि उनका नातिनातिनाले पनि भने यो उनको गार्डेन हो। जहाँ उनी फलेकी र फुलेकी छिन्। यिनको नामसित उनी सदा मुस्काराउँछिन्। उनी मरेकी छैनन्। कहिले कहिले परिवारको कुरा चल्दा म भन्छु।

पहिले पहिले त सन्तानले डाँडाकाँडा ढाकून् भनेर आशीर्वाद दिन्थे। अहिले त कहाँको यो परिवार नियोजनको चक्कर आयो। दुईवटा छोराछोरीको सीमा

राखेर मान्छेले स्वयम् मान्छे स्वयम्को हत्या गरिरहेको छ। उनलाई Nine Grand Children भन्दा कति गर्व लाग्थ्यो। सन्तान जति धेरै उति धेरै क्षेत्र, विधा, शाखा प्रशाखा फैलिएर बाँचिन्छ। आशीर्वादमा परिवार नियोजन भन्नु गलत हो र सन्तानले डाँडाकाँडा ढाकून् भन्नु सही हो भन्ने स्वर उनको थियो। हुन पनि हामी त्यसै थोरै छौँ, अल्पसङ्ख्यक छौँ। हामीले हाम्रो जनसङ्ख्या किन कम गर्ने ? बरु फैलनुपर्छ भन्ने उनको भावना थियो। तिनै भावना साथ उनको डी.एन.ए. मा अपुताली परेको छैन। सन्तान जस्तै उनी पनि यही फैलिएकी छिन्। यहीँ जीवित छिन् भन्ने पनि मलाई लाग्छ। तर उनको त्यो टलक्क टल्किने छिर्केमिर्के बुट्टा भएको सुन्तला रंगको सारी र ब्लाउज लगाएर सुनैसुनका गहनाले चमक्क चम्किएको त्यो हँसिलो अनुहार त छैन नि ऐले । कहाँ गयो त्यो ? मलाई तिनै नन्दा चाहियो। तिनै तिनै तिनै चाहियो। म डाँको छोडेर रुन्छु। सार्न थालेको भाषण सर्दैन। सार्दासार्दै कोरा कागजभरि आँसुको ताल पर्छ। जुरुक्क उठेर बाथरुममा जान्छु अनि आँसु पुछेर आएर फेरि मेरो मन्तव्य भिडियोबाट सार्न थाल्छु। रोएर मात्र के गर्नु ! यिनै मेरी प्राणभन्दा प्यारी नन्दाको स्मृति ग्रन्थ अनेसासको आठौं सम्मेलन पोर्चुगलमा विमोचन गर्ने भनेर कार्यक्रममा राखिसके। आज यो सारेर प्रेस नपठाए पुस्तक छापिन्न। के विमोचन गर्ने समयमा सकिएन भने। आज मार्च १ भैसक्यो। मार्च ८ मा त विमोचन गर्ने भनेका छन्। नन्दा दिवङ्गत भएको जनवरी १५ मा हो। मार्च ८ भन्नाले जम्मा ५३ दिनमा सब भिडियो सारेर लेखोट जँचाएर टाइप सम्पादन गराएर छापिसक्नुपर्ने। सम्पादकहरू धेरै जना भए पनि क्रियाकर्म सहित यो काम गर्नलाई समय त कम नै भएको हो। यो कामले पनि यौटा अर्को नयाँ काम त गऱ्यो– त्यो के भने नन्दाको सम्झनामा रोएर बस्नभन्दा यो कामले व्यस्त बनायो र धेरै समय शोक पनि बिर्सेर यो काम फत्ते गरेर नै उनलाई स्मृतिमा मूर्तिवत् गराई स्थापित गरेर शान्तिको सास फेर्ने भइयो। यस्तो पावन कामले समय बितेको पनि थाहा भएन। हतार छ। यसो भन्दै... अब अगि जस्तै भिडियो सारेर लेख्न थालें।

फिजिक्सकै कुरा गरे पनि स्रोणिङ्गर र उपनिषद्का कुरा केही मिल्छन्। अघि डाक्टर गोपी उप्रेतीजीले पूर्णात् पूर्णमदम्को कुरा ल्याउनु भयो। नयाँ क्वान्टमको विकासले - .पदार्थ - वेभ, भाइब्रेसनमा र वेभ, भाइब्रेसन– पदार्थमा - परिवर्तन हुन सक्छ भन्ने कुराले वेभ भाइब्रेसनमा यो शरीर पुगेपछि त्यो तत्वमसिमा पुगेको र अहम् ब्रह्मास्मि यो नजिक आउँछन्। जेमसवेभटेलिस्कोपले देखाएका बृहदाकार र शुक्ष्म कुरा सबै हाम्रा आँखाले देख्न सक्दैनन्। हामीले न देख्दैमा त्यो कुराको अस्तित्व छैन भन्न मिल्दैन। यी नयाँ विज्ञान र दर्शनले पनि उनी हाम्रैसाथ छिन् भन्ने कुरालाई पुष्टि गर्छन्।

म पनि विश्वास गर्छु। त्यही रूपमा नन्दा भनेर उनको पुनर्जन्म होला वा नहोला। त्यो हामीलाई थाहा छैन तर द्रब, पदार्थ र वेभ, भाइब्रेसन एकअर्कामा अब्जर्भरको अनुसार परिवर्तित हुन्छन्। यो परिवर्तनको क्रममा उनी यहीँ अर्थभित्रै, दुनियाँभित्रै, यहीँ पृथ्वी जल तेज वायु आकाश भित्रै कतै छिन् र उनी हामीसित वा उनले हामीलाई हेरिरहेकी होलिन्। हामी पनि उनलाई सम्भिmरहन्छौँ र सम्भिmरहेका हुनेछौँ। उनीसित हाम्रो तादात्म्य रहिरहन्छ। उनी अर्कै युनिभर्समा भए पनि हाम्रो इन्ट्याङ्गलमेन्ट भै नै रहन्छ। किनकि हाम्रो आत्मीयता अविच्छेद्य छ।

उनले भाषा साहित्य र संस्कृतिको माध्यमबाट हाम्रो छोटो सानो धमिलो एक दीपको जीवनमा पनि जीवनको अर्थ खोज्ने प्रयत्न गरिन्। हामीलाई पनि त्यो प्रेरणा दिऊन्। भाइभाइ इष्टमित्रको बीचमा राम्रो सम्बन्ध राख्ने प्रेरणा पनि दिऊन्।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको यो शोकसभा हो। अ.ने.सा.स. डिसी च्याप्टरका अध्यक्षको अगाडि बोलिरहेको छु। मैले संस्थाको सीमालाई नाध्न हुँदैन। नन्दाको यो शोकसभा आयोजनाको लागि अ.ने.सा.स. डिसी मेट्रो च्याप्टरलाई धन्यवाद व्यक्त गर्दछु र नेपालमा आज बालमन्दिर अरनिको क्लबले पनि नन्दाका चित्र समेत बनाई शोकसभा गरेकोमा बालमन्दिरलाई पनि धन्यवाद ज्ञापन गर्दछु। अनेसास सर्वोकृष्ट पुस्तक पुरस्कार विजेता तथा मदन पुरस्कार विजेता कृष्ण धराबासीको प्रमुख आतिथ्य र उहाँको जीवन दर्शनले हामीलाई मन्त्रमुग्ध बनायो। आभारी छौँ। अनेसासको इतिहासको पृ.५५८ र शीषक ५.२.११ अभिनन्दन सम्मान, पुस्तक पुरस्कारअनुसार अनेसास वाशिङ्गटन डिसीको वर्ष ४ अङ्क ३, इ.१९९६ को अन्तर्दृष्टि पत्रिका अनुसार इ.१९९६ को जुलाई १४ को दिन लिसिल्भेनिया स्टेटपार्कमा भएको अनेसासको साधारण सभा तथा भानुजयन्ती समारोहमा नन्दादेवी सुवेदीलाई अनेसासमा भएको लोकगीत गायन र वनभोज आयोजना आदिमा भएको संस्थाको स्थापना कालमा संस्थापक सदस्यको हैसियतले गरेको अथक प्रयत्नको कदर गर्दै केन्द्रबाट सम्मान मात्र हैन अभिनन्दन नै गरिएको थियो। त्यही मितिमा लोकगीतका नायक प्रेमराजा महत र चलचित्र नायक सरोज खनालको पनि अभिनन्दन गरिएको थियो। आज प्रेमराजा महतजी नेपालको महावाणिज्यदूत हुनुहुन्छ र भाषा साहित्य कलासित आज पनि उत्तिकै नजिक हुनुहुन्छ। नन्दासित उहाँको सम्मानपूर्ण सम्बन्ध रहेकोले होला टाढाबाट अरू कार्यक्रममा व्यस्त भए पनि त्यसबाट मुक्त हुँदासाथ चाँडै नै नन्दाको शोकसभामा विशिष्ट अतिथिको आसन ग्रहण गर्न आइपुग्नु भयो। तपाईलाई धन्यवाद!

आजको यो जाडो मौसममा पनि तीनवटा मात्र टेन्टको भरोसामा बाहिर चौरमा दिनभर बसेर यो कार्यक्रम सम्पन्न गरिरहेका छौँ। यो जनवरी २७ भनौ माघ १३ पर्ने माघे जाडोको दिनमा अतिथि, नन्दा, र सहभागी सबैलाई कति धेरै, कठिन जाडो भए होला तैपनि धैर्यधारण गरी नन्दाको स्मृतिमा यसरी साहित्यिक शोकसभामा भाग लिनुभएको छ। सहभागी सम्पूर्ण भाषा साहित्यानुरागीहरूप्रति कृतज्ञता व्यक्त गर्दछु। हिजोदेखि खटिएका मञ्चसज्जा र भोजको तयारीमा संलग्न हुनेहरू सबैलाई धन्यवाद छ।

वेद मन्त्रोचारणकर्ता महापण्डित कृष्णराज खनाल, गोविन्द भट्टराई तथा बासु सत्याल, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूलाई धन्यवाद। एएनएका अध्यक्ष डा.खगेन्द्र अधिकारी अन्तर्राष्ट्रिय कलाकार मञ्चका अध्यक्ष रामप्रसाद खनाल, इनासका अध्यक्ष राहुल केसी, जीवविज्ञानका अध्यक्ष शिव लामिछाने, साहित्यकार गोविन्द गिरी, गोपाल रेग्मी, वसन्त श्रेष्ठ, अध्यक्ष फूबारीक्लब सरोज प्रजापति तथा अन्य गण्यमान्य व्यक्ति उपस्थित हुनुहुन्छ। तपाईंहरूलाई देखेपछि चित्त बुझाउनुपर्छ। दाहसंस्कारदेखि अहिले पनि यहाँहरूको सहयोग र साथले ऋणी भएको छु। के भनूँ शब्दले सबै भावना पोख्न गाह्रो छ। हामी लिन दिन के सक्छौँ र ! दुःखको बेलामा रुने र सुखको बेलामा हाँस्ने र मिलेर बस्ने यति मात्रै गर्न सक्छौँ। यति मात्रै गर्न सक्यौँ भने पनि ठूलो कुरा हुन्छ। हामीले एक अर्कालाई सम्झिनु नै जिउँदो जीवनको लक्षण हो।

श्रीमतीको लागि मैले अरू गर्न सक्ने केही छैन। भीमप्रसाद रेग्मी, पुरुषोत्तम सुवेदी र रीता प्रधानज्यूले नन्दाको नाममा डलर १५०० को अनेसास नन्दादेवी लोक साहित्य पुरस्कार राखेका छन्। लोकगीत गायक, लोकनृत्याङ्गना, लोकवाद्यवादक, लोकसाहित्य, लोक वार्ताको क्षेत्रमा अध्ययन गरेका व्यत्ति वा संस्थालाई यो पुरस्कार दिँदा नन्दाको प्राण सञ्चार हुन्छ। जनजाति अध्ययनका क्षेत्रका व्यक्ति मोनाका अध्यक्ष अमर छन्त्याल हुनुहुन्छ। आउनुभएको छ। धन्यवाद। नन्दा लोक साहित्य प्रेमी थिइन्, नाच्थिन्,गाउँथिन्। यहाँ त्यो बेलामा कहिले कहिले त २, ३ सय मान्छेले भानुजयन्तीमा राती ८ बजेसम्म नाच्थे, गाउने गर्थे। त्यो दृश्यका सहभागी प्रेमराजा महत यहीँ हुनुहुन्छ। भीम, मोहन, खेम र रामले बाल्टिमोरबाट भर्जिनियासम्म आएर पनि यहाँ अनेसासको सम्मेलनलाई उत्पातसित सफल बनाउथे। त्यसको कडीमा नन्दा नै सक्रिय थिइन्। त्यो सबै नन्दाको कला हो, म हैन।

त्यो मबाट भएको छैन। मलाई एउटा गीत गाउन आउँदैन। नाच्न आउँदैन। अरू त के हाँस्यव्यङ्ग्यार्थ दिने गरी नन्दाजस्तो मैले बोल्न पनि सक्दिनँ। त्यसैले

निम्तो दिन मीठो खाना दिने नाच्ने नचाउने गाउने बजाउने यो सबै उनैबाट हुन्थ्यो। जसको आधारमा अनेसासको जग बसालिएको थियो। त्यहीँ भएर डलर १५०० को लोकसाहित्य पुरस्कार राखेका छन्। प्रायोजकमध्ये रीता प्रधानलाई धन्यवाद छ। उनले महिलाको पुरस्कार राख्दा महिलाले नै प्रायोजन गर्नुपर्छ भनेर अगाडि सरिन्। उनलाई धन्यवाद। इनासका अध्यक्ष राहुलले नन्दाको नाममा इनासका कार्यक्रममा डलर ५०० को पुरस्कार दिने घोषणा गरेका छन्। मैले त नन्दिनी नव्य काव्य लेखेको छु। नन्दा नबित्दै छाप्ने योजना थियो तर त्यो भएन अब नन्दाको पछिल्लो च्याप्टर थपेर चाँडै प्रकाशन हुन्छ। यो तेह्रदिनभित्र पढिएका शोकसभाका कविता, कथा र संस्मरणको यौटा नन्दादेवी स्मृतिग्रन्थ प्रकाशित हुन्छ भन्ने अनुरोध गर्न चाहन्छु। यो स्मृति ग्रन्थका प्रकाशक अनेसास र प्रायोजक सतीदेवी थापा, अलेक्जेन्ड्रिया आइनोवा माउन्टभर्नन हस्पिटल एम्पासेन्ट एक्युट रिहाव युनिट ५सी परिवारप्रति कृतज्ञता पनि यही जोड्न चाहन्छु।

यसपछि कृष्ण धरावासी प्रमुख अतिथि जसको जीवन मेरोजस्तो भएर अगाडि बढेको छ। उहाँको नन्दाप्रतिको संस्मरण सुन्न ढिलो न गरौँ भन्न चाहन्छु। मेरा छोरा, बुहारी, ज्वाइँ, साला, दिदी, बहिनी, भाइ, बहिनी र भान्जी सबैलाई यो तेह्रौँदिनसम्म गरेको दुःखको लागि आभार व्यक्त गर्दछु। अब बिदा हुन्छु भन्दै म मञ्चबाट अगाडि सरेर माल्यार्पण भएकी नन्दाको तस्वीरको अगाडि आउछु र उनीसित हात जोडेर भन्छु–

मेरी प्यारी नन्दा ! तेह्र दिनको दिन हाम्रो घरमा तिमी आउँछ्यौ रे भन्ने सुनेको छु। अरू डराएर भन्छन्– एक्लै मलाई छोड्न हुन्न, डराउन दिन्छ, मान्छे कुर्न बस्नुपर्छ। म भन्छु– कसैले मलाई कुर्नुपर्दैन। म एक्लै यो घरमा बस्छु। नन्दा आए त के भो त ? मैले त खोजेकै त्यही हो। म त उनैलाई अँगालो हालेर बस्छु। पहिलो कुरा त म एक्लै छँदैछैन, उनी यहीँ छिन्, मैसित छिन्। म बाथरुमा गए बाथरुम जान्छिन्। बेडरुममा गए बेडरुममा नै जान्छिन्। म लिविङ्गरुममा आए लिविङ्गरुममा नै आउँछिन्। उनी सदा मेरो साथमा छिन्। म एक्लो छँदैछैन। जसरी विष्णुको भक्तले ध्यानमा विष्णुको मूर्ति दिमागमा ल्याउँछ र दर्शन गर्छ। त्यस्तै मैले मेरो ध्यान चिन्तन तिम्रो साथ मनमस्तिष्कलाई जोड्छु र तिमीसित नै रमाउँछु। तिमीसितै बस्छु। तिमी पनि एक्ली छैनौ दूर गएकी छैनौ। हामी सच्चिदानन्द भएर सँगै जिउँछौँ, नन्दा ! यति भन्दै म नन्दाको तस्बिरमा जुम्ले हात जोडी नतमस्तक भएर ऐलेलाई बिदा हुन्छु।

# भाग्यशाली नन्दाप्रति



**जगन्नाथ पौडेल**
*मनासस, भर्जिनिया*

जीवनमा न्यानोको महत्व अलि बढी हुँदोरहेछ। ज्यादा चिसो निन्याउरो र ज्यादा गर्मी अलि उत्ताउलो अनि खरो स्वभावको हुँदोरहेछ। प्राकृतिक हिसाबले अघिल्लो दिन सारै चिसो थियो तर त्यो दिन भने न्यानो। लाग्थ्यो प्रकृति पनि नन्दाको स्वभावमा समाहित भैरहेथ्यो। सायद न्यानो र नन्दाको स्वभाव मिल्थ्यो। त्यसैले पनि हुनुपर्छ मैले सम्भिmने नाउँमध्ये एक हो, यो नाउँ। नन्दा।

अक्सर ठुलाबडाका श्रीमान्श्रीमतीका नाम याद हुँदैनन्। श्रीमान् टैगोरको श्रीमतीको याद सायदै होला मानिसलाई। श्रीमान् देवकोटाकै श्रीमतीको नाम सोध्यो भने कतिलाई अवगत होला र तर श्रीमान् होमनाथकी श्रीमती को नाम प्राय सबैलाई सहज लाग्छ, परिचित लाग्छ। जसले आफ्नो नाम आफै लेख्छ उसको नाम ज्यादा ताजा हुन्छ, सहज हुन्छ। जुन नामहरू हाम्रो मस्तिष्कको हावापानीले बगाउँन सक्दोरहेनछ। ती सहजै नबग्दारहेछन्। आफ्नो नाम आफै सफा र चम्किलो पार्ने सहज स्वभाव थियो नन्दामा। उनले पुस्तकै लेखेकी कहाँ हुन् र ? सबैको मन देखेकी पो हुन्। मनमा पुगिहाल्ने र ठाउँ बनाइहाल्ने उनको आफ्नोपन। तिमी के खायौ ? कति खायौ ? किन थोरै खायौ ? किन खाएनौ ? सहज ढङ्गले हेर्ने, पर्गेल्ने र व्यक्त गर्ने। यसो गर न। यसो गरे भैहाल्छ नि। यस्तै सहज र प्राकृतिक थिइन् नन्दा। यसैले अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजमा उनले आफ्नो नाउँ आफै जताइन्। धेरै लेखिनन्, लेखाइन्। धेरै लेखिनन्, लेखिइन्। संसारभरिका नेपालीले सम्भmे, जो अक्षरसँग खेले। यो गजब भयो। जसले लेखे उनमा देखिइन्। जहाँ लेखिइन् त्यहाँ इतिहास बनिन्, इतिहास बनाइन्।

माथि न्यानो दिनको कुरा गर्दै थियौं। यो कता गयो भन्नुहोला। म यहीं छु। तपाईंसँगै। त्यो दिन न्यानो किन ? धेरै चिसो नभएकाले। ज्यादा गर्मी नपरेकाले। दिन कुन हो, के हो ? म भनौंला। त्योभन्दा पहिले जन्म के होला भनेर थोरै सोचौँ। जन्मिनु कसैको गर्भ सफल पार्नु पनि हो। जन्मिनु गर्भबाट बाहिरिनु पनि। गर्भबाट बाहिरिएपछि पुनः जन्मिन सकिन्छ, आफू आफैमा। जन्माउन सकिन्छ, आफूले आफैलाई। नन्दा तिनै हुन् जसले आफूले आफैलाई जन्माइन्। त्यसैले अरूले दिएको जन्मबाट मृत्यु वरण गरे पनि उनी आफ्नै जन्ममा बाँचिरहिन्। मरिनन्। मर्दिनन्। कम्तीमा हामी छउन्जेल।

जन्मको कुरा गर्दागर्दै अनायास हामी मृत्युमा पुगिसकेछौं। जीवन यस्तै छ। थाहा नपाउँदै या थाहा पाउन नचाहाँदै या थाहा नपाएको बहाना गर्दै उसले निलेर लगिसक्छ हामीलाई। जो उसले लगेपछि पनि रहिरहन्छ आफ्नै रोसनीमा त्यही हुन्, नन्दा। जो उसलाई निल्न नदिन भगीरथ प्रयत्न गर्छ ती हुन्, होमनाथ। नन्दा भाग्यमानी हुनुको रहस्य हुन् होमनाथ। म कुनै फिल्मको कहानी भन्दै छैन। न कुनै नाटकको पर्दा खोल्दै छु र कुनै आख्यनात्मक पुस्तकको कथानक पनि फुकाउँदै छैन। देखेको कुरामा इमान्दार हुने प्रयास गर्दै मात्र छु। मैले कहिल्यै पढेको चाहिँ छैन। यस्तो पत्नीव्रत पात्रको भूमिका। जसरी होमनाथलाई देख्न भोग्न पाएँ। उनी श्रीमती नन्दालाई मृत्युको मुखबाट खोस्न सफल श्रीमान् पात्र हुन् जुन लेख्न गारो छ। त्यसैले लेखिएको छैन। मञ्चित छैन। त्यो गर्न सायद होमनाथ नै बस्नुपर्छ कलम लिएर। होमनाथ नै उभिनुपर्छ मञ्चअगाडि। र सम्भावना यो पनि छ कि उनी लेख्न र अभिनय गर्नभन्दा समयमाथि उभिइदिन सहज मान्छन्। मतलब उनले त्यो प्रेम र समर्पण मसी र मञ्चमा होइन मनबाट देखाउन सक्छन्। व्यवहारमा उतार्न सक्छन्। फगत होमनाथले नन्दाप्रति पोखिएर। वा बगेर। उनको बहाइले नन्दा भाग्यमानी भइन् तर नन्दालाई जीवित राख्ने नन्दा नै हुन्। मलाई यी अक्षरमा आउन बाध्य बनाएको नन्दाको पार्थिव शरीरपश्चातको जीवनले हो। हात नकाँप्ने बनाएको होमनाथको समर्पणले हो। मसी नसुक्ने बनाएको अनेसासले हो।

होमनाथले अनेसासको दैलो उघारे। हामी मझेरीमा घाम ताप्दै छौँ। नन्दाले होमनाथलाई मुदुसको चाबी बुझाएर गइन्। जहान परिवारलाई मुदुसमा मह लुकाएकी होलिन्। अनदीका चामल पारेकी होलिन्। फ्रिजमा तरकारीका चाना छुपाएकी होलिन्। गाउँदागाउँदैका लोक सुसेली भित्ताभरि टाँसेकी होलिन्। हामीलाई देखेर तस्बिरभरि हाँसेकी होलिन्। हामी अनेसासलाई बचाउँदै र हँसाउँदै

गयौं भने नन्दाको मातृत्वभावनाको सम्मान होला। कसलाई पत्तो जीवनमृत्युको रहस्य। उनी हामी वरिपरि नै छिन्। हामी भोकै भए सपनामा आउलिन्। हामीले बाटो बिराए हावा भएर कानमा सुसाउलिन्। उनी यसरी बाँचिरहन्छिन् अब। हामीसँगै। हाम्रो सपनासँगै। आफै जन्मिएकालाई मार्न कसको ताकत। मैले पुस्तकमा पढ्न नपाएको चरित्र। मञ्चमा हेर्न नपाएको पात्र। तर जीवनमै भोग्न देख्न पाएको पात्र भए होमनाथ। घण्टा, दिन, हप्ता महिना, वर्ष सधैँ साथमा साथ हातमा हात गरेर कालको मुखबाट छुटाउने हिम्मत र समर्पणभाव भएका एक सच्चा श्रीमान्। नन्दा कालसँग हुँदा पनि शान्त रहिन् किनकि उनका हातमाथि होमनाथका औँला चल्बलाइरहन्थे। उनको शिरमा होमनाथका हत्केला सल्बलाइरहन्थे। ओठमा पानी पुगिरहन्थ्यो। मुखमा लिटो खेलिरहन्थ्यो। साथको अभाव एक क्षण भएन नन्दालाई। होमनाथको पैताला दरो बनाउने नन्दाको पैताला लामो समय नटेक्ने भए। होमनाथलाई सधैँ बाटो देखाउने आँखा लामो समय नदेख्ने भए तर भाका बुझेका होमनाथले सधैँ आफ्ना पाउमा नन्दालाई उभ्याए। आफ्ना आँखाले नन्दालाई दृश्यमा सघाए। सायद महादेव सतीमा हराएझैं उनी नन्दामा समर्पित भए। यो इतिहासको विलक्षण दृष्टान्त बन्यो। कम्तीमा हाम्रा लागि। पुरुष वा महिला कम्तीमा आफ्नो जोडी मिलोस् भन्ने लालच पालिरहेको देखिन्छ। भन्नुको तात्पर्य अलि राम्रो, खाइलाग्दो, बलशाली वा सुन्दर, सक्षम, सम्पन्न, चतुर, नेतृत्व गर्नसक्ने, अरूभन्दा राम्रो आदि इत्यादि। होमनाथमा खालि समर्पण र प्रेम ज्यादा हुनाले अरूमा देखिने ती लालसा र आडम्बर तुच्छ भए। जस्तो छ त्यस्तो स्वीकार्नुमा प्रेमको रहस्य छिपेको हुँदोरहेछ। यहीँनेर उनको उदारता र महानता खुलेको देखिन्छ। जसले नन्दालाई बाँचुन्जेल भाग्यमानी र दोस्रो जीवनमा अमर र प्रिय बनाउन सार्थक भूमिका खेले।

अब म माथि नै भन्न खोजेको न्यानो दिनको कुरा गरौँला। त्योभन्दा पहिले थोरै मृत्युको कुरा गरौँ। मृत्यु प्राकृतिक सत्य र रहस्य हो जसको सही ढङ्गले अनुमान पनि गर्न सकिँदैन। जति सहज ढङ्गले जीवनको चर्चा गरिन्छ त्यति सहज भएर मृत्युको बहस गरेको पाइँदैन तर प्रयास भने अवश्य भएका छन्। आध्यात्मिक चिन्तनले जीवनपश्चात् मृत्यु र मृत्युपश्चात् जीवन प्राप्त हुने कुरालाई स्वीकार्छ। विज्ञान भने यो विषयमा अलमलमै देखिन्छ। कतै पुनर्जन्ममा अविश्वास त कतै दोसाँधका कुरा गर्छ ऊ। चिन्तक वा महान् लेखकहरू मृत्युलाई सहज र सुन्दर मान्छन्। मृत्युबाट भयभीत हुँदैनन्। अल्पज्ञानीहरू अलमलमा छन्। अज्ञानीहरू भ्रममा छन्। आखिर मृत्यु सहज र सुन्दर नै हुनुपर्छ। मृत्युबिनाको जीवन कहाली


लाग्दो हुन्छ। अत्यास लाग्दो। यसको मतलब मृत्युलाई जन्मसँगै जोडिएको एक रहस्यमय सत्य मान्न सकिन्छ। यही रहस्यमय सत्यमा मिसिन पुगेकी हुन् नन्दा। उनको डीएनए उनका नवौँ नातिनातिनासम्म फैलिएको छ। फैलिँदो छ। उनको सास यही हावामा मिसिएको छ। उनको आस अझै जिउँदै हामीमा बस्दो छ। उनका भावना र उनको कलेबर हाम्रो मन र मस्तिष्कमा घुम्दै छन्। जुन उनको शरीरले मृत्यु वरण गरेपछि झन तीव्र बनेका छन्, केही समयका लागि। यिनको तीव्रता निश्चय नै कम हुँदै जान्छ। कम हुँदै गैरहेको छ। मर्ने बेलाभन्दा आजका दिनको तिनको तीव्रता अवश्य फरक छ। यो जीवनको रहस्यमय रीत हो।

अब नन्दाको कुन विषयमा चर्चा हुँदै छ भन्ने कुरा यहाँहरूले अनुमान गरिसक्नुभयो भन्न कुनै सङ्कोच मान्नु पर्दैन। तिनै सबैकी प्यारी आमा नन्दादेवी सुवेदीले हामीलाई छाडेर गएको १३ औं दिनको पुण्य तिथिको दिन थियो अलि न्यानो दिन। मनमा सारै जाडो तर तनमा न्यानो। उनको अभावले जाडो र प्रकृतिको उपस्थितिको हिसाबले न पानी न हावा न तुसारो अर्थात् न्यानो। यही दिन म यी कुरा मनमा खेलाउँदै अनेसास डीसी मेट्रो च्याप्टरको सदस्य र कार्यक्रमको सञ्चालकको नाताले माइक समाएर श्रध्दाञ्जलि र समवेदना व्यक्त गर्न आउनुहुने महानुभावहरूलाई बोलाउँदै गरिरहेको थिएँ। वक्ता सबैले नन्दादेवीप्रति श्रध्दा व्यक्त गरिरहेका थिए म सुनिरहेको थिएँ। सबैको अनुहार पढिरहेको थिएँ। जहाँ नन्दाको अभाव भइरहेको महसुस सहज गर्न सकिन्थ्यो। उनी हामीमाझ नरहे पनि उनले हामीमा उत्पन्न गरेको भावना, उनमा झल्किने गरेका सरलता र उदारताका दृश्य हामीमा रहिरहने छन्। होमनाथ जहाँ छन् नन्दा त्यहाँ टुप्लुक्क आउनेछिन्। होमनाथ जहाँ उदाइरहने छन् त्यहाँ नन्दाको प्रकाश चम्किरहने छ। जहाँ होमनाथ र नन्दा रहनेछन् त्यहा अनेसासले प्राण पाइरहनेछ। अनेसासको प्राण तापेर विश्वभर छरिएका हामी नेपाली न्यानो अनुभव गरिरहने छौं।

हार्दिक सलाम प्रेममय जीवनको रङ्गमञ्चका अजीव पात्र होमनाथ ! हार्दिक समवेदना सुपुत्र पुरु र परिवार !

हार्दिक श्रध्दाञ्जली हामी सबैकी आमा नन्दा !

# उरुङ उरुङ सम्झना र विलापका क्षणहरू



**कृष्ण धरावासी**
**अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार विजेता तथा मदन पुरस्कार विजेता**
*झापा, हाल अमेरिका*

सबैभन्दा पहिले नन्दा आमाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। आज उहाँ दिवङ्गगत भएको तेह्रौं दिनमा हामी जुन किसिमले भेला भएका छौं, यो भेला भनेको नेपाली भाषा साहित्यलाई संस्थागत गर्ने काममा आफ्ना पति होमनाथ सुवेदीलाई उहाँले गरेको अथक सहयोगको कारण पनि हो। उहाँ आफू लेखक साहित्यकार नभएर पनि आज यहाँ अनेसासको ब्यानरमा उहाँको श्रद्धाञ्जली सभाको आयोजना गरिरहेको छ। यो भनेको उहाँले संस्थाप्रति गरेको योगदानको कदर हो।

मैले पहिलोपल्ट उहाँलाई सन् २०१४ मा भर्जिनियामा भएको कुनै एक साहित्यिक कार्यक्रममा देखेको थिएँ। त्यसबेला उहाँको गतिविधिलाई देखेर मलाई अनौठो लागेको थियो। त्यो के थियो भने उहाँ सबैभन्दा फरक किसिमले प्रस्तुत भइरहनु भएको थियो। उहाँ त्यहाँ उपस्थित सबैलाई विभिन्न किसिमले व्यवहार गरिरहनु भएको थियो। मलाई लागेको थियो उहाँमा कुनै मानसिक समस्या रहेछ होला ! तर जब पटकपटक भेट्दै गएँ, उहाँ मैले अनुमान गरेको जस्तो हैन रहेछ। त्यो त उहाँभित्र रहेको अभिभावकीय स्वभाव रहेछ। हामी साहित्यमा डुबिरहेका बेला उहाँ हामीलाई पानी बाँडिरहनु हुन्थ्यो, खानेकुरा हातहातमा राखिदिइरहनुहुन्थ्यो। जब मैले उहाँको बारेमा राम्ररी बुझेँ, उहाँ एक असल आमा मात्र हुनुहुन्थ्यो।

आमाको त्यो रूप र स्वभाव पहिलोपल्ट देख्ने कुनै पनि मानिसका लागि स्वाभाविक लाग्दैनथ्यो तर त्यसलाई होमनाथ दाइले जुन प्रकारले सहज रूपमा लिएको देख्थें, त्यसले मलाई उहाँप्रति पनि भिन्दै प्रकारको आदरभाव जाग्ने गर्दथ्यो। किनभने प्रायः पुरुषहरूलाई के अहम् हुन्छ भने आफ्ना परिवारका कुनै पनि सदस्यसँग आफ्नो व्यक्तित्व र प्रतिष्ठा जोडिएको हुन्छ र तिनीहरूले जहाँ र जहिले पनि आफ्नो अनुकूल मात्र प्रस्तुत हुन् भन्ने चाहन्छन्! त्यही कारणले धेरै महिलाहरू रहर भएर पनि खुलेर बाहिर आउन सकिरहेका हुँदैनन्। तर होमनाथ दाइले नन्दा आमालाई सधैँ र सबै ठाउँमा सँगै लगिरहेको हामी भेट्थ्यौं। उहाँले कहिल्यै पनि 'यो बोल, यस्तो नबोल' भनेर निर्देशन गरेको पनि देखिएन। पत्नीमाथि उहाँको यो प्रेम, समादर भाव, अनुकरणीय हो भन्ने मलाई लाग्छ।

कमै पतिले पत्नीलाई आफू सँगसँगै हरएक सामाजिक गतिविधिमा सामेल गराउने गरेका हुन्छन्। कैयौँ प्रतिष्ठित मानिसहरूका श्रीमतीहरूका बारेमा त प्रायजसो धेरैलाई थाहै हुँदैन। साहित्यकारकै कुरा गर्ने हो भने पनि जस्तै-महाकवि देवकोटा, लेखनाथ पौड्याल, मोहन कोइराला, युद्धप्रसाद मिश्र, गोविन्दबहादुर मल्ल गोठाले आदिका श्रीमतीहरूकै नाम हामी कतिलाई थाहा होला! माधव घिमिरेकी पहिली पत्नीको नाम त हामी सबैलाई थाहा छ तर पछि विवाह हुनुभएकी आमाको नाम हामी कतिलाई थाहा छ? आफू सँगसँगै पत्नीलाई पनि समाजमा स्थापित गर्न सक्नु हरएक पतिको कर्तव्य हुन्छ, जुन कुरा मैले होमनाथ सुवेदीमा देखेको छु। उहाँले नन्दा आमालाई जुन सम्मान दिनुभयो त्यही सम्मानको सम्मान गर्न आज हामी यहाँ भेला भएका छौं।

मलाई सम्झना छ, २०१७ मा अनेसासले मैले लेखेको उपन्यास 'ग्रेट फल्स' लाई कृति पुरस्कार र होमनाथ दाइलाई साहित्य सेवा सम्मान गरिएको थियो। त्यसबेला उहाँले पाएको सम्मान पत्र र रकम मञ्चबाटै नन्दा आमालाई सम्बोधन गरेर मैले पाएको यो पुरस्कार र सम्मान मैले मात्र पाएको हैन। मेरो जीवनमा नन्दा नभएकी भए आज म यहाँ हुने थिइनँ भनी उहाँलाई बोलाएर हातमा राखिदिनु भएको थियो। त्यसबेला पनि म निकै प्रभावित भएको थिएँ।

जीवनमा हामी बाँचिदिएका मात्र हुन्छौं। त्यो हाम्रो इच्छा वा नियन्त्रणमा हुँदैन। हामी यस संसारमा केही खास समयमा केही खास भूमिका गरिरहेका मात्र हुन्छौं। हाम्रो नियन्त्रणमा कुनै कुरा हुँदैन। हामीलाई लाग्छ यी जेजति काम कुरा

भइरहेका छन् यी सबै हामीले रोजेर वा निर्णय गरेरै भएका हुन् तर यथार्थमा त्यो केही पनि भएको हुन्न । नत्र हामी कसैलाई पनि दुःख पाउने, रोगी हुने, मर्ने इच्छा हुँदैन । तर पनि हामी यी सबै कुरा भोग्न बाध्य हुन्छौं । नन्दा आमाले पनि यति लामो कष्टपूर्ण सात वर्ष रहरूले बिताउनु भएको हैन न होमनाथ दाइ नै त्यसका लागि इच्छुक हुनुहुन्थ्यो तर त्यहाँ यस्तो एउटा बाध्यकारी परिस्थितिको सिर्जना भएको थियो कि व्यक्ति, परिवार, समाज सबै निरीह भएर समयको प्रतीक्षा गर्न विवश हुनु पर्‍यो ।

होमनाथ दाइ ! तपाईं र तपाईंको परिवारमा आज यो जुन शोक परेको छ, यसको बारेमा म के भन्न चाहन्छु भने- घाउ लागेको बेलामा यदि कसैले मलाई दुखेको छैन भन्छ भने त्यसबेला ऊ ढाँटिरहेको हुन्छ । घाउ लागेको बेला जति दाह्रा किटेर पीडा खपे पनि आँखामा आँसु आइरहेको हुन्छ। लुकाउन नसकिने कुरा देखाउनै पर्छ । किनकि रुन नसक्ने मानिस हास्न पनि सक्दैन । आज नरुने भए पछि कहिल्यै हाँस्न सकिंदैन । त्यसैले म त भन्छु, आमा मरेका बेला, पत्नी मरेका बेला पनि नरोए कहिले रुन्छ त मान्छे।  रुनुहोस्, खुब रुनुहोस् । नत्र जीवनभरि निराशा र गम्भीरतामा एकान्तीय हुन पुगिन्छ ।

पत्नी शोक भनेको कस्तो शोक हो भन्ने कुरा बुझ्न हामीले एकछिन शिव पुराणलाई सम्झी हेरौं । त्यहाँ हामी शिवको पत्नी वियोगलाई नजिकबाट देख्ने छौं । पत्नीप्रति शिवको प्रेमको अन्धताले हामी मानिसलाई पनि हाम्रो प्रेम र वियोगको क्षण बुझाउँछ । अन्धताको सबैभन्दा ठूलो उदाहरण योभन्दा अर्को छ जस्तो मलाई लाग्दैन ।

शिव पुराणमा एउटा प्रसङ्ग छ। सतीदेवीलाई आफ्ना पिता दक्ष प्रजापतिले माइतीमा आयोजना गरेको ठूलो यज्ञमा निम्ता नगरेपछि उनले पितासँग प्रश्न गरिन्, ‘सम्पूर्ण नातागोतालाई निम्ता गर्‍यौ तर महादेव र मलाई किन बोलाएनौ ?’ पिताले महादेवको बडो निन्दा गर्दै भने -‘त्यो सापको माला लाउने, बाघको छाला ओछ्याउने, जटाधारी, अशिष्टलाई यो विशिष्ट सभामा किन बोलाउनु ? त्यसैले नबोलाएको । पिताको अपमानजनक अभिव्यक्ति खप्न नसकी सतीदेवीले त्यसै यज्ञकुण्डमा हाम फाली शरीर दाह गरिन् । हतारहतार कुण्डबाट पाखा निकाले पनि उनी मरिसकेकी थिइन् ।

त्यो कुरा कैलाशमा रहेका शिवले सुनेपछि आफ्ना सेनामेना लिएर आई त्यो सम्पूर्ण यज्ञसभा बिथोलिदिए। उनले ससुरा दक्ष प्रजापतिको समेत टाउको छिनालिदिए। दक्ष प्रजापतिको शिर छेदन गरेपछि सबैले रोइ कराइ गर्दै शिवसँग अनुरोध गरे– उनलाई जीवित गराइदिनका लागि। रिसको आवेगमा शिवले आफ्ना सेनालाई 'जाओ, जेको टाउको भेटिन्छ, लिएर आओ' भन्ने आदेश दिए।

उनका सेनाहरूले पनि बोकाको टाउको लिएर आए। त्यही टाउको दक्ष प्रजापतिको घाँटीमा ढाडतिर थुतुनो फर्काएर जोडिदिए। त्यसपछि पत्नीवियोगमा विक्षिप्त भई सतीदेवीको लास काँधमा बोकेर हिँडेका शिवजी कैयौं दिनसम्म संसार घुमिरहे। शिवजीको त्यो अवस्था देखेर सबै देवताहरू आत्तिन लागे। 'शिवजीलाई अब कसरी यथास्थितिमा फर्काउने' भन्ने चिन्ता पढेपछि विष्णुले सतीदेवीको लासमा औंसा उत्पन्न गरिदिए। त्यसपछि लास कुहिएर त्यसका विभिन्न अङ्गहरू ठाउँठाउँमा पतन हुँदै गए। तिनै ठाउँहरू पछि तीर्थका रूपमा परिणत भएको मानिन्छ। जब लासको मासु कुहिएर हड्डी मात्र बाँकी रह्यो, त्यसपछि शिवजी त्यसलाई त्यहीँ फ्याँकेर कैलाश फर्किए।

जतिबेला मैले यो कथा पढें, मलाई अचम्म लागेको थियो। किनभने त्यही पुराणले अन्त कतै भन्छ– सबै देवताहरूको उत्पत्ति भयो तर शिव मात्र त्यस्ता देव हुन्, जसको कहिल्यै उत्पत्ति भएन। उनी मात्र एउटा त्यस्ता देव हुन्, जो सदा थिए। त्यसैले उनलाई सदाशिव भनिन्छ, अविनाशी मानिन्छ– आत्माहरूका पनि आत्मा, परमात्मा। त्यही दर्शनले भन्छ–परमात्माबाट आत्मा निसृत भएर जीवको शरीरमा जान्छ। शरीरबाट निस्केपछि त्यो आत्मा फेरि परमात्मामै गएर लीन हुन्छ। जसरी समुद्रबाट बाफ भएर आकाशमा पुगेको बादल पानीको रूपमा बर्सिएर फेरि बग्दै समुद्रमै मिल्छ। त्यस्तै यो आत्मा र परमात्माको बीचको खेल निरन्तर छ भनिन्छ। त्यसो भए त्यो परमात्माबाट सतीदेवीको शरीरमा प्रवेश गरेको आत्मा फेरि फर्केर उतै गएकै थियो भने शिवजी त्यत्रो विलाप गर्दै सतीदेवीको लास बोकेर किन संसार घुमेका ?

'शरीर केही होइन, यो नाशवान छ। आत्माले शरीरलाई लुगा फेरेजस्तै फेरिरहन्छ' भन्ने सा्त्त च दर्शनको त्यो बिम्ब बुझाउने शिवमा सतीदेवीको शरीरमाथिको मोह देख्ता अचम्म लाग्छ। शिवले आफ्नो परमात्माबोधलाई कसरी बिर्से ? उनले

आफूलाई एउटा साधारण पति मात्र कसरी ठान्न पुगे होलान् ? उनले त सतीदेवीको आत्मा आफूमा आएर विलीन भएपछि झन् ध्यानमा बस्नुपर्ने थिएन र ? मरेको लास पशुले पनि छोड्छ, हामी मानिस त झन् तात्तातै घाटमा पुऱ्याइहाल्छौं तर शिवजीचाहिँ त्यसलाई बोकेर कताकता हिँडेका त ?

पत्नी शोकमा शिवले पनि नबुझेको नश्वरतालाई हामी कसरी बुझ्छौँ त !

जसले पत्नीको भूमिका बुझ्छ, उसैले बुझ्छ गृहस्थीको भाषा ! गृहस्थीको सुन्दर संसार पत्नीले नै रचना गरेकी हुन्छिन् । उनी जुन दिन बेहुली भएर घरमा भित्रिन्छिन्, त्यही दिनदेखि गृहस्थीको प्रारम्भ हुन्छ र उनी बाँचिरहेसम्म त्यो गतिशील हुन्छ । उनी मर्दा उनले बनाएको दुनियाँ आफैंसँग लान्छिन्, छोडेर जान्छिन्, हामीलाई उरुङ उरुङ सम्झना र विलापका क्षणहरू ।

अब होमनाथ दाइ ! यो शोकलाई शक्तिमा बदल्नुहोस् । एक्लो जिन्दगी लेखनमा बितोस् । तपाईं अब जीवनलाई फेदैदेखि हेरेर ल्याउनु होस् ! त्यहाँ तपाईंले आफ्नै जिन्दगीलाई चलचित्रका रूपमा देख्न थाल्नु हुनेछ । तपाईंको अबको यो विधुर ऐकान्तिकतालाई हामी बुझ्नेछौँ । साथमा हुनेछौँ ।

# हार्दिक श्रद्धाञ्जली नन्दाप्रति !

आउनु भो तपाइँ कहाँ बाट, त्यो कसैलाई भन्नु भएन
जानु भो तपाइँ कता कता, त्यो पनि कसैलाई बताउनु भएन
तर यस जगतमा आएर त्यो कस्तो खेल रचाउनु भो
सम्झीसम्झी तपाईंलाई धुरुधुरु रुने बनाएर जानु भो !!!




**वसन्त श्रेष्ठ**
**पूर्व अध्यक्ष अनेसास केन्द्र**
*भर्जिनिया, अमेरिका*


मानव जीवनको अन्तिम प्रस्थानबिन्दु हो 'मृत्यु' । जो सत्य छ, शाश्वत छ अनि अपरिहार्य छ । मृत्युको कुनै निश्चित अवधि, सीमा र आयु पनि हुँदैन । मानव जीवनले नचाहेको, नसोचेको र नखोजेको पनि यही मृत्यु नै हो । यस जगतमा भएका धेरै रहस्यमध्ये मृत्यु पनि एउटा रहस्यमय कुरा हो । हिन्दु धर्मले मृत्युको बारेमा भनेको छ

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ।।

अर्थात् सबै जन्मेकाको मृत्यु र मरेकाको जन्म निश्चित छ। गीतामा मृत्युको बारेमा लेखिएको छ -

वासांसि जीर्णानि यथा विहाय,
नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णा-
न्यन्यानि संयाति नवानि देही ..

अर्थात् मृत्यु शरीर परिवर्तनका लागि पुराना पात झरेर नयाँ आउन पर्खेझैं अथवा पुराना वस्त्र बदलेर नयाँ वस्त्र धारण गरेझैं भनेको छ।

बौद्ध धर्मले मृत्युको बारेमा भनेको छ - मृत्यु जीवनको अन्त्य होइन, यो त केवल यो जीवनमा वास बस्ने त्यो शरीरको मात्र अन्त्य भएको हो ।

संसारमा विभिन्न धर्मले मृत्युको बारेमा आआफ्नो दृष्टिकोण राखे तापनि स्रष्टा र विचारकहरूले मृत्युलाई अगम्य, उच्च, हितकर र अन्तिम गन्तव्य ठानेका छन् ।

विश्व विख्यात साहित्यकार विलियम शेक्सपियरले 'एज यु लाइक इट' नाटकमा लेखेका छन् "यो संसार एक रङ्गमञ्च हो । अनि सारा नरनारी केवल एक अभिनेता । तिनीहरूको प्रवेश हुन्छ र वहिर्गमन हुन्छ । प्रत्येकको आआफ्नो भूमिका हुन्छ । कसैको छोटो हुन्छ त कसैको लामो हुन्छ ।''

बस यही नै मृत्यु हो ।

यही सांसारिक नियमलाई पालना गर्दै हामी सबैका अति प्रिय नन्दादेवी सुवेदी भाउजूले आफ्नो नश्वर शरीर त्याग गरेर ब्रह्मलीन हुनुभएको छ । वहाँको बिछोडमा हामी सबै दुखित छौं ।

शालीन, भद्र र निर्भीक व्यक्तित्व । लयालु, मायालु अनि सहयोगी स्वभावले परिपूर्ण । हँसिलो अनि प्रष्ट चारित्रिक व्यक्तित्वले वहाँको देह उज्यालिएको थियो । प्रवासमा पहिचान र अस्तित्वको लागि अक्षरको खेती गर्न तल्लीन श्रीमान् । श्रीमान्को सुकर्ममा होस्टेमा हैसे गरी प्रवासी आकाशमात्र होइन पूरै आकाश ढाक्ने अनेसास बन्ने सफलताको पछाडि नन्दा भाउजू एक मेरुदण्ड हुनुहुन्थ्यो भन्दा अत्युक्ति नहोला । म यस अभियानको प्रारम्भिक समयदेखिकै साक्षी हुँ भन्दा मलाई गर्वको अनुभूति हुन्छ ।

मैले प्रत्यक्ष रूपमा नन्दा भाउजूसँग सन् १९९४ सालमा मेरीमाउन्ट युनिभर्सिटी, भर्जिनियामा सम्पन्न भएको एएनए अधिवेशन स्थलमा भेटेको हुँ । जहाँ मैले प्रवासमा लेखिएको मेरो पहिलो कविता 'देश' वाचन गर्ने अपूर्व मौका प्राप्त गरेको थिएँ । नेपाली भाषा साहित्यको संरक्षण र सम्वर्धनको लागि स्थापना भएको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजसँग म सन् १९९४ मा नै जोडिन सफल भएको हुँ ।

सन् १९९७ देखि बोस्टनमा भएको एएनए को सम्मेलनमा अनेसासको आयोजनामा "अन्तराष्ट्रिय नेपाली कविता महोत्सव" को सफल आयोजनापछि अनेसास र नन्दा भाउजूको परिवारसँग हाम्रो पारिवारिक सम्बन्धको विकास आजपर्यन्त सुमधुर रहेको यथार्थ छ ।

त्यसपछि अनेसासले गर्ने हरएक कार्यक्रममा नन्दा भाउजूसँगको साक्षात्कार मात्र होइन पूर्ण सहयोग पनि पाइरहेको अवस्थाको म पूर्ण साक्षी पनि हुँ । त्यसपछिको आजसम्मको निरन्तर आपसी सहयोग, माया, प्रेम र सद्भाव संस्थागत रूपमा मात्र नभै पारिवारिक सद्भावले परिपूर्ण थियो । यसरी करिब तीन दशकदेखिको अनगिन्ती सम्झनाका तरेलीहरू आँखाभरि तैरिरहेछन् । यस अर्थमा भन्ने हो भने नन्दा भाउजूको कर्म जनहित र परोपकारी थियो भन्ने कुरामा म विश्वस्त छु ।

भनिन्छ- जन्मनु भाग्यको कुरा हो । मृत्यु समयको कुरा हो  तर मृत्युपछि पनि बाँचिरहनु त्यो कर्मको कुरा हो । यही सुकर्मले नै नन्दा भाउजू युगयुगसम्म बाँचिरहनु हुनेछ भन्ने कुरामा कुनै दुई मत छैन ।

अन्तमा,

नन्दादेवी सुवेदी भाउजूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । पत्नीवियोगको शोकमा रहनु भएका आदरणीय होमनाथ सुवेदी दाइ र शोकसन्तप्त सम्पूर्ण परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।

# सम्झनामा नन्दा दिदी



**नरबहादुर बिसी**
**संस्थापक अध्यक्ष**
**म्याग्दी साहित्य समाज**
*काठमाडौँ*

दिदीको र मेरो धेरै कुरा मिल्थे । उहाँको र मेरो जन्मथलो म्याग्दीको पुलाचौर होइन र मेरो पनि होइन ।

दिदी म्याग्दीको तातोपानी नजिकै रहेको राक्से भन्ने ठाउँमा बुबा जीवनाथ पौडेल र आमा अमृता पौडेलको कोखबाट २००३ साल माघ ४ गते जन्मिनु भएर सुन्दर पुलाचौर गाउँमा हुर्कनु भयो । म जालुकबारी गुवाहाटीमा जन्मेर नौ महिनाको उमेरमा त्यहीँ सुन्दर गाउँ पुलाचौरमै हुर्किएको हुँ ।

मैले थाहा पाउँदा दिदीमा मस्त जवानी चढिसकेको थियो र मेलापात, पानी पँधेरी र ढिकी जाँतो गर्दा सुरिलो मीठो स्वरमा गीत गाउनुहुन्थ्यो र म पनि सानैदेखि गीत गाउँथेँ। २/४ मिनेटको वल्तिरपरतिर घर भएकाले नन्दा, भुजू, भुन्टी र च्याङ्ग्री दिदीहरूले गाएको लोकगीतका, भाका मलाई अहिले पनि याद आउँछ र मजाले गाउन सक्छु। सायद पुलाचौरको रसिक वातावरण र दिदीहरूको सङ्गतको फल नै होला म रेडियो नेपालसम्म पुगेर लोक गायक पनि भै टोपलैँ। त्यो बेला अलि सानैमा बिहे हुन्थ्यो। एउटी दिदीले, माइत आएको बेलामा कोदो रोप्दै र आमालाई सुनाउदै गाएको गीत मलाई झल्झली याद आउँछ :-

सलसल्ती म बढेँ सल्लाझैँ
तिम्रो ज्वाइँ त ढुकुरको चल्लाझैँ

– *रेलमा सलल*

बाहुन, छेत्री र नेवारहरूको बाहुल्य भएको पुलाचौरमा बाहुनको ताकम, मराङ, धाइरिङतिर सोलीडोली चल्थ्यो भने नेवारको बलेवा, ज्ञादी र राखुतिर। ज्ञादी विहे भएकी भुन्टी दिदीलाई सम्झेर उनका बहिनीहरूले गाएको पनि याद छ :-

भात पाक्यो तिहुन त जलुकी
सम्झे त्यता बिहान बेलुकी

यसरी मैले माइत आएकी र बिहे नभएकी दिदीहरूको गीत आज पनि झल्कली सम्झन्छु साथै माघ महिनामा श्री स्वस्थानीको व्रतकथा वाचन गर्न मलाई बोलाइन्थ्यो र प्रसादपछि भजन गाएको पनि मैले झलझली सम्झन्छु।

तेसो त जब मैले अनेसासबाट सर्वोत्कृष्ट पुस्तक पुरस्कार (Best Book Award 2011) पाएँ, त्यतिबेला वरिष्ठ साहित्यकार होमनाथ सुबेदी (भिनाजु) र प्यारी दिदी स्व. नन्दादेवी सुवेदी (भिनाजुको प्रिय सम्बोधन हनी) कै घरमा बास बस्न पुगेको थिएँ।

अमेरिकाको भर्जिनिया वुडब्रिज स्थित त्यो पवित्र करमा मैले पाइला टेक्दा तिहारको रमझम थियो, अहिले सम्झी ल्याउँदा घाँटीमा भक्कानो र छातीमा चर्चरी चड्केनी परेर आउँछ।

एकातिर दिदीले सेलरोटी बनाउँदै हुनुहुन्थ्यो। अर्कोतिर मैले दाल, भात, तरकारी र चिकन तयारी गर्दै थिएँ। दिदीले मेरो नामै काढेर भन्नु भएको थियो – नरे ! मेरोभन्दा पनि तेरो हात मीठो– कति स्वादिलो पकाउँछ गाँठे कोटरे काइँलाबाको छोरो नरेले !

हुन पनि मेरी दिदीले ठटौलीमा भनेको भए पनि ढाँट्नु भएको थिएन। मैले वुडब्रिजमा रहुन्जेल भान्सा तयार गरेको थिएँ। घर पछिल्तिर रहेको बारीमा ट्र्याक्टर चलाएर जोतेको थिएँ। दिदी र म भएर तरकारीका नयाँ बेर्ना रोपेका थियौँ।

त्यही सालको भाइटीकामा म र खेम भट्टचनले दिदीको हातको टीका, माला थापेर तिहार मनाएका थियौँ। अनि केही घरमा भैलो खेलेका थियौँ।

अर्कोचोटि पनि म गीत गाउन अमेरिका आउँदा दिदी भिनाजु भेट्न वुडब्रिज गएको र त्यहीँ प्यारो घरमा बसेको थिएँ। साथमा मेरा, आदरणीय दाइ स्व. वीरबहादुर कार्की पनि हुनुहुन्थ्यो। दिदी ! यदि आत्मा अमर छ भने र स्वर्ग र नर्क छ भने पक्कै मेरी दिदीले यी मेरा अश्रुमिश्रित मसीले लेखेका दुई शब्द पढ्नु होला

है...!

वुडब्रिजमा दिदीले मसित दोहोरी गाएको अहिले पनि सम्झिरहेको छु। त्यतिवेला हामीले कुनै उत्ताउलो र मायाप्रितीका गीत गाएका थिएनौँ। मात्र हाम्रो बाल्यकाल सम्झेर दोहोरी गाएका थियौँ। दोहोरी आजकलको जस्तो फोहोरी थिएन। भिनाजु होमनाथले समेत हाम्रो दोहोरी सुनेर मज्जाले रम्नु भएको थियो। तपाईँको घरलाई पाँदरे भनिथ्यो। मेरो घरलाई कोतघरे भनिन्थ्यो। तपाईँ अक्कली दिदीले सक्कली गीत गाउनु भएको थियो -

म पाँदरे तँ परिस, कोतघरे<br>कति राम्रो गीत गाउँछ यो नरे

अनि मैले भनेको थिएँ–

साहित्य र सङ्गीतमा सधैँ साथ पाएको छु। दिदीको आशीर्वाद !

दिदी अरू सबै गीत लेख्दिनँ है किनभने यतिबेला मेरा आँखाका आँसुले टम्म भरिँदै आएका छन्। सम्झनाका तरङ्गहरू जिउभरि छरिँदै आएका छन्।

जेहोस् दिदी सबैले यो धर्तीमै बिलिन हुनै पर्दो रहेछ। तर तपाईँले होमनाथ सुवेदीजस्तो शिक्षित सभ्य र प्रसिद्ध साहित्यकार स्वामी पाउनु भयो। धेरै सङ्घर्ष गर्नु परे पनि रोएरै काँट्नु परेन। मेरा भान्जा भान्जी सबै आ-आफ्नो खुट्टामा बलियो गरी उभिन सक्ने भएका छन्।

यसमा त मैले गर्वले नाक फुलाएकै छु। त्यसको श्रेय दिदी भिनाजुको भए पनि बाल्यकालको भाइले यति भन्न पक्कै पाउन पर्छ

दिदी ! मेरो म्याग्दीको तातोपानी स्थित घर र काठमाडौँको बानियाँटारमा आएर मेरो घरमा बसेको रमाएको पनि नभुल्नु होला है।

दिदीलाई मैले किनिदिएको चप्पल फाल्नु भएको छ कि अझै छ कुन्नि ? तर हजुरले लगाई दिएको तिहारको टीका पुछिए पनि त्यो रातो माला भने दिदीको चिनो भनेर सजाएर राखेकै छु।

अल बिदा मेरी नन्दा दिदी।

# शोकलाई शक्तिमा परिवर्तन



**प्रेमराजा महत**
**महावाणिज्यदूत, बाल्टिमोर,**

म नन्दाज्यूको तेह्रौँ पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्न यहाँ उपस्थित भएको छु। यो शोकसभामा नेपालबाट अघि बोल्न हुने कवि गणेशकुमार जिसीले प्रस्तुत गरेको होमनाथजी र नन्दाजीप्रति श्रद्धासुमनको रूपमा समर्पण गरेको कविता नै मेरो दिलमा मनमा घुस्यो। असाध्य मन पऱ्यो। मेरो भनाइ पनि त्यही हो। कविता यति सुन्दर छ कि म पुरस्कार दिने ठाउँमा भएको भए म नगद नै दिन्थे। नभए पनि म त्यो कविता यति राम्रो लाग्यो कि म त प्रथम पुरस्कार नै दिन्थेँ होला।

"दाइको आँखाभरिको पोखरीमा भाउज्यू पौडी खेल्दाखेल्दै जानुभयो। माया गर्दागर्दै टाढा जानुभएको छैन। स्विमिङ्ग, खेल्दाखेल्दै बाहिर घाम ताप्न निक्लेजस्तै मात्र लाग्यो। अरू धेरै महत्वपूर्ण व्यक्तिहरूले बोलिसक्नुभयो। अझै धेरै महत्वपूर्ण व्यक्तिहरूले बोल्न नै बाँकी छ। मैले धेरै बोल्नुपर्ने बाँकी पनि केही छैन। तापनि मलाई असाध्यै यौटा कुरा के भन्न मन लागेको छ भने माधवप्रसाद घिमिरेको गौरी पनि मैले पढेको थिएँ। प्रेम गौरीप्रति श्रीमतीप्रति प्रेम छचल्किएको विश्वभरका नेपालीले पढे। त्यस्तै कृष्ण धरावासीजीले लेखेको पाण्डुलिपि पनि धेरैले पढेर पाठकहरू मन्त्रमुग्ध हुनुभएको कुरा सर्वविदितै छ। त्यसैले आज होमनाथ सुवेदीज्यूको 'नन्दिनी' नव्यकाव्य यहाँ तयारी अवस्थामा छ। त्यसैले म यो भन्न चाहन्छु कि भाउज्यू कहीँ जानुभएको छैन।

पुलाबाट ताकम ताकमबाट काठमाण्डौं काठमाण्डौंबाट अमेरिकाको वुडब्रिज, वुडब्रिजबाट ऊ त्यही स्वर्गीब्रिजमा हुनुहुन्छ जस्तो लाग्यो । स्वर्गीब्रिजबाट नन्दिनीले हेरिरहनेछिन् र यो वुडब्रिजबाट नन्दिनी बोकेर होमनाथ सुवेदी संसारभरि घुमिरहनेछन् । सबैको मन जितिरहनेछन् । उहाँ सधैँसधैँ सबैको आत्मामा रहिरहनुहुनेछ र होमनाथ सुवेदी दाइको मन सँगसँगै धेरै मान्छेको मन जोडिनेछ। उहाँले दिएको उदाहरण श्रीमतीप्रतिको उदाहरण उल्लेखनीय छ।

म अस्ति पहिलो दिन सँगै हुँदा उहाँको विषयमा साराले भन्थे मैले बीचबीचमा सुन्थैँ, अस्ति धेरैले भनेको सुन्न पाएँ। दाइले नेपाली समाजमा यौटा देशविदेशमा रहेका नेपाली समाजमा उहाँले खेलेको उदाहरणप्रति म नतमस्तक छु। यो साहित्यिक तीर्थस्थल हो। हिजो म राति साढे १ बजेसम्म म यौटा कार्यक्रममा थिएँ। त्यहाँ प्रमुख अतिथिको आतिथ्य ग्रहण गरिरहेको थिएँ। राति मान्छेले सपना देखिसकेको हुन्छ। फेरि बिहान ७ बजे उठेर काम भ्याएर फेरि साहित्यिक तीर्थस्थल हो, मान्छे मुक्तिनाथ जाँदा गयाकाशी जाँदा केही टाढा हुँदैन। त्यस्तै हामी साहित्यप्रेमी, कलाप्रेमीलाई यो तीर्थस्थलमा आउन कहिल्यै टाढा लागेन।

म बाल्टिमोरदेखि वुडब्रिजसम्म यहाँ आज २ मिनेटमा आइसकेँ। यो कहिल्यै टाढा लागेन। यो प्राङ्गणमा नन्दादेवीज्यूले खेलेको प्राङ्गण, उहाँले तरकारी फलफूल लगाएको यो प्राङ्गणमा आएर यी दुई शब्द श्रद्धाञ्जली दिन पाउनु नै आफूलाई भाग्यशाली ठानेको छु। नन्दाज्यूप्रति श्रद्धाञ्जली अर्पण गर्दै भन्छु–दाइले शोकलाई शक्तिमा परिणत गर्नुहुनेछ। भक्तिलाई साहित्यमा परिणत गरेर संसारभर अर्को शक्ति जन्माएर विश्वभरिका नेपालीलाई अझ मन्त्रमुग्ध पार्नुहुनेछ भन्दै म बिदा हुन चाहन्छु। धन्यवाद !

# ‘अनेसासकी आमा’ लाई श्रद्धान्जली !



**रामप्रसाद खनाल**
*अध्यक्ष*
*अन्तर्राष्ट्रिय कलाकार मञ्च, केन्द्र*
*पूर्वअध्यक्ष*
*अनेसास डिसी मेट्रो*
*विन्चेस्टर, भर्जिनिया*

सन् २००७ को कुरा हो। म अमेरिका आएँ। अमेरिकाको भर्जिनिया फेयरफ्याक्समा एउटा कार्यक्रम थियो जहाँ आउनका लागि मलाई होमनाथ सुवेदीले निम्ता दिनुभयो।

उहाँले तपाईं नेपालमा गीत, सङ्गीत, साहित्य, कला र पत्रकारिताका क्षेत्रमा त्यति राम्रो काम गरेको मान्छे तपाईंलाई अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले सम्मान गर्न लागेछ। सम्मान ग्रहणका लागि मैले निम्तो गरेँ।

कार्यक्रममा पुगेँ, कविता वाचन गरेँ, उहाँले सम्मान गर्नु भएको सम्मान ग्रहण गरेँ। मन्तव्य पनि राखेँ। यत्तिकैमा त्यहाँ एकजना पूर्णतया घरेलु लाग्ने आमालाई देखेँ। आमाले आमन्त्रितहरूलाई पानी, समोसा वितरण गर्दै हुनुहुन्थ्यो। मसँग आइपुग्दा आमाले भन्नुभयो- यस्ता कार्यक्रममा धेरै बेर लाउँछन्। भाषण गर्छन्, कविता भन्छन्, बाबुलाई भोक लाग्यो होला, ल यो दुईवटा समोसा खाऊ न !

म गुल्मीको गाउँमा जन्मे हुर्केको मान्छे, गाउँले परिवेशबाट आएको भएर होला मलाई आमाको त्यो घरेलु ठेट नेपाली भाषा, भेष, बोलीको लवज र सेवाले मन तान्यो। मैले सोधेँ- आमा हजुरको नेपाल घर कहाँ नि ? आमाले उत्तर फर्काउनु भयो - मलाई चिनेनौँ बाबु म उहाँकी धर्मपत्नी (होमनाथ बुबालाई देखाउँदै)।

त्यो दिनदेखि मैले आमालाई चिनैं र सधैँ आमाकै रूपमा व्यवहार गरैं । कुनै छलछाम नगरी जे आयो मुखैमा आफ्ना अगाडि भनिदिने गर्दा नन्दादेवी सुवेदी आमा मेरो मात्र होइन, अमेरिकामा धेरै नेपालीहरूको आमा कहलिनुहुन्थ्यो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्यसमाजका संस्थापक अध्यक्ष होमनाथ सुवेदीज्यूकी धर्मपत्नी मात्रै होइन उहाँ अमेरिकाकी वास्तविक आमा हुनुहुन्थ्यो । अनेसासको व्यानरमा हुने हरएक कार्यक्रम सभा सम्मेलन नन्दा आमा बिना अधुरो लाग्थ्यो । नेपालबाट आउने हुन् वा अमेरिका आसपासबाट यहाँ आउने कवि, साहित्यकार सबैको घर सुवेदी आमाको घर र आवास हुन्थ्यो । उहाँ सुवेदी आमा ।

नन्दादेवी सुवेदी आमालाई नचिनेको को नै थियो होला र । उहाँ अनेसासलाई यहाँ ल्याउने होमनाथ सुवेदीज्यूको अर्धाङ्गिनी मात्र नभएर संस्थाको आधा हकदार र आधा आकार पनि हुनुहुन्थ्यो ।

म अनेसास वाशिङ्टन डीसी मेट्रो कमिटीको अध्यक्ष र भूपजी महासचिव भएका बेला हाम्रो कार्य समितिले नन्दा आमालाई 'अनेसासकी आमा' उपाधि सम्मानसहित अभिनन्दन गरेका थियौँ । वहाँ अनेसास संस्थाको आमा नै हो । भलै संस्था गलत मान्छेहरूका हातमा परेर लामो समयदेखि 'बाँदरका हातमा नरिवल' जस्तै भए पनि त्यसमा आमाको के दोष भयो र ! आमा हामी तपाईंलाई सधैँ सम्झिरहने छौँ । तपाईंको स्वर्गमा बास होस् । अनेसास जन्माउने हुर्काउने काममा आमाको योगदान अद्वितीय छ ।

नन्दा आमा, सातआठ वर्षअघि हाम्रो एउटा कार्यक्रमा सहभागी भएर घर फर्किएकै रात गम्भीर रूपमा बिरामी पर्नुभयो । सातआठ वर्षका बीचमा कैयौँपटक आमालाई भेट्न उहाँको निवास पुग्यौँ । आमाको त्यो अवस्था देख्दा मलाई आफ्नै आमा बिरामी परेको महसुस हुन्थ्यो । आमाको त्यो अवस्था देख्दा मैले त्यहाँ अनुभव गरेको अर्को अविस्मरणीय घटना छ ।

सात आठ वर्षसम्म दिन रात २४ औँ घन्टा गम्भीर बिरामी नन्दा आमाको हात समाई रहेका होमनाथ सुवेदी बुबाको पत्नी-प्रेम बिरामी हुँदा उहाँले आमालाई पुऱ्याउनु भएका स्याहार, सुसार, रेखदेख मेरो कल्पना भन्दा धेरै स्मरणीय थियो ।

सात आठ वर्ष कुनै कार्यक्रम सभा सम्मेलन, मिटिङ सब छाडेर नन्दा आमाको रेखदेख केयरमा उहाँले दिनुभएको योगदानबाट मैले जीवनमा अर्को र नौलो शिक्षा लिएको छु ।

श्रीमानूलाई श्रीमती र श्रीमतीलाई श्रीमान् यो भन्दा नजीक, आत्मीय नाता अरू केही हुँदो रहेनछ। सबै कुरा त्यागेर नन्दा आमाका लागि होमनाथ बुबाले दिनु भएको योगदानले उहाँप्रतिको मेरो सम्मान अझै उचो भएको छ। श्रीमान् होऊन् त होमनाथ सुवेदी र नन्दादेवी सुवेदीजस्ता मलाई यो भन्न यसबाट पाठ सिक्न कुनै सोच्नु पर्ने आवश्यकता देखिनँ।

म र मेरो जीवन सङ्गिनी तिर्थाले यो जोडीको प्रेमबारे धेरै पटक खुलेर प्रशंसा गरेका मात्र छैनौं धेरै कुरा सिकेका पनि छौं।

केही समयअघि साथी भूपनारायण घर्तीमगर र म नन्दादेवी सुवेदी आमालाई भेट्न वहाँकै निवास वुडब्रिज गएका थियौं। हामी त्यहाँ पुग्दा होमनाथ सुवेदी बुवाले नन्दा आमाको स्याहार सुसार गरिरहनुभएको तर आमाको स्वास्थ्य अवस्था निकै नाजुक भएको देखेर हामी निकै दुखित हुँदै फर्केका थियौं।

नन्दा आमा, सात वर्षको मरणको लडाई लड्दै इतिहास रच्दै तिमी हामीबाट बिदा भएको त्यो दिन म जीवनमा कहिल्यै भुल्न सक्ने छैन। तिम्रो स्वर्गमा बास होस्। तिमीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु, सम्मान व्यक्त गर्दछु। तिमी भौतिक रूपमा हामी बिच नरहे पनि भावनात्मक रूपमा सधैंसधैं स्मरणमा रहने छौं। नन्दाआमा! तर एउटा गुनासो छ तिमीसँग अबदेखि अनेसासका कार्यक्रममा हामीले कसलाई आमा भन्ने ? नबताईकन किन गयौं ?

यति लामो समयसम्म आमा बिरामी पर्दा रात दिन नभनेर आमाको स्याहार सुसारमा खटेका एउटा असल मान्छे, असल श्रीमान्, जसले कुनै कसर बाँकी राख्नुभएन, आमाको लागि त्यसका प्रत्यक्षदर्शी छौं हामी, होमनाथ सुवेदी बुबामा सम्मान छ।

*माघ १३, २०८०*

# समर्पणको प्रण गरौँ



**भूपनारायण घर्तीमगर**
*पूर्व अध्यक्ष*
*अनेसास डिसी मेट्रो प्याप्टर*

म नन्दा आमाको आत्मालाई शान्ति होस् उहाँको स्वर्गमा बास होस्। म उहाँप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु। महानुभावहरू ! मान्छे जन्मन्छ अनि मर्छ यो शाश्वत सत्य हो प्राकृतिक हो। यिनै साँचो र प्राकृतिक कुराहरूलाई हाम्रा दर्शनहरूले धेरै लामो व्याख्या गरेका छन्। म त्यतातिर जान चाहन्न। छोटकरीमा म के मात्र निवेदन गर्न चाहन्छु भने आफ्नो समर्पण भाव र सत्कर्मले मान्छे आफ्नो जीवनलाई सार्थक बनाउँछ। आफ्नो कर्मको माध्यमबाट सत्यमा विश्वास गरिन्छ, लक्ष्यप्राप्ति पनि गरिन्छ यसैलाई तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय पनि भनिन्छ।

मलाई विश्वास छ, आमाको जुन प्रकारको कर्म थियो, समर्पण थियो। जहाँ समर्पण हुन्छ सत्कर्म हुन्छ त्यहाँ स्वाभाविक रूपमा प्रेम हुन्छ। सदाचार हुन्छ र उत्कृष्ट विचार हुन्छ। त्यसैले जुन कर्म हुन्छ, सिर्जना हुन्छ, मान्छेले अमिट छाप जोड्छ। त्यसैले त म कहाँ रोल्पाको मगरको छोरा उहाँ कहाँ म्याग्दीकी बाहुनकी छोरी। म आज उहाँलाई 'आमा' भनेर श्रद्धासुमन अर्पण गर्न आएको छु। त्यो उहाँको वात्सल्यता थियो। त्यो उहाँको निश्छल प्रेम थियो। त्यसैले हामीले आमा भन्छौँ। उहाँमा जुन समर्पण र सत्कर्म थियो त्यसले उहाँलाई स्वर्गको बाटोमा लगेको छ।

मलाई विश्वास छ उहाँको त्यो समर्पण भाव र सत्कर्मले उहाँको परब्रह्मसित मिलन भैसक्यो। म चाहन्छु उहाँको स्वर्गमा बास हुन्छ। सच्चा श्रद्धाञ्जली त तब हुन्छ जब यस्ता अग्रजले देखाएको बाटोमा हामी पनि हिँड्छौँ। त्यसैले हामीले पनि आ-आफ्नो ठाउँबाट प्रण गरौँ– जसरी आमाले वात्सल्यता प्रदान गर्नुहुन्थ्यो, प्रेम प्रदान गर्नुहुन्थ्यो, समर्पित हुनुहुन्थ्यो, सदाचार र सत्कर्मले आफूलाई अगाडि लैजानुहुन्थ्यो, त्यसैगरी हामीले पनि समर्पण, सत्कर्म गर्ने प्रण गरौँ। आआफ्नो ठाउँबाट जे जति गर्न सकिन्छ, त्यो सत्कर्म गऱ्यौँ भने यही नै सच्चा श्रद्धाञ्जली हुनेछ। म आफ्नो ठाउँबाट जे सक्छु आमा त्यो सत्कर्म गर्ने प्रण गर्छु।

अन्तमा, फेरि भावपूर्ण श्रद्धाञ्जली आमालाई अर्पण गर्छु। सुवेदी परिवारप्रति सङ्गतको दौरानमा सामाजिक सम्बन्धको दौरानमा सामाजिक कर्मले पारिवारिक नातामा परिणत गर्ने काम भयो। मेरो तर्फबाट सदासदा यो नातालाई निर्वाह गर्ने प्रयत्न गर्नेछु। यो अवसर प्रदान गरेकोमा आयोजक मित्रहरूलाई धन्यवाद दिँदै बिदा हुन्छु।

# उहाँले मन नपराउने दुई कुरा



**गोविन्द गिरी 'प्रेरणा'**
*सलाहकार, अनेसास केन्द्र*
*मनासस, भर्जिनिया*

वास्तवमा सन् २००० मा पहिलो पल्ट मैले अमेरिकामा पाइला टेकेको हुँ र २००० को नै जुलाई महिनामा लिसिल्भेनिया स्टेट पार्कमा भएको भानुजयन्तीमा मैले भाउजूलाई पहिलोपल्ट देख्ने मौका पाएको थिएँ। त्यो दिन जसरी उहाँले अतिथि सत्कार गरिरहनुभएको थियो खाना पकाउनेदेखि लिएर सारा चिज हेरिरहनुभएको थियो। त्यो चिज मैले धेरैधेरै बढी दिनसम्म देखिरहेँ। हुन त ऐले लिसिल्भेनिया स्टेट पार्कमा हरएक वर्ष हुने भानुजयन्तीको कार्यक्रम यहाँ हुन सकेको छैन, टुटेको छ। त्योचाहिँ उहाँको यौटा प्रिय चिज थियो। म पनि यो डिसी च्याप्टरको अध्यक्ष हुँदाखेरि हामीले सहकार्य गरेर पनि त्यहाँ कार्यक्रम गर्‍यौँ। त्यसमा पनि उहाँको ठूलो रोल थियो। दोस्रो कुरा म के भन्न चाहन्छु भनेदेखि मलाई लाग्छ–

नेपाली साहित्यकारहरू अत्यधिक साहित्यकारहरूलाई खाना पकाएर खुवाउने सौभाग्य उहाँले पनि पाउनुभयो र जो जसले उहाँको हातको खाना खाए उनीहरू पनि सौभाग्यशाली भन्ने ठान्छु किनभने देखि मलाई लाग्छ त्यति धेरै साहित्यकारहरूलाई सायदै कसैले खुवाएको होला। किनभनेदेखि अमेरिका आएको मान्छेहरू साहित्यमा रुचि हुनेहरू होमनाथ सुवेदीको घरमा नआउने कुरै छैन। घरमा आएपछि त्यो आतिथ्य हुन्थ्यो।

अनि तेस्रो कुरा म के भन्न चाहन्छु भनेदेखि उहाँलाई दुईवटा कुरा सहन गाह्रो पर्थ्यो– आफ्नो श्रीमान् होमनाथजीको बारेमा आलोचना भयो भने पनि उहाँलाई सहन

गाह्रो हुन्थ्यो अर्को त्यत्तिकै गाह्रो उहाँलाई अनेसासको बारेमा कसैले केही भन्यो भने पनि उहाँलाई सहन गाह्रो हुन्थ्यो । किनभने त्यसलाई उहाँले आफ्नो सन्तानैजस्तो यौटा अति प्रिय रूपमा मान्नुहुन्छ । त्यही रूपमा हामीले धेरै आवतजावत गर्ने मौका पनि पाएका थियौँ, भेटघाट गर्‍यौँ । त्यसैले मेरो होमनाथजीसित आत्मीय सम्बन्ध थियो । मेरो मिसेसलाई उहाँले बढी मन पराउनुहुन्थ्यो । म त यसो साहित्यिक आलोचना पनि गर्ने भएर मलाई भन्दा मेरो मिसेसलाई उहाँले बढी मन पराउनुहुन्थ्यो तर पनि हाम्रो यौटा राम्रो पारिवारिक सम्बन्ध थियो । हाम्रो आवतजावत थियो । त्यो यौटा माया उहाँले पकाएर खाएका खाना कतिपय कुराहरू बिर्सन नसकिने छन् तर के छ भनेदेखिन् मान्छेको जिन्दगी हो । यो एकदिन यो आवश्य आउँछ तर त्योभन्दा पनि त्यसपछाडि कतिले सम्झन्छन्, कतिले याद गर्छन्, त्यो सम्झना सबभन्दा महत्वपूर्ण कुरा हो– मलाई लाग्छ उहाँलाई यहाँ जे जति हामीले सम्झिरहेका छौँ, त्योभन्दा धेरै संसारभरिका नेपालीले सम्झिरहेका छन् होला । जसले उहाँको हातको खाना खानुभाछ उहाँहरूले सम्झनुभएको होला भन्ने मलाई लाग्छ । नन्दा भाउज्यूलाई म र मेरो परिवारको तर्फबाट हार्दिक श्रद्धाञ्जली छ ।

# उहाँ पूर्णमा पुग्नुभएछ



**डा. गोपी उप्रेती**
*निवर्तमान अध्यक्ष*
*अनेसास पुरस्कार समिति*
*मानव अधिकार अभियन्ता*

नन्दादेवी सुवेदीको १३ औँ पुण्य तिथिमा भएको शोक सभामा आसीन सबैमा मेरो अभिवादन। मलाई एउटा कुरा के भन्न मन लाग्यो भने नन्दा भाउज्यू म जाने गरेका लोकल कार्यक्रमहरूमा अनेसासका वा अन्यमा उहाँले पकाएका सेलरोटी अचार ल्याई बाँडेर खानुभयो कि भएन भनेर सोधेर नखुवाइकन छोड्नुहुँदैन थियो। उहाँ त्यति सजिलैसँग सबैमा आत्मीयता जगाउनुहुन्थ्यो।

अर्को कुरा उहाँले होमनाथजीलाई साहित्य उन्नयन गर्न सुरुदेखि नै कति सहयोग पुऱ्याउनुभएको छ। हामी सबैले प्रत्यक्ष देखेका छौँ। उहाँको योगदानको कदर गर्नुपर्छ र त्यसको अलावा पनि एउटा असल मान्छे हुनु चाहिँ महत्वपूर्ण कुरा हो। असल मान्छेको गुण उहाँ जस्तै माया ममता गर्न, भलो सोच्न र सकारात्मक व्यक्तिमा आउँछ। अन्तिममा के छ भने हामी सबैले जीवनको यात्रा पुरा गर्नैपर्छ। ढिलो र चाँडोको कुरा मात्रै हो। हामीले आध्यात्मिक हिसाबले कुरा गर्ने हो भने पनि मलाई एउटा चाहिँ याद आउँछ, जुन हामीले भन्ने गर्छौं। उपनिषद्मा पनि छँदैछ–

ॐ पूर्णमदः पूर्णमिदम् पूर्णात् पूर्णमुदच्यते।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते॥

*–वृहदाण्यक उपनिषद्, अध्याय ५*

The full takes the full, and the full remains, Taking the full of the full, the full will remain.

(यो ईशावाष्योपनिषदको शान्ति पाठ पनि हो भन्ने भनाई अनिमेष कुमार सिन्हाको छ। Shaurav dwivedi पोष्ट गर्छन् अर्थमा = ०+०=० हुन्छ ०-० =० नै हुन्छ। – सम्पा.)

मान्छेको आत्मा भनेको एउटा परतत्व रूप हो। केही लिएर आएको थियो त्यही लिएर जान्छ। यो संसार पूर्ण छ किनकि यो पूर्ण संसार उही परमेश्वरबाट उत्पन्न भएको हो। परब्रम्हले परिपूर्ण भएको छ। त्यो पूर्णताबाट पूर्ण निकालेपछि पूर्ण नै रहन्छ।

उहाँ पूर्णमा पुग्नुभएछ। त्यसैले हामी सबैले आफ्नो बुद्धि विवेकले मानिसको हृदयमा ठाउँ बसाउन सक्ने प्रेरणा उहाँहरूबाट लिनुपर्छ। त्यही नै ठूलो कुरा हो। अन्तमा होमनाथजी र उहाँको सम्पूर्ण परिवारलाई यो विश्वास दिलाउँछु कि तपाईंको जीवन यात्रामा हामी सँगै छौं।

# स्पष्ट वक्ता



**प्रेम पौडेल**
*काकास सदस्य,*
*नेपाली अमेरिकन सामुदायिक केन्द्र*
*मनासस, भर्जिनिया*

अन्तर्राष्ट्रिय साहित्य समाजको संस्थापक अध्यक्ष आदरणीय श्री होमानाथ सुवेदीको जीवन सङ्गिगनी स्व. नन्दादेवी सुवेदीको (७७) सतहत्तर वर्षको उमेरमा निधन भएको परिवेशमा एउटा सङ्घर्षशील महिलाको अन्येष्टिमा सरिक हुने र दुई शब्द बोल्ने अवसर पनि प्राप्त भयो। उहाँको देहावसान भएको बेलामा हाम्रो हिन्दु परम्पराअनुसार गरिने गर्ने कर्ममा सहभागी हुने अवसर पाएँ। अहो भाग्य ठानेको छु। उहाँले घर परिवार र समाजलाई गरेको योगदान हामी सबैका लागि प्रेरणाका स्रोत त छँदैछ। अझ रोचक कुरा त होमनाथ बुबाले मस्तिष्काघात भएर अचेत भएको अवस्थामा आफ्नो जीवन सङ्गिगनीप्रति गर्नु भएको स्याहारसुसार र माया साँच्चै नै अतुलनीय एवम् अनुकरणीय छ। मैले उहाँबाट नैतिकता र प्रेमको पाठ पढ्ने अवसर पाए।

नन्दा आमा खुल्ला बोल्नुहुन्थ्यो। बोल्दा स्पष्ट थियो। म प्रिन्सविलियम काउन्टीमा काम गर्छु। म कसैको घर नियुक्ति लिएर नपसौँ जस्तो लाग्छ तर उहाँकहाँ भने मलाई आफ्ने घरजस्तो लाग्थ्यो। म सधैँ पस्थेँ। गत सातआठ वर्षदेखि ब्रेनहामरेज भएपछि भने त्यो रहेन। म विभेद हुनुहुन्न भन्ने विचारको मान्छे। यौटा पुरुषले यौटी नारीलाई गरेको सेवा अनुपम थियो। नन्दादेवी आमाको बालवृद्ध, बाल शिक्षण र परिवार चलाउने काम सब उहाँले गर्नुभयो। सबै जानैपर्छ एकदिन। उहाँ शान्तिले जानुभयो। म दिवङ्गत आमा स्व.नन्दादेवी सुवेदीको आत्माले चिर शान्ति पाओस् भन्दै श्रद्धाञ्जली प्रकट गर्दै शोकाकुल समस्त परिवारजनहरूमा हार्दिक समवेदना प्रकट गर्दछु। ❀❀

# ANA परिवारको तर्फबाट



**डा.खगेन्द्र अधिकारी**

*अध्यक्ष, ANA*

नन्दादेवी आमा पहाडबाट काठमाडौँ र काठमाडौँबाट अमेरिका ल्याइपुऱ्याउँदा कति धेरै सङ्घर्ष गर्नु भएको छ। भन्ने कुरा हामीले पनि बुझ्यौँ। अहिले बित्नु भयो। यो दुःखको घडीमा म ANA परिवारको तर्फबाट, मेरो व्यक्तिगत तर्फबाट र मेरो परिवारको तर्फबाट होमनाथ सुवेदी, पुरुषोत्तम सुवेदी, प्रकाश सुवेदी र डा. कल्पना सत्याल लगायतका परिवारका सदस्यमा समवेदना प्रकट गर्दछु। यो दुःखको घडीमा सबैलाई ईश्वरबाट सहन शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दछु।

अन्तिमचोटि उहाँलाई नाकको महापुराणको बेलामा हेरेको थिएँ। त्यो बेला उहाँलाई दर्शन गरेको थिएँ। उहाँको श्रीमान् होमनाथ सुवेदीले डोऱ्याउँदै र छोरा छोरीले सहयोग गर्दै गरेर बाहिर गाडीमा चढ्नजाँदा भेट भएको कुरालाई सम्झन्छु र त्यस पश्चात् उहाँका परिवारका सदस्यहरूसँग खास गरी पुरुषोत्तम सुवेदीसँग बाहिर कार्यक्रमहरूमा भेट हुँदा सोध्ने गर्थें। 'आमालाई कस्तो छ ?' व्यक्तिगत तर्फबाट भेटघाट र सोध्ने गर्ने, त्यो कुरा आज अन्त भएको छ।

होमनाथ सुवेदीज्यूले त्योभन्दा ५, ६ महिना अगाडि एउटा साहित्यिक कार्यक्रम अनेसासले गरेको थियो। त्यसमा पनि म आमन्त्रित थिएँ। त्यो जुमको कार्यक्रममा म पनि आएको थिएँ। त्यहाँ होमनाथ दाइले आफ्नी श्रीमती नन्दादेवीको बारेमा लेखेका कविता सुन्दा सबैजना स्तब्ध भएका थियौँ। आज म त्यो कुरालाई पनि सम्झन्छु र उहाँजस्तो सङ्घर्षशील उदाहरणीय व्यक्तित्वबाट हामीले धेरै कुरा सिक्न सक्छौँ भन्ने लाग्छ। यो दुःखको घडीमा हामी सबैले सम्हालिनुपर्छ। उहाँको आत्माको शान्तिको कामना गर्नुपर्छ। फेरि पनि उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दै मेरा दुई शब्द यहीँ अन्त गर्छु।

# नन्दादेवी सुवेदीज्यूको सम्झनामा !



**गुणराज लुइटेल**
**इन्जा इन्टरन्यासनल नेटवर्कका लागि नेपाली पत्रकार समाज, केन्द्र**
*भर्जिनिया*

नन्दादेवी आमा आफैँमा एक नलेखिएको कवितासङ्ग्रह हुनुहुन्छ। उहाँले जुन कुरा बोल्नुहुन्थ्यो त्यो मानिसको जीवनलाई परिवर्तन गर्ने खालको हुन्थ्यो। आज हाम्रो बीचमा रहनु भएन र भगवान्‌को प्यारो हुनु भएको छ। सर्वप्रथमतः आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र नन्दा आमाको स्वर्गमा बास रहोस् भनी भगवान्‌सँग प्रार्थना गर्दछु।

नन्दा आमासँग नेपालमा सन् १९९७ मा नेपालमा आउनु भएको बेला बानेश्वर घरमा भेट भएको थियो। मैले मेरो साथी हरिहर पोखरेलसँगै सो दिन बुबा होमनाथ सुवेदीसँग अनेसासको स्थापना र यसको संसारभरि भैरहेको विस्तार र गतिविधि बारेमा अन्तर्वार्ता लिने मौका मिल्यो। होमनाथ सुवेदीज्यूले हामीलाई अनेसासले संसारभरिका साहित्यकारलाई जोड्न खोजेको बताउनु भएको थियो जुन आज साकार भएको जस्तो देखिन्छ। उहाँले नेपालको राजनीतिक अवस्था खराब भएको र धेरै सुधारको खाँचो छ भनेर पनि बताउनुभएको थियो। सोही दिन किचेनमा खाना खाँदै गर्दा आमाले हामीलाई अति साधारण भाषामा अमेरिकाको जीवन र मानिसका गतिविधि नेपाली साहित्य र भाषाको विकासमा कसरी काम हुँदै छ भनेर जानकारी दिनुभयो। नन्दाज्यूको बोलीचाली भानु जयन्तीमा भेला भएर सेलरोटी र नेपाली खाना बनाएर खाने, भलिबल खेल्ने, कविता पढ्ने गर्छन्, नेपाली नबोले पनि चल्छ, अमेरिका भनेर हामीलाई सुनाउँदा हामी पनि अमेरिकाबारेमा ठूलाठूला कुराको भ्रमबाट मुक्त भएका थियौँ।

पछि सन् २००२ मा म अमेरिका आएँ। यही भर्जिनियामा जहाँ होमनाथ सुवेदीज्यू बस्नु हुन्थ्यो। सगरमाथा टेलिभिजनका सञ्चालक एवं खरेलज्यूमार्फत २००२ को भानु जयन्तीको कार्यक्रमको दिन लेसिल्भेनिया पार्क वुडब्रिजमा आमा नन्दा सुवेदीसँगै उहाँका सबै परिवार सदस्यहरूलाई भेट्ने मौका मिल्यो। त्यो पार्कको झलक हेर्दा आमाले नेपालमा जे जे भन्नुभयो त्यही अमेरिकामा देखियो। नेपाली नाचगान, कविता वाचन देख्दा नेपालै हो कि जस्तो लाग्दथ्यो। सो कार्यक्रममा नन्दा सुवेदीका सुपुत्रहरू पुरु सुवेदी, प्रकाश सुवेदी, छोरी कल्पना सुवेदी, बुहारी कल्पना सुवेदी, भाइ भीम रेग्मी, आनन्द रेग्मी लगायत होमनाथ बुबासँग भेट हुने, कविता पढ्ने, सुन्ने अवसर मिल्यो। सो कार्यक्रम अनेसासले नै अयोजना गरेको थियो।

पछिपछि त सिँगै अनेसास नै उहाँहरूको वुडब्रिजमा घर बन्यो। सबै साहित्यकारहरू त्यहाँ भेला हुन्थे। नन्दा आमाले तपाईंहरूको कविता खै त ? भनेर सोध्नुहुन्थ्यो। कविता चैँ लेख्नु पर्छ है भन्नु हुन्थ्यो। सन् २००२ पछि धेरैपल्ट उहाँसँग भेट भइरह्यो। सन् २०१० तिर अनेसासको डिसी मेट्रो च्याप्टरको पुर्नगठन भयो र पनि महासचिवको रूपमा रहेर काम गरेँ। त्यस वेला च्याप्टरलाई सक्रिय बनाउन हामीले ३-४ वटा किताब पनि प्रकाशित गर्‍यौँ। त्यस समयमा त किताबको सम्पादनको सिलसिलामा वुडव्रिज स्थित उहाँहरूको निवासमा वेलावेलामा बसेर होमनाथ सुवेदीज्यूसँग सहकार्य गर्ने अवसर मिल्यो। आमाले राजमा, सुकुटी, गुन्द्रुक लगायत एकदमै नेपाली पहाडको झल्को दिने किसिमको खाना खुवाउनु हुन्थ्यो। त्यो सम्झना जीवनभर रहिरहने छ। हामीले आयोजना गरेका हरएक साहित्यिक कार्यक्रममा अनेसासका संस्थापक होमनाथ सुवेदी र नन्दा सुवेदी जोडी नै उपस्थित हुने गर्नुहुन्थ्यो। कार्यक्रममा नेपाली खानाहरू ल्याई, सेवा वितरण गर्नुहुन्थ्यो र कहिलेकाहीँ सबै साहित्यकारलाई घरमै बोलाउनु हुन्थ्यो।

नेपालबाट नेपाली भाषाका प्रोफेसर डा.खगेन्द्र लुइटेल अमेरिका आउनु हुँदा, ताना शर्मा आउनु हुँदा वा अन्य साथीहरू आउनु हुँदा मैले आफैँ उहाँहरू भए ठाउँमा लिएर जान्थें। मैले अघि नै भनेको थिएँ, नन्दादेवी आमाको जीवन नै अतिरिक्त कविता सङ्ग्रह हो भनेर जति पनि पाहुनाहरू आउनुहुन्थ्यो, सबैले नन्दादेवी सुवेदीबाट एउटा न एउटा ज्ञान वा तितो सत्य सुनेर जानुहुन्थ्यो। विशेषतः समाज, परिवार, साहित्य र अमेरिकाको वास्तविक र नक्कली जीवनको बारेमा नन्दा आमाका कुरा सुन्दा आनन्द आउँथ्यो। मेरी जीवन सङ्गिनी सीता खरेल लुइटेललाई पनि धेरै माया गर्नुहुन्थ्यो। मीठो गीत गाऊ भन्नुहुन्थ्यो। आफ्नो जीवनकालभरि स्वस्थ रहुन्जेलसम्म उहाँले समाज र परिवारलाई मालामा उन्ने काम गर्नु भयो। अमेरिकामा नातिनातिनीहरूलाई नेपाली भाषा सिकाउने र संस्कार सिकाउने काम गर्नुभयो।

सात वर्ष आठ महिना आठ दिन अघि आमाको ब्रेनहेमरेज भएर बेडमा पर्नु भएको कुराले हामीलाई अति नै दुःखित बनायो। हामीले भेट्ने प्रार्थना गर्ने काम गर्‍यौँ। एउटा प्रेरणादायी कुरा के छ भने उहाँ बिरामी हुनु भएको अवस्थामा श्रीमान् होमनाथ सुवेदीज्यूले एकैछिन नछोडी सेवा गर्नु भएको कुरा सुन्दा, आँखाले देख्दा र महसुस गर्दा हामी सबैलाई जीवन र सम्बन्धको बारेमा धेरै ठूलो प्रेरणा मिल्दछ। नन्दा आमा एउटा वास्तवमै साहित्य सङ्ग्रह हो भन्ने कुरालाई चरितार्थ गर्दै उहाँका श्रीमान् अनेसास संस्थापक होमनाथ सुवेदीले अहिले तयार पार्नुभएको उहाँका ‘ नन्दिनी’ नव्यकाव्यले पनि प्रमाणित गर्दछ। उहाँलाई साहित्यमा उतार्नको लागि धेरै ‘नन्दिनी’ कृति सृजना गर्न सक्नुहुन्छ। होमनाथ सुवेदीलाई यो स्थानमा पुर्‍याउनुलाई नन्दा आमाको ठूलो योगदान छ। उहाँले हुँदैन भन्नु भएको भए पक्कै पनि अनेसास पनि आजको अवस्थामा बन्ने थिएन। सुरुमै संस्थामा मलजल नभएको भए यो अनेसास रूपी बिरुवा पहिल्यै सुकेर मरिसक्थ्यो। त्यसकारण पनि सबै सहित्यकार हरूभन्दा आमा र सिँगै सुवेदी परिवारसँग अनुगृहीत बनिरहेका छन्।

नन्दा आमाको फ्युनरलको बेला म्याग्दी बागलुङलगायतका उहाँका जिल्लाबासी दाजुभाइ दिदीबहिनीहरूको निकै ठूलो भिडभाड थियो। साहित्यकारहरू र स्थानीयवासीहरूको पनि निकै ठूलो जमघट थियो। नन्दा सुवेदीको जीवन, व्यवहार र परिवारमाथि धेरैले प्रकाश पारिरहनु भएको थियो। तर होमनाथ सुवेदीले भने कतै कुनै कुरामा ध्यान नदिएर त्यो कफनलाई रुगेर नन्दा आमाको पार्थिक शरीरलाई कार्यक्रम अवधिभर पनि छोड्नु भएन। ७ वर्षसम्म पार्क, बगैँचा, मल र रमणीय स्थानमा व्हीलचेयरमा घुमाएर आफ्नो असल श्रीमान् वा जोडीको भूमिका निर्वाह गर्नुभयो। त्यो दाहसंस्कारको क्षणले अहिले पनि मलाई उद्वेलित बनाउँछ। उहाँको महाप्रस्थान भएको छ र उहाँलाई सेवा गर्ने महान आत्माका धनी होमनाथ सुवेदी बुवालगायत सिङ्गो परिवारलाई यस दुःखको घडीमा धैर्यधारणा गर्दै उहाँबाट थप प्रेरणा लिएर अगाडि बढ्न भगवान् पशुपति नाथले आशीर्वाद दिनुहुनेछ। उहाँ अब ‘नन्दिनी’ नव्यकाव्यसँगै कवितैकविताले सजिएको स्वर्गमा विराजमान भएर तपाईं हामीलाई हेरिरहनु हुनेछ।

ॐ त्र्यम्बकं यजामहे<br>
सुगन्धि पुष्टिवर्धनम्,<br>
उर्वारूकमिव बन्धनात्<br>
मृत्योर्मुक्षीय मामृतात्।

# तेज स्मरणशक्ति



**कल्पना सुवेदी**
**पूर्व सम्पादक अन्तर्दृष्टि, अनेसास**
*साउथराइडिङ, भर्जिनिया*

मीठो सम्झना नै त रहेछ जिन्दगी। मुमासँग बिताएका पलहरू हामी जीवितहरूमा सम्झना बनिरहिरहने छ। मेरी सासु आमा, म उहाँलाई मुमा भनेर बोलाउने गर्थे। उहाँ निडर, साहसिली र बोलक्कड पनि हुनुहुन्थ्यो।

उहाँको स्मरण शक्ति निक्कै नै तेजिलो थियो, फोन नम्बर सम्झने सिलसिलामा एकचोटि भनेपछि उहाँलाई फोन नम्बर कण्ठ आउँथ्यो। डायरी पल्टाएर हेर्न पर्दैन थियो। उहाँलाई केही सिकौँ केही गरौँ भन्ने चाहना धेरै नै थियो। त्यसैले त होला उहाँ ६० वर्ष पूरा भैसके पछि पनि ड्राइभिङ्ग Licence र Citizenship लिन्छु भन्ने अठोट गरेर अङ्ग्रेजी पढ्न तल्लीन हुनुहुन्थ्यो।

मलाई अचम्म लाग्ने घटनाहरूमध्ये यो एक हो। उहाँले जब कसैको फोन नम्बर र नाम सोध्नु हुन्थ्यो नि त्यतिबेला उहाँलाई लेख्न अलि धौधौ हुन्थ्यो। किनकि उहाँको नेपाली वर्णमालाभन्दा अंग्रेजी वर्णमालामा बढी दखल भैसकेको थियो। कसैले मेरो नाम शोभा हो भन्यो भने उहाँले कसरी लेख्ने भनेर सोध्दा उनीहरूले नेपालीमा जवाफमा भन्थे– शो .......... अनि भा ............. भनेर जवाफ आउँथ्यो। अनि मुमाले सोध्नुहुन्थ्यो अङ्ग्रेजीमा कसरी लेख्ने, त्यसपछि उनीहरूले अङ्ग्रेजीमा भन्थे SHOVA। अनि उहाँ SHOVA लेख्नुहुन्थ्यो।

पछि उहाँले Adult school पनि join गर्नु भयो । उहाँले (ESL) English as a second language को लागि Kilby Elementary school, Gar-field High School मा पनि पढ्नका लागि जानु भयो ।

उहाँको मेहनत र लगनशीलता देखेर कदर स्वरूप थुप्रै प्रमाणपत्रहरू पाउन सफल हुनु भएको थियो । church बाट पनि एक अमेरिकन दम्पती आउने गर्थे बाइबल पढाउनका लागि भनेर तर अंग्रेजी नजानीकन कसरी बाइबल सिक्ने पहिले मलाई अङ्ग्रेजी सिकाऊ भन्नु भयो र अङ्ग्रेजी सिक्न सुरु गर्नु भयो । ती कपलहरूसँग पनि मुमाको घनिष्टता निकै गहिरो भयो । पारिवारिक तहमा मुमा उहाँको घरमा पनि जाने आउने गर्नुहुन्थ्यो । उनीहरू हरएक हप्ताको एक दिन मुमाको घरमा नै आएर अङ्ग्रेजी पढाएर जान्थे । बाइबलको कुरै हरायो ।

यसरी अङ्ग्रेजी सिक्दै जादा उहाँले Driving Licence लिन्छु भनेर आँट गर्नुभयो र Learners Permit को लागि Knowledge Test दिएर एकै चोटिमा पास पनि गर्नुभयो । उहाँलाई आफै ड्राइभ गरेर हिँड्न ठूलो रहर थियो । त्यो रहर पनि उहाँले पूरा गर्नुभयो । Driving Licence लिए पछि उहाँलाई नातिनातिनासँग अङ्ग्रेजी बोल्न सारै रहर लाग्थ्यो । जहाँ कहीँ पनि पारिवारिक जमघट वा झुण्ड हुन्थ्यो त्यहाँ उहाँ Proudly अङ्ग्रेजीमा भन्नुहुन्थ्यो "I have nine grandchildren." । उहाँको अभाव सधैँ खड्किरहने छ ।

उहाँको बैकुण्ठमा बास होस् । मुमालाई भावपूर्ण श्रद्धाञ्जली ।

# आमाजस्तै दिदी



**भगवती न्यौपाने**
*नर्थकेरोलाइना, अमेरिका*

इ. १९९६ मा हामी सपरिवार अमेरिका छिरेका थियौँ। राजधानी देख्ने रहरहरू थुप्रै थिए। मौकाको खोजीमा थियौँ। अमेरिका जस्तो शक्तिशाली राज्यको राजधानी हेर्न मन नलाग्ने त कुरै भएन। धेरै दिनको पर्खाइपछि (२००१)को गर्मी बिदा पारेर डिसी घुम्न जाने मौका मिल्यो। मेरो श्रीमान्ले एक जना साथी भेट्नु छ भन्दै छोराहरूलाई फकाउँदै हुनुहुन्थ्यो। मैले सोधेँ – उहाँको नाम के हो ? उहा मुसुक्क हासेर नबोली बस्नुभयो। केहीबेर पछि साहित्यकार होमनाथ सुवेदीज्यू, चिन्छौ र ? खै छैन भन्दै म माथितिर लागें। केही बेरपछि तल ओर्लेर सोधेँ। भेट्न त जाउँला। घरमा कोको हुनुहुन्छ होला। घरमा बच्चाहरू पनि छन् कि ? सर र दिदी नन्दा मात्र? छोराछोरी सबै आफ्नै घर घरमा छन् भन्नुभयो। उहाँकहाँ भेट्न जाने कुराले हामी सबै खुसी भयौं। सायद माइत नगएको पनि धरै वर्ष भएको हुनाले होला। बाआमा भेट्न जाने जस्तै खुसी लागेको थियो। अमेरिका आएको पनि ५ ,६ वर्ष भइसकेको थियो। आफ्ना भन्ने कोही थिएनन्। उहाँहरूले प्रेम पूर्वक मेरै घर बस्ने गरेर आउनुभन्दा खुसी लाग्नु स्वाभाविक थियो। दिनभरी पानी परिरहेको थियो। ४, ५ घन्टाको ड्राइभिङ पछि साझमा पुग्यौं।

होमनाथ सर आँगनबाहिरै उभिरहनु भएको रहेछ। उहाकै साथलागेर घरभित्र पस्यौँ। भित्रैबाट भगवती भन्ने आवाज सुनेर हजुर दिदीभन्दै म भान्सातिरै गएँ। अँगालोले बाधेर तिमी त कति सानी, राम्री भर्खरैकी रहिछौ। छोरीजस्तै भन्दै मेरा दुबै हात समात्नुभयो। कोठामा समान राख फ्रेस भएर आऊ, दालभात

पाक्दै छ। तरकारी र अचार काट्दैछु भन्दै  गेस्ट रूम देखाइदिनुभयो। मेरा आँखा अर्को रूमतिर हुत्तिए। त्यहा किताबहरू  भद्रगोल तरिकाले छरपस्ट थिए किनकि त्यो कोठा सरको कम्प्युटर कोठा थियो। मैले धेरै उपन्यासहरू पढेकी थिएँ तर कुनै लेखकहरू कहिल्यै पनि भेटेकी थिइनँ। सायद होमनाथ सर नै पहिलो व्यक्ति हुनुहुन्थ्यो। उहाँलाई भेटेर धेरै लेखहरूका बारेमा छलफल गर्ने मौका पाएँ। उहाको रत्ना  (उपन्यास)को बारेमा  छलफल  भयो। दिदीले  मेरै कहानीसँग मिल्छ भन्दा हास्नुभो सर। केही बोल्नु भएन। जीवनका कहानीहरू भन्दै जानुभो। यस्ता कुराहरूमा मेरी आमाको गन्ध मिसिएको जस्तो लाग्यो। म भावुक  भएर सुनिरहेँ।

रातको झन्डै १० बजेको थियो। खाना खाऔँ  भन्दै म आफै भान्सातिर गएँ। तिमी पाहुनाले केही पनि नगर भन्दै मेराहातहरू पन्छाउन खोज्नुभयो तर मैले आफ्नो काम सबै पट्याएरै छाडें। मैले सानै उमेरमा धरै पाहुनाहरूको सत्कार गरेकी थिएँ तर म पाहुना भने कहिल्यै बनिनँ। आफ्नो खाना आआफै  पस्केर खान थाल्यौँ। बाबुहरू भने बाटामा रेस्टुरेन्ट गएर खाएकाले खान मानेनन्। सरले आज खानाको स्वाद अर्कै छ भन्दै हुनुहुन्थो। दिदीले यो भगवतीले मान्दै मानिनन्। अघि सरीसरी काम फटाफट गर्न थालिन्। यस्ता पाहुना त फेरिफेरि आउनू नि। कस्ती जाुगरिली भन्दै मतिरै हेर्नुभयो। ख्यालठट्टामा सबै भाुडाहरू माझिसकेर टिभीकोठामा चलिरहेको  महाभारत हेर्न गयौँ।

भोलिपल्ट बिहान चाँडै नै उठेर चिया पिएर तरकारी बारीमा गयौँ। अमेरिकामा यस्तो राम्रो तरकारी फल्छ भन्ने थाहा थिएन। नन्दा दिदीले आफूसँगै सिङ्गो नेपाल बोकेर ल्याएको जस्तो लाग्यो– काँक्रा, लौका,  फर्सी, घिरौला, करेला, भिन्डी जातजातका सबै तरकारीहरू।

बोडी, कर्कलो मलाई धेरै मीठो लाग्ने तरकारीले म झन मख्ख परेँ। भोलिपल्ट छिट्टै खाना पकायौँ घुम्न जानको लागि तर मेरा दुवै छोराहरू खाना खान मानेनन्। दिदीले भन्नुभो– मेरो अर्को घरमा छ, हिंड बाबु हो भन्दै घर नजिकैको मेक्डोनलमा लैजानुभयो। उनीहरू धेरै खुसी थिए। ” “ममी! हाम्रो भेकेसन हो नि यो त हामी किन भात खानी” भन्दै ठूलो छोरा नन्दा दिदीसँग गुनासो पोख्दै थियो। दिदी आफ्ना नातिनातिनाहरू हुर्काउन खप्पिस भएर नै होला केटाकेटीहरूको इच्छा र भावाना  बुझ्नु भएको। हामी घुम्नको लागि तयार भयौँ। तबतक मेरो कान्छो छोरा ठूलोआमाको टिभी हेरेर बस्छु भन्दै ढिपीगर्न लाग्यो। ठूलो टिभीमा महाभारत निक्कै रोचक देखिन्थ्यो। उनीहरू घरमा सानो टिभीमा हेर्ने गर्दथे तर आज यो टिभीले मन

जितेको छ। मैले नर्थ केरोलाइनाबाटै दिदीको लागि सानो चिनो किनी ल्याइदिएको थिएँ। त्यो मैले देखाउँदै भने 'मलाई त राम्रै लाग्यो हजुरलाई कस्तो लाग्छ खोइ' भन्दै हातमा राखिदिएँ। उहाँले लगाउँदै भन्नुभयो– 'तिमीले त चिनेकै थिइनौ मलाई। फेरि पनि मन पर्ने मीठो रङ र नापेको जस्तै टम्म मिलेको साइज, आहा कस्तो राम्रो !' मैले भनेँ– 'हामी नेपालीहरूको साइज उस्तैउस्तै हुन्छ' अन्दाजमा नै किनेर ल्याएको हो। फिट भयो। म पनि निक्कै खुसी थिएँ। यति धेरै श्रद्धा गरेकोमा। त्यस दिन शनिवार हामी कुनै एक पार्कमा गयौँ। त्यहाँ भव्य कविता गोष्ठी रहेछ र कविता वाचन गर्ने मौका पायौँ। त्यो कविता भानुको बारेमा तत्काले लेखेर वाचन गरेकी थिएँ। सानै उमेरबाटै गीत कविता लेखनमा रुचि भएको हुनाले त्यो दिन मेरा लागि रमाइलो थियो तर छोराहरू भने घरैको ठूलो टिभीमा बसिरहे। हाम्रो घुमघाम सकियो र फर्कने बेला भयो। टिभीमा नेटले काम गरेनछ र टिभी चलेनछ। छोराहरू अँधेरो मुख लाएर बसेका थिए। दिदीले 'पुरु आउँछ र बनाइहाल्छ बाबु' भन्दै फकाउनु भयो। बाबुहरूले सोचेका थिए पुरू कुनै टेक्निसियन हुन्। पुरुको नै पर्खाइमा बच्चाले समय बिताए। मैले भनेँ कि पुरु दादा हुनुहुन्छ टेक्निसियन होइन उहा। उनीहरू दुवै हाँस्न थाले र भने यो घरको दादा पो हो?

दिदीले 'बारीबाट धेरै तरकारी टिपेर लैजाऊ' भन्दै बोरा दिनुभयो। यसै गरी हामी दिदीको घरमा बारबार गइ नै राख्थ्यौँ। रमाइलोसँग कुराकानी सुखदुख सबै गफगाफ गर्दथ्यौँ। हामी फेरि अर्कोपटक दिदीको घरमा गयौँ। आज भगवती आएपछि नै भात पकाउने भन्दै पर्खेर बस्नु भएको रहेछ। म पनि खुसीले एक छाक भए पनि दिदीलाई सुख होस् बूढाबूढी मान्छे! सधैँ भात पकाउन पनि कठीन हुन्छ भन्ने सोचले म सुख दिन चाहन्थेँ। एकदिन उहाँले भन्नुभो। गेष्टरूममा सधैँ फोहरसोहोर गरी कहाँ पाहुनाले छोडेर गएर हैरान हुन्थेँ। तिमीले सबै सफा पारेर गइछौ पहिलो पटक आउँदा। मलाई त हैरान पारेका थिए। यी बूढाका पाहुनाहरूले, बूढैका भन्न पनि भएन आफ्नै पनि भए भन्दै गुनगुनाउनु भयो। हामीले केही बोलेनाँ र सुनिरह्यौँ।

न्यूयोर्क, क्यानाडा, डिसी, भर्जिनिया घुमघाम गरियो। मेरा छोराहरूले ठूलोआमा भन्ने नातो लगाएका थिए। दिदीलाई प्रत्येक बाटाका मोड र बाटाहरू सबै कण्ठ रहेछन्। म झन उहाँप्रति प्रेरित थिए। 'अङ्ग्रेजी भाषा पनि राम्रोसंग सिक्नुभएछ हजुरले दिदी' भनेँ। हामी स्कुलपढ्दै गरेका मान्छेलाई यो भाषाले टाउको खाएको छ। दिदीले अमेरिका आएर पढ्नु भनेको सानोकुरा थिएन। बच्चाहरू अङ्कल र अन्टीको घर जाने भन्दा फुरफुर पर्दथे।

दिदीलाई म मेरै घरमा ल्याएर राख्न मन थियो तर यो इच्छा सदाका लागि अधुरो नै रह्यो । अचानक उहाँ बिरामी पर्नु भयो । हामी भेट्न गयौं तर दुःखको कुरा उहाँ साँच्चिकै भगवती र नगेन्द्र भन्ने कुरा बिर्सिसक्नु भएको थियो । आफ्नै नयाँ संसारमा तल्लीन हुनुहुन्थो । छोरी र बुहारीको एउटै नाम भएकोले छोरीलाई कल्पे बुहारीलाई कल्पना भन्दै सम्बोधन गर्नुहुन्थ्यो । उहाँको त्यो विचारले मेरो मन छोएको थियो । आहा, कस्तो राम्रो बिचार! सबैलाई समनाताका भावनाले कुरा गर्नुहुन्थ्यो । निष्पाप र स्वच्छ भावनाले आत्मा खुलाएरै बोल्ने भएरै त होला सबैलाई मन पर्नु भएको थियो । भाग्यमानी धेरै भाग्यमानी सुरुदेखि जीवनको अन्तिमसम्म श्रीमान्ले सेवा गरेरै उहाँको हातमा  परान जानु भनेको एक श्रीमतीका लागि शास्त्रले दिएको अमूल्य अधिकार हो । मर्नु ठूलो कुरा होइन हामी सबै मर्नुपर्छ तर कस्को हातमा र कसरी भन्ने कुराले ठूलो भूमिका खेलेको हुन्छ । आमाजस्तै दिदी हुनुहुन्थ्यो बिर्सनै सकिँदैन । फर्काउन सकिने भए सबै लाग्ने थियौँ । त्यो पनि सम्भव छैन । सम्झना मात्रै आइरहन्छ । सम्झनामा प्रत्यक्ष देखिनुहुन्छ । तपाईको आत्मा शान्त रहिरहोस्, भावपूर्ण श्रद्धाञ्जली !

# आमा महान्



**पुरुषोत्तम सुवेदी**
**पूर्व अध्यक्ष, अनेसास केन्द्र**
*साउथराइडिङ, भर्जिनिया*

अनेसास संस्थापक अध्यक्ष होमनाथ सुवेदीको वुडब्रिजमा रहेको निवासमा अनेसासकी संस्थापक सदस्य नन्दादेवी सुवेदीको १३ औँ दिनको दिन अनेसास डिसी मेट्रो च्याप्टरबाट गरिएको श्रद्धाञ्जली र शोक सभामा नन्दादेवी सुवेदीका जेष्ठ सुपुत्र पुरुषोत्तम सुवेदी म माताप्रति श्रद्धासुमनका शब्दहरू अर्पण गर्दछु।

नमस्कार यस सभाका सभापति डिसी मेट्रो च्याप्टरका अध्यक्ष पुस्कर पन्तज्यू, वरिष्ठ साहित्यकार कृष्ण धरावासीज्यू र महावाणिज्य राजदूत प्रेमराजा महतज्यू जो यो मञ्चमा आसीन हुनुहुन्छ एवंम अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज डिसी मेट्रो च्याप्टर जसले यो मेरी मुमा नन्दादेवी सुवेदीको १३ औँ पुण्यतिथिको दिनमा यो शोक एवम् श्रद्धाञ्जली सभाको आयोजना गरियो सबैलाई अभिवादन साथै धन्यवाद दिन चाहन्छु। यहाँहरूले मेरो आमालाई सम्झेर यो कार्यक्रममा टाढा टाढाबाट आउनुभयो, यहाँहरूलाई पनि धन्यवाद दिन चाहन्छु। आमाको बारेमा अहिलेसम्म पहिलाका शोक सभा र श्रद्धाञ्जली कार्यक्रम र पूर्व वक्ताहरूबाट धेरै कुरा राखिसकिएको छ। यहाँहरू धेरैले सुनिसक्नुभएको छ। मैले र परिवारले जस्तै यहाँहरू सबैले आमालाई सम्झेर आमाको आत्माले पुण्यलोकमा शान्तिसित प्रार्थना गरिरहनु भएको छ। त्यसैले अब आमाको आत्मा शान्तिले पुण्यलोक पुगिसकेको छ। आज १३ औँ पुण्य तिथि हो र हामी आमाको अन्त्येष्टिक्रियाबाट उत्रेका छौँ। आमाको बारेमा उहाँको त्याग तपस्या सङ्घर्ष र

साहसको बारेमा त मैले पहिलाका कार्यक्रममा नै राखिसकेको छु । यहाँ दोहोऱ्याउन चाहिनँ । पुरुष प्रधान देशमा, पुरुष प्रधान समाजमा आफू केही नलिई केही नमागी पुरुषहरूको जुन इच्छा महत्वाकाङ्क्षा हुन्छ, त्यसैलाई साथ दिँदै आफूले मात्र हैन छोराछोरीहरूलाई पनि त्यसैमा साथ दिन प्रेरणा गर्दै आमाको जिन्दगी गयो । उहाँले जिन्दगीभर आफूलाई मलाई यो चाहिन्छ, म अगाडि जानुपर्छ नभनी केही नलिई सधैँ दिनुभयो । सुरुसुरुमा जिम्मावाल मुखियाको परिवारलाई त्यसपछि बुबालाई, त्यस पछि हामीलाई दिनुभयो । त्यसपछि उहाँले केही समाजलाई पनि दिनुभयो । त्यही कारणले यहाँहरूले पनि सम्भिmरहनु भएको छ तर उहाँले आफूले केहीँ पनि लिनु भएन, सङ्घर्ष गर्नुभयो । उहाँ महान् हुनुहुन्छ । 'आमा महान् !' यसै भनेर म उहाँलाई सम्भmन चाहन्छु । मैले आजको दिनमा बुबालाई बिर्सन हुँदैन किनभने आमाले सङ्घर्ष गर्दागर्दा उहाँ आफै बिरामी हुनुभयो । त्यसमा फेरि बुबाले आमाको सेवाको बाटो नछोडीकन अरू कुरा सबै छोडेर उहाँलाई नै आफूले सकेको दिनुभयो । त्यति बेलासम्म आमा अचेत भै सक्नु भएको थियो । दिए पनि लिन नसक्ने र थाहा नपाउने भैसक्नु भएको थियो । केही समयमात्र थाहा पाउनु भयो । अरू सबै वर्षहरूमा थाहा पाउनु भएन । हामीले उहाँ थाहा पाउनुहुँदै कति गर्न सक्यौँ कति गर्न सकेनौँ त्यति गर्न सकेनौँ अवश्य पनि जति गर्नुपर्थ्यो । उहाँ असक्षम हुँदा बुबाले ७ वर्ष आठ महिना आठ दिन माया ममता र शान्ति दिने कोसिस गर्नु भयो । उहाँ त्यही माया लिएर शान्तिसँग स्वर्ग जाँदै हुनुहुन्छ । उहाँको पुनर्जन्म भनेर जुन बुबाले नामकरण गर्नु भएको छ उहाँको मस्तिष्काघात भएर मस्तिष्क अचेत भएपछि हामीले त्यसको वर्षवर्ष दिनमा मुमाको पुनर्जन्म जन्मदिन मनाउन थाल्यौँ । आमाको आफ्नै जन्म दिनमा पनि गरी दुईवटा जन्म दिन मनाइन्थ्यो । आमा परलोक गमन हुनु पहिला एक महिनासम्म अस्पतालमा बस्नु भएको थियो र अन्तिम क्षणमा उहाँको जन्म दिन आउन तीन दिन बाँकी थियो । हामी त्यसैको प्रतीक्षामा थियौँ । त्यो ३ दिन पुराउन सकेको भए मुमाको उमेर ७७ वर्ष पूरा हुन्थ्यो । बुबा पनि त्यही प्रतीक्षामा हुनुहुन्थ्यो । कालले उहाँलाई त्यहाँसम्म पुग्न नपाई टपक्क टिपेर लग्यो । मैले आमाको जन्म दिनको कविता लेखेको थिएँ पढेर सुनाउँछु ( कविता भागमा हेर्नुस्)। कविता सुनाए पछि अब उहाँ यिनै शब्दब्रह्म र हाम्रो स्मृतिबिम्बमा हुनुहुन्छ । आमा महान् हुनुहुन्छ । स्मृतिग्रन्थमा अमर हुनुहुन्छ ।

# नन्दा आन्टीमा श्रद्धासुमन



**डा.कविता घिमिरे**
*वुडब्रिज, भर्जिनिया*

स्वर्गीय नन्दादेवी सुवेदी आन्टीमा हार्दिक श्रद्धान्जली, आदरणीय होमनाथ अङ्कल र परिवारजनमा हार्दिक समवेदना। होमनाथ अङ्कल र नन्दा आन्टीको माया, आशीर्वाद र अशीर्वचन म र मेरो परिवारले पनि अनुभव गर्ने मौका पायौँ।

हामी २०१० मा वुडब्रिजमा वसोवास गर्न थालेपछि होमनाथ अङ्कल र नन्दा आन्टीसँग हाम्रो चिनजान भएको थियो। मेरो आमा र बुबा, जया र सोमनाथ घिमिरे पारिवारिक भ्रमणमा अमेरिका आउने जाने क्रममा, बुबा र अङ्कल बीचको पुरानो सम्बन्ध, हाम्रो नयाँ चिनजानका कारण र एउटै भेगको बसाइ भएको हुदाँ, दुई परिवारबीच आवत जावतमा बढ्यो र एउटा अनौपचारिक सम्बन्ध स्थापित भयो।

अङ्कल आन्टीसँगको मेरो सम्बन्ध आमाबुबाको अनुपस्थितिमा पनि निरन्तर नै रहिरह्यो। अमेरिकाको अत्यन्तै औपचारिक समाजमा वसोवास गर्ने मेरालागि बाटो पर्दा, फोन नगरी, केही नोसोची ढोका ढक्ढक्याउन मिल्ने, माइतीघर थियो नन्दा आन्टीको घर। आन्टीसँगको मेरो उठबस, हाम्रा सम्वादहरू, अनुभवहरू सधैँ सुखद, सकारात्मक र रमाइलो रह्यो। उहाँको सकारात्मक सोच, सधैँ उत्साह र उर्जा भरिदिने उहाँका बोली वचन, उहाँको सङ्घर्षशील जीवन, सरल व्यक्तित्वले सधैँ मलाई प्रभाव पारेको छ र प्रेरणा दिएको छ।

आन्टीले दिनुभएको माया मुटुको एउटा कुनामा सधैँ सुखद अनुभूति बनेर रहि नै रहने छ। आउँदा दिनहरूमा पनि होमनाथ अङ्कल, कल्पना दिदी र अन्य परिवारजनसँग आन्टीले सुरु गरिदिनुभएको यो स्नेहभाव, आवतजावत, सम्वन्ध-सम्पर्क निरन्तर नै रहनेछ भन्ने विश्वास पनि छ।

गत वर्ष हाम्री घरकी आमा, मेरो श्रीमान् डा. निरज नेपालकी आमा, मेरी सासु, खीमकुमारी उपाध्यायको स्वर्गवास भएको थियो। सासु-आमा गुमाउँदाको क्षणमा मेरा व्यक्तिगत मनोभावहरूलाई मैले कविताको रूप तयार गरेकी थिएँ। त्यही कविता मैले समय सान्दर्भिक लागेर स्वर्गीय नन्दादेवी सुवेदी आन्टीको श्रद्धाञ्जली सभामा वाचन गरेकी थिएँ। स्वर्गीय नन्दा आन्टीको स्मृति प्रकाशनमा मेरा भावनाहरूलाई स्थान दिनु भएकोमा सुवेदी परिवारमा हार्दिक आभार। (कविता कविता खण्डमा हेर्नु- सम्पा.)

# ममतामयी नन्दाको सम्झनामा



**गोविन्दप्रसाद पौडेल**

*बलेवा, सरेगी, बागलुङ*

ममतामयी नन्दादेवी सुवेदीको नातामा म उहाँको फुपूसासूको एकमात्र छोरो-प्यारो देवर। मेरो जन्मस्थल आमा धनकुमारीलाई विवाह गरेर दिएको ठाउँ बागलुङ जिल्लाको बलेवा सरेगी माइण्डाँडा रहेछ र अहिले पनि म यहीँ छु। पछि मैले थाहा पाएअनुसार म जन्मेको दुई वर्ष हुँदानहुँदै आमा र मलाई आमाको माइतीघर मेरो मावलीकोमा ताकम लगिएको रहेछ। त्यसरी लैजानुको कारण आमालाई सन्तान जन्मेर पनि नरहने गरेकाले मलाई सकुशल हुर्काउन, बढाउनका निम्ति मावलीआमै भद्रकला सुवेदी र मामाहरूको सल्लाह र निर्देशनमा ताकम मावलीमा लगिएको रहेछ। त्यसरी म २०२८ सालमा २२ वर्षको उमेरसम्म मावलीघर ताकममा नै रहेँ। त्यही अवधिभित्र प्यारो दाज्यू (हाल अमेरिका) होमनाथ सुवेदीको दूरदृष्टि निर्देशनमा मामा बुद्धिप्रसाद सुबेदीको अगुवाईमा भारतको राजधानी नयाँ दिल्ली गएर विभिन्न विद्यालयमा रहेर बसेर पढाइमा उत्तरमध्यमा (आई.ए. सरह) पास गरिसकेर ताकममै आएँ। पछि विवाह गर्ने क्रममा बलेवाकै घर आएर गरेको हुनाले घरको नजिकैमा उति बेलादेखि नै नि.मा.वि. तहको नियुक्ति लिई पढाउन सुरु गरेको हुनाले पनि म स्थायी रूपले बलेवाको आफ्नै घरमा रहँदै आएको छु, हालसम्म।

म्याग्दी जिल्लाको पौडेल पुलाचौरका कुलीन परिवारमा जन्म भएकी नन्दादेवीको ऐ.जिल्ला ताकमका उच्च कुलीन परिवारका प्रसिद्ध मेरा दाज्यू हाल अमेरिका भएका जि.मु. हरिलाल सुवेदीका जेठा छोरा होमनाथ सुवेदीसँग विवाह भयो।

त्यसरी उहाँ मेरो दाज्यूको श्रीमती मेरी भाउज्यू हुनुभएकी र नन्दादेवी सुवेदीलाई मामाघर बसेका मान्छेले भाउज्यू भन्न पाउँदा अति खुशी लाग्न थाल्यो। भाउज्यूले पनि आफू जता गए पनि मलाई मामाघर लिएर जाने गर्नुहुन्थ्यो। परिवारमा आएकी पहिलो-पहिलो बुहारी देखाइमा पनि उज्यालो चेहरा राम्रो भएकी आनीबानी पनि उस्तै सुशील हुनाले सबैजनाले प्यारो गरेर बोलाउँथे- 'सेती'।

भाउज्यू भनेपछि मेरो अर्थमा धेरै प्रिय शब्द पनि हो– आमा बराबर। त्यसैले उहाँको सम्झनामा लेख्दै गर्दा 'ममतामयी भाउज्यू' भन्ने शब्द नराखी मनले मानेन। हुन पनि उहाँ मेरा लागि त ममतामयी नै हुनुहुन्थ्यो किनभने उहाँले मलाई माया, ममता गर्ने गरेका थुप्रै उदाहरण थिए। उहाँले मलाई सहोदर भाइहरू मधु र माधव जस्तै लाग्नुहुन्छ भन्ने गर्नुहुन्थ्यो भने आफूसँग भएको, आफ्नो कोठामा गोप्य रूपमा राख्नु भएका र माइतबाट ल्याएका मीठा, चोखा खाने कुराहरू जसरी दाज्यूलाई खुबाउनु हुन्थ्यो, दिनु हुन्थो तीती चीजबीजहरू सुटुक्क-सुटुक्क दिनलाई मलाई कहिल्यै छुटाउनु भएन। यी सब कुराहरू अहिले पनि याद आउँछ।

त्यसरी मलाई आफ्नी आमाले सरह माया गर्ने भाउज्यूलाई म आफैं मावलीमा बसेको देवरले के दिएर नै गुन लाउन पाउँथें र ? यसो भनेर मलाई पनि बेलाबखत तर्क आउने गर्थ्यो। मसँग दिने खाने कुरा त के नै हुन्थे र! त्यसो हुँदाहुँदै पनि एक दुई पटक मैले भाउज्यूलाई माया गरेर गुन तिरेका कुरा भाउज्यूले हाँस्दै भन्ने गर्नुहुन्थ्यो। सायद दुई तीनपटकका कुरा हुन्।

साहुपट्टिका केही घरहरूका जग्गा म्याग्दी खोलादेखिपारि बाँसकोट भन्ने ठाउँमा खोलाको तीरसम्म आ-आफ्ना अंशका पाखो जग्गा पर्छ। त्यहाँ हिउँद लागेपछि जाडो समयमा आ-आफ्ना भएका भैंसी, गाई, गोरु, भेडा, बाख्रा आदि चौपायका वस्तुभाउ लगेर राख्ने, आफू पनि बस्ने गर्ने चलन थियो। त्यही सिलसिलामा म पनि केही समयका लागि जानेगरेको हुन्थें, त्यही बाँसकोटमा। त्यहाँ गएपछि गोठालासरह गोठकै खानापिना हुन्थ्यो। गोठमा बसेका भए पनि खानामा त उही, महीसँग आटो, पिठो, ढिँडो नै हुन्थ्यो। घिउ र दही त सकेसम्म मास्दैनथिए। एक पटकको कुरा हो - बाँसकोट बस्दाको कुरा-

भाउज्यू महिना-महिनामा पन्छिएर नछोइनी हुने हुनाले मैले खाना दिनुपर्ने हुन्थ्यो। हो! त्यहीँ बेलामा खाना खान बसेकोलाई केही चीज थपिदिनुपर्थ्यो। त्यही बेलामा भाउज्यूले 'मही ल्याउनुहोस् त बाबु!' भनेर माग्दा मैले छक्किएजस्तो भान पारेर मजाले जमेको तरैतरसितको दही खन्याई दिएको छु। त्यो देखेर भाउज्यूले

मरी-मरी हाँस्दै, 'आज पनि देवरले मेरो माया मान्नु भएछ' भन्ने गरेको अहिले पनि याद आउँछ।

छोटो सम्झनाको रूपमा भाउज्यू नन्दादेवीका बारेमा भन्नु पर्दा बिर्सनै नहुने कुराहरू धेरै छन्। यहाँ त हतारका टिपन-टामनमात्र हुने भयो। कहाँ पढाइलेखाइ नभएकी व्यक्ति भए पनि मेरो विचारमा वहाँ एक कलाकार हो, साहित्यकार हो र गीतकार र नृत्यकार पनि हो। उहाँमा गीत गाउने, नृत्य गर्ने, अन्य अभिनयहरू गर्ने विभिन्न रचनाहरू गर्नसक्ने क्षमताहरू थिए। त्यसकारण उहाँको बारेमा यस्तो हतार गरेर लेख्दै गर्दा एकदम, अधुरो र अपूर्ण भएको छ।

अन्तमा, हाम्री ममतामयी आमाभाउज्यू नन्दादेवी सुवेदीको आत्माको चिर शान्ति र वैकुण्ठ बासको कामना गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै उहाँका प्यारा पति, छोरा, छोरी, ज्वाइँ, बुहारीहरू, भाइहरू, नातिनातिनाहरू माता, सम्बन्ध, इष्टमित्र लगायत सम्पूर्ण परिवारजनप्रति समवेदना व्यक्त गर्दछु।

# नन्दादेवी सुवेदी आमाप्रति



मञ्जु थापा
*गेन्सभिल, भर्जिनिया*

उहाँको आत्मालाई शान्ति मिलोस्। नन्दा आमाले परिवार, समाज र नेपाली साहित्यका लागि गर्नुभएको योगदान अविस्मणीय रहेको छ। परिवार, समाज र समयले त्यसको उच्च मूल्याङ्कन गर्ने नै छ। महिलाले गरेको त्याग, सङ्घर्ष र परिश्रमलाई सामान्य रूपमा लिने नेपाली समाजमा नन्दा आमाको योगदानलाई परिवारले र नेपाली डायस्पोराले जुन महत्वका साथ स्वीकार गरेको छ, त्यो वास्तवमा स्वागत योग्य छ। नन्दा आमाले अशक्त अवस्थामा जुन प्रेम, सेवा र माया खासगरी आफ्ना पति होमनाथ सुवेदी र परिवारबाट प्राप्त गर्नुभयो, उहाँ यस अर्थमा भाग्यमानी पनि हुनुभयो भन्ने मलाई लाग्छ।

बुबा होमनाथ सुवेदी, कल्पनाजी, पुरुजी लगायत परिवारका सबै सदस्यहरूमा गहिरो समवेदना छ। आमाको रिक्ततालाई केहीले पूरा गर्न सक्दैन तर पनि आफ्ना सन्तान र आफूबाट प्रभावित व्यक्तिका सद्गुण, सद्भाव र स्मृतिहरूमा आमा सदैव जीवित रहनुहुनेछ। आफूलाई जीवनभरि साथ, सहयोग, माया र भर दिने श्रीमती नन्दालाई जीवनका अन्तिम वर्षमा, अशक्त अवस्थामा बुबा होमनाथ सुवेदीले जुन प्रेम, निष्ठा र समर्पणका साथ सेवा गर्नुभयो, त्यो सबैका लागि अनुकरणीय रहेको छ।

# आमा मर्नु भएको छैन



**प्रकाश सुवेदी**
**ट्रस्टी, अनेसास केन्द्र**
*बाल्टिमोर, अमेरिका*

## आमा डिएन्एको रूपमा हामीमा जीवितै हुनुहुन्छ।

यहाँ जीवन के हो र आत्मा के हो त्यो मर्छ वा सर्छ वा अमर छ मानवले मृत्युको क्षणमा वाद विवाद र तत्वको शोध गर्ने प्रयत्न सदा गरिआएको छ। त्यही परम्पराकै यौटा अर्को नयाँ प्रयोग हो यो शोकसभा र यो स्मृतिग्रन्थ र यसभित्र भएका आधुनिक जीव विज्ञान, भौतिक विज्ञान, अन्तरिक्षविज्ञान र पूर्वी तथा पश्चिमी दर्शनको निचोडमा नन्दा आमालाई जीवन्त बनाउने प्रयत्न।

अनेसासका संस्थापक सदस्य, नन्दादेवी सुवेदीको, १३ औँ दिनको पुण्य तिथि जनवरी २७, २०२४ को श्रद्धाञ्जली तथा शोकसभामा म प्रकाश सुवेदी बोल्दै छु। नमस्कार, मञ्चमा हुने माननीय व्यक्तित्वहरू र मञ्चअगाडि हुने माननीय र श्रद्धालुजनहरू यहाँ पनि श्रद्धालु नै हुनुहुन्छ। म सबैलाई समान रूपमा देख्छु। आजको विषय साहित्य र आमा जस्तै लाग्छ... मलाई र खासगरी मेरो आमा, आमा नन्दादेवी सुवेदी।

धेरैधेरै कुरा त यो महासागरजस्तो हो। आमाको देन छोराछोरीप्रति महासागरजस्तो हुन्छ। म अहिले बसेर दुईचार मिनेटमा एउटा थोपा, दुईटा थोपा, तीनवटा  थोपाको कुरा गरेर वा एक दुई थोपा आँसु झारेर सिद्धिने कुरा होइन। धेरै शास्त्रहरूमा लेखिएका छन्। धेरै साहित्यहरू लेखिएका छन्– आमाको मायाले गरेको कुराहरूको वर्णन गर्दा गर्दा– म यहाँ आज सबै कुरा समावेश गर्न प्रयास  गर्न चाहन्नँ।

विशेष गरी साहित्यमा उहाँ आमाप्रति धेरैधेरै श्रद्धा छ। आजकल मेरो केमा चाख बढिराखेको छ भने यो हाम्रो अर्गानिक (लोकल), नेपालमै जन्मेको साहित्य। साहित्य त जता पनि हुन सक्छ। संसारभर हुनसक्छ, अरू कुनाकुनाबाट आउँछ। आफ्नैआफ्नै तरिकामा साहित्य हुन्छन्। मभित्र बाँचिराखेको माया नेपाली लोक साहित्यप्रति र त्यहाँका ज्ञानकुञ्जमा जम्मा गरिएका शास्त्रहरू वेद भए र वेदलाई समालोचना गरेर लेखिएका कविताहरू भए त्यस्ता रचनालाई म आफैले -Background मा Scientist नै हो - त्योअनुसार आफ्नै तरिकाले interpret गरेर वा उनीहरूले भन्न खोजेको के हो र अहिले reality मा के छ ? आजको आधुनिक बुझाइमा भनेर ती कविताहरू पढ्ने गर्छु। त्यहाँबाट आफूलाई अझै ज्ञानी बनाउने प्रयासमा हुन्छु म सधैँ। माया लोक साहित्यमा छ।

अब आमाले मलाई लोकगीत गाउन सिकाउनु भयो। हजुरबुबाले पाठ गर्नु हुन्थ्यो। आमा सुनेर मात्रै पनि कति श्लोकहरू भन्नुहुन्थ्यो। तीमध्ये म एउटा आमाले गाउने लोकगीत गाएर सुनाउँछु। एउटा चाहिने मेरो जीवाको देन - उहाँ ज्योतिषी भएको - शास्त्रको ज्ञानी भएकोले - उहाँको एक मन्त्र वाचन सुनाउँछु। बिहान बिहान खान बस्दा वाचन गरिन्छ–

ॐ अन्नो ब्रम्हा, रसो विष्णुः

स्वयम् भोक्ता, महेश्वरः।

मैले यो अर्थ बुझ्न खोजेँ त्यहाँ के भनिएको रहेछ भने म जब टेबुलमा बसेर खाना खानथाल्छु- आमाले त मलाई धेरै खान दिनु भएको छ। आमाले खान नदेको भए म यस्तो हुने थिइनँ। अब आमाबाट मैले धेरै कुरा लिएको छु।

जन्मिदा पनि उहाँबाट Genes लिएँ। Genes पनि एक प्रकारको खाना नै हो। उहाँको शिक्षा। उहाँको परिश्रम। मनै हो सधैँ लिने लिने लिने, आमाबाट लिने लिने लिने सायद यस्तै लाग्छ है। उहाँले मलाई त राम्रै बनाउनु भयो - म त्यस्तो भएर मान्छेहरूलाई मार्दै हिड्ने त भाछैन तर उहाँबाट लिने लिने सधैँ लिने चाहिँ मै हो।

मैले बुबाबाट पनि Genes लिएँ। बुबाले जत्ति परिश्रम गरे पनि, जति नाम कमाए पनि म पनि त्यसमा पनि केही न केही त पाइराखेको छु नि मैले।

तसर्थ, बुबाबाट पनि आमाबाट पनि मैले लिइराखेकै छु। त्यसकारणले म भाग्यमानी छु। म लिने मान्छे को हो त ? यो मन्त्रमा भनिएको छ कि

अन्नो ब्रम्हा

- यो ब्रम्ह, बा, आमा यो प्रकृति, सबै, ब्रम्हाण, यी सबै ब्रम्ह हुन् , ब्रम्हा भन्ने भगवान् यिनै हुन्। यसमा भएका रसहरू, जुन मुखबाट हालिसकेर त्यहाँबाट रस लिइन्छ, पेटभित्र त पाइप छ। खाएको कुरा सिधैँ तल जान्छ - सबै त भित्र त लिइँदैन ? मैले धेरै त फाल्छु। त्यो नफालेर लिन्छु, मैले आफैभित्र जुन, ती रस चाइने विष्णु हुन रे है। अनि त्यो लिने को हो ? त्यो तत्व के हो भनेपछि म महादेव। मनै महादेव हुँ। मनै शिव हुँ, म, भनेर त्यो मन्त्रमा भनिएको छ।

अब त्यस्तो सबै कुरा दिलाउनलाई हात पुऱ्याउने मेरो म आमा, बुबाको हात त्यसमा नि छ। मलाई थाहा छ। अब म आफ्नो पिता भइसकेको हुँनाले यो कुराको experience गरिसकेको छु। उहाँले गरेको दुःख, परिश्रम, पैसाको त उहाँलाई मतलब नै छैन। उहाँलाई पैसाको त केही relevant छैन। एउटा छोरा छोरी भएका छन् कि छैनन्। छोरा छोरी खुसी छन् कि छैनन्। रोएको छ छोरा भने कसरी हुन्छ फकाउने, हँसाउने, मुस्कान ल्याउने उहाँको चाहिने एकदम पुण्य कार्य, मप्रति र अरूका आमाको आफ्नो छोरा छोरीप्रति पुण्य कार्यलाई म आज यसप्रति धेरै श्रद्धा व्यक्त गर्न चाहन्छु।

अब आमाले जन्माइ सकेपछि, जन्माएर मात्र त हुँदैन नि, बेबी त रुन्छ, कराउँछ, चिच्याउँछ, भोक लागे खुवाउनै पऱ्यो। त्यति मात्रै भएर हुँदैन उसलाई Specific कुराहरू सिकाउनुपर्छ। हिँड्न सिकाउने वा बोल्न सिकाउने। बोल्दाखेरि सही तरिकाले बोल्न सिकाउने, खेल्न सिकाउने, अरूसँग बोल्ने, खेल्ने, हाँस्ने, भाषा सिकाउने। सबै गर्न पर्छ। अब आमाले आफूले जानेअनुसार मसँग धेरै रमाइलो गर्नुहुन्थ्यो। हामी दाइ, भाइ, दिदी, बहिनीसँग। मसँग उहाँले सिकाएका कुरा छन्। मैले भने नि महासागरजस्तै छन्। उहाँले सिकाएका कुराहरू तिनीमध्ये एउटा कुरा उहाँले गीत गाउनुहुन्थ्यो। मैले यसो सुन्थैं। मलाई पनि एकदम आनन्द आउथ्यो। तीमध्ये यो particularly एउटा मात्र गीत - मलाई पूरै Lyrics पनि आउँदैन - गाएर सुनाउन चाहन्छु।

टिमुरे काँडाले
    छेक्यो मलाई
देउराली डाँडाले
    रेलमा सरर - २

अब त्यस्तै भयो। आमा उहीँ ब्रह्माण्डमा विलीन हुनुभएको छ। उहाँको शरीर विलीन भएर जानु भाछ। उहाँको आत्मा - मै उहाँको Genes छ नि उहाँको DNA, यहाँ कति मोल बुझ्नुहुन्छ। DNA भनेको - यो आजकल त अब आधुनिक समय भएको हुँनाले, पढाइको Level सबैको बढी बढी भएको हुनाले DNA भन्ने शब्द सबैले सुनिसक्नु भएको होला। त्यो आमा DNA लिएर मैले आफूभित्र राखिसकेको छु। अनि मेरो दाइ, मेरी वहिनीभित्र पनि छ। र हजुरहरूसँग पनि ११% DNA त Shared नै छ। त्यो DNA लाई सायद आत्मा भनेर - त्यो वेद पुराण लेख्ने बेलामा DNA भन्ने तत्व Discover भइसकेको थिएन। कसरी वर्णन गर्नु भन्ने थाहा थिएन। अहिले त्यो DNA हामीभित्र छ। यो चाहिँ सिधै मर्दैन। हामी एक दुई व्यक्तिलाई मार्दैमा, हाम्रो जीवन हाम्रो मानव जीवन समाप्त पनि हुँदैन। जीवन As a whole भनी समाप्त हुँदैन र आत्मा पनि समाप्त हुँदैन। यो चाहिने अनन्त भने पनि हुन्छ। कहिलै मर्दैन भने पनि हुन्छ। धेरै बाँच्नेवाला छ। त्यसकारण म आफ्नो म आमा र उहाँको DNA प्रति धेरैधेरै श्रद्धा राख्दै म आज दुई चार कुरा यही सिध्याउँछु।

आमा डिएनएको रूपमा हामीमा जीवितै हुनुहुन्छ।

# आमा नन्दा अत्यन्त सम्मानित र प्रशंसनीय



**मञ्जु विमली**

*झापा, हाल– भर्जिनिया*

जीवन प्रकृतिको सुन्दर रचना हो । यसलाई बाँचुञ्जेल अत्यन्त सम्मानजनक रूपमा बिताउन सक्नुपर्छ । मृत्यु भनेको पनि जीवन जस्तैसुन्दर अवसर हो। यसलाई पनि बाँचेका बेलाका रमाइला क्षणसरह स्वीकार गर्न सक्नुपर्छ। दिवङ्गत शरीर र आत्माको सम्बन्ध छुट्टिएपछि सास फिर्ता शून्य बन्दछ। अब सांस्कृतिकता प्रवेश गरिन्छ बाँच्नेहरू ।

आमा नन्दादेवीको जीवन अत्यन्त सम्मानित र प्रशंसनीय थियो। उहाँसँगको निकटताको मातृस्नेहको अनुभूत गरेको थिएँ । आज उहाँ स-शरीर हामी बीच रहनु नभए पनि उहाँले अमेरिकाको नेपाली समाजमा पुऱ्याउनु भएको योगदान सदा स्मरणीय रहनेछ। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक सदस्यका रूपमा उहाँले जिम्मेवारी निर्वाह गर्नु भएको भूमिकालाई हामी कहिल्यै बिर्सन सक्दनौं । आमाको चिरशान्तिको कामना गर्दछु ।

शोकसन्तप्त परिवार तथा आदरणीय होमनाथ सुवेदीज्यूमा हार्दिक समवेदना अर्पण गर्दछौं ।

# नेपालमा नन्दादेवी आमाको सम्झना



**गणेशकुमार जिसी**
**अरनिको अभियन्ता, काठमाडौं**

अनेसासकी संस्थापक सदस्य नन्दादेवी सुवेदी दिवङ्गत हुनुभएको तेह्रौं दिनमा बालमन्दिर नक्साल, काठमाडौँमा विविध कार्यक्रम गरी २०८० माघ १३ गते शनिवार उहाँको सम्झना गरिएको छ।

कार्यक्रमको लागि पहिलो चरणमा योङ अरनिको क्लब र बालमन्दिर अरनिको क्लबले संयुक्त रूपमा आमा नन्दादेवीको स्मृतिचित्र तयार पारे। दोस्रो चरणमा बालमन्दिरमा आश्रित १०८ जना अनाथ बालबालिकाहरूलाई भोजन गराइयो र तेस्रो चरणमा श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरियो।

पहिलो चरणमा योङ अरनिको क्लबका तर्फबाट उन्नतिले तयार पार्दै गरेको चित्रलाई बालमन्दिर अरनिको क्लबका मायादेवी शाही, दिपा, पूर्णिमा, सुमना, पोषी, उमेश, पायल, एलिसा लगायतले पूरा गरेका थिए।

दोस्रो चरणमा दिवङ्गत नन्दादेवी सुवेदीका सन्तति पुरु सुवेदी, प्रकाश सुवेदी र कल्पना सत्यालका तर्फबाट १०८ अनाथ बालबालिकाहरूलाई समर्पित भोजन नेपाल बाल सङ्गठनका अध्यक्ष विद्या उपाध्याय न्यौपाने र नन्दा सुवेदीका भाइ माधवप्रसाद शर्माले संयुक्त रूपमा पस्केर वितरण गर्नुभएको थियो।

तेस्रो चरणमा आमाको सम्झनामा विद्या उपाध्याय न्यौपानेको अध्यक्षतामा श्रद्धाञ्जली कार्यक्रमको आयोजना भयो। कार्यक्रममा माधवप्रसाद शर्माले दिवङ्गत

दिदीबाट आमा सरह पाएको स्नेह र अभिभावकत्वका बारेमा भावपूर्ण शोक मन्तव्य प्रकट गर्नुभयो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका महासचिव विमला निरौलाले अनेसासको स्थापना, नेतृत्व र आजसम्मको अभिभावकीय दायित्वका सन्दर्भमा संस्थापक अध्यक्ष होमनाथ सुवेदीलाई निरन्तर कर्म गर्ने वातावरण बनाउँदै स्थापनाकालदेखि संस्थालाई गोलबन्द गर्ने र आजीवन संस्थाको हितमा लागिरहने अनेसासकी प्रथम महिलाका रूपमा स्वर्गीय नन्दादेवी सुवेदीको योगदानको स्मरण गर्नुभयो ।

कवि पत्रकार मोहराज शर्माले नेपाली भाषा, साहित्य, कला र संस्कृतिको अन्तर्राष्ट्रिय प्रसारमा अनेसासको स्थापनाकालदेखि आज सम्मका अभियानकर्मीहरूको योगदानको मूल्याङ्कन, नन्दादेवी आमाको भूमिका र नाजुक विरामी अवस्थामा उहाँलाई भेट्दाको भावुक क्षणको स्मरण गर्नुभयो ।

अध्यक्ष विद्या उपाध्याय न्यौपानेले नेपाल बालसङ्गठन र बालमन्दिर परिवारको तर्फबाट अनेसासकी आमा स्व. नन्दादेवी सुवेदीको आत्माको चिर शान्तिको कामना गर्दै अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदी तथा शोकसन्तप्त परिवारजन र आफन्तजनमा गहिरो समवेदना प्रकट गर्नुभयो ।

विभिन्न संस्थाका प्रतिनिधि लगायत योङ अरनिकोका तर्फबाट उन्नति जिसी, बालमन्दिर अरनिको क्लबका बालबालिकाहरू लगायत स्टाफको तर्फबाट गोमा पौडेल र नन्दऋषि जैसीले श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो ।

अन्त्यमा,

आफ्नो श्रद्धाञ्जली मन्तव्यसहित कार्यक्रमलाई सम्पन्न गर्न प्राप्त सहयोगका निम्ति बालमन्दिरका कर्मचारी, बालमन्दिर अरनिको क्लब, योङ अरनिको क्लब लगायतलाई अरनिको अभियानका तर्फबाट गणेश जिसीले धन्यवाद व्यक्त गरेपछि श्रद्धाञ्जली कार्यक्रमको समापन भएको थियो ।

# नन्दा दिदीको सम्झनामा



**नगेन्द्र न्यौपाने**
**संस्थापक अध्यक्ष, अनेसास**
**एन्सी च्याप्टर,**
*नर्थक्यारोलाइना, अमेरिका*

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक अध्यक्ष श्री होमनाथ सुवेदीको परिवारसँग हाम्रो परिवारको सम्बन्ध निकै पुरानो हो। यो शताब्दीको (सन् २००१) सुरुबाट नै हामीहरू झन नजिकियौँ। मैले सन् २००१ मा होमनाथ सुवेदीका जेठा सुपुत्र श्री पुरुषोत्तम सुवेदीबाट 'अन्तर्दृष्टि' पत्रिका हात पारेँ। साथै त्यही पत्रिकामार्फत अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको सदस्यता लिएँ। अर्को रोचकता यो छ कि ? त्यही वर्षको अन्त्यतिर होमनाथ सुवेदीमार्फत म अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको आजीवन सदस्य भएँ। साहित्य समाजबाट नै हामीहरूको सम्बन्ध प्रगाढ बन्दै गयो भने नन्दा दिदीसँग पनि वार्ताहरू हुँदै गए।

सन् २००२ मा ANA (Association of Nepalese in the Americas) को सम्मेलन न्यूजर्सीमा भएको थियो। त्यो सम्मेलनमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको पनि कार्यक्रम थियो। त्यो कार्यक्रमको लागि मैले नर्थ क्यारोलाइना च्याप्टरको प्रतिनिधित्व गरेको थिएँ। त्यो सम्मेलनका लागि हामी सपरिवार नर्थ क्यारोलाइनाबाट न्यू जर्सी पुगेका थियौं भने होमनाथ सुवेदीज्यू र नन्दा दिदी पनि पुग्नुभएको थियो। पूर्व सल्लाहअनुसार कार्यक्रम सकिएपछि हामी दुई परिवार न्यूजर्सीबाट क्यानाडाको टोरन्टो गयौँ। यो यात्रामा म, श्रीमती भगवती, छोराहरू सौगात र सौर्य थियौँ भने होमनाथ सुवेदीज्यूको परिवारमा होमनाथ र नन्दा दिदी हुनुहुन्थ्यो। साथमा अनुप पौडेल पनि थिए। सात जनाको यात्रा एउटै भ्यानमा

भएको थियो भने भ्यानको ड्राइभर म नै थिएँ। हामीहरू क्यानडाको टोरन्टो पुग्यौं र सी.एन. टावरको अवलोकन गर्‍यौँ।

सङ्गत अनुसारको फल भनेको जस्तो- होमनाथ सुवेदीज्यूसँग क्यानाडा निवासी श्री किरण ढुङ्गानासँग पहिल्यैदेखि चिनजान रहेछ। त्यही चिनजानमार्फत फोनमा कुराकानी भयो। कुराकानीको आधारमा किरण ढुङ्गानाको निवास ब्राम्टन (Brampton) मा त्यो साँझमा पुगियो। त्यहाँ त हाम्रो स्वागतको लागि रात्रिभोज नै जस्तो गरी तयारी गरिएको रहेछ। बेलुका बार्बेक्यू खाएपछि डिनर पनि खाइयो। खानपिन भयो साथै त्यो रात उहाँकै निवासमा बस्यौं। हाम्रो सातसात जनाको जम्बो टेलीलाई यति राम्रो तयारी गर्नुको कारण त किरण ढुङ्गाना अनेसास केन्द्रको १९९६–१९९७ मा नै अध्यक्ष भैसकेका रहेछन् र अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदी उहाँको घरै जाँदा खुसी नमनाउने कुरै भएन। त्योभन्दा पनि किरणजी होमनाथजीको घरमा आउँदाबस्दा नन्दा दिदीको सौहार्दपूर्ण आतिथ्य पाएका र उहाँहरू परिवारको सम्बन्ध दिदीसित झन् बढी भएकोले त दिदी जाँदा स्वागतको कमी हुने कुरै भएन। बार्बेक्यू पार्टीमा भएका वादविवाद र हाँसोठट्टाबाट हामीले यी कुरा जान्यौं। आनन्द आयो।

भोलिपल्ट नियाग्राफल्सको भ्रमण गर्‍यौँ र दिनभरिको यात्रापछि राति १० बजेतिर भर्जिनिया आइपुग्यौँ। त्यतिबेला त्यो यात्रा अति रोचक लाग्दो अनि रहरलाग्दो थियो। यात्रामा हाम्रो परिवारले नन्दा दिदीलाई नजिकबाट अध्ययन गर्ने मौका पायो। हामीहरूले आपसमा दुःखसुख साटासाट गरेका थियौँ। मेरो छोराहरूले नन्दा दिदीबाट नेपाली संस्कार, चालचलन र रीतिरिवाज सिक्ने मौका पाएका थिए।

नन्दा दिदीको साहित्यिक पृष्ठभूमि मलाई थाहा भएन। उहाँको पढाइ थाहा पाउने मेरो चासो पनि गएन। तर मैले थाहा पाएदेखि उहाँको जिन्दगी साहित्यमा नै बित्यो। उहाँ किताबसँग खेल्नु हुन्थ्यो। किताबसँग कुराकानी गर्नु हुन्थ्यो अनि किताबको स्याहार सुसार गरेर दिन बिताउनु हुन्थ्यो। अर्को अर्थमा भन्नुपर्दा उहाँको आरोह-अवरोह, अनुभूति र दुःखसुख किताब र साहित्यसँग भयो। त्यति मात्र होइन उहाँको अन्तिम सास किताबको सिरानीमा नै गयो। उहाँ अन्तर्राष्ट्रिय नेपाली समाजको संस्थापक सदस्य भएरमात्र होइन उहाँ आफैं एउटा किताब हुनुहुन्थ्यो। उहाँ इतिहास हुनुहुन्थ्यो। साहित्यकारहरूलाई माया गर्ने एउटा चम्किलो स्रष्टा हुनुहुन्थ्यो।

घरमा आफ्ना पति साहित्यकार भएपछि कहिलेकाहीँ विमती भयो होला। कहिलेकाहीँ झन्झट लाग्यो होला तर उहाँले कहिल्यै पनि देखाउनु भएन। बरु हामीहरू त्यो घरमा पुगेको बेला उहाँ निकै फुर्तिलो हुनुहुन्थ्यो। रमाई-रमाई गफ गर्नुहुन्थ्यो। भगवतीलाई झ्याम्म अँगालो हाल्नुहुन्थ्यो। सौगात र सौर्यको गाला मुसार्न आउनु हुन्थ्यो।

सन् २०१६ को मे ८ मा महिनाको पहिलो सातातिर उहाँलाई नराम्रो रोगले छोएछ। उहाँलाई मस्तिष्कघात (ब्रेन हेमरेज, Brain Hemorrhage) भएछ। उहाँले आफ्नो पुराना कुराहरू सबै बिर्सनुभएछ। उहाँलाई हामीहरू भेट्न नर्थ क्यारोलाइनाबाट गयौं। दुःखको कुरा उहाँले हामीहरूलाई चिन्न सक्नुभएन। त्यतिका वर्षको सम्बन्ध अनि त्यति लामो-लामो फोनको गफ उहाँले सबै भुल्नुभएछ। उहाँको दिमागबाट पुरानो इतिहास सबै बढारिएर गएछ। मस्तिष्क सफा भएछ।

“भगवती हो ! चिनिनौ ?” भनेर होमनाथज्यूले हाम्रो परिचय गराउनु भयो।

“भगवती !” भनेर उहाँले ठूलो स्वरले बोल्नुभयो तर उहाँले मेरी श्रीमतीलाई चिन्न सक्नुभएन। त्यति मात्र होइन आफूले बोलेको शब्द नै उहाँलाई हेक्का भएन। बरु ठूलो स्वरले हाँस्नुभयो।

यो रोग लिएर उहाँ करिब सात वर्ष आठ महिना आठ दिन  यही धर्तीको सास फेर्नुभयो र अन्त्यमा सन् २०२४ को जनवरी १५ मा परलोक हुनुभयो। उहाँलाई लागेको रोग अति नै जटिल थियो। उहाँका दिनहरू निकै संवेदनशील अवस्थाबाट गुज्रेका थि तर सुविधा सम्पन्न देश भएर होला उहाँले खासै कष्ट भोगेको जस्तो लागेन। सरकारीस्तरबाट नै कर्मचारी खटाइएका हुन्थे। उनीहरूले बिहान-बेलुकाको खानपिन व्यवस्था गरेका हुन्थे। दिउँसोतिर हिँडाउनका लागि पार्कमा लैजान्थे। मसाज गर्थे। सुत्ने व्यवस्था पनि राम्रोसँग मिलाएका हुन्थे।

यो सबैलाई थाहा भएको कुरा हो - मानवले यो धर्ती छाडेर जानैपर्छ यो उसको स्थायी वासस्थान होइन तर कसैलाई पनि थाहा छैन कि धर्ती छोडेर गएपछि मान्छे कहाँ पुग्छ ? आजभन्दा करिब दुई वर्ष (सन् २०२२, जुन) अगाडि मेरो माताजी बित्नुभयो। मलाई यो प्रश्नले गाँजिरहन्छ कि के यी मृत्यु भएकाहरू एकै ठाउँमा जम्मा भएका छन् ? के मृत्यु हुनेहरूको एउटै ठाउँमा समूह बनाएर बसेका छन्। स्वर्ग, नर्क जस्ता शब्दहरू के काल्पनिक हुन् वा कतै कसैले नदेख्ने ठाउँमा लुकेर बसेका छन्? म यति बेला तिनै मृत्यु भएकाहरूलाई सम्झन पुग्छु। उनले बोलेका वाक्यहरू दिमागमा ल्याउँछु अनि उनीहरूलाई बुझ्ने कोसिस गर्छु।

नन्दा दिदी यो संसारमा हुनुहुन्न। मेरी माताजी पनि यो संसारमा हुनुहुन्न। केवल उनीहरूले बोलेका शब्दहरू बेला-बेला आइरहन्छन्, दिमागमा उनीहरूकै तस्बिर घुमिरहन्छ। नन्दा दिदीले मलाई सुरुको भेटमा नै भन्नुभएको थियो-

“हेर नगेन्द्र ! मलाई अरू नाता लगाउने होइन ! दिदी भन्नू।”

अन्तिम अवस्थासम्म पनि मेरो नाता कायमै रह्यो। मैले नन्दा दिदीबाट माया, ममता र स्नेह पाइरहेँ। ममात्र होइन मेरा परिवारका सम्पूर्ण सदस्यसँग नाता कायमै रह्यो। नन्दा दिदी ! तपाईंको सम्झनामा समर्पित यो सम्झना यहीँ बन्द गर्छु। तपाईँ जहाँ हुनुहुन्छ आरामसँग बस्नुहोस्।

# आमा समानकी नन्दा



**लक्ष्मी आचार्य**
*सीतापाइला, काठमाडौँ*

हाम्री ममतामयी आमा समानकी भाउज्यू आदरणीय नन्दादेवी सुवेदीको स्वर्गारोहणको खबरले हामी मर्माहत भएका छौँ। म ६ महिनाकी हुँदा मेरी आमा समानकी भाउज्यू हाम्रो घरको जेठी बुहारीको रूपमा भित्रिनु भएको थियो। हिजोजस्तो लाग्छ मलाई। मलाई एउटी आमाले जस्तै माया अनि ममताले हुर्काउन कहिले पछि पर्नुभएन। ताकमदेखि काठमाडौँ लगायत अमेरिकासम्मका भाउज्यूसँगका धेरै सम्झनाहरू छन्। उहाँसित बितेका ती पलहरू अनगिन्ती छन्। ती कति बयान गरौँ म ! यो सानो स्मृतिलेखमा कति लेख्न सकिन्छ र ? बयान गरी साध्य नै छैन।

अब सम्झना मात्र हुने भयो। यस्तो सुन्दर आत्मालाई मेरो कोटी कोटी प्रणाम। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)का संस्थापक अध्यक्ष हाम्रा आदरणीय दाज्यू श्री होमनाथ सुवेदीज्यूको सात वर्ष आठ महिना आठ दिनसम्मको बिरामी अवस्थाको सेवामा समर्पण धेरै उल्लेखनीय भयो। त्यस बेला उहाँको धैर्य जुन एउटा मायाले भरिपूर्ण आत्माले मात्र गर्न सक्छ, त्यो देखियो। त्यस्तो माया सेवा र समर्पण आजको युगमा बिरलै देख्न पाइन्छ। यस्ता प्यारा हाम्रा दाजैलाई मेरो कोटीकोटी प्रणाम ! शोकाकुल परिवारजन होमनाथ सुवेदी, पुरुषोत्तम सुवेदी कल्पना सुवेदी, प्रकाश सुवेदी, दया सुवेदी, बासु सत्याल, कल्पना सत्यालमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी परमेश्वरसँग प्रार्थना गर्दै पवित्र आत्माको परलोक गमन एवं चिर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ।

# स्मृतिका पानामा दिदी नन्दा



**खेमनाथ दाहाल**
**ट्रस्टी, अनेसास बिओटी**
*काठमाडौं*

म सन् २००४मा पहिलो पटक अमेरिका जाँदा मेरा तीन कृति श्रद्धाञ्जली रश्मि र योद्धा लिएर गएको थिएँ। म केही दिन कनेक्टीकट बसेर जब भर्जिनिया पुगेँ। ममा लुकेको साहित्यिक चेत प्रकट हुन थाल्यो। म अमेरिकाका साहित्यकारसँग साक्षात्कार गर्न लालयित हुन थालेँ। क्रमशः खोज्न थालेँ साहित्यकारहरूलाई। यही खोजाइको क्रममा भाइ अमोद कटुवाल मार्फत एकदिन श्रीमती उषा, छोरी जीनु र ज्वाइ उदेश गजुरेलसहित म पुगेँ उडब्रिज वरिष्ठ साहित्यकार होमनाथ सुवेदी र दिदी नन्दादेवीको निवासमा ।

हामी उहाँहरूको घरमा दुई बजेतिर पुग्दा होमनाथ सर घरपछाडि बगैँचामा सायद हाम्रो प्रतीक्षामा बसिरहनु भएको रहेछ। हामी पुग्ने बित्तिकै उहाँले बस्न आग्रह गर्नु भयो। हामी खाली कुर्सीमा थपाथप बस्यौ। केही क्षण पश्चात् परिचयको क्रम सुरु भयो। परिचय हुनासाथ मैले कृतिहरू दिएँ र बोझ हलुका भएको महसुस गरेँ। अरूसँग परिचय आदान-प्रदान हुदैँ गर्दा बिचमा नै उहाँले एकाएका "नन्दा ! नन्दा !" भनेर कसैलाई बोलाउनु भयो। भित्रको हजुरको प्रत्युत्तर पूरा हुननपाउँदै उहाँले "नेपालबाट पाउना आउनु भएको छ जुसको व्यवस्था गर न !" भनेर अनुरोधात्मक आदेश गर्नु भयो। उहाँले भनेको केही मिनटपछाडि एक सामान्य नेपाली महिला हातमा सुन्तलाको ट्रपिकाना जुसको ग्यालेन र चारपाँचओटा ग्लास लिएर टुप्लुक्क हाम्रोअगाडि आउनुभयो। सोँचे

नन्दादेवी उहाँनै हुनुहुँदो रहेछ। उहाँले हामीलाई आत्मीयता देखाउँदै एकएक ग्लास जुस थमाउँनु भयो र पूर्व परिचितलाई भनेभ्भैं थप्न मन लागे भन्नू भन्दै पर्खिएर बस्नु भयो। हामीले एकएक ग्लास जुस पिएर औपचारिकता पूरा गऱ्यौ।

मेरो, अमेरिकामा अमेरिकन पहिरन र अमेरिकन ट्रे अनि त्यसमा सजाइएका जुसका गिलासहरूको साथमा नन्दा आउने परिकल्पनाको विपरीत एकाएका यस प्रकार दृश्य देख्ता सानामा दिदीले  ढुङ्ग्रोबाट खन्याएर मोही बाँडेको सम्भनामा डुब्न पुगेँ। म बालक छँदा घरमा आएका आफन्तलाई मेरा दिदीहरूले यसैगरी गोठबाट ल्याएको मोही बाड्नु हुन्थ्यो। म एकछिन यो परिदृश्यमा बिलाएँ। तुरुन्त म नन्दादेवीमा मेरा दिदीको प्रतिविम्ब खोज्न थालेँ। अमेरिकाको भर्जिनियामा यस प्रकारको आडम्बरविहीन सादा लुगाले परिवेष्टित महिला देख्नु आफैमा एक परिकल्पनासरह हो तथापि म देखिरहेको छु। आश्चर्य चकित भएँ। कति सादगी जीवन यापन गर्ने महिला हुनुहुँदो रहेछ उहाँ। यस्तै सोच्दासोच्दै उँहा दिदीको विम्ब देखा पऱ्यो। पर नेपालमा भएका दिदीकै झझल्को पाएँ होला प्रत्यक्षमा। त्यसैले यस्तै कल्पना गरेँ होला एकाएक भर्जिनियामा।

त्यसदिन हामीलाई भर्जिनियाबाट चाडैं फर्कनुथियो। त्यसैले उहाँहरूसँग धेरैबेर बस्न असमर्थ भयौँ र बिदा माग्यौँ। हत्तपत्त नन्दा दिदीले आफ्नै भाइ छोराछोरीलाई झैँ भरे पुग्ने बित्तिकै के तरकारी खान्छौ ? पख भनेर भित्र जानु भयो र एकझोला सिमी र फर्सी लिएर पुनः आउनुभयो। छोरीले छक्क पर्दै लगेर गाडीमा राखिन् र फर्केर धन्यवाद दिन थालिन्। दिदीले वात्सल्य देखाउँदै आफ्ना भाइबहिनालाई खुवाउँदा के को धन्यवाद भनेर आफ्नो उदारतामा झन् उचाइ थप्नु भयो। करिव एकघण्टा  होमनाथ सरसँग साहित्य सम्बन्धी कुराकानीमा व्यस्त भएँ। अहिले २१ बर्ष पछि लाग्छ म बबुरोले के कुराकानी गरेँ होला। कतै बहर गोरुको उपमेय त भइनँ। उहाँको अगाडि म ! हुनसक्छ जोत्न निस्केको बहर सदृश कुरा गरेर हिडेँ होला कि ! अहिले पनि मलाई सङ्कोच लाग्छ। स्मरण भएअनुसार उहाँले भने गम्भीर कुरा गर्नु भएको रहेछ जसलाई पछिमात्र बुझेँ मैले। उहाँले अनेसासको प्रारम्भिक चरण र प्रवासमा नेपाली साहित्यको विकास नेपालीले नै गर्नुपर्छ भन्ने अनेसास अभियानको सेरोफेरोमा कुरा गर्नु भएको रहेछ त्यसदिन।

हामी कनेक्टीकटका लागि बाटो लाग्यौँ। बाटाभरि कुराको विषय बन्यो नन्दा दिदीको रहनसहन र तौर तरिका। सबैको सोच विपरीत उहाँको अनौठो स्वभाव। म दशपन्ध्र दिन कनेक्टीकट बसेर पुनः भर्जिनिया फर्किएँ। थप दश महिना जति त्यही

बसेँ । यो बसाइमा होमनाथ सर र दिदीसँग मेरो साहित्यिक वनभोज, कोठे कविता कार्यक्रम र कविगोष्ठीहरूमा भेट हुन थाल्यो । परिचय नवीकरण हुँदै आत्मीयताको बाटोमा लाग्यो । दिदीसँग प्रायः हरेक कार्यक्रममा भेट हुन थाल्यो । हरेक पटकको भेटमा म उहाँलाई निगरानी गर्छु  र उहाँमा पाउँछु उही सबैसँग एकै प्रकारको व्यवहार सबैको अविभावकजस्तो आफ्नैपन, त्यही ममता, त्यही निश्चिन्तता, त्यही निर्भीकता ।

लगभग बाह्र महिनाको बसाइ सकेर नेपाल फर्कन केही दिन बाँकी हुँदा मैले विदा माग्दै होमनाथ सरलाई फोन गरेर बिदा मागेँ । त्यो बेला उहाँले भन्नुभयो– तपाईँ जस्तो लेख्ने मान्छे, बस्न चाहनुहुन्छ भने के सहयोग गर्नुपर्छ म गर्न तयार छु, भरिसक्य नजानुहोस् । यहीँ बसेर सिर्जना गर्नुहोस् । यसो भनेर सम्झाउने यत्न गर्नुभयो । मैले बुझेँ उहाँ असाइलममार्फत म अमेरिका बसोस् भन्ने चाहनुहुन्छ । मैले टिकट काटिसकेको र यसपटक फर्कनै पर्ने कारण बताएँ । नन्दा दिदीले हाम्रो सम्वाद सुनिरहनुभएको रहेछ । उहाँले पनि नजाने सल्लाह दिनुभयो ।  अमेरिका पुगेर पनि यस प्रकार अविभावक पाउँदा म दङ्ग मात्र होइन छक्क पनि परेँ । भनिन्छ अमेरिका पुगेपछि आफन्तको आत्मा हराउँछ र आफ्नोलाई पनि चिन्दैनन् तर यहाँ त म मेरोभन्दा विशाल आत्मासँग साक्षात्कार गरिरहेको थिएँ ।

यसपछिका मेरा अमेरिका यात्रामा वुडव्रिज एक स्टेसन भयो । जबजब म अमेरिका पुग्थेँ तबतब दिदी नन्दाले बनाएको खाना नखाइ नफर्कने भएँ । यसरी क्रमशः घनीभूत भएको दिदी नन्दा र मेरो सम्बन्ध मेरा परिवारसम्ममा पहुँच राख्ने भयो । दिदी काठमाडौँ आएको बेला मेरा घरमा एक छाक खाएरै जानुहुन्थ्यो । मेरा छोराछोरीसमेत उहाँको निष्कपट र आत्मीयपनमा प्रभावित भए । अझ पछि छोराको विवाहको लागि उहाँ आफ्नू अविभावकत्व र उत्तरदायित्व सम्झेर प्रस्तावसमेत गर्नुहुन्थ्यो । पटकपटकको भेटमा मलाई सुझाव दिनुहुन्थ्यो तर पछि अस्वस्थका कारण विवाहमा उहाँको उपस्थिति रहेन ।

सन् २०१६ को सुरुतिर म उहाँहरूको  घरमा  दिदीसँग ६ दिनजति बसेँ । त्यस समयमा दिदीको व्यवहार देखर म उहाँहरूको एक आपसी सद्भाव देखेर झनै चकित भएँ । दिदी नन्दाले जे गरे पनि जे भने पनि होमनाथ सरलाई फरकै नपर्ने । लेखक, साहित्यकार श्रीमान् उहाँलाई भेट्न दैनिक ५/७ जना आगन्तुक हुन्थे, कत्ति झर्को छैन दिदीलाई । सबैलाई एकरूप आत्मीय व्यवहार जो आउँछ त्यो परिवारको सदस्य सरह खान्छ जान्छ । त्यसै बेला इन्डिया र सिक्किमबाट टेक्सस हुँदै एक दिन

विन्द्या सुब्बाजी र डा.कविता लामाजी उहाँहरूलाई भेट्न आउनुभयो। बेलुका खाना खाएपछि विन्द्या सुब्बाजी र डा.कविता लामाजीले दिदी नन्दालाई गरेको सम्मान र देखाएको आत्मीयताले म भावविभोर भएँ। उहाँहरूले दिदी नन्दालाई हजुर सबैको दिदी सबैको आमा हामी हजुरको दर्शनकै लागि आएको भनेर जुन प्रकारको व्यवहार देखाउनुभयो, त्यो सामान्य मानिसलाई हुन नसक्ने कर्म थियो। मैले कविताजीलाई उहाँसँग तपाईँहरूको भेट कहाँ भएको थियो ? भनेर प्रश्न गरेँ। उहाँले अनेसासको ३/४ ओटा अन्तर्राष्ट्रिय सम्मेलनमा भेट भएको जानकारी दिँदै हरेक सम्मेलनमा उहाँ आमा, उहाँ दिदीको रूपमा पूजित व्यक्तित्व हो भनेर उल्टै मलाई प्रस्ट पार्न खोज्नु भयो। उहाँले यसो भनिरहँदा दिदी होमनाथ सरसँग विभिन्न मुलुकमा भएका अनेसास सम्मेलनमा सँगै गएका तस्वीरहरू सम्झँदै कविताजीको भनाइलाई यथार्थ र सत्य मानेँ। सोचेँ उहाँहरूले बुझेर नै दिदीको यति सम्मान गर्नु भएको रहेछ। भेटघाट गरेर विहान विन्द्या सुब्बाजी र डा.कविता लामाजी त जानु भयो तर म भने बुभुक्षु भएँ दिदीको मैले नबुझेको पाटो अझ बुझ्न।

उहाँहरूसँग सङ्गत गर्दै जाँदा दिदी प्रत्यक्ष त होमनाथ सरको गृहिणी देखिए पनि वास्तवमा उहाँ आमा सरह अविभावका रूपमा हुनुहुँदो रहेछ, उहाँहरूको सांसारिक जीवनमा भन्ने अनुभूत भयो मलाई। भनिन्छ आमाको माया र पत्नीबाट तुष्टि पाउँनु स्वर्गको आनन्द समान हो धर्तीमा। जब माया र तुष्टि एकै जनाबाट पाइन्छ भने पृथ्वीमा सुखी त्योभन्दा अरू को हुनसक्ला ? जबसम्म दिदी यस संसारमा रहनु भयो उहाँहरू एक आपसमा अभिन्नअङ्गका रूपमा रहनु भयो। देशी विदेशी प्रायः हरेक क्रार्यक्रममा उहाँहरू सँगसँगै सम्मिलित हुनुहुन्थ्यो। दिदी आफै साहित्यकार नभए पनि साहित्यिक कार्यक्रममा होमनाथ सरभन्दा एक कदम अगाडि भएर भाग लिनुहुन्थ्यो। लोकगीत गाउनुहुन्थ्यो, नाच्नुहुन्थ्यो, हाँस्नु र हँसाउनुहुन्थ्यो, सबैलाई माया गर्नुहुन्थ्यो। दिदीको निष्कपट स्वभावअनुसार बेलाबेला कार्यक्रमहरूमा दिदीबाट यसो नगरेको भए हुने थियो कि भन्ने आभाष हुने क्रियाकलाप भए पनि उहाँलाई बुझ्नेका लागि सामान्य हुन्थ्यो। जीवनमा मैले यस प्रकारको जोडी आजसम्म देखेको छुइनँ र उहाँहरूको सामीप्यता नभएको भए 'हुन्छ' भन्दा पत्याउने पनि थिइनँ होला। यदाकदा म आफैलाई सोध्छु– के होमनाथ सर जीवनमा कहिल्यै दिदीसँग रिसाउनु भएको होला ? उहाँहरू बीचको व्यहारबाट छ भन्ने प्रश्न नै उठ्दैन। दिदीबाट भएका कतिपय क्रियाकलापहरूमा मञ्चमा बसेर मुसुमुसु हाँस्तै हेरिरहने होमनाथ सरको बानीलाई मानिसले आआफ्ना ढङ्गले अर्थ्याउलान् तर मेरो दृष्टिकोणमा त 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः' को सही मर्मलाई उहाँले

प्रयोग गरेर अनुभव गर्नुभयो र हामीलाई उदाहरणको रूपमा देखाइदिनु भयो। यो उहाँको विशिष्टता हो जो सामान्यमा हुदैंन र पाइँदैन। के सबैले श्रीमतीलाई यसरी स्थान दिन सकेको छ वा सकिन्छ ? यो यक्ष प्रश्नको रूपमा स्थापित गराउनु भएको छ होमनाथ सुवेदीले हामी माझमा।

म २०१६ मा भर्जिनियाबाट फर्केपछि बिचमा म दुईपटक मात्र भर्जिनिया पुगेँ। यो बिचमा होमनाथ सरसँग कुरा हुँदा दिदीबाट पहिलाजस्तो रेस्पोन्स हुन छोडिसककेको थियो। पहिला मेरो फोन भन्दा उहाँ कुरा गर्न उत्सुक हुने मान्छे एकाएक मौन हुनुभयो। दिदीलाई बिमारले च्याप्दै लगेको होमनाथ सरबाट थाहा भइरहेकाले यसलाई मैले सहज रूपले लिएँ। पछिपछि फोनमा भाषा परिवर्तन भयो। मैले फोन गर्दा होमनाथ सर कहिले पार्कमा दिदीलाई घुमाउन लान तयार गर्दैछु भन्ने जवाफ दिनथाल्नुभयो भने कहिले खाना खुवाउँदै त कहिले के के.......... अर्थात् सबै कुरा दिदीको सेवाका वरिपरि।

पछिल्लोपटक म त्यहाँ पुग्दा दिदी लगभग मानिस चिन्न नसक्ने र खाटबाट उठ्न नसक्ने अवस्थामा पुगिसक्नुभएको रहेछ। तैपनि व्हिलचेयरमा राखेर व्हिलचेयर एक्सेसिबल भ्यानमा चढाएर पार्कमा लगी त्यहाँ घुमाउने र घर ल्याउने गर्नुहुँदो रहेछ। अन्तिम पटक दिदीलाई दर्शन गरेर फर्किएँछु। म काठमाडौँ फर्किएर आएको दुईतीन वर्षसम्म पनि दिदी पलङको पलङमा नै। अन्ततः धेरै पछिको सर्म्पकमा दिदीलाई हस्पिटलमै राखेको जानकारी र कालान्तरमा दिदीले इहलोक त्यागेको खबर पाएँ।

दिदी नन्दाले मृत्युवरण गरेको खबरले तब्ध भएँ म। भर्जिनिया मेरो लागि शून्यमा परिणत भएको अनुभूत भयो मलाई। म गीताको यो श्लोक पढ्दछु "अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च, नित्यःसर्वगतः स्थाणुरचलोयं सनातनः" आत्मा अच्छेद्य छ, अदाह्य छ, अक्लेद्य र अशोष्य छ किनकि यो नित्य, सर्वव्यापी, स्थिर अचल र अनादि छ भनेर बुझ्ने यत्न पनि गर्दछु तथापि मानव स्वभावमा आवृत्त भएर दिदीको परलोक गमनमा शोक मग्न छु र श्रद्धाञ्जली अर्पण गर्दछु।

"जातस्य हि ध्रुवो मृर्त्युध्रुवं जन्म मृतस्य च" यसलोकमा जन्मेपछि मृत्यु ग्रहण गर्नै पर्छ यो अपरिहार्य छ। हामी जन्मदा हामीसँग निश्चित भएर सँगै आएको भनेको वस्तु केवल मृत्यु नै हो जो शाश्वत सत्य छ। हामी सबैलाई अप्रिय हुँदाहुँदै जीवन भर अहोरात्र हामी मृत्युलाई साथमा लिएर हिँडेका हुन्छौँ यसबाट भाग्न खोज्दै

तथापि अन्ततः यसकै शरण पर्नुको विकल्प हुँदैन । यही बुझेर मानिस विकल्पको रूपमा अमरताको बाटो खोज्छौँ । त्यसका आधारमा अमरत्व खोज्न थाल्दछौँ । यही अमरत्व खोज्ने क्रममा दिदी ! तपाईँलाई म विश्व नेपाली साहित्य रङ्गमञ्चमा नन्दा आमा र नन्दा दिदीको रूपमा, प्रत्येक साहित्य प्रेमी नेपालीको हृदयमा आदर्श अविभावकको विम्बको रूपमा देखिरहेको छु । दिदी ! तपाईँ डायस्पोरामा साहित्य जीवित रहुञ्जेल जीवित हुनुहुन्छ यो लोकमा । दिदी ! तपाईँलाई मैले धेरै नजिकबाट पढेको छु । त्यसैले निःसङ्कोच सन्तोषी र निष्कपट आदर्श अविभावकको रूपमा हृदयमा सजाएको छु । दिदी तपाईँको वियोगमा संवेदनशील हुँदै होमनाथ सर तथा परिवारमा समवेदना ! तपाईँमा पुनः श्रद्धाञ्जली अर्पण गर्दछु ।

# नन्दा र अन्येष्टि कर्म

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ति गरून् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो ।
–लेखनाथ पौड्याल




**पं. गोविन्द भट्टराई**
*वुडब्रिज, भर्जिनिया*


"हुने हार दैव नटार" अर्थात् हुने कुरा कसैले रोकेर रोकिँदो रहेनछ । भगवान्‌को लीला, प्रकृतिको देन कसैले बुझ्न सक्दैन । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक अध्यक्ष श्री होमनाथ सुवेदीज्यूकी धर्मपत्नी (अर्धाङ्गिनी) नन्दादेवी सुवेदी वि.सं. २०८० माघ १ गते (सूर्य नारायण भगवान् उत्तरायण, पिङ्गलनाम संवत्सर, पौष शुक्ल पञ्चमी तिथि (घ. श. पू. अदि न मकर रा. सूर्य, मीन रा. चन्द्रमा सोमवार अर्थात् जनवरी १५ सन् २०२४ का दिन यस भौतिक संसारबाट आफ्ना भगवान् रूपी श्रीमान्, २ छोरा, २ बुहारी, १ छोरी, तथा नातिनातिनीहरू तथा सम्पूर्ण इष्टमित्र बन्धुबान्धवसँग रमण गर्दागर्दै सदाका लागि विलीन हुनु भयो । आज यस धरतीबाट बिदा भएर गए तापनि अन्तर्राष्ट्रिय जगतमा इष्टमित्र बन्धुबान्धव सबैका मनमनमा हुनुहुन्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा चिरपरिचित स्व. नन्दादेवी सासूआमाको नम्र, मिठास, मधुर वाणी र बन्धुत्वको भावना भएकै कारणले पनि होला नन्दादेवी सासूआमाको अन्त्येष्टी/श्रद्धाञ्जली सभामा उपस्थित मानवसागरले सावित गरेको थियो ।

मानिस चेतनशील प्राणी भएकाले जीवनमा अति दुःख कष्ट, आपत विपत, र शोक परेता पनि सबै कुरा बिर्सेर आफूले गर्नुपर्ने कर्तव्य सम्झेर छोराहरूले '

जातस्य हि ध्रुवं मृत्यु, ध्रुवं जन्म मृतस्य च' भन्ने वाक्य मनन गरेर केश मुण्डन गरी नसिलाइएका चोखा वस्त्र पहिरी नयाँ जनै फेरी पञ्चक पुतला विधि अर्थात् १, प्रेतवाह २, प्रेतशख, ३ प्रेतप, ४, प्रेत भूमिप ५ प्रेतहर्द यी माथिका ५ कुशका पुतला बनाई प्रेतका विभिन्न अङ्गमा राखी, यात्रा हुनु पूर्व र शव यात्रामा छोराहरूद्वारा पिण्ड तथा दागवत्ती दिएपछि शवलाई जलाउने काम भएको थियो। यसपछि पोटोम्याक नदीमा अस्तु विसर्जन गरियो। क्रियापुत्रीहरूलाई पोटोम्याक नदीमा स्नान गराइयो। "यो संसार "वसुधैव कुटुम्बकम्" हो अर्थात् पृथ्वी र मानिसको सम्बन्ध एक अर्कासँग अन्योन्याश्रित रहन्छ। यो पृथ्वी एउटै हो जहाँ बस्यो त्यहीँ आफ्नो घर हो। पारिवारिक समस्यालाई मध्यनजर गर्दै हिमपात भएको जाडोको मौसम भएकोले स्वास्थ्यलाई ध्यान दिँदै अमेरिकाको आफ्नै घरमा दशगात्रादि कर्म संस्कार गर्ने निधो गरी घरमा कोरा बनाई क्रियापुत्रीहरूलाई भित्र्याउने काम भएको थियो र डिकुरो घरको पछाडिको चौरमा बनाई पिण्ड दिने आदि क्रियाकर्म गरियो।

पुत्रस्य परमो धर्मः पित्र्युद्धारसमो नहि।
पित्र्युद्धारं न कुरुते स्वयं च सुखमिच्छति ॥
स याति नरकं घोरं यावच्चन्द्रार्कमेदिनी ॥

आफूलाई जन्मदिने मातापिताको उद्धार गर्नु असल छोराहरूको पहिलो धर्म हो। असल कर्मले नै यस नरकमा पुनर्जन्म हुनु पर्दैन भन्ने हिन्दु धर्मशास्त्रको मान्यतानुरूप आफ्नै भूमिमा डिकुरो बनाई सुरुदेखि १० औँ दिनसम्म प्रेत, नरक र पुरकको नामोच्चारणसहित छोराहरूद्वारा पिण्ड दिइएको थियो। ५ औँ दिन देखि ९ औँ दिनसम्म गरुड पुराण पण्डितद्वारा वाचन भएको तथा क्रियापुत्री, शोकाकुल परिवार र अन्य बन्धुबान्धवहरूबाट श्रवण भएको थियो। १० दिनसम्मको कर्म सकिएपछि डिकुरो फुटाउने, नुहाइधुवाइ गरी गहुँत खाई जनै फेर्ने काम गरी १० औँ दिनसम्मको कर्म सकिएको थियो।

११ औँ दिनको कर्म गर्नका लागि नित्यझैँ स्नानादि गरी चारकुने चौको बनाई चौकामाथि सेतो कपडा बिच्छाई मध्यम षोडशी कुशका १६ ऋषि, १६ बत्ती बीचमा मूल बत्ती बाली पिण्डवेदी बनाई प्रेत, जाचक नाम नरक र विष्णवे ऋषि आरभ्य पुरुषायपर्यन्त नामोच्चरण गरी पिण्ड दिने काम भएको थियो। पिण्डको काम सकिएपछि छोराहरूद्वारा पोटोम्याक गङ्गामा पिण्ड सेलाई पाथेय प्रेत (श्राद्ध) गरी ३६५ तिलतोयाञ्जली दिनु भएको थियो।

यसैगरी १२ औं दिनको कर्म गर्नका लागि नित्यझैं स्नानादि कर्म गरी चौको बनाई चौकामाथि सेतो कपडा बिच्छाई (उत्तम षोडशी) १६ कुशका ऋषि, १६ बत्ती, पिण्ड वेदी तथा बीचमा मूलदियो र कालकामा ऋषि स्थापना प्रेत, क्लिबोदर नाम नरक ऋषि, गौतम ऋषि आरभ्य वाल्मीकि पर्यन्त अवनेजनं, पिण्ड र प्रत्यवनेजनं नामोच्चारण सहित पिण्ड दिनु भएको थियो। पिण्ड पोटोम्याक गङ्गामा सेलाइ सपिण्डी श्राद्ध भएको थियो। सपिण्डी श्राद्ध सकिएपछि पाथेय श्राद्ध समापन पछि दश दान, पद दान र समय परिस्थिति अनुसार बरखी फुकाउनका लागि १६ जल घर सहित आमान्न दान, र दान दक्षिणा भएको थियो भने १३ औं दिनका दिन शुद्धशान्ति र गृह शुद्धिका लागि पञ्चवारुणी हवनादि शैय्यादानसहित पञ्चक मरण दोष निवारणका लागि घिउ, तिल दान र प्रायश्चित्त गोदान टीका दान दक्षिणासहित समापन भएको थियो।

पुनश्चः यस भौतिक संसारमा मानिसलाई कुनै न कुनै कर्ममा संलग्न हुनैपर्छ। तर तिनै कर्मले मानिसलाई यस संसारबाट मुक्त पनि बनाउँछन् र बन्धनमा पनि पार्दछन्। यसर्थ नरक र बन्धनबाट मुक्त हुनका लागि असल संस्कार गर्नुपर्छ भन्ने मान्यतानुरूप स्व. हरिलाल सुवेदी (उपाध्याय) का परिवार र समस्त सुवेदी परिवार हरूबाट गरिएका र गरिँदै आएका कार्यहरू अन्तर्राष्ट्रिय रूपमा सावित भएका छन्।

१३ औं पुण्यस्मृतिकै दिन अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज डी. सी. च्याप्टरले शोकसभा कार्यक्रम गरेको थियो। उक्त कार्यक्रमका प्रमुख अतिथि मदन पुरस्कार विजेता, अ.ने.सा.स. वेस्टबुक अवार्ड विजेता साहित्यकार कृष्ण धरावासी हुनु भयो भने विशिष्ट अतिथि महावाणिज्य दूत प्रेमराजा महत अन्य साहित्यकार व्यक्तित्वहरूबाट साहित्यिक सिर्जनाहरू वाचन गर्ने काम भएको थियो। स्वर्गीय नन्दादेवी सुवेदीको तस्वीरमा माल्यार्पण गरी श्रद्धाञ्जली अर्पण गरेर कृष्णप्रसाद खनालको पुरुषुक्त र रामगीताको मन्त्रोच्चारणबाट यो शोकसभा प्रारम्भ भएको थियो। नन्दाको तेह्रौं दिनमा सनातन अन्त्येष्टिक्रिया पद्धति, समसामयिक साहित्यिक शोकसभा र अमेरिकामा नेपाली भोजनको सुन्दर सङ्गम भएको थियो।

# अविस्मरणीय प्रेरणा



**पुस्कर पन्त**
*अध्यक्ष*
*अनेसास डी.सी. मेट्रो च्याप्टर*

नन्दा आमाले सम्पूर्ण महिला दिदीबहिनिहरूलाई कहिले नबिर्सने प्रेरणा दिएर जानु भएको छ। उहाँप्रति श्रद्धाञ्जली ! उहाँको स्वर्गवास भएपछि उहाँको परिवारले मात्र परिवारका सदस्य गुमाएका छैनन्। सम्पूर्ण साहित्य र कला प्रेमीले आफ्नो आमा गुमाएका छन्। जब म मृत्युका घटनाबाट एकै छिन सँगै हिँड्छु, तब मलाई एउटा प्रश्न मनमस्तिष्कमा उब्जन्छ। आखिर के हो त यो, रिस डाह, धन सम्पत्ति, दौडधुप आखिर के का लागि यी सबै वस्तुहरू त्याग गरेर हामी एक दिन परलोक हुनुपर्छ। केवल बाँच्छन् त हाम्रो कृतिहरू र सम्झनाहरूमात्र, त्यही काम आमाले गर्नुभएको छ। उहाँले भौतिक सुविधाहरू सबै छोडेर जानु भयो तर मात्र उहाँको सम्झना अझै बाँचिरहेको छ। उहाँको योगदान यादहरू हाम्रो मनमन्दिरमा ताजै भएर रहन्छन्।

जब नन्दादेवी आमा दिवङ्गत हुनुभन्दा ७ वर्ष ८ महिना ८ दिनअगिदेखि बिरामी भएर अचेत अवस्थामा पुग्नुभयो। उहाँको बाहिर घुमफिर गर्ने अवस्था नै थिएन ! त्यसपछि म अध्यक्ष भएर अ.ने.सा.स. को कार्यक्रममा उहाँ नआउँदा भेट नहुँदाको अभाव भने सबै खट्किरह्यो। होमनाथ बुबाले आफ्नो अर्धाङ्गिनी त्यो अवस्थामा पुगेपछि उहाँले आफ्नो सबै कुराहरू त्याग गरेर आमाको स्याहारसुसारमा आफ्नो सबै समय समर्पित गर्नुभयो। त्यस पछि बुबासँगको भेटघाट पनि पातलो भयो। नन्दादेवी सुवेदीको नामै पर्याप्त छ। उहाँलाई हामीले बारम्बार चिनारी गराइराख्नुपर्दैन। आज उहाँ हामी माँझ हुनुहुन्न तर कहिले नबिर्सने यादहरू हाम्रो मन मस्तिष्कमा छोडेर जानुभएको छ।

मैले उहाँलाई लगभग २०१६ सालतिर पहिलो पटक भेटेको थिएँ। उहाँ ऊर्जावान्, सक्रिय र उदार हुनुहुन्थ्यो। त्यसपछि उहाँसँग अनेसासको कार्यक्रममा धेरैपटक भेट्ने मौका पाएँ। हाम्रोमात्र हैन, अनेसासको समेत आमा हुनुहुन्थ्यो।

सबैसँग समान व्यवहार गर्ने, मीठो बोल्ने र सहयोगी भावनाको हुनुहुन्थ्यो। सबैले उहाँलाई आमा भनेर बोलाउथेँ। वुडब्रिज पार्क, लाइबेरी र मनासस पार्कमा आमासँग मैले पनि धेरै कार्यक्रम गर्ने मौका पाएँ। होमनाथ सुवेदी बुबाले नन्दादेवी आमालाई हरएक कार्यक्रममा सँगै लिएर हिँड्नुहुन्थ्यो। ती सम्झनाहरू अहिलेसम्म पनि ताजै छन्। उहाँले होमनाथ बुबालाई साहित्य लेखनप्रति दिएको सहयोग अतुलनीय छ। आमाले गर्नु भएको, म्याग्दीदेखि वाशिङ्गटनको वुडब्रिजसम्मको आफ्नो सङ्घर्ष प्रेरणादायी छ।

इतिहासले उहाँको साहस र निडर सक्रियताको उच्च सम्मान र मूल्याङ्कन गर्ने नै छ। यस अर्थमा सम्पूर्ण महिला समुदायको लागि प्रेरणाको स्रोत हुनुहुन्छ। आफ्नो घरपरिवारलाई सम्हालेर पनि बुबा (होमनाथ सुवेदी)ले अगाडि बढाउनु भएको भाषा साहित्य र संस्कृतिका क्षेत्रमा हातमा हात मिलाएर अगाडि बढ्नुभयो। उहाँको दाहसंस्कारको दिन नेपाली समुदायको उपस्थिति पनि निकै बाग्लो थियो। संसारभरि छरिएर रहेका दिदीबहिनी र महिलाहरूले शोक सभा मनाए। त्यहीँ सिलसिलामा अनेसास डिसी मेट्रो च्याप्टरले तेह्रौँ दिनको पुण्य तिथिमा श्रद्धाञ्जली सभाको आयोजना गऱ्यो। जसमा म आफैँ सभापति भएर कार्यक्रम अगाडि बढाएको थिएँ। धेरैजसो व्यक्तित्व र महानुभावहरूले आमासँग भेटेका र बोलेका मीठा पलहरूको सम्झनाहरू गर्नुभयो।

लेख्नु पर्ने र बोल्नु पर्ने कुराहरू त आमाको विषय हजारौँ छन्। जुन यो सानो संस्मरणमा अटाउँदैनन्। नन्दादेवी आमाको महाप्रस्थानसँगै होमनाथ बुबाको अवनरत योगदान, भाषा र संस्कृतिप्रतिको माया र उहाँले आफ्नो अर्धाङ्गिनीलाई दिएको साथ र सपोर्टहरू सबै नेपाली समुदायले लिनुपर्ने प्रेरणाको रूपमा सदैव रहिरहनेछन्।

# अध्याय ७ :

# नन्दाका रचना र बन्धु-वृत्तान्तमा

# विषयसूची

**अध्याय ७ : नन्दाका रचना र बन्धु–वृत्तान्तमा** ३२३–३४८

१.१ नन्दाका गद्य कविता तथा लोकगीत ३२५

- मेलबक्स ३२५
- मनको पीर ३२८

१.२ नन्दादेवी सुवेदीका वंशानुगत परिचय ३२९

१.२.१ नन्दा–संक्षिप्तमा– अभिनन्दन र सम्मान, अनेसासमा गरेको योगदानको सम्मान २००९, 'अनेसासकी आमा' को पदवीबाट सम्मानित, अनेसास महिला केन्द्रीय सम्मेलनद्वारा सम्मान २०१४, २०१६ को भानुजयन्तीमा राजदूतको हातबाट हातबाट सम्मानपत्र हस्तान्तरण, अन्तर्राष्ट्रिय नारीदिवस २०१८ सम्मान, संस्थापक सदस्य सम्मान जनवरी १२, २०२४, नन्दाका यात्रा सन्दर्भ। ३२९

१.२.२ नन्दाको घरतिरको जन्म-मृत्यु, उमेरको विवरण (जि.मु.हरिलाल सुवेदी बन्धुवृत्तमा)बाट उद्धृत ३३३

१.२.३ नन्दादेवी सुवेदीको माइततिरको वंशानुगत परिचय *–माधवप्रसाद शर्मा, प्रवीण पौडेल आदित्य पौडेल* ३३७

# १.१ नन्दाका गद्य कविता तथा लोकगीत

## मेलबक्स

– **नन्दादेवी सुवेदी**

त्यो आउला कि भनेर !
पर्खिरहन्छु, पर्खिरहन्छु,
त्यो आउला कि भनेर !
को हो त्यो ?
त्यो पनि म जान्दिनँ !
तर आकर्षण त्यसैप्रति छ,
झ्यालबाट हेर्छु,
यदाकदा ढोका खोलेर हेर्छु !
त्यो आउला कि भनेर !
हुन्न, आउन्न
जब मन चररर चिरिन्छ,
मुटु धकधक गर्छ,
अनि गएर झोक्कैसित
मेलबक्समै हात हाल्छु
रित्तो हात रित्तो मन
केही पनि पाउँदिनँ,
मेलबक्सलाई देख्दै उराठ लाग्छ,

हरिया रुखमा पनि किरा लाग्छ।
आफ्ना हुँदै नभएको होइन,
धेरै छन्, धेरै छन्
तर मेलबक्स महङ्गो छ
भनेर नै मन बुझाएर
बाँचिरहेकी छु, बाँचिरहेकी छु।
नत्र म जिउँदो छैन,
जिउँदी भए पनि त
हात चल्दैन
कति सम्झन्छु, कत्ति सम्झन्छु,
कत्ति सम्झन्छु,
सम्झेर के काम ?
कसैलाई सुनाउन सक्तिनँ,
हात नचले पनि
मनले जानेकी थिएँ
तर हातै चल्दैन, हातै चल्दैन,
तर म बाँच्नुको सार नै छैन,
नसम्झेको छैन, नसम्झेको छैन,
म स्वार्थी हैन
न बुझ्ने हैन,
मेरो हातै चल्दैन,
मेरो खुट्टै चल्दैन,
मेरा हात,
मेलबक्समा हाल्नेमात्र रहेछन्,
मेरा खुट्टा,
मेलबक्समा जानेमात्र रहेछन्
मेरा आँखा,
मेलबक्स देख्नको लागि मात्र रहेछन् !
ऊ आउँदै आउन्नँ,
कदाचिद् आए पनि त
उत्तर फर्काउन सक्दिनँ,

कुन प्रकारको दमन हो यो ?
कुन प्रकारको शत्रु शमन हो यो ?
रित्तो मेलबक्सबाहेक
केही पनि सत्य छैन,
मेलबक्स पनि छैन मेरा पनि छैनन्,
के हो यो उदासीनता
र दिक्दारी अनि अन्धकार मात्र ?
भन्छन् यो स्वर्ग हो भनेर
स्वर्ग हो भनेर !
तर यो स्वर्ग हैन, अन्धकार हो,
मेलबक्स छैन, कफनबक्स हो,
यो जिन्दगी छैन, श्मशान हो !
यो मिलन छैन, प्रतीक्षा मात्र हो,
प्रतीक्षा ! प्रतीक्षा !
हे पत्रमञ्जुषा !
प्रतीक्षामात्र जिन्दगी हो !
'आउला' भन्ने त एक धोका हो !!
मेलबक्स त एक
आशापूर्ण 'पोका' मात्र हो,
पानीको फोका मात्र हो !!!

**द्रष्टव्य**– कवयित्री नन्दादेवीको यो कविता अन्तर्दृष्टि(इन्साइट) को वर्ष ३, अङ्क ४, दिसम्बर, १९९५, मङ्सिर,पौष, २०५२ मा प्रकाशित छ। व्यासले भन्ने गणेशले पुराण लेख्ने गरे जस्तै नन्दाले भन्ने र छोराछोरीले लेखिदिने गरी छापिएको कविता हो। सन् १९९४/९५ मा नन्दाको घरबाट नै ४ वटा पत्रिका सम्पादन, प्रकाशन र वितरण हुन्थे र अन्तर्राष्ट्रिय कविता प्रतियोगिता पनि यहीबाट चल्थ्यो। त्यो बेला INLS Home Page, "Nepali Sahitya Jagat" on www.http://www.inprose.com/Nepal/ यो चल्दथ्यो। कविताको माहोलमा नन्दादेवी सुवेदी पनि काम गर्ने भएकाले त्यसको प्रभावमा उनले पनि केही लोकगीत र कविता छपाइन्। यो उनको नेपाली भाषा साहित्यप्रति विकास भएको प्रेमको परिणाम थियो। अनेसासको संस्थापक सदस्य भएकीले गणेश पाएको भए व्यास बन्ने उनको तमन्ना थियो तर यही यौटा मात्र कविता छापिएको पाइयो–सम्पादक)

# मनको पीर

(लोकगीत)

**नन्दादेवी सुवेदी**

(नन्दादेवी सुवेदीको रचना तथा गायन, अखिल नेपाली अमेरिकाली सङ्घ तथा अमेरिका नेपाल सोसाइटीको संयुक्त न्युजलेटरको वर्ष १२, अङ्क २, मई/जुन १९९४मा प्रकाशित छ, सङ्कलन–पुरुषोत्तम सुवेदी)

छोडेन है यो डोको नाम्लोले
बाँध्यो मलाई ... निर... दुखैको नाम्लोले
कहाँ गएर, पोखूँ मनको पीर
जुनी बित्यो घाँसैको भारी
चुलोचौको ...निर... गर्दैमा खेतबारी
कहाँ गएर पोखुँ मनको पीर
भैन सुख दशनङ्ग्री खियाउँदा
पसिनाले ...निर... धरती भिजाउँदा
कहाँ गएर पोखूँ मनको पीर
जानु छैन दुई पाइला पर
घरभित्रै ...निर... छ मेरो संसार
कहाँ गएर पोखूँ मनको पीर
हाँसे बोले उत्ताउली भन्छन्
सोझो बाटो ...निर... हिँड्दा नि दोष लाउँछन्...
कहाँ गएर पोखूँ मनको पीर
हृदयमा सितलू नहुँदा
डाँडाकाँडा ...निर... रसायो म रुँदा
कहाँ गएर पोखूँ मनको पीर

# १.२ नन्दादेवी सुवेदीका वंशानुगत परिचय

## १.२.१ नन्दा–संक्षिप्तमा

नन्दादेवी पौडेल सुवेदीको जन्म माघ ४, २००३ तदनुसार जनवरी २४, १९४७ को दिन राक्से म्याग्दीमा भएको हो। यद्यपि उनी पुलाचौरमा हुर्किन्। उनकी माता अमृतादेवी आचार्य पौडेल र पिता जीवनाथ पौडेल पुलाचौरमा नै बस्थे। तथापि उनको विवाहभने राक्सेबाट नै ताकमका जि.मु. हरिलाल उपाध्याय सुवेदीका जेठाछोरा होमनाथ सुवेदीसित नोभेम्बर १५, २०५७ को दिन १० वर्षको उमेरमा भएको थियो।

नन्दा २३ वर्षकी हुँदा पुरुषोत्तम सुवेदी जन्मे संयुक्त परिवारमा, २५ वर्षकी हुँदा छुट्टिएर आफ्नो घरमा सरेपछि प्रकाश सुवेदी जन्मे, २७ वर्षकी हुँदा काठमाडौँ सरेपछि २९ वर्षमा डा.कल्पना सुवेदी सत्याल जन्मिन्, ३१ वर्षकी हुँदा काठमाडौँमा नै दीपक सुवेदी जन्मे। पहिली छोरी मिस्कारेज भए पनि ३१ वर्षको उमेर सम्म ४ जना छोराछोरीकी आमा बनेर प्रशन्न थिइन्। नन्दा ३३ वर्षकी मात्र थिइन् २०३६ सालमा पुत्ररत्न दीपक सुवेदीको ज्याठाबहाल थहिटी काटमाडौँको घरको झ्यालबाट खसेर मृत्यु भयो। यो घटनाले नन्दा होम दुवैलाई मर्माहत बनाएको थियो। त्यो चोट र बहुदलको हारको नराम्रो अनुभव भैरहेको बेला २०३७/३८ तिर उनका श्रीमान् रेडियो शिक्षा शिक्षक तालिम केन्द्रबाट स्क्रिप्ट राइटिङ तालीमको लागि अमेरिका गएर फर्केनन्, उतै बसिदिनाले नन्दा फेरि ३ नाबालक लिएर ताकम पर्किन्। ५ वर्ष ताकम बसेर सन् १९८६मा काठमाडौँ नयाँ बानेश्नरको घर बनेपछि नन्दा त्यो नयाँ घरमा बस्ने गरी काठमाडौँ बसाइ सरिन्। छोराछोरी धर्मस्थली बोर्डिङमा पढाइरहेकी थिइन्। सन् १९८७ मा पुरुलाई अमेरिका पठाइन्। १९८९ मा छोरी कल्पना र सासुआमा तुलसी र ससुराबुबा हरिलाल साथमा लिएर अमेरिका आइन् र परिवारको पुनर्मिलन भयो। यो खुसी र प्रगतिले दीपक बितेको पीडा बिर्सेर

आप्रबासमा नेपालका लोकगीत गाउने नाच्ने वनभोज गर्ने गराउने र समाजसेवामा रमाउने गर्न थालिन् । एएन्एस्, एएन्ए, आइएन्एल्एस सबैतिर नन्दाको टीमको गीत नृत्य हौसलाले उच्चतम बिन्दु छोएको थियो । नन्दाको त्यही हौसलाको समर्थनमा सबै जागे । उनका श्रीमान् जो सन् १९८१ देखि अमेरिका व्यक्तिगत रूपमा लेखेर मात्र बसेका थिए तर नेपाली भाषा र साहित्यको लागि सङ्गठन गर्न पाएका थिएनन् । नन्दाको यो उत्साह र सेवाभावले होमनाथ सुवेदीलाई अन्तर्राट्रिय नेपाली साहित्य समाजको स्थापना गर्न उर्वराभूमि प्रदान गऱ्यो । यसै बेला नेपालमा प्रजातन्त्रको पुनर्बहाली भयो । यसै बेला अमेरिकामा बस्ने अन्डकुमेन्टेड आप्रबासीहरूलाई एम्नेस्टी प्रदान गरिएको थियो । आप्रवासी नेपालीको सङ्ख्या बढ्दै गयो । यी सबै आन्तरिक र बाह्यकारणले अनेसास स्थापनामा उनको योगदानले अर्थ पायो र १९९१ म अनेसास स्थापना भयो । नन्दा पनि अनेसासकी सँस्थापक बनिन् । त्यसपछि अनेसासका काममा नै बडी उनी यात्रारत रहिन् । यो क्रममा उनले अङ्ग्रेजी पढेर लर्नर्सपर्मिट लिने, ड्राइभिङ लाइसेन्स लिने, अमेरिका बसाइका लागि प्राथमिक आवश्यताका सबै जाँच पास गरेर अनेसासका सम्मेलनको माध्यमबाट विभिन्न देशदर्शन र चारधाम यात्रा समेत गरी जीवनको अन्तसम्म सेवामा समर्पित भइरहिन् ।

## अभिनन्दन र सम्मान

**अभिनन्दन**– अनेसासको इतिहासको पृ.५५८ र शीर्षक ५.२.११ अभिनन्दन सम्मान, पुस्तक पुरस्कार अनुसार अनेसास वाशिङ्गटन डिसीको वर्ष ४ अङ्क ३, इ.१९९६ को अन्तर्दृष्टि पत्रिका अनुसार इ.१९९६ को जुलाई १४ को दिन लिसिल्भेनिया स्टेटपार्कमा भएको अनेसासको साधारण सभा तथा भानुजयन्ती समारोहमा नन्दादेवी सुवेदीलाई अनेसासमा भएको लोकगीत गायन र वनभोज आयोजना आदिमा भएको संस्थाको स्थापना कालमा संस्थापक सदस्यको हैसियतले गरेको अथक प्रयत्नको कदर गर्दै केन्द्रबाट सम्मान मात्र हैन अभिनन्दन नै गरिएको थियो ।

**अनेसासमा गरेको योगदानको लागि सम्मान**– २००९ को भानुजयन्तीमा कमला प्रसाई संयोजक भएको बेला अनेसास केन्द्रबाट सम्मानपत्र प्रदान गरियो । उहाँलाई ई.२००९ मा केन्द्रबाट ठूलो सम्मान मिलेको थियो त्यो सम्मान अनेसासकी जननी, चम्किलो तारा भनेर गरिएको थियो जसको मैले संयोजक भएर कार्यक्रम गरेकी थिएँ भनेर स्वयम् कमलाले लेखेकी छिन् ।

**'अनेसासकी आमा'को पदवीबाट सम्मान**– अनेसास डिसी च्याप्टरले **अनेसासकी आमा** को पदवीबाट सम्मान गरेको कुरा तत्कालीन अध्यक्ष रामप्रसाद खनालले आफ्नो संस्मरणमा उल्लेख गरेका छन् ।

**अनेसास महिला केन्द्रीय सम्मेलनद्वारा सम्मान**–२०१४ मा न्युयोर्कमा मैले आयोजना गरेको प्रथम अनेसास महिला अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा उहाँलाई सम्मान गरेकी थिएँ भनेर गीता खत्रीको संस्मणमा उल्लेख छ।

**२०१६ को भानुजयन्तीमा राजदूतको हातबाट सम्मानपत्र** – अनेसास केन्द्र र डिसी मेट्रो च्याप्टरको तर्फबाट संस्थापक सदस्य भएर अनेसास जन्माउन हुर्काउन गरेको योगदानको लागि २०१६ को भानुजयन्तीमा राजदूतको हातबाट सम्मानपत्र प्रदान गरिएको थियो। सम्मानपत्र भेटिएन तर त्यो बेलाको फोटोभने तस्वीर खन्डमा हेर्न सकिन्छ ।

**अन्तर्राष्ट्रिय नारी दिवसमा सम्मान**–२०१८ मा अनेसास डीसी महिला विभागले अन्तर्राष्ट्रिय नारी दिवसमा सम्मान गरेको।

**संस्थापक सदस्य सम्मान**– संस्थापक सदस्य सम्मान तथा प्रमाणको रूपमा सम्मापत्र उहाँ दिवङ्गत हुनुभन्दा ठिक ३ दिन अगाडि जनवरी १२, २०२४ को दिन जुममा कार्यक्रम गरी प्रदान गरिएको थियो। शायद उहाँ यसैको लागि पर्खनुभएको थियो, पाए पछि गैहाल्नुभयो भनेर अनेसासका अध्यक्षले संस्मरणमा लेखेका छन् ।

## यात्रा सन्दर्भ–

वि.सं. २०२६, असार १ गते मुस्ताङको मुक्तिनाथ यात्रा
वि.सं. २०२६, असार ३ गते मुस्ताङको लोमन्थाङको उपत्यका
सन् १९९७ मा अमेरिकाबाट नेपाल देशदर्शन स्वर्गद्रारी, निर्वाचन, लुम्बिनी,
सन् १९९८ मा भारतका चारधाम गंगासागर, रामेश्वर, द्वारका, बद्री र उत्तराखण्डका
चारधाम गङ्गोत्तरी, जमुनोत्तरी, बद्री र केदारनाथ यात्रा।
सन् १९९९–२००९ मा अमेरिका फिर्ता साहित्य र समाजसेवामा
सन् २०१० लन्डन यात्रा, बहराइन यात्रा,
नेपाल नईको अनेसा सम्मेलनमा
सन् २०१२ नेपाल इलाम फरवरी २६–२८ (फागुन १४–१६,२०६८)
त्रिदिवशीय अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनमा।

काठमाडौँमा होमनाथ सुवेदीको अभिनन्दनको साथ नन्दाको पनि अभिनन्दन गर्दै प्रमुख अतिथि प्रा.राजेन्द्र सुवेदीले भनेका छन्–'नन्दाज्यूको अभिनन्दन गर्दछु यदि उहाँको साथ न भएको भए होमनाथ सुवेदी यो आजको अभिनन्दन गर्ने कार्यक्रमसम्म आइपुग्नुहुने थिएन।'

सन् २०१३ अनेसास तेस्रो सम्मेलनमा वाशिङ्गटन डिसी अमेरिकामा

सन् २०१४/२०१५ बेल्जियम, नेदर्ल्यान्ड, फ्रान्स, जर्मनी, लक्जेम्बर्ग

सन् २०१४/२०१५ टोकियो, नागोया जापान

सन् २०१५/२०१६ सिडनी, क्यान्भेरा अस्ट्रेलिया र अक्ल्यान्ड, टौरङ्गा न्यूजिल्याण्ड

सन् २०१५/२०१६ बहामा, की वेस्ट फ्लोरिडा

सन् २०१६ मे ८, ब्रेहेमरेज, नन्दाको पुनर्जन्म मानेको दिन

सन् २०२१ मई ८, नन्दादेवी सुवेदीको हीरक महोत्सव ७५ औँ वर्ष

महोत्सव (गोल्डेल जुबली) पूरा सालभर मनाएको

सन् २०२४, जनवरी १५, तदनुसार माघ १, २०८०, पञ्चमी तिथि, उत्तरायणको शुभ दिन लागे पछि स्वर्गारोहण ७६ वर्ष ११ महिना २७ दिनमा करीब ७७ वर्षको चिरजीवन यात्राबाट विश्राम। क्वान्टममेकानिक्सको सिद्धान्त र पूर्वीय दर्शनअनुसार त उनी यात्रामा नै छिन् हामीसित नै छिन्। नन्दा हामीसँगै हुने कुरा सत्य साबित भैरहोस्।


## १.२.२ नन्दाको घरतिरको जन्म–मृत्यु, उमेरको विवरण

### (जि.मु.हरिलाल सुवेदी बन्धुवृत्तमा)बाट उद्धृत



कण्ठूका छोरा २ भाइ रवि र रमापति थिए। रविका सन्तान पल्लोपट्टिका भाइ भए। रमापतिका सन्तान यता साहुपट्टिका भए। रमापतिका कालु र कान्छा २ भाइ थिए। कान्छा पुलाचौर गए। कालुका छोरा रतन पाध्ये भए। यिनैलाई रत्नाखर पनि भन्दछन्, रत्नाकर पनि। यिनैको पालादेखि 'साहुपट्टी' भन्ने नाम रहेको हो। कालुले लीलाधर पौडेलकी छोरी मणिकर्णिकासंग विवाह गरेर पुत्र रत्नाखर उपाध्याय जन्मेका हुन्। रत्नाखर उपाध्याय/ज्ञानधारा सुवेदीका जेठा छविलाल, माहिला छोरा हरिलालको अपुताली पऱ्यो। रङ्गनाथ उपाध्यायको विवाह पुला भीरमुनि डण्डपाणि पौडेल साहुकी छोरी सुमित्रा पौडेल सुवेदीसित भएको थियो। उनकी छोरी टुहुरी पिताकुमारी सुवेदी थिइन्। उनको विवाह ज्ञादी पर्वतमा भयो। उनका छोरा नरेन्द्र पौडेलको परिवार ऐले काठमाडौँमा छन्। रत्नाखर उपाध्यायका जेठा छोराबुहारी छविलाल/राधा उपाध्याय सुवेदी हुन्। उनका छोरा भूमिश्वर र कलाधर सुवेदी थिए। भूमिश्वरको अपुताली पऱ्यो। कलाधरको विवाह पुला भीरमुनि साहु डण्डपाणिकी नातिनी प्रेमदत्तकी छोरी भद्रकलासित भयो। यिनै दुईबाट जि.मु. हरिलाल उपाध्याय सुवेदी, डिल्लीराज र पूर्णाखर सुवेदी भए। नन्दाका श्रीमान् होमनाथ सुवेदीका पिता जि.मु. हरिलाल उपाध्याय सुवेदी र माता तुलसीदेवी सुवेदी हुन्।

**नन्दा र होमनाथ सवेदीको घरको सानो वंशवृक्ष तल प्रस्तुत छ–**




| नाम | जन्म | परलोक | स्थान | आयु |
|---|---|---|---|---|
| रत्नाकर उपाध्याय | वि.सं. १९०४ | वि.सं. १९६८ | | ६४ वर्ष |
| छविलाल सुवेदी | वि.सं. १९२७ | परलोक वि.सं. १९५५ | | २८ वर्ष |
| कलाधर उपाध्याय सुवेदी | असौज १५, १९५५ | १९९१ | ताकम | ३६ वर्ष |
| भद्रकला पौडेल सुवेदी | वैशाख १, १९५४ | २०३६ पौष ५ | ताकम | ८२ वर्ष |
| हरिलाल उपाध्याय सुवेदी | वैशाख २१, १९७९ | २०६६ जेठ ३० | अमेरिका | ८७ वर्ष |
| तुलसीदेवी पौडेल सुवेदी | मङ्सिर २, १९८१ | २०५१ मङ्सिर १४, | ताकम | ७० वर्ष |
| होमनाथ उपाध्याय सुवेदी | पौष १४, २००४ | | अमेरिका | |
| नन्दादेवी पौडेल सुवेदी | माघ ४, २००३ | २०८० माघ १, | अमेरिका | ७७ वर्ष |
| पुरुषोत्तम उपाध्याय सुवेदी | जेष्ठ १०, २०२७ | | अमेरिका | |
| प्रकाश उपाध्याय सुवेदी | पौष १, २०२९ | | अमेरिका | |
| डा.कल्पना सुवेदी सत्याल | मङ्सिर १०, २०३२ | | अमेरिका | |
| ऋषिनाथ उपाध्याय सुवेदी | अगस्त १, १९५१ | | अमेरिका | |
| लक्ष्मी सुवेदी आचार्य | जुलाई १५, १९५७ | | काठमाडौं | |

जि.मु.हरिलाल उपाध्याय सुवेदीको नाम पासपोर्टमा हरिलाल उपाध्याय मात्र छ। उहाँ उपाध्याय नै लेख्न मन पराउनुहुन्थ्यो। थर लेख्नु पर्ने भएकोले सुवेदी पनि लेख्न थाल्नुभएको हो। उहाँको जन्म मिति अप्रैल १५, १९२२ लेखिएको छ। यो कन्भर्सनमा सही त देखिन्न हामीमध्ये कसैले यही लेखियो चलेर आएको छ। त्यस्तै होला तुलसीको पनि नोभेम्बर ९, १९२४ हो। होमनाथको नाम चिनामा हुमानाथ लेखिएको छ तापनि होमनाथ लेख्ने गरेकोले यही चलेको छ। त्यस्तै होमनाथको जन्ममितिको इश्वी संवत् पनि सही मिलेको छैन। अक्टुबर ५, १९४७ सही हैन, सही त चिनाको अनुसार २००४ पौष १४ गते, कृष्ण पक्ष, ऋतु ५, द्वितीया तिथि, सोमबार, कर्क राशिको जन्म भन्ने लेखेको छ। तापनि सम्वत्मा लेख्दा जे लेख्न थालियो ऐले त्यही मान्ने गरिएको छ। त्यस्तै नन्दाको जन्ममिति चिनाको २००३, माघ ४, विहिवार हो। तर त्यही सम्वत्मा जनवरी २४, १०४७ दिएको छ, त्यो चिनासित मिल्दैन नमिले पनि त्यही मानिआइएको छ। कुनै पेपरमा त उनको जन्ममिति दिसम्बर २४, २०४६ पनि लेखेको पाइन्छ (शायद यो नेपालको नागरि कताको हुनसक्छ ?)। त्यस्तै नन्दाको जन्म पत्रिकामा नन्दकली र नेत्रकुमारी नाम प्रयोग गरिएको छ तर पासपोर्टहरूमा नन्दादेवी लेख्ने गरिएकाले त्यही नाम मान्य

भयो। नन्दाको अझ माइतमा सानी छंदा सेती नामले बोलाइन्थ्यो। होमनाथलाई पनि हरि भनेर बोलाइन्थ्यो। ऋषिनाथलाई कृष्ण यस्तो रेकर्डमा राख्ने नाम यौटा बोलाउने अर्कै नाम राख्ने चलन पहिले पनि भएको पाइन्छ। त्यो अनुसार चिनामा जे लेखेको भए पनि नयाँ लेखा रेकर्ड र नागरिकता वा पासपोर्टमा जे दिएको छ त्यसैलाई मानिएको अवस्था हो। पुरुषोत्तम सुवेदीको जन्म मई १६, २०७० हो, वि.सं.जेष्ठ १०, २०२७ शुक्रवार हो। प्रकाशको दिसम्बर १५, १९७३ र वि.सं. पौष १, २०२९ हो। यो पनि त्यस्तै हो, पुरुषोत्तमको नाम चिनाको नाम योगनाथ सुवेदी हो। प्रकाशको जन्मपत्रिकामा भएको नाम चुडानाथ हो। कल्पना सुवेदी सत्यालको जन्म मङ्सिर १०, २०३२ जन्मस्थान काठमाडौं हो। जन्ममिति इश्वीमा नोभेम्बर २५, १९७५ हो। उनको नाम पनि जन्मपत्रिकाको मेनका हो। जन्ममा इश्वीको मिति र कल्पना नामलाई मानिएको छ। होमनाथ तथा नन्दाको विवाहको मिति नोभेम्बर १५,१९५७ हो। विवाहको मिति वि.सं. लेख्दा माघ २६, २०१४ लेखिएको छ। प्रकाश सुवेदीको विवाह कमला तथा दिवाकर आचार्यकी सुपुत्री दया आचार्यसित अप्रैल २२, १९९६ मा भएको हो। पुरुषोत्तम/कल्पनाका पुकार, सागर र कविता छन्। पुकारको दीपिजा ओली सुवेदीसित विवाह भैसकेको छ। प्रकाश/दयाका प्रिया, आकाश र आलोक छन्। डा.कल्पना सुवेदी सत्यालको विवाह वासु सत्यालसित भएको हो। उनका डा.मेधा, विकल्प र सपना छन्।


## १.२.३ नन्दादेवी सुवेदीको माइततिरको वंशानुगत परिचय

**–माधवप्रसाद शर्मा/प्रवीण पौडेल/आदित्य पौडेल**




पौडेल वंशका ४३ औँ पुस्ताका बलिभद्र पौडेल पौडी जुम्ला हुँदै म्याग्दीका आएका थिए। उनको पुस्ताभित्रको यो पुस्ता पनि पर्दछ। वलिभद्र - प्रजापति - कुलपति - कालु - देउपति - रुद्रपति -श्रीकृष्ण - पशुपति - अग्निधर -गौरीश्वर कलाधर र जीवनाथ हुँदै ५५औँ पुस्तामा नन्दादेवी सुवेदीले जीवनाथ अमृताको कोखबाट यो संसारमा पाइला टेकेकी हुन्। यिनी जीवनाथ अमृताकी पहिलो सन्तान हुन् र जि. कलाधरकी प्रथम नातिनी पनि हुन्। यिनी आफ्नी कान्छी फुपूभन्दा एक वर्ष कान्छी थिइन्। फुपूभज्जीको बाल्यकाल रमाइलोसँग बितेको

थियो। यसरी खेल्दाखेल्दै दश वर्षको उमेरमा यिनको विवाह ताकम निवासी जि.मु. हरिलाल सुवेदीका जेठा छोरा होमनाथ सुवेदीसँग भएको थियो । वैवाहिकजीवनको आरोहअवरोह हुँदै यिनको पहिलो सन्तान पुरुषोत्तम सुवेदीको जन्म भयो त्यसपछि क्रमशः प्रकाश सुवेदी र कल्पना सुवेदी (सत्याल) को जन्म भयो। यो समयसम्ममा नन्दा होमनाथको परिवार काठमाडौँ बसिसकेको थियो ।त्यसपछि होमानाथ सुवेदी अमेरिका गएयता नन्दाले तीन छोरा छोरीलाई लिएर फेरि ताकम फर्किन पुगिन् । केही समयपछि होमनाथको काठमाडौँमा घर भयो सबै परिवार काठमाडौँ आए। यही क्रममा आफ्ना जेठा छोरा पुरु अमेरिका गए। केही समयपछि उनको काभ्रे निवासी लक्ष्मण सत्यालकी छोरी कल्पना सत्यालसँग विवाह भयो। यिनका तीन सन्तान पुकार, सागर र कविता भए हालै पुरुका छोरा पुकारको दीपिजा ओलीसँग अमेरिकामा विवाह भएको त्यसपछि नन्दादेवी र छोरी कल्पना सुवेदी अमेरिका गए। यसको केही समयपछि प्रकाश सुवेदी पनि अमेरिका गए। प्रकाशको विवाह मल्लाजका दिवाकर आचार्यकी छोरी दया आचार्यसँग भयो। यिनको तीन सन्तान प्रिया, आकाश र आलोक छन्। यसैगरी छोरी कल्पनाको पनि काभ्रेका शिव सत्यालका जेठा छोरा बासु सत्यालसँग विवाह भयो। यिनीहरूको पनि तीन सन्तान मेघा, विकल्प र सपना छन् ।



अग्निधरको छोरा गौरीश्वर र गुरुदत्त हुन्। गुरुदत्तका छोरा थिएनन्। एउटी छोरी लाटी थिइन्। ती लाटी छोरीको रेखदेख गर्नका लागि जीवनाथकी श्रीमती अमृतालाई आफ्नो सबै जग्गा बकसपत्र दिएका थिए।

गौरीश्वरका छोरा जि. कलाधर, कलाधरको जेठा छोरा जीवनाथको सिंगा निवासी लक्ष्मीधर र मतिदेवीकी कान्छी छोरी अमृतासँग विवाह भएको थियो। यो दम्पतिका छवटा सन्तान भएका थिए। जेठी नन्दादेवी, माहिली जगतकुमारी, साँहिली हुवकुमारी, मधुसूदन, जमुना र कान्छा माधव हुन्। जीवनाथ र अमृताको जेठी छोरी नन्दादेवी सुवेदीको ताकम निवासी जि. मु. हरिलाल सुवेदीको जेठा छोरा होमनाथ सुवदीसँग विवाह भएको थियो। यिनका २ छोरा र १ छोरी छन्। नन्दादेवी सुवेदीको मिति २०८० साल माघ महिना १ गते स्वर्गारोहण भएको थियो। उनका परिवार सबै अमेरिकामा बस्दैआउनुभएको छ। माहिलि छोरी जगतकुमारीको जमुनाखर्क निवासी दण्डपाणी सुवेदीसँग विवाह भएको छ। यिनका ३ छोरा र १ छोरी छन्।

साँहिली छोरी हुवकुमारीको बाँसबोटनिवासी योगानन्द रेग्मीको साथ विवाह भएको छ। उहाँहरू दुवै स्वर्गबास हुनुभयो। उहाँका २ छोरा र ४ छोरी छन्। कान्छी छोरी जमुनाको पुलाचौर निवासी नन्दलाल अधिकारीसँग विवाह भएको छ। हाल उहाँहरू राक्से बस्नुहुन्छ।


नन्दादेवीका दुई भाइमध्ये जेठा मधुसूदनको स्वर्गवास भएको छ। उनकी श्रीमती गोमास्त्री राखु निवासी विष्णुदत्त तथा विष्णुमति सुवेदीकी छोरी हुन्। उनका २ छोरा र १ छोरी छन्। जेठा छोरा दिपक पौडेलको जमुनाखर्क ज्वोतिषी गङ्गादत्त र भवदत्त सुवेदीकी छोरी शारदा सुवेदीका साथ विवाह भएको छ। दिपक र शारदाका १ छोरा र १ छोरी छन्। दिपक बेनी म्याग्दीमा सामाजिक संस्थामा लागेका छन् र उनकी श्रीमती हाल ईजरायलमा बस्दैआएकी छन्। छोरी दीक्षा हाल उच्च शिक्षाका लागि अस्ट्रेलियामा छिन् भने छोरा दीक्षान्त काठमाडौँमा अध्ययन गर्दै छन्। कान्छा छोरा कमलको नवलपरासी वेल्डिया १६ नं. निवासी जीवनाथ र देवी ढकालकी छोरी राधा ढकालसँग विवाह भएको छ। कमल र राधाका २ छोरा रोहित र रोजित छन्।


मधुसूदनकी छोरी गीताको राख्सेका लक्ष्मणसँग विवाह भएको छ। यिनका १ छोरा र १ छोरी छन् र हाल राख्सेमा बस्दैआएकी छन्।

कान्छा भाइ माधवप्रसाद शर्माले ताकम निवासी जगतपतिकी नातिनी तोयनाथ र फूलमती सुवेदीकी छोरी गङ्गादेवी शर्मासँग विवाह गरेका छन्। यिनका २ छोरा

र १ छोरी छन् । जेठा छोरा डा. नवीन पौडेलको रूपन्देही निवासी हुमनाथ र शान्ता गौतमकी छोरी विनु शर्माका साथ विवाह भएको छ । नवीन र विनुको १ छोरा निरव पौडेल छन् । हाल उनीहरू अमेरिकामा बस्दैआएका छन् । कान्छा छोरा ई. प्रवीण पौडेलले विरगञ्जनिवासी विजयनाथ र वव्वु घिमिरेकी छोरी वीनिमा घिमिरेसँग विवाह गरेका छन् । यिनका १ छोरी आश्वी पौडेल छिन् । यिनले हाल काठमाडौँमा रोजगारी गरी वसोवास गर्छन् ।

माधवप्रसादकी छोरी प्रमिला पौडेलको जमुनाखर्क निवासी गोविन्दप्रसाद र तारा सुवेदीका छोरा अर्जुन सुवेदीसँग विवाह भएको छ। उनिहरूका १ छोरी आरध्या सुवेदी छिन् । हाल अध्ययनको सिलसिलामा लन्डनमा बस्दैआएका छन् ।



नन्दाको हजुर आमाहरू दुई जना हुनुहुन्थ्यो भवानी र हरिकला। भवानीतर्फ नन्दाका बुवा जीवनाथ, काका थ्रिलाल, यज्ञनिधि थिए र हरिकलातर्फ काका हरिदत्त थिए र उनी अविवाहित हुन् । उनी पुलाचौरको डडुवामा बस्दैआएका थिए । उनको २ वर्षअगाडि स्वर्गवास भयो।

साहिँला काका थ्रिलालको मराङ्गका सुवेदीको छोरी देवकासँग विवाह भएको थियो। उनको ५ छोरा र २ छोरी छन्। जेठी छोरी शान्तिको बागलुङनिवासी शिवदत्त आचार्यसँग विवाह भएको थियो। उनी भारतमा गएर नोकरी गर्थै पछि उहीँ नै उनको स्वर्गवास भयो। अहिले शान्ति र दुई छोरीमात्र छन् । शारदाको रवीन्द्र पौडेलसँग विवाह भएको छ । उनका दुई सन्तान एक छोरा र एक छोरी छन् । शारदा काठमाडौँ बस्छिन् भने शान्ति र सुभद्रा बागलुङ बस्छन् ।

थ्रिलालको दोस्रो सन्तान भेषनाथ पौडेल हुन् ।उनको डडुवानिवासी अधिकारीकी छोरी नन्दकलीसँग विवाह भएको थियो। उनको २ छोरा र २ छोरी छन् । जेठाछोरा जयराम पौडेलको विवाह लमजुङनिवासी टङ्क घिमिरेकी छोरी प्राप्ति घिमिरेसँग भएको छ। उनीहरू हाल अध्यनको सिलसिलामा अमेरिकामा रहेका छन्। भेषनाथको दोस्रो छोरा दीपक पौडेलको राख्सेनिवासी श्रीलाल रिजालकी छोरी देवी रिजालसँग भएको थियो। यिनको १ छोरा भिजन पौडेल छन्। दुई छोरीहरू सीता र सुस्मिता हुन्। सीता हाल अध्यनको सिलसिलामा अमेरिकामा छिन् भने सुश्मिताले नेपालमा नै मेडिकल डाक्टर गर्दै छन् ।


माहिला छोरा तिलक पौडेल हुन् र उनी अविवाहित छन्  उनी र जेठो दाजुसँगै बस्छन् ।

साहिँलो छोरा तुलसीराम हुन् । उनले मराङ निवासी कमला सुबेदीसँग विवाह गरेका छन् । उनको १ छोरा र २ छोरी छन् । जेठा छोरा जीवनको मादी गाउँपालिका कास्की निवासी सुनिता तिमिल्सिनासँग विवाह भएको छ र हाल उनीहरू अध्ययनको सिलसिलामा जापानमा छन् । छोरी पूजाको विवाह झापा निवासी दुर्गा बरालका छोरा सुशील बरालसँग भएको छ र हाल उनीहरू अध्ययनको लागि फिनल्यान्डमा छन् । कान्छी छोरी अनिता पनि अध्ययनको लागि अस्ट्रेलियामा छन् ।

काहिँलो छोरा काशीराम हुन् । उनले राखु निवासी शान्ति सुबेदीसँग विवाह गरेका छन् ।उनी हाल सिँगा मा. वि.मा अध्यापन गर्छन् । उनका २ छोरा छन् । जेठा छोरा गणेश काठमाडौँमा अध्ययन गर्दैछन् भने कान्छा छोरा गौरव रोल्पामा अध्ययन गर्छन् ।

कान्छा छोरा लेखनाथ हुन् । उनले नेप्टेचौर निवासी पूर्णकुमारीसँग विवाह गरेका छन् । उनी हाल खानी गाउँमा अध्यापन गर्छन् । उनको १ छोरा र १ छोरी छन् । छोरा चिरन्जीवी र छोरी चण्डिका दुवैले काठमाडौँमा अध्ययन गर्दै छन् ।

कान्छी छोरी सुवा पौडेलको तनहूँनिवासी हरिभक्त ढकालको छोरा अनिल ढकालसँग भएको छ । यिनको एक छोरा अभि र एक छोरी आर्या छन् । यिनीहरू हाल क्यानाडामा बस्दैआएका छन् ।




नन्दादेवीका जगतकुमारी, हुव कुमारी र जमुना गरी ३ वटी बहिनी छन् ।

माहिली बहिनी जगतकुमारीको जमुनाखर्क निवासी दण्डपाणि सुवेदीसँग विवाह भएको छ । यिनका ३ छोरा र १ छोरी छन् । जेठा छोरा रामप्रसादको बाँसबोट दण्डपाणि पौडेलकी छोरी निर्मलासँ विवाह भएको छ । उनका २ छोरी र १ छोरा छन् । छोरी कविताको मल्लाजनिवासी देवेन्द्र पौडेलसँग विवाह भएका उनीहरूको १ छोरी (अनुश्री) जन्मिएकी छन् । छोरी करुणाको धाईरिङनिवासी दामोदर पौडेलसँग विवाह भएको छ र उनी हाल अमेरिकामा बस्दैआएका छन् । कान्छा छोरा कल्याण हाल बेनीमा अध्ययन गर्दैछन् । जगतकुमारीका माहिला छोरा कृष्णप्रसादको भीरमुनिका साहू धरणीधर पौडेलकी छोरी सरस्वतीसँग विवाह भएको छ । यिनका २ छोरी नीर्जला र नीकिता छन् । कान्छा छोरा हरिशङ्कर हुन् । उनको पात्लेखेतनिवासी रामचन्द्र / रत्नकला उपाध्यायकी छोरी लक्ष्मी शर्मासँग

विवाह भएको छ। उनीहरूका २ छोरा सङ्गीत र सरगम छन्। जगत कुमारीकी एउटीमात्र छोरी दुर्गाको ताकम निवासी गोविन्द पौडेलसँग विवाह भयो। उनका दुईवटा सन्तान एक छोरा विराट र एक छोरी वीरता छन्।

साइँली हुबाकुमारीको विवाह बाँसबोटका योगानन्द ढुङ्गानासँग भएको थियो। उनका दुई छोरा गोपाल र प्रकाश अनि छोरी चारवटी इन्दिरा, गङ्गा, विसु र निर्मला छन्। गोपालको भीरमुनिका मूल साहू भवदत्त पौडेलकी छोरी जुनासँग विवाह भएको छ। उनको एउटा छोरा वसन्त छन्। वसन्तको रणवाङ्गका पण्डित कृष्णप्रसाद शर्माकी नातिनी, होमप्रसाद र सीता आचार्य सुवेदीकी छोरी अनुसासँग विवाह भएको छ। हाल वसन्त क्यानडामा अध्ययन गर्दैछन्। कान्छा छोरा प्रकाशको मल्लाजबाट विवाह ज्ञानु पौडेलसँग भएको छ। उनको विदिष्मा र विपश्वी दुई छोरी छन्। र उनीहरू अहिले बास्कोटमा बस्छन्। इन्दिराको मराङका मुकुन्द सुवेदीसँग विवाह भएको छ। उनका दुई छोरा विनोद , विवेक र एक छोरी वीनिसा छन्। अर्की छोरी गङ्गाको विवाह ताकमका चिन्तामणि सुवेदीको छोरा ईश्वर सुवेदीसँग भएको छ। यिनका तीन छोरी नम्रता, निरुता र नीकिता र एक छोरा निकेन छन्। त्यस्तै अर्की छोरी विश्सुको राखुका घनश्याम सुवेदीसँग विवाह भएको छ उनको एक छोरा सर्जक र एक छोरी सृष्टि छन्। हुबकुमारीको कान्छी छोरी निर्मलाको पात्लेखेत निवासी हेमराज पौडेलसँग विवाह भएको छ। यिनको एक छोरा समन छन्।

नन्दादेवीको कान्छी बहिनीको पुलाचौरका नन्दलाल अधिकारीसँग विवाह भएको छ। उनी हाल राक्सेमा बस्दैआएका छन्।

## नन्दादेवीका फुपूहरू

नन्दादेवीका फुपूहरू तीनओटी छन्

१) **नर्मदा / श्रीकृष्ण**

यिनी नन्दादेवीकी जेठी फुपू हुन्। यिनको तोरीपानी निवासी श्रीकृष्ण रिजालसँग विवाह भएको थियो। यिनीहरूका ३ छोरा र ४ छोरीको जन्म भएको थियो। छोरा देवीभक्त, गोपाल, दामोदर र छोरी खगेश्वरी, चेली (पवित्रा),मुगादेवी र सानुमाया चारओटी हुन्।

देवीभक्तको पात्लेखेतनिवासी पराजुलीकी छोरी इन्दिरासँग विवाह भएको थियो। यिनीहरूको दुई छोरा र दुई छोरी छन्। छोरा मुरारी र मदन हुन् छोरी जयन्ती र कान्ति हुन्। मुरारीको मल्लाज निवासी सीतासँग विवाह भएको थियो र एक छोरी प्रकृति छिन्। मुरारी अस्ट्रेलियामा बस्छन् उनले अस्ट्रेलियन महिला मारियासँग दोस्रो विवाह गरेका छन् र मारियातर्फ एक छोरा छन्। कान्छा छोरा मदनको सोबितासँग विवाह भएको छ। यिनी पनि अस्ट्रेलियामा बस्छन्। यिनका दुई छोरा आर्यान र अभियान छन्।जयन्तीको राखुका मुकुन्दसँग विवाह भएको छ। यिनीहरूको आशिष र अच्युत दुई छोरा र अन्जनी छोरी छन्। कान्तिको विवाह बागलुङ्का हिमालसँग भएको छ। यिनीहरूका दुई छोरी सन्ध्या र सबिना हुन् र छोरा सन्देश हुन्।

नर्मदाका माइला छोरा गोपाल रिजाल हुन्। यिनको पुलाचौरनिवासी तुलसीराम पौडेलको बहिनी सन्तुसँग विवाह भएको थियो। यिनीपट्टि तीन छोरा र छोरी एउटी छोरीको जन्म भयो। गोपाल रिजालले दोस्रो श्रीमती बीमबाट ल्याएका छन् । उनीतर्फ एक छोरी छन्। गोपाल रिजालको जेठो छोरा विक्रम हुन्। यिनले राखुनिवासी मुक्तिनाथ सुवेदीकी छोरी सोबितालाई विवाह गरेका छन्। यिनीहरूतर्फ एक छोरा सुजित र दुई छोरी सुजिता र सयुजा छन्। विक्रम परिवार पोखरामा बस्छन् ।माइला छोरा वामदेव रिजाल हुन्। यिनले चितवनबाट अधिकारीकी छोरी जानुकालाई विवाह गरेका छन्। यिनीहरूका एक छोरा तनुज र छोरी तनुजा छन्। यिनी बेनी बजारमा बस्छन्। कान्छा छोरा बलरामले चितवनबाट दवाडीकी छोरी सुशीलासँग विवाह गरेका छन्। यिनका दुई छोरा विमर्श र हिमांशु छन्। गोपाल रिजाल कि जेठी छोरी उमा हुन् यिनले तिनमानेका हरिप्रसाद सुवेदीसँग विवाह गरेकी छिन्। यिनी तीनमानेमा बस्छिन्।

नर्मदाका कान्छा छोरा दामोदर रिजाल हुन्। यिनले पुलाचौरका सुवेदीकी छोरी मायासँग विवाह गरेका छन्। यिनका तीन छोरा एक छोरी छन्। जेठा छोरा उपेन्द्रले झापाबाट निशालाई विवाह गरेका छन्। उपेन्द्रले काठमाडौँमा नोकरी गर्छन्। निशाले दुबईमा काम गर्छन्। माइला छोरा उज्ज्वलले राखुका विष्णुदत्त सुवेदीकी नातिनी सदीक्षासँग विवाह गरेका छन्। यिनीहरू अध्ययनको सिलसिलामा अस्ट्रेलिया छन्। कान्छा छोरा उमेशले गोरखाका भट्टराईकी छोरी रेखालाई विवाह गरेका छन्।

यिनीहरूका एउटा छोरा आरुस छन् । यी दुवैले काठमाडौँमा जागीर गर्छन् । दामोदरकी पहिलो सन्तान उषाको विवाह जनक काफ्लेसँग भएको छ। यिनीहरूको एक छोरी नोदना र छोराअनुकृत छन्। दुवै जनाले सरकारी जागीर गर्छन् ।

नर्मदाका खगेश्वरी, चेली (पवित्रा), मुगादेवी र सानुमाया गरी चारवटी छोरी छन् । जेठी खगेश्वरीको विवाह ताकम निवासी दण्डपाणि आचार्यसँग भएको थियो । यिनको दुई छोरा र दुई छोरी भएका छन्। जेठा छोरा बाबुरामको विवाह अर्मनकी दुर्गादेवी सापकोटासँग भयो र उनका दुई छोराहरू प्रकाश र प्रवेश भए । प्रकाशको सुभद्रासँग विवाह भयो। उनीहरू अध्ययनको क्रममा जापानमा छन् । अरू परिवार बेलडियामा बस्छन् ।गोपाल आचार्यको विवाह दण्डपाणि पौडेलकी छोरी ईश्वरीसँग भयो। यिनको छोरा आयुष र छोरी आयुषा छन्। यिनीहरू ताकममा बस्छन्। खगेश्वरीका दुई छोरी पवित्रा र शान्ति हुन्। पवित्राको विवाह ताकम निवासी राजाराम सुवेदीसँग भएको थियो उनका दुई छोरीहररू छन्, लक्ष्मी र सरस्वती । यी दुवै छोरीको विवाह भइसकेको छ । कान्छी छोरी शान्तिको विवाह पुलाचौरका शिव पौडेलसँग भएको छ। यिनका एक छोरा एक छोरी छन्। शिवले प्रकाश मा.वि. मा प्राध्यापन गर्छन् र उनको किताब पसल छ जसमा शान्तिले काम गर्छिन्।

नर्मदाकी माइली छोरी चेली पवित्राको पहिलो विवाह धाइरिङ भएको थियो । श्रीमान्ले नराम्रो व्यवहार गरेपछि उनले धाइरिङ छोडिन र केही समय माइतमा बसिन्। पछि फेरि भीरमुनिका साहू खलकका टिकाराम पौडेलसँग विवाह भयो। टिकाराम पौडेल शिक्षक थिए यिनको कोखबाट तीन छोरा दुई छोरीको जन्म भयो। निर्मलले सिमलचौर अधिकारीको छोरी पवित्रासँग विवाह गरेका छन्।यिनीहरूको एक छोरा एक छोरी छन्। त्यस्तै जीवनको विवाह राखुका सुवेदीकी छोरी सरस्वतीसँग भयो। सुन्दरको विवाह भएको छैन। चेलीको दुईवटी छोरी छन् पुष्पाको सल्यान विवाह भएको छ उनको एक छोरा र दुई छोरी छन्। प्रमिलाको विवाह चितवनमा भयो। यिनको दुई छोरा भएका छन् ।

नर्मदाको साइँली छोरी मुगादेवीको विवाह ताकमका नीलकण्ठ पौडेलसँग भएको छ। उनका दुई छोरी र दुई छोरा भएका छन्। छोराहरू दुईमध्ये जेठो छोरा हरिको विवाह ताकमकी सुवेदीकी छोरी चन्द्रमासँग भयो। यिनका छोरा आदित्य

छोरी अपेक्षा भए। कान्छा छोरा रामको विवाह बर्दघाटकी मनीषा सापकोटासँग भयो। यिनका एक छोरा संस्कार र छोरी स्वस्तिका भएका छन्।

मुगादेवीका दुई छोरी बिन्दु र इन्दु भए बिन्दुको विवाह दरबाङका जीवन सुवेदीसँग भयो। यिनको छोरा पुकार र छोरी प्रकृति भइन्। मुगादेवीको कान्छी छोरी इन्दुको विवाह पाल्लेखेतका खेमराज पराजुलीसँग भएको छ। उनका दुई छोरा कुशल र आयाम छन्।

नर्मदाकी कान्छी छोरी सानु मायाका विवाह ताकम निवासी श्री छविलाल सुवेदीसँग भएको छ यिनका दुईवटा छोरा दुई छोरी छन्। जेठो छोरा चिरञ्जीवीको विवाह रत्नेचौर बगरबाट प्रतिमासँग भएको थियो। यिनको एक छोरा र एक छोरी छन्। यिनी हाल बेलडियामा बस्छन्। चिरञ्जीवी विदेशमा काम गर्छन्। कान्छा छोरा नगेन्द्रले झापाबाट विवाह गरेका छन् ।यिनको एक छोरी छन्। दुवै जनाले पोखरामा काम गर्छन्। सानु मायाकी जेठी छोरी शारदाको विवाह बलेवा बागलुङका आचार्यसँग भएको छ। यिनको दुई छोरी एक छोरा भएका छन्। त्यस्तै कान्छी छोरी सुनिताको विवाह बागलुङका गौतमसँग भएको छ। उनका दुई छोरा एक छोरी छन्।

२) **कलावती / चक्रपाणि**

नन्दादेवीका माइली फुपू कलावती आचार्यको विवाह बरङ्जाका चक्रपाणि आचार्यसँग भएको थियो। यिनका ६ भाइ छोरा थिए। तीमध्ये जेठो र साइँलो भाइ कालगतिले बितेका थिए भने कान्छो छोरा यामप्रसाद माओवादी युद्धमा परेर बितेका थिए। साइँलो छोरा अविवाहित थिए। कलावती आचार्यको जेठो छोरा तारामणिको विवाह डडुवाको अधिकारीकी छोरीसँग भएको थियो। यिनका दुई छोरा र एक भाइ छोरा छन्। जेठो छोरा हेमलालको लक्ष्मीसँग विवाह गरेका थिए यिनको एक छोरा र एक छोरी छन्। हाल यिनी पोखरामा बसेका छन्। कान्छो छोरा नारायणको ज्ञानुसँग विवाह भएको थियो। यिनको दुईवटी छोरी छन् यिनी पनि पोखरामा बस्छन्। तारामणिको एउटी छोरी शर्मिला हुन् उनले जीवनसँग विवाह गरेकी छन्। उनका एक छोरा र एक छोरी छन्। यिनी पनि पोखरामा बस्छन्। कलावतीका माइला छोरा श्रीभद्रको विवाह मल्लाजका थाराहरे पण्डितकी छोरीसँग भएको छ उनका दुई छोरा अर्जुन र अमृत छन् र तीन छोरी जयन्ती, शारदा र ज्ञानु छन्। अर्जुनले पर्वतबाट

विवाह गरेका छन्। यिनका दुईवटा छोरा छन्। अमृतको भरतपुरबाट विवाह गरेका छन्। यिनको एक छोरा छन् । जेठी छोरी जयन्तीले नारायण पौडेलसँग विवाह गरेकी छन्। उनका एक छोरा र एक छोरी छन्। त्यस्तै शारदा छोरी र एक छोरा छन्। र ज्ञानुले भरतपुरवाट विवाह गरेकी छन। यिनको २ छोरी र १ छोरा छन्।

कलावती आचार्यको काइँला छोरा सोमनाथले बरङ्जाबाट गङ्गासँग विवाह गरेका छन्। यिनका दुई छोरा गोपाल र जीवन छन्। जेठा छोरा गोपालले तारासँग विवाह गरेका छन्। यिनको एक छोरा रिषम र एक छोरी छन्। हाल यिनीहरू कावासोतीमा बस्छन्। त्यस्तै जीवनले सिर्जनासँग विवाह गरेका छन्। यिनका दुई छोराहरू जियस र जुनेस छन् यिनीहरू पनि कावासोतीमा बस्छन्। कलावतीका ठूलाकान्छा छोरा दिननाथले मल्लाजबाट सरस्वतीलाई विवाह गरेका छन्। यिनका एक छोरा प्रशन्न र छोरी प्रतिमा छन्। छोरी प्रतिमाको हालसालै बलेवाका दिवस पौडेलसँग विवाह भएको छादुवैजनाले बैङ्कमा काम गर्छन्। प्रसन्नले काठमाडौँमा कृषि विषयमा मास्टर डिग्री अध्ययन गर्दैछन्। कलावतीका कान्छा छोरा यामप्रसादले पुलाचौरबाट विवाह गरेका थिए। यामप्रसाद माओवादी युद्धमा परि बितेका थिए। उनकी श्रीमती सीताले दुईवटी छोरी रश्मी र सुस्मिको लालनपालन गरेकी थिइन्। र दुवै छोरीको विवाह पनि गरिदिइन्। दुवै बहिनीको एक-एक छोरी पनि छन्। हाल यिनीहरू आआफ्नो घरमा बसेका छन्। कलावतीकी छोरी कमलाको विवाह डडुवाका अधिकारी तुलसीरामसँग भएको छ। यिनको चार छोरा चार छोरी छन्। छोरा प्रकाशको पुलाचौर विवाह भएको छ। माइलो छोरा विक्रमको धाइरिङबाट विवाह भएको छ। प्रकाशको एउटा बच्चा छ विक्रमको एक छोरा र एक छोरी छन्। साइँलो छोरा कुमार दुवईमा काम गर्छन् र कान्छो रबिन जापानमा छन्। जेठी छोरी सरस्वतीको भाइवाङमा विवाह भएको छ। माइली छोरी भगवतीको पुलाचौर ददिलालको छोरासँग विवाह भएको छ। साइँली छोरी सोबिताको धाइरिङ विवाह भएको छ । कान्छी छोरी शकुन्तलाले सरकारी कार्यालयमा अधिकृत स्तरको काम गर्छिन्।

३) **कलावती / नारायण**

नन्दादेवीको बालसखा उनकी कान्छी फुपू हुन्। कान्छी फुपू कलावतीको विवाह पुलाचौर निवासी तारानाथ रेग्मीका माइला छोरा नारायणप्रसाद रेग्मीसँग भएको थियो। कलावती र नारायणको दुईवटा छोरा छन् यिनीहरूको पुर्ख्यौलीघर पुराचौर हो र पछि तराई डण्डामा बसाइँ सरेका थिए।जेठा छोरा गोपाल रेग्मी हुन्। यिनले कावासोती अर्ग्यौलीबाट लक्ष्मीकान्त सिग्देलकी जेठी छोरी शान्तिसँग विवाह गरेका छन्। यिनका एक छोरा र एक छोरी छन्। छोरा सरोजले काठमाडौँबाट मञ्जुप्रधानसँग विवाह गरेका छन्। यिनीहरूको पनि एउटा छोरा सिद्धार्थ छन्। सरोजकी बहिनी सुधा सपना हुन् यिनले काठमाडौँबाट विवाह गरेकी छिन्। यिनको एउटी छोरी माया छिन्। सुधाको परिवार हाल लन्डन बसोबास गर्छन्।

कलावतीको कान्छा छोरा भीम रेग्मी हुन्। यिनले बुटवलबाट लम्सालकी छोरी विवाह गरेका छन्। यिनका दुई छोराहरू छन् सौरभ र सुलभ। सौरभले भर्खरै ग्याब्रियल एलिजाबेथ मिलरसँग विवाह गरेका छन्। सुलभ अमेरिकामा अध्ययन गर्दैछन्। कान्छी फुपूको परिवार काठमाडौँमा पनि घर छ र हालको बसाइ अमेरिकामा गरेका छन् ।

❋❋

# परिशिष्टः

१. समवेदना, श्रद्धाञ्जली र शोक मन्तव्यहरू

२. प्रमाणपत्र र सम्मानपत्रहरू

# विषयसूची

**परिशिष्टः समवेदना र श्रद्धाञ्जली/प्रमाणपत्र र सम्मानपत्रहरू** ३४९–३७०

१ समवेदना, श्रद्धाञ्जली र शोक मन्तव्यहरू ३५१

२ प्रमाणपत्र र सम्मानपत्रहरू ३६७

# १ समवेदना, श्रद्धाञ्जली र शोक मन्तव्यहरू



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

INTERNATIONAL NEPALI LITERARY SOCIETY (INLS)

1727 Horner Road, woodbridge, VA 22191, USA | info@inls.org | www.inls.org

INLS Central Committee
2022-2024

President
Govardhan Pooja
gpooja1970@gmail.com

Sr. Vice president
Sarbagya Wagle
sarbagya11@gmail.com

Vice Presidents:

America
Rajendra K. Shrestha
inepal6@gmail.com

Asia
Renuka Solu
renukasolu43@gmail.com

Europe
Sita Devi Bastola Baral
sbaral22@gmail.com

Oceana
Maheshwar Sharma
maheshwar21sa@yahoo.com

General Secretary
Bimala Niraula
mbniraula@gmail.com

Secretary
Deep Pathak
aasthakofool@gmail.com

Treasurer
Nijananda malla
nijanandamalla@gmail.com

Members:

Tara Adhikari
tara_adhikari79@yahoo.com

Yadav Devkota
yadavdevkota25@gmail.com

Sarita Aryal
sarita.aryal@gmail.com

Sudipbhadra Khanal
reachtosudip@yahoo.com

Rabin Sharma
sharmarabin1993@gmail.com

Pramod Sarang
dahalpramods@yahoo.co.uk

Shakun Gyawali
shakungyawali@yahoo.com

भाका, भूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो। इन्द्रै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो॥
थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो। खाता जाँची सबै दुरुस्त नबुझी बिर्सेर हान्दैन त्यो॥
राजा रंक सबै समान उसका वैषम्य गर्दैन त्यो। आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो॥

हार्दिक श्रद्धाञ्जली

अनेसासका संस्थापक अध्यक्ष श्री होमनाथ सुवेदीकी
धर्मपत्नी तथा अनेसासकी संस्थापक सदस्य

**नन्दादेवी सुवेदी**को

महाप्रस्थानको खबरले मर्माहत भएका छौं।
उहाँको आत्माको चीरशान्तिको कामनासहित
हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल
परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं।

विमला निरौला
महासचिवः अनेसास केन्द्र

तथा

गोवर्द्धन पूजा
अध्यक्षः अनेसास केन्द्र

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) परिवार

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

बोर्ड अफ ट्रस्टिज (बिओटी)

INTERNATIONAL NEPALI LITERARY SOCIETY (INLS)

Board of Trustees (BOT)

1121 Barnes Road Woodbridge, VA 22191, Washington DC, USA | inlsboardoftrustees@inls.org | www.inls.org


**BOARD OF TRUSTEES 2022-2024**

Chair
Padam Bishwokarma, USA
bot-chair@inls.org

Vice-Chairs
Bishnu Prasad Ghimire, Japan
Tirtha Pandey, USA

General Secretary
Prakash Nepal, USA
inlsboardoftrustees@inls.org

Secretary
Narayan Adhikari, USA
inlsboardoftrustees@inls.org

Treasurer
Netra Bandhu Pokharel
bot-treasurer@inls.org

Members:
Dharma Raj Koirala, USA
Rashmi Bhatta, USA
Rishi Baral, Nepal

Trustees
UNITED STATES (82)
NEPAL (21)
JAPAN (7)
AUSTRALIA (4)
ISRAEL (1)
UK (1)
PORTUGAL (1)
INDIA (1)
KUWAIT (1)
AFRICA (1)




## हार्दिक श्रद्धाञ्जली

अनेसासका संस्थापक अध्यक्ष श्री होमनाथ सुवेदीकी धर्मपत्नी तथा अनेसासकी संस्थापक सदस्य **नन्दादेवी सुवेदी**को महाप्रस्थानको खबरले मर्माहत भएका छौं । उहाँको आत्माको चीरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

प्रकाश नेपाल
महासचिव: अनेसास, बिओटी

पदम विश्वकर्मा
सभापति: अनेसास, बिओटी

तथा

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) बोर्ड अफ ट्रस्टी परिवार

# भावपूर्ण श्रद्धासुमन



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अ.ने.सा.स.)का संस्थापक अध्यक्ष होमनाथ सुवेदीज्यूको धर्मपत्नी एवं अनेसास केन्द्रीय कार्यसमितिका पूर्व अध्यक्ष पुरु सुवेदीज्यूको ममतामयी माता, अनेसास संस्थापक सदस्य श्रीमती नन्दादेवी सुवेदीज्यूको देहावसानले सम्पूर्ण साहित्यनुरागीहरुलाई दुखी बनाएको छ ।

उहाँको आत्माको शान्तिको कामनासहित भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै, शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

अध्यक्ष:
रीता देवी प्रधान (जोशी)
साहित्यिक चौतारी नेपाल
अमेरिका शाखा

नेपालीका सन्तति हाम्रा हाँक्दछन् संसार
भाषासाहित्य, कलासंस्कृति पहिचानका आधार



## अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), कोलोराडो शाखा
## International Nepali Literary Society (INLS), Colorado Chapter


कार्यसमिति
**Executive Officers**

राजु सिटौला
**Raju Sitaula**
अध्यक्ष (President)

विजयदेव अधिकारी
**Bijay Dev Adhikari**
उपाध्यक्ष (Vice-President)

किरण अधिकारी
**Kiran Adhikari**
महासचिव
(General Secretary)

लाल चौलागाईं
**Lal Chaulagain**
सचिव (Secretary)

सेनुप्रसाद तिवारी
**Senu Prasad Tiwari**
कोषाध्यक्ष (Treasurer)

सम्झना आचार्य
**Samjhana Acharya**
सदस्य (Member)

निर्मला अर्याल
**Nirmala Aryal**
सदस्य (Member)

रामराज पौडेल
**Ramraj Poudel**
सदस्य (Member)

सल्लाहकार समिति
**Advisors**

निर्मल प्याकुरेल
**Nirmal Pyakurel**

रमेश गुरुङ
**Ramesh Gurung**

प्रमिला शर्मा
**Pramila Sharma**

कपिलदेव सुवेदी
**Kapildev Subedi**

वासुदेव खनाल
**Bashudev Khanal**


मिति: जनवरी १६, २०२४

### हार्दिक श्रद्धाञ्जली !



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)का संस्थापकहरू मध्ये एक, अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदीको धर्मपत्नी तथा अनेसासका पूर्व केन्द्रीय अध्यक्ष पुरुषोत्तम सुवेदीको ममतामयी माता नन्दादेवी सुवेदीको निधनप्रति अनेसास कोलोराडो शाखा गहिरो दुःख प्रकट गर्दछ। अनेसासको संस्थापना र यसको विस्तारमा उहाँले पुऱ्याउनुभएको योगदानहरूको सम्झना गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। होमनाथ सुवेदी, पुरुषोत्तम सुवेदी तथा सम्पूर्ण शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

किरण अधिकारी
महासचिव

राजु सिटौला
अध्यक्ष


*Address: 5314 S Broadway Circle, #7-204, Englewood, CO 80113, USA*
*Phone: +1-720-480-0347, +1-720-757-2893*
*Website: https://inlscolorado.org*
*Email: inlscolorado@gmail.com*

**ASSOCIATION OF NEPALIS IN THE AMERICAS (ANA)**
ESTD - 1983

*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।*
*इन्द्रै विन्ति गरुन् झुकेर पाउमा त्यो विन्ति मान्दैन त्यो॥*

## भावपूर्ण श्रद्धांजली



स्वर्गीय नन्दादेबी सुबेदी

एसोसिएशन अफ नेपालिज ईन द अमेरिकाज (एएनए) कि शुभचिंतक एवं अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजकि संस्थापक सदस्य साथै नेपाली भाषा- साहित्यको संवृद्धि मार्फत समग्र नेपाल र नेपाली पहिचानको पहुँचलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउने वरिष्ठ व्यक्तित्व स्वर्गीय नन्दादेबी सुबेदीको ७६ बर्षको उमेरमा मिति २०८० माघ १ गते असामयिक स्वर्गारहण भएको खबरले हामिलाई मर्माहत बनाएको छ।दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै ईश्वरको कृपाले सम्पूर्ण शोकाकुल सुबेदी परिवारजनमा शोक सहन गर्न सक्ने क्षमता प्राप्त होस् भन्ने प्रार्थना सहित भावपूर्ण श्रद्धांजली अर्पण गर्दछौं।

जनवरी २७, २०२४ मा एसोसिएसन अफ नेपालीज इन द अमेरिकाज़ (एएनए) को कार्यकारी समिति, संरक्षक समिति र सल्लाहकार समितिको संयुक्त बैठकमा आदरणीय स्वर्गीय नन्दादेबी सुबेदीको असामयिक निधन प्रति दु:ख व्यक्त गर्दै शोकसन्तप्त परिवारमा गहिरो समवेदना व्यक्त गरिएको थियो।साथै उक्त ए.एन.ए. बैठकमा शोकप्रस्ताप पास गर्नुका अतिरिक्त स्वर्गीय नन्दादेबी सुबेदीको सम्झनामा एक मिनेट मौन धारण समेत गरिएको थियो।

श्रद्धेय नन्दादेबी सुबेदी प्रति भावपूर्ण श्रद्धांजली अर्पण गर्दछौं।

सम्पूर्ण ए.एन.ए. परिवारको तर्फ बाट

दु:ख़ित,

खगेन्द्र अधिकारी
अध्यक्ष
एसोसिएशन अफ नेपालिज ईन द अमेरिकाज (एएनए)
मिति: जनवरी २७, २०२४

जि.प्र.का.चि.द.नं. २२/०७२ | स.क.प.आ.नं.४२१२३

# नीलकण्ठ पौडेल स्मृति प्रतिष्ठान (गुठी)

**Neelakantha Paudel Memorial Trust (NEPAMET)**

भरतपुर महानगरपालिका-१०, चितवन, नेपाल

न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ।। – गीता

## हार्दिक श्रद्धाञ्जली !



जन्मः २००३/१०/०४
पुलाचौर, म्याग्दी, नेपाल

देहान्तः २०८०/१०/०१
भर्जिनिया, अमेरिका

## स्व. नन्दादेवी (पौडेल) सुवेदी

म्याग्दी जिल्ला बेनी न.पा. ५ पुलाचौरको प्रसिद्ध पौडेल परिवारमा माता अमृतादेवी र पिता जीवनाथ पौडेलकी सुपुत्रीका रूपमा २००३ साल माघ ४ गते जन्म भई धौलागिरी ७ ताकम म्याग्दीको सम्भ्रान्त सुवेदी परिवारका जिं मु. हरिलाल सुवेदीका जेष्ठ सुपुत्र, अग्रज व्यक्तित्व, मेरा कलेजदेखि एम् ए. पद्दासम्मका सहपाठी, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय संस्थापक अध्यक्ष श्री होमनाथ सुवेदीसँग वैवाहिक सम्बन्धले बाँधिएकी, उहँकी धर्मपत्नी नन्दादेवी (पौडेल) सुवेदीको मितिः २०८० साल माघ १ गतेका दिन अमेरिकाको भर्जिनिया स्थित आफ्नै निवास क्षेत्रको अस्पतालमा आत्माको देहमुक्तिको खबरले अत्यन्त मर्माहत भएका छौँ । यस दुःखद घडीमा हामी (गीतान्जली र छोरा भुपेश समेत) स-परिवार सन् २००९ मा भर्जिनियादेखि डी.सी. र न्युयोर्कसम्मको यात्राका बखत उहाँले दिनुभएको स्नेह र प्रेमपूर्ण आतिथ्यको स्मरण र नन्दा भाउजूबाट पाएको सेवाभावको उच्च कदर गर्दै उहाँलाई सम्झन चाहन्छौं । सँधै हँसमुख भाउजूलाई २०१५ मा जापानको अनेसास सम्मेलनमा भेटेपछि पुनः भेट्ने अवसर मिलेन । अचानक मस्तिष्कघात भई सात वर्षसम्म बिस्तरा कुर्नु परेकी प्यारी श्रीमतीको दाजु होमनाथले जुन सेवा गर्नु भयो यो सबैको लागि अनुकरणीय रहेको छ । यस्तै अवस्था र अवसरका सम्झना मनमा आइरहेपनि दाजु-भाउजूलाई भेट्ने ईच्छा पूरा नहुँदै ममताकी प्रतिमूर्ति, सबैकी प्रियपात्रा, आफै साहित्य सिर्जनामा संलग्न नभएपनि श्रीमान् होमनाथ दाजुकी प्रेरणास्रोत बनेकी अनेसासकी 'आमा' उपाधिले विभूषित, एक आदर्श नारीव्यक्तित्व, नन्दा भाउजू कीर्तिशेष हुनु भएकोमा 'दिवङ्गत आत्माको चिरशान्तिको कामनासाथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ' । यस दुःखको घडीमा मेरा आत्मीय सहपाठी दाजु होमनाथ सुवेदी, छोराहरू पुरु र प्रकाश तथा छोरी कल्पना लगायत सकल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

मितिः २०८०/१०/५
सम्पर्कः ९७७ ९८४५०२३४३८

**लकाश पौडेल**
**प्रधान संरक्षक/ अध्यक्ष**
– पं. नीलकण्ठ पौडेल स्मृति प्रतिष्ठान (गुठी), चितवन तथा परिवार ।
– अध्यक्ष : छन्दोबद्ध कविता अभियान चितवन तथा परिवार
– संस्थापक अध्यक्षः अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज चितवन शाखा नेपाल तथा परिवार ।

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
## INTERNATIONAL NEPALI LITERARY SOCIETY (INLS)

नेपाल च्याप्टर (Nepal Chapter) inlsnepalchapter@gmail.com

भाका, भूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो॥
थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो।
खाता जाँची सबै दुरुस्त नबुझी बिर्सेर हान्दैन त्यो॥
राजा रंक सबै समान उसका वैषम्य गर्दैन त्यो।
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो॥



## हार्दिक श्रद्धाञ्जली

अनेसासका संस्थापक अध्यक्ष श्री होमनाथ सुवेदीकी
धर्मपत्नी तथा अनेसासकी संस्थापक सदस्य एवं आमा

**नन्दादेवी सुवेदी**को

महाप्रस्थानको खबरले मर्माहत भएका छौं। उहाँको
आत्माको चीरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण
गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं।

राजेन्द्र के.सी.
अध्यक्षः अनेसास नेपाल च्याप्टर
तथा
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) परिवार

NEPALI AMERICAN COMMUNITY CENTER

## हार्दिक श्रद्धांजली!



नेपाली अमेरिकन सामुदायिक केन्द्रकी संस्थापक ट्रष्टी आदरणीय व्यक्तित्व श्रीमती नन्दादेवी सुवेदीको दुःखद निधनको खबरले नेपाली अमेरिकन सामुदायिक केन्द्र परिवार अत्यन्त दुःखी भएको छ। स्वर्गीय नन्दादेवी न्याकका संस्थापक ट्रष्टी होमनाथ सुवेदीज्यूकी धर्मपत्नी, न्याक विओटी कमिटीका सचिव पुरूषोत्तम सुवेदी एवं न्याक विओटी कमिटीकी पूर्व सदस्य डा. कल्पना सुवेदी सत्यालकी आमा तथा न्याक विओटी सदस्य गोपाल रेग्मी एवं सल्लाहकार समितिका सदस्य भीम रेग्मीकी दिदी हुनुहुन्छ। उहाँको आत्माको चीर शान्तिको कामना गर्दै यस दुःखद घडीमा समस्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

प्रार्थी:

नेपाली अमेरिकन सामुदायिक केन्द्र (NACC) परिवार

www.nepalicenter.org NACC@nepalicenter.org 3615-C Chain Bridge Road, Fairfax VA 22030

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक अध्यक्ष होमनाथ सुवेदीका धर्मपत्नी तथा अनेसास पूर्व अध्यक्ष पुरु सुवेदीका माता साथै अनेसासका अभिभावक संस्थापक सदस्य नन्दादेवी सुवेदीको महाप्रस्थानले स्तब्ध बनाएको छ। यो दुःखद घडीमा स्वर्गीय नन्दादेवीप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त सुवेदी परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु।

**– अध्यक्षः अनेसास अफ्रिका महादेशीय च्याप्टर**
***तथा च्याप्टर परिवार।***

आमा नन्दादेवी सुवेदी परिवारका लागि मात्र नभएर नेपाली साहित्यकी आमा हुनुहुन्छ। उहाँको देहावसन प्रवासमा रहेर नेपाली साहित्यमा रमाउने हरएक व्यक्तिका लागि दुःखद र मर्माहत बनाउने एउटा अप्रत्याशित घटना। शब्दले उहाँमा श्रद्धाञ्जली व्यक्त गर्ने एउटा नियमित आकस्मिकता तर भावमा उहाँप्रति विशाल सम्मान जसले प्रवासलाई परिवार बनाउन अतुलनीय योगदान गर्नुभएको छ। आमाको बास हामी सबै साहित्य प्रेमीका मन मनमा रहोस्। हार्दिक शुभ-भाव !

**– पुष्पा खनाल**

आदरणीय समाजकी आमा श्रीमती नन्दादेवीको पुण्य आत्माले चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गर्दछु। यस समाजमा जुन किसिमको माया ममता र स्नेह प्रदान गरी नेपाली साहित्यको प्रवासमा जुन बीजारोपण गर्न जुन हौसलाका साथ आदरणीय होमनाथ सुवेदीलाई सहयोग गरी यसको स्थापना गर्नु भयो। यस समाजले सधैं सम्झिरहने छ। यसले नेपाली भाषा साहित्य तथा नेपालको पहिचानको जुन जग बसाल्नु भयो यो सदा सर्वदा सराहनीय हुनेछ।

**– मधु पन्थी तथा परिवार**

आदरणीय आमा नन्दादेवी सुवेदी (सुवेदी आमा) को आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**– तिलक/कमला खरेल, हेमार्केट भर्जिनिया**

आदरणीय आमा स्व. नन्दादेवी सुवेदीज्यूको असामयिक स्वर्गारोहणले मेरी श्रीमती मन्दीरा तथा छोरा प्रज्ञान तथा मैनाली परिवार अति दुःखित भएका छौं। यस शोकाकुल घडीमा स्वर्गीय आमाको आत्माले चिर शान्ति र शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना अर्पण गर्दछौं। स्व. आमाको सम्झना हाम्रो मानसपटलमा रहिरहने छ तथा उहाँको श्रीमानले स्थापना गर्नु भएको निःस्वार्थ कर्तव्य र प्रेम सम्पूर्ण समाजले चिरकालसम्म सम्झिरहने छ।

**– गोविन्द/मन्दीरा मैनाली**

फुपूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

**– आनन्द रेग्मी**

हाम्रा मित्र प्रकाश सुवेदी तथा दया आचार्यकी आमा तथा सासु आमा नन्दादेवी सुवेदीको आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**शिवप्रसाद देवकोटा, विश्वनाथ अधिकारी, शंकर देवकोटा, प्रविण शर्मा, देवी देवकोटा, लक्ष्मी अर्याल, निर्मला ढकाल, भक्त बहादुर ढकाल, दीपक पौडेल, रीता पौडेल । Ellicott City परिवार**

अमेरिका हामी आएको पहिलो घर । असीम माया गर्ने दिदीप्रति श्रद्धासुमन !

**– बालप्रसाद न्यौपाने ⁄ शान्ता न्यौपाने ⁄ विपिन न्यौपाने ।**

चिरशान्तिको कामना गर्दै स्वर्गीय आमाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौँ ।

**– नारायण खरेल ⁄ अम्बिका खरेल**

आदरणीय भाउजू नन्दादेवी सुवेदीप्रति हार्दिक श्रद्धासुमन । उहाँको आत्माको चिर शान्तिको कामना गर्दछु । आदरणीय होमनाथ ज्यू र परिवारमा समवेदना व्यक्त गर्दछु ।

**– श्याम उप्रेती**

आदरणीय मुमा नन्दादेवी सुवेदीप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**– रमेश राज पोखरेल, चक्र बुढाथोकी, रिना बुढाथोकी ।**

आदरणीय आमा नन्दादेवी सुवेदीप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**– अरूण प्रसाद आचार्य, अमृता पौडेल, तथा परिवार**

आदरणीय मुमा नन्दादेवी सुवेदीप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना अर्पण गर्दछौँ ।

**– गणेश बराल ⁄ अस्मिता पौडेल**

श्रद्धेय म्याडम नन्दादेवी सुवेदीको असामयिक निधनले हामी सबैलाई मर्माहत बनाएको छ । यस विषम परिस्थितिमा दिवङ्गत आत्माको चिर शान्ति सहित स्वर्गलोक बासको कामना गर्दै शोकसन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**– रामेश्वर लामिछाने, सरिता लामिछाने, असिम लामिछाने**

सुवेदी आमा (नन्दादेवी सुवेदी) को स्वार्गरोहणको खबरले हामी स्तब्ध छौँ । हामी सर्वप्रथम २०१० मा Alexandria बाट ध्ययमदचष्मनभ मा बसाई सरेर आउँदा आमाले घरमै आएर हामीलाई स्वागत गर्नु भएको थियो । त्यसपछि पनि दिनहुँ जस्तो आमा हाम्रो घरमा जानुहुन्थ्यो । हामी नभएको बेलामा पनि घरमा गएर देखरेख गर्नु हुन्थ्यो । समग्रमा आमा हाम्रा अमेरिकाको आमा हुनुहुन्थ्यो ।

यस दुःखद घडीमा आमाको बैकुण्ठबास होस् भन्ने भगवान्सँग कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। सुवेदी बुबा, पुरु, प्रकाश, कल्पना सहित सम्पूर्ण सुवेदी परिवारप्रति समवेदना प्रकट गर्दछौँ।

**– जनक/उर्मिला अधिकारी**

म शान्ति रेग्मी (ढकाल) कालिका तथा रुद्र प्रसाद रेग्मीकी छोरी आज ठूलीआमाको १२ पुण्यतिथिमा उपस्थित हुने मौका जुऱ्यो। ठूली आमालाई हार्दिक श्रद्धान्जली।

**– शान्ति रेग्मी**

स्वर्गीय आमा नन्दादेवी सुवेदीको स्वर्गारोहणले हामीलाई मर्माहत बनाएको छ। यस घडीमा बुबा होमनाथ सुवेदी र परिवारलाई भगवान् श्री पशुपतिनाथले धैर्यधारण गर्ने शक्ति प्रदान गरून्। आमाको वैकुण्ठधाम प्राप्त होस्। हरि ओम्।

**– श्रीधर र सरिता कडेल**

स्वर्गीय माता नन्दादेवीको असामयिक निधन प्रति हार्दिक समवेदना प्रकट गर्दै दिवङ्गत आत्माको चिर शान्ति कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौँ। हरि ओम्।

**– सुरेश बन्धु खनाल र शिवहरि नेपाल**

स्वर्गबासी दिदी नन्दादेवी सुवेदीको निधनको सातौँ दिन आज उहाँकै निवासमा भिनाजु होमनाथ सुवेदी, छोराहरू पुरु सुवेदी, प्रकाश सुवेदी, छोरी कल्पना सत्याल र समस्त सुवेदी परिवारमा भेट गरी दिवङ्गत दिदी प्रति हार्दिक श्रद्धाञ्जलीको कामना र परिवारमा समवेदना प्रकट गर्न अवसर मिल्यो। दिदीको भौतिक देहको अवसान भए पनि उहाँको आत्मा भने अमर रहेकोले वैकुण्ठबासको कामना गर्दछौँ। पछिल्लो समय उहाँले पाउनु भएको दुःख र भिनाजु होमनाथ सुवेदी र परिवारजनले गरेको उहाँको सेवा हाम्रो नेपाली र अन्य समुदायलाई समेत एउटा उदाहरणको रूपमा रहिरहने देख्दछु। हरि ओम्।

**– अर्जुन सिग्देल/ आरती सिग्देल पराजुली**

आदरणीय बुवा होमनाथ सुवेदीकी अर्धाङ्गिनी स्वर्गीय आमा नन्दादेवी सुवेदीको परलोक गमनले हामीलाई स्तब्ध बनाएको छ। यस दुःखद समयमा बुबा होमनाथ सुवेदी, छोराहरू प्रकाश सुवेदी, पुरु सुवेदी, बुहारी कल्पना सुवेदी र दया सुवेदीलगायत परिवारका सम्पूर्ण सदस्यहरूलाई धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हामी भगवान्सँग प्रार्थना गर्दछौँ। मृत आत्माको वैकुण्ठमा बास होस् भन्ने पनि हाम्रो प्रार्थना छ।

**– विवश अर्याल, लक्ष्मी अर्याल**

स्वर्गबासी दिदी नन्दादेवी सुवेदीको सातौँ दिनको पुण्य तिथिमा आत्माको चिरशान्तिको कामना प्रकट गर्दछौँ।

**– मोहन उप्रेती/लक्ष्मी उप्रेती**

स्वर्गीय दिदी नन्दादेवीको आज सातौँ दिनको पुण्य तिथिमा उहाँको आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्दछौँ ।

**– तोया / कमला पौड्याल**

स्वर्गीय आमा नन्दादेवी सुवेदीको असामयिक निधनमा सम्पूर्ण सुवेदी परिवारमा हार्दिक समवेदना प्रकट गर्दछु । यस कठिन परिस्थितिमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भनी भगवानूसँग प्रार्थना गर्दछौँ । साथै आमाको मृत आत्माको वैकुण्ठमा बास होस् ।

**– किशोर तथा कमला ढुंगाना**

स्वर्गीय नन्दादेवीको आज सातौँ दिनको पुण्य तिथिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दछौँ ।

**– लक्ष्मी / चिरञ्जीवी लामिछाने तथा रुद्र / विमला ढुंगेल**

म जानु ओभ्का, सन् २००७ को अन्त्य मा अमेरिका आएको व्यक्ति, सन् २००८ को भानु जयन्तीको अवसरमा नन्दादेवी आमासँग मेरो चिनजान भएको थियो । काम सकिएर कार्यक्रमको अन्तिम-अन्तिमतिर पुगेको म, जसलाई आमाले सिधै तिमी काम सकेर ढिला आएको हो ? खाना खाएकी छैनौ होला पहिला खाना खाइहाल त भनेर बोलेका ती शब्दहरू आज पनि मेरो मानसपटलमा ताजै छन् । साच्चै नेपालको ती ऽष्कक भएको आमाको मातृत्व आमाले खाना थप्दै गर्दा खुवाउँदा माइतघरमा गएर बसेको आभास भएको थियो । मेरो लागि अमेरिकाका पहिलो आमा नन्दादेवीको त्यो माया मेरी आमा साथमा नभए पनि सधैँ रहिरहने छ । आमा हजुरको स्वर्गमा बास होस् । आमा गुमाउनु भएको सुवेदी परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् हार्दिक हार्दिक समवेदना नन्दा आमालाई ।

**– जानु ओभ्का / विजय ओभ्का**

स्व.नन्दादेवी सुवेदीज्यूको निधनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । कार्यको कारण हुन्छ, त्यस्तै मृत्युको पनि कारण छ । नश्वर शरीर हो, कीर्ति मर्दैन । स्व. नन्दादेवी सुवेदी ज्यूको नेपाली भाषा साहित्यको विषयमा अ.ने.सा.स. का पति होमनाथ सुवेदीज्यूले जुन समय र समर्पण दिनुभयो, त्यो उहाँको पुण्य जीवित रहनेछ । कार्य अगाडि देखिन्छ भने त्यो कामको समान भूमिकामा कारणले पर्दा पछाडिबाट समान भूमिका खेल्दछ । उहाँ नन्दादेवी सुवेदी हुनुहुन्थ्यो / हुनुहुन्छ । उहाँ आमा हुनुहुन्छ । परिवारमा पुनःहार्दिक समवेदना ।

**– नारायण अधिकारी**

स्वर्गीय आमाको आत्माको चिरशान्तिको कामना सहित सम्पूर्ण सुवेदी परिवार र सत्याल परिवारप्रति हार्दिक समवेदना अर्पण गर्दछु ।

**– परशुराम भण्डारी / यशोदा भण्डारी**

स्वर्गीय नन्दादेवी सुवेदीको स्वर्गारोहणको समाचारले हामी नातेदार श्री देवदत्त गौतम र राज गौतमको परिवारले दुःख महसुस गर्दै आज यो निवासमा भेट गर्दै सम्पूर्ण परिवारजनमा यस दुःखद समयलाई मुक्त र सामान्य हुने शक्ति भगवान पशुपतिनाथले प्रदान गरून् भनी ईश्वरसँग प्रार्थना गर्दछौँ ।

**– देवदत्त गौतम, राज गौतम**

प्यारो दिदीको सम्झना मात्रै ममा बाँचुञ्जेलसम्म रहन्छ। यो अटुट माया तपाईंको लागि भगवान्सँग प्रार्थना छ। स्वर्गमा बास मिलोस्। लक्ष्मी र नन्दा उहाँको जन्ममा भेट होला। हार्दिक श्रद्धाञ्जली।

**– लक्ष्मी**

स्वर्गीय आमा नन्दादेवी सुवेदीज्यूको वैकुण्ठ बासको कामना गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्दै आवश्यक कर्म पूरा गर्न शक्ति मिलोस् भन्ने कामना गर्दछौँ ।

**– राम ज्ञवाली एवं सरिता ज्ञवाली**

स्वर्गीय आमा नन्दादेवी सुवेदीज्यूको स्वर्ग बासको कामना गर्दै सम्पूर्ण शोकाकुल सुवेदी परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दछौँ ।

**– दधिराम ढुङ्गाना/शारदा ढुङ्गाना**

आदरणीय बुबा होमनाथ सुवेदीज्यू हजुरले नेपाली सिङ्गो समाजको आमा आदरणीय स्व. नन्दादेवी सुवेदी साथ लिई गर्नु भएको योगदानको कदर गरेर सकिँदैन। यदि स्व. आमा नन्दादेवी साथ सहयोग समयमा नपाएको भए हजुरको साहित्यिक यात्रालाई हाँकेर अगाडि पुऱ्याउन ज्यादै कठिन नै हुन्थ्यो होला। हजुर भाग्यमानी होइसिन्छ जस्तो आदरणीय जीवन सङ्गिनी साथ लिई यो उमेरसम्म सफलता साथ अगाडि बढिरहन पाउनु म फेरि पनि स्व. आमालाई कोटीकोटी प्रणाम गर्दै उहाँका आत्माले बैकुण्ठमा बास पाउनुहोस् भन्ने कामना र प्रार्थना गर्दछु।

**– अरूण रूपाखेती/अनिता रूपाखेती**

स्वर्गीय भान्जी नन्दादेवी सुवेदीको बैकुण्ठबास र स्वर्गीय आत्माले शान्ति पाओस् भनी कामना गर्दछौँ। आत्मबल बलियो हुनु भएकी भान्जीको प्रेरणाले ग्क्ब मा सुरुवाती अवस्थामा धेरैधेरै प्रेरणा मिलेको कुरा झल्झली सम्झनामा घुमिरहन्छ। माइजूलाई फोन गरेर धेरै प्रेरणा दिनुहुन्थ्यो। एक जना आत्मीय अभिभावक गुमाएका छौँ।

**– पुरुषोत्तम पौडेल तथा परिवार**

स्व. नन्दादेवी सुवेदीको आत्माको चिर शान्तिको कामना गर्दछौँ। शोक सन्तप्त परिवारजनको धैर्यधारण गर्ने शक्ति प्रदान गरून्।

**– यामप्रसाद कोइराला तथा परिवार**

स्व. नन्दादेवी सुवेदी आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने क्षमता एवम् शान्तिको कामना गर्दछु।

**– गोपीचन्द्र कडेल/गोपी कडेल**

आदरणीय नन्दादेवी सुवेदीप्रति आजको दिनमा हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै होमनाथ सुवेदी दाजु लगायत पुरु, प्रकाश, कल्पना सुवेदी लगायत समस्त परिवारजनहरूमा समवेदना प्रकट गर्दछु। उहाँले समाज, साहित्य र परिवारजनमा लगाउनु भएको गुण सदैव सम्झनामा रहिरहने छ।

**– माधव सुवेदी**

आदरणीय होमनाथ सुवेदीज्यू कि धर्मपत्नी श्रद्धेय नन्दादेवी सुवेदीको स्वर्गारोहण हामी सबैका लागि अत्यन्तै दुःखद विषय भएको छ। जीवनको यो कटु सत्यलाई स्वीकार गरेर आफ्नोअगाडिको जीवनमा अगाडि बढ्न म होमनाथ सुवेदीज्यूमा आग्रह र समवेदना व्यक्त गर्दछु। यस घडीमा परिवारका सबै सदस्यमा मेरो हार्दिक समवेदना छ।

स्व. नन्दादेवी सुवेदीज्यू एक उदाहरणीय नारी हुनुहुन्थ्यो। उहाँको जीवनबाट हामीले प्रेरणा लिएका छौँ। यो उहाँको जीवन सार्थक भएको प्रमाण हो। उहाँ हाम्रो जीवनभर हाम्रो मानसपटलमा जीवन्त रहनुहुनेछ। उहाँको आत्माको शान्तिका लागि म भावपूर्णरूपमा कामना गर्दछु। हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

**– रामप्रसाद वस्याल**

भर्जिनिया, वुडव्रिज निवासी आदरणीय श्री होमनाथ सुवेदीकी धर्मपत्नी नन्दादेवी सुवेदीको स्वर्गबास भएको आज म एवम् अन्तिम संस्कारमा उपस्थित भई श्रद्धाञ्जली दिन नसकेको र घरमा आई १० औँ दिनका दिन अन्तिम श्रद्धाञ्जली अर्पण गर्दछु। उहाँको बैकुण्ठबासको कामना सहित सुवेदीज्यूको सम्पूर्ण परिवारमा हार्दिक समवेदना प्रकट गर्दछु।

**– लक्ष्मीकान्त गौडेल**

नेपाली समूदायमा संस्थागत साहित्यिक क्रियाकलाप गरेर साहित्यिक, ऐतिहासिक, कोसेढुंगा (Milestone) कायम गरेका श्री होमनाथ सुवेदीको प्रत्येक प्रयासमा काँधमा काँध हालेर जीवनपर्यन्त लागि पर्नु भएकी श्री नन्दादेवी सुवेदी वैकुण्ठबास हुनु भएकोमा आत्माको परमात्मा मिलन शान्तमय भइरहोस्। शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति परमेश्वरले दिऊन्।

**– चन्द्र ढुङ्गेल**

स्वर्गीय आमा नन्दादेवी सुवेदी स्वर्गारोहणले हामीलाई मर्माहित बनाएको छ। उहाँ हामी सबै नेपालीहरूको आदरणीय हुनुहुन्थ्यो। उहाँ पढेका भन्दा पनि परेर धेरै जानेका कुरा सुनाउनु हुन्थ्यो। उहाँ ज्यादै हिम्मतवाली हुनुहुन्थ्यो। कर्ममा विश्वास गर्नुहन्थ्यो। परिश्रम गरेपछि फल पाइन्छ, काम गर्न नडराउनु है बाबु भनेर भनेको कुरा मलाई अहिले याद आइरको छ। उहाँले सबैको भलो चाहनु हुन्थो। अहिले उहाँलाई भाग्यमानी मानेको छु। होमनाथ सुवेदी जस्तो श्रीमान् पाउनु भयो। उहाँको सुखदुःखमा चौबिसै घण्टा साथ दिइरहनु भयो। यस दुःखको बेला होमनाथ सुवेदी बुबालगायत सम्पूर्ण परिवारमा हार्दिक समवेदना व्यक्त गर्दै आमा नन्दादेवी सुवेदीको स्वर्गमा बास होस् भनी प्रार्थना गर्दछु।

**– कमल भट्टराई**

स्वर्गीय नन्दादेवी सुवेदीको आत्माको चिरशान्तिको कामना गर्दै उहाँको आत्माले वैकुण्ठ लोक प्राप्त गरोस्, हार्दिक श्रद्धासुमन। उहाँप्रति समस्त शोकसन्तप्त परिवारमा हार्दिक समवेदना। उहाँले साहित्यिक तथा सामाजिक क्षेत्रमा गरेका योगदान विभिन्न माध्यमबाट समाजका लागि अनुकरणीय बन्न सकोस् भन्ने हार्दिक शुभकामना।

**– राजेन्द्र, खनाल तथा कृष्णप्रसाद खनाल**

स्वर्गीय नन्दादेवी आमाको आत्माले शान्ति पाओस्, स्वर्गलोकमा बास होस् र सम्पूर्ण परिवारजनमा धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामना गर्दछु। आदारणीय संस्थापक अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका पिता श्री होमनाथ सुवेदी बुबा जस्तो श्रीमान् पाउनु हुने आमा नन्दादेवी साह्रै भाग्यमानी आमा हुनुहुँदो रहेछ। बुबाप्रति धेरै गर्व छ मलाई। यस्ता श्रीमान् सबैले पाऊन् भन्ने कामना पनि गर्दछु।

**– सचिव : शकुन्तला अधिकारी, दुर्गा अधिकारी, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज डि.सी. मेट्रो च्याप्टर।**

हाम्रा आदरणीय मित्र पुरु सुवेदीको ममतामयी आमाको ७७ औँ वर्षमा परलोक भएको सुन्दा म वासुदेव पराजुली र मेरो परिवार कृष्ण पराजुली स्तब्ध भएका छौँ। दिवङ्गत आत्माको चिरशान्ति र स्वर्गबासको कामनासहित शोकसन्तप्त परिवारहरू, परिवारजनहरूमा यस दुःखद घडीमा सहन गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दछौँ।

**– वासुदेव पराजुली/कृष्ण जोशी पराजुली।**

कल्पना दिदी, पुरुजी, प्रकाश दाइ, कल्पना साथी, आदरणीय बुबा, गोपाल दाइ, भीम दाइ र सम्पूर्ण शोक सन्तप्त परिवारमा हजुरहरूलाई पर्न आएको अपूरणीय क्षतिमा हामी स्तब्ध छौँ। आमाको कमी कहिले र कसैले पनि पूरा गर्न सक्दैनन् तर भन्दै गर्दा मुमाको जीवनमा यस्तो माया र साथ गर्ने/दिने श्रीमान्, माया र स्याहार गर्ने छोरा, छोरी, बुहारी, भाइहरू पाउनु र सम्पूर्ण माया, स्याहार सुसार अन्तिम अवस्थासम्म आफ्नो छेउमा हुनु भनेको एक जना महिलाको लागि भाग्यको कुरा हो। मुमाको सुन्दर आत्माले स्वर्गमा शान्ति पाओस्, सम्पूर्ण परिवारमा हाम्रो समवेदना छ।

**– चन्द्र लामा, बिना खड्का लामा, मुना आचार्य, विष्णु आचार्य**

स्वर्गीय नन्दादेवी सुवेदीको आत्माले शान्ति पाओस्। चिरशान्तिको कामना गर्दै उहाँको आत्माले वैकुण्ठ प्राप्त गरोस्। उहाँप्रति हार्दिक श्रद्धासुमन समस्त परिवारमा हार्दिक समवेदना।

**– सन्दिप शर्मा, संगिता शर्मा**

स्वर्गीय नन्दादेवी आमाको आत्माले चिरशान्तिको कामना गर्दै उहाँको वैकुण्ठबास कामना गर्दछु। साथै शोकाकुल परिवारजनमा गहिरो समवेदना अर्पण गर्दै धैर्यधारण गर्ने शाक्ति प्राप्त होस् भनी भगवान्सँग प्रार्थना गर्दछौँ।

**– डा. लेखनाथ अधिकारी/अनु अधिकारी**

स्वर्गीय आमा नन्दादेवी सुवेदीको आत्मालाई बैकुण्ठबासको कामना गर्दै उहाँको बैकुण्ठ यात्राको कामना गर्दै चिरशान्ति एवम् हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । उहाँको सरल जीवन र उच्च विचारलाई हामी सबैले आत्मसात गर्दै उहाँको सम्झना स्वरूप उहाँको मायालाई आत्मसात गर्दै उहाँले सुरुगरेको निःसार्थ समाजसेवालाई निरन्तर गर्नेछौं ।

**– राजन घिमिरे/पूर्ण घिमिरे एवं परिवार ।**

I, unfortunately did not get the pleasure of meeting you in your prime. However, I am lucky enough to hear the endless stories of your selfless acts, continuous love, and dancing stories. Your legacy will continue to last through your husband, children, grandchildren and loved ones. Rest in peace.

**- Elena.**

To all,

What an amazing Person aunty was

and a remarkable life she had. I fall

So lunch that I get to know her

My heart goes out to entire family .


With love from,

**Deyin famili**

# २ प्रमाणपत्र र सम्मानपत्रहरू





Certificate of Recognition

Prince William County Public Schools
Adult Education Department
*presents this certificate to*

**Nanda Subedi**

for attendance in the Spring 2003 Beginning Level
*English for Speakers of Other Languages Class*
at Kilby Elementary School.

Bette L. Sneed, Coordinator
Adult Education




Certificate of Recognition

Prince William County Public Schools
Adult Education Department
*presents this certificate to*

**Nanda Subedi**

for attendance in the Spring 2005 Intermediate Level
*English for Speakers of Other Languages Class*
at Gar-Field High School.

Bette L. Sneed, Coordinator
Adult Education



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
वाशिङ्गटन डी. सी. मेट्रो कमिटी - अमेरीका
महिला विभाग

सम्मान-पत्र

तपाई श्रीमती नन्दा देवी सुवेदीज्यूले नेपाली समुदायको उत्थान र विकासमा आफ्नो अमूल्य समय दिंदै परोक्ष अपरोक्ष रूपमा नेपाली भाषा, साहित्य, कला तथा संस्कृतिका क्षेत्रमा विविध योगदान पुर्‍याउँदै आउनु भएकोले, अन्तर्राष्ट्रिय नारी दिवस सन् २०१८ को सुखद उपलक्ष्यमा यस संस्थाको तर्फबाट कदर स्वरूप सम्मान गरिएको छ।

यहाँको थप योगदानको अपेक्षा गर्दै उत्तरोत्तर प्रगतिको कामना गरिन्छ।

हार्दिक बधाई तथा शुभकामना!

पुष्पा घिमिरे
सह-संयोजक

बिमला मिरौला
संयोजक



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
केन्द्रीय कार्यसमिति वासिङ्टन डिसी,अमेरिका
INTERNATIONAL NEPALI LITERATURE SOCIETY
CENTRAL COMMITTEE WASHINGTON DC, USA

स्वास्थलाभको कामना

श्री नन्दा देवी सुवेदीज्यू,


अनेसास संस्थापना कालदेखि नै अनेसास केन्द्र र अनेसास डिसी च्याप्टरको उन्नयनको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अहोरात्र खटिंदै आउनु भएकी तपाईं केही समय देखि अस्वस्थ अवस्थामा रहनु भएकोमा अनेसास डिसी च्याप्टर शीघ्र स्वास्थ्य-लाभको कामना गर्दछौ ।

प्रमुख अतिथि
होमनाथ सुवेदी
(संथापक अध्यक्षअनेसास)

अध्यक्ष
अरुण रुपाखेती
( अध्यक्ष अनेसास डिसी च्याप्टर)

कार्यक्रम संयोजक
नीलकण्ठ सुवेदी
(सचिवअनेसास डिसी च्याप्टर)

मिति: मार्च २६,२०२२



Certificate of Honor

Mrs. Nanda Devi Subedi has been honored for her great contributions towards the promotion of Nepali language and literature through her continuous support and encouragement for the cause of the Nepali language and literature. Mrs. Subedi's outstanding contributions have been commendable.

Honored by the International Nepali Literary Society (INLS), Washington D.C. on the occasion of Bhanu Jayantee 2009.

Mr. Kali Prasad Pokhrel
Charge d' Affaires a.i.
Embassy of Nepal,
Washington DC, USA

Mr. Hom Nath Subedi
Founding President, INLS
Chairman, Board of Trustee, INLS

Ms. Kamala Prasai
Coordinator
Treasurer, INLS HQ



Certificate of Achievement

this award is to certify that

*Nanda Subedi*

**Is a wonderful student who has greatly improved her English skills by working hard.**

**It is has been my privilege to be your teacher.**

Luanne Oberst

# तस्बिर खण्ड

# विषयसूची

**तस्बिर खण्ड** ३७१-४२०

१.तस्बिरहरू ३७३

(नन्दा सुवेदीका पारिवारिक तस्वीरहरू/नन्दा सुवेदीका व्यक्तिगत तस्बिरहरू/नन्दा निवासका तस्बिरहरू/अमेरिकामा नन्दा/ अस्ट्रेलियामा नन्दा/बहामाजमा नन्दा/बेल्जियममा नन्दा/क्यानाडामा नन्दा/लण्डनमा नन्दा/फ्रान्समा नन्दा/जर्मनीमा नन्दा/भारतमा नन्दा/जापानमा नन्दा/लक्जेम्बर्गमा नन्दा/ नेपालमा नन्दा/नेदरल्याण्डमा नन्दा/न्यूजिल्याण्डमा नन्दा/कतारमा नन्दा/बहराइनमा नन्दा)

२ प्रकाशन प्रायोजकको लागि सचित्र कृतज्ञता ४२१-४२३

३.धन्यवाद ज्ञापन ४२४

# १. तस्बिरहरू

## नन्दा सुवेदीका पारिवारिक तस्वीरहरू




सन् १९९४ मा नन्दादेवी सुवेदी, अमेरिका



वि. सं. २०३४ मा नन्दादेवी सुवेदी




पति होमनाथ सुवेदीसँग नन्दादेवी सुवेदी


नन्दा+होमका पहिलो पुत्र पुरुषोत्तम सुवेदी


नन्दा+होमका दोस्रो पुत्र प्रकाश सुवेदी


नन्दा+होम पुत्री कल्पना सुवेदी



नन्दा+होमका तेस्रो पुत्र दीपक सुवेदी



नन्दा सुवेदीका परिवार



बहिनी लक्ष्मीसँग नन्दा सुवेदीका परिवार




नन्दाको ससुराबा हरिलाल सुवेदी



नन्दाको सासुआमा तुलसीदेवी सुवेदी



नन्दाकी आमा अमृता पौडेल



नन्दाको जेठो भाइ मधुसुदन पौडेल



मुकेश र जमुनादेवी नायक क्षेत्रीका साथमा नन्दा



नन्दा, जगतकुमारी हुवकुमारी, जमुना चार बहिनी र आमा अमृता उपाध्याय पौडेल




पति होमनाथ सुवेदीका साथ नन्दादेवी सुवेदी




ट्वीन टावरमा नन्दा दम्पति



छोरी कल्पनाका साथमा नन्दा




तीन सन्तानका साथमा नन्दा



नातिहरूका साथमा नन्दा


नन्दाका नौ नातिनातिनाहरू


नन्दा पुत्री कल्पना सत्यालका परिवार


नन्दा पुत्र प्रकाश सुवेदीका परिवार



नन्दा पुत्र पुरुषोत्तम सुवेदी र बुहारी कल्पना सुवेदी



नन्दा पुत्र प्रकाश सुवेदी



नन्दाकी नातिनी बुहारी दीपिजा ओली (सुवेदी)



नातिनी बुहारी दीपिजाका साथमा नन्दा परिवार

# नन्दा सुवेदीका व्यक्तिगत तस्बिरहरू



नेपाली पहिरन रातो सारीचोलोमा सजिएर मुस्कान छर्दै नन्दा



भानुजयन्ती कार्यक्रममा नन्दा



उडब्रिजस्थित आफ्नै घरबगैँचामा लुङ्गी पहिरनमा नन्दा



अनेसासको कार्यालयमा पति होमनाथ सुवेदीका साथ नन्दा



कार्यक्रममा अतिथिहरूलाई
अभिवादन गर्दै नन्दा



उन्मुक्त हाँसोमा नन्दा




जापानमा नेपाली झण्डाका साथमा नन्दा



पाहुना सत्कारमा नन्दा



विजयादशमीको टीकामा नन्दा



सम्मान पाउँदाको बखत नन्दा होमको साथमा



जापानमा नीलो सारीचोलोमा
सजिएकी नन्दा



रातो सारीचोलोमा
सजिएकी नन्दा



जापानमा मुस्कुराएको नन्दाको मुहार



जापानमा मुस्कुराएको नन्दाको मुहार



वि.सं.२०३४ सालमा खिचिएको नन्दाको तस्बिर



गङ्गासागरमा नन्दा



टाउन हाउसको डेस्कमा नन्दा



रामेश्वरमा नन्दा



सन् १९९४ मा वेस्ट भर्जिनियाको गोल्डेन टेम्पलमा नन्दा



सारीचोलोमा अमेरिकामा पहिलोपल्ट नन्दा

## नन्दा निवासका तस्वीरहरू



हिमालको फेँदीमा अवस्थित नन्दाको मूलघर, ताकम



ताकमस्थित नन्दाको मूलघरको स्वरूप




काठमाडौं स्थित नन्दाको घर



सिटी टाउनको घरमा होमका साथ नन्दा



उडब्रिज, अमेरिका स्थित नन्दाको घर



उडब्रिज, अमेरिका स्थित घरमा रोहिणी र सीता शर्माका साथमा नन्दा

# अमेरिकामा नन्दा



सन् १९९२ मा छोरा प्रकाशसँग नन्दा



सन् १९९२ मा पति होमसँग बगैंचामा रमाउँदै नन्दा



नन्दा मदनमणि, विकल आदिको अन्तवार्तामा भिडियो लिँदाको डिसीमा इ.१९९६




१९९७ को साहित्य सम्मेलनमा बसन्त श्रेष्ठको घरमा नन्दा अन्य सहभागीसँग



दायाँबाट नन्दा, होम र ऋषिनाथ




ग्र्याण्डक्यानियन, लसभेगस, नभाडा भिलेजमा नन्दा होम



बाल्टीमोरमा पति होमका साथमा नन्दा



एरिजोनामा नन्दा+होम प्ल्याक लिँदै, सन् २००४



न्यूयोर्कमा नन्दा प्रमाणपत्र लिँदै, दायाँबाट क्रमशः अेशष मल्ल, होमनाथ सुवेदी र गीता खत्री



न्यूयोर्कमा नन्दा प्रशंसापत्र लिँदै, साथमा.............




अनेसास डिसी कन्भेन्सन २०१३ मा नन्दा, साथमा मोदनाथ प्रश्रित, प्रेम छोटा



बोस्टन, सन् २०१४ मा कवि रमेश खकुरेललगायत अन्य कविहरूका साथमा नन्दा



आफ्नै निवासमा प्रकाश पौडेल माइला, भीमसेन सापकोटा, मोहन सिटौला र पति होमका साथमा नन्दा



गीता खत्री, पति होम र पू. राजदूत अर्जुन ब. कार्कीबाट 'अनेसासकी आमा'को सम्मान लिँदै नन्दा




अनेसास रजत जयन्तीमा अन्य अतिथिहरूका साथमा नन्दा, सन् २०१६



अनेसास रजत जयन्तीमा राम लामा र पति होमका साथमा नन्दा, सन् २०१६



तिहारमा परिवार र साथीहरूका बीचमा नन्दा



आफ्नो जन्मदिनमा पति होम र छोराबुहारी पुरु र कल्पनाका साथमा नन्दा




नि. महासचिव विमला निरौलाबाट प्रमाणपत्र लिँदै नन्दा, साथमा अन्य सहभागीहरू




पति होम र दीपाका साथ किवेस्ट फ्लोरिडामा भ्रमण गर्दै नन्दा

# अस्ट्रेलियामा नन्दा



पति होम र भीमसेन सापकोटाका बीचमा नन्दा हातमा गणेशको मूर्ति लिँदै



मीतछोरा तीर्थ, मन्दिरका महन्त, होम र सविताका साथमा नन्दा अस्ट्रेलियाको मन्दिरमा



सिड्नीस्थित भीमसेन सापकोटाको घरमा पति होमका साथमा नन्दा



शुभचिन्तकहरूका साथमा नन्दा, सिड्नी, अस्ट्रेलियामा



सिड्नी, अस्ट्रेलियाको कार्यक्रममा नन्दा

## बहामाजमा नन्दा



पति होमका साथमा नन्दा

# बेल्जियममा नन्दा



प्रमाणपत्र ग्रहण गर्दै नन्दा




अवार्ड ग्रहण गर्दै नन्दा



पति होमका साथ जलविहारमा नन्दाको मुस्कान



पति होमका साथ मुस्कुराएकी नन्दा बेल्जियम भ्रमणमा




बेल्जियम स्थित केजिन राईको घरमा पति होमका साथमा नन्दा



बेल्जियम विमानस्थलमा पति होम र पोषनाथका साथ नन्दा

## क्यानाडामा नन्दा



## लण्डनमा नन्दा



शुभचिन्तकहरूका माझ नन्दा



गोपीकृष्ण प्रसाईं र पति होमका साथ नन्दा

## फ्रान्समा नन्दा



## जर्मनीमा नन्दा



# भारतमा नन्दा



ताजमहल अगाडि पति होमका साथमा नन्दा, सन् १९९८



गङ्गोत्री चारधाम यात्राका बखत स्नानमा नन्दा, सन् १९९८




गङ्गोत्रीधाममा नन्दा, सन् १९९८



जमुनोत्तरी चारधाम यात्रामा पति होम र नन्दा घोडामा सवार, सन् १९९७



केदारनाथधाम यात्रामा पति होम र नन्दा, १९९८



बद्रीनाथधाममा नन्दा, सन् १९९७

# जापानमा नन्दा



पूर्व कुलपति गङ्गाप्रसाद उप्रेतीलगायत अन्य अतिथिहरूका साथमा नन्दा



वर्तमान अनेसास बिओटी उपाध्यक्ष विष्णुप्रसाद घिमिरेका साथमा नन्दा




तिलक मल्ल, भूषण, प्रकाश पौडेल माइला, पति होमका साथमा नन्दा



चौथो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनमा सीता, भूमिकासँग नन्दा

## लक्जेम्बर्गमा नन्दा




पति होमका साथमा नन्दा, पछाडी प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल, अगस्ट २०१५



पति होमका साथमा नन्दा, अगस्ट २०१५



प्रा.डा. खगेन्द्रप्रसाद लुइटेललगायत अन्य सहभागीहरूका साथमा नन्दा, अगस्ट, २०१५



पति होम र रमेश अधिकारीका साथमा नन्दा, अगस्ट, २०१५

# नेपालमा नन्दा



वनिता फाउण्डेशनबाट अभिनन्दित नन्दा दम्पति, वि.सं. २०६८



वसुन्धरा प्रज्ञा-प्रतिष्ठानबाट अभिनन्दित नन्दा दम्पति, वि.सं. २०६८




सरस्वती सङ्गीत निकेतनबाट सम्मानपत्र ग्रहण गर्दै नन्दा दम्पति, वि.सं. २०६८

## नेदरल्याण्डमा नन्दा




अनेसास, नेदरल्याण्ड च्याप्टरका साथीहरूका साथमा नन्दा

## न्यूजिल्याण्डमा नन्दा



मार्च १६, २०१६ न्युजिल्याण्डको ओक्ल्याण्डमा नन्दा



मार्च १८, २०१६ मा अनेसास न्युजिल्याण्ड च्याप्टर गठनका दिन सहभागी नन्दा




टौरङ्ग, न्युजिल्याण्डमा पति होम र लोकनाथका साथमा नन्दा




न्युजिल्याण्डमा पति होम र लोकनाथका साथमा नन्दा



न्युजिल्याण्डको अध्यागमनअगाडि नन्दा

## कतारमा नन्दा



नन्दाका भाइ माधव शर्माका साथमा नन्दा, वि.सं. २०६८

## बहराइनमा नन्दा



# २. प्रकाशन प्रायोजकको लागि सचित्र कृतज्ञता

**We would like to express our sincere gratitude to Ms Sati Devi Thapa for your contribution for this publication on the memory of our mom, Nanda Devi Subedi**



सतीदेवी थापा

**We would like to express our sincere gratitude to Inova Mount Vernon Hospital Inpatient Acute Rehab, Unit 5C family for their contribution to make this publication, Memory of Nanda Devi Subedi, possible!**

*Special Thanks to D'andra Fortune, Zaid Kelib-Kidane and Monica Dontoh for the precious crystal hologram of our mom. Thank you!*



**Thank you each and everyone for your contribution (photos on next page not inclusive of everyone)**

Monica Dontoh, Zaid Kelib-Kidane, James Dixon, Melchor Tomelden, Jessica Alba, Sandy, Patricia Amankwah, Patricia Asare, Mercy Ashong, Karthia Baffoe, NatashaCamerato, Muskuda Deen, Bela Desalegn, Asmaou Diallo, Victoria Dzah, Giesla Frempong, Prudence Karangwa, Mariatu Kargbo, Carie Kessie, Borteh Koroma, Beza Kumbi, Radha Nair, Betty Ossei-Kusi, Aaron Shingler, Wenona Vaughn, Love Agbo, Erica Boakye-Mensah, Kneewyna Bostick, Nasya Cabanez, Deborah Ewusie, Reyna Fernandez, Serepta Jones, Rosemary Mensah, Felicia Oforiminta, and Jasmine Speaks.





## ३. धन्यवाद ज्ञापन



जन्म माघ ४, २००३ (०१-१८-१९४७) दिवङ्गतः माघ १, २०८० (०१-१५-२०२४)

**आदरणीय नन्दादेवी सुवेदीको मृत्युसंस्कारको अवसरमा संस्थागत रूपले समवेदना, श्रद्धाञ्जली अर्पण गर्ने अनेसास केन्द्र र शाखाहरु, एएनए, नाक, एएन्एच्एस्, बालमन्दिर, अरनिको क्लब, काठमाडौँ, छन्त्याल संघ, नेपाल, जीवन विज्ञान, अमेरिका र साहित्य चौतारी अमेरिकालगायतका संघसंस्था एवं व्यक्तिगत तर्फबाट व्यक्त गरिएका शोकसभा, समवेदना र श्रद्धाञ्जलीका लागि हामी धन्यवाद ज्ञापन गर्दछौं ।**

**होमनाथ सुवेदी, पुरुषोत्तम सुवेदी, प्रकाश सुवेदी, कल्पना सत्याल, भीमप्रसाद रेग्मी**



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
INTERNATIONAL NEPALI LITERARY SOCIETY (INLS)

अनेसास स्थापना दिवस समारोह
जनवरी ११
आरम्भ वर्ष २०२४

सम्मानपत्र

श्री नन्दादेवी सुवेदीज्यू
संस्थापक सदस्य, अनेसास
अमेरिका

डायस्पोरामा नेपाली भाषा, साहित्य, कला, संस्कृतिको प्रवर्द्धन गर्ने र डायस्पोरिक नेपाली साहित्यकारहरूलाई एकै ठाउँमा गोलबद्ध गर्ने पवित्र उद्देश्य लिएर यहाँहरूले सन् १९९१ मा स्थापना गर्नुभएको अनेसास आज आज विश्वभर विस्तार भइसकेको छ। यहाँहरूको दूरदर्शिताकै फलस्वरूप अनेसासका १६ औं नेतृत्वकाल व्यतीत भइसकेको छ र युगौंसम्म अनेसास गतिवान् भइरहने छ भन्ने विश्वास लिएका छौं।

तपाईंमा आइपरेको स्वास्थ्य समस्याले सिङ्गो अनेसास परिवारलाई चिन्तित तुल्याएको छ। जीवन र मृत्युको महासंघर्षमा अविचलित रहनुभएको तपाईंलाई सम्मान गर्न पाउनु हामीले अहोभाग्य ठानेका छौं। अग्रजलाई सम्मान र अनुजलाई प्रोत्साहन गर्ने हाम्रो परम्परालाई आत्मसात् गरी सक्रिय जीवनमा संस्थागत विकासका लागि यहाँले गर्नुभएको अतुलनीय योगदानको उच्च मूल्याङ्कन गर्दै अनेसास स्थापना दिवस, आरम्भ वर्ष २०२४ को अवसरमा तपाईंको शीघ्र स्वास्थ्यलाभका साथै दीर्घायुको कामनासहित यहाँलाई यो सम्मानपत्र अर्पण गर्दछौं।

बिमल निरौला
महासचिव

पदम विश्वकर्मा
अध्यक्ष, बोर्ड अफ ट्रस्टी

गोवर्द्धन पूजा
अध्यक्ष

तथा अनेसास परिवार



नन्दा होम छायाचित्रमा



एएनएएसको सांस्कृतिक कार्यक्रम अप्रिल ८, १९९१ मा नन्दा गीत गाउँदै

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
केन्द्रीय कार्यसमिति
वाशिङ्गटन डी.सी, संयुक्त राज्य अमेरिका

9 781732 325241